CC-0. In Public Domain. Digitization by eGangotri

नं. २२८० २

चन्द्रिका

द.नं. १०४१५

गोरखाभाषा - व्याकरण.

श्री गुरुराज हेमराज पण्डितज्यू

विरचित.

(प्रथम देखि पांचौ प्रकाश सम्म)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

श्री

१७५१८

चन्द्रिका.

गोरखाभाषा—व्याकरण.

श्री गुरुराज हेमराज पण्डितज्यू

विरचित.

प्रथम-द्वितीय-प्रकाश.

थोफाटोल नेपाल.

१९६९ साल

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

र.नं. १६५१८

वाल्मीकि विद्यापीठ-पुस्तकालय

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

समर्पण.

स्वस्तिश्रीमदतिप्रचण्डभुजदण्डेत्यादि श्री ३ महाराज
मेजर जनरल सर चन्द्रशम्शेर जङ्ग बहादुर राणा
जी, सी, बी; जी, सी, यस, आइ; जी,
सी, भी, ओ; डी, सी, एल; आनरेरी
कर्णेली फोर्थ गोरखाज; थोङ,
लिङ,पिम्, मा, फो, काङ,
वाङ, स्याङ, प्रायम्मि-
निष्टर एण्ड मार्शल
विद्यानुरागी-का
करकमलमा
यो
"गोरखाभाषा-व्याकरण-चन्द्रिका"
शुभचिन्तक हेमराज पण्डितले
प्रत्यादरपूर्वक
समर्पण गरियो.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

491.495
HEM

चन्द्रिका

गोरखाभाषा-व्याकरण

गुरुराज हेमराज पण्डित

प्रकाशक: साझा प्रकाशन, ललितपुर

संस्करण: साझा प्रकाशनबाट पहिलो, २०४२ साल ११०० प्रति
[प्रकाश १ देखि प्रकाश ५ सम्म]
(पहिलो संस्करण, १९६९ साल, ढोकाटोल)

मूल्य रू.: ४३।१५

मुद्रक : लक्ष्मी छापाखाना,
यटखा, काठमाडौं

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

प्रकाशकीय

भाषा आफैं बन्छ, पछि बनाइन्छ । पहिले बोलिन्छ, अनि गएर लेखिन्छ । बोलिने अवस्थाको भाषा व्याकरणविना पनि चल्न सक्छ, तर लेखिने स्थितिमा त्यसरी व्यवहार टर्दैन । झन् अड्डा-अदालत, पठन-पाठन र घर-व्यवहारमा फैलिएर प्रचलन र प्रचार-प्रसारको दृष्टिले व्यापक रूप लिन थालेपछि त्यसको शुद्ध स्वरूप, व्याकरणसम्मत बनोट तथा अनुशासित बान्की खोजिन्छ । यो आवश्यक पनि छ । वर्ण, पद, वाक्यसहितको समष्टिरूप भाषा हुनाले लेख्दा मात्रै होइन बोल्दा पनि अशुद्ध हुनु हुँदैन ।

नेपाली भाषाको व्याकरण विदेशी विद्वान्हरूले लेखेकोमा त्यसको महत्ता छँदै छ तर त्यसबाट हाम्रो व्याकरण थालिएको इतिहास त जानिन्छ, नेपाली भाषाको शुद्ध प्रयोग तथा व्यावहारिक प्रयोजनका निम्ति भने तिनीहरू मनग्ये भएनन्, हाम्रो खाँचो र अभाव पूरा हुन सकेन । नेपाली विद्वान्हरूमा वीरेन्द्रकेशरी अर्ज्याल र राजा जय-पृथ्वीबहादुरले यस विषयमा सर्वप्रथम साइत गरे । यस पृष्ठभूमिमा हामीलाई चाहिने किसिमको फराकिलो फाँट अँगालेर, प्रकृतिअनुकूल, व्यावहारिक र प्रयोजनजन्य चन्द्रिका गोरखा भाषा व्याकरण लेखेर विद्वच्छिरोमणि हेमराज पण्डितले भाषाको मात्रै होइन, नेपालीहरूकै उपकार गरे । यसले बाँधेको नियम, देखाएको बाटो, सँभालेको स्वरूपमा भाषालाई मर्यादित, अनुशासित र नियमित हुन दिशानिर्दिष्ट गर्‍यो; यसअनुसार नै मान्यता प्राप्त भई प्रचलनमा सर्वतिर सिको गरियो । यो आधारभूत र भाषिक शिला भएर नेपालीहरूको मानक व्याकरण ठहरियो । पछि, अझ हिजोआजसम्म नै भनूँ कतिपय सुधार, परि-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

वर्तन तथा परिष्कार भइरहे पनि यसको गुरुत्व, गरिमा तथा आधार-भूततालाई वैयाकरणहरूले संवरण गरेकै छन् । पण्डितराज सोमनाथ सिग्द्यालको **मध्य चन्द्रिका** (१९७६), **लघु चन्द्रिका** (१९९१), पारसमणि प्रधानको **सजिलो नेपाली व्याकरण** (१९८९) बालकृष्ण शमशेरको **नेपाली कसरी शुद्ध लेख्ने** (१९९१) यसका दृष्टान्त हुन् भने सरकारी निकाय र विद्यालय–महाविद्यालयहरूमा पर्यन्त प्रयोग–प्रचलनमा यो अथवा यसकै आधारमा लेखिएका व्याकरण नै अंगीकार भइरहेबाट पुष्टि हुन्छ । अतः वर्तमान परिवेशमा संपूर्णतया स्वीकार्य भइरहन नसके पनि यसको सुदीर्घ प्रेरणा र यसले लगाएको तत्कालीन गुन ऐतिहासिक छ । संस्कृत व्याकरणलाई आदर्श मानेर रचिए पनि नेपाली भाषाको स्वरूप र प्रकृतिलाई बिर्साइएको छैन र साँच्चि भनूँ भने यो मूल पींध रहेको विचारले परिवेष्ठित यसको विराटता आफैमा प्राप्ति थियो । त्यसैले आज पनि सराहना गरिन्छ, आज पनि यसप्रति चाख राख्ने र अध्ययन गर्नेहरू छन् । व्याकरणजस्ता विषयमा एकमना नहुनु आश्चर्य होइन तर यसले पाएको मान्यता र यसकै सरलीकृत भन्न सकिने पछिका व्याकरणअनुसार डोरिएर भाषाले स्थिरता पाएकोले अगुवाको रूपमा पहिलो श्रेय यसैलाई जान्छ । अध्ययन–अनुसन्धान गर्नेहरूका लागि सुलभ होस् भन्ने हेतुले साझा प्रकाशनले पुनर्मुद्रणसम्म गरेको हो । यसकालागि स्व. हेमराज शर्माका नाति प्रकाश ए. राजले मूल प्रति उपलब्ध गराइदिनुभएकोमा उहाँप्रति कृतज्ञ छौं ।

चन्द्रिका व्याकरणको पहिले संस्करण वि. सं. १९६९ मा छापिएको थियो । लेखन र प्रकाशनमितिबारे उठाइएका विवाद त्यसको महत्ताकै अंग भएर चर्चित भएको सम्झन्छौं ।

चन्द्रिका पाँच भाग (प्रकाश) मा प्रकाशित भएको छुट्टा छुट्टै चार पुस्तकाकार रचना हो । यसको चार भाग मात्रै सुलभ देखिन्छ । पाँचौ खण्ड पनि लेखिएको रहेछ र हाल त्यसको १६ पृष्ठ प्राप्त भएको छ । तर हेमराज पण्डितज्यूले तत्कालीन श्री ३ महाराज चन्द्र शम्शेर-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

लाई चढाएको चार भागमात्र भएको प्रति मदन पुरस्कार पुस्तकालयमा छ । यस कारण पाँचौं भाग पछि लेखिएको र सोको मुद्रण कार्य पूरा हुन नसकेको देखिन्छ । प्रकाश ए. राजबाट पाइएको उक्त पाँचौं भागको पृष्ठ १६ मध्ये पनि ५ देखि ८ पेज हराएको रहेछ । यहाँ त्यसै अनुसार हराएका पेजलाई ... ... चिन्ह दिएर जनाइएको छ ।

१९९९ सालको संस्करण जम्मा ७१२ पृष्ठको छ । (१) पहिलो र दोस्रो प्रकाश २१२ पृष्ठको, (२) तेस्रो प्रकाश २८८ पृष्ठको, (३) चौथो प्रकाश १९६ पृष्ठको र (४) पाँचौं प्रकाशको १६ पृष्ठ मात्र पाइएको छ । दोस्रो संस्करण ४९८ पृष्ठमा टुरिएको छ । यसलाई एउटै पुस्तकको रूपमा निकाले पनि साविकबमोजिम नै जस्ताको तस्तै छापेका छौं । आशा छ, व्याकरणका शोधखोज र अध्ययन गर्न चाहनेहरूलाई यसबाट केही न केही भरथेग हुनेछ ।

२० वैशाख ०४२ साझा प्रकाशन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

श्री

गोरखाभाषा-व्याकरण ।

१-भाषा र व्याकरण.

१. आफनो मनमा लागेका कुरा अर्कालाई बुझाउनु दुइ रीतले हुन्छ; एक बोलनाले दोस्रो लेखनाले.

जस्तैः-

भोक लागी खाने कुरा मागनु पर्दा 'मलाई भोक लाग्यो खान देऊ' भने अरूले यसको मतलब यो हो भनी बुझी खान दिन्छन्, परदेश गएमा आफुलाई चाहिने कुरो मगाउनु पर्दा 'फलानो चीज पठाई देऊ' भनि लेखी पठाए त्यो लेखबाट पनी मतलब बुझी पठाई दिन्छन्.

२. ती लेखिने बोलिने कुरालाई भाषा भन्दछन्.

३. भाषा शब्दबाट बन्दछ. शब्द भनेको अवाज हो. अवाज दुइ किसिमका हुन्छन्, स्पष्ट र अस्पष्ट. मानिसको स्पष्ट (बुझिने), बाजा चराहरूका अस्पष्ट (नबुझिने) हुन्छ. तर, भाषा त स्पष्ट शब्दबाट मात्र बन्दछ.

४. शब्दका तीन भेद छन्. (१) वर्ण, (२) पद, (३) वाक्य.

(क) 'अ, आ, क्, ख्' इत्यादि अक्षरलाई 'वर्ण' भन्दछन्.

(ख) 'राम, घर, आऊ' इत्यादि अर्थ बुझाउने अक्षरसमूहलाई 'पद' भन्दछन्.

(ग) 'चन्द्र उदाये, मानिस खुसी छन्, पानी पर्दछ, तिमी जाऊ, म खान्छु, गुरुले मलाई आज पाठ दिनुभयो' इत्यादि कुरा पूरा भयेका पदसमूहलाई 'वाक्य' भन्दछन्.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

५. वर्णबाट पद, पदबाट वाक्य बनी त्यसबाट अर्थ बोध हुने हुनाले वाक्यैबाट भाषा बन्दछ. हाम्रो भाषा नेपाली-भाषा हो.

६ सो भाषा शुद्धगरी कसरी बोलनू, कसरी लेखनू, कुन शुद्ध, कुन अशुद्ध हो; यो कुरो व्याकरण जान्नाले ठीक ठीक जानिने हुन्छ.

७. यस व्याकरणमा तीन विभाग छन् (१) वर्ण-विचार, (२) पद-विचार, (३) वाक्यविचार.

तेरीज— वर्णबाट पद, पदबाट वाक्य, वाक्यबाट भाषा बन्दछ. शुद्धगरी कसरी बोलनू, कसरी लेखनू, सो संझाउने शास्त्र-लाई 'व्याकरण' भन्दछन्.

अभ्यास

(१) भाषा भनेको के हो ? भाषा कसरी बन्दछ ? भाषाको काम के हो ?

(२) व्याकरण भनेको के हो ? व्याकरणबाट के फाइदा हुन्छ ?

वर्णविचार[१].

८. वर्णविचार भनेको वर्णको उच्चारण, स्थान, वर्ण जोडने काइदा बताएको भागको नाम हो.

९. बोल्दा खेरी आफनो मुखबाट जुन ध्वनि (अवाज) निस्कन्छन् तिनलाई वर्ण भन्दछन्. ती वर्ण लेखता खेरी आउन् भनि तिनलाई बुझाउने वेगला वेगलै 'क्' इत्यादि चिह्न कल्पना गरेकाछन् ती चिह्नलाई पनी वर्ण (अक्षर) भन्छन्.

---

१ वर्णविचार भागको व्याकरण संग सम्बन्ध छैन त पनी सबै शब्द वर्णबाट बनेका हुनाले शब्दको विचारगर्दा पहिले शब्दका मूल वर्णको पनी विचार गर्नु उचित छ.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

१०. ती वर्ण अ, आ देखी ल सम्म जम्मा पचाश छन्. तिनका दुइ भेद छन्; (१) स्वर (अच्) र (२) व्यञ्जन (हल्).

११. व्यञ्जनको सहायता न भई कन पनी उच्चारण हुन शक्ने वर्ण-लाई स्वर भन्दछन् ती सोह्र छन्.

जस्तैः—

'अ[१], आ, इ, ई, उ, ऊ, ऋ, ॠ, लृ, ॡ, ए, ऐ, ओ, औ, अं, अः'

१२. यी स्वर ह्रस्व, दीर्घ प्लुत, का भेदले तीन प्रकारका छन्.

(क) अ, इ, उ, ऋ, लृ, यी पांच ह्रस्व स्वर, अर्थात् थोरै काल लागी उच्चारण हुने हुन्.

(ख) आ, ई, ऊ, ॠ, ए, ऐ, ओ, औ, यी आठ दीर्घ स्वर, अर्थात् ह्रस्वको भन्दा दोबर काल लागी उच्चारण हुने हुन्.

(ग) कहीं आश्चर्य बुझाउनु, बोलाउनु, गाउनु, इत्यादि विशेष मौकामा लामो उच्चारण भएका स्वरलाई प्लुत भन्दछन्. ती प्लुतमा स्वरको पछी ३ यस्तो चिह्न रहन्छ. जस्तैः —

'आहा३, उहू३, ओहो३, ए३, रामू३' इत्यादि.

१३. 'अं' यो अनुस्वार (शिरबिन्दु), 'अः' यो विसर्ग (दवासबिन्दु) हुन्.

१४. यो स्वर अनुनासिक अर्थात् नाके बोलीले उच्चारण हुने, अननु-नासिक अर्थात् नाके बोली नपर्ने, यी दुइ किसिमका छन्.

अनुनासिक स्वरको डिको माथि 'ँ' वा '॒' यस्तो चिह्न रहन्छ. कोही अनुस्वारैको जस्तो 'ं' चिह्न दियेर पनी लेख्तछन् त्यसो गरेमा

---

१ यी स्वर मध्यमा 'ॠ, लृ, ॡ' यिनको हाम्रो नेपाली भाषाका शब्दमा काम पर्दैन .

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अनुनासिक र अनुस्वार शब्द हेरीकन छुट्याउनु पर्छ. अनुनासिकमा चिह्न केही रहदैन[१]. जस्तैः—

'संग सँग संग; त्यांहां त्याँहाँ त्यांहां; गंगा संज्ञा' इत्यादि.

१५. स्वरको सहायता लिई कन पूरा उच्चारण हुने वर्णलाई व्यञ्जन भन्दछन् ती चौतीश छन्. जस्तैः—

क्, ख्, ग्, घ, ङ्; च्, छ्, ज्, झ्, ञ्; ट्, ठ्, ड्, ढ्, ण्; त्, थ्, द्, ध्, न्; प्, फ्, ब्, भ्, म; य्, र्, ल्, व्; श्, ष्, स्, ह, ळ[२].

१६. कोही स्वर नमिली व्यञ्जनको उच्चारण पूर्ण न हुनाले व्यञ्जनमा स्वर मिली उच्चारण हुन्छ. जस्तैः—

'क् + अ = क, क् + आ = का, क् + इ = कि' इत्यादि. यसैलाई बाह्राखरी भन्दछन्.

[क] व्यञ्जनमा जोडिएको स्वरलाई मात्र भन्दछन्. मात्रा नलागेको व्यञ्जन देखाउंदा व्यञ्जनका मनि ् यस्तो चिह्न लगाई 'क्, ख्' इत्यादि लेख्छन्.

---

१. हाम्रो यो व्याकरणमा छापाका अनुरोधले अनुनासिक लेख्ता प्रायः शिरबिन्दु नैं दिएको छ.

२. हाम्रो भाषामा 'पालो, चलेको, बलेको, घला' इत्यादि शब्दमा 'ल' को उच्चारण हुने हुनाले ल अक्षर पनी मान्नु आवश्यक छ. अथवा हिन्दीमा झैं ड ढ का मनिबाट बिन्दु दिए पनी हुन्छ.

यो बाहेक वर्णमालामा 'क्ष, ज्ञ, त्र' यो तिनको कोही गिन्ति गर्छन्, तर (क् ष् अ) मिली क्ष, (ज् ञ् अ) मिली ज्ञ, (त् र् अ) मिली 'त्र' भएको हुनाले संयुक्ताक्षरैका गिन्तिमा पर्छन्.

य मा तलतिर बिन्दु थपी य़ यस्तो लेख्ता ज्य जस्तो उच्चारण हुन्छ. बेगलै अक्षर होईन.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

[ख] मात्राका चिह्न पनि भिन्न भिन्न छन्. अ जोडेमा खुट्टो काटेको ् चिह्न झिकिन्छ. अर्को चिह्न हुँदैन, इ को चिह्न वर्ण भन्दा अघि; आ, ई, ओ, औ, अः को चिह्न वर्ण भन्दा पछि; उ, ऊ, ऋ, ॠ, ऌ, ॡ, को चिह्न वर्णका मनि; ए, ऐ, अं को चिह्न वर्ण भन्दा माथि लाग्दछ. जस्तैः—

व्यञ्जन.		स्वर.		चिह्न.		वर्ण.
क्	+	अ	=		=	क
क्	+	आ	=	ा	=	का
क्	+	इ	=	ि	=	कि
क्	+	ई	=	ी	=	की
क्	+	उ	=	ु	=	कु
क्	+	ऊ	=	ू	=	कू
क्	+	ऋ	=	ृ	=	कृ
क्	+	ए	=	े	=	के
क्	+	ऐ	=	ै	=	कै
क्	+	ओ	=	ो	=	को
क्	+	औ	=	ौ	=	कौ
क्	+	अं	=	ं	=	कं
क्	+	अः	=	ः	=	कः

१७. व्यञ्जन व्यञ्जनका बीचमा स्वर छैन भने जोडी लेख्नु बोल्नु पर्छ, त्यो जोडलाई **संयोग** भन्दछन्; अक्षरलाई **संयुक्ताक्षर** भन्दछन्. जस्तैः— स्व, स्ति, श्री इत्यादि.

१८ मुखको जुन भागमा ठक्कर लागी वर्ण उच्चारण गरिन्छ, त्यो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

ठाउँ त्यस अक्षरको स्थान हो; सोही स्थान मिलाई वर्ण उच्चारण गर्नू[१]
जस्तैः—

---

१. (क) जुन वर्णको जुन उच्चारणस्थान हो सो न मिलाई उच्चारण गर्दा वा सो माफिक वर्ण नलेख्ता एक वर्णको बदला अर्को वर्ण बोलिने लेखिने हुनजानाले एक अर्थ बुझिनु पर्नेमा अर्कै अर्थ बुझिई सार्‍है अनर्थ हुन्छ. जस्तैः—

जनरलको तोप ल्याऊ.	जनरलको टोप ल्याऊ.
कोतमा बन्दूक छ.	कोटमा बन्दूक छ.
धोकामा परी रहेको छ.	ढोकामा परी रहेको छ.
पाथी कहां छ ?	पाठी कहां छ ?
पारो देऊ.	पालो देऊ.
दर लाग्यो.	डर लाग्यो. इत्यादि.

(ख) कोशमा लेखे बमोजीम र व्याकरणबाट सिद्ध भए बमोजीम शुद्ध शब्दको अक्षर ह्रस्व दीर्घ फरक नपारी उच्चारण गर्नू, लेख्नू. शुद्धै शब्दमा पनी ह्रस्व दीर्घले मतलब फरक हुनजाने हुन्छ. जस्तैः—

गुलियो. हरियो. बुढो. पिरो. अलिकति.
गुलीयो. हरीयो. बूढो. पीरो. अलीकति. इत्यादि.

(ग) वर्णलेख्ता पनी य, प; म, भ; घ, ध; इत्यादि अलग्ग छुट्टिने गरी डिको हाली स्पष्ट गरी लेख्नू. यी अक्षर न छुट्टिए पनि अर्थ फरक हुन्छ. जस्तैः—

त्यो यस्तो रहेनछ.	त्यो पस्तो रहेनछ.
हात्तीको मात ल्याऊ.	हात्तीको भात ल्याऊ.
घर दिएन.	धर दिएन.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

वर्ण.		स्थान.
अ, आ, क्, ख्, ग्, घ्, ङ्, ह् [:]	को	कण्ठ.
इ, ई, च्, छ्, ज्, झ्, ञ्, य्, श्,	को	तालु.
ऋ, ट्, ठ्, ड्, ढ्, ण्, र्, ष्, ऌ,	को	मूर्द्धा.
ऌ, त्, थ्, द्, ध्, न्, ल्, स्,	को	दन्त.
उ, ऊ, प्, फ्, ब्, भ्, म्,	को	ओष्ठ.
ए, ऐ,	को	कण्ठ-तालु
ओ, औ,	को	कण्ठ-ओष्ठ
व्,	को	दन्त-ओष्ठ
ङ्, ञ्, ण्, न्, म्, अनुस्वार [ं]	को	नासिका पनी,

तेरीजः—

(क) बोल्दा खेरी मुखबाट जो ध्वनि निस्कन्छ त्यसलाई 'वर्ण' भन्दछन्. सो वर्ण लेख्ता आफ्नोस् भनि चिह्न कल्पना गरेको छ त्यसलाई पनी 'वर्ण' भन्दछन्.

(ख) आर्को वर्णको मद्दत न लिईकन स्पष्ट उच्चारण हुने वर्णलाई 'स्वर' भन्दछन्.

(ग) स्वरको मद्दत लिईकन मात्रै उच्चारण हुने वर्णलाई 'व्यञ्जन' भन्दछन्.

(घ) छोटो उच्चारण हुने स्वरलाई 'ह्रस्व', लामो उच्चारण हुने स्वरलाई 'दीर्घ' भन्दछन्.

(ङ) व्यञ्जन जोडेको व्यञ्जनलाई संयुक्ताक्षर भन्दछन्.

(घ) अनुनासिक चिह्न न दिनाले पनी अर्थ फरक हुने हुनाले सो चिह्न पनी दिनु पर्दछ. जस्तैः—
बाश, बाँस; आडा, भाँडा; त, तँ; नाल, नाँल.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अभ्यास

[१] वर्ण भनेको के हो ? ती कति छन् ? मात्रा भनेको के हो ? कुन चिह्न कहां लाग्दछ ? अनुनासिकका चिह्न देखाऊ ?

[२] 'अ, औ ऋ, ए, ई३, उ' यिनमा कुन स्वर कस्ता हुन् ? 'पशुपति, गुह्येश्वरी' यहां कुन वर्णमा कुन स्वर जोडेको छ ? वाह्राखरी भनेको के हो ?

[३] 'मन्त्र, प्रश्न, सन्ध्या' यहां कुन कुन अक्षरको के भएको छ ? 'ग्, उ, र्, उ, ज्, य्, ऊ' यति अक्षर जोडी कुन शब्द बन्दछ ? 'ग्, भ्, ए्, प्, ल्, व्, ब्, ख्, ऋ, ऐ, ई' यिनको कुन कुन स्थान हो ? के अर्थले भयो ?

३—पदविचार

१९. पदविचार भनेको वर्णबाट पद बनाउने रीत, पदको भेद, रूप. त्यसलाई चाहिने नियमको बयान समेत् भएको भागको नाम हो.

२०. एक अक्षर वा अनेक अक्षर मिली अर्थ बुझाउने शब्दलाई पद भन्दछन्. जस्तैः—

'ऊ, म, त्यो, राम, घर, असल, चार, हुन्छ, गयो, तर, पनी, चांडै' इत्यादि.

२१. अर्थ न बुझाउने एक वा अनेक अक्षर भएका शब्द पद कहिंदैनन्. जस्तैः—

'प, ट, क, भ, खणढ, कखग' इत्यादि.

२२. ती पद तरह तरहका हुनाले र तिनका नियममा पनी फरक पर्ने हुनाले तिनका भेद देखाइन्छन्.

जस्तै —धान, चामल, माष, मुगी, आदि धेरै परी अनाज मिसेको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

राशमा 'योचाहीं यति यस्तो' भनी जान्न बडो मुश्कील हुन्छ, ती अनाज छुट्याई एक एक फांट गरी राखे 'यो चांही अन्न यति मुरी यति पाथी, यो यस्तो' भनी बताउन सजिलो हुन्छ; त्यस्तै —भाषामा हर एक किसिमका शब्द मिसिन आउने हुनाले ती सबै शब्दलाई एकेक गरी संझना गरी बनाउन असम्भव हुनाले 'शब्द यति जातका छन्, यस जातका शब्दको यो नियम हो' भनि कल्पना गरेका पक्षमा शब्द देख्ने वित्तिकै 'यो शब्द यस जातको हो, यो शब्द यस काइदाले व्यवहार गरिन्छ' भनि जानिने हुनाले शब्दको भेद देखाउनु पर्छ, सोही शब्दको फाटवारीलाई 'शब्द-विभाग' भन्दछन्.

२३. पद पांच प्रकारका छन्. (१) नाम, (२) सर्वनाम, (३) विशेषण, (४) क्रियापद, (५) अव्यय.

(क) हरएक वस्तुको नाउंलाई **नाम** भन्दछन्, जस्तैः— 'मानिस, पुस्तक, रामचन्द्र, लोभ, पाप, पुण्य' इ०

(ख) नामको वारंवार उच्चारण गर्नु नपरोस् भनि नामका बदला-मा प्रयोग हुने शब्दलाई **सर्वनाम** भन्दछन्, जस्तैः—'ऊ, यो, तिमी, हामी, ती' इत्यादि.

(ग) कोही वस्तु वा क्रियाको गुण देखाउने शब्दलाई **विशेषण** भन्दछन्. जस्तैः— 'ठूलो, सानो, असल, चांडै, राम्ररी, फट्ट' इत्यादि.

(घ) केही हुनु, गर्नु आदि कामलाई बुझाउने शब्दलाई **क्रियापद** भन्दछन्. जस्तैः— 'हुन्छ, जान्छ, पढ्यो, लेख्लान्, गए' इत्यादि.

(ङ) केही वस्तुलाई न बुझाउने काल, देश, प्रकार, देखाउने कुरा जोड्ने, शब्दलाई **अव्यय** भन्दछन्.

जस्तैः — 'हिजो, आज, त्यहां, तर, पनी' इत्यादि.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

तेरीज · एक अक्षर, अथवा अनेक अक्षर, मिलेर बनेको अर्थ बुझाउने शब्द-लाई 'पद' भन्दछन्. ती पद 'नाम, सर्वनाम, विशेषण, क्रियापद, अव्यय' यी पांच जातका छन्.

अभ्यास

(१) पद कसरी बन्दछ ? पद कति तरहका छन, कुन कुन हुन् ?

(२) यहां गुरुले दश आठ वाक्य देखाई त्यसभित्रका सवै पदलाई यो पद यस जातको भनि छुटचाई शिष्यलाई संभाउनू.

४—नाम.

२४. 'चन्द्र उदाए, मानिस खुसी छन्, चरो उडचो, पुस्तक देऊ' इत्यादि वाक्यमा पहिलो शब्द मानिसको, जनावरको, अरू वस्तुको, कोही-नकोही एकको नाउं हो, बोल्दा खेरी यसै गरी कसैको नाउं लिई त्यसका विषयमा भन्नु पर्ने केही भनेको हुन्छ.

२५. तसर्थ—मानिस, जनावर, अथवा अरू कोही चीजको नाउं लिई त्यसका उपर केही भनिन्छ. त्यो नाउंलाई **नाम** भन्दछन्.

२६. कोही पदार्थको जो नाउं दिएको हुन्छ, त्यो, जो पदार्थ आफुले अगाडी देखेको छ, त्यसको पनी हुन्छ; जो देखेको छैन सुनेको छ, उसको पनी हुन्छ; जो कसैले देखेको कसैले नदेखेको छ, उसको पनी हुन्छ; जो कसैले पनी नदेखेको बताउंदा खेरी यस्तो रहेछ भनि जानिन्छ, उसको पनी हुन्छ. जस्तैः—

(क) 'पुस्तक, कलम, मसी, बाबु, आमा' इत्यादि आफुले अगाडी देखेका वस्तुका नाम हुन्.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(ख) 'कृष्ण, युधिष्ठिर, नल, रामचन्द्र' इत्यादि सुनेका वस्तुका नाम हुन्.

(ग) 'पशुपतिनाथ, काशी, कलकत्ता, चीन, वेलायत, पहाड, समुद्र' इत्यादि कसैले देखेका कसैले नदेखेका वस्तुका नाम हुन्.

(घ) 'पाप, पुण्य, मन, ईश्वर, स्वर्ग, लोभ' इत्यादि कसैले पनि यस्ता भनि बताए बुझिने वस्तुका नाम हुन्.

२७. यस्तै — मानिस, जनावर, ठाउं, वृक्ष, नदेखिने, इत्यादि हरएक पदार्थका नाम हुन्छन्. जस्तैः— (अ) मानिसको नाम — 'राजा, प्रजा, बाबु, आमा, दाज्यू, मामा, गुरु, देवदत्त, बाहुन' इत्यादि.

(आ) जनावरको नाम—'वाघ, भालू, कुकुर, हात्ती, गाई, भैंसी, परेवा, भङ्‌ग्रो, मूसो, किरो' इत्यादि,

(इ) ठाउंहरूको नाम — 'पाटन, भादगांउ, नेपाल, ढोकाटोल, छेत्रपाटी, काशी, कलकत्ता, चीन, बंबई' इत्यादि.

(ई) नदेखिने वस्तुको नाम — 'सुख, दुःख, इच्छा, विद्या, भोक, जाडो, गर्मी, ताप, रीस, स्वर्ग, नरक' इत्यादि.

(उ) रुख, फल, फुल, इत्यादि अरू वस्तुको नाम—'बर, पिपल, सुन्तला, आप, दारिम, अंगुर, गुलाफ, जाइ, वेलि, चमेलि, कागत, किताप, आलमारी, घर, वैठक, स्कूल, पाटी, लुगा, टोपी, मेच' इत्यादि.

यहां यो कुरो राम्ररी बुझ्नु पर्दछ कि, जस पदार्थलाई बुझाउन जे भनेको छ सो भनेको नाम हो, त्यो पदार्थ त नाम होइन; 'पुस्तक' भन्ने शब्द नाम हो, पुस्तक वस्तु नाम होइन.

तसर्थ—'घर' यो मानिसहरू बसने काठपात, ईंटहरूले बनेको केही वस्तुको नाम हो; 'आमा' यो आफुलाई पैदा गर्ने स्वास्नीमानिसको नाम

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

हो; 'भोक' यो खान मन लाग्दा जिउभित्र भएको दुःखको नाम हो; 'सर्प' यो विष लाग्ने गरी टोकने लामो किराको नाम हो; 'वेलायेत' यो खूप राम्रो समुद्रको कोही टापुको नाम, भनि हरएक नामको अर्थ राम्ररी बुझ्नू.

तेरीज—मनुष्य, जनावर, वृक्ष, इत्यादि देखिनेहोस्. वा नदेखिने होस्, टाढा होस्, वा नजीक होस् थाहा भएको होस्, वा थाहा नभएको होस् कोही चीजलाई बुझाउन जो नाउं भनिन्छ, त्यसलाई 'नाम' भन्दछन्.

अभ्यास—

(१) आफना साथी दश जनाका नाम, खाने कुरा दश गोकका नाम, वारका नाम, महिनाका नाम, दश रुखका नाम, दश फलफुलका नाम, दश ठाउंका नाम, दश चारखुट्टेका नाम, दश पक्षिका नाम, दश आफुलाई चाहिनेका नाम, सुनेका देखेका दश वस्तुको नाम, नदेखिने दश वस्तुका नाम, पाटीमा लेखी देखाऊ.

(२) 'मृग, राडी, काठमाण्डू, अयोध्या, कोट, सन्दूक, डर, रोग, दुःख, रामु' यी कुन पदार्थका नाम हुन्, ती पदार्थ कस्ता हुन्छन् ? नाम भनेको र पदार्थ भनेको एकै हो कि फरक छ ?

५—सर्वनाम.

२८. पदार्थ बुझाउन नामको प्रयोग गर्नु पर्छ. उही पदार्थका विषयमा फेरी केही भन्नु पर्दा उही नामको बारंबार प्रयोग नराम्रो हुन्छ.

[क] जस्तैः—'रामु गाईलाई निको गर्दछ. रामुले गाईलाई घांस खुवाउंछ. रामुले गाईलाई वाङ्मतीमा लगी नुहाई दिन्छ.' भन्दा रामु शब्द र गाई शब्द हरएक वाक्यमा बारंबार आंउदा वाक्य नराम्रो हुन्छ.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

[ख] यसैमा 'रामु गाईलाई निको गर्दछ. त्यसले त्यसलाई घांस खुवाउंछ' यस्तो दोस्रो पटकदेखि त्यस रामु शब्दको बदला 'त्यसले' शब्द, गाई शब्दको बदला 'त्यसलाई' शब्द हाली वाक्य बनाए राम्रो हुन्छ.

२९. तसर्थ—वारंवार उसैको नाम लिनु पर्दा दोस्रो पटकदेखि त्यस नामको बदलामा अर्कै शब्द प्रयोग भई वाक्य ठीक गर्ने शब्दलाई **सर्वनाम** (सर्वै वस्तुको नाम हुनशक्ने) भन्दछन्.

यस्ता शब्द **'म, तं, त्यो, उ, जो, को'** इत्यादि हुन्.

३०. तर यिनको प्रयोगमा केही फरक छ. बोलने मानिसले आफुलाई भन्दा एक भए 'म', धेरै भए 'हामी' भन्दछन्. जस संग बोलेको छ उसलाई भन्दा एक भए 'तं' धेरै भए 'तिमी' भन्दछन्. यी दुइदेखि अरूलाई भन्दा एक भए **'यो, त्यो, उ, जो'**, धेरै भए **'यिनी तिनी, उनी, जुन'** भनिन्छ. प्रश्न गरी कसैलाई भन्दा एक भए एक **'को'**, धेरै भए **'कुन'** भन्दछन्. यसको विचार पछि गरिनेछ.

३१. नाम शब्दको प्रयोग गरेमा त्यो शब्द सुन्ने बित्तिकै 'यो वस्तुलाई भनेको हो' भनि स्पष्ट बुझिन्छ, सर्वनाम शब्दको प्रयोग गरेमा त त्यो शब्द सुन्ने बित्तिकै 'यसलाई भनेको हो' भनि झट्ट बुझिदैन, केवल कहीं अघाडि पछाडिका शब्दका अनुसारले, कहीं विशेष मौकाका अनुसारले, 'यो हो' भनि बुझिन्छ.

[क] जस्तैः— 'म जान्छु, हामी गयौं, मैले पढें' इत्यादि वाक्यमा 'म, हामी, मैले' शब्दले 'यसचाहींलाई भनेको हो' भनि तृतीय व्यक्तिलाई झट्ट थाहा हुदैन; विशेष मौका हेरी त्यो शब्द जसले उच्चारण गरेको छ उसलाई—अर्थात् रामुले भए रामुलाई नै, गोविन्दले भए गोविन्दलाई नै, बुझाउंछ. यस्तामा दोस्रो मानिसलाई बुझाउन 'म जान्छु' यति मात्र भने पुग्छ, 'म गोविन्द जान्छु' भन्नु पर्दैन.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

[ख] यस्तैः—'तं आ, तिमीले खायौ, तिमी गर' इत्यादिमा तं, तिमीले, तिमी' शब्दले पनी 'यसलाई भनेको हो' भनि तृतीय व्यक्तिलाई झट्ट थाहा हुदैन; विशेष मौका हेरी जस संग कुरा गरेको छ उसलाई—अर्थात् रामुलाई भनेको भए रामुलाई, गोविन्दलाई भनेको भए गोविन्दलाई नै, अथवा वाक्य 'ए रामु ! ए गोविन्द!' यस्तो बोलाउने शब्द प्रयोग गरेको भए जसलाई बोलाएको छ उसैलाई बुझाउंछ.

[ग] यस्तैः—'त्यो आयो, यिनीहरू खान्छन्, यो लैजाऊ, तिनीले गरे, को पढ्दछ, ? उसको पुस्तको हो' इत्यादि वाक्यमा 'त्यो' यिनीहरू, यो, तिनीले, को, उसको' शब्दले 'यसलाई भनेको हो' भनि झट्ट बुझिदैन, मौका हेरी अथवा अघि गएका नामहरू हेरी जसलाई बुझाउने मतलब छ उही मानिस अथवा उही वस्तुलाई बुझाउंछ.

३२. रामचन्द्रले सुग्रीव संग मितेरी लाउनुभयो, तिनीले तिनलाई खूप निको गर्नु हुन्थ्यो' यहां तिनीले—रामचन्द्रले, तिनलाई—सुग्रीवलाई, भन्ने बुझिन्छ. 'हरिहरले रामहरिलाई पुस्तक दिई "यो राम्रो छ यसलाई, भित्र राख" भने' यहां यो - पुस्तक, यसलाई—पुस्तकलाई भनिन्छ. यही रीतले सबै ठाउंमा सर्वनामको अर्थ बुझ्नू.

तेरीजः - सबै किसिमका, नाम शब्दको बदलामा जुन शब्दको प्रयोग हुन्छ 'म, तं' इत्यादि शब्दलाई 'सर्वनाम' भन्दछन्.

अभ्यास

(१) तलका वाक्यमा कुन नामको बदलामा कुन सर्वनाम प्रयोग गरिएको छ, सो बताऊ.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

काले भट्टको घर गयो. त्यो सधैं उसको घर गई "तिम्रो काम म गर्छु" भन्छ.
नानीबाबु भाइलाई संग लिई पढ्न गयो. यो उसलाई नलिई बाहिर जादैन.
"म तँलाई अहिले मार्छु" भनि रामले रावणलाई मारी उसको राज्य त्यसको भाइलाई बक्सनुभयो.

(२) तलका वाक्यमा नामको बदलामा सर्वनाम राखी वाक्य ठीक बनाऊ—

कृष्णका अर्जुन पियारा थिए, कृष्णले अर्जुनलाई गीता सुनाउनुभयो.
रामजी र हरि साथी हुन, रामजी हरि दुवै संग निस्के.
"रामप्रसादको कलम गोविन्दले किन लियौ" भनि गोविन्दलाई रामप्रसादले हपकायो.

६—विशेषण.

३३. 'सेतो कपडा लाउंछ, काली गाई छन, सब कुरा सुन, राम्रो औंठी लाए, चार मानिस गए' यहां 'सेतो, काली, सब, राम्रो, चार' यी शब्दबाट 'कपडा, गाई, कुरा, औंठी, मानिस' यी नामका अर्थमा नै 'यस्तो, यति' भन्ने केही विशेष मात्र बुझिन्छ, अर्को वस्तु केही बुझिदैन.

(क) यस्तै—'चांडो हिंडेछ; राम्ररी बनायो, दुइपल्ट भन्यो, झट्ट लेख, दौडेर पुग्यो' यहां 'चांडो, राम्ररी, दुइपल्ट, झट्ट, दौडेर' यी शब्दबाट हिंडेछ, बनायो, भन्यो, लेख, पुग्यो' यी क्रियापदका अर्थमा नै 'यसरी' भन्ने केही विशेष मात्र बुझिन्छ, अर्को वस्तु केही बुझिदैन.

(ख) 'कपडा' भन्दा सबै किसिमका कपडा बुझिन्छन, 'सेतो कपडा'

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भन्दा 'सेतो' यस पदबाट 'यस्तो' भन्ने विशेष कपडा नै बुझिन्छ, 'मानिस' भन्दा सबै मानिस बुझिन्छन् 'चार मानिस' भन्दा 'चार' यस पदबाट 'यति' भन्ने विशेष मानिस नै बुझिन्छन्. 'हिंड्छ' भन्दा 'चांडो' यस पदबाट यसरी भन्ने विशेष हिंडाइ नै बुझिन्छ, 'लेख' भन्दा सबै किसिमका लेखाइ बुझिन्छन्; 'झट्ट लेख' भन्दा 'झट्ट' यस पदबाट यसरी भन्ने विशेष लेखाइ नै बुझिन्छ. यस्तै 'काली' इत्यादि पदबाट पनी नाम, अथवा क्रियापदैका अर्थमा केही विशेष मात्र बुझिन्छ.

३४. तसर्थ — वस्तु नछुटचाई नाम, अथवा क्रियापदका अर्थमा केही विशेष बुझाउने शब्दलाई **विशेषण** भन्दछन्.

३५. नामका अर्थमा 'यस्तो यति' भन्ने विशेष बुझाउने शब्दलाई **नामविशेषण**, क्रियामा यसरी भन्ने विशेष बुझाउने शब्दलाई **क्रियाविशेषण** भन्दछन्.

३६. विशेषणले जस पदका अर्थमा केही विशेष बुझाएको छ, त्यसलाई **विशेष्य** भन्दछन्.

(क) जस्तैः— माथिका वाक्यमा 'सेतो, काली, सब, राम्रो, चार' यी शब्द **नामविशेषण**, 'कपडा, गाई, कुरा, औंठी, मानिस' यी शब्द तिनका **विशेष्य** हुन्. 'चांडो, राम्ररी, दुइपल्ट, झट्ट, दौडेर' यी शब्द **क्रियाविशेषण**; 'हिंड्छ, बनायो, भन्यो, लेख, पुग्यो' यी शब्द क्रियापद (विशेष्य) हुन्.

(ख) यस्तैः— 'दुइ भाइ, हुस्सु मानिस, लामो बांश, पहिलो विद्यार्थी, बाठी स्वास्नी, शय रुपियां, असल माल, सानी नानी' इत्यादिमा अघिल्ला शब्द **नामविशेषण**; पछिल्ला शब्द नाम, (विशेष्य) हुन्. 'सरासर हिंड, यहां आऊ, हिजो आयो, पढ्न जाऊ, बेसरी कुटयो, खाएर भन, छीटो गर' इत्यादिमा अघिल्ला शब्द **क्रियाविशेषण**; पछिल्ला शब्द

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

क्रियापद (विशेष्य) हुन्[१].

तेरीजः—

(क) नामका अर्थमा यस्तो यति भन्ने केही विशेष मात्र बुझाउने शब्दलाई 'नामविशेषण' क्रियामा यसरी भन्ने विशेष मात्र बुझाउने शब्दलाई 'क्रियाविशेषण' यी दुवै थरीलाई 'विशेषण' भन्दछन्.

(ख) विशेषणले जसका अर्थमा विशेष बुझाएको छ त्यसलाई 'विशेष्य' भन्दछन्.

अभ्यास

(१) तलका वाक्यमा कुन विशेषण, कुन विशेष्य, कुन कस्ता हुन् बताऊ—

माकुराका छ खुट्टा हुन्छन्, कालो टोपी लाऊ, बचेर हिल, चौपट्ट बाङ्गियो. सिंह डरलाग्दो हुन्छ, सानो छोरो तीन पुस्तक लिई ठूलो पाठशालामा दौडदै पढ्न गयो. दुधालू गाईलाई हरियो घांस देऊ.

(२) तलका शब्दमा विशेषण विशेष्य मिल्ने गरी जोडेर वाक्य बनाऊ—

पण्डित, आए, ढिलो; बाबु, गए, खाएर; आंप, गुलियो, खान्छु; जाली, केटो, वेकाम, हुन्छ, मूर्ख; छ, घर, बलियो; पानी, मीठो, पिऊ; गएर, तुरुन्त, आऊ, खान.

---

१. क्रियापदलाई विशेष्य भन्ने बोली प्रसिद्ध छैन त पनी नामविशेषणका नाम विशेष्य भए झैं क्रियाविशेषणका क्रियापद पनी विशेष्य नै हुन्.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

७—क्रियापद.

३७ 'चन्द्र उदाए' भनेको चन्द्र भन्ने आकाशका ग्रहले उदाउने काम गरे भनेको हो. 'मानिस खुसी छन्' भनेको मानिस भन्ने प्राणीले खुसी हुनु काम गर्छन् भनेको हो. 'चरो उड्यो' भनेको चरो भन्ने पक्षीले उड्ने काम गऱ्यो भनेको हो. 'पानी पर्छ' भनेको पानी भन्ने निर्जीव पऱ्यालो वस्तुले आकाशबाट खस्ने काम गर्छ भनेको हो. 'दाज्यू घर जानुभयो' भनेको दाज्यू नाता भएका मानिसले घर जाने काम गरे भनेको हो.

(क) यस्तैः— 'म पुस्तक लेख्छु; टुंडिखेलमा घोडा दौड्यो; स्लेट फुट्ला; त्यो जानेछ; तं खा' इत्यादि वाक्यमा म भनि बोल्ने मानिसले पुस्तक लेख्ने काम गर्छु; घोडा भनेको जनावरले टुडिखेल भन्ने ठांउमा दौड्ने काम गऱ्यो; स्लेट भनेको पाटीले टुकरा हुने काम गर्ला; त्यो भनि देखाएको मानिसले जाने काम गर्नेछ; तं भनेको बोलाइने मानिसले खाने काम गर, भनेको हो. यसै गरी हरएक वाक्यका शब्दबाट हुनु, गर्नु इत्यादि केही काम देखाएको हुन्छ.

३८. तसर्थ — केहीं हुनु, गर्नु आदि कामलाई 'क्रिया' भन्दछन्, सो हुनु, गर्नु आदि क्रिया बुझाउने शब्दलाई 'क्रियापद' भन्दछन्.
जस्तैः —

(क) माथिका वाक्यमा 'उदाए, छन्, उड्यो, पर्छ, जानुभयो, लेख्छु, दौड्यो, फुट्ला, जानेछ, खा' यी शब्दले त्यो त्यो पदार्थको 'उदाउनु, हुनु, उड्नु, पर्नु, जानु, लेख्नु, दौड्नु, फुट्नु, जानु, खानु' काम देखाएको हुनाले ती शब्द क्रियापद हुन्.

(ख) जस्तैः — गयो, जाला, हुनेछस्, कुटे, लेख्लान्, भन्छिन् पढ, बक्सियोस्, भन्, गर, पठाउंदथ्यो, भन्थिन्, आउनन्, गर्नु होला, माग्नेछौ, सुन्छस्, लुकून्, भयो, गरिबक्सिन्छ इत्यादि.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

३९. अकरणक्रिया अर्थात् काम नहुनु, नगर्नु, यसलाई बुझाउने शब्द पनी क्रियापदै कहिन्छन्. जस्तैः—

'गएन, जाओइन, कुट्तैन, लेखेनन्, आउनेछैनस्, सुन्दैनन्, नगर, पढ़िन, नजाऊन्, हुन्न, खान्नन्. डाकेन, पाक्तैन, शकेनन्' इत्यादि.

४०. कर्ता (कामगर्ने) सबै क्रियामा हुने हुनाले सबै क्रिया सकर्तृक (कर्ता हुने) हुन्छन् कर्म (काम गरिने) कहीं हुने कहीं नहुने हुनाले कोही क्रिया सकर्मक (कर्म हुने), कोही क्रिया अकर्मक (कर्म नहुने) हुन्छन्. के गरिने ? भन्ने खोजी भई कर्म जोडिने क्रियालाई **सकर्मक**; के गरिने ? भन्ने खोजी नहुने कर्म नजोडिने क्रियालाई **अकर्मक** भन्छन्. कहीं कर्तामा 'ले' कर्ममा 'लाई' चिन्ह रहन्छ, कहीं दुवैमा केही रहदैन, शब्द मात्रै रहन्छ. जस्तैः—

(क) लेख्नु, पढ्नु, दुहुनु, पकाउनु, बोलाउनु, मार्नु, दिनु, लिनु, माग्नु, इत्यादिमा के गरिन ? भन्दा 'फलानो' भनि जोडिने हुनाले यस्ता क्रिया **सकर्मक** हुन्.

(ख) सुत्नु, उठ्नु, उड्नु, हिंड्नु, जानु, रिसाउनु, बढ्नु, घट्नु, मर्नु, जन्मनु, इत्यादिमा के गरिने ? भन्दा फलानो भनि नजोडिने हुनाले यस्ता क्रिया **अकर्मक** हुन्.

४१. क्रिया[१]लाई मुख्य चाहिने दुइ छन्; **कर्ता र कर्म.**

(क) को गर्ने वा हुने ? भन्दा 'यो' भनि जोडिने, कामगर्नेलाई बुझाउने शब्दलाई **कर्ता** भन्दछन्. कर्ता सत्रै क्रियाको हुन्छ. जस्तैः—

१ यहां नेर कर्ता, कर्म, सकर्मक, अकर्मक छुट्याउने यो स्थूल कुरा गुरुले भरशक सबै शिष्यका मनमा बसाली दिए पछीलाई खूप फाइदा हुन्छ.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

'नानी सुत्यो, चरो उड्छ; गोठालो दुहुन्छ;' इत्यादिमा को सुत्ने ? नानी; को उड्ने ? चरो; को दुहुने ? गोठालो; भनि जोडिने त्यो त्यो काम गर्ने हुनाले सुत्नु क्रियामा सुत्ने **नानी**, उड्नु क्रियामा उड्ने **चरो**, दुहुनु क्रियामा दुहुने **गोठालो**, यी कर्ता हुन्. यस्तै यावत् क्रियामा जान्नू

(ख) के गरिने ? भन्दा 'यो' भनि जोडिने, काम गरिनेलाई बुझाउने शब्दलाई **कर्म** भन्दछन्. कर्म कोही क्रियाको मात्र हुन्छ. जस्तैः—

'गोठालो दूध दुहुन्छ; बांडा पुस्तक लेख्छ; आमाले मलाई बोलाउनुभयो' इत्यादिमा दुहुने, लेख्ने, बोलाउने हुनाले 'गोठालो, बांडा, आमा' यी कर्ता हुन्. के दुहिने ? दूध; के लेखिने ? पुस्तक; के बोलाइने ? म; भनि जोडिने त्यो त्यो काम गरिने हुनाले दुहुनु क्रियामा दुहिने **दूध**, लेख्नु क्रियामा लेखिने **पुस्तक**, बोलाउनु क्रियामा बोलाइने **म**, यी **कर्म** हुन्. यस्तै अरू केही क्रियामा जान्नू.

४२. हरएक वाक्यमा क्रियापद अवश्य रहन्छ, क्रियापद नभए नाम, सर्वनामहरूबाट मात्रै वाक्य हुन सक्तैन. जस्तै—'मैले भात; म पुस्तक; घोडा टुडिखेलमा' यत्ति भनेमा क्रियापद नहुंदा कुरा नपुग्ने हुनाले वाक्य भएन, यसैमा खाएं, लेख्छु, दौड्यो, यी क्रियापद थपेमा कुरा पूरा हुनाले वाक्य ठीक हुन्छ.

[क] कहीं क्रियापद प्रयोग नगरेर पनी कुरा पुग्दछ जस्तैः—तिमी कताबाट; म घरबाट.' तर त्यहां पनी 'आयौ आएं' यस्ता क्रियापद मनमा अवश्य छन्. मुखले नभने पनी बुझिने हुनाले प्रयोग नगरेको मात्र हो; त्यो पदको कल्पना नगरी अर्थ बुझिंदैन.

४३. जस्तो नाम, सर्वनामहरूलाई वाक्यमा प्रयोग गरी कुरा बुझाउन क्रियापद संग राखनु पर्छ, त्यस्तै खाली क्रियापद प्रयोग गरे पनी कुरा नपुगी वाक्य पूरा नहुनाले त्यसका संगमा चांहिने नाम, सर्वनामहरू पनी प्रयोग गर्नु पर्छ. जस्तैः—'पढ्छु, सुत्यो' यति मात्र भने पनी पूरा कुरा पुग्दैन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

र, को पढ्छ ? भनी पढ्नेलाई, के पढ्छ ? भनि पढिनेलाई, को सुत्यो ? भनि सुत्नेलाई, सोधिने हुनाले 'म' भनि पढ्नेलाई, 'व्याकरण' भनि पढिनेलाई, रामु भनि सुत्नेलाई नाम, सर्वनामहरूले देखाई 'म व्याकरण पढ्छु; रामु सुत्यो' भनेमा कुरा पुगी वाक्य ठीक हुन्छ.

[क] क्रियालाई चाहिने कर्ता, कर्म पनी सबै ठाउंमा अवश्य प्रयोग हुने नियम छैन. त्यसै बुझिनेमा प्रयोग नगरे पनी हुन्छ. प्रयोग नगरेकोमा त्यो हुंदैन भन्नु हुंदैन. आफुले संझनु पर्छ. जस्तैः— 'जान्छु' यहां कर्ता म; 'भन' यहां कर्ता तिमी, 'छोरो पढ्छ' यहां कर्म किताप; 'गोठालो दुहुन्छ' यहां कर्म दूध; 'सुन' यहां कर्ता तिमी, कर्म कुरा; 'दुहें' यहां कर्ता मैले, कर्म दूध; प्रयोग नगरे पनी आफूले बुझ्नु पर्छ.

तेरीज— केही हुनु, गर्नु, नहुनु, नगर्नु इत्यादि क्रिया बुझाउने शब्दलाई क्रियापद भन्दछन्.

अभ्यास

[१] क्रियामा र क्रियापदमा के फरक छ ? क्रियापदलाई के के चाहिन्छ? क्रियापद कसलाई चाहिन्छ ? कर्ता, कर्म, सकर्मक, अकर्मक भनेको कस्तो हो ? नया उदाहरण दिई बताऊ.

[२] तलका वाक्यमा क्रियापद र अरु पद छुट्याऊ—गोविन्दले पेडा खाए. म आउंछु. तिमी पाठ सुन. त्यो घर जानेछ. रामले रावण-लाई मार्नुभयो. हामिले देखेथ्यौं.

[३] तलका वाक्यमा कर्ता, कर्म, सकर्मक, अकर्मक छुट्याऊ— रामुले सिसाकलम हराए. त्यो हटतैन. दिदीले मिठाइ दिनुभयो. मलाई त्यसले कुट्यो. कुरा गर. तं नखेल्, झूटो बोल्दिन. गुरु आउनुभयो. पाठ दिनु भएन. सार्की जुत्ता सिउंछ.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

८–अव्यय.

४४. कोही शब्द नाम इत्यादि सबै थरी शब्द भन्दा बेगलै हुन्छन्. जस्तैः—'रामदत्त हिजो आए, त्यहां को जान्छ ?. बिहान मैले पढें. छिः के गर्छौ ? ए बाबु आऊ. किन कराउंछस्. कि बाहिर जा नत्र बस्. हायि दुख्छ' यी वाक्यमा 'हिजो, त्यहां, बिहान, छिः. ए, किन, कि, नत्र, हायि' यी शब्द नाम सर्वनाम, विशेषण, क्रियापद केही होइनन्, बेगलै किसिमका हुन्; यिनबाट वाक्यका अर्थमा केही विशेषमात्र बुझिन्छ.

४५. तसर्थ—नाम आदि सबै शब्द भन्दा बेगलै किसिमका केही वस्तुलाई नबुझाउने केवल वाक्यको अर्थमा ठाउं, बखत, रीत, मनको भाव (धिक्कार, निन्दा आदि), इत्यादि केही विशेष मात्र बुझाउने र, पद वाक्यहरू जोड्ने शब्दलाई **अव्यय** भन्दछन्. क्रियाविशेषण पनी अव्ययै हुन्. जस्तैः—

[क] 'वर, पर, माथि, तल, त्यहां, यहां' इत्यादि शब्दबाट ठाउं बुझिन्छ; 'अघि, पछि, दिउसो, राति, बिहान, भोलि, पर्सि, आज, हिजो' शब्दबाट बखत बुझिन्छ; 'राम्ररी, गएर, जान, भन्दै, खूब, चौपट्ट' इत्यादि शब्दबाट रीत बुझिन्छ; 'अं३, आहा३, उहू, ओहो, अंहः, बाफरे, छिः, थुः, धत्, के, श्याबास्' इत्यादि शब्दबाट आश्चर्य, निन्दा, हर्ष, इत्यादि मनको भाव बुझिन्छ; 'र, पनी, तर, कि, त, तैपनी, अनी' इत्यादि शब्दबाट पद, वाक्यहरू जोडिन्छन्; अरू वस्तु केही नबुझिनाले यी शब्द **अव्यय** हुन्.

४६. 'तल माथि नजा' यहां 'तल माथि' शब्दले ठाउं मात्र बुझिन्छ. 'भोलि पर्सि जाऊला' यहां 'भोलि पर्सि' शब्दले बखत मात्र बुझिन्छ. 'चांडै गएर राम्ररी कुरा गर' यहां 'चांडै, गएर, राम्ररी' शब्दले कुरा गर्नाको रीत मात्र बुझिन्छ 'अं३ जानें', यहां 'अं' शब्दले संझनु; 'ओहो क्या राम्रो' यहां 'ओहो क्या' शब्दले आश्चर्य; 'छिः धत् के काम गर्छौ' यहां 'छिः धत्' शब्दले निन्दा; 'के भन्छौ ?' यहां 'के' शब्द प्रश्न; 'ए बाबु'

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यहां 'ए' शब्दले बोलाउनु; 'आहा३ वेस भयो' यहां 'आहा३' शब्दले हर्ष; 'उहू३ दुख्यो' यहां उहू३' शब्दले पीडा; 'श्यावास खूप गऱ्यौ' यहां 'श्यावास' शब्दले प्रशंसा; 'राम राम बिगार भयो' यहां राम राम' शब्दले शोक इत्यादि मनको भाव बुझिन्छ. 'रामचन्द्र र देवचन्द्र गए' यहां 'र' शब्दले रामचन्द्र देवचन्द्र यी दुइ पदलाई जोडेर जातामा अन्वय गराउंछ. 'म त गएथ्यें तर भेट भएन' यहां 'तर' शब्दले 'म गएथ्यें, भेट भएन' यी दुइ वाक्यलाई जोडेर एक वाक्य जस्तो गराउंछ, यस्तै अरू शब्दमा पनी विचार गर्नू.

तेरीज—जुन शब्दबाट केही वस्तु बुझिदैन, वाक्यका अर्थमा देश, काल, रीत, मनको भाव, जोड आदि विशेष मात्र बुझिन्छ, ती शब्दलाई 'अव्यय' भन्दछन्.

अभ्यास

[१] अव्यय भनेको के हो; अव्ययबाट के के कुरो बुझिन्छ ? क्रियाविशेषण केभित्र पर्दछन्. ?

[२] तलका वाक्यमा अव्यय छुटयाऊ, कुन अव्ययबाट के अर्थ बुझिन्छ ? जहां तहां किन घुम्छौ. हुनत आज सबेरै त्यो आएथ्यो परन्तु कुरा मिलेन. शिव शिव के भयो. तं र म पनी जाउं लौ. त्यो गये पछि यो आयो. मैले भनें कि यो काम किन गर्छौ. आघूं पराघूं अनाज खूप सस्तो होला. रामु संग कलम छ. एः सांच्चि त्यो त मैले विर्सें. आचे त्यो किन गएन. गाह्रो माथि तखता मनि किला छ. उ कहिले गयो.

६—सामान्य-शब्दपरिचय.

४७. वाक्य देख्ने बित्तिकै 'यस वाक्यमा यति शब्द छन्, यो शब्द यस जातको हो, यस शब्दबाट यो कुरो बुझिन्छ, यो कर्ता यो कर्म हो'

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भनि जाने सम्मका कुरा देखाई अरूलाई बोली द्वारा प्रकाश गर्नु पर्छ.

४८. वाक्यमा परेका शब्द गन्नु, प्रत्येक शब्दको जात बताउनु, कर्ता—कर्महरू देखाउनु, इत्यादि सामान्य रूपले हरएक शब्दको बयानलाई **सामान्य-शब्दपरिचय** भन्दछन्. जस्तैः—

[क] 'म पाठ साह्रै घोक्छु' यस वाक्यमा 'म, पाठ, साह्रै, घोक्छु' यी चार पद छन् 'म' यो बोल्ने मानिसलाई बुझाउने **सर्वनाम; 'पाठ'** यो पढेको कुरोलाई बुझाउने **नाम; 'साह्रै'** यो घोक्नु क्रियालाई यसरी भनि बुझाउने **क्रियाविशेषण; 'घोक्छु'** यो घोक्नु क्रियालाई बुझाउने **क्रियापद;** घोक्नु क्रिया **सकर्मक; म** शब्दले बुझाइने (रामप्रसाद) त्यसको **कर्ता;** घोकिने **'पाठ' कर्म** हो.

[ख] **'समुद्रमा क्या ठूला माछा** हुन्छन्.' यस वाक्यमा **'समुद्रमा,** क्या, **ठूला, माछा,** हुन्छन्' यी पांच पद छन् **'समुद्रमा'** यो पानी धेरै हुने ठाउंको **नाम; 'क्या'** यो आश्चर्य बुझाउने **अव्यय; 'ठूला'** यो माछालाई यस्ता भनि बताउने **नामविशेषण; 'माछा'** यो जलमा हुने कोही जन्तुको **नाम,** (विशेष्य), **'हुन्छन्'** यो हुनु क्रियालाई बुझाउने **क्रियापद;** हुनुक्रिया **अकर्मक,** त्यसको **कर्ता** माछा हो.

[ग] 'हुनत रामहरि पोहोर पास **भएथ्यो,** तर त्यसले इनाम पाएन' यहां 'हुनत रामहरि पोहोर पास भएथ्यो' यो एकवाक्य, **'तर** त्यसले इनाम पाएन' यो अर्को वाक्य. पहिलो वाक्यमा - 'हुनत, रामहरि, पोहोर, पास, भएथ्यो' यी पांच पद छन् **'हुनत'** यो पछिल्लो वाक्य संग यो वाक्यलाई जोड्ने **अव्यय; 'रामहरि'** यो कोही विद्यार्थीको **नाम; 'पोहोर'** यो गएको वर्ष (बखत) बुझाउने हुनुक्रियाको **क्रियाविशेषण; 'पास'** यो रामहरिलाई परीक्षा सफल भएको भन्ने यस्तो पनि बुझाउने **नामविशेषण;** यसको **'रामहरि' विशेष्य; 'भएथ्यो'** यो हुनु क्रिया बुझाउने **क्रियापद;** हुनुक्रिया **अकर्मक;** त्यसको **कर्ता** रामहरि हो. दोस्रो वाक्यमा—

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

'तर, त्यसले, इनाम, पाएन' यी चार पद छन्. 'तर' यो पहिलो वाक्य संग यो वाक्यलाई जोड्ने अव्यय; 'त्यसले' यो अघि गएको 'रामहरि' नामको बदलामा प्रयोग गरेको सर्वनाम; 'इनाम' यो बक्स पाइने वस्तुको नाम; 'पाएन' यो नपाउने क्रिया बुझाउने क्रियापद; नपाउनु क्रिया सकर्मक; त्यसको कर्ता 'त्यसले' बाट बुझिने रामहरि; कर्म इनाम हो. यस्तै गरी हरएक वाक्यमा हरएक शब्दको बयान गर्नू.

तेरीज—वाक्यमा परेका हरएक शब्दको जात, कर्ता, कर्महरू सामान्य रूपले बयान गर्नालाई 'सामान्य-शब्दपरिचय' भन्दछन्.

अभ्यास

[१] सामान्य-शब्दपरिचय भनेको के हो ? त्यो गर्दा के के कुरा बताउनु पर्छ ? आफूले नया पांच वाक्य तर्जुमा गरी सामान्य-शब्दपरिचय गरी देखाऊ.

[२] तलका वाक्यमा सामान्य शब्दपरिचय गरी देखाऊ—हामी केही बुझ्दैनौं कि, तिमी के भन्छौ. त्यसले हिजो बाबुलाई राम्रो चिठी लेखी पठायो. हा ! अरू जीवलाई नकुट. ईश्वरले हामीलाई रक्षा गर्नुहुन्छ. सधैं तिमीहरू सत्य बोल. देवताको भक्तिले ठूलो कल्याण हुन्छ. अहो धन्य धन्य ! तिमी बुद्धिमान् रहेछौ. पाप र पुण्य संग जान्छन् पहिले पाठ पढ, अनि लेख. त्यो कहां गयो ?

पहिलो प्रकाश.

□

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

दोस्रो प्रकाश.

१०.—नाम्न विचार

४९. **'मानिस'** यो दुइ हात खुट्टा भएको बोलचाल गर्ने कोही प्राणी-को नाम हो; यस शब्दले यस किसिमको असल, खुनी, अग्लो, पुड्को, बाहुन, भोटे, जस्तोसुकै होस् जोसुकै होस् सबै मानिसलाई बुझाउंछ. **'आंप'** यो एक किसिमको मीठो फलको नाम हो; यसले त्यस किसिमको डल्लो, चेप्टो, गुलियो, अमिलो, कलमी, बिज्जु जो होस् जस्तो होस् सबै आंपलाई बुझाउंछ. **'घर'** यो ईंट काठ-पातले बनेको मानिस बस्ने एक किसिमको ठांउको नाम हो; यसले कच्चा, पक्का, सानो, ठुलो, झुप्रो, महल, जो होस् जस्तो होस् सबै घरलाई बुझाउंछ. यस्ता मानिस, घर, आंप, रुख, गाउं, पुस्तक, इत्यादि नाम एकजातका सबैलाई सामान्यरूपले बुझाउंछन्.

५०. **'बाबुकाजी'** यो कोही एक मानिसको नाम हो; **'गुह्येश्वरी'** यो कोही एक देवताको नाम हो; **'काशी'** यो कोही एक सहरको नाम हो; **'नेपाल'** यो कोही एक देशको नाम हो; यो शब्दले त्यो त्यो कोही एक व्यक्ति बाहेक अर्को मानिस, देवता, सहर, देश बिलकुल उही जस्तो भए पनी त्यसलाई बुझाउंदैनन्. यस्ता 'बाबुकाजी, गुह्येश्वरी, काशी, नेपाल, वाङ्मती, पशुपतिनाथ, इन्द्रचोक' इत्यादि शब्द कोही एक व्यक्तिलाई मात्र बुझाउंछन्

५१. **'धैर्य'** यो धीरो मानिसको गुणको नाम हो; **'लुच्च्यांइं'** यो लुच्चो मानिसको स्वभावको नाम हो; **'मितेरी'** यो मितको धर्मको नाम हो; **'मनुष्यपना'** यो मानिसको जातिको नाम हो; कोही वस्तुको नाम होइन; यस्ता 'धैर्य, लुच्च्यांइं, मितेरी, मनुष्यपना, अमीरी. कालीगढी, वीरता,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भनाइ, बोलाइ, हिंडाइ' इत्यादि नामले कोही वस्तु बुझाउंदैनन्; खालि भाव—अर्थात् वस्तुको धर्म, गुण, स्वभाव, जाति इत्यादिलाई मात्र बुझाउंछन्.

५२. तसर्थ—नाम तीन प्रकारका छन्;

(१) **सामान्यनाम** [जातिवाचक नाम]

(२) **विशेषनाम** [व्यक्तिवाचकनाम]

(३) **भाववाचकनाम** [धर्मवाचकनाम]

५३. जुन नामबाट एक जातका एक किसिमका सबै वस्तु बुझिन्छन् ती नामलाई **सामान्यनाम** भन्दछन्. जस्तैः—

'बाघ, भालू, वन, सहर, जन्तु, प्राणी, फल, फुल, बाबु, आमा, भाइ, दाज्यू' इत्यादि शब्द सामान्यरूपले सबैलाई बुझाउने हुनाले **सामान्यनाम** हुन्.

५४. जुन नामबाट यो सञ्ज्ञा (सङ्केत) भएको कोही एक व्यक्ति मात्र बुझिन्छ ती नामलाई **विशेषनाम** भन्दछन्. जस्तैः—

'पार्वती, हिमालय, चीन, जापान, बेलायत, पाटन, भादगांउं, काठमाण्डू, रानीपोखरी, सिंहदर्बार, रामचन्द्र, युधिष्ठिर' इत्यादि शब्द विशेषरूपले कुनै एक व्यक्तिलाई मात्र बुझाउने हुनाले **विशेषनाम** हुन्.

५५. जुन नामबाट सामान्यरूपले अथवा विशेषरूपले केही वस्तु बुझिदैनन्, खाली पदार्थको गुण, स्वभाव, धर्म, जाति, इत्यादि मात्र बुझिन्छन् ती नामलाई **भाववाचकनाम** भन्दछन्. जस्तैः—

'चाकरी, जीविका, छांट, रङ्ग, नाप, तौल, कद, दशा, पण्डित्यांइं, बठ्यांइं, भल्यांइं, शूरता, फुर्ती, दीनभाव, सुख, दुःख', इत्यादि शब्द कोही वस्तुलाई नबुझाउंने वस्तुको धर्मलाई मात्र बुझाउने हुनाले **भाववाचकनाम** हुन्.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

५६, नामशब्द कोही **धर्मवाचक**, कोही **धर्मिवाचक** हुन्छन्. कोही वस्तुमा रहने गुण, स्वभाव, छांट, जात, आदि धर्मलाई कहने शब्द **धर्मवाचक** हुन्; ती धर्म हुने वस्तुलाई कहने **धर्मिवाचक** हुन्. सामान्यनाम र विशेषनाम **धर्मिवाचक** हुन्; भाववाचकनाम **धर्मवाचक** हुन्.

५७ सामान्यनामबाट बुझिने वस्तु कोही **संख्येय**, कोही **परिमेय** हुन्छन्.

[क] जो वस्तु यतिलाई एक भन्नू भन्न शकिने हुनाले एक, दुइ, इत्यादि गनिन्छ त्यस वस्तुलाई **संख्येय** भन्छन्. जस्तैः— घर, पुस्तक, कलम, मानिस आदि वस्तु एक दुइ भनि गनिने हुनाले संख्येय हुन्

[ख] जो वस्तु यतिलाई एक भन्नू भन्न नशकिने हुनाले यतिवटा भनि नगनिने, नाप तौलले मात्र यति भनि परिमाण गरिने छ त्यस वस्तुलाई **परिमेय** भन्दछन्. जस्तैः—पानी, सुन, मसी, कपडा आदि वस्तु 'एक पानी, दुइ पानी' भनि नगनिने, केवल घडाभर पानी, तोलाभर सुन, भांडोभर मसी, थानभर कपडा' भनि परिमाण मात्र गरिने हुनाले **परिमेय** हुन्.

५८. संख्येय वस्तुलाई कहने सामान्यनामले त्यस जातका सबैलाई, अथवा एउटा सिंगो सम्मलाई पनी बुझाउंछ, त्यस्को टुक्रालाई बुझाउदैन. जस्तैः—'मानिस, हात्ती, घर' इत्यादि शब्दले सबै मानिसलाई, अथवा दुइ एक सम्मलाई मात्रै पनी बुझाउंछ; मानिसको अंश (टुक्रा) हात, गोडा आदिलाई मात्र त बुझाउंदैन. यसैले 'मानिसको हात' भन्ने व्यवहार हुन्छ, हातैलाई 'मानिस' भन्ने व्यवहार हुदैन.

५९ परिमेय वस्तुलाई कहने सामान्यनामले त्यसजातका सबैलाई अथवा एउटा सम्मलाई अथवा त्यसको जतिसुकै सानो अंशलाई पनी बुझाउंछ. जस्तैः—'पानी, सुन, तेल' इत्यादि नामले त्यस जातका सबैलाई, अथवा एक घडा पानीलाई, अथवा त्यसको पनी अंश अंजुलाभर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पानीलाई पनी बुझाउंछ.

६०. विशेषनामले संख्येय एउटा सिङ्गोलाई मात्र बुझाउंछ, एक भन्दा बढता सबै जातसम्मलाई, वा एकको अंशलाई पनी बुझाउदैन. त्यही नाम भएका धेरै भए मौका हेरी सबैलाई पनी बुझाउंछ. जस्तै:—'नल, गोपाल' इत्यादि शब्दबाट सिङ्गो एक मात्र बुझिन्छ, त्यस जातका अरू-लाई वा त्यसको अंशलाई बुझाउंदैन. 'काली, सेती, राम' भन्दा ती नाम भएका दुइ चार पनी हुनाले मौका हेरी एकलाई, सबैलाई पनी बुझाउंछ; एकको अंशलाई त बुझाउंदैन.

६१. भाववाचकनामबाट बुझिने वस्तु संख्येय, परिमेय केही छुट्टिंदैन; केवल त्यो जातिमात्र बुझिन्छ; एक अथवा एकको अंश केही बुझिंदैन. जस्तै:—'धैर्य, सुख, दु:ख' भनेमा त्यो धर्म मात्र बुझिन्छ एक, दुइ, एकको अंश केही बुझिंदैन. कहीं व्यक्ति छुट्याई 'मलाई तीन दु:ख परी आए' इत्यादि भनेमा त संख्येय जस्तो पनी बुझिन्छ.

६२. भाववाचकनाम धेरै प्रकारका हुन्छन्. जस्तै:—

(क) जातिवाचक शब्दबाट बनेका 'कालिगढ–कालिगढी; पण्डित–पाण्डित्य; मनुष्य–मनुष्यत्व, मनुष्यपना; मित–मितेरी' इत्यादि.

(ख) गुणवाचक [विशेषण] शब्दबाट बनेका 'मूर्ख मूर्ख्याइं; वीर–वीरता; शूर-शूर्‍यांइं; अमीर–अमीरी; भलो–भल्यांइं' इत्यादि.

(ग) क्रियावाचक शब्दबाट बन्ने 'लड्नु–लडाइ; हिंड्नु–हिंडाइ; सज्नु–सजावट; रङ्नु–रङ्; नाप्नु नाप; तौल्नु–तौल' इत्यादि.

(घ) अरू शब्दबाट नबनेका 'कद्, अवस्था, सुख, दु:ख, जीविका, प्रेम, धर्म, सत्य, होस' इत्यादि.

६३. कसैका मतमा माथि लेखेका नामका तीन भेद भन्दा बढता अरू दुइ भेद पनी मानिएका छन्.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(१) समुदायवाचक (२) द्रव्यवाचक

(अ) जमातलाई बुझाउने नाम समुदायवाचक कहिन्छन्. जस्तै :— फौज, थुप्रो, जमात, बथान, पल्टन, राश, इत्यादि.

(आ) सामान्य द्रव्यलाई बुझाउने नाम द्रव्यवाचक कहिन्छन्. जस्तै:— सुन, चांदी, फलाम, पत्थर, दूध, तामो, इत्यादि.

६४. तर यी दुइ भेद सामान्यनाम भित्रैमा आउन शक्ने हुनाले तीन भन्दा बेगलै गणना नगरे पनी हुने देखिन्छ. 'सूर्यदल, राजदल' इत्यादि समुदायवाचक नाम पनी विशेषनाम भित्रै आउन सक्छन्; बेगलै होइनन्.

६५. नामका यथार्थ भेद 'सामान्यनाम' र 'विशेषनाम' यी दुइ भेद मात्र मान्नु उचित छ. धैर्य इत्यादि भाववाचक नाम पनी सबैमा रहने हरकिसिमका सानो ठुलो धैर्यलाई सामान्य रूपले बुझाउने हुनाले सामान्य-नामै जस्ता हुन्. यस्तै सबै भाववाचक नाम सामान्यनाम भित्रमा आउन शक्छन्.

६६. सामान्यनाम र विशेषनाममा फरक यो छ कि, एक सामान्य-नामले जति पदार्थलाई बुझाउन शक्छ त्यति सबै पदार्थमा जो सामान्य [साझा] धर्म छ त्यही धर्म बुझाई त्यसको द्वारा ती सबै पदार्थलाई बुझाउंछ. जस्तै:—'गाई, घोडा, हात्ती', भनेमा परस्परमा फरक पर्ने; गाई गाई, घोडा घोडा, हात्ती हात्ती, भनेमा सबैमा मिल्ने सामान्य धर्म जातिलाई बुझाई त्यसको द्वारा त्यस जातका सबैलाई बुझाउंछ. 'वैद्य' भनेमा औषधी गर्ने भन्ने, 'पण्डित' भनेमा विद्या पढेको भन्ने, 'भान्से' भनेमा पकाउने भन्ने सामान्य धर्म अर्थ बुझिई त्यसको द्वारा त्यस किसिमका सबै बुझिन्छन्. यसैले यसलाई सामान्यनाम भन्दछन्. 'कृष्ण, राम, गोविन्द' इत्यादि विशेषनामबाट त त्यस्तो सामान्य+धर्म केही बुझिँदैन, केवल जसको त्यो संज्ञा राखेको छ उही व्यक्तिमात्र बुझिन्छ. यसैले यसलाई व्यक्तिवाचक भन्दछन्.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

६७. विशेषनाम हुन आएको विशेषणशब्द, व्यक्तिवाचकनाम वा त्यसको भाग पुरुष प्राणीको विशेषनाम भएमा प्यारो गरी प्रयोग गर्दा अन्त्यमा उकार, अनादर गरी प्रयोग गरेमा अन्त्यमा एकार, जोडेर प्रयोग गरिन्छ. स्त्रीजातिको नाममा त प्रेम र हेला बुझियेमा समेत् ऊकारान्त एकारान्त हुदैन. जस्तैः—

पुं० शब्द.	प्रेममा.	हेलामा.
कालो.	कालु.	काले.
सानो.	सानु.	साने.
रामदत्त.	रामु.	रामे.
	दत्तु.	दत्ते.

तेरीजः—एक जातका एक किसिमका सबै वस्तुलाई सामान्यरूपले बुझाउने नामलाई 'सामान्यनाम,' कोही एक व्यक्तिलाई मात्र विशेषरूपले बुझाउने नामलाई 'विशेषनाम,' वस्तु नबुझाउने धर्मलाई मात्र बुझाउने नामलाई 'भाववाचकनाम' भन्दछन्.

अभ्यास

[१] नामका कति भेद छन् ? तिनको लक्षण के हो ? संख्येय परिमेय भनेको के हो ? धर्मवाचक धर्मिवाचक भनेको के हो ? समुदायवाचक भनेको के हो ?

[२] तलका वाक्यमा नामशब्द कुन कुन कस्ता हुन, छुट्याऊ—धर्मराज पाठशालामा पढ्न गए. केटीहरू पनी खेल्दछन्. दारिम खाऊ. उदयाचलमा सूर्य देखिए. चन्द्रको प्रकाश बढेको छ. रामजी र सेतु कहां गए. यसको तौल, जोख, नाप, गिन्ति भयो. वनमा डर हुन्छ.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

[३] तलका नामशब्दको भेद बताऊ--'समुद्र, नदी, देवता, इन्द्र, कविता, सहर, ठिमी, अमिनी, अदालत, तसबीर, यश, पहाड, राजा, राज्य, भाषा, ग्रह, गोदावरी, बन्दोवस्त, मद्रास, चाकरी, भूल, चूक, भागीरथी, काज बालुवा.'

११ - नामका अङ्ग.

६८. 'छोरो गयो, छोरा आए, छोराले खायो, छोराहरूलाई डाक, छोरी भई, छोरीहरू राम्रा छन्, छोरीहरूको बिहा भयो' इत्यादिमा 'छोरो' यो नामशब्दको कहीं 'छोरा' कहीं 'छोराले' कहीं 'छोराहरूलाई' कहीं 'छोरी' कहीं 'छोरीहरू' कहीं 'छोरीहरूको' इत्यादि स्वरूप बदलिएको, कहीं पुरुष, स्त्री; कहीं एक, धेरै; कहीं कर्ता, कर्म; आदि विशेष अर्थको अनुसारले धेरै थरी स्वरूप बन्दछन्.

६९. तसर्थ—नामका तीन अङ्ग छन्. (१) लिङ्ग, (२) संख्या, (३) कारक.

[क] शब्दबाट पुरुष, स्त्री, निर्जीव, जात जो बुझिन्छ, त्यसलाई लिङ्ग भन्दछन्. जस्तैः—'छोरो' भन्दा पुरुषजात, 'छोरी' भन्दा स्त्रीजात, 'घर' भन्दा निर्जीवजात जो बुझिन्छ, सो लिङ्ग हो.

[ख] शब्दबाट एक, अनेक, संख्या जो बुझिन्छ, त्यसलाई संख्या भन्दछन्. जस्तैः—'छोरो' भन्दा एक, 'छोरा, छोराहरू' भन्दा अनेक, संख्या जो बुझिन्छ, सो संख्या हो.

[ग] एक शब्दको अर्को शब्द संग सम्बन्ध जो बुझिन्छ त्यसलाई कारक भन्दछन्. जस्तैः—'छोरालाई डाक' यहां डाक्नु

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

क्रियाको छोरामा जो सम्बन्ध (कर्मत्व) बुझिन्छ, सो कारक हो.

७०. एकै शब्दका पनी लिङ्ग, संख्या, कारक, फरक हुंदा मूलशब्दमा केही प्रत्यय जोडिएर धेरै किसिमका फरक फरक रूप हुन्छन्.

७१ एक मूलशब्दबाट फेरफार भई अथवा नभई जो दोस्रो शब्द बन्दछ, त्यसलाई रूप भन्दछन्. जस्तैः—'छोरो' शब्दका 'छोरा, छोराहरू, छोरालाई, छोरी छोरो' इत्यादि रूप हुन्.

७२. कोही शब्दको रूप बनाउंदा जो एक वा अनेक अक्षर जोडिन्छ, त्यसलाई प्रत्यय भन्दछन्. जस्तैः—'छोराहरू, छोरालाई, छोरी' इत्यादिमा 'हरू, लाई, ई' इत्यादि प्रत्यय हुन्.

(क) पुंलिङ्गी शब्दबाट स्त्रीलिङ्गी शब्द बनाउंदा जोडिने 'ई, नी, इनी' इत्यादि प्रत्ययलाई स्त्रीप्रत्यय भन्दछन्.

(ख) अनेक संख्या बुझाउंदा जोडिने 'हरू' प्रत्ययलाई वचनप्रत्यय भन्दछन्.

(ग) एक शब्दको अर्को शब्दसंग सम्बन्ध देखाउंदा जोडिने 'ले, लाई, बाट, देखि, को, का, की, मा' इत्यादि प्रत्ययलाई विभक्तिप्रत्यय भन्दछन्.

७३. एक शब्दको अर्को शब्द (रूप) बनाउंदा मूलशब्दको मात्र जो स्वरूप हुन्छ, त्यसलाई सामान्यरूप भन्दछन्. जस्तैः—'छोरालाई, दिनाको' यो रूप बनाउंदा छोरो, दिनु, शब्दको 'छोरा, दिना' यस्तो आकार [स्वरूप] जो बन्यो, सो सामान्यरूप हो.

(क) सो सामान्यरूप कहीं मूलशब्दै रहन्छ. जस्तैः—'बाहुनले, छोरोलाई, छोरीको, घरबाट' इत्यादिमा 'बाहुन, छोरो, छोरी, घर' यी मूलशब्दै सामान्यरूप हुन्.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(ख) कहीं मूलशब्द केही बिग्रेर सामान्यरूप हुन्छ. जस्तैः— 'छोरालाई, यसको, हामीलाई, जानाले' इत्यादि रूपमा 'छोरो, यो, म, जानु' यी मूलशब्दको 'छोरा, यस, हामी, जाना' यस्ता सामान्यरूप भए.

७४. यी प्रत्ययहरू कहीं सबै थरी, कहीं कोही कोही मात्र हुंदा पनी रूप बन्दछन्.

जस्तैः—'छोरो' यो पुंलिङ्गी शब्दमा अन्त्यको ओकारको बदला 'ई' यो स्त्रीप्रत्यय भई 'छोरी' यस्तो सामान्यरूप भयो, यसमा फेरी वचन-प्रत्यय 'हरू' जोड्दा 'छोरीहरू' यस्तो रूप भयो, यसमा फेरी विभक्ति-प्रत्यय 'को' जोड्दा 'छोरीहरूको' यस्तो रूप बन्यो. 'छोरो' यो मूलशब्द-मा 'छोरा' यस्तो सामान्यरूप बनाई 'हरू' प्रत्यय र 'लाई' प्रत्यय जोड्दा 'छोराहरूलाई' यस्तो रूप भयो. यस्तै अरू प्रत्यय भएमा पनी जान्नू.

७५. प्रत्यय, रूप, सामान्यरूप, लिङ्ग, वचन, विभक्तिहरू, सर्वनाम आदि अरू जातका शब्दमा पनी हुनेछन्. नाम, धातु, [क्रियापदको मूल-शब्द] आदिबाट हुने अरू किसिमका प्रत्यय रूपहरू पछि जानिनेछन्.

तेरीजः—

(क) लिङ्ग, वचन, कारक, यी तीन नामहरूका 'अङ्ग' कहलाउंछन्.

(ख) एक शब्दमा फेरफार भई अथवा नभई बनेको पूरा अर्को शब्दलाई 'रूप' भन्दछन्.

(ग) रूप बनाउंदा केही बिग्रेको वा, उही रहेको मूलशब्दको मात्र आकारलाई 'सामान्यरूप' भन्दछन्.

(घ) एक शब्दको अर्को रूप बनाउंदा जोडिने अक्षरलाई 'प्रत्यय' भन्दछन्.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अभ्यास

[१] नाम शब्दका अङ्ग कुन कुन हुन्? प्रत्यय, रूप, सामान्यरूप, भनेको के हो ?

[२] तलका शब्दमा के प्रत्यय भई रूप सामान्यरूप भएको छ बताऊ—घोडीहरूमा, बाहुनहरूलाई, झ्यालबाट, हामीले, तिनीहरूले, रामुको, छोरीहरूलाई, हामीहरू, तिनीहरूदेखि.

१२ - लिङ्गविचार.

७६. मनुष्य र अरू प्राणीको नाममा कोही नामबाट पुरुष-जाति बुझिन्छ; कोही नामबाट स्त्री-जाति बुझिन्छ; अरू वस्तुको नाममा सबै नामबाट निर्जीव-जाति बुझिन्छ. जस्तैः—

'छोरो, रामचन्द्र, काले, सेते, घोडा, बोको' इत्यादि नामबाट पुरुष-जाति बुझिन्छ; 'छोरी, सीता, काली, सेती, घोडी, बाखी' इत्यादि नाम-बाट स्त्री-जाति बुझिन्छ; 'पुस्तक, कलम, मसी, कागत, चक्कू' इत्यादि नामबाट निर्जीव-जाति बुझिन्छ.

७७. तसर्थ-नामबाट 'स्त्री, पुरुष, निर्जीव' भन्ने जो विशेष बुझिन्छ, त्यसलाई लिङ्ग भन्दछन्.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

७८. ती लिङ्ग तीन[१] प्रकारका छन्. (१) पुंलिङ्ग, (२) स्त्रीलिङ्ग, (३) नपुंसकलिङ्ग.

७९. जो नामबाट पुरुष-जाति बुझिन्छ, त्यो शब्द पुंलिङ्गी; जो नामबाट स्त्री-जाति बुझिन्छ, त्यो शब्द **स्त्रीलिङ्गी**; जो नामबाट निर्जीव-जाति बुझिन्छ, त्यो शब्द **नपुंसकलिङ्गी**; भनिन्छ. जस्तैः—

पुं०—राजा. बाबु. बाहुन. गुरु. देव. सिंह. इ०

स्त्री०-रानी. आमा. बाहुनी. गुरुमा. देवी. सिंहिनी इ०

नपुं०-फल फुल. घर. खेत. वन. मन. इ०

८०. पुंलिङ्गी र नपुंसकलिङ्गी शब्दमा प्रायः केही फरक हुंदैन, केवल सजीव र निर्जीवलाई कहने हुनाले मात्र फरक गरिन्छ. स्त्रीलिङ्गी शब्द त रूपैबाट प्रायः फरक देखिन्छन्. ती धेरै प्रकारका हुन्छन्.

८१. कोही पुंलिङ्गी शब्दमा स्त्रीप्रत्यय भई केही वर्ण घटबड हुंदा स्त्रीलिङ्गी शब्द बन्दछन्, जस्तैः—

'छोरो' यो पुंलिङ्गी शब्दमा 'ओ' को बदलामा 'ई' हुंदा 'छोरी' यस्तो; 'मिश्र' यो पुंलिङ्गी शब्दमा 'अ' को बदलामा 'इनी' हुंदा 'मिश्रिनी' यस्तो; 'नेपाल' यो पुंलिङ्गी शब्दमा 'अ' बदलामा 'नी' हुंदा 'नेपाल्नी' यस्तो स्त्रीलिङ्गी शब्द बन्यो.

---

१ रूपबाट फरक नहुने हुनाले कुनै मानिस भाषामा पुं० स्त्री० यी दुइ लिङ्ग मात्र मान्दछन्, तर निर्जीवलाई पुरुषमा गणना गर्न ठीक नदेखिने, कहीं जो को इत्यादि सर्वनामको पुं० नपुं० लिङ्गमा रूप पनी फरक पर्ने, जड र चेतनको व्यवहारलाईं चाहिने विवेक पनी हुन शक्ने संस्कृतसंग पनी मिल्ने, देखिनाले हाम्रो भाषामा पनी नपुंसकलिग बेग्लै मान्नु उचित देखिन्छ.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

८२. ती स्त्रीप्रत्यय 'नी, ई, इनी' इत्यादि हुन्. ती सबै प्रत्यय सबै शब्दमा हुंदैनन्, कोही प्रत्यय कोही शब्दमा हुन्छ. त्यसको नियम (काइदा) लेखिन्छ.

८३. दुइ स्वर हुने अ[१]कारान्त नाममा, दुइ स्वर हुने जात वा पदवी बुझाउंने आकारान्त नाममा, सबै एकारान्त नाममा, अन्त्यको स्वर (अ, आ, ए) को भदलामा प्राय: इनी हुन्छ. जस्तै:—

अ —'बिष्ट, बिष्टिनी. शूद्र, शूद्रिनी. भूत, भूतिनी. मित, मितिनी. खस, खसिनी. वैद्य, वैद्यिनी श्रेष्ठ, श्रेष्ठिनी. मिश्र, मिश्रिनी. भट्ट, भट्टिनी. सेठ, सेठिनी. जज जजिनी. नाग, नागिनी. सर्प, सर्पिनी. पन्त, पन्तिनी.' इत्यादि.

आ —'सुब्बा, सुब्बिनी डिठ्ठा, डिठ्ठिनी. छिपा, छिपिनी ओझा, ओझिनी. हुद्दा हुद्दिनी. इत्यादि.

ए —'भोटे, भोटिनी. लामिछाने, लामिछानिनी दाउरे, दाउरिनी. अवाले, अवालिनी. च्यांमे, च्यांमिनी. माहुते, माहुतिनी भँमाले, भँमालिनी भंडारे, भंडारिनी. द्वारे, द्वारिनी. न्यौपाने, न्यौपानिनी. कुह्माले, कुह्मालिनी' इत्यादि.

८४. दुइ भन्दा बढता स्वर हुने अकारान्त नाममा, दुई भन्दा बढता स्वर हुने जात वा पदवी बुझाउने आकारान्त नाममा, अन्त्यमा स्वर (अ, आ) को बदलामा र, 'या' अन्त्यमा हुने नाममा 'या' को बदलामा प्राय: नी हुन्छ. जस्तै:—

---

१ वर्णमा कार शब्द जोडदा सोही वर्ण बुझिन्छ जस्तै:— अकार, आकार, ककार, खकार, इत्यादि. र वर्णमा त, कार शब्द जोडिदैन; रेफ शब्दको व्यवहार हुन्छ.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अ—'जनरल, जनरल्नी महाजन, महाजन्नी. नेवार, नेवार्नी कालिगढ, कालिंगडनी. पण्डित, पण्डित्नी. सर्दार, सर्दार्नी अर्ज्याल, अर्ज्याल्नी. मालिक, मालिक्नी. चौतार, चौतार्नी. ठक्कुर, ठक्कुर्नी.' इत्यादि.

आ—'कोइराला, कोइराल्नी. गतौंला, गतौंल्नी. खतिवाडा, खतिवाड्नी. तिमिल्सिना, तिमिल्सिन्नी. ढुङ्गाना, ढुङ्गान्नी. घौकोटा, घौकोट्नी. सापकोटा, सापकोट्नी. बोहोरा, बोहोर्नी.' इत्यादि.

या—'बजिया, बजिनी भरिया, भरिनी. मुखिया, मुखिनी. थपलिया, थपलिनी जडिया, जडिनी. चौतरिया, चौतरिनी. भित्रिया, भित्रिनी. पूर्विया, पूर्विनी' इत्यादि.

८५ जात पादवी नबुझांउने आकारान्त नाममा र, सबै ओकारान्त नाममा अन्त्य स्वर (आ, ओ) को बदलामा प्रायः ई हुन्छ. जस्तैः—

आ—'काका, काकी. भांजा, भांजी. सुघा, सुघी. परेवा, परेवी. घोडा, घोडी. कछुवा, कछुवी. चखेवा, चखेवी. भङेरा, भङेरी. जलेवा, जलेवी.' इत्यादि.

ओ—'छोरो, छोरी. केटा, केटी कमारो, कमारी. शालो, शाली. बाखो, बाखी. बाच्छो, बाच्छी. पाडो, पाडी. सानो, सानी. ठुलो, ठुली.' इत्यादि.[1]

---

१ 'थाल, लोहटा, कचौरा, खुर्पा, कोदालो, गाग्रो, घ्याम्पो' इत्यादि केही शब्द सानो वस्तु बुझाउंदा तद्धितको ई प्रत्यय भई 'थाली, लोहोटो, कचौरी, खुर्पी, कोदाली, गाग्री, घ्याम्पी' इत्यादि ईकारान्त शब्द बन्दछन्. ती शब्द निर्जीव बोधक हुनाले नपुंसकलिंगी नै हुन्, स्त्रीप्रत्यय भई स्त्रीलिंगी भएका होइनन्; यसै अर्थले 'मेरो गाग्री, कोदाली' इत्यादि व्यवहार देखिन्छ, 'मेरी गाग्री, कोदाली' इत्यादि व्यवहार देखिंदैन.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

८६ अरू बांकि स्वर (इ, ई, उ, ऊ, ऐ, औ.) अन्त्यमा हुने सबै नाममा प्रायः परतिर नी लाग्छ. शब्दको अन्त्य स्वर 'ई, ऊ' भए त्यस्को बदलामा ह्रस्व (इ, उ) पनी हुन्छ. जस्तैः—

इ –'नाति. नातिनी. घर्ति, घर्तिनी. दमाइ, दमाइनी. (दमिनी), छत्रि, छत्रिनी. लमि, लमिनी. उप्रेति, उप्रेतिनी. ज्यामि, ज्यामिनी.' इत्यादि.

ई— माली. मालिनी योगी, योगिनी. धोवी, धोविनी. संवी, संविनी सिपाही, सिपाहिनी. विचारी, विचारिनी. पूजाहारी, पूजाहारिनी. ठकुरी, ठकुरिनी. कर्मी, कर्मिनी. अधिकारी, अधिकारिनी. कसाही, कसाहिनी' इत्यादि.

उ – नाउ, नाउनी. (नगिनी, नैनी)· साहु. साहुनी. ज्यापु ज्यापुनी. लिम्बु. लिम्बुनी' इत्यादि.

ऊ –'गुभाजू, गुभाजुनी. कुलू, कुलुनी. टट्टू, टट्टुनी. द्योभाजू. द्योभाजुनी.' इत्यादि.

औ –'कौ, कौनी. गुरौ, गुरौनी.' इत्यादि

८७. ओकारान्त बाहेक दुइ स्वर हुने नाममा पहिलो स्वर 'आ' भए त्यसको बदलामा अ पनी प्रायः हुन्छ; माथिका नियम बमोजिम प्रत्यय पनी हुन्छन्. जस्तैः—

अ—'बाघ. बघिनी. जाड, जडिनी. भांण, भंणिनी, भाट, भटिनी.'

आ—'लामा, लमिनी बांडा, बडिनी थापा, थापिनी. राना, रनिनी.'

इ—'माझि, माझिनी.'

ई—'काजी, कजिनी. धामी, धमिनी कामी, कमिनी. हात्ती, हत्तिनी. सार्की, सर्किनी. कार्की, कर्किनी.'

उ—'थारु, थरुनी.'

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

ए— पांगे, पंगिनी. थक्से, थकिसनी. छाते, छतिनी. पाखे, पखिनी. कांठे, कंठिनी जाडे, जडिनी.' इत्यादि.

८८. कोही शब्दमा माथि गएका नियमको अनुरोध नराखी अरू प्रत्यय भई स्त्रीलिङ्गी शब्द बनेका हुन्छन्.

जस्तैः—'बाहुन, बाहुनी. गुरुङ, गुरुङसेनी. बांधा, बंधितनी. दोरंगा, दोरांगनी. महन्त, महन्तिनी. मरहट्टा, मरहट्टिनी. चोर, चोर्नी. बाउन्ने, बाउन्नी.' इत्यादि.

८९. कोही शब्द पुरुष स्त्रीलाई कहने बेगला बेगलै हुन्छन्. जस्तैः—

पुं०	स्त्री०		पुं०	स्त्री०		पुं०	स्त्री०
बाबु	आमा.	।	गुरु.	गुरुमा.	।	रांगो.	भैंसी.
शशुरा.	शाशू.	।	महाराज.	महारानी.	।	गोरु.	गाई.
मामा.	माइज्यू.	।	जवाजी.	बहिनी.	।	जुर्रो.	साही.
राजा.	रानी.	।	जेठाज्यू.	जेठानी.	।	झांक.	मुडुली.
बाज्ये.	बज्यै.	।	दाज्यू.	भाउज्यू.	।	बोको.	बाखी.
लोग्ने.	स्वास्नी	।	भिनाज्यू.	दिदी.	।	भाइ	बुहारी.
हात्ती.	ढोई.	।	देवर.	देवरानी.	।	भाले.	पोथी.
भदो.	भदै.	।	फुपाज्यू. }	फुपू	।	बीर.	भुनी.
भाजू.	मैजू.	।	पुसाज्यू. }		।	सांड.	मल्ला. इ[१]

---

१ आफु भन्दा मान्य नातादारलाई बुझाउंदा बडा-आदमीहरूले कहीं शब्दको अन्त्यमा 'ज्यू' शब्द जोडेर, कहीं अर्कै मानबोधक शब्द प्रयोग गर्छन, जस्तैः—'शशुराज्यू, शाशूज्यू. दाज्यैज्यू, भाउज्यू. भिनाज्यू, दिदीज्यू. बुवाज्यू, मुमाज्यू.' इत्यादि. यस्तैः—'फुपूज्यू, गुरुज्यू, जेठानीज्यू, मामाज्यू, बाजेज्यू, बज्यैज्यू, बुवा, मुमा.' इत्यादि.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

९० कोही शब्द स्त्री, पुरुष फुट्ट छुट्याई बुझांउन नशक्ने हुनाले पुंलिङ्गी स्त्रीलिङ्ग दुवैमा एकैनासका हुन्छन्. रूप फरक हुंदैन.[१] जस्तैः—

'बिच्छी, थारल, घोरल, मृग, बनेल, मानिस, किरो, हांस, जरायो, मान्छे, माछो, लिखो, कमिलो, पुतली, मौरी, झिंगो, दोपाया, चौपाया, जनावर, देवता, कवि' इत्यादि.

९१. यस्ता शब्दमा पुं० स्त्री० छुट्याउंदा, पशुहरूमा भाले पोथी दुवैको सिङ नहुने वा दुवैको सिङ हुनेमा र, चराहरूमा, भाले (पुं) पोथी (स्त्री) भन्ने विशेषण जोडेर छुट्याउनू. भालेको सिङ हुने पोथीको नहुनेमा पुंलाई भाले वा झांक भनी, स्त्रीलाई पोथी वा मुडुली भनी छुट्याउनू. बनेललाई छुट्याउंदा पुंलाई वीर भनी, स्त्रीलाई भुनी भनी छुट्याउनू. बाजलाई छुट्याउंदा पुंलाई जुर्रा भनी, स्त्रीलाई साही भनी छुट्याउनू. मानिसलाई छुट्याउंदा पुंलाई लोग्ने भनी, स्त्रीलाई स्वास्नी भनी छुट्याउनू. अरूमा प्रायः पुरुष स्त्री भनी छुट्याउंनू.

जस्तैः—'भाले चौघडा, पोथी चौघडा; भाले भङ्गेरो, पोथी भङ्गेरो; झांक वा भाले मृग, मुडुली वा पोथी मृग; भाले थारल, पोथी थारल; जुर्रा बाज, शाही बाज; बीर बनेल, भुनी बनेल; लोग्ने मानिस, स्वास्नी मानिस; पुरुष देवता, स्त्री देवता; पुरुष कवि, स्त्री कवि' इत्यादि '

---

१. स्त्री पुरुष केही नछुट्याई केवल त्यस जातका प्राणी मात्रलाई बुझाउंदा यस्ता शब्दलाई कोही नपुंसकलिंगी मान्दछन्. तर, नपुंसकलिंगी मानेमा पनी पुंलिंगी भएमा भन्दा रूप केही फरक नहुने हुनाले; सजीवलाई निर्जीव जस्तो व्यवहार गर्नु ठीक नदेखिनाले, स्त्री पुरुष दुवै थरीलाई बुझाउंदा संस्कृतहरूमा समेत स्त्रीलिंगी शब्दको लोप भई पुंलिंगी मात्रको एकशेष हुने, सो पुंलिंगी शेष शब्दबाट स्त्रीजातको समेत बोध हुने देखिनाले पनी स्त्रीबोधक विशेषण नजोडेमा पुरुष स्त्री दुवैलाई सामान्यरूपले बुझाउंदा पनी पुंलिंगी नै मान्नु उचित देखिन्छ.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

९२. संस्कृत वा अरू भाषाबाट आई हाम्रो भाषामा चलेका कोही स्त्रीबोधक शब्द उही भाषा बमोजिम स्त्रीलिङ्गी हुन्छन्. जस्तैः –

'ब्राह्मण, ब्राह्मणी. हरिण, हरिणी. कुमार, कुमारी. देव, देवी. भगवान्, भगवती. ईश्वर, ईश्वरी पति, पत्नी. श्रीमान्, श्रीमती. पुरुष, स्त्री. सीता, राधा, गङ्गा, नदी, पार्वती, गुह्येश्वरी, डाकिनी, मेम, बेगम, बिब्बी, लेडी' इत्यादि.

९३ संस्कृत वा अरू भाषाबाट आएका शब्द स्त्रीलिङ्गी नै चलेका भए उस्तै प्रयोग गर्नू; पुंलिङ्गी मात्र प्रयोग चलेका भए त्यसको स्त्रीलिंगी शब्द प्रयोग गर्दा हाम्रो भाषाकै स्त्रीप्रत्यय जोड्नू, उही भाषाको स्त्रीप्रत्यय नजोड्नू.

जस्तैः—'भगवती, देवी, कुमारी' इत्यादि संस्कृत शब्द स्त्रीलिङ्गी नै चलेका हुनाले यस्तै प्रयोग गरिन्छन्. 'सिंह, पण्डित, शूद्र' इत्यादि संस्कृत शब्द पुंलिङ्गी मात्र चलेका हुनाले स्त्रीलिङ्गमा भाषाकै प्रत्यय गरी 'सिंहिनी, पण्डितनी, शूद्रिनी' यस्तै प्रयोग हुन्छ. संस्कृतको अनुसारले 'सिंही, पण्डिता, शूद्री' इत्यादि प्रयोग हुंदैन. यस्तै अरू भाषाबाट आएका शब्दमा पनी जान्नू.

९४. संस्कृत वा अरू भाषाबाट आएका स्त्रीबोधक नभएका शब्द उस भाषामा स्त्रीलिङ्गी भए पनी निर्जीवबोधक शब्द नपुंसकलिङ्गी हुने नियम हुनाले नपुंसकलिङ्गी माफिक प्रयोग गरिन्छन्. जस्तैः—

'इच्छा, बुद्धि, मित्रता, माया, दया, करुणा, मूर्ति' इ[१]त्यादि.

---

१. यस्ता शब्दमा उही भाषाको लिंग जस्तो लिंग ठहऱ्यायेर पनी कोही प्रयोग गर्छन्. जस्तैः— मेरी बुद्धि; ठुली मूर्ति, बली माया' इत्यादि. तर त्यस्ता प्रयोग संस्कृतको अभिप्रायले गरिएका हुन्.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

९५. व्यक्तिवाचक पुंलिङ्गी शब्दको स्त्रीप्रत्यय भई स्त्रीलिङ्गी रूप हुंदैन. जस्तैः—रामनाथकी स्त्रीलाई भन्दा 'रामनाथ्नी' भन्न हुंदैन.

९६. विशेषनाम जो लिङ्गीलाई बुझाउंछ, उही लिङ्ग मात्र हुन्छ. भाववाचकनाम नपुंसकलिङ्गी मात्र हुन्छ. सामान्यनाम त अर्थको अनुसारले सबै लिङ्गी हुन शक्छन्.

विशेषण शब्दमा स्त्रीप्रत्यय हुने विशेष नियम विशेषण विचारमा लेखिनेछ.

तेरीजः—

(क) शब्दबाट बुझिने पुरुष-जाति, निर्जीव-जाति, यिनलाई 'लिङ्ग' भन्दछन्.

(ख) पुरुष जाति बुझाउंने शब्द 'पुलिङ्गी'; स्त्री-जाति बुझाउंने शब्द 'स्त्रीलिङ्गी'; निर्जीव-जाति बुझाउंने शब्द 'नपुंसकलिङ्गी' कहलाउंछन्.

(ग) कुनै पुंलिङ्गी नाममा 'ई, नी, इनी' आदि स्त्रीप्रत्यय भई स्त्रीलिङ्गी शब्दबाट नबनेका बेगलै स्त्रीलिङ्गी शब्द हुन्छन्; कुनै पुं.स्त्री. दुवै लिङ्गमा एकै हुने विशेषण जोडेर पुं.स्त्री. छुट्याउनुपर्नै हुन्छन्.

अभ्यास

[१] स्त्रीप्रत्यय भनेको के हो ? कुन प्रत्यय कहां हुन्छन् ? कस्तो शब्दको के लिंग हुन्छ ?

[२] तल लेखेका शब्दको के लिंग हो ? पुंलिगीको स्त्रीलिंगी, स्त्रीलिंगीको पुंलिगी शब्द पनी बताऊ—

'ऊंट, बाहुनी, पेटारि, आलमारी, बांसुरी, कोइली,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सालिमनी, भेडो, मैना, मास्टर, बाच्छी, नन्द, कुखुरो, चमेरी, सारौ, बारि, बङ्गाली, तलाउ, मचिसे, मूसी, खंनाल, भुनी, झांक, सुङुर्नी, सत्याल, हुटिट्यांउं.'

[३] तलका स्त्रीलिंगी शब्द अशुद्ध भए नियम बमोजिम सच्याऊ- 'मान्छेर्नी, मालिकिनी, चमारनी, द्वार्नी, देविनी, भगवान्नी, बोकी, पर्वतेनी, सार्कीनी, बांनिञेनी, चाकरिनी, भूतनी, गोपीनी, रामेनी, काठानी.'

१३-वचन—विचार

९७. कोही शब्दबाट एक संख्या बुझिन्छ; कोही शब्दबाट अनेक संख्या बुझिन्छ.

जस्तैः—'छोरो' भनेमा एक छोरो बुझिन्छ; 'छोराहरू' भनेमा धेरै छोरा बुझिन्छन्. यस्तैः— 'चरो, बोको, बाच्छो, घर' इत्यादि शब्दबाट सो पदार्थको एक संख्या बुझिन्छ; 'चरा, बोका, बाच्छा, घरहरू' इत्यादि शब्दबाट त्यो पदार्थको अनेक अर्थात् एक भन्दा बढता संख्या बुझिन्छ.

९८. तसर्थ—नामको रूपबाट त्यो पदार्थको यति भन्ने जो संख्या बुझिन्छ, सो बुझाउने शब्दलाई **वचन** भन्दछन्.

९९. ती वचन दुइ छन्. (१) **एकवचन**; (२) **अनेकवचन** (**बहुवचन**).

१००. शब्दबाट एक संख्या बुझिएमा **एकवचन**; अनेक अर्थात् एक भन्दा बढता बुझिएमा **अनेकवचन**, अथवा **बहुवचन** भन्दछन्.

१०१. एकवचन नामको अर्थमा 'कतिवटा ?' भनि प्रश्न गर्दा 'एक-बटा' भन्ने उत्तर आउंछ; अनेकवचन नामको अर्थमा 'कतिवटा ?' भनि प्रश्न गर्दा 'दुइ, तीन' इत्यादि उत्तर आउंछ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

जस्तैः— 'छोरो' भनेमा 'कतिवटा ?' भनि सोध्दा 'एक' भन्ने उत्तर आउनाले त्यो शब्द **एकवचन** भयो. 'छोराहरू' भनेमा 'कतिवटा ?' भनि सोध्दा 'दुई, तीन, धेरै' इत्यादि उत्तर आउनाले त्यो शब्द **अनेकवचन** भयो.

१०२. ओकारान्त पुं० नपुं० नाम शब्दको बहुवचनमा ओकारको बदलामा आ भई आकारान्त सामान्यरूप हुन्छ. त्यस्तो शब्द स्त्रीलिङ्गी भएमा त स्त्रीप्रत्यय भई दुवै वचनमा हुन्छ. ओकारान्त बाहेक पुं, स्त्री, नपुंसकलिंगी, सबै नाम शब्दको एक, अनेक, दुवै वचनमा सामान्यरूप एकै हुन्छ. जस्तैः—

पुं० एक० 'छोरो, केटो, कमारो, लाटो, बाठो'.

नपुं० ,, 'लाठो, जांतो, गाग्रो'.

पुं० अनेक० 'छोरा, केटा, कमारा, लाटा, बाठा'.

नपुं० ,, 'लाठा, जांता, गाग्रा'.

पुं० एक०अनेक० 'मित, सुघा, घर्ति, कामी, बाबु, भालू, भोटे, सारी'.

स्त्री० ,, ,, 'नन्द, आमा, गाई, फुपू, बज्यै, छोरी, केटी, कमारी'.

नपुं० ,, ,, 'घर, कपडा, पानी, वस्तु, सत्तु, लट्टे, जनै, जौ'. इत्यादि.

१०३. आकारान्त शब्द कोही मूल शब्दै हुन्छन्, कोही ओकारान्त शब्दको बहुवचनमा बनेका हुन्छन्. जस्तैः— आकारान्त मूल शब्द— 'जुत्ता, छाता, पिह्ला, भांजा, परेवा' इत्यादि. ओकारान्त शब्दका बहुवचन — 'छोरा, गाग्रा, बाखा, बोका, भङेरा' इत्यादि.

१०४ कोही शब्द ओकारान्त, आकारान्त दुवै थरी हुन्छन्. त्यस्ता शब्दमा तुच्छता (घटी) बुझाउंदा ओकारान्तको, अरू बखतमा आकारान्तको प्रयोग हुन्छ. जस्तैः—'सुघो, सुघा, घोडो, घोडा' इत्यादि. यसैले 'मेरो घोडो, मेरो घोडा' इत्यादि दुवै थरी प्रयोग हुन्छ.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

१०५. प्रायः सबै नाम शब्दको अनेकवचनमा सामान्यरूपको पछाडि हरू प्रत्यय जोडिन्छ; सो प्रत्यय प्रायः विकल्पले लोप पनी हुन्छ; अर्थात् त्यो हरू शब्द जोडे पनी नजोडे पनी हुन्छ. जस्तैः—

'छोरा, छोराहरू; केटा, केटाहरू; बाच्छा, बाच्छाहरू; लाटा, लाटाहरू; मित, मितहरू; सुघा, सुघाहरू; नन्द, नन्दहरू; आमा, आमाहरू; घर, घरहरू; कपडा, कपडाहरू; छन्.'

१०६. सामान्यरूप नबनाई कन हरू जोडेर 'छोरोहरू, लाटोहरू' इत्यादि त भन्न हुंदैन.

१०७. एक अनेक दुवै वचनमा सामान्यरूप एकै हुने शब्दमा बहुवचन बुझाउंनु पर्दा त्यस वाक्यमा परेका विशेषण, सम्बन्धबोधक (षष्ठयन्त), क्रियापदबाट, अघाडि पछाडिका वाक्यबाट पनी त्यस वस्तुको अनेक संख्या बुझिन शक्छ भने त्याहां हरू नभने पनी हुन्छ; स्पष्ट गरी बुझाउंन भने पनीहुन्छ. सामान्यरूपबाट फरक हुनेमा पनी स्पष्ट गरी बुझाउंन हरू जोड्न हुन्छ.

(क) विशेषणबाट बुझिने—'घेरै मानिस-[हरू], सबै छोरी-[हरू], काला कपडा-[हरू], ठुला ठुला काम-[हरू], लामा काठ-[हरू.]' इत्यादि.

(ख) सम्बन्धबोधक नाम, सर्वनामहरूबाट बुझिने—'रामदत्तका घर-[हरू], रामुका स्त्री-[हरू] तिम्रा मानिस-[हरू], हाम्रा माल-[हरू]'. इत्यादि.

(ग) क्रियापदबाट बुझिने—'पुस्तक-[हरू] कहां छन् ?. मानिस-[हरू] गए. घर-[हरू] भत्के, शत्रु-[हरू] मरून्. कपडा-[हरू] खस्लान्'. इत्यादि.

(घ) अरू वाक्यबाट बुझिने—'मेरा तीन छोरी छन्, -छोरी-[हरू]

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

को बिहा गरी शकें. लुगा-[हरू] डोरिमा झुन्डयाऊ, यतिका लुगा धुलामा नलतार'. इत्यादि.

(ङ) रूपबाट पनी बुझिने—'उनका छोरा-[हरू] काव्य पढ्छन्. यी कुकुरका छाउरा-[हरू] काला छन्. रामुका केटा-[हरू] बाठा छन्' इत्यादि.

१०८. एक वस्तुको अंशलाई समेत कहने परिमेयबोधक सामान्य नामशब्दको 'यतिलाई एक भन्नू' भन्ने नछुट्टिनाले 'हरू' जोडेर बहुवचनमा प्रायः प्रयोग हुंदैन.

जस्तैः—'सुन, चांदी, पानी, तेल, घिउ, जमीन, छ.' इत्यादि.

१०९. यस्ता परिमेयबोधक शब्दमा परिमाणबोधक विशेषण जोडेर एक वस्तु छुट्टिने भएमा त संख्येयबोधक जस्तो हुनाले अनेक संख्या बुझाउंदा 'हरू' शब्द जोडे पनी हुन्छ.

जस्तैः—'तोलाभर सुनहरू, घडाभरी पानीहरू, चार चार रोपनी जमीनहरू'. इत्यादि.

११०. सामान्य नामबाट यावत् जातिको बोध गराउंदा एकवचन भए पनी यावत् जातिको बोध हुन्छ, बहुवचन तुल्याई 'हरू' नजोडे पनी हुन्छ. यावत् जाति नबुझाई एक भन्दा बढता केही व्यक्तिको बोध गराउंदा त बहुवचनै गर्नु पर्छ. जस्तैः—

'जन्मेको मानिस अवश्य मर्दछ' यहां मानिस शब्द विशेषण, क्रियापदको अनुसारले एकवचन भए पनी यावत् मानिस बुझिन्छन् अथवा बहुवचन गराई 'जन्मेका मानिस-[हरू] अवश्य मर्दछन्' भने पनी हुन्छ. केही दुइ चार व्यक्ति मात्र बुझाउंदा 'बाहिर मानिस आएको छ' भन्न हुंदैन 'मानिस आएका छन्' भन्नु पर्छ.

११२. 'फौज, बथान, जमात, राश, थुप्रो, दोबाटो, चौबाटो, पल्टन'

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

इत्यादि शब्दमा र, 'गण, समूह, जाति, माला' इत्यादि जोडेका शब्दमा अनेकलाई बुझाउंने भए पनी जमातलाई बुझाउंने हुनाले एक जमातलाई कहंदा एक वचनै हुन्छ, बहुवचन हुंदैन. त्यस्ता बेगला बेगलै रहेका धेरै जमातलाई बुझाउंदा त बहुवचन हुन्छ

जस्तैः –'मानिसको फौज, भेडाको बथान, धानको राश, देवगण, मुण्डमाला छ. धेरै फौज, बथान, राश, गण, जाति, माला (हरू) छन्.'

११३. 'जहान, परियार, पञ्च' इत्यादि शब्दबाट र, 'दाज्यूभाई, कमाराकमारी, छोराछोरी' इत्यादि (द्वन्द्वसमास भएका) शब्दबाट जमात नबुझिने अनेक व्यक्ति नै बुझिने हुनाले यस्ता शब्दको एकवचनमा प्रयोग हुंदैन, बहुवचनमा मात्र प्रयोग हुन्छ. 'हरू' शब्द त जोडे पनी नजोडे पनी हुन्छ. जस्तैः—

'मेरा जहान परियार-[हरू] असल छन् पञ्च-[हरू] बोल्दछन्. छोरा-छोरी-[हरू] गए.' इत्यादि.

११४ मनुष्य र देव-वाचक सामान्यनाम, विशेषनाम, सर्वनाममा एकलाई बुझांउंन प्रयोग गरेमा पनी तिनको मानको तात्पर्यले बहुवचनको प्रयोग हुन्छ; यसलाई **आदरार्थी-अनेकवचन** भन्दछन्. अनेक व्यक्ति बुझाउंने बहुवचनलाई त **अनेकार्थी-अनेकवचन** भन्दछन्. 'हरू' प्रत्यय त अनेकार्थीमा मात्र हुन्छ, आदरार्थीमा हुंदैन.

जस्तैः—'देवदत्त गए. मित आउंछन्. ईश्वर रक्षा गर्दछन्.' इत्यादिमा देवदत्त, मित, ईश्वर, एक भए पनी मानको तात्पर्यले अनेकवचनको प्रयोग हुन्छ.

११५. कोही ठाउंमा आदर गर्नु नपर्ने एकलाई बुझाउंदा पनी विपरीतलक्षणाले [उल्टो कुरो गराइले] अति नीचता बुझाउंन मान गरी प्रयोग गरेमा पनी **आदरार्थी अनेकवचन** हुन्छ. जस्तैः—

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

'हाम्रा छोरासाहेव कहां छन् नि ?. हाम्रा कमारा लेटी रहेका छन् क्या रे ?'. इत्यादि.

११६. 'तं, त्यो, यो, उ' इत्यादि सर्वनाम, मानिस, देवता आदिलाई कहने सामान्यनाम, विशेषनाम, यिनको सान्है कम नोकर, चाकर, केटा-केटीहरूलाई र अविवेकिपना बुझाई निन्दाको तात्पर्यले देवताहरूलाई, भन्दा मात्र एकवचनको प्रयोग हुन्छ; अरू साधारणलाई र मान्यहरूलाई भन्दा त आदरार्थी-अनेकवचनको नै प्रयोग हुन्छ.

जस्तैः— 'तं खान्छस्, त्यो आयो, यो खेल्छ, उ गयो, छोराले, पढ्यो, कमारी बडार्छे, रामे कहां गयो ?, हा ! दैव तैंले मलाई किन यस्तो पारिस् नि ?' इत्यादिमा एकवचनको; 'ए रामु ! तिमी के भन्छौ ?, तिनी गए, यिनी जाऊन्, ऊ आए, साथी पढ्दैनन्, गोविन्द भागे, चन्द्रमा उदाए, ईश्वर खुसी छन्.' इत्यादिमा अनेकवचनको प्रयोग हुन्छ.

११७. आदरार्थी–अनेकवचनमा पनी अनेकार्थीमा झैं त्यसमा अन्वय हुने विशेषण, क्रियापद, आदि सबै पदमा बहुवचन हुनाले आदरार्थी र अनेकार्थी नछुट्टिने हुँदा 'एकलाई भनेको हो अथवा अनेक-लाई भनेको हो ?' भन्ने सन्देह हुने ठांउंमा अनेकलाई बुझांउंदा 'हरू' जोड्नै पर्छ. यसै अर्थले 'तिमी, हामी, उनी, तिनी' इत्यादि शब्द बहुवचन-का हुन्त पनी आदरार्थी वा अनेकार्थी भट्ट नछुट्टिने हुनाले धेरैलाई भन्दा प्रायः 'हरू' जोडेर 'तिमीहरू, हामीहरू, तिनीहरू, यिनीहरू' इत्यादि नै प्रयोग गरिन्छन्.

११८. 'हजुर, तपाईं, सर्कार, यांहां, वांहां, त्यांहां' इत्यादि शब्दको प्रयोग गरेमा त शब्दैबाट आदर बुझिने हुनाले एकलाई भन्दा आदरार्थी अनेकवचन गरे पनी नगरे पनी हुन्छ. अनेकलाई भन्दा त 'हरू' शब्दको प्रायः प्रयोगै हुन्छ. तर यस्ता शब्दको प्रयोग गरेमा एकवचन, अनेकवचन दुवैमा एकै नासको रूप हुने 'हुनुहुन्छ, होइवक्सिन्छ' इत्यादि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

बेगलै किसिमका क्रियापदको प्रयोग हुन्छ. विशेषणहरूबाट एकवचन, अनेकवचन छुट्टिन्छ. जस्तैः—

'हजुर राम्रो वा राम्रा होइबक्सिन्छ. तपाञी बाठो वा बाठा हुनुहुन्छ.' यस्तो एकलाई भन्दा; 'हजुरहरू राम्रा होइबक्सिन्छ. तपाञीहरू बाठा हुनुहुन्छ' यस्तो अनेकलाई भन्दा प्रयोग हुन्छ.

११९. विशेषनामबाट र बाबु आमा इत्यादि आफनो नाता लिई एकलाई मात्र बुझांउने सामान्यनामबाट प्रायः एक वस्तु मात्र बुझिने हुनाले आदरार्थी–अनेकवचन मात्र हुन्छ, अनेकार्थी हुंदैन; यसैले 'हरू' जोडिदैन. तर, त्यही नाम भएका र, त्यही नाता भएका धेरै भए त्यस्तामा अनेकार्थी हुन शक्छ; 'हरू' पनि जोडिन्छ. जस्तैः—

'रामहरू' भन्दा दशरथका छोरा, परशुराम, बलराम यिनको बोध हुन्छ. 'बाबुहरू' भन्दा जेठा कान्छा बाबुहरूको; 'आमाहरू' भन्दा जेठी कान्छी आमाहरूको; बोध हुन्छ.

१२०. भाववाचक नामबाट सामान्य धर्म बुझिने, एक अनेक केही विशेष नबुझिने, आदर पनी नहुने, हुनाले त्यस्ता शब्दको प्रायः एकवचनैमा प्रयोग हुन्छ; आदरार्थी अनेकार्थी दुवै बहुवचन हुंदैनन्, 'हरू' पनी लाग्दैन. कहीं दुइ चार आदि विशेष व्यक्तिको विवक्षा गरेर सुख दुःख आदि भावलाई संख्येय बनाएमा त बहुवचन, 'हरू' दुवै हुन शक्छन्. जस्तैः—'दुःखहरू परे. धेरै थरी सुखहरू भोग गर्छु'. इत्यादि.

१२१. माथिका नियमबाट अनेकार्थी–बहुवचन नहुनाले 'हरू' नलाग्ने परिमेयबोधक सामान्यनाम, आफनो नाता भएको एकलाई मात्र बुझाउंने सामान्यनाम, विशेषनाम, भाववाचकनाम, इत्यादिमा र एक श्रेणीमा परेका द्वन्द्वसमास गर्न हुने नाममा, 'हरू' जोडिएको भए त्यो 'हरू' शब्द, आदि अर्थ बुझाउंने बेगलै शब्द हो, बहुवचनको प्रत्यय होइन. त्यसबाट त्यस प्रकारका (किसिमका) अरू पदार्थको पनी बोध हुन्छ. बहुवचन हुने

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

शब्दमा पनी यस्तो आदि अर्थ हुने हरू शब्दको पनी प्रयोग हुन शक्छ. यसलाई **प्रकारार्थी–हरूशब्द** भन्दछन्. यो 'हरू' शब्दको प्रयोग भएमा आदि भनेमा झैं एकवचन अनेकवचन दुवै थरी हुन शक्छन्. तर बहुवचन भएमा अनेक अर्थ बुझाउने अर्को 'हरू' प्रत्यय त हुदैन. जस्तैः—

'**सुनहरू** (सुन चांदी आदि धातु); **घिउहरू** (घिउ तेल आदि वस्तु); **चिनीहरू** (चिनी मिस्री आदि गुलियो पदार्थ); **बावुहरू** (बाबु आमा आदि जन्माउने मानिस); **रामदत्तहरू** (रामदत्त देवदत्त आदि साथी); **धैर्यहरू** (धैर्य विद्या आदि गुण); **फल फुल पातहरू** (फल फुल पात जरो आदि वृक्षको अङ्ग); **गाईहरू** (गाई भैंसी आदि दूध दिने प्राणी)–**छ वा छन्.**' इत्यादि हुन्छ. 'गाई हरूहरू' यस्तो त हुंदैन.

१२२. संस्कृत वा अरू भाषाबाट आएका शब्दको बहुवचनमा प्रयोग गर्दा माथिका नियम बमोजीम मूलशब्दको सामान्यरूपमा नै 'हरू' शब्द जोडेर वा नजोडेर प्रयोग गर्नू; उही भाषाको बहुवचनको शब्द त प्रयोग गरिदैन.

जस्तैः—'बुद्धि-(हरू), इन्जन्-(हरू), इजहार-(हरू)' यस्तै प्रयोग हुन्छ; 'बुद्धय, इन्जन्स, इजहारें' यस्तो हुंदैन.

१२३. संस्कृतमा रूप फरक हुनाले दुइ संख्यालाई बुझांउने द्विवचन पनी बेगलै हुन्छ; तर, हाम्रो भाषामा एक भन्दा बढ्ता जतिसुकै संख्या बुझांउंदा पनी रूप फरक नहुनाले अनेकवचन मात्र मानियो; द्विवचन बेगलै मानिएन. दुइ तीन आदि विशेष अनेक संख्या बुझांउनु पर्दा त 'दुई मानिस, तीन पुस्तक, चार भला आदमी' यस्तो संख्याविशेषण जोडेर छुटयाउनू.

१२४. अनेक संख्याको ज्ञान हुनालाई धेरै एकत्वको ज्ञान हुनु पर्छ. जतिवटा एकत्वको ज्ञान हुन्छ, उति विशेष संख्याको ज्ञान हुन्छ. चार मानिस देखेमा चार व्यक्तिमा 'यो एक, यो एक' भन्ने चार एकत्वको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

ज्ञान हुनाले 'चार' भन्ने ज्ञान हुन्छ. फौज देखेमा सबै व्यक्तिको एकत्व जान्न नसकिने हुनाले यति भनि विशेष संख्या जानिदैन. केही रीतले सबै एकत्व जान्न शके 'हजार लाख' इत्यादि विशेष संख्या पनी जान्न शकिन्छ. सो एकत्वको ज्ञान एक सिङ्गो वस्तुमा मात्र हुन्छ, त्यसको अवयवमा हुंदैन. यसैले एकै पुस्तकमा चार भाग कल्पना गरी, चार एकत्व संझी, 'चार पुस्तक, वा पुस्तकहरू' भन्ने व्यवहार हुंदैन. यही कारणले परिमेय द्रव्य सुन आदिमा तोलाहरू द्वारा व्यक्ति न छुटचाई कन एकत्व ज्ञान हुन नशक्नाले अनेकवचनमा त्यस्ता शब्दको प्रयोग हुंदैन. भाववाचकमा पनी भावको व्यक्ति प्रायः नछुट्टिने हुनाले प्रायः अनेकवचन हुंदैन.

तेरीज:—

(क) शब्दको रूपबाट बुझिने वस्तुको संख्यालाई वचन भन्दछन्.

(ख) रूपबाट एक संख्या बुझाउंने शब्द 'एकवचन', एक भन्दा बढता संख्या बुझाउंने शब्द 'अनेकवचन' अथवा 'बहुवचन' कहिन्छन्

(ग) अनेक संख्या बुझाउंने बहुवचनलाई 'अनेकार्थी,' आदर अर्थं बुझाउंने बहुवचनलाई 'आदरार्थी' भन्दछन्.

(घ) प्रकार अर्थं बुझाउंने 'हरू' शब्दलाई 'प्रकारार्थी' भन्दछन्.

अभ्यास

[१] वचन भनेको के हो ?, ती कुन कुन हुन् ? आदरार्थी, अनेकार्थी, प्रकारार्थी भनेको के हो ? बहुवचनमा कस्ताको सामान्यरूप फरक हुन्छ. ? 'हरू' प्रत्यय कहां हुन्छ, कहां हुंदैन ?

[२] तल लेखेका शब्दको वचन छुटचाई एकवचनको अनेकवचनमा, अनेकवचनको एकवचनमा रूप पनी बनाऊः—

'बिराला, मूसो, विष्टिनीहरू, जांता, पात, हामी, उ, ऊ, नेवार्नी, सुन्तला, केराहरू, केटा, च्याङ्ग्रा, लुच्चो, पाठो, चिठी, पाथी'

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

[३] तल लेखेका वाक्यमा परेका नामशब्दको वचन छुट्याऊः—
'आदरार्थी, अनेकार्थी, प्रकारार्थी' पनी छुट्याऊः—
'तिनीहरू आफना पुस्तक लिएर पाठशालामा पढ्न गए. ए रामु ! तिमी कति खेल्छौ; तिम्रो पुस्तकहरू कहां गयो ? तपाईंले हामीलाई के भन्नुभयो ? हजुर मेरो घरमा पाल्नुहोस्. मेरो कलमहरू भांचियो. यांहांहरू के गरिबक्सिन्छ.'

१४ - कारक र विभक्ति.

१२५. वाक्य भित्रका नाम आदि शब्दमा 'ले, लाई, देखि, को, मा' इत्यादि प्रत्यय जोडेर रूप बनाउंदा त्यो शब्दको अर्को शब्दसंग सम्बन्ध बुझिन्छ, यस्तै सबै शब्दको कहींनकहीं सम्बन्ध बुझिई ती सबै पद आफूसमा मिलेर जंमा एक अर्थ पूरा बुझाउंछन्.

जस्तैः—'त्यसले लेख्यो; कमारालाई डाक; धनले धर्म हुन्छ; घरदेखि पूर्व छ; राजाका छोरा हुन्; आलमारीमा राख' इत्यादि वाक्यमा नामहरूमा 'ले लाई' आदि प्रत्यय जोडेर रूप बनाएका हुनाले पदहरूको परस्पर मेल भई अर्थ बुझिन्छ. ती प्रत्यय नजोडेर 'त्यो लेख्यो, कमारा डाक, धन धर्म हुन्छ, घर पूर्व छ, राजा छोरा हुन्, आलमारी राख', यसो भनेमा आफनो मनका कुरा बुझिंदैनन्.

१२६. तसर्थ—एकवाक्य भित्र परेको एक शब्दको अर्को शब्द संग सम्बन्ध (मेल) देखाउंदा शब्दमा जो प्रत्यय जोडिन्छ त्यसलाई विभक्ति[१]

---

१ संस्कृतमा क्रियापद बनाउंदा धातुमा जोडिने प्रत्ययलाई पनी विभक्ति भन्दछन्. तर, लोकमा नाम सर्वनामहरूबाट हुने प्रत्ययलाई विभक्ति भन्ने चलन हुनाले सोही बमोजीम लेखियो.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भन्दछन्.

जस्तैः—'रामचन्द्रले विभीषणलाई राज्य दिनुभयो' यस वाक्यमा, कसले दिनुभयो ? रामचन्द्रले, के दिनुभयो ? राज्य, कसलाई दिनुभयो ? विभीषणलाई, भन्नाले दिनु भयो, यो पदसंग रामचन्द्र, राज्य, विभीषण यी पदको सम्बन्ध बुझिन्छ. त्यस्तै—'चक्कूले कलम बनाऊ; घोडाबाट लड्यो; देवदत्तका छोरा घरमा छन्; ए बाबु ! तिमी आऊ' इत्यादि वाक्यमा बनाऊ यो पद संग चक्कू कलम यी पदको; लड्यो यो पद संग घोडा यो पदको; छोरा यो पद संग देवदत्त यो पदको; छन् यो पद संग छोरा, घर यी पदको; आऊ यो पद संग तिमी यो पदको; तिमी यो पद संग बाबु यो पदको; सम्बन्ध बुझिन्छ. सो सम्बन्ध देखाउने ले, लाई, बाट, का, मा इत्यादि प्रत्यय विभक्ति हुन्.

१२७. ती विभक्ति कहीं उस्तै रहन्छन्; कहीं लोप भएका (हराएका) हुन्छन्; कहीं अर्कै आकार (छांट) भएका हुन्छन्. जस्तैः—

माथिका वाक्यमा 'रामचन्द्र, विभीषण, चक्कू, घोडा, देवदत्त, घर' यी शब्दका विभक्ति 'ले, लाई, बाट, का, मा' यी उस्तै; 'राज्य, कलम, छोरा, बाबु, तिमी' यी शब्दका विभक्ति लोप भएका छन्; तिम्रो, हाम्रो, आफनो, इत्यादि सर्वनाम शब्दमा 'को' आदि विभक्तिको अर्कै आकार हुने पछि देखिनेछ.

१२८. विभक्तिले जस संग सम्बन्छ देखाएको छ त्यो कहीं क्रिया हुन्छ, कहीं क्रियाभिन्न हुन्छ. क्रिया संग सम्बन्ध हुन जाने वस्तुलाई कारक; तिनका विभक्तिलाई कारक-विभक्ति भन्दछन्. क्रियाभिन्न संग सम्बन्ध हुन जाने वस्तुलाई सम्बन्धी; तिनका विभक्तिलाई सम्बन्धी-विभक्ति भन्दछन्. जस्तैः—

माथिका वाक्यमा रामचन्द्र, विभीषण, इत्यादिको दिनु आदि क्रिया संग सम्बन्ध बुझिने हुनाले ती कारक हुन्. तिनलाई बुझांउने शब्दका

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

विभक्ति कारक-विभक्ति हुन्. देवदत्त, बाबु यिनको क्रियाभिन्न छोरा, तिमी, पदका अर्थमा सम्बन्ध बुझिने हुनाले ती सम्बन्धी हुन्. तिनलाई बुझाउंने शब्दका विभक्ति सम्बन्धी-विभक्ति हुन्.

१२६. कारक अर्थात् क्रिया संग सम्बन्ध राख्ने छ थरी हुन्छन्. [१] कर्ता, [गर्ने] [२] कर्म, [गरिने] [३] करण [साधन] [४] सम्प्रदान [उद्देश्य] [५] अपादान [अवधि] [६] अधिकरण [आधार].

[१] जस क्रियामा स्वतन्त्र भई जो व्यापार गर्दछ, सो त्यस क्रियाको **कर्ता** कहलांउंछ. सो 'कर्ता 'को गर्ने ?' भन्ने प्रश्न गर्दा आंउंछ. जस्तै:— 'मानिस आयो; शिष्य पढ्दछ; सिपाहीले हान्यो; ईश्वरले दिनुहुन्छ; म गरुंला' इत्यादि वाक्यमा 'को आंउंने ?, को पढ्ने ?, को दिने ?, को गर्ने ?' भन्ने प्रश्न गर्दा आंउंने हुनाले आंउंनामा मानिस, पढ्नामा शिष्य, हान्नामा सिपाही, दिनामा ईश्वर, गर्नामा म [बोल्ने मानिस] **कर्ता** भयो. यस्तै सबै क्रियामा कर्ता कोहीनकोही हुन्छ, वाक्यमा नदेखाए पनी बुझ्नु पर्छ.

[२] जस क्रियामा कर्ताले व्यापार गर्दा जसमा फल अर्थात् केही विशेष पैदा हुन्छ, सो त्यस क्रियाको **कर्म** कहलांउंछ. सो कर्म 'के गरिने ?' भन्ने प्रश्न गर्दा आंउंछ. जस्तैः—'कर्मी काठ काट्छ; सार्कीले जुत्ता सिउंछ; गुरु पाठ दिनुहुन्छ; शिष्य काव्य बुझदछ; मैले काम गरें' इत्यादि वाक्यमा 'के काटिने ?, के सिउने ?, के दिइने ?, के बुझिने ? के गरिने ?' भन्ने प्रश्न गर्दा आंउंने हुनाले काट्नमा काठ, सिउंनामा जुत्ता, दिनामा पाठ, बुझनामा काव्य, गर्नामा काम, **कर्म** भयो. कर्मी, सार्की, गुरु, शिष्य, म [बोलने] कर्ता हुन्. यस्तै सबै सकर्मक क्रियामा बुझ्नू. अकर्मकमा कर्म हुंदैन.

[३] जस क्रियामा कर्ताले व्यापार गर्दा जो सामग्री बीचमा द्वार भई व्यापार गर्दछ, सो त्यस क्रियाको **करण** कहलांउंछ. सो करण 'केले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

गर्ने ?' भन्ने प्रश्न गर्दा आउंछ. जस्तैः—'खुकुरीले हान्छ; लठ्ठीले कुट्यो, हातले समात्तछ; मनले सोच्छ; धर्मले बढ्छ' इत्यादि वाक्यमा 'केले हान्ने ?, केले कुट्ने ?, केले समात्ने ?, केले शोच्ने ?, केले बढ्ने ?' भन्ने प्रश्न गर्दा आउने हुनाले, हान्नामा खुकुरी, कुट्नामा लठ्ठी, समात्नमा हात, शोच्नामा मन, बढ्नामा धर्म, करण भयो. सो करण पनी प्रायः सबै क्रियाको हुन्छ, तर विशेष बुझाउंनु पर्नेमा मात्र प्रयोग हुन्छ, नभने पनी हुने ठाउंमा प्रयोग गर्नु पर्दैन. जस्तैः—'हिंड्छ, सुन्यो' इत्यादि मात्र भने पनी पुग्ने हुनाले 'गोडाले हिंड्छ; कानले सुन्यो' नभने पनी हुन्छ.

[४] जस क्रियामा कर्ताले व्यापार गर्दा जसलाई उद्देश्य गर्दछ, त्यो त्यस क्रियाको **सम्प्रदान** कहलांउंछ. सो सम्प्रदान 'केलाई गर्ने ?' भन्ने प्रश्न गर्दा आउंछ. जस्तैः—'बाहुनलाई दिन्छ; बेपारलाई ल्यायो; खानालाई आयो; मूर्खलाई धिक्कार छ; मलाई सुख होला' इत्यादि वाक्यमा 'केलाई दिने ?, केलाई ल्याउने ? केलाई आउंने ?, केलाई हुने ?' भन्ने प्रश्न गर्दा आउंने हुनाले, दिनामा बाहुन, ल्याउंनामा आउंनामा बेपार, खानु, हुनामा मूर्ख, हुनामा म (बोल्ने), **सम्प्रदान** भयो. सो सम्प्रदान उद्देश्य देखाउंनु परेमा सबै क्रियामा हुन शक्छ.

[५] जस क्रियामा कर्ताले व्यापार गर्दा जसलाई अवधि (हद) तुल्याउंछ सो **अपादान** कहलाउंछ. सो अपादान 'केबाट-केदेखि गर्ने ?' भन्ने प्रश्न गर्दा आउंछ. जस्तैः—'भ्यालबाट खस्यो; चोरदेखि डराउंछ; शशुरादेखि लजाउंछ; चाकरदेखि रिसाउंछ; मेचबाट हेर्छ' इत्यादि वाक्यमा 'केबाट बस्ने ?, केदेखि डराउंने ?, केदेखि लजाउंने ?, केदेखि रिसाउंने ?, केबाट हेर्ने ?' भन्ने प्रश्न गर्दा आउंने हुनाले, खस्नामा झ्याल. डराउंनामा चोर, लजाउंनामा शशुरो, रिसाउंनामा चाकर, हेर्नामा मेच, **अपादान** भयो. सो अपादान पाउंनु, हुनु, रिसा-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

उंनु, खस्नु, डराउंनु, वच्नु, जानु, आउंनु, भाग्नु, लुक्नु, रोक्नु, माग्नु, इत्यादि अवधि देखाउनु पर्ने कोही क्रियामा मात्र हुन्छ.

[६] जस क्रियामा कर्ताले व्यापार गर्दा जस देश (ठांउ वस्तुहरू) वा काल (वखत) लाई आधार तुल्यांउंछ सो त्यस क्रियाको अधिकरण हो. सो 'केमा गर्नें ?' भन्ने प्रश्न आउंछ. जस्तैः– कसौंडीमा पकाउंछ, घरमा गयो, मनमा लिन्छ, सांझमा निस्कयो, मोक्षमा मन छ' इत्यादि वाक्यमा 'केमा पकाउंने ?, केमा जाने ?, केमा लिने ?, केमा निस्कने ?, केमा हुने ?' भन्ने प्रश्न गर्दा आउंने हुनाले, पकाउंनमा कसौंडी, जानामा घर, लिनामा मन, निस्कनामा सांझ, हुनामा मोक्ष, **अधिकरण भयो**. सो अधिकरण प्रायः सबै क्रियामा हुन्छ, तर विशेष प्रयोजन भएमा भनिन्छ.

[७] यस्तै— पहिले लेखेका वाक्यमा त्यस त्यस क्रियामा रामचन्द्र, छोरा, तिमी (बोलाइने) यी **कर्ता**; राज्य, कलम, यी **कर्म**; चक्कू **करण**; विभीषण **सम्प्रदान**; घोडा **अपादान**; घर **अधिकरण** कारक हुन्.

[८] पुस्तक, कपडा, घर इत्यादि वस्तु, सिद्ध भएर रहेका, तिनबाट व्यवहार पनी बराबर भई रहेका देखिन्छन्. क्रिया (काम) त सिद्ध भएको यस्तो भनी आफूले देख्न बताउंन शकिदैन; केवल सो क्रिया सिद्ध गर्नु परेमा अरू अरू त्यसका सामग्रीमा व्यापार पैदा गर्नु पर्छ. ती सामग्रीहरूले व्यापार गर्दा त्यो क्रिया सिद्ध हुन जान्छ. जुन जुन वस्तुको व्यापारबाट त्यो क्रिया पैदा हुन्छ, ती ती वस्तु क्रियालाई सिद्ध गर्नें हुनाले 'कारक' भनि कहिन्छन्. जस्तैः—'पकाउंनु क्रिया कस्तो हुन्छ ?' भनि सोधेमा 'यस्तो हुन्छ' भनि त्यसको स्वरूप देखाउंन बताउंन शकिदैन, केवल त्यसलाई चाहिने सामग्री भान्से, चामल, दाउरा, मालिक, भान्सा,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

इत्यादिमा व्यापार पैदा हुंदा, अर्थात् भान्सेको चलाउनु हाल्नु आदि, चामलको छट्कनु आदि, दाउराको बल्नु आदि, मालिकको उद्देश्य हुनु, प्रेरणा गर्नु आदि, भान्साको मानिस, चामलहरूको आधार हुनु आदि, व्यापार हुंदा पकाउंनु क्रिया सिद्ध भयो भन्ने व्यवहार हुने हुनाले क्रियालाई सिद्ध गर्ने भान्से, चामल आदि वस्तु, कर्ता कर्म आदि कारक भए. यस्तै सबै क्रियाका कारकमा बुझ्नू.

[९] कर्ता सबै कारक मध्यमा मुख्य भई व्यापार गर्दछ. त्यसैका अख्तियारमा अरू कारकले व्यापार गर्दछन्. जस्तै:—

भान्सेले व्यापार नगराए चामल आदिले आफनो आफनो व्यापार गर्न नशक्ने हुनाले मुख्य भई भान्से पकाउंनाको कर्ता कारक भयो. सो कर्ता कहीं अचेतन (जड) अर्थात् ज्ञान नहुने हुन्छ. जस्तै:— 'घोडा बग्गी घिसार्छ; रामले रावणलाई मार्नु भयो; चरो उड्यो' इत्यादिमा 'घोडा, राम, चरो' चेतन कर्ता हुन्. 'मेरो मन रुन्छ; निम तितो हुन्छ; पुण्यले स्वर्ग पुऱ्याउंछ' इत्यादिमा 'मन, निम पुण्य' अचेतन कर्ता हुन्.

[१०] सकर्मक क्रियाको कर्ताले व्यापार गर्दा कर्ममा केही फल अर्थात् विशेष अवश्य पैदा हुन्छ जस्तै—लेख्नु, दिनु, आदि क्रिया गर्दा पुस्तक, गाई आदि कर्ममा, अक्षर बस्नु, हक छोड्नु, आदि विशेष हुन्छ. सो फल कहीं उत्पत्ति अर्थात् पैदा हुने हुन्छ, कहीं विकृति अर्थात् अर्कै अवस्था हुने हुन्छ, कहीं संस्कृति, अर्थात् संस्कार हुने हुन्छ, कहीं प्राप्ति अर्थात् सम्बन्ध मात्र हुने हुन्छ. उत्पत्ति फल हुने कर्मलाई 'उत्पाद्य-कर्म' विकृति फल हुने कर्मलाई विकार्य-कर्म' 'संस्कृति' फल हुने कर्मलाई 'संस्कार्य-कर्म', प्राप्त फल हुने कर्मलाई 'प्राप्य-कर्म' भन्दछन्. जस्तै:– 'भात पकाउंछ; पुण्य गर्दछ; चिठी लेख्यो' इत्यादिमा पकाउंनु, गर्नु, लेख्नु, क्रिया गर्दा भात, पुण्य, चिठीको उत्पत्ति नै हुने हुनाले ती

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

उत्पाद्य कर्म हुन्. 'चामल पकाउंछ; काठ चिर्छ; घर भत्कायो' इत्यादिमा पकाउंनु, चिर्नु, भत्काउंनु, क्रिया गर्दा चामल, काठ, घरको उत्पत्ति नहुने केवल गिलो हुनु, दुई टुक्रा हुनु, अवयव अलग हुनु, गी अवस्था मात्र बदलिने हुनाले ती विकार्य कर्म हुन्. 'भांडा माझ्छ, सटक बढान्यो; लुगा धोऊ' इत्यादिमा माझ्नु, बढानुं, धुनु, क्रिया गर्दा भांडां, सटक, लुगाको उत्पत्ति पनी नहुने, अवस्था पनी नबदलिने, केवल मैल हट्नु रूप संस्कार मात्र हुने हुनाले ती संस्कार्य कर्म हुन्. 'गाई दिन्छ; काव्य पढ्छ; ईश्वर चिन्ह्यो' इत्यादिमा दिनु, पढ्नु, चिन्हु क्रिया गर्दा गाई, काव्य, ईश्वरको उत्पत्ति पनि नहुने, केही अवस्था पनी नबदलिने, केही संस्कार पनी नहुने, केवल तिन संग सम्बन्ध मात्र हुने हुनाले ती प्राप्य कर्म हुन्.

[११] कर्ताले क्रिया सिद्ध गर्दा करणमा व्यापार अवश्य गराउंनु पर्दछ. जस्तैः— काट्नु, लेख्नु, आदि क्रिया गर्नालाई त्यसको करण बन्चरो, कलम, आदिमा अवश्य व्यापार गराउंनु पर्दछ. सो करण कहीं आभ्यन्तर अर्थात् शरीर भित्रको वस्तु हुन्छ; कहीं बाह्य अर्थात् अरू बाहिरिया वस्तु हुन्छ. जस्तैः— 'आंखाले हेर्‍यो; मनले गम्छ; क्रोधले हेर्छ' इत्यादिमा आंखा, मन, क्रोध, यी आभ्यन्तर करण हुन्. 'जुत्ताले बजायो; रुपियांले किन्यो; नाताले छेक्छ' इत्यादिमा जुत्ता, रुपियां, नाता, यी बाह्य करण हुन्.

[१२] कर्ताले कोही क्रिया गर्दा सम्प्रदानलाई उद्देश्य अर्थात् लक्ष्य तुल्याउंछ. जस्तैः—दान आदि गर्दामा 'यो बाहुनले पाओस्' भनि बाहुनहरूलाई लक्ष्य गराइन्छ सो सम्प्रदान कहीं प्रेरक अर्थात् 'मेरो निमित्त गर' भनि कर्तालाई प्रेरणा गर्ने हुन्छ; कहीं अप्रेरक अर्थात् प्रेरणा नगर्ने हुन्छ. जस्तैः— 'खेतालालाई ज्याला दिन्छ; राजा-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

लाई कर तिर्छ; बाहुनलाई सुन दिन्छ' इत्यादिमा खेताला, राजा, बाहुन, आदि आफै, अथवा अर्काको द्वारा, अथवा मनले प्रेरणा गर्ने हुनाले यी प्रेरक सम्प्रदान हुन्. 'शालिग्रामलाई नैवेद्य चढाउंछ; विद्यालाई मिहिनत गर; माललाई कलकत्ता जान्छ' इत्यादिमा शालिग्राम, विद्या, माल, यी प्रेरणा नगर्ने हुनाले अप्रेरक सम्प्रदान हुन्.

[१३] कर्ताले कोही क्रिया अपादान वस्तुलाई अवधि मानी व्यापार गर्दछ. जस्तैः—खस्नु, जानु, आदि क्रिया गर्दा भरेङ्, घर, आदि अपादानलाई अवधि बनाइन्छ. सो अपादान कहीं चल अर्थात् व्यापार गर्ने हुन्छ; कहीं अचल अर्थात् व्यापार नगर्ने हुन्छ. जस्तैः- बग्गीबाट लोट्यो; गुरुबाट शिक्यो; चाकरदेखि रिसाउंछ' इत्यादिमा बग्गी, गुरु, चाकर, यी दौडनु, पढाउंनु, बदमासी गर्नु, आदि देखिने व्यापार गर्ने हुनाले चल अपादान हुन्. 'झ्यालबाट हेर्छ; रुखबाट उड्यो; घरदेखि हिंड्यो' इत्यादिमा झ्याल, रुख, घर देखिने व्यापार नगर्ने हुनाले यी अचल अपादान हुन्.

[१४] कर्ताले व्यापार गर्दा अधिकरणमा आफनो अथवा कर्मको स्थिति गराउंछ. जस्तैः— पकाउंनु, बस्नु, आदि क्रियामा भान्सा, सुकुल आदि अधिकरण कर्ताको आफनै; राखनु, पकाउंनु, आदि क्रियामा सन्दूक, कसौंडी, आदि अधिकरण माल, चामल, आदि कर्मको आधार हुन्छ. सो अधिकरण कहीं व्यापक अर्थात् जंमै वस्तु आधार हुने हुन्छ. कहीं औपश्लेषिक अर्थात् एकदेश (छ्यौ) मात्र आधार हुने हुन्छ. जस्तैः— 'जगतमा परब्रह्म छन्; तोरिमा तेल छ; सूर्यमा गर्मी छ; इत्यादिमा जगत्, तोरि, सूर्य भरी, ब्रह्म, तेल, गर्मी, रहने हुनाले यी व्यापक अधिकरण हुन्. 'सुकुलमा बस; घरमा थियो; कलकत्तामा होला' इत्यादिमा सुकुल, घर,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कलकत्तामा जंमै त्यस वस्तुको आधार नहुने एक अवयव (टुक्रा) मात्र हुने हुनाले यी औपश्लेषिक आधार हुन्. 'धर्ममा मन छ; ईश्वरमा भक्ति गर; वखतमा नचुक्नु, यिनको विषय हुनाले वैषयिक अधिकरण हुन्.

[१५] यी कारक व्यापारका हिसावले कर्ता, कर्म आदि विशेष हुने हुनाले त्यही वस्तु कोही क्रियामा एक जातको, अर्को क्रियामा अर्कै जातको पनी हुन शक्छ. कोही कारक त उही क्रियाया पनी कहीं केही जातले कहीं केही जातले व्यवहार गरिन शकिन्छ. जस्तैः—'गुरुले दिनुभयो; गुरुलाई सोध्छु; गुरुबाट पाएं; गुरुमा ठुलो विद्या छ' इत्यादिमा उही गुरु अनेक कारक भए. 'चामल पकाऊ' यहां चामल कर्म, 'चामलले भात पकाऊ' यहां उही चामल करण; 'खुकुरी काट्छ' यहां खुकुरी कर्ता, 'खुकुरीले काट्छ' यहां उही खुकुरी करण पनि भयो. यस्तै अरूमा पनी जान्नू.

१३०. जस क्रियामा जति कारक हुन शक्छन्, ती सबैलाई अवश्य भन्नु पर्ने नियम छैन; जस जसको विवक्षा अर्थात् भन्ने मतलब छ, तिनलाई बुझाउने शब्दको वाक्यमा प्रयोग हुन्छ. जस्तैः—माथिका सबै वाक्यमा सबै कारकको प्रयोग छैन. यस्तैः—'गुरुले पढाउंनलाई शिष्यलाई पाठशालामा लात्तिले हाने; मैले औंसीमा श्रद्धाले पितृलाई खीरको पिण्ड दिएं; रामु गुरुदेखि डराएर भाग्यो; हातको मैलले पुस्तक नमैल्याऊ; वेलायतबाट कपडा हिन्दुयानमा आयो' इत्यादिमा पनी जान्नू.

१३१. ती विभक्ति **प्रथमा** आदि सात छन्. **सम्बोधन** पनी प्रथमा नै हो. सो समेत गनेमा आठ प्रकारका हुन्छन्. जो विभक्ति, प्रत्यय, जस अर्थमा हुन्छ सो सामान्य तल लेखेको छ. जस्तैः—

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

विभक्ति-	अर्थ-	प्रत्यय-
१ प्रथमा	कर्ता	ले, बाट.
२ द्वितीया.	कर्म.	लाई.
३ तृतीया.	करण.	ले.
४ चतुर्थी.	सम्प्रदान	लाई.
५ पञ्चमी.	अपादान.	देखि, देखिन्, बाट.
६ षष्ठी.	सम्बन्ध.	को, की, का.
७ सप्तमी.	अधिकरण.	मा.
८ सम्बोधन.	बोलाउंनु.	हो.

१३२. शब्दबाट जो अर्थ बुझाउंनु पर्छ, उही अर्थको बिभक्तिको प्रयस्त हुन्छ. एकवचनमा शब्दको सामान्यरूपको पछि विभक्ति-प्रत्यय जोडिन्छ; अनेकबचनमा वचनको नियम बमोजीम 'हरू' हुनेमा सामान्यरूपको पछि 'हरू' जोडेर, सो नहुनेमा सो नजोडेर विभक्तिप्रत्यय जोडिन्छ; उल्टापाल्टी पार्न हुंदैन. जस्तैः—

'छोरालाई, छोराहरूलाई' यस्तो हुन्छ. 'लाईछोरा, छोरालाई-हरू, हरूलाईछोरा, लाईहरूछोरा' इत्यादि हुंदैन.

१३३. एकै विभक्तिमा धेरै प्रत्यय लेखिएका छन् त पनी सबै प्रत्यय एकैपल्ट जोडिंदैन्, नियम अनुसार कोही एक जोडिन्छ. सो एक प्रत्ययमा पनी कोही शब्दमा कोही प्रत्यय मात्र, कोही शब्दमा सबैथरी पनी जोडिन शक्छन्; कहीं प्रत्ययको लोप (नाश) पनी हुन्छ. ती सबै नियम तल लेखिएका छन्.

१३४. सकर्मक (कर्म हुने) क्रियाको कर्तामा प्रथमा विभक्ति हुंदा भूतकालको अर्थात् अघि भई शकिएको क्रिया छ भने ले प्रत्यय नित्यै

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

हुन्छ; अरू क्रिया भएं विकल्पले लोप पनी हुन्छ; अर्थात् ले जोडे पनी हुन्छ नजोडे पनी हुन्छ. अकर्मक (कर्म नहुने) क्रियाको कर्तामा प्रथमा विभक्ति हुंदा त ले को नित्यै लोप हुन्छ, अर्थात् कहीं पनी ले रहंदैन. जस्तैः—

सक—भूत—एक— 'गोबिन्दले खायो; त्यसले भन्यो; मैले देखें' इत्यादि.

" " अनेक— 'मानिस-हरू-ले लेखे; तिन-हरू-ले भने; हामी हरू-ले लग्यौं' इत्यादि.

" अभ —एक— 'छोरो (राले) खान्छ; भन्नेछ; देखोस्; सुन्ला' इत्यादि.

" " अनेक— 'छोरा-हरू-(ले) खान्छन्; देख्नेछन्; सुनून्, भन्लान्' इत्यादि.

अक—सर्व—एक— 'छोरो सुत्यो; उठ्छ; जाग्नेछ; बढोस् होला' इत्यादि.

" " अनेक— 'छोरा-हरू गए; उठ्लान्; बढ्छन्; होऊन्; डराउनेछन्' इत्यादि.

'छोराले सुत्छ, गयो, होओस्, हिंड्छ, विग्रेछ, सप्रला' इत्यादि त हुंदैन.

(क) बक्सनु आदि संमानार्थी-क्रियाको प्रयोग भएमा ले हुने ठाउंमा कर्तामा बाट प्रत्यय हुन्छ. यसको लोप कहीं पनी हुंदैन. बाट प्रत्यय हुने ठाउंमा माथिको नियम बमोजीम ले पनी हुन्छ. जस्तैः- 'हजुर-हरू-बाट- (ले) बक्सिन्छ, बक्सियोस्, बक्सिनेछ, बक्सिएला, गर्नु हुन्छ, दिनुभयो.' इत्यादि.

(ख) कोही वस्तु, संख्या, परिमाण, इत्यादि मात्र देखाउंदा र, पछि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सर्वनामले लिनु पर्ने धेरै वस्तुलाई अघाडि देखाउंदा पनी प्रथमा विभक्ति हुन्छ; प्रत्ययको नित्यै लोप भई शब्द मात्रै रहन्छ. जस्तैः— 'फल, फुल, घरहरू, खेत, एक, दुइ, तीन, धार्नी, बिसौली, पाऊ, ब्राह्मण, क्षत्रि, वैश्य, शूद्र, यी चार वर्ण हुन्. देवदत्त, विष्णुदत्त, कृष्णदत्त, यिनलाई डाक.' इत्यादिमा प्रथमाको नित्यै लोप भयो.

१३५. कर्ममा द्वितीया विभक्तिको लाई प्रत्यय हुंदा कहीं लोप हुन्छ कहीं हुंदैन.

(अ) मनुष्य र अरू प्राणी-वाचक सामान्य नाममा द्वितीयाको लाई विकल्पले लोप हुन्छ. जस्तैः—

'मानिस-(लाई) ल्याऊ; छोरीहरू-(लाई) हेर्छ. कुकुर-(लाई) बांध्यो, चराहरू (लाई) डुलाऊ. देवता-(लाई) मान.' इत्यादि.

(आ) मनुष्य र अरू प्राणी-वाचक विशेषनाममा द्वितीयाको लाई नित्यै रहन्छ. जस्तैः—

'रामदत्तलाई भन्यो. सूर्यलाई हेऱ्यो. कामधेनुलाई मान्छ. बाघ-लाई खुम्राऊ. पार्वतीलाई सोध्दछ.' इ०.

(इ) निर्जीव-बोधक सबै नाममा द्वितीयाको लाई नित्यै लोप हुन्छ. जस्तैः—

'काम गर, धैर्य गऱ्यो, सुन किन्छु, पाठ घोक, नेपाल हेर्छु' इत्यादि.

(क) कालवाचक र मार्गवाचक नाममा क्रियाको व्याप्ति अर्थात् त्यो भरि क्रिया भएको बुझिंदा द्वितीयाको लाई हुन्छ, त्यसको नित्यै लोप हुन्छ. जस्तैः — 'रात रह्यो. चार घडी बस्छ. दुइ कोश गयो. योजन हिंड्यो' इत्यादिमा रात भरि, चार घडी सम्म, कोश भरि, भन्ने बुझिने हुनाले द्वितीया भई 'लाई' को लोप भयो.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(ख) कर्ता, कर्मको दुवैको विभक्ति लोप भई 'कुन प्रथमान्त, कुन द्वितीयान्त हो ?' भनि नछुट्टिई छुट्याउंन पर्दा, त्यस वाक्यको क्रियामा 'को गर्ने ?' भन्ने प्रश्नले अन्वय हुने कर्ता; 'के गर्ने ?' भन्ने प्रश्न गर्दा अन्वय हुने कर्म भनि छुटयाउंनू. यस्तै गरी विभक्ति भएमा पनी झट्ट छुट्टिन्छ. जस्तैः—

'छोरो भात खान्छ' इत्यादिमा 'को खाने ? छोरो, के खाने ? भात' भन्नाले छोरो कर्ता, भात कर्म भयो. यस्तैः— 'राम श्लोक बनाउंछ, भानिजले चिठी लेखे. भक्त परमेश्वरलाई मान्दछन्.' इत्यादिमा पनी जान्नू.

१३६. करणमा तृतीया विभक्तिको ले प्रत्यय प्रायः सबैमा नित्यै हुन्छ. जस्तैः—

'दुइ रुपियांले जुत्ता किन्यो. सुखले दिन बिताउंछ. रिसले कुट्यो. सस्तो भाउले लियो. भाग्यले बढ्यो. हातले टिप्यो लुगाले छोप्छ.' इत्यादि.

(क) कहीं केही क्रिया बीचमा बुझिले भएमापनी तृतीयाको ले नित्यै हुन्छ जस्तैः—

'एक धोतिले बाहिर गयो. एक्ले जनैले मात्रै पूजा नगर' इत्यादिमा 'धोति लाएर, जनै लाएर' भन्ने यस्तो बुझिनाले तृतीया भयो.

(ख) कर्ता, करण दुवैमा ले प्रत्यय भई न छुट्टिएमा 'कल्ले गर्ने ?' भन्ने प्रश्न गर्दा अन्वय हुने कर्ता, 'केले गर्ने ?' भन्ने प्रश्न गर्दा अन्वय हुने करण भनि छुट्याउंनू. जस्तैः—

'रामले बाणले मारे' यो वाक्यमा 'कल्ले मार्ने ? रामले, केले मार्ने ? बाणले' भन्नाले राम कर्ता, बाण करण भयो. यस्तैः— 'चोरले लठ्ठीले कुट्यो. माहुतेले अंकुशले हात्तीलाई घोच्छ. मैले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कानले सुनें' इत्यादिमा पनी जान्नू.

१३७. संस्कृतमा सकर्मक भएको जानु क्रिया भाषामा अकर्मक भए झैं, संस्कृतमा अकर्मक भएका खेल्नु, टेक्नु, आदि क्रिया भाषामा सकर्मक हुन्. 'रामुले पाशा खेल्यो; त्यसले खुट्टा टेक्यो; मैले आंखा देखें; यसले कान सुन्यो' इत्यादि सकर्मक कर्तरि-प्रयोग र 'रामुले पाशा खेलियो; त्यसले खुट्टा टेकियो; बल्ल आंखा देखियो; कान सुनियो' इत्यादि कर्मवाच्य प्रयोग समेत देखिनाले, पाशा, खुट्टा, आंखा, कान, यी संस्कृतको हिसाबले करण हुन्त पनी, खेलिने, टेकिने, देखिने, सुनिने, हुनाले हाम्रो भाषामा कर्म पनी हुन शक्छन्. तसर्थ त्यस्तामा निर्जीव कर्म हुनाले द्वितीयाको 'लाई' लोप भई 'पाशा खेल्छ, खुट्टा टेक्छ आंखा देख्छ, कान सुन्यो' इत्यादि प्रयोग हुन्छ; करणको 'ले' लोप भई प्रयोग भएको होइन. कोही ठाउंमा त्यसको द्वारा खेलिने, टेकिने आदि अर्थ भएमा त ती करण हुनाले 'ले' भई 'पाशालें जुवा खेल्छ; खुट्टाले जमीन टेक्छ; आंखाले पुस्तक देखें; कानले पुराण सुनें' इत्यादि पनी प्रयोग हुन्छ. तर 'पाशा खेल्छ' भनेमा पाशाको प्राधान्य, 'पाशाले जुवा खेल्छ' भनेमा जुवाको प्राधान्य अर्थ विशेष बुझिन्छ. आंखाले देख्यो; खुट्टाले टेक्यो; कानले सुन्यो' भनेमा देख्नु, टेक्नु, सुन्नु, आदि सोझो अर्थ बुझिन्छ. कर्म तुल्याएर 'आंखा देख्यो; खुट्टा टेक्यो; कान सुन्यो' इत्यादि भनेमा त अघि भएको त्यस त्यस अवयवा दोषको निवृत्ति हुनु र बुद्धिपूर्वक देख्नु, केही आश्रय पाउंनु, ध्यानपूर्वक सुन्नु, इत्यादि विशेष लाक्षणिक अर्थ पनी बुझिन्छन्.

१३८. संप्रदानमा चतुर्थी विभक्तिको लाई प्रत्यय नित्यै हुन्छ. जस्तैः-

'पढ्नालाई गयो. बाहुनलाई देऊ. केही कामलाई जान्छु. तपाईं-लाई कल्याण होओस्. राजालाई स्वस्ति गर. अग्निलाई स्वाहा गर. मलाई पुग्यो. तिमीलाई सुख छ. त्यसलाई ठीक छैन' इत्यादि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(क) कहीं कर्म हुनु पर्ने वस्तुलाई पनी उद्देश्य तुल्याई चतुर्थीको लाई पनी गर्न हुन्छ. जस्तैः—

कर्म—अर्थ बुझाउंछ. धन जंमा गऱ्यो. काम सिध्यायो. चक्की घुमाऊ. संप्रदान-'अर्थलाई बुझाउंछ. धनलाई जंमा गऱ्यो, कामलाई सिध्यायो. चक्कीलाई घुमाऊ.' इत्यादि.

(ख) कर्म, संप्रदान, दुवैंमा लाई प्रत्यय भई नछुट्टिएमा 'के ग[१]रिने ?' भन्ने प्रश्न गर्दा अन्वय हुने कर्म, 'के लाई गर्नै भन्ने प्रश्न गर्दा अन्वय हुने संप्रदान भनि छुट्याउंनू. जस्तैः—

'खानालाई रामचन्द्रलाई डाक्छ' यो वाक्यमा 'को डाकिने ? राम चन्द्र, केलाई डाकिने ? खानालाई' भन्नाले रामचन्द्र कर्म, खानु संप्रदान भयो. यस्तैः— 'पार्वतीलाई रामदत्तलाई दियो. भांडा माझनालाई सेतीलाई अऱ्हायो. कामलाई छोरालाई पठायो' इत्यदि मा र, द्वितीयाको 'लाई' लोप भएमा पनी जान्नू.

१३९. अपादानमा पञ्चमी विभक्तिका देखि, देखिन्, बाट, प्रत्यय नित्यै हुन्छन्.

[क] मानसिक अर्थात् मनको भाव बुझाउंने—रिसाउंनु, डराउंनु, लाज मान्नु, आदि क्रियाको अवधि देखाउंने शब्दबाट प्रायः देखि, देखिन् प्रत्यय मात्र हुन्छ; बिछोड बुझाउंने—खस्नु, आउंनु, जानु, इत्यादि

---

१. को गर्ने ? के गर्ने ? इत्यादि प्रश्न सामान्यरूपले लेखिएका छन्त पनी पुं, स्त्रीलिङ्गी शब्दलाई अन्वय गर्नु परेमा 'को' शब्द, नपुंसक-लिङ्गी शब्दको अन्वय गर्नु परेमा 'के' शब्दको प्रयोग गर्नू. क्रियालाई बुझाउंन 'गर्नु' यो सामान्य क्रिया लेखेको छ त पनी त्यसको बदलामा खानु, जानु, आदि विशेष क्रियाको नाम लिई प्रश्न वाक्य बनाउंनू. यस्तै अरू कारकका प्रश्नमा पनी जान्नू.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

क्रियाको अपादानलाई कहने शब्दबाट सो अवधिमा केही दूरता बुझाउंदा देखि, देखिन् प्रत्यय, सो नबुझांउंदा बाट प्रत्यय हुन्छ; अरू पाउंनु, हुनु, इत्यादि क्रियाको अपादानलाई बुझांउने शब्दबाट प्रायः बाट प्रत्यय हुन्छ. जस्तैः—

'मूर्खदेखि —देखिन् रिसाउंछ, दुलाहादेखि—देखिन् लाज मान्छिन्. गुरुदेखि–देखिन् डराएं, भरेङबाट खस्यो. भरेङ्को टाउकोदेखि-देखिन् खस्यो. परबाट आएं. पाठशालाबाट दौड्यो. पाठशालादेखि—देखिन् दौड्यो. ब्रह्माबाट जगत् जन्म्यो. शब्दबाट हुन्छ. कामबाट रोक्यो. गुरुबाट विद्या पढ्छ. प्रभुबाट पाउंला' इत्यादि.

१४०. अधिकरणमा सप्तमी विभक्तिको मा प्रत्यय नित्यै हुन्छ कहीं ठांउ र वखत अधिकरण भएमा माको लोप पनी विकल्पले हुन्छ. जस्तैः—

'भांडोमा राख्छ. ठेकीमा घिउ छ. कसौंडिमा पकाउंछ. यो वर्ष-(मा) सहकाल छ. त्यो घर-(मा) छ. सहर-(मा) जान्छु. मैले भात घर-(मा) खाएं. वन-(मा) जा. जङ्गल एककोश-(मा) छ घर पूर्व-(मा) छ. अघिल्लो साल-(मा) गयो ' इत्यादि.

(क) सप्तमीको मा-को लोप भएमा बहुवचनमा हरू प्रत्ययको समेत लोप हुन्छ. जस्तैः—

'तिम्रा घर म गएं, तिम्रा घरहरूमा म गएं' यस्तो हुन्छ. 'घरहरू गएं' यस्तो हुदैन.

(ख) कोही समुदाय भित्रबाट कसैलाई जात, गुण, काम, संज्ञा द्वारा अलग्ग गरी त्यसको उपर केही कुरो भन्दा त्यो सबैलाई कहने शब्द-मा मा प्रत्यय नित्यै हुन्छ. जस्तैः—

'मानिसमा बाहुन पूज्य हुन्छन् वर्णमा चत्रिय शूरा हुन्छन्. जनावरमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

बाघ डरलाग्दो हुन्छ. छोरीमा यिनी राम्री छन्. गाईमा कैली दुधालू हुन्छिन्. हिंड्नेमा दौडाहा चटाक हुन्छ. विद्यार्थीमा रामहरि पहिलो छ. चरामा सुघा धेरै थरी हुन्छन्' इत्यादि.

१४१. संबोधन (बोलाउंनु) बुझिदा एकवचनमा केही प्रत्यय हुदैंन, शब्द मात्रै प्रयोग गरिन्छ. बहुवचनमा हो प्रत्यय विकल्पले हुन्छ शब्द भन्दा पहिले संबोधन अर्थ बुझाउंने ए, ओ, हे, इत्यादि अव्यय जोडेमा संबोधन स्पष्ट बुझिन्छ. सो नजोडे पनी मौकाको अनुसारले बुझिन शक्छ. टाढाबाट बोलाउंदा शब्दको अन्त्य स्वर प्लुत भई लामो उच्चारण हुन्छ. ए, ओ, अव्ययमा पनी प्लुत गर्न हुन्छ जस्तैः—

'हे बाबु. ओ पण्डितहरूहो, बाबू३. बाबु. ए३ नानी३. ए पण्डित-बाज्ये ए पण्डित-बाज्येहो इत्यादि.

१४२. क्रियापद भिन्न अरू जातका शब्द संग अन्वय हुने शब्दबाट सम्बन्ध अर्थ बुझिदा प्रायः षष्ठी विभक्तिका को, का, की, प्रत्यय हुन्छन्. षष्ठी हुने शब्दको जसमा अन्वय हुनेछ, उ पुंलिङ्गी वा नपुंसकलिङ्गी एकवचन भए को प्रत्यय; स्त्रीलिङ्गी एकवचन भए की प्रत्यय; तीनै लिङ्गी बहुवचन भए का प्रत्यय हुन्छन्. जस्तैः—

'दाज्यूको छोरो. रामचन्द्रको राज्य. दशरथकी रानी. राजाका छोरा. ईश्वरका गुणहरू. देवदत्तका स्वास्नीहरू. मूर्खहरूको मनमा मयल हुन्छ. गुणीहरूकी स्त्री पनी समुझदार हुन्छिन्.' इत्यादि.

(अ) षष्ठी विभक्ति भएमा षष्ठी भएको पदको अर्थ र, त्यसमा अन्वय हुने पदको अर्थ, यी दुइको हरएक जातका सम्बन्ध बुझिन्छन्. १. 'राजाको सेवक' भनेमा राजा र सेवकको स्वस्वामिभाव-(मालिक नोकरको धर्म) बुझिन्छ. २. 'सुनको गहना' भनेमा सुन र गहनाको सामान्य विशेषभाव-(सामान्य र विशेषको धर्म) बुझिन्छ. ३. 'रामुको छोरो' भनेमा रामु र छोराको जनकजन्यभाव-(कारण

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

र कार्यको धर्म) बुझिन्छ. ४. 'हातको औंला' भनेमा हात र औंलाको अवयव्यवयवभाव-(अवयवि र अवयवको धर्म) बुझिन्छ. ५. 'तोरीको गुन्द्रुक' भनेमा प्रकृति-विकृतिभाव-(प्रकृति र विकृतिको धर्म) बुझिन्छ. ६. 'दश वर्षको मानिस' भनेमा वर्ष र मानिसको मानमेयभाव-(परिमाण र परिमाण गरिनेको धर्म) बुझिन्छ. ७. 'चार आनाको मिठ्ठाइ' भनेमा आना र मिठ्ठाइको देयादेय-भाव-(दिइने र लिइनेको धर्म) बुझिन्छ ८. 'घरको छेद' भनेमा घर र छेदको बध्यघातकभाव-(नाशिने र नास्नेको धर्म) बुझिन्छ. ९. 'कपडाको रङ्ग' भनेमा कपडा र रङ्गको आधाराधेयभाव (आधार र आधेयको धर्म). बुझिन्छ. १०. 'लुटको धन' भनेमा लूट र धनको क्रियाकारकभाव-(क्रिया र कारकको धर्म) बुझिन्छ.

(आ) यस्तैः—यिनको उल्टो सम्बन्ध पनी बुझिन्छ. १क- 'पल्टनको अप्सर' भनेमा सेवकस्वामिभाव; २क- 'खरीको रुख' भनेमा विशेषसा-मान्यभाव; ३क- 'छोराको बाबु' भनेमा जन्यजनकभाव; ४क- 'एक घडीको बखत' भनेमा अवयवावयविभाव; ५क- 'तर्कारीको शाग' भनेमा विकृतिप्रकृतिभाव; ६क- 'मानिसको वर्ष' भनेमा मेय-मानभाव; ७क- 'मिठ्ठाइको पैसा' भनेमा आदेयदेयभाव; ८क- 'कसाहीको रांगो' भनेमा घातकबध्यभाव; ९क- 'रङको कपडा' भनेमा आधेयाधारभाव; १०क- 'फुपूको श्राद्ध' भनेमा कारकक्रि-याभाव सम्बन्ध बुझिन्छ. यस्ता संबन्ध धेरै किसिमका अरू पनी हुन्छन्.

(इ) यस्तैः— ४- मुलाको शाग, ५- मासको दाल, ५- गहुको पिठो, १०क- घोडाको दौड, ३- पण्डितको काव्य, ४- गोडाको नङ, १०क- खुकुरीको चोट, १०क- गाऊंको लूट, ९- हिंडाइको छाट, २-ऊनको लुगा, ९- दापको खुकुरी, ९- डोलीकी स्वास्नी, १०- दानको माल, ९क- बुद्धिको खानी, ९क- मूसाको दुलो, इत्यादिमा पनी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

जान्नू. कारक परेमा यो जातको कारक भनेर पनी छुट्याउनू.

(ई) चलन हेरेर मात्रै यी सम्बन्धको व्यवहार हुन्छ; सम्बन्ध भएर मात्रै षष्ठी हुंदैन. 'कलमको कागत; दालको भात; हरिहरको गोविन्द' इत्यादि वेकाममा प्रयोग हुंदैन.

१४३. त्यस पदार्थमा क्रियाको व्याप्ति (सबैमा हुनु) बुझाउंन त्यो शब्द अनेक पल्ट भनेमा पहिलो पटकको शब्दमा सो पदार्थ एक भए को, अनेक भए का, प्रत्यय नित्यै हुन्छ; सो पदार्थमा क्रियाको क्रम समेत बुझिएमा सो प्रत्ययको नित्यै लोप हुन्छ; पछिल्लो शब्दमा त आफनो नियम बमाजीमको प्रत्यय हुन्छ. जस्तैः—

'सहरको सहर (सिङ्गै सहर) जल्यो. भुइंचालोले घरका घर (सबै घर) गारत भए. वनका वन (सबै वन) फांडिए. घर घरमा (क्रमै संग सबै घरमा) लुटे. वन वन (एकबाट अर्को वन) दौडन्छ.' इत्यादि.

१४४. 'अव्यय संग सम्बन्ध हुने शब्दमा को, का प्रत्यय हुन्छ. सो प्रत्यय कहीं लोप हुन्छ; कहीं हुंदैन.

(अ) संग, सित, तिर, तर्फ, पट्टि, छेउ' इत्यादि शब्द योगी अर्थात् शब्द संग जोडिएर मात्रै अर्थ बुझाउंन शक्ने अव्यय संग अन्वय हुने शब्दमा नित्यै लोप हुन्छ. जस्तैः—

'म संग हिंड. रामु सित भन. घर तिर जान्छ. मधेस तर्फ गयो. हामी पट्टि छ. गुरु छेउ सोध.' इ०

(आ) 'विना, बाहेक, द्वारा, साथ, बिच, मध्ये' इत्यादि करू किसिमका अव्यय संग अन्वय हुने शब्दमा प्रायः विकल्पले लोप हुन्छ. जस्तैः—
'विद्या [को] विना मान हुंदैन. त्यस [को] बाहेक वेस छैन. बाण [को] द्वारा मार्‍यो. उमेद [को] साथ काम गर. घर [को] बिच देखिंन. पुस्तक [को] मध्ये यो बेस छ.'

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

१४५. सापेक्ष अर्थात् केही अवधि चाहिने, देश काललाई कहने अव्यय वा अरू शब्द संग अन्वय हुने शब्दमा कालवाचक भए 'देखि, देखिन्, को' प्रत्यय, देशवाचक भए 'देखि, देखिन्, बाट, को' प्रत्यय हुन्छ; कहीं अव्यय संग अन्वय भए प्रत्ययको लोप भई शब्द मात्रै पनी रहन्छ. जस्तैः—

घर-देखि-देखिन्-बाट-को पूर्व, पश्चिम, उत्तर, दक्षिण, हनुमान्-ढोका देखि-देखिन्-बाट-को चार कोश, नेपालबाट देखि-देखिन्-को उत्तर, आग्नेय. तेवार देखि-देखिन्-को दशैं पहिले हुन्छ. घर-देखि-देखिन्-बाट-को माथि, तल, नजिक, टाढा, सामुन्ने, बाहिर, भित्र, अघाडि, पछाडि, अघिल्तिर, वरि परि पूर्व-तर्फ. दशैं-देखि-देखिन् को अघि, पछि, पहिले. इत्यादि.

१४६. कसैबाट कसैमा अन्तर बुझाउंदा भन्दा शब्दको, कसैलाई कसैसंग जोडदा र शब्दको, कसैको कसैसंग विकल्प बुझाउंदा अथवा, वा, शब्दको; कसैको कसैसंग अघि पछि बुझाउदा अनी शब्दको प्रयोग हुन्छ. अघाडि पछाडिका एक श्रेणीका धेरै शब्द संग यस्ता शब्दको प्रयोग गरेमा ती एक श्रेणीमा परेका सबै शब्दको विभक्तिको एकै हुन्छ. अघाडिका शब्दका विभक्तिको विकल्पले लोप पनी हुन्छ

जस्तैः—'देवदत्त भन्दा रामचन्द्र पण्डित छन्. कुचो [चाले] भन्दा बतासले बढार्छ रामु [को] भन्दा मेरो नम्बर धेरै छ. गाग्रो [ग्रामा] भन्दा घ्याम्पामा धेरै अटाउंछ. हरिहर र रामु गए. हरिहर [ले] र रामुले गरे. लिङ्ग [मा] र कारकमा बुझ्नु पर्छ. रामु अथवा म जान्छु. त्यो [त्यसले] वा मैले को गर्न शक्ला. रामु अनी कृष्ण खान्छन्. म [मैले] अनी गोविन्दले पाठ सुनायौं.' यस्तै गरी यस किसिमका 'कि, झैं, जस्तै; बराबर' इत्यादि अरू शब्द संग सम्बन्ध भए पनी जान्नू.

१४७. केही पदार्थलाई केही कुराको हेतु देखाउंदा हेतु हुने शब्दमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

तृतीयाको ले, पञ्चमीको बाट प्रत्यय हुन्छ; जस्तैः—

'धर्मले-बाट स्वर्ग पाइन्छ. विद्याले-बाट इज्जत हुन्छ. उद्योगले-बाट असल हुन्छ. रुपियांले-बाट के हुंदैन. धानले-बाट धन कमाइन्छ.' इत्यादि.

१४८. कारण अर्थ बुझांउने 'निति, कारण, निमित्त, हेतु, अर्थ, खातिर, बारे, बिषे, प्रयोजन, लागि' इत्यादि शब्दमा ले, लाई, मा, यी सबै प्रत्यय हुन्छन्; विकल्पले लोप पनी हुन्छन्. यी शब्दमा अन्वय हुने शब्दमा त को, का, प्रत्यय हुन्छन्. जस्तैः—

'के कामको-का निति-ले-लाई-मा आउंनुभयो. पढ्नाको-का निमित्त, कारण, हेतु, अर्थ, खातिर, बारे, बिषे, प्रयोजन, लागी,-ले-लाई-मा आएं' इत्यादि.

१४९. आवृत्ति अर्थ बुझांउने शब्द संग सम्बन्ध भएमा अधिकरण-बोधक शब्दमा को, मा, दुवै प्रत्यय हुन्छन्.

जस्तैः — 'दिनको-मा दशपल्ट खान्छ रातको-मा दुइ फेरा उठ्छु. वर्षको-मा एक पटक मधेस जान्थ्यें. सालको-मा दुइ बाजि बालि हुन्छ' इत्यादि.

१५०. केही पदार्थले गर्दा कसैमा न्यूनता, अधिकता, परिमाण, गुण, तुल्यता, आदि केही धर्म देखाउंदा सो न्यूनता आदि धर्म जेले गराएको छ त्यसलाई कहने शब्दमा ले, को, का, की, मा, यी प्रत्यय प्रायः सबै नित्यै हुन्छन्. जस्तैः—

'त्यो आंखाले को-मा कानो छ. यी कानले-का-मा बहिरा छन पुस्तक एक पत्रले-को-मा कम होला. रामु हरि भन्दा एक दिनले-का-मा जेठा छन्. यो भन्दा त्यो छांटले-को-मा बेस छ. एक भांडाले-को-मा एक धार्नी हुन्छ. मुखले-को-मा चिप्लो मानिस बेस हुंदैन. तिमी उमेरले-का-मा पाका छौ. यो कामले-को-मा यसको बराबर, समान, कम, वेस, वढिया छ.' इत्यादि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

१५१. 'स्नेह, प्रीति, तत्पर, सिपालू, लग्गू, खग्गू, पहली' इत्यादि केही गुण-वाचक शब्द संग अन्वय हुने शब्दमा लाई, को, मा, यी प्रत्यय नित्यै हुन्छन्. जस्तैः—

'छोरालाई-को-मा प्रेम गर्छ. गुरु शिष्यलाई-को-मा स्नेह गर्नुहुन्छ. यो गुणलाई-को-मा सिपालू छ. जुवालाई-को-मा लग्गू छ. कुरालाई-को-मा खग्गू छ. पढ्नालाई-को-मा तत्पर छ.' इत्यादि.

१५२. एक जातको कारक अर्को जातको कारक भए झैं, कारक-लाई पनी क्रिया-भिन्नमा अन्वय गरे सम्बन्धी पनी हुन शक्छ. यही रीतले कारक कारक, कारक सम्बन्धी, फरक पर्दा विभक्ति बदलिएको देखिन्छ.

एकै जातका कारक पनी सम्बन्धी पनी धेरै हुन शक्छन्. धेरै भए पनी आफना आफना विभक्ति हुन्छन्. जस्तैः—

'रामुले गोविन्दले पनी कलम मसी पुस्तक पाठशालामा छोड्छन्. कर्मिले बसिलाले करौंतीले काठ काट्तछ. बाहुनका छोराले वेदको पुस्तक लिन्छन्.' इत्यादि.

१५३. कोही वाक्यमा क्रिया नदेखिएमा कारक-विभक्ति भएको देखिन्छ. त्यस्ता वाक्यमा ज्यादा चलन हुनाले क्रियाको मुखले प्रयोग नगरेको हो, क्रिया नै नभएको होइन. तसर्थ—त्यस्तामा अन्तर्गत (दविएको) क्रिया कल्पना गरी त्यसको अनुसारले कारक-विभक्ति हुन्छन्.

जस्तैः—'जस्तालाई त्यस्तै [गर]. वीशलाई दश [लाग्यो] भने शय-लाई कति [चाहिएला]. वानरलाई नरिवल [विकाम हुन्छ]. सबै तिमीले लिए मलाई के [दिन्छौ].'

१५४. द्वन्द्वसमास हुन सक्ने एक श्रेणीका पदार्थ लाई बुझांउने अनेक पद भएमा बिचमा तिनै पद संग अन्वय हुने अरू जातका पदले व्यवधान (छेकावट) भए नभए पनी सो श्रेणिको पछिल्लो पदमा विभक्ति वचनका प्रत्यय आफना नियम बमोजीमै हुन्छन्, अघिल्ला पदमा त प्रत्ययको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

विकल्पले लोप पनी हुन्छ जस्तैः—

'यस कपडाको मिहीन सूत (ले), गुलाफको बुट्टा (ले), नीलो रङहरूले मन हरण गरे. यस रुखका फल (बाट) फुल (बाट) पातबाट सुगन्ध निस्कन्छ.' इत्यादि.

१५५. नाम शब्दमा विभक्ति प्रत्यय जोड्दा जो काम हुन्छ, सो काम त्यसको बदला कोही अव्यय जोडेर पनी हुन शक्छ. यस्ता विभक्तिको काम दिने अव्ययलाई **विभक्त्यर्थक-अव्यय** भन्दछन्. जस्तैः—

(१) प्रथमाको बदला— **जो[1]छसो** जोडिन्छ. तर यसका धेरै आकार हुन्छन्.

		एकवचन.	आदर.	बहुवचन.
तृ. पुरुष	पुं. नपुं.	जोछसो	जोछन्सो	जोछन्सो
	स्त्री.	जोछेसो	जोछिन्सो	,,
म. पुरुष	पुं. नपुं.	जोछस्सो	जोछौसो	जोछौसो
	स्त्री.	जोछेस्सो	जोछयौसो	,,
प्र. पुरुष	पुं. स्त्री.	जोछुसो	जोछौंसो	जोछौंसो

यांहां, तपाजी आदि उत्तमश्रेणि-बोधक शब्दका सबै लिङ्ग वचनमा 'जोहुनुहुन्छसो'; हजुर आदि अत्युत्तमश्रेणि-बोधक शब्दका सबै

---

१ 'देवदत्त जोछसो' भनेको देवदत्त नाम भएको जो मानिस छ सो भनेको हो. यस्तै जो-छेस्-सो, जो-छु-सो, जो-होइबक्सिन्छ-सो.' इत्यादि शब्द सर्वनाम र क्रियापद मिलेर बनेका वाक्य जस्ता देखिन्छन्त पनी जंमा बाटै प्रथमाको अर्थ बुझिने, छुटचाएर प्रयोग नहुने, संस्कृतमा पनी 'अस्तिक्षीरा' इत्यादि यस्ता एक पद देखिने हुनाले पनी यिनलाई एउटै अव्यय पद मान्नु उचित छ:

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

लिङ्ग वचनमा 'जोहोइबक्सिन्छसो'; जोडिन्छ. जस्तैः—

'घोडो, घर जोछसो; छोरा, छोराहरू, घरहरू जोछन्सो; कमारी जोछेसो; देवी जोछिन्सो; स्वास्नीहरू जोछन्सो; तं जोछस्सो; तिमी, तिमीहरू जोछौसो; तं जोछेस्सो; तिमी जोछयौसो; तिमीहरु जोछौसो; म जोछुसो; हामीहरू जोछौंसो; तपाञी जोहुनुहुन्छसो; सरकार जोहोइबक्सिन्छसो.' इत्यादि.

(२) द्वितीयाको बदला—कन जोडिन्छ. जस्तैः—'छोरो कन' 'घरहरू कन.' इत्यादि.

यी प्रथमा र द्वितीयाका अव्यय संस्कृत काव्यहरूको अर्थ गर्दा र, कविता गर्दा मात्र प्रयोग गरिन्छन्; भाषाको बोलाइ लेखाइमा प्रायः प्रयोग गरिदैनन्.

(३)[1] चतुर्थीको बदला—के जोडिन्छ. तर यो प्रायः बही, खाता, चिठी, पत्रहरूको व्यवहारमा मात्र प्रयोग गरिन्छ. जस्तैः—'बाहुनके खानके खर्च. देवदत्तके प्रणाम.' इत्यादि.

(४) पञ्चमीको बदला—सित, संग जोडिन्छन्. तर यी विछोड अर्थ नबुझिने ठाउंमा कहीं कहीं मात्र प्रयोग गरिन्छन्. जस्तैः—'गुरु सित पढ्छ. म संग पाउंदैन.' इत्यादि.

(५) सप्तमीको बदला—माहां, महां जोडिन्छ. तर यी प्रायः कवितामा प्रयोग गरिन्छन् जस्तैः—'घर माहां; सहर महां; देश माहां छ.' इत्यादि.

---

१ 'मुलुकी-अड्डाकस्य पत्रम्, रामप्रसादकेषु' इत्यादिमा मान्यता बुझांउन संस्कृतको अभिप्रायले षष्ठीको बदला 'कस्य', सप्तमीको बदला 'केषु' प्रयोग गरेको हो; अर्को विभक्ति प्रत्यय होइन. यस्तो शब्द चिठी, पत्र, पुर्जीहरूमा लेख्ने चलन छ.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

१५६. कहीं धातुसाधित र. अव्यय इत्यादि शब्दको प्रयोग गरेमा पनी विभक्ति जोडेमा झैं अर्थ बुझिन्छ. तर कहीं मतलब केही फरक पनी हुन्छ. जस्तैः—

'धनले गर्दा [धनले] मत्त छ. पढनाका लागि [पढनालाई] गयो. खानाका निमित्त-निंति [खानालाई] गयो. यस मुद्दाका बारेमा [मुद्दामा] के भयो. घर तर्फ [घरमा] गयो. छालाको निंति [छालालाई] ओत मारिन्छ. बेथाले गर्दा [बेथाले] दुब्लायो. हामी उपर [हामीमा] कृपा गर्नु-होस्. घर बिच [घरमा] छैन. कसको भन्दा [कसदेखि] त्यो कम छ' इ०

१५७. अव्यय शब्दको लिङ्ग, वचन, विभक्ति रूपहरू केही नहुने हुनाले त्यस्ता शब्दमा जोडिने 'ले, लाई, बाट, देखि, देखिन्, को, का, की, मा' यी शब्द त विभक्ति-प्रत्यय होइनन्; बेगलै विभक्ति-तुल्य अव्यय नै हुन्. यी अव्यय सबै शब्दमा जोडिदैनन्, कहीं कहीं जोडिन्छन्. सो चलनबाट बुझिन्छ. यसैले कहीं यस्ता शब्द दोहरा तेहरा पनी प्रयोग गरिन्छन्. नाम सर्वनाम आदि शब्दमा पनी दोहरा तेहरा विभक्ति-प्रत्यय भएका जस्ता देखिएमा दोस्रा तेस्रा शब्द यिनै अव्यय हुन्; दुइ तीन विभक्ति-प्रत्यय भएका होइनन् प्रकारार्थी हरू शब्द पनी यही किसिमको हो. जस्तैः—

'आज-को भोलि-ले के-को बिग्रला ? कहां-बाट आयौ. घर देखि-को उहां सम्म-लाई पुग्यो. यो उहिले-देखिन्को चाकर्नी हो. भोलि पर्सि-मा आउंनेछु. पहिले-देखिका-लाई नछोड. त्यसको-लाई धेरै पर्दैन. अब-देखि-लाई यसो न गरे. जान-लाई त जान्छु. पछि-बाट पाठशाला को-लाई देऊ त्यो ठांउ देखि-को-मा चित्त बुझ्यो. अगाडि-को-मा जिल्द थिएन.'

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

[1]इत्यादि.

कारकका अरू विशेष कुरा पछी बुझिने छन्.

तेरीज:—

(क) एक शब्दको अर्को शब्द संग सम्बन्ध देखाउने 'ले, लाई, देखि, देखिन्, को, का, की' यी प्रत्ययलाई 'विभक्ति' भन्दछन्.

(ख) प्रथमा, द्वितीया, तृतीया, चतुर्थी, पञ्चमी, षष्ठी, सप्तमी, सबोधन, यी आठ प्रकारका विभक्ति हुन्छन्.

(ग) कर्ता, कर्म, करण, सम्प्रदान, अपादान, अधिकरण, यिनलाई 'कारक'; तिनका विभक्तिलाई 'कारक-विभक्ति' भन्दछन्.

---

१ वास्तवमा विभक्ति–वचनका प्रत्यय भनि मानिएका 'ले, लाई, हरू' आदि शब्द पनी (अंग्रेजो भाषामा झैं) बेगलै अव्यय शब्द हुन्; शब्दका रूपकै अवयव होइनन्. आफना आफना नियम बमोजीम जस शब्दको अर्थमा केही विशेष बुझांउनु पर्दछ उही शब्दको पछि प्रयोग गरिन्छ. यस अर्थले विशेष अर्थ बुझांउनु परेमा नाम, सर्वनाम, अव्यय, आदि प्रायः सबै जातका शब्द संग जोडिन शक्छन्. यसो भनेमा अव्यय पनी प्रत्यय पनी दुइ जात मान्नु पर्दैन. विभक्ति मानेमा अव्ययमा समेत जोडिन जांदा ठीक नदेख्नाले आजकाल अरू भाषाका व्याकरणकारहरू पनी यसै गरी अव्यय मानेर विभक्ति नमानिकन निर्वाह गर्न चाहन्छन्. यसैले अव्यय मानेमा पद काटेर, विभक्ति मानेमा नकाटी कन, लेख्नु पर्ने हुनाले पद काट्नू वा नकाट्नू भन्ने मत भेद भएको छ.

तर हामी सबैको मूल भाषा संस्कृत हुनाले अरू सबै अंशमा उसैको अनुरोध राखिने, यस कुरामा पनी उही बमोजीम माने पनी निर्वाह हुन शक्ने हुनाले सातै विभक्ति–प्रत्यय मानी विभक्ति समेतको एक पद मान्नु उचित ठहऱ्याई उही बमोजीम लेखिएको छ.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(घ) स्वतन्त्र भई व्यापार गर्नेलाई 'कर्ता'; क्रियाबाट हुने फलको आधारलाई 'कर्म'; कर्ताले व्यापार गर्दा चाहिने सामग्रीलाई 'करण'; क्रियाको उद्देश्यलाई 'सम्प्रदान'; क्रियाको अवधिलाई 'अपादान'; क्रियाको आधार भएको देश, काल, वस्तुलाई 'अधिकरण'; भन्दछन्.

(ङ) क्रियाभिन्न संग अन्वय हुनेलाई 'संबन्धी'; तिनका विभक्तिलाई 'सम्बन्धी-विभक्ति' भन्दछन्.

अभ्यास—

(१) कारक, विभक्ति, सम्बन्धी, भनेका के के हुन् ? प्रत्येक कारकको लक्षण के हो ? 'बाट, ले, लाई' प्रत्यय कहाँ हुन्छन् ? विभक्त्यर्थक अव्यय कुन हुन् ?

(२) तलका वाक्यमा कुन कुन शब्दमा कुन कुन विभक्ति भएका छन्, सो र, कारक सम्बन्धी समेत छुट्याई यस अर्थले यो चांहीं यस्तो कारक भयो भनी बताऊ—

'पशुपतिनाथको थानमा सुनको बसाहा छ. दाज्यू छोरा को विहालाई पहाडबाट नेपाल आउनुभयो. कैलासमा महादेवले पार्वतीलाई प्रेमले आत्माको ज्ञान वक्सनुभयो. महाराजबाट ग्रहणमा सुनको तुलादान ब्राह्मणहरूलाई भक्तिले वक्सियो. नेपालबाट पाल्पा पश्चिम छ. हामी राति घर गयौं. यो कुराले मलाई आनन्द भयो. भोकले पेट पोल्छ. कुराको वाठो काममा लाटो मानिस काम गर्दैन. त्यो आंखाको अन्धो छ. म उपर कृपा गर्नुहोस्. विष्णुमतीका पानीले यस वर्ष खेतका खेत रोपिए. त्यो के कारणलाई आयो. म भन्दा त्यो पण्डित छ. राम र कृष्णको भक्तिले मानिस संसारबाट तर्छन्'

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(३) तलका वाक्यमा जो जो पदमा जो जो विभक्ति गर्नु पर्छ. कोष्ठकभित्रको अर्थबमोजीम सो सो प्रत्यय गरी देखाऊ।

'घोडा (कर्ता) घांस (कर्म) खायो. मन (सम्बन्धी) दौड नगर. यो जोगी खुट्टा लंगडो छ. म [सम्प्रदान] राति नींद लागेन. पर्खाल [अपादान] लड्यो. करुवा [करण] पानी न खाऊ. दान [हेतु] धर्म हुन्छ. सन्दूक [अधिकरण] पैसा छ.'

१५—नामको रूपावली

१५८ 'मानिसले' भनेमा एक वा अनेक मानिस कर्ता रहेछन् भन्ने बुझिन्छ. 'घोडिबाट' भनेमा एक वा अनेक घोडी अपादान रहेछन् भन्ने बुझिन्छ. 'छोरो' भनेमा एकछोरो कर्ता रहेछ भन्ने बुझिन्छ; 'बाहुन-हरूलाई' भनेमा धेरै बाहुन कर्म वा सम्प्रदान रहेछन् भन्ने बुझिन्छ. यसै गरी सबै शब्दका रूपबाट बेगलै बेगलै अर्थ बुझिन्छन्.

१५९. एकै शब्दको पनी वचन विभक्तिहरू फरक हुंदा नवा नवा प्रत्यय भई बनेका धेरै रूपको संझना राख्न सबै रूपलाई प्रथमा द्वितीया आदि विभक्तिका क्रमले भन्नु पर्छ.

१६० एक शब्दबाट बनेका सबै रूपको क्रमैसंग बयान गर्नेलाई रूपावली भन्दछन्.

१६१. बहुवचनको 'हरू' प्रत्यय र विभक्तिका 'ले' आदि प्रत्यय बेगलै हुन्. एकवचनमा शब्दको सामान्य रूपको पछि विभक्तिको प्रत्यय जोडेर रूप बन्दछ, बहुवचनमा सामान्यरूपको पछि 'हरू' प्रत्यय गरी विभक्तिको प्रत्यय जोडेर रूप बन्दछ. वचनको र विभक्तिका प्रत्ययको लोप हुंदा, वचनका नियम बमोजीम 'हरू' प्रत्ययको लोप हुन्छ; विभक्तिका नियम बमोजीम 'ले' आदि प्रत्ययको लोप हुन्छ; दुवैको संगै

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

लोप हुने अथवा लोप नहुने नियम छैन जस्तैः—

'बाहुन आए. बाहुनहरू आए. बाहुनले खाए. बाहुनहरूले खाए. ओ पण्डित, एपण्डितहरू, ए पण्डित हो. ए पण्डितहरू हो.' इत्यादि

१६२. अकारान्त आकारान्त सबै लिङ्गी नाम शब्दको सामान्य रूप फरक हुदैन. जस्तैः—

[१] अकारान्त पुंलिङ्गी '**मानिस**' शब्दको रूप—

विभक्ति.	एकवचन.	अनेकवचन.
प्र.	मानिस, मानिसले	मानिस (हरू), मानिस (हरू) ले.
द्वि.	मानिस, मानिसलाई.	मानिस (हरू), मानिस (हरू) लाई.
तृ.	मानिसले.	मानिस (हरू) ले.
च.	मानिसलाई.	मानिस (हरू) लाई.
पं.	मानिसदेखि-(न्) बाट.	मानिस (हरू) देखि-देखिन्-बाट.
ष.	मानिसको-की-का.	मानिस (हरू) को-की-का.
स.	मानिसमा.	मानिस (हरू) मा.
सं.	(ए) मानिस.	(ए) मानिस (हरू) (हो).

[२] संमानार्थी क्रियाको प्रयोग हुने '**महाराज**' शब्दको विशेष रूप - **प्रथमा तृतीयामा**— महाराजबाट. महाराज [हरू] बाट. अरू रूप मानिस शब्दका जस्तै जान्नू.

[३] अकारान्त. स्त्रीलिङ्गी '**नन्द**' शब्दका रूप —

प्र.	नन्द, नन्दले.	नन्द [हरू], नन्द [हरू] ले.
द्वि.	नन्द, नन्दलाई	नन्द [हरू], नन्द [हरू] लाई.
तृ.	नन्दले.	नन्द [हरू] ले.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

च. नन्दलाई.	नन्द [हरू] लाई.
पं. नन्ददेखि-देखिन्-बाट.	नन्द [हरू] देखि-देखिन्-बाट.
ष. नन्दको-की-का.	नन्द [हरू] को-की-का.
स नन्दमा.	नन्द [हरू] मा.
सं. [ए] नन्द.	[ए] नन्द [हरू] [हो].

[४] अकारान्त नपुंसकलिङ्गी 'घर' शब्दको रूप—

प्र. घर, घरले.	घर (हरू), घर (हरू) ले.
द्वि. घर.	घर (हरू).
तृ. घरले.	घर (हरू) ले
च. घरलाई.	घर (हरू) लाई.
पं. घरदेखि-देखिन्-बाट.	घर (हरू) देखि-देखिन्-बाट.
ष. घरको-की-का.	घर (हरू) को-की-का.
स. घरमा घर.	घर, घर (हरू) मा.
सं. (ए) घर.	(ए) घर (हरू) (हो).

यस्तै गरी विभक्ति-वचनका प्रत्ययको, तिनका लोपको, नियम याद गरी सबै अकारान्त पुंलिगी सज्जन, बाघ, कुकुर, आदि शब्दको; स्त्रीलिगी मानिस आदि शब्दको नपुंसकलिगी मन, सुख, आदि शब्दको रूप चलाउनू.

[५] आकारान्त पुंलिगी मामा शब्दका रूप —

प्र. मामा, मामाले.	मामा (हरू), मामा (हरू) ले
द्वि. मामा, मामालाई.	मामा (हरू), मामा (हरू) लाई.
तृ. मामाले.	मामा (हरू) ले.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

च.	मामालाई.	मामा (हरू) लाई.
पं.	मामादेखि-देखिन्-बाट.	मामा (हरू) देखि-देखिन्-बाट
ष.	मामाको-की-का.	मामा (हरू) को-की-का.
स.	मामामा.	मामा (हरू) मा
सं.	(ए) मामा.	(ए) मामा (हरू) (हो).

[६] आकारान्त स्त्रीलिङ्गी आमा शब्दका रूप—

प्र.	आमा, आमाले.	आमा (हरू), आमा (हरू) ले.
द्वि.	आमा, आमालाई	आमा (हरू), आमा (हरू) लाई.
तृ.	आमाले.	आमा (हरू) ले
च.	आमालाई.	आमा (हरू) लाई
पं.	आमादेखि-देखिन्-बाट.	आमा (हरू)-देखि-देखिन्-बाट.
ष.	आमाको-की-का.	आमा (हरू) को-की-का.
स.	आमामा.	आमा (हरू) मा.
सं.	(ए) आमा.	(ए) आमा (हरू) (हो).

[७] आकारान्त नपुंसक लिङ्गी 'जामा' शब्दका रूप—

प्र.	जामा, जामाले.	जामा (हरू), जामा (हरू) ले.
द्वि.	जामा.	जामा, जामाहरू.
तृ.	जामाले.	जामा (हरू) ले.
च.	जामालाई.	जामा (हरू) लाई.
पं.	जामादेखि-देखिन्-बाट.	जामा (हरू) देखि-देखिन्-बाट.
ष.	जामाको-की-का.	जामा (हरू) को-की-का.
स.	जामामा.	जामा (हरू) मा.
सं.	(ए) जामा.	(ए) जामा (हरू) (हो).

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यस्तै गरी विशेष नियम याद गरी सबै आकारान्त पुंलिगी राजा, बाबा, काका, घोडा, आदि शब्दको; स्त्रीलिंगी भैंजा, माता, गुरुमा, आदि शब्दको; नपुंसकलिगी छाता, जुत्ता, पेडा, आदि शब्दको रूप चलाउनू.

१६३. ऱ्हस्व इकारान्त ऱ्हस्व उकारान्त शब्द स्त्रीलिंगी हुंदैनन्; इकारान्त उकारान्त स्त्रीलिंगी शब्द दीर्घान्त मात्रै हुन्छन्. उकारान्त-मध्यमा नु अन्त्यमा हुने जानु, खानु, मानु, आदि शब्दको वचन र, विभक्तिको प्रत्यय लोप नभएमा सबैमा आकारान्त सामान्य रूप हुन्छ; प्रत्यय केही नभएमा एकवचनमा उकारान्तै, बहुवचनमा आकारान्तै हुन्छ. सबै लिंगी दीर्घ ई–ऊकारान्त शब्दको संबोधनमा प्रत्यय नभएमा दीर्घान्त ऱ्हस्वान्त दुवै रूप हुन्छन्; अरू विभक्तिमा दीर्घ ऱ्हस्व जो छ उस्तै रहन्छ. अरू ऱ्हस्व दीर्घ दुवै इकारान्त उकारान्तको सामान्यरूप फरक हुंदैन जस्तैः-

[८] इकारान्त पुंलिगी 'भाइ' शब्दका रूप–

प्र.	भाइ, भाइले.	भाइ (हरू), भाइ (हरू) ले.
द्वि.	भाइ, भाइलाई.	भाइ (हरू), भाइ (हरू) लाई.
तृ.	भाइले,	भाइ (हरू) ले.
च.	भाइलाई.	भाइ (हरू) लाई.
पं.	भाइदेखि-देखिन्-बाट.	भाइ (हरू) देखि-देखिन्-बाट.
ष.	भाइको-की-का.	भाइ (हरू) को-की-का.
स.	भाइमा.	भाइ (हरू) मा.
सं.	(ए) भाइ.	(ए) भाइ (हरू) (हो).

[९] इकारान्त नपुंसकलिगी 'पगरि' शब्दका रूप––

प्र.	पगरि, पगरिले.	पगरि (हरू), पगरि (हरू) ले.
द्वि.	पगरि,	पगरि (हरू).

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

तृ.	पगरिले.	पगरि (हरू) ले.
च.	पगरिलाई.	पगरि (हरू) लाई.
पं	पगरिदेखि-देखिन्-बाट.	पगरि (हरू) देखि-देखिन्-बाट
ष.	पगरिको-की-का.	पगरि (हरू) को-की-का.
स.	पगरिमा	पगरि (हरू) मा.
सं.	[ए] पगरि.	[ए] पगरि (हरू) [हो].

यस्तै पुं. घर्ति; नपुं. वत्ति,पेटारो, शब्द पनी जान्नू.

[१०] ईकारान्त पुंलिंगी 'विद्यार्थी' शब्दका रूप--

प्र.	विद्यार्थी, विद्यार्थीले.	विद्यार्थी (हरू), वि० (हरू) ले.
द्वि	विद्यार्थी, विद्यार्थीलाई,	विद्यार्थी (हरू), वि० (हरू) लाई.
तृ.	विद्यार्थीले.	विद्यार्थी (हरू) ले.
च.	विद्यार्थीलाई.	विद्यार्थी (हरू) लाई.
पं.	विद्यार्थी देखि-(न्)-बाट.	विद्यार्थी (हरू) देखि-देखिन्-बाट
ष.	विद्यार्थीको-की-का.	विद्यार्थी (हरू) को-की-का.
स.	विद्यार्थीमा.	विद्यार्थी (हरू) मा.
सं.	[ए] विद्यार्थी, विद्यार्थि.	[ए] विद्यार्थी-र्थि-(हरू)(हो).

[११] ईकारान्त स्त्रीलिङ्गी 'रानी' शब्दका रूप--

प्र.	रानी, रानीले रानीबाट.	रानी [हरू], रानी [हरू] ले-बाट.
द्वि.	रानी, रानीलाई.	रानी [हरू]. रानी [हरू] लाई.
तृ	रानीले, रानीबाट.	रानी [हरू] ले, रानीबाट.
च.	रानीलाई.	रानी [हरू] लाई.
पं.	रानीदेखि-देखिन्-बाट.	रानी [हरू] देखि-देखिन्-बाट.
ष.	रानीको-की-का.	रानी [हरू] को-की-का.
स.	रानीमा.	रानी [हरू] मा.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सं.	[ए] रानी, रानि.	[ए] रानी [हरू] [हो], रानि.

[१२] ईकारान्त नपुंसकलिंगी 'थाली' शब्दका रूप--

प्र	थाली, थालीले.	थालीं [हरू], थाली [हरू] ले.
द्वि.	थाली.	थाली [हरू].
तृ.	थालीले.	थाली [हरू] ले.
च.	थालीलाई.	थाली [हरू] लाई.
पं.	थालीदेखि–देखिन्–बाट.	थाली [हरू] देखि-देखिन्-बाट
ष.	थालीको-की–का.	थाली [हरू] को-की-का.
स.	थालीमा.	थाली [हरू] मा.
सं.	[ए] थाली, थालि.	[ए] थाली [हरू] [हो], थालि.

यस्तै गरी विशेष नियम याद गरी सबैं ईकारान्त पुंलिगी हात्ती, माली, धोबी, आदि शब्दका; स्त्रीलिंगी दिदी, बिहनी, बाहुनी, आदि शब्दका; नपुंसकलिंगी उर्दी, पुर्जी, पाटी, आदि शब्दका रूप चलाउनू.

[१३] उकारान्त पुंलिगी 'बाबु' शब्दका रूप —

प्र.	बाबु, बाबुले.	बाबु [हरू], बाबु (हरू) ले.
द्वि.	बाबु, बाबुलाई.	बाबु (हरू), बाबु (हरू) लाई.
तृ.	बाबुले.	बाबु (हरू) ले.
च.	बाबुलाई.	बाबु (हरू) लाई.
पं.	बाबुदेखि-देखिन्-बाट.	बाबु (हरू) देखि-देखिन्-बाट.
ष.	बाबुको-की-का.	बाबु (हरू) को-की-का.
स.	बाबुमा.	बाबु (हरू) मा.
सं.	(ए) बाबु.	(ए) बाबु (हरू) (हो).

[१४] उकारान्त नपुंसकलिंगी 'गांउं' शब्दका रूप—

प्र.	गांउं, गांउंले.	गांउं [हरू], गांउं [हरू] ले.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

द्वि.	गांउं.	गांउं [हरू].
तृ.	गांउंले.	गांउं [हरू] ले.
च.	गांउंलाई.	गांउं [हरू] लाई.
पं.	गांउंदेखि-देखिन्-बाट	गांउं [हरू] देखि-देखिन्-बाट.
ष.	गांउंको-की-का	गांउं, (हरू) को-की-का..
स.	गांउं, गांउंमा.	गांउं, गांउं (हरू) मा.
सं.	(ए) गांउं.	[ए] गांउं (हरू) (हो).

[१५] नु अन्त्यमा हुने नपुंसकलिंगी शब्दका रूप--

प्र.	मानु, मानाले.	माना (हरू), माना (हरू) ले.
द्वि.	मानु.	माना (हरू)
तृ.	मानाले.	माना (हरू) ले.
च.	मानालाई.	माना (हरू) लाई.
पं.	मानादेखि-देखिन्-बाट.	माना (हरू) देखि-देखिन्-बाट.
ष.	मानाको-की-का.	माना (हरू) को-की-का.
स.	मानामा.	माना (हरू) मा.
सं.	(ए) मानु.	(ए) माना (हरू) (हो).

यस्तै गरी विशेष नियम याद गरी सबै उकारान्त-पुंलिगी साहु, ज्यापु, नाउ, आदि शब्दका; नपुंसकलिंगी आंशु, भाउ, आदि शब्दका, नु अन्त्यमा हुने जानु, खानु, गानु, आदि शब्दका; रूप चलाउनू.

[१६] ऊकारान्त पुंलिंगी 'गुरुज्यू' शब्दका रूप--

प्र.	गुरुज्यू, गुरुज्यूले-बाट.	गुरुज्यू (हरू)-ले-बाट.
द्वि.	गुरुज्यू, गुरुज्यूलाई.	गुरुज्यू (हरू), गुरुज्यू (हरू) लाई.
तृ.	गुरुज्यूले-बाट.	गुरुज्यू (हरू) ले-बाट.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

च.	गुरुज्यूलाई.	गुरुज्यू (हरू) लाई.
पं.	गुरुज्यूदेखि-देखिन्-बाट	गुरुज्यू (हरू) देखि-(न्)-बाट.
ष.	गुरुज्यूको-की-का.	गुरुज्यू (हरू) को-की-का.
स.	गुरुज्यूमा.	गुरुज्यू (हरू) मा.
सं.	(ए)गुरुज्यू, गुरुज्यु.	(ए) गुरुज्यू, गुरुज्यू (हरू) (हो).

[१७] ऊकारान्त स्त्रीलिङ्गी 'फुपू' शब्दका रूप--

प्र.	फुपू, फुपूले.	फुपू [हरू], फुपू [हरू] ले.
द्वि.	फुपू, फुपूलाई.	फुपू [हरू], फुपू [हरू] लाई.
तृ.	फुपूले.	फुपू [हरू] ले.
च.	फुपूलाई.	फुपू [हरू] लाई.
पं.	फुपूदेखि-देखिन्-बाट.	फुपू [हरू] देखि-देखिन्-बाट.
ष.	फुपूको-की-का.	फुपू [हरू] को-की-का.
स.	फुपूमा.	फुपू [हरू] मा.
सं.	[ए] फुपू, फुपू.	[ए] फुपु, फुपू [हरू] [हो].

[१८] ऊकारान्त नपुंसकलिंगी 'आलू' शब्दका रूप -

प्र.	आलू, आलूले.	आलू [हरू], आलू [हरू] ले.
द्वि.	आलू.	आलू [हरू].
तृ.	आलूले.	आलू [हरू] ले.
च.	आलूलाई.	आलू [हरू] लाई.
पं.	आलूदेखि-देखिन्-बाट.	आलू [हरू] देखि-देखिन्-बाट
ष.	आलूको-की-का.	आलू [हरू] को-की-का.
स.	आलूमा.	आलू [हरू] मा.
सं.	[ए] आलू, आलु.	[ए] आलू, आलू [हरू] [हो].

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यस्तै गरी विशेष नियम याद गरो सबै ऊकारान्त पुंलिगी टट्टू, फुपाज्यू, आदि शब्दका; स्त्रीलिंगी शाशू, बज्यू, आमाज्यू, आदि शब्दका; नपुंसकलिंगी सत्तू, बत्तू, ज्यू, काठमाण्डू, आदि शब्दका; रूप चलाउनू

१६४ ऋकारान्त शब्द संस्कृतबाट आएका 'पितृ' आदि शब्द मात्रै छन्; तिनको पनी यस्तै गरी रूप चलाउनू.

१६५. एकार, ऐकार, औकार, अन्त्यमा हुने सबै शब्दमा सामान्य रूप फरक हुंदैन प्रत्ययको विशेष नियम याद गरो सबै एकारान्त पुं-बाजे, लोग्ने, काले, आदि शब्दका; नपुं-लट्टे, ताप्के, ऐंठे, आदि शब्दका; ऐकारान्त पुं-बन्है, आदि शब्दका; स्त्री-बज्यै, भदै, आमै, आदि शब्दका, नपुं-जनै, मकै, कबै, आदि शब्दका; औकारान्त पुं-गुरौ, सारौ, कौ, आदि शब्दका; नपुं-जौ, भदौ, जुजुधौ, आदि शब्दका; पनी रूप चलाउनू. एकारान्त र औकारान्त स्त्रीशब्द प्रायः देखिंदैनन्. कोही शब्द त्यस्ता भए यही बमोजीम रूप चलाउनू.

राम, गोविन्द, उस त्यस, घर, आदि अकारान्त शब्दमा अवधारणार्थक 'ऐ' प्रत्यय गरेमा रामै, गोविन्दै, उसै, त्यसै, घरै, आदि ऐकारान्त जस्ता पुंलिगी नपुंसकलिंगी शब्द बन्न शक्ने छन्; तिनको पनी यस्तै गरी रूप चलाउनू.

१६६. ओकारान्त शब्दको विभक्ति र वचनको प्रत्यय रहेमा एकवचनमा ओकारान्त आकारान्त दुवै थरी, प्रत्यय नरहेमा ओकारान्त मात्रै, संबोधन दुवै वचनमा र सबै वहुवचनमा आकारान्त मात्रै सामान्य रूप हुन्छन्.

(१९) ओकारान्त पुंलिगी 'छोरो' शब्दका रूप—

प्र. छोरो, छोरो (रा) ले. छोरा (हरू), छोरा (हरू) ले.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

द्वि.	छोरो, छोरो (रा) लाई.	छोरा (हरू), छोरा, (हरू) लाई.
तृ.	छोरो (रा) ले.	छोरा (हरू) ले.
च.	छोरो (रा) लाई.	छोरा (हरू) लाई.
पं.	छोरो (रा) देखि-न्-बाट	छोरा (हरू) देखि-देखिन्-बाट.
ष.	छोरो (रा) को-की-का.	छोरा (हरू) को-की-का.
स.	छोरो (रा) मा.	छोरा (हरू) मा.
सं.	(ए) छोरो.	(ए) छोरा (हरू) (हो).

यस्तै गरी विशेष नियम याद गरी सबै ओकारान्त पुंलिगी घोडो, भेडो, पाठो, आदि शब्दका; नपुंसकलिंगी डांडो, खोलो, डोको, आदि शब्दका; रूप चलाउनू ओकारान्त शब्द स्त्रीलिंगी हुंदैनन्.

१६७. हलन्त शब्द संस्कृतबाट आएका बुद्धिमान्, भगवान्, श्रीमान्, आदि शब्द मात्रै छन्; भाषाका शब्द हलन्त हुंदैनन्.

(२०) संस्कृतको हलन्त पुंलिगी '**श्रीमान्**' शब्दका रूप–

प्र.	श्रीमान्, श्रीमान्ले	श्रीमान् (हरू),-ले-बाट
द्वि.	श्रीमान्, श्रीमान्लाई.	श्रीमान् (हरू),-लाई.
तृ.	श्रीमान्ले.	श्रीमान् (हरू) ले.
च.	श्रीमान्लाई	श्रीमान् (हरू) लाई.
पं.	श्रीमान्देखि-देखिन्-बाट.	श्रीमान् (हरू)देखि-देखिन्-बाट.
ष.	श्रीमान्को-की-का.	श्रीमान् (हरू) को-की-का.
स.	श्रीमान्मा	श्रीमान् (हरू) मा.
सं.	(ए) श्रीमान्.	(ए) श्रीमान् (हरू) (हो).

यस्तै गरी विशेष नियम याद गरी सबै संस्कृतबाट आएका हलन्त भगवान्, बुद्धिमान्, विद्वान्, आदि पुंलिगी शब्दका; नपुंसकलिंगी जगत्, शरत्, आदि शब्दका रूप चलाउनू. हलन्त शब्द पनी स्त्रीलिंगी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

हुंदा स्त्रीप्रत्यय भई स्वरान्तै हुने हुनाले हलन्त स्त्रीलिंगी शब्द संस्कृतबाट आएका पनी हुंदैनन्.

तेरीज—

एक शब्दबाट बनेका सबै रूप क्रमै संग बयान गर्नालाई 'रूपावली' भन्दछन्.—

अभ्यास—

(१) इ, ऊ, ओ, अन्त्यमा हुने शब्दको रूप चलाउंदा के के फरक हुन्छ ?

(२) तल लेखेका शब्दको रूप चलाऊः—पाडी, बहिनी, लाठे, धनु, वांनि, थारु, बन्है, बुवा.

(३) यी वाक्यमा कुन शब्दमा कुन विभक्ति भएका छन् छुट्याऊ-'मानिसहरू घर गए. महाराजबाट मलाई हुकुम बक्सियो. महाजनले कलकत्तादेखि माल ल्याए, नेपाल सहरमा बुद्धिमान् धेरै छन्. बहिनी मसंग रुपियां माग्छिन्. शाशूज्यूका पाउमा शिर राख. यो चांमल तीन माना छ. गानाको व्यथाले दुःख पाए पुलीसले लठ्ठीले बदमासलाई कुट्छन्. मलाई दुःख नदेऊ. ए विद्यार्थीहो! खूप मिहिनत गर. रामेश्वरको मन्दिर यहां देखि दक्षिणमा छ. ईश्वरलाई भज. साहुहरू असामीलाई पियादा पठांउछन्. तिनले मलाई दश पैसा दिए. ए भाइहो ! परमेश्वरको भजन सधैं गर. विद्याको बराबर संसारमा अर्को कोही धन छैन. सबै मानिससंग मेल राख. शरीर सफा राख संधै सफा रहने मानिसलाई रोग ज्यादा लाग्दैन. खराप काम गरेर कमाएको धन धेरै दिन टिक्तैन. खराप कामको फल खरापै हुन्छ, असल गर्नेको असल हुन्छ. मूर्ख मानिसलाई कसैले पनी टेर्दैन'.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(४) तलका वाक्यमा कोही रूप नियममा फरक पर्ने भए सच्याऊ:—

'गङ्गाका छोरोले दिदिको दुइ पाउमा ढोग दिए. सानि नानि बहिनि निको गर्छिन् पिंडालूका गानु पकाऊ. दुइ मानु चामलका भात पाक्यो.'

१६—सर्वनाम-विचार.

१६८ नामशब्दबाट स्पष्ट गरी अर्थ बुझिए झैं सर्वनामबाट यही वस्तुलाई भनेको हो भनि स्पष्ट गरी बुझिंदैन, मौका हेरी जस नामको बदलामा आएको छ, सोही नामको अर्थलाई बुझांउँछ. तर, नामभिन्न अरू कसैको बदलामा आई त्यसको अर्थ बुझांउन शक्तैन जस्तै:-'त्यां-हां सेतो कपडा छ, त्यो ल्याऊ'. भनेमा 'त्यो' शब्दले 'त्यांहां' यो अव्ययको, 'सेतो' यो विशेषणको, 'छ' यो क्रियाको, अर्थलाई बुझांउन शक्तैन; 'कपडा' यो नाम शब्दको अर्थलाई मात्र बुझांउँछ. यसैले-संज्ञा अर्थात् नाम शब्दको बदलमा मात्रै प्रयोग हुनाले सर्वनामलाई संज्ञाप्रतिनिधि पनी भन्दछन्.

१६९ 'म गएं. म भन्छु मै-ले गरें' इत्यादिमा म-शब्दबाट प्रथमपुरूष (बोल्ने मानिस) बुझिन्छ बोल्ने मानिस धेरै भए 'हामी गयौं, हामी भन्छौं, हामी-ले गर्‍यौं' भनिन्छ. यस्तैः—'तं भन्. तं गइस्. तं-ले गरिस्'. इत्यादिमा तं शब्दबाट द्वितीयपुरूष अर्थात् जसलाई भनेको छ उही पुरुष बुझिन्छ. कुरा गरिने मानिस धेरै भए 'तिमी-हरू गर. तिमी-हरू गयौ. तिमी-हरूले गर्‍यौ'. भनिन्छ.

१७० 'यो (छोरो, छोरी, पुस्तक, घोडा, आदि) बेस छ. त्यो (केटो, केटी, घर, आदि) असल छ.' उ (मानिस, स्त्री, देश, आदि) बडिया छ.' इत्यादिमा यो, त्यो, उ, शब्दबाट प्रथम द्वितीय पुरुष भिन्न अर्थात् जसको विषयमा कुरा गरिन्छ सो प्राणी अप्राणी जोसुकै भए पनी योचाहीं भनि छुट्टिई बुझिन्छ तर, यिनमा केही विशेष छ. 'यो' भनेमा बुझाइने वस्तु

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

प्रायः नजिकै अघिल्तिर रहेको बुझिन्छ; त्यो भनेमा बुझाइने वस्तु प्रायः केही टाडा रहेको बुझिन्छ; उ भनेमा बुझाइने वस्तु प्रायः निकै टाडा रहेको बुझिन्छ. ती बुझाइने अर्थ धेरै भए 'यी वेस छन्. ती असल छन्. ऊ बलिया छन्.' इत्यादि भनिन्छ

१७१ 'जो मिहिनत गर्छ, उ पण्डित हुन्छ. जो हुनेछ, सो होओस्. जो खान्छ, त्यो खाओस्'. इत्यादिमा, जो शब्दबाट मिहिनत गर्ने, हुने, खानेको, अर्को वाक्यको उ, सो, त्यो, पदको अर्थ संग सम्बन्ध बुझिन्छ. ती सम्बन्ध बुझाइने धेरै भए 'जुन मिहिनत गर्छन्, ऊ पण्डित हुन्छन्, जुन हुन्छन्, ती होऊन्. जुन खान्छन्, ती खाउन्.' भनिन्छ.

१७२ को जान्छ? को खाला? को आयो?' इत्यादिमा को शब्दबाट जाने, खाने, आऊनेको उपर प्रश्न बुझिन्छ. प्रश्न गरी बुझाइने धेरै भए 'कुन' जान्छन्? कुन खालान्? कुन आए?' इत्यादि भनिन्छ.

१७३. यस अर्थले सबै नामको बदलामा सर्वनाम आउन शक्ने भए पनी मौका हेरी कोही शब्दको प्रयोग हुन्छ. बोल्नेले आफूलाई बुझाउंदा म शब्द, बोलाइंनेलाई भन्दा तं शब्द, यी दुई बाहेक अर्कैलाई भन्दा नजिक रहेको जस्तो गरी बुझाउंदा यो शब्द, अलि टाडा रहेको जस्तो गरी बुझाउंदा त्यो शब्द, निकै टाडा रहेको जस्तो गरी बुझाउंदा उ शब्द, सोधनी गरी बुझाउंदा को शब्द, यिनको प्रयोग हुन्छ; अर्को वेगलै अर्थ केही हुंदैन.

१७४. ती सर्वनाम चार प्रकारका छन् (१) पुरुषवाचक, (२)दर्शक, (३) सम्बन्धी, (४) प्रश्नार्थक.

१७५. प्रथम-पुरुष अर्थात जो बोल्दछ, सो र, द्वितीय-पुरुष अर्थात जस संग बोलेको छ, त्यसलाई बुझाउंने सर्वनामलाई पुरुषवाचक भन्दछन्. यस्ता शब्द म, तं यी दुइ हुन्.

जस्तैः—रामले रावणलाई भनेको–'म तंलाई अहिले मार्छु'

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यस वाक्यमा 'म' शब्दले बोल्ने राम, 'तं' शब्दले सुन्ने रावण, बुझिने हुनाले; म शब्द प्रथम-पुरुषवाचक, तं शब्द द्वितीय-पुरुषवाचक, सर्वनाम हुन्.

(क) यी दुइ शब्द बाहेक अरू नाम, सर्वनाम, विशेषणहरू तृतीय-पुरुष [प्रथम द्वितीय-पुरुष भिन्न] लाई बुझांउंछन्. त्यो, यो, इत्यादि तृतीय-पुरुषवाचक सर्वनाम पुरुषलाई कहन शक्छन् त पनी म, तं, शब्द झैं पुरुष-लाई मात्रै नकहने पुरुष भिन्न निर्जीव वस्तुलाई पनी कहने हुनाले पुरुष-वाचकमा गनिंदैनन्.

[ख] अरू सबैलाई बोध हुन शक्ने गरी वाक्य बोल्ने शक्ति मनुष्यमा मात्र हुनाले मनुष्यलाई बुझांउंन मात्र म शब्दको प्रयोग हुन्छ; अरू प्राणी, अप्राणीलाई बुझांउंन प्रयोग हुंदैन. तर, कहीं मनुष्यभिन्न प्राणीको मतलवको अनुकरण (नकल) गरी मनुष्यले प्रयोग गरेमा अरू प्राणीलाई; कहीं प्राणिभिन्नलाई प्राणी जस्तो भान गराई उसको मतलवलिई मनुष्यले प्रयोग गरेमा अप्राणीलाई पनी बुझांउंन प्रयोग हुन शक्छ. तं शब्दको प्राणीलाई बुझांउंदा मात्र प्रयोग हुन्छ, अप्राणीलाई बुझांउंदा प्रयोग हुंदैन. तर, कहीं म शब्दको झैं अप्राणीलाई पनी प्राणी जस्तो भान गराई मनुष्यले प्रयोग गरेमा अप्राणीलाई पनी बुझांउंन शक्छ. तं शब्दले सम्बोध्यलाई बुझांउंने हुनाले तं शब्द भएको वाक्मा सम्बोधन अवश्य रहन्छ; प्रयोग नगरे पनी कल्पना गरी बुझ्नु पर्दछ. तृतीय-पुरुषवाचकको त निर्जीव सजीव सबैलाई बुझांउंन प्रयोग हुन शक्छ जस्तैः-

'यो कुकुर "म-लाई खान देऊ" भन्छ.' यहां म शब्दले कुकुरलाई; 'यो वृक्ष "म-लाई नकाट" भनी हल्लन्छ क्या र?' यहां म शब्दले वृक्षलाई; 'ए मन! तं कति रुन्छस्?' यहां तं शब्दले मनलाई; बुझांउंछ.

(ग) बोल्ने मानिस एक भए पनी आफ्ना पक्षका धेरैलाई बुझांउंने तात्पर्यले बहुवचन हांमी-हरू शब्दको, बोलाइने एक भए पनी त्यस पक्षका

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

धेरैलाई बुझांउंने तात्पर्यले बहुवचन तिमी-हरू शब्दको प्रयोग हुन शक्छ.

१७६. नजिक अथवा टाडा रहेको प्राणी अथवा वस्तुलाई योचाहीं भनी देखाई बुझांउंने सर्वनामलाई **दर्शक** भन्दछन्. यस्ता **त्यो, यो,** उ, यी तीनशब्द हुन्.

जस्तैः— '**त्यो** (पुस्तक), **यो** (कपडा), उ (मानिस). भनेमा जुन-चांहीं पुस्तक, कपडा, मानिस, आदिलाई बुझांउंने मतलव छ, उसैलाई देखाई बुझांउंने हुनाले **त्यो, यो,** उ, यी दर्शक-सर्वनाम हुन्.

(क) कोही वस्तु निश्चय रूपले बुझांउंने हुनाले यी दर्शक-सर्वनाम-लाई **निश्चय–बोधक सर्वनाम** पनी भन्दछन्.

१७७. कोही वस्तु वा प्राणीलाई केही कुराको संम्वन्ध देखाई अर्को वाक्यको पदार्थ संग मेल बुझांउंने सर्वनामलाई **सम्बन्धी** भन्दछन्. यस्तो **जो** शब्द हो.

जस्तैः—'**जो** हिजो गएथ्यो, उ आयो. जो पाठ पडें, **सो** आयो' भनेमा हिजो जानु क्रिया संग सम्बन्ध राख्ने मानिसलाई, पड्नु क्रिया संग सम्बन्ध राख्ने पाठलाई, अर्को वाक्यको आउंनु पदार्थ संग मेल देखाई बुझांउंने हुनाले **जो** शब्द **सम्बन्धी** सर्वनाम हो.

(क) सम्बन्धी सर्वनामको प्रयोग भएको वाक्य संग मेल हुने अर्को वाक्यमा उही वस्तुलाई बुझांउंने त्यो, यो, उ, यी दर्शक सर्वनामको पनी प्रयोग हुन्छ, केवल सम्बन्धी मात्रको प्रयोग हुंदैन. जस्तैः—

'**जो** पड्छ, **त्यो** बुद्धिमान् हुन्छ. **जो** काम गर्‍यो, **यस-**ले बेस हुंदैन. **जो** आएको छ, **उस-**लाई डाक.' इत्यादि अघिल्ला वाक्यमा सम्बन्धीको, पछिल्ला वाक्यमा दर्शकको, उही पदार्थ-लाई बुझांउंन प्रयोग भयो.

(ख) कहीं प्रायः दोस्रो वाक्यमा विधि भएमा, दर्शकको अर्थात् बोध हुन शक्ने भए दर्शकको प्रयोग नगरे पनी हुन्छ, तर वाक्य त

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

दुइ नै रहन्छन्. जस्तैः—

'**जो** आंउछ, खान देऊ. **जो** जान्छ, जाओस्. **जस**-ले जान्दछ, भनोस्.' इत्यादिमा '**जो** आंउछ, **उस**-लाई खान देऊ **जो** जान्छ, **त्यो** जाओस्. **जसले** जान्दछ, **त्यस**-ले भनोस्' भन्नु पर्नेमा अर्थात् बुझिने हुनाले दोस्रा वाक्यमा **उस**-लाई, **त्यो**, **त्यस**-ले, शब्दको प्रयोग नगरे पनी हुन शक्छ.

१७८. कोही पदार्थलाई प्रश्न गरी सन्देह रूपले बुझांउंन प्रयोग गरिने सर्वनामलाई **प्रश्नार्थक** भन्दछन्. यस्तो **को** शब्द हो.

जस्तैः—'**को** आयो?, **कस**-ले गऱ्यो?, **को** जान्छ?' इत्यादिमा आउंने, गर्ने, जानेलाई प्रश्न गरी सन्देह रूपले बुझांउंने हुनाले **प्रश्नार्थक** सर्वनाम हो.

(क) प्रश्नार्थक सर्वनामको जति कुरो लिई सन्देह भएको छ, त्यति कुरालाई कहने पद भन्दा प्रायः पहिले प्रयोग हुन्छ. जस्तैः—

'यो काम **कस**-ले गऱ्यो?' यहां गर्नेको उपर, 'तिमीले **कस**-लाई पुस्तक दियौ?' यहां पुस्तक दिइनेको उपर, '**को** आज इनाम पाउला?' यहां त्यसदिन इनाम पाउंनेको उपर, **को** शब्दबाट प्रश्न बुझिन्छ.

१७९. सर्वनाम पनो नामको बदलामा आई नाम जस्तै हुनाले, तिनका लिङ्ग, वचन, विभक्ति, कारक, सामान्यरूप, रूप, सब हुन्छन्. तर, सम्बोधन विभक्ति हुंदैन. तीनै लिङ्गमा रूप एकै हुन्छ. जुन लिङ्ग भएको नामको बदलामा आएको छ उही लिङ्गी भनिन्छ. स्त्रीलिङ्ग भएमा स्त्री-प्रत्यय हुंदैन. **जो**, **को**, शब्दको नपुंसकलिङ्गमा प्रयोग गर्दा एकवचनमा मात्रै जे, के, शब्द बन्दछ. अनेकवचनमा 'हरू' प्रत्यय सबै रूपमा हुंदैन.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

बहुवचनका 'हरू' लागेका रूप अनेकार्थीमा मात्र, नलागेका रूप प्रायः आदरार्थी, अनेकार्थी, दुवै बहुवचनमा प्रयोग हुन्छन्. प्रायः सबै शब्दका सामान्यरूप एकवचन अनेक वचनमा फरक हुन्छन्. कहीं प्रथमाको 'बाट' प्रत्यय हुँदैन. विभक्तिको लोप पनी प्रायः सबैमा हुँदैन. प्रत्यय हने लोप हुने सबै नियम नामशब्दका झैं प्रायः हुन्छन्. केही विशेष हुने नियम र रूपहरू क्रम संग लेखिएका छन्.

(१) प्रथम-पुरुष वाचक सर्वनाम, तिनै लिङ्गमा एकै हुने म शब्द--

म शब्दको एकवचनमा 'ले' प्रत्यय भएमा मैं यस्तो, षष्ठीमा मे यस्तो, अरूमा म यस्तो; बहुवचनमा 'हरू' नलागेको षष्ठीमा हाम् यस्तो. अरूमा हामी यस्तो, सामान्यरूप हुन्छ. प्रथमा तृतीयाको 'बाट' र, चतुर्थीको 'के' बहुवचनमा मात्र हुन्छ. द्वितीयाको विभक्तिप्रत्ययको लोप कहीं पनी हुँदैन. षष्ठीको एकवचनमा 'को, की, का,' को बदलामा रो, री, रा, प्रत्यय हुन्छन्. बहुवचनमा दुवै थरी हुन्छन्. को, की, का, भएमा 'हरू' नित्यै हुन्छ; रो, री, रा, भएमा नित्यै लोप हुन्छ. जस्तै:--

विभक्ति-एकवचन-		अनेकवचन-
प्र.	म, मैले.	हामी[१] (हरू), हामी-(हरू)-ले-बाट.
द्वि.	मलाई.	हामी-(हरू)-लाई.
तृ.	मैले.	हामी-(हरू)-ले-बाट.
च.	मलाई.	हामी-(हरू)-लाई-के.

---

१ कोही 'हामी' शब्दलाई ऱ्हस्व पनी लेख्तछन्. तर सभ्यहरू सबैको व्यवहारमा दीर्घै बोलिने लेखिने चलन हुनाले दीर्घै लेखिएको छ. यस्तै गरी सर्वनामशब्दको एकै प्रकार हुनाले तिमी, उनी, तिनी, यिनी, आफू, इत्यादि पनी दीर्घान्तै लेखिएका छन्.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पं.	मदेखि-देखिन्-बाट.	हामी-(हरू)-देखि,-देखिन्,-बाट.
ष.	मेरो, मेरी, मेरा,	हाम्रो, (म्री-म्रा) हामीहरूको-की-का.
स.	ममा.	हामी-(हरू)-मा.

(२) द्वितीय-पुरुषवाचक सर्वनाम, तीनै लिङ्गमा एकै हुने तं शब्द—

तं शब्दको एकवचनमा 'ले' प्रत्यय भएमा तैं यस्तो, षष्ठीमा ते यस्तो, अरूमा तं यस्तो; बहुवचनमा, 'हरू' नलागेको षष्ठीमा तिम् यस्तो, अरूमा तिमी यस्तो, सामान्यरूप हुन्छ. प्रथमा तृतीयामा 'बाट' हुंदैन. चतुर्थीको 'के' बहुवचनमा मात्र हुन्छ. द्वितीयाको विभक्तिप्रत्ययको लोप हुंदैन. षष्ठीको एकवचनमा 'को, की, का,' को बदलामा रो, री, रा, प्रत्यय हुन्छन्. बहुवचनमा दुवै थरी हुन्छन्. को, की, का, भएमा 'हरू' नित्यै हुन्छ, रो,री, रा, भएमा नित्यै लोप हुन्छ. जस्तै:—

प्र.	तं, तैंले.	तिमी-(हरू), तिमी-(हरू[1])-ले.
द्वि.	तंलाई.	तिमी-(हरू),-लाई.
तृ.	तैंले.	तिमी-(हरू)-ले
च.	तंलाई.	तिमी-(हरू)-लाई-के.
पं.	तंदेखि-देखिन्-बाट.	तिमी-(हरू)-देखि-देखिन्-बाट
ष.	तेरो, तेरी, तेरा.	तिम्रो-(म्री-म्रा) तिमीहरूको-की-का.
स.	तंमा.	तिमी-(हरू)-मा.

(३) दर्शक सर्वनाम, तीनै लिङ्गमा एकै हुने त्यो शब्द—

---

१ कोही हाम्ले तिम्ले यस्तो उच्चारण गर्दछन्त पनी सभ्यहरूको उच्चारणमा र, लेखमा त्यस्तो नदेखिनाले सो मानिएन. हामरो, हामिरो, तिमरो, तिमिरो, इत्यादि व्यवहार पनी नहुने, व्यवहार गरे पनी अर्थ नबुझिने हुनाले षष्ठीमा हाम्, तिम्, यस्तै सामान्यरूप मानिएको छ.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

त्यो शब्दको सबै एकवचनमा **त्यस** यस्तो, 'ले, लाई' भएमा **त्यल्** यस्तो पनी; सबै अनेकवचनमा **तिनी, तिन,** यस्तो सामान्यरूप हुन्छ. 'ले, लाई' को लोप भएमा एकवचनमा **त्यो, सो,** यस्तो; बहुवचनमा **ती** यस्तो पनी रूप हुन्छ. अनेकार्थी बहुवचनमा **तिनी तिन** शब्दमा 'हरू' प्रत्ययको विकल्पले लोप हुन्छ; आदरार्थीमा 'हरू' कहीं पनी हुंदैन; ती शब्दमा दुवै बहुवचनमा हुंदैन. तिन शब्दमा प्रथमा द्वितीयामा विभक्तिवचनका दुवै थरी प्रत्ययको एकैबाजि लोप हुंदैन; तिनी शब्दमा त नियम बमोजीम दुवैको पनी हुन्छ. कर्तामा 'बाट' प्रत्यय कुनै रूपमा पनी हुंदैन. आदरार्थी रूप निर्जीवमा नहुंनाले नपुंसकलिंगी हुंदैन. द्वितीयाको आदरार्थीमा 'लाई' को लोप कहीं पनी हुंदैन. तिनी सामान्य रूप हुने शब्द निर्जीवलाई कहंदा प्रायः प्रयोग गरिंदैनन्; तिन सामान्यरूप हुंने त निर्जीव सजीव सबैलाई कहंदा प्रयोग गरिन्छन्. जस्तैः—

प्र. त्यो, सो, [१]त्यसले, त्यल्ले. ती, तिनी-तिन-(हरू)-ले
द्वि. त्यो, सो, त्यसलाई, त्यल्लाई. ती, तिनी-तिन-(हरू)-लाई.

---

१ कोही 'त्यो' शब्दको 'तस' वा 'तेस' यस्तो सामान्यरूप मानेर तसले तेल्ले तसलाई तेसलाई तेल्लाई इत्यादि रूप पनी लेख्छन्. तर, यही शब्दबाट तद्धितका प्रत्यय हुंदा बनेका त्यता, त्यहां, त्यसरी, त्यहिले त्यहीं, इत्यादि रूपमा 'त्य' मिल्ने 'त, ते' इत्यादि नमिल्ने देखिनाले, प्रथमाको एकवचनमा पनी 'त्यो' नै हुने 'तो, तें' इत्यादि नहुने देखिनाले 'त्य' नै लेख्नु उचित छ. यसै अर्थले त्यता, त्यसरी, त्यस्तै, त्यति, इत्यादिमा 'त्य' देखिनाले त्यहां, त्यहीं, इत्यादिमा पनी 'त्य' नै लेख्नु उचित छ; ताहां, त्यांहां, ताहीं, त्यांहीं, इत्यादि उचित देखिदैन. तसर्थ 'त्यस' यो सामान्यरूपमा कहीं 'स' को लोप आदि भई तद्धितको सामान्यरूप हुन्छ.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

तृ.	त्यसले, त्यल्ले.	तिनी-तिन-(हरू)-ले.
च.	त्यसलाई, त्यल्लाई.	तिनी-तिन-(हरू)-लाई.
पं.	त्यसदेखि-देखिन्-बाट.	तिनी-तिन (हरू) देखि (न्)-बाट.
ष.	त्यसको-की-का.	तिनी-तिन (हरू)-को-की-का.
स.	त्यसमा.	तिनी-तिन (हरू) मा.

(४) दर्शक सर्वनाम, तीनै लिङ्गमा एकै हुने **यो** शब्द —

यो शब्दको सबैं एकवचनमा **यस** यस्तो, 'ले' लाई' भएमा यल् यस्तो पनी; सबै अनेकवचनमा **यिनी**, **यिन**, यस्तो सामान्यरूप हुन्छ. 'ले' लाई' को लोप भएमा एकवचनमा यो यस्तो, अनेकवचनमा यी यस्तो, पनी हुन्छ. अनेकार्थी बहुवचनमा **यिनी**, **यिन**, शब्दमा 'हरू' विकल्पले लोप हुन्छ; आदरार्थीमा कहीं पनी हुंदैन; **यी**, शब्दमा दुवै बहुवचनमा हुँदैन. यिनी शब्दमा प्रथमा द्वितीयामा विभक्ति वचनका दुवै थरी प्रत्ययको एकै बाजि लोप हुंदैन; **यिनी** शब्दमा त नियम बमोजीम दुवैको पनी हुन्छ. कर्तामा 'बाट' प्रत्यय कुनै रूपमा पनी हुंदैन. आदरार्थी रूप निर्जीवलाई कहंदा नहुंनाले नपुंसकलिंगी हुंदैन. द्वितीयाको आदरार्थीमा 'लाई' को कहीं पनी लोप हुंदैन. **यिनी** सामान्यरूप हुंने शब्द निर्जीवलाई कहंदा प्रायः प्रयोग गरिदैनन्; **यिन** सामान्यरूप हुंने त निर्जीव सजीव सबैलाई कहंदा प्रयोग गरिन्छन् जस्तैः--

प्र.	यो, यसले, यल्ले.	यी[१], यिनी-यिन-(हरू),-ले,
द्वि.	यो, यसलाई, यल्लाई.	यी, यिनी-यिन-(हरू)-लाई
तृ.	यसले, यल्ले.	यिनी (हरू) ले, यिन (हरू) ले

१ कोही यो, यिनीहरू, यसले, इत्यादिमा ई, इनीहरू, एसले, इत्यादि लेखतछन्. तर 'यो' शब्दबाट बनेका हुनाले सबैमा यकारं लेख्नु-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

द्य.	येसलाई, यल्लाई.	यिनी-यिन-(हरू)-लाई.
पं.	यसदेखि-देखिन्-बाट.	यिनी-यिन-(हरू) देखि-(न्)-बाट.
ष.	यसको-की-का.	यिनी-यिन-(हरू) को-की-का.
स.	यसमा.	यिनी-यिन-(हरू) मा.

[५] दर्शक सर्वनाम, तीनै लिंगमा एकै हुंने उ शब्द—

उ शब्दको सबै एकवचनमा उस यस्तो, 'लें, लाई' भएमा उल् यस्तो पनी; सबै अनेकवचनमा उनी, उन, यस्तो, सामान्यरूप हुन्छ. 'ले, लाई' को लोप भएमा एकवचनमा उ यस्तो, अनेकवचनमा ऊ यस्तो, पनी रूप हुन्छ. अनेकार्थी बहुवचनमा उनी, उन, शब्दमा 'हरू' विकल्पले लोप हुन्छ; आदरार्थीमा कहीं पनी हुंदैन; ऊ शब्दमा दुवै बहुवचनमा हुंदैन. उन शब्दका प्रथमा द्वितीया विभक्ति वचनका दुवै थरी प्रत्ययको एकै बाजि लोप हुंदैन; उनी शब्दमा त नियम बमोजीम दुवैको पनी हुन्छ. कर्तामा 'बाट' प्रत्यय कुनै रूपमा पनी हुंदैन. आदरार्थी रूप निर्जीवमा नहुनाले नपुंसकलिंगी हुंदैन. द्वितीयाको आदरार्थीमा 'लाई' को लोप कहीं पनी हुंदैन. उनी सामान्यरूप हुने शब्द निर्जीवलाई कहंदा प्रायः

उचित छ; अब लेख्नु हुंदैन. यस्तै यता, यसरी, इत्यादि तद्धित शब्दमा पनी एता, एसरी, इत्यादि लेख्नु ठीक होइन. कोही 'यो' शब्दको 'येस' यस्तो सामान्यरूप मानेर येसले येसलाई इत्यादि पनी लेख्तछन्. तर, 'त्यो' शब्दमा झैं यही शब्दबाट बनेका यता, यहां, यहीं, इत्यादिमा 'य' मिल्ने 'ये' नमिल्ने देखिनाले सबैमा 'य' नै लेख्नु उचित छ. यसै अर्थले यता, यसरी, यस्तै, यति, इत्यादिमा 'य' देखिनाले यहां, यहीं, इत्यादिमा पनी 'य' नै लेख्नु उचित छ. याहां, जाहां, याहीं, जाहीं, इत्यादि उचित देखिदैंन. तसर्थ 'यस' यो सामान्यरूपमा कहीं 'स' को लोप आदि तद्धित-को सामान्यरूप हुन्छ.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

प्रयोग गरिंदैनन्; उन सामान्यरूप हुने त निर्जीव सजीव सबैलाई प्रयोग गरिन्छन् जस्तै:—

प्र.	उ, उसले, उल्ले.	ऊ उनी-उन-(हरू)-ले
द्वि.	उ, उसलाई, उल्लाई.	ऊ, उनी-उन-(हरू)-लाई.
तृ.	उसले, उल्ले.	उनी-(हरू)-ले,-उन-(हरू)-ले.
च.	उसलाई, उल्लाई.	उनी-उन-(हरू)-लाई.
पं.	उसदेखि-देखिन्-बाट.	उनी-उन-(हरू)-देखि-(न्) बाट.
ष.	उसको-की-का.	उनी-उन-(हरू)-को-की-का.
स.	उसमा.	उनी-(हरू)-मा,उन-(हरू)-मा.

(६) सम्बन्धी सर्वनाम, तिनै लिङ्गमा एकै हुने जो शब्द—

जो शब्दको सबै एकवचनमा जस यस्तो, 'ले, लाई' भएमा जल यस्तो पनी; सबै अनेकवचनमा जुन यस्तो, सामान्यरूप हुन्छ. 'ले,लाई' को लोप भएमा एक अनेक दुवै वचनमा जो यस्तो पनी रूप हुन्छ. सबै रूपमा आदरार्थीमा 'हरू' लाग्दैन, अनेकार्थीमा विकल्प हुन्छ. कर्तामा 'बाट' प्रत्यय पनी हुन्छ. नपुंसकलिङ्गी भएमा एकवचनमा मात्रै जे यस्तो सामान्यरूप पनी हुन्छ. निर्जीवलाई भन्दा प्राय: जे शब्दको नै प्रयोग हुन्छ. जे शब्दमा आदर नबुझिनाले कर्तामा बाट प्रत्यय हुंदैन. निर्जीवलाई कहंने हुनाले द्वितीयामा 'लाई' रहदैन. अरू सबै नियम नामका झैं हुन्छन्. जस्तै: –

प्र.	जो[१] जसले-बाट, जल्ले.	जो, जुन-हरू, जुन-हरू-ले
	[जे, जेले].	जुन-हरू-बाट.

---

१ कोही जौन शब्द पनी मान्दछन्. तर त्यो हिन्दीको बोलीमा मात्र हुनाले हाम्रो भाषामा मानिएको छैन.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

द्वि.	जो, जसलाई, जल्लाई, [जे].	जो, जुन-हरू, जुन-हरू-लाई.
तृ.	जसले, जल्ले, जसबाट, [जेले].	जुन-हरू-ले, जुन-हरू-बाट.
च.	जसलाई, जल्लाई, [जेलाई].	जुन-हरू-लाई.
पं.	जसदेखि-देखिन्-बाट- [जेदेखि-देखिन्-बाट].	जुन-हरू-देखि-देखिन्-बाट.
ष.	जसको-की-का, [जेको-की-का].	जुन-हरू-को-की-का.
स.	जसमा, [जेमा].	जुन-हरू-मा.

[७] प्रश्नार्थक सर्वनाम, तीनै लिङ्गमा एकै हुने को[१] शब्द —

को शब्दको सबै एकवचनमा कस यस्तो, 'ले, लाई' भएमा कल् यस्तो पनी; सबै अनेकवचनमा कुन यस्तो, सामान्यरूप हुन्छ. ले, लाई' का लोप भएमा एक अनेक दुवै वचनमा को यस्तो पनी रूप हुन्छ. आदरार्थीमा कहीं पनी 'हरू' लाग्दैन; अनेकार्थीमा विकल्पले हुन्छ. कर्तामा 'बाट' पनी हुन्छ. नपुंसकलिङ्गी भएमा एकवचनमा मात्रै के यस्तो सामान्यरूप पनी हुन्छ. के शब्दमा आदर नबुझिनाले कर्तामा 'बाट' हुंदैन; निर्जीवलाई कहने हुनाले द्वितीयामा 'लाई' रहदैन. अरू नियम नामका झैं जान्नू. जस्तैः—

प्र.	को, कसले-बाट, कल्ले, [के, केले].	को, कुन-हरू, कुन-हरू-ले, कुन-हरू-बाट.
द्वि.	को, कसलाई, कल्लाई, [के].	को, कुन-हरू, कुन-हरू-लाई.

२ कोही 'को' शब्दको बहुवचनमा कुन कुन यस्तो मान्दछन्. तर त्यो वीप्सामा डबल उच्चारण भएको मात्र हो, सो वीप्सा एक अनेक दुवै वचनमा हुन्छ. जस्तैः—को को जान्छ. कुन कुनले गरे' इत्यादि.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

तृ.	कसले, कसबाट, कल्ले [केले].	कुन-हरूले, कुन-हरू-बाट.
च.	कसलाई, कल्लाई, [केलाई].	कुन-हरू-लाई.
पं.	कस-देखि-देखिन्-बाट, [के-देखि-देखिन्-बाट].	कुन-हरू-देखि-देखिन्-बाट.
ष.	कसको-की-का,[केको-की-का].	कुन-हरू-को-की-का.
स.	कसमा, [केमा].	कुन-हरू-मा.

१८०. यी बाहेक सर्वनामका अरू भेद पनी छन्. (१) **मानबोधक**, (२) **महासर्वनाम**, (३) **निश्चयबोधक**, (४) **अनिश्चयबोधक.**

१८१. द्वितीय-तृतीय-पुरुषलाई मान गरी बुझांउंदा प्रयोग हुने जुन सर्वनाम छन्, तिनलाई **मानबोधक** भन्दछन्. यस्ता शब्द **तपाजी, त्यांहां, यांहां, वांहां,** यी हुन्.

(क) प्रथम-पुरुषवाचक सर्वनाम **म** शब्दमा आफूलाई मान गर्नु बेठीक हुनाले साधारण सम्मले आफूलाई भन्दा एकवचन 'म' शब्दको, कहीं ठूलाले महत्त्व (बडोपना) देखाई भन्दा आदरार्थी-बहुवचन 'हामी' शब्दको; सम्बन्धी र प्रश्नार्थक सर्वनाम जो, को, शब्दमा पनी सान्है कमलाई भन्दा एक-वचन 'जो, को' शब्दको, अरू साधारणलाई र मान्यलाई पनी भन्दा आदरार्थी-बहुवचन 'जुन, कुन' शब्दकै प्रयोग हुन्छ. कहीं मानको उपहास (ठट्टा) बुझिदा **म** शब्दको बदला **मपाजी** शब्द प्रयोग गरिन्छ.

जस्तैः—'म जान्छु. मैले गरें. हामीबाट बक्स्यौं. हाम्रा हजुर्मा जाहेर गर्नू. कसैले तपाजी भनोस् वा नभनोस् आफै मपाजी भन्छ. जो गर्छ मरोस्. जुन भन्दछन्. को लेख्छ. कस-बाट गरिबक्सिन्छ. कुनले गर्नु भयो'. इत्यादि.

(ख) द्वितीय-पुरुषवाचक सर्वनाम **तं** शब्द र, दर्शक सर्वनाम **त्यो,**

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यो, उ, शब्दमा त सान्है कमलाई भन्दा एकवचनको, साधारणलाई भन्दा आदरार्थी-बहुवचनको प्रयोग हुन्छ; आफू भन्दा मान्यलाई भन्दा तं शब्दको बदला तपाञी शब्द, त्यो शब्दको बदला त्यांहां शब्द, उ शब्दको बदला वांहां शब्द प्रयोग गरिन्छन्. यी सर्वनामको प्रयोग भएमा संमानार्थी-क्रियापदैको प्रयोग पनी हुन्छ. जस्तैः—

'तं जा'; तिमी जाउः तपाञी जानुहोओस्. त्यो आयो; तिनी आए; त्यांहां आंउनुभयो. यो भन्दछ; यिनी भन्दछन्; यांहां भन्नुहुन्छ. उ आउंदैन. उनी आंउंदैनन्; वांहां पाल्नुहुंदैन' इत्यादि.

(ग) यिनको प्रयोगको नियम त जस-जस सर्वनामको बदला हो उस उसैको बमोजीम हुन्छ तं शब्द झैं तपाञी शब्द पनी नजीक रहेको भए मुखैले, टाडा रहेको भए लेख द्वारा, सम्बोध्यलाई बुझांउंछ. त्यो शब्द झैं त्यांहां शब्द पनी केही टाडा रहेको जस्तो देखाई, यो शब्द झैं यांहां शब्द पनी नजिक रहको जस्तो देखाई, उ शब्द झैं वांहां शब्द पनी निकै टाडा रहेको जस्तो देखाई, तृतीय-पुरुषलाई बुझांउंछन्. तर, तपाञी शब्दको प्रयोग गरेमा भन्दा बडता मान बुझांउंदा नजिकको मुखले सम्बोध्य भएकोलाई भन्दा त्यांहां शब्दको, यी दुवै देखि बेगलै सम्बोध्य नभएकोलाई भन्दा वांहां शब्दको प्रयोग पनी हुन्छ. तसर्थ तपाञी शब्द द्वितीय-पुरुषलाई मात्र, वांहां शब्द तृतीय-पुरुषलाई मात्र, त्यांहां, यांहां शब्द त मौका हेरी द्वितीय तृतीय दुवै थरी पुरुषलाई बुझांउंन शक्छन्. स्त्रीजातिहरूले आफना खसमलाई बुझांउंन प्रयोग गरिने वाहां शब्द पनी मानबोधक सर्वनामै हो. जस्तैः—'ए गुरु! तपानीले के कुरो भन्नुभयो? वांहां (ऊ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पण्डितजी) पुराण भन्न जान्नुहुन्छ ? यांहां (यी मानिस) कुन काममा हुनुहुन्छ ? पण्डितजी ! यांहांको (तपाईंको) नाम सुन्न पाउंछु कि ? त्यांहां (ती मानिस) कहां जानुभयो ? बाबाज्यू ! त्यांहांको (तपाईंको) आशीर्वादले म निकानन्द छु. वांहांले मलाई राम्रा चुरा ल्याई दिनु भयो.' इत्यादि.

(घ) यी शब्दका पनी लिङ्ग विभक्ति वचन रूप सबै हुन्छन्. तर, निर्जीवमा आदर नहुने हुनाले स्त्री. पुं. दुवै लिङ्ग मात्र हुन्छन्. दुवै लिङ्गमा रूप फरक र दुवै वचनमा अर्को सामान्य रूप पनि हुंदैन. शब्दैबाट आदर बुझिने आदरार्थी-बहुवचन मान्नु पर्दैन. अनेकार्थीमा 'हरू' नित्यै हुन्छ. षष्ठीमा 'को, की, का' नै हुन्छन् अरू कर्तामा 'बाट' हुने, द्वितीयाको 'लाई' लोप नहुंने, सम्बोधन नहुंने, इत्यादि प्रायः सबै नियम अरू सर्वनामैका झैं हुन्छन् सामान्यरूप फरक नपर्ने हुंनाले सबै रूप नाम संग मिल्दछन्. जस्तैः—

प्र.	यांहां,-ले-बाट.	यांहां-हरू-ले-बाट.
द्वि.	यांहांलाई	यांहां-हरू-लाई
तृ	यांहांले-बाट.	यांहां-हरू-ले-बाट.
च.	यांहांलाई	यांहां-हरू-लाई
पं.	यांहां-देखि-देखिन्-बाट.	यांहां-हरू-देखि-देखिन्-बाट.
ष.	यांहांको-की-का.	यांहां-हरू-को-की-का.
स.	यांहांमा.	यांहां-हरू-मा.

यस्तैः— तपाईं, त्यांहां, वांहां, शब्दको रूप पनी जान्नू.

(ङ) हजूर, सरकार, इत्यादि शब्द सम्बोध्यलाई अत्यन्त मान गरी बुझांउन प्रयोग गरिन्छन्त पनी 'ए हजूर ! ए सरकार !' इत्यादि सम्बोधन पनी हुंने, 'साना-हजूर, नेपाल-सरकार' इत्यादि नाम भई स्पष्ट व्यवहार पनी हुने, तं, तपाईं ,आदि शब्दको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

प्रयोगमा झैं यिनको प्रयोग गरेमा सम्बोधन अवश्य चाहिने नियम पनी नहुने हुनाले **प्रभु, खवानित, साहेब,** मालिक, इत्यादि शब्द झैं प्रभु-बोधक नामै हुन्; मानबोधक सर्वनाम होइनन् यिनका रूप 'महाराज' शब्दका झैं हुन्छन्. यिनको प्रयोगमा पनी संमानार्थी-क्रियाकै प्रयोग हुन्छ.

१८२. नाम सर्वनाम सबैको बदलामा जुन सर्वनामको प्रयोग हुन्छ, त्यसलाई **महासर्वनाम** भन्दछन्. यस्तो **आफू** शब्द हो.

(क) अघिल्लो वाक्यमा प्रयोग गरेका नामको दोस्रो वाक्यमा प्रयोग गर्नु पर्दा त्यसको सट्टामा **दर्शक-सर्वनाम** को प्रयोग हुन्छ; उही वाक्यमा उही वस्तुलाई बुझाउंने नाम सर्वनामको लगत्तै प्रयोग गर्नु परेमा दोस्रा पटक देखि त्यसको बदलामा **आफू** शब्दको प्रयोग हुन्छ. जस्तैः—

'शिवशङ्करले धेरै काम गरे; तिनलाई (शिवशङ्करलाई) इनाम देऊ' इत्यादिमा दोस्रो वाक्यमा **दर्शक सर्वनामको** प्रयोग भयो. 'सबै मानिस आफूहरू (मानिस) दुःख न भोगौं भन्दछन्. चोर आफूदेखि (चोरदेखि) पनी डराउंछ. म आफूलाई (मलाई) बुद्धिमान् ठहराउंछु. तं आफनो (तेरो) काम गर्' इत्यादिमा उही वाक्यमा पनी दोस्रो पटकमा भन्नु पर्ने नाम सर्वनामको बदलामा **महासर्वनाम** आफू शब्दको प्रयोग भयो.

(ख) अरू नाम सर्वनामहरू कोही शब्द कोही पुरुषलाई मात्र बुझाउंछन्; आफू शब्द त सबै जातका नाम सर्वनामहरूको बदलामा आउंन सक्ने हुनाले तीनै पुरुषलाई बुझाउंन सक्छ जस्तैः— बह्माले आफूबाट (ब्रह्माबाट) जगत् पैदा गर्नु भयो. पतिव्रता आफना (पतिव्रताका) पतिमा प्रेम गर्छन्. मन आफूलाई (मनलाई) दौडाउंछ. म आफू (म) खान्छु. तं आफू (तं) जा.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यो आफूलाई (यसलाई) देख्तैंन. उनी आफूलाई (उनीलाई) निन्दा गर्छन्. को आफनो (कसको) सऱ्हानी गर्दैन ? जो आफनो गुण देखाउंछ, सो आफूमा (त्यसमा) इज्जत पैदा गर्छ.' इत्यादि.

(ग) यस शब्दका पनी लिङ्ग, वचन, विभक्ति, रूप, सबै हुन्छन्. कर्तामा **बाट** पनी हुने, सम्बोधन नहुने, द्वितीयाको लाई लोप नहुने, अनेकार्थीमा हरू विकल्प हुने, सबै लिङ्गमा रूप फरक नहुने, इत्यादि नियम माथिका झैं जान्नू. षष्ठीको एकवचनमा **को, की, का,** को बदलामा **नो, नी, ना,** प्रत्यय हुन्छन्; बहुवचनमा दुवै थरी हुन्छन्. **को, की, का,** भएमा 'हरू' नित्यै हुन्छन्, **नो, नी, ना,** भएमा 'हरू' नित्यै लोप हुन्छ, **आफ** यस्तो सामान्यरूप पनी हुन्छ. अरूमा सामान्यरूप फरक हुंदैन्. जस्तैः—

प्र.	आफू, आफूले-बाट.	आफू (हरू)-ले-बाट.
द्वि.	आफूलाई.	आफू (हरू)-लाई.
तृ.	आफूले-बाट.	आफू (हरू)-ले-बाट.
च.	आफूलाई.	आफू (हरू)-लाई.
पं.	आफूदेखि-देखिन्-बाट.	आफू (हरू) देखि-देखिन्-बाट.
ष.	आफनो-नी-ना.	आफनो-नी-ना. आफूहरूको-की-का.
स.	आफूमा.	आफू (हरू) मा.

(घ) दर्शक सर्वनाम जसको बदलामा आएको छ, उस भन्दा पछि मात्र प्रयोग गरिन्छ; महासर्वनाम त जसको बदलामा आएको छ, उस भन्दा अघि पनी पछि पनी प्रयोग हुन शक्छ. जसको बदलामा आफू शब्दको प्रयोग भएको छ ती दुवै एकै कार-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कलाई बुझांउंने भए एकै विभक्तिमा प्रयोग हुन्छन्; भिन्न कारक भए, अथवा बेगलै पद संग अन्वय भए, बेगलै विभक्ति पनी हुन्छ. जस्तैः--

'म आफू गर्दिन त्यसले आफूलाई कुट्यो. आफनो काम यो गर्छ. मैले आफूले देखेको हो. मेरो आफनो पुस्तक हो. हाम्रा आफना धन खर्च भए. तेरो आफनो टोपी कहां छ ? रामु आफूमा नियम राख्छन्.' इत्यादि.

(ङ) बेगलै बेगलैलाई कहने धेरै नाम सर्वनाम भएका वाक्यमा आफू शब्दको प्रयोग गरेमा 'यो आफू शब्दबाट योचाहीं बुझिन्छ' भन्ने मौकाको अनुसारले बुझ्नु पर्छ. तर त्यस्तो सन्देह पनैं भएमा जुनचाहीं नाम सर्वनामको अर्थ बुझांउंने मतलव छ, उही पद संग जोडेर वाक्यमा प्रयोग गर्नु उचित हुन्छ.

जस्तैः--'रामजीले आफनो (रामंजीको) कोट आफूले (रामजीले) कृष्णजीलाई लगाई दिए. रामजीले कृष्णजीलाई आफनो (कृष्णजीको) टोपी आफूले (कृष्णजीले) लाउंन लाए. त्यसले (कालेले) आफूले (कालेले) आफनो (कालेको) लठ्ठीले त्यसको (सेतेको) आफनो [सेतेको] वावुलाई कुट्यो.

(च) कहीं तपाजी भन्ने अर्थमा पनी, कहीं स्त्रीजातिले पछिल्तिर आफना खसमलाई बुझांउंने अर्थमा पनी, आफू शब्दको प्रयोग हुन्छ; त्यो त मानबोधक सर्वनामै हो. तर त्यसको षष्ठीमा एक अनेक दुवै वचनमा को, की, का, प्रत्ययै हुन्छन्; नो, नी, ना, हुंदैनन्. तपाजी शब्दको सट्टामा आउंने आफू शब्द त महासर्वनामै हो; नो, नी, ना, पनी हुन्छन्. जस्तैः--

'आफू (तपाजी) कहां जानुहुन्छ ? आफनो (तपाजीको) घर कहां हो ? आफूले (तपाजीले) भोजन गर्नु भएन. आफू (पति)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अहिले बाहिर जानुभएको छ. आफू (पति) आउंनुभयो. तपाजी आफनो काम गर्नु होओस्.'

(छ) **आफू** यस्तो शब्द 'हुनत' भन्ने अर्थ बुझांउने अव्यय पनी छ, सो त सर्वनाम होइन. जस्तैः—

'आफू [हुनत] मैले जानेको हो, तर कसरी बिर्ग्रे छ.

आफू [हुनत] रामुले भनेका हुन्, तर बिर्सेछु.' इत्यादि.

१८३. जुन सर्वनामबाट त्यस पदार्थमा केही निश्चय अंश बडता बुझिन्छ, ती सर्वनामलाई निश्चयबोधक भन्दछन्. म, तं, त्यो, यो, उ, यांहां, त्यांहां, वांहां, आफू, इत्यादि शब्दमा **ए, ई, नै, चाहीं**, जोडदा यस्ता शब्द बन्दछन्. **निज, मजकूर**, इत्यादि शब्द पनी यस्तै हुन्.

[क] निश्चय अर्थ बुझांउंदा कहीं सामान्यरूप कहीं प्रत्यय, अर्कैं आकारको हुन्छ, कहीं **ही, नै**, जोडिन्छ. म, तं, त्यस, तिनी, तिन, यस, यिनी, यिन, उस, उनी, उन, आफू,' यस्ता सामान्यरूप भएमा ऐ भई; त्यांहां, यांहां, वांहां, यस्ता सामान्यरूप भएमा ई भई; **मै, तैं, त्यसै, तिनै, यसै, यिनै, उसै, उनै, आफै, त्यांहीं, यांहीं, वांहीं**, यस्ता सामान्यरूप हुन्छन्. ले, बाट, मा, को, की, का, रो, री, रा, नो, नी, ना यी प्रत्ययका **ल्यै, बाटै, मै, कै, रै, नै**, यस्ता आकार हुन्छन् त्यो, सो, यो, यस्ता रूपमा **त्यही, सोही, यही**, यस्ता रूप हुन्छन्. तपाजी शब्दमा सामान्यरूप बिग्रदैन, प्रत्यय मात्र एकारान्त हुन्छ. रूप, सामान्यरूप, विभक्ति, मध्ये एक कोही बिग्रन्छ, सबै एकै बाजि प्रायः बिग्रदैनन्. नबिग्रने रूपहरूमा, बिग्रन सक्ने रूपहरूमा, नबिग्रने शब्दमा पनी रूपको पछि **नै** यो अव्यय अलग्ग जोडिन्छ. जस्तैः—

म–'मै, मैलाई-देखि-देखिन्-बाट-मा, मेरै, हाम्रै, मैल्यै, हामी-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

हरू-ल्यै, म-हामी-मै-बाटै, हामीहरू-कै' तं-तैं, तैंलाई-देखि-देखिन्-बाट-मा, तेरै, तिम्रै, तैंल्यै, तिमी-हरू-ल्यै तं-तिमी-मै-बाटै, तिमीहरू-कै.' त्यो—'त्यही, सोही, त्यसै,-तिनै-हरू-ले-लाई-देखि-देखिन्-बाट-को-की-का, मा, त्यसल्यै, त्यल्ल्यै, त्यस-बाटै-कै-मै, तिनी-हरू-तिन-हरू-ल्यै-बाटै-कै-मै.' यो—'यही, यसै,-यिनै-हरू-ले-लाई-देखि-देखिन्-बाट-को-की-का-मा, यल्ल्यै, यसल्यै-बाटै-कै-मै, यिनी-हरू-यिन-हरू-ल्यै-बाटै-कै-मै.'

उ—'उही, उसै,-उनै,-हरू-ले लाई-देखि-देखिन्-बाट-को-की-का-मा, उल्ल्यै, उसल्यै-बाटै-कै-मै, उनी-हरू-उन-ल्यै-बाटै-कै-मै.'

आफू—'आफै, आफैले-लाई-देखि-देखिन्-बाट-को-की-का-मा, आफनै, आफू-हरू-ल्यै ल्यै-बाटै-कै-मै-.'

त्यांहां—'त्याही-हरू-ले-लाई-बाट-देखि-देखिन्-को-की-का-मा, त्यांहां-हरू-ल्यै-बाटै-कै-मै.'

यांहां 'याहीं-हरू-ले-लाई-बाट-देखि-देखिन् को-की-का-मा, यहां-हरू-ल्यै-बाटै-कै-मै.'

वांहां—'वांहीं-हरू-ले-लाई-बाट-देखि-देखिन्-को की-का-मा, वांहां-हरू-ल्यै-बाटै-कै-मै.'

तपाजी—'तपाजी-हरू-ल्यै-बाटै-कै-मै.'

नै—मैले नै, तेरो नै, यिनहरूका नै, तिनदेखिन् नै, उसमा नै, आफनी नै, त्यांहालाई नै, यांहांहरूबाट नै, वांहां नै, तपाजीले नै' इत्यादि हुने सम्म सबै रूप जान्नू

(ख) सामान्यरूपको पछी र, कहीं कहीं विभक्तिको पछि पनी 'चाहीं' शब्दमा जोडेमा केही निश्चय अंश बुझिन्छ; सो, प्रायः सबै शब्दमा जोडिन शक्छ. अरू शब्दको सामान्यरूप आफनो नियम बमोजीम हुन्छ. जो, को, शब्दमा त एकवचन-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मा 'जो, के, जस, जुन;' को, के, कस, कुन; बहुवचनमा 'जो, जुन, को, कुन;' यस्ता सामान्यरूप हुन्छन्. 'जुन, कुन' यस्तो सामान्यरूप भएमा निर्द्धारण अर्थ बुझिएमा 'चाहीं' शब्दको विकल्पले लोप पनी हुन्छ, अर्थात् 'जुन, कुन' यी बहुवचनका रूप हुन्छ पनी निर्द्धारण अर्थ बुझांउंदा एकलाई भन्दा पनी 'जुन, जुन चाहीं; कुन, कुनचाहीं;' यस्तो प्रयोग हुन्छ. बहुवचनमा पनी लोप गरेर नगरेर पनी प्रयोग हुन्छ.

जस्तैः— मचाहीं, हामीहरूचाहींको; तिमीचाहीं, तिम्राचाहीं; त्योचाहीं, त्यसचाहींले; यसचाहींले, यसकोचाहीं, यीचाहीं; उचाहीं, उनीचाहींले; त्याहाचाहींले, त्याहांहरूचाहीं याहांचाहींले, याहांचाहीं; वाहांकीचाहीं, वाहांचाहींलाई; तपाञीचाहींले, तपाञीउरूचाहीं; आफनैचाहीं, आफूहरूचाहींलाई; कुनचाहीं, कसचाहींले; कोचाहीं, जुनचाहींलाई; जोचाहो, जुनचाहीं, जुन घोडा दौडन्छ, उ काम लाग्छ. कुनचाहीं, कुनकोचाहीं, आयो. जुन जान्छन् ' इत्यादि.

(ग) अघिबाट गएको नाम सर्वनामको अर्थलाई निश्चय रूपले बुझांउंदा **निज, मजकूर, मौसुफ,** यी शब्दको पनी प्रयोग हुन्छ. तर यी शब्दको मनुष्यलाई बुझांउंदा मात्र प्रयोग हुन्छ. साधारणलाई **निज** शब्दले, मान्यलाई **मजकूर** शब्दले, विशेष मान्यता बुझांउंदा **मौसुफ** शब्दले, व्यवहार गरिन्छ. नपुंसक बाहेक लिङ्ग, सम्बोधन बाहेक विभक्ति, प्रथमाको 'बाट' प्रत्यय, द्वितीयाको लोप नहुनु, अनेकार्थीमा विकल्पले 'हरू' प्रत्यय, इत्यादि सर्वनामका झैं हुन्छन्. साकान्यरूप र, प्रत्ययहरू फरक नपर्ने हुनाले नामको झैं रूप चलाउंनू. जस्तैः— 'रामप्रसादले धेरै काम गरेको हुनाले निजलाई श्याबासी देऊ. जनरलनीसाहेबबाट बोलाई बक्सियो, मजकूरबाट इनाम पनी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

बक्सियो. महाराको जुनाफमा यो कुरो जाहेर भयो; मौसुफबाट हुन्छ भन्ने हुकुम भयो. इत्यादि.

(घ) तर यंहां यो विशेष छ कि, क-नियमका शब्दमा अवधारण अर्थात् पक्का त्यो भन्ने किसिमको निश्चय बुझिन्छ. ख-ग-नियमका शब्दमा निर्धारण अर्थात् धेरै मध्ये कोहीचाहीं भन्ने किसिमको निश्चय बुझिन्छ. तसर्थ, अवधारण बुझांउनेलाई निर्धारण बुझांउने, निर्धारण बुझांउनेलाई अवधारण बुझांउने, गरेर पनी प्रयोग हुन शक्छ. जस्तैः—
'निजैले गरेको, यसचाहींलाई नै, उहींचाहीं मानिस, मजकूरलाई नै, उनीचाहीं नै आए.' इत्यादि.

१८५. जुन सर्वनामबाट त्यस पदार्थमा केही अनिश्चय अंश बडता बुझिन्छ, ती सर्वनामलाई अनिश्चयबोधक भन्दछन्. को शब्दमा अवधारणको कैं ऐ, हो, जोड्दा र, जो शब्दमा सुकै शब्द जोड्दा यस्ता शब्द बन्दछन्.

(क) अनिश्चय अर्थ बुझांउंदा को शब्दको 'कस, कुन, के' यो सामान्यरूप भएमा कसै, कुनै, केही, यस्ता सामान्यरूप हुन्छन्. 'को' यस्तो रूप भएमा कोही यस्तो रूप हुन्छ. प्रत्यय त बिग्रदैन नै पनी जोडिदैन. जस्तैः—
को—'कोही, केही, कसैले-लाई-देखि-देखिन्-बाट-को-की-का-मा, कुनै-हरू-ले-लाई-देखि-देखिन्-बाट-को-की-का-मा, केही-ले-लाई-देखि-देखिन्-बाट-को-की-का-मा.' इत्यादि.

(ख) जो शब्दको सामान्यरूपको पछि, अथवा कहीं रूपको पछि पनी सुकै शब्द जोडेमा पनी केही अनिश्चय अंश बुझिन्छ. सो सबै रूपमा जोडिन शक्छ. जस्तैः—
जोः—'जो-जस-जे-सुकै-ले-लाई-देखि-देखिन्-बाट-को-की-का-मा,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

जुनसुकै-हरू-ले-लाई-देखि-देखिन्-बाट-को-की-का-मा. जल्लाई-सुकै.' इत्यादि.

(ग) तर यस्मा यो विशेष बुझिन्छ कि, जो शब्दमा सुकै लागेमा उपेक्षा, अर्थात् बेवास्ता रूप अनिश्चय बुझिन्छ; को शब्दमा ऐ, ही, लागेमा अविशेष, अर्थात् विशेष थाहा नहुनु रूप अनिश्चय बुझिन्छ. कोही भनेमा व्यक्ति नछुट्टिए जस्तो, केही भनेमा परिमाण नछुट्टिए जस्तो पनी बुझिन्छ, निश्चयबोधक भएमा ती शब्दको अर्थ पनि बुझिन्छ, अनिश्चयबोधक-मा त को शब्दको प्रश्न रूप, जो शब्दको सम्बन्ध रूप अर्थ बुझिदैन. यसैले सुकै लागेको जो शब्द भएमा अर्को वाक्यमा त्यो, यो, उ, शब्द चाहिदैनन्.

१८६. प्रथम-द्वितीय-पुरुषवाचक र, मानबोधक बाहेक अरू सबै किसिमका सर्वनामहरू, विशेषण भएर पनी प्रयोग हुन्छन्, यसका विशेष कुरा विशेषण-विचारमा जानिने छन्. सर्वनामबाट केही प्रत्ययहरू भई बनेका विशेषण अव्ययहरू धेरै थरी हुन्छन्. यस्तै सर्वनामहरू जोडिएर, 'जो-कोही, जस-त्यस, केही-न-केही' इत्यादि पनीप्रयोग हुन्छ. सो पनी पछि बुझिनेछ.

१८७. अमुको, फलानो, सब, अरू, अर्को, इत्यादि शब्दलाई पनी संस्कृतको हिसाबले सामान्य-सर्वनाम भन्ने भेद कोही मान्दछन्, तर ती शब्द संस्कृतमा रूपका अनुसारले सर्वनाम मानिए त पनी हाम्रो भाषामा विशेषणै हुन्. कहीं विशेष्य तुल्याई प्रयोग गरेमा नाममा झैं सम्बोधन पनी हुने हुनाले सर्वनाममा गनिएनन्.

तेरीज

(क) बोल्नेलाई कहने 'म' शब्दलाई र, सम्बोध्यलाई कहने 'तँ' शब्दलाई 'पुरुषवाचक-सर्वनाम' भन्दछन्.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(ख) तृतीय-पुरुषलाई छुट्याई बुझांउने 'त्यो, यो, उ' यी शब्दलाई 'दर्शक-सर्वनाम' भन्दछन्.

(ग) कसैलाई केही कुराको सम्बन्ध देखाई बुझांउने 'जो' शब्दलाई 'सम्बन्धी-सर्वनाम;' कसैलाई प्रश्न गरेर बुझांउने 'को' शब्दलाई 'प्रश्नार्थक सर्वनाम' भन्दछन्.

(घ) द्वितीय-तृतीय-पुरुषलाई मान गरेर बुझांउंदा प्रयोग हुने 'तपाजी, यांहां, त्यांहा, वाहां, शब्दलाई 'मानबोधक-सर्वनाम;' नाम सर्वनाम सबैको सट्टामा प्रयोग हुने 'आफू' शब्दलाई 'महासर्वनाम' भन्दछन्.

(ङ) पदार्थमा निश्चय अंश बढता बुझांउने 'ए, ई, हो, नै, च.हीं' जोडेका 'म, तं, त्यो, यो, उ, याहां, त्याहां, वाहां, तपाजी, आफू, शब्दलाई र, निज, मजकूर, मौसुफ, शब्दलाई 'निश्चय-बोधक-सर्वनाम; पदार्थमा अनिश्चय अंश बुझांउने 'ऐ, ही' जोडेको 'को' शब्द र, 'सुकै' जोडेको 'जो' शब्दलाई 'अनिश्चय-बोधक-सर्वनाम' भन्दछन.

अभ्यास—

(१) पुरुषवाचक, दर्शक, सम्बन्धी, सर्वनाम भनेको के हो ? कुन सर्वनामको बदलामा कुन मानबोधक प्रयोग गरिन्छन् ? अनिश्चयबोधक र निश्चयबोधक सर्वनाम कसरी बन्दछन् ? कुन कुन सर्वनामका कुन कुन लिङ्ग हुन्छन्. ?

(२) तल लेखेका वाक्यमा कुन सर्वनाम कस्ता हुन्, कसका बदलामा आएका हुन्, बताऊ—

'हरि र हर जगत्मा कसका पूज्य छैनन् ? यिनैमा भक्ति गर्नाले जुनसुकै इच्छा पनी पूर्ण हुन्छन्. निजहरूबाट कुनचाहीं

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पदार्थ हामीले पाउंन शकोइनौं. जसको आफनो मन शुद्ध छ उसैंकोचाहीं दिलमा प्रकाश हुन्छन्. ए हरिप्रसाद ! तिमी केलाई वाहांको घर गयौ ? गुरुजी ! यांहांबाट पाएका शिक्षा मेरो आफनै फाइदा गर्नेछन्. तपाओ आफू के भन्नुहुन्छ ? बाबाज्यू ! त्यांहांले पठाई बक्सेको शिक्षापत्र दर्शन पाएं; त्यसलाई शिरमा चढाई आफनै दिलमा राखें. गोविन्दले पाठ सुनाए, निजले नवां पाठ पनी लिए.'

१७-विशेषण[१]-विचार

१८८. विशेषणबाट केही पदार्थ पनी योथाहीं भनि तोकिई बुझिन शक्तैंन, तिनले केवल पदार्थमा रहने केही विशेष धर्म बुझाई त्यो धर्म भएका सबै जातका वस्तुलाई सामान्यरूपले बुझांउंछन्, त्यसमा विशेष जातको तोकेर बुझांउंन विशेष्यको प्रयोग गर्नु पर्छ. जस्तैः—

'सेतो, कालो, लामो, छोटो, दुई, चार' इत्यादि शब्द मात्र भनेमा सेतो कालो रङ, लमाइ, छोटाइ, दुइ चार संख्या, यी धर्म बुझिई ती धर्म हुने कपडा, पुस्तक, कोट, जुत्ता, आदि सबै जातका वस्तु सामान्यरूपले बुझिन शक्छन्, 'यो जातको चीज' भनि छुट्टिन शक्तैंन; त्यसमा 'सेतो कपडा, कालो काम्लो, लामो लठ्ठी, छोटो जुत्ता, दुई कलम, चार पुस्तक' भनी विशेष्यको समेत प्रयोग गरेमा 'यो धर्म हुने यो जातको वस्तु' भनि छुट्टिएर बुझिन्छ.

---

१ क्रिया-विशेषण अव्ययमा पर्ने हुनाले यहां नाम-विशेषणको मात्र बयान लेखिन्छ.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

१८९. 'लमाइ, छोटाइ, मूर्ख्याँई, दुष्टयांइं इत्यादि भाववाचक-नामबाट केही वस्तुका गुण आदि धर्म मात्रै बुझिन्छन्, त्यो धर्म हुने वस्तु त सामान्यरूपले पनी बुझिँदैनन्; 'लामो, छोटो, मूर्ख, दुष्ट' इत्यादि विशेषणशब्दबाट त लमाइ आदि धर्म हुने वस्तु पनी सामान्यरूपले बुझिन्छन्. यसैले 'लामो कपडा ल्याऊ' भन्ने मतलवले 'लामो ल्याऊ' भन्न हुन्छ, 'लमाइ ल्याऊ' भन्न हुंदैन. तसर्थ-भाववाचक नाम धर्मवाचक हुन्छन्, विशेषण धर्मिवाचक हुन्छन्.

(क) 'अलछी, वेस, बदला, भर्ना, सट्टा इत्यादि केही शब्द त भाववाचक र, विशेषण, दुवै थरी हुन शक्छन्. यस्ता शब्द धर्मलाई मात्र कहने गरी प्रयोग गरेमा भाववाचक, धर्मिलाई समेत कहने गरी प्रयोग गरेमा विशेषण हुन्छन् जस्तैः— 'अलछी नमान. तिमीले **बेस** गर्‍यौ. यसको **बदलामा** त्यो आंउंछ. यसको **भर्नामा** त्यो भयो.' इत्यादिमा भाववाचक; 'तिमी **अलछी** नहोऊ. यो **बेस** छ. यसको **बदला** त्यो हो. **भर्ना** रुपियां राख' इत्यादिमा विशेषण भई प्रयोग भएको छ. यस्तैः— यस किसिमका अरू शब्दमा पनी जान्नू.

१९०. (अ) पदार्थ दुइ किसिमका हुन्छन्. कोही कसैका सजातीय, अर्थात् एकै जातका; कोही कसैका विजातीय, अर्थात् बेगलै जातका; हुन्छन्. जस्तैः— गाई, घोडा, मानिस, पक्षी, इत्यादि आफूसमा विजातीय हुन्; वेलायती गाई, गुजराती गाई; भोटे घोडा, अरबी घोडा; अग्लो मानिस, पुड्को मानिस; इत्यादि आफूसमा सजातीय हुन्. फेरी कोही कसैका सरूप, अर्थात् एकै किसिमका; कोही कसैका विरूप, अर्थात् बेगलै किसिमका, पनी हुन्छन्. जस्तैः— 'रातो, कालो, लामो, छोटो' इत्यादि आफूसमा विरूप हुन्; रातो कपडा, रातो गाई; लामो काठ, लामो सत्तरी; इत्यादि आफूसमा सरूप हुन्.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(आ) विशेष्य-शब्दबाट जाति बुझिने हुनाले सजातीय विजातीय छुट्टिन्छ; विशेषण-शब्दबाट किसिम बुझिने हुनाले सरूप विरूप छुट्टिन्छ. विशेष्य-शब्दको प्रयोग गर्नाले विजातीय जति बाहेक भई सजातीय जति सबै बुझिन्छन्, त्यसमा विशेषण जोड्दा सजातीय मध्यमा पनी विरूप जति बाहेक भई सरूप जति मात्रै बुझिन्छन्. तसर्थ—विशेष्यले जातिद्वारा बुझाएको वस्तुलाई नै विशेषणले किसिम द्वारा बुझाउंने हुनाले दुवै पदबाट बुझिने वस्तु एकै हुन्छ. यस कारण विशेष्यको अर्थमा किसिम देखाई छुटयाउंने अर्थ बुझाउंने हुनाले 'विशेषण,' छुट्टिने अर्थ बुझाउंने हुनाले 'विशेष्य,' भन्ने व्यवहार भयो.

(इ) यसैले किसिम छुटयाउंनु नपरेमा केवल विशेष्यको, वस्तु छुटयाउंनु नपरेमा केवल विशेषणको, दुवै थोक देखाउंनु परेमा दुवैको पनी प्रयोग हुन शक्छ. जस्तैः—'गाईको दूध ल्याऊ. पुस्तक ननाघ. मूर्खको विश्वास हुंदैन. लामोले धेरै ढाक्छ. कैली गाईको दूध फाइदा गर्छ. जिल्दवाला पुस्तक खप्छ. मूर्ख मानिसको होस हुंदैन. लामो कलम असजिलो हुन्छ.' इत्यादि.

१६१. विशेषणबाट बुझिने पदार्थका धर्म सामान्य रूपले दुइ किसिमका हुन्छन्. कहीं यस्तो भन्ने केही गुणरूप विशेष बुझिन्छ; कहीं यति भन्ने केही संख्यारूप विशेष बुझिन्छ. जस्तैः—

'अमिलो दारिम, कालो टोपी, लामो बांश, मूर्ख शिष्य, बाङ्गो काठ' इत्यादिमा अमिलो, कालो, लामो, मूर्ख, बाङ्गो, यी विशेषणबाट दारिम, टोपी, बांश, शिष्य, काठ, यी विशेष्यका अर्थमा यस्ता भन्ने स्वाद, रङ, नाप, स्वभाव, आकार आदि केही गुण बुझिन्छ. 'चार स्त्री, दश दिशा, हजार बाहुन, लाखौं जनावर, दुइ हात' इत्यादिमा चार, दश, हजार, लाखौं, दुइ, यी विशेषणबाट स्त्री, दिशा, बाहुन, जनावर, हात, यी विशेष्यका अर्थमा यति भन्ने केही संख्या बुझिन्छ.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

१९२. तसर्थ—सामान्यरूपले विशेषण दुइ प्रकारका छन्. (१) गुण॰ विशेषण, (२) संख्याविशेषण.

१९३. जुन विशेषणबाट पदार्थको केही गुणरूप विशेष बुझिन्छ, तिनलाई गुणविशेषण भन्दछन्. जस्तै:—

'मीठो, कालो, रातो, अग्लो, होचो, दुष्ट, वेस, खराप, गर्ने, खाने; दाढीवाल.' इत्यादि.

१९४. जुन विशेषणबाट पदार्थको केही संख्यारूप विशेष बुझिन्छ, तिनलाई संख्याविशेषण भन्दछन्. जस्तै:—

'एक, दुइ, दश, डेढ, दोवर, पहिलो, दोहोरो, हजारौं, दुइसरो, दोस्रो' इत्यादि.

१९५. गुणविशेषण तीन प्रकारका छन्. (१) स्वरूपबोधक, (२) क्रियाबोधक, (३) सम्बन्धबोधक.

[१] स्वाद, रङ, परिमाण, स्वभाव, छांट, इत्यादि केही गुण देखाई वस्तुको स्वरूप बुझांउने विशेषणलाई स्वरूपबोधक भन्दछन्. जस्तै:—

(क) स्वाद बुझांउने–'मिठो, गुलियो, टर्रो, तितो, अमिलो, पिरो, नूनिलो' इत्यादि.

(ख) रङ बुझांउने–'रातो, कालो, पहेंलो, सुरङ, असमानी, बैंजनी, गुलाफी.' इत्यादि.

(ग) परिमाण बुझांउने–'लामो, छोटो, अग्लो, होचो, हलुको, गह्रौं, भारी, चेपटो.' इत्यादि.

(घ) स्वभाव बुझांउने–'दुष्ट, मूर्ख, लुच्चो, ठग, चतुरो, बदमास, धीटो, गंभीर.' इत्यादि.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(ङ) छांट बुझांउने–'खस्रो, मसिनो, मोटो, दुब्लो, कानो, लँगडी, लाटो, साबुत.' इत्यादि.

यस्तैः—'राम्रो, बेस, असल, कम, खराप, उत्तम, बाठुलो, गोल, सानो, ठुलो, मूर्ख, छट्टू, फुस्रो, डब्बल, सकली, नकली, इत्यादि पनी हर एक किसिमको गुण देखाई स्वरूप बुझांउने हुनाले 'स्वरूपबोधक' हुन्.

[२] केही क्रिया बुझाई वस्तु बुझांउने विशेषणलाई क्रियाबोधक भन्दछन्. जस्तैः—

'गर्ने, खाने, हुने, गरिने, खाइने, खवैया, देखौवा, लेखौवा, ढबाहा, पोलाहा, मरुवा, सरुवा, गरेको, खाएको, मान्य, पूज्य, सुनाएको, गराएको, दाने.' इत्यादि.

[३] कोही देश, काल, वस्तु, जाति, धर्म, आदि नामपदार्थको सम्बन्ध लिएर वस्तु बुझांउने विशेषणलाई सम्बन्धबोधक भन्दछन्. जस्तैः—

(क) देशको सम्बन्ध बुझांउने–'गाउंले, पर्वते, गोर्खाली, पाल्पाली, ठिमिले, अछामी, सहरिया, काशीवाल, पाटने, पूर्बिया, पश्चिमा, नेपाली, कलकत्ती. इत्यादि

(ख) कालको सम्बन्ध बुझांउने–'ओंस्याहा, मुल्याहा, मङ्गले, बर्खे, हिउंदे, चैते, असारे, कात्तिके.' इत्यादि.

(ग) जातिको सम्बन्ध बुझांउने–'अंग्रेजी, नेवारी, बाहुने, मुसल्मानी.' इत्यादि.

(घ) वस्तुको सम्बन्ध बुझांउने-'चन्दने, धोक्रे, दाढ़ीवाल, जड्याहा भङ्याहा, थुतुने, नाके, कंठावाल, परेवाबाज, धनी, धनवान्,' इत्यादि.

(ङ) धर्मको सम्बन्ध बुझांउने–'जङ्गी, बेहोसी, बुद्धिमान्, दुःखी,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सौखीन, चारपाटे, तीनकुने, चकचके, खलबले, कपटी, गफी, रसिआं.' इत्यादि.

यस्तैः— सदरिया, सर्कारिया, दुनियांदारी, जुवारी, भिखारी, पूजारी, माने, सिकारी, इत्यादि अरू अरू कुराको सम्बन्ध बुझांउने पनी सम्बन्धबोधक हुन्.

१९६. संख्याविशेषण पांच प्रकारका छन्. (१) निश्चित-संख्याबोधक, (२) अनिश्चित-संख्याबोधक, (३) अंशबोधक, (४) आवृत्तिबोधक, (५) क्रमबोधक.

(१) कोही निश्चय भएको संख्या लिई वस्तु बुझांउने विशेषणलाइ निश्चित-संख्याबोधक भन्दछन्. जस्तैः—'एक, एउटा, एकवटा, दुइ, दुइवटा, शय, दश, बीश, हजार, लाख, करोड, बाईश, चौंतीस, सत्तरी, असी, नब्बे, एकशय आठ.' इत्यादि.

(२) कोही निश्चय नभएको सामान्य संख्या लिई वस्तु बुझांउने विशेषणलाई अनिश्चित-संख्याबोधक भन्दछन्. जस्तैः—'सब, सबै, धेरै, यावत्, यावन्त, असंख्य, बेगिन्ति, अनगिन्ति, बेहिसाब, हजारन्, करोडन्, कोटियन्, शयन्, लाखन्, कैयन्.' इत्यादि.

(३) कोही भाग (टुक्रा) संख्या लिई वस्तु बुझांउने विशेषणलाई अंशबोधक भन्दछन्. जस्तैः—'आधा, सवा, डेढ, पौने, अढाई, साढे, चौथाई, डेढ शय, सवा पांच. इत्यादि.

(४) दोहरिनु, तेबरिनु, आदि आवृत्ति (गुना) बुझाई वस्तु बुझांउने विशेषणलाई आवृत्तिबोधक भन्दछन्. जस्तैः—'दोबर, तेबर, चौबर, दोहोरो, तेहोरो, दशगुना, पांचगुना, दशबर, दुइसरो, तीनसरो, पचबर, दुगुना, तीगुना, चौगुना' इत्यादि.

(५) संख्याको क्रम लिई वस्तु बुझांउने विशेषणलाई क्रमबोधक

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भन्दछन्. जस्तैः—'पहिलो, दोस्रो, तेस्रो, चौथो, पाचौं शयौं, हजारौं, करोडौं, साठीऊं, असीऊं, नव्यौं, छैटौं, एगाह्रौं, बाह्रौं, चौबीसौं, एकशय आठौं, सत्तरीऊं.' इत्यादि.

१९७. मुरी, पाथी, धार्नी, बिसौली, सेर, मन, मानु कुरुवा, चखंची, पाऊ, कोश, मील, हात, गज, गिरह, राश' इत्यादि शब्द त भाववाचक नामै हुन्. यिनमा अघिल्तिर संख्यावोधक विशेषण जोडेमा र, पछिल्तिर 'भरि, भर' शब्द, कहीं 'यन्, न्' प्रत्ययहरू जोडेमा त, वस्तु बुझांउने हुनाले परिमाण बुझांउने-गुणविशेषण हुन्छन्. जस्तैः—एक मुरी धान, आधा पाऊ चिनी, हजारन् मन चामल, दश धार्नी घिउ, बिसौली भर मिस्री, कोशभर जमीन, हातभरी कपडा, सवा गज गहुन, कैयन् राशचामल, मनन् गहुं, धार्नीयन् घिउ, कोशन् बाटो, राशन् धान.' इत्यादि.

१९८. नाम शब्दमा, वान्, मान्, मन्त, वन्त, ई, याहा, वार, वाल, दार, इलो, इया, ऐया,ली, ले, ए' इत्यादि प्रत्यय; भर, युक्त, पूर्ण, हीन, भिन्न, तुल्य, इत्यादि शब्द जोड्दा विशेषण बन्दछन्. ती प्रत्यय शब्दहरू कोही कहीं जोडीन्छन्, प्रायः सबै नाममा जोडिंदैनन्. जस्तैः–

'धनवान्,श्रीमान् , श्रीमन्त, धनवन्त, नेपाली, मुल्याहा, उमेदवार, दाडीवाल घणटीदार, रसिलो, सर्कारिया, वनैया, पाल्पाली, ठिमिले, चन्दने, घडाभर , श्रीयुक्त, उत्साहपूर्ण, बुद्धिहीन, नामभिन्न, रामतुल्य.' इत्यादि.

(क) कोही ओकारान्त विशेषण शब्द केही अनादर बुझांउदा एकारान्त विशेषण पनी हुन्छन्. (नाममा लेखे झैं एकारान्त भई नाम पनी हुन्छन्.) तर एकारान्त भएकोचाहीं मानिसलाई मात्र बुझांउने हुनाले मनुष्यलाई कहां मात्र प्रयोग गरिन्छन्; ओकारान्त त अर्थ मिल्नेभए निर्जीव सजीव दुवैलाई पनी बुझाउंन शक्छन्. जस्तैः—'कुरौटो, कुरौटे; पुड्को, पुड्के;

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

थेपचो, थेपचे; पातलो, पातले; दुब्लो, दुब्ले; होचो, होचे; घोपटो, घोपटे; नेपटो, नेपटे; मुडुलो, मुडुले' इत्यादि.

(ख) यस्तैः—सस्कृतका र, भाषाका, तद्धित-प्रत्यय भएका, समास भएका, धातुसाधित शब्द, इत्यादि विशेषण हुने जान्नू.

१९९. गुणविशेषणले विशेष्य पदार्थमा विशेष बुझांउंदा कहीं जंमैमा रहने केही विशेष बुझिन्छ, कहीं त्यस पदार्थको कोही अंशमा मात्र रहने विशेष बुझाउने तात्पर्यले पनी तिनको प्रयोग हुन्छ, संख्याविशेषणको त, जम्मैमा रहने संख्या बुझांउंने तात्पर्यले मात्र प्रयोग हुन्छ, अंशको संख्या लिएर प्रयोग हुंदैन. अंशको तात्पर्यले प्रयोग हुनेमा कुनचांहीं अंश लिई प्रयोग भएको हो, सो व्यवहारबाट बुझ्नु पर्छ जस्तैः—

'गुलियो मिश्री (जंमै), अमिलो अचार (जम्मै), हरियो सुन्तला (बोक्रो)' अमिलोआंप (रस), कालो कोट (बाहिरी), मूर्ख मानिस (दिल), दाढिवाल सिपांही (मुख), कानो मानिस (आंखा), रातो भोकटे (भित्र), धीटो शिष्य (बोली), कैली गाई (बाहिर), इत्यादि.

२००. सबैं किसिमका गुणविशेषण र, धेरै थोरै आदि केही संख्याविशेषणबाट बुझिने विशेषणमा न्यूनता बुझांउंदा, कम, अलिकति, केही, इत्यादि शब्द, आधिक्य बुझांउंदा बर्ता, ज्यादा, उपध्र, खूप, बेस, इत्यादि शब्द कहीं केही जोडिन्छन्. स्वरूपबोधक आदि विशेषण भित्रको कोही स्वरलाई, दीर्घ, प्लुत, गरे पनी आधिक्य बुझिन शक्छ. कहीं आधिक्य बुझांउंदा शब्द भित्रको हल् वर्ण डब्बल पनी हुन्छ. दीर्घ प्लुत गर्दा चलन हेरी कोही एक स्वरमा गर्नु पर्छ जस्तैः—

'खूप रातो, चौपट्ट मूर्ख, उपध्र बाङ्गो, बेस खाने, अति पर्वते, ज्यादा पहेंलो, बर्ता तितो, खूप धेरै, अलिकति थोरै, कम हरियो, अलि सेतो, रातो, पी३रो, गुलीयो, अली३कति, थो३रै, फूस्रो, सुख्खी अस्सल, फुस्स्रो, कांच्चो.' इ०

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

२०१. सबै किसिमका विशेषणबाट बुझिने अर्थमा निश्चय बुझांउंदा 'अ, आ, ओ' अन्त्यमा हुने शब्द ऐकारान्त, 'ए' अन्त्यमा हुने शब्द यैंकारान्त हुन्छन्. अरूमा र, ऐ, यैं, हुनेमा नै शब्द जोडिन्छ. जस्तैः—

'दुष्टै, मूर्खै, बेसै, शयैं, एकै, तेबरै, पश्चिमै, एउटै, ज्यादै, रातै, लुच्चै, हलुकै, गर्न्यैं, पर्वन्त्यैं, नेवान्र्यैं, हिउंद्यैं, सत्तरी नै, धेरै नै, नेपाली नै, रातो नै, ठग नै, खाने नै, पूर्विया नै.' इत्यादि.

नाम-अव्यय शब्दहरूमा पनी निश्चय बुझांउंदा प्रायः यही बमोजीम 'ऐ, यैं, नै' हुन्छन्.

२०२. विशेषण शब्द पनी नामको अर्थलाई बुझाई नाम जस्तै हुनाले नामको झैं तिनको पनी लिङ्ग, वचन, विभक्ति, रूप, सबै हुन्छन्; विशेष्यकै अर्थलाई बुझांउंने हुनाले विशेषणमा विशेष्यको बराबरै लिङ्ग, वचन, विभक्ति हुन्छन्, फरक हुंदैनन्, तर विशेषण शब्दमा स्त्रीप्रत्यय हुने नियम नाम भन्दा फरक हुन्छ; विभक्ति वचनका प्रत्यय पनी सबैमा नित्यैं लोप हुन्छन; केवल सामान्यरूपको मात्र प्रयोग हुन्छ. प्रत्ययहरू नरहे पनी विशेष्य हेरी त्यसैका बमोजीम विशेषणमा लिङ्ग वचन विभक्तिहरू कल्पना गर्नु पर्छ. जस्तैः—

'सानो छोरो आयो' यहां छोरो यो विशेष्यको बमोजीम सानो यो विशेषण पनी पुंलिंगी प्रथमाका एकवचन कर्ता कारक हो. 'ठुली छोरीको बिहा भयो' यहां छोरी यो विशेष्यको बमोजीम ठुली यो विशेषण पनी स्त्रीलिङ्गी षष्ठीका एकवचन सम्बन्धी हो. 'सेता घरहरूबाट निस्के' यहां घर यो विशेष्यको बमोजीम सेता यो विशेष्य पनी नपुंसकलिङ्गी पञ्चमीको बहुवचन अपादान हो. यस्तैः—'चार स्त्रीहरूलाई, एक पुस्तकले, गोरा केटीहरूलाई, मूर्ख मानिसहरूको, हजार ब्राह्मणलाई' इत्यादि सबैमा जान्नू.

२०३. लिङ्ग-वचनका अनुसारले स्त्रीप्रत्यय सामान्यरूप हुने विशेष

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

नियम यस्ता छन्: -

(१) हा, वा, अन्त्यमा हुने आकारान्त शब्द स्त्रीलिङ्गी हुँदा, एकवचन र आदरार्थी अनेकवचनमा, ई यो स्त्रीप्रत्यय भई ईकारान्त हुन्छन्, बाँकि सबै लिङ्ग वचनमा आकारान्तै रहन्छन् जस्तै—

'कल्याही, छुल्याही, बहुलाही, गएयाही सुताही, मुल्याही, हिंडुवी, नटुवी, भगुवी, एकल्टुवी, भतुवी बेकम्दी, स्वास्नी छ, वा छन्. कल्याहा, छुल्याहा, बहुलाहा, गएयाहा, सुताहा, मुल्याहा हिंडुवा, नटुवा, भगुवा, एकल्टुवा, भतुवा. बेकम्वा, छोरो–छोरा-छोराहरू-स्वास्नी-घर-घरहरू छ वा छन्' इ०

(२) टा अन्त्यमा हुने आकारान्त संख्याविशेषण शब्द, स्त्रीको एकवचन र आदरार्थी अनेकवचनमा नित्यै ईकारन्त, स्त्रीको अनेकार्थी-अनेकवचनमा ईकारान्त आकारान्त दुवै; पुं .नपुंको एक अनेक सबैवचनमा आकारान्त मात्रै हुन्छन्; जस्तैः— एउटी(टा) एकवटी टा) छोरी छ वा छन्. दोटी(टा) तीनवटी(टा) चारवटी(टा) छोरीहरू छन् एकवटा-एउटा-दोटा-दुइवटा-तीनवटा छोरो-छोरा छोराहरू-घर-घरहरू छ वा छन्.' इत्यादि

(३) सबै ओकारान्त विशेषण शब्द, स्त्रीको एकवचन र आदरार्थी-अनेकवचनमा ई प्रत्यय भई ईकारान्त पुं-नपुंको एकवचनमा ओकारान्त, स्त्रीको आदरार्थी बाहेक सबै लिङ्गको दुवै थरी अनेकवचनमा आकारान्त हुन्छन्. जस्तैः—

'गोरी-काली सानी-ठुली-छीटी-दोस्री-चतरी-एकोहोरी छोरी छ वा छन्. गोरो-कालो-सानो-ठुलो-छिटो–दोस्रो-चतुरो-एकोहोरो छोरो वस्तु छ· गोरा-काला-साना-ठुला-छिटा-दोस्रा-चतुरा-एको-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

होरा छोरा, छोराहरू, छोरीहरू, वस्तुहरू छन्' इत्यादि.

(४) अरू बाँकि अजन्त हलन्त प्रायः सबै शब्द सबै लिङ्ग-वचनमा एकैनास रहन्छन्. मूल-शब्दै सामान्यरूप भई प्रयोग गरिन्छन्. जस्तैः—

'वेस, असल, खराप, गोल, दश, बीश, हजार, बर्ता, ज्यादा, साधा, आधा, दुगुना, जाति, बाँकि, पराइ, साथी, सकली, नकली, असी, साठी, साधु, ठालु, छट्टु, खग्गू, लग्गू, साठीऊं, अरू, कैयूं, बाहुने, नेवारे, भाते, गर्ने खाने, नाथे, धेरै, थोरै, बरै, दशै, दुवै, दशौं, आठौं, गन्हौं, यावत्, धनवान् इत्यादि. यस्ता विशेषण-शब्द जस्तोसुकै विशेष्य भए पनी उस्तै हुन्छन्'

(५) मानिसलाई कहने विशेष्यका विशेषण भएका—स्वभाव बुझांउने अकारान्त, सम्बन्ध बुझांउने याकारान्त, गुण बुझांउने ईकारान्त, गुण बुझांउने एकारान्त—आदि केही शब्दमा त स्त्रीलिङ्गी भएमा नामका नियम बमोजीम स्त्री-प्रत्यय विकल्पले हुन्छन्. प्रत्यय नभएमा त माथिका झैं सबैं एकैनासका हुन्छन्. जस्तैः—

'चतुर, चतुर्नी; धूर्त, धूर्तिनी; भक्त, भक्तिनी; खराप, खराप्नी सिद्ध, सिद्धिनी; दुष्ट, दुष्टिनी; पण्डित, पण्डित्नी; सहरिया, सहरिनी; सदरिया, सदरिनी; पूर्विया, पूर्विनी; अभागी, अभागिनी; गफी, गफिनी; लाछी, लाछिनी; बेहोसी, बेहोसिनी; कपटी, कपटिनी; पाखे, पखिनी; कुरौटे, कुरौटिनी,' इत्यादि.

(६) 'सुन्दरी, कुमारी, तरुणी, युवती, वृद्धा, पतिव्रता, बुद्धिमती, श्रीमती, इत्यादि त संस्कृतकै स्त्रीलिंगी विशेषण-शब्द चलेका हुन्, भाषाका होइनन्.

२०४. गुणविशेषणबाट गुण बुझिने हुनाले विशेष्यबाट जति संख्या

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

बुझिन्छ उही माफिक दुवैको एउटै वचनमा प्रयोग हुन्छ; संख्याविशेषणबाट त संख्या बुझिने हुनाले त्यसको एक वा अनेकवचन हुने नियम मिलाई प्रयोग गर्नु पर्छ.

(१) आवृत्ति-क्रम-बोधक संख्याविशेषणले एक, अनेक, दुवैलाई कहन सक्ने हुनाले विशेष्य क्रियाहरूमा समेत मिल्ने गरी जतिलाई भनेको छ उही माफिक एक, अनेक, दुवै वचनमा प्रयोग हुन्छ. जस्तैः—

'दोहोरो काम भयो. चौवर मानिस छन्. दोहोरो मानिसले पूरा काम गर्दैन तेस्रो विद्यार्थी बल्ल पास भयो. पहिला काम सकिए. योचाहीं हजारौं पण्डित हो.इत्यादि

(२) एक, एउटा, एकवटा, यी निश्चित-संख्याबोधक - शब्दबाट एकसंख्या मात्र बुझिने हुनाने यस्ता शब्दको र यिनका विशेष्य क्रियाहरूको पनी एकवचनमा र आदरार्थी-अनेकवचनमा मात्र प्रयोग हुन्छ. जस्तैः—

एक, एउटा, एकवटा, मानिस, छन् पुस्तक छ.' इ०

(३) अरू सबै निश्चित-अनिश्चित-संख्याबोधक-शब्दहरूबाट अनेक संख्या बुझिने हुन्छ त पनी, प्राणीलाई कहने (पुं-स्त्रीलिङ्गी) विशेष्य प्रयोग गरेमा अनेकवचनैको; अप्राणीलाई कहने (नपुंलिङ्गी) विशेष्य प्रयोग गरेमा संख्येय जस्तो भान गराउने तात्पर्यले अनेकवचनको; हरू-शब्द जोडिएको भए नभए पनी समुदाय लिई परिमेय जस्तो भान गराउने तात्पर्यले एकवचनको पनी, त्यस्ता शब्दमा र तिनका विशेष्य-क्रियाहरूमा समेत प्रयोग हुन्छ. जस्तैः—

'दुइ, तीनवटा, दश, बीश, सबै, धेरै, थोरै, हजारन्, यावत्, कैयूं, बेगिन्ति, ठूला, मानिसहरू आए. चारवटा काम थालियो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

वा थालिए धेरै मालहरू रहेछ वा रहेछन्. त्यस संग करोडन् रूपियां छ वा छन्. सबै, थोरै, केही, दश, बीश, कैयूं, लखन्, यावन्त पुस्तक, (हरू) छ वा छन्' इत्यादि.

(४) अंशबोधक संख्याविशेषणमा पर्ना प्राणीलाई भन्दा एक अनेक जो बुझाउंने छ उही माफिक वचन हुन्छ; अप्राणीलाई भन्दा अनेक बुझिने भए पनी माथिको झैं समुदायको तात्पर्यले र, प्रत्येकका तात्पर्यले एक अनेक दुवै वचन हुन हुन सक्छन्. जस्तै — 'डेढ रुपियां छ. डेढ शय मानिस आए. डेढ हजार पुस्तक छापियो वा छापिए. सवा शय धार्नी छ वा छन्' इत्यादि,

(५) निश्चित-संख्याबोधक शब्दमा सवा, पौने, अढाई इत्यादि अंश-बोधक संख्या-विशेषण जोडिए, शय, हजार, लाख, इत्यादि पूर्ण संख्या संग जोडिएमा त्यसैको चौथाई, आधा, आदि अंश बुझिन्छ; अरू अवान्तर संख्या संग जोडिएमा एकको चौथाई, आधा, आदि बुझिन्छ पूर्ण-संख्यालाई आवृत्ति गराउंने संख्या-विशेषणमा जोडिएको अंशबोधकबाट एक पूर्ण संख्या को अंश बुझिन्छ; जम्मैको अंश बुझिंदैन. सवा, डेढ इत्यादि शब्दको प्रयोगबाट बुझिने अर्थ चलनबाट बुझिन्छ. यिनमा अनेक संख्या बुझिने नियम पनी माथिकै बमोजीम हुन्. जस्तै: —

'सवा एक १।, सवा दश १०।, सवा पचास ५०।, सवा शय १२५, सवा हजार १२५०, डेढ १॥, साढे दश १०॥, डेढ शय १५०, डेढ लाख १५००००, पौने एक ।॥, पौने दश ९॥।, सवा एघार हजार ११२५०, पौने चार शय ३७५, छ वा छन्.' इत्यादि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

२०५. वस्तु नछुट्याई किसिम मात्र देखाई सामान्यरूपले वस्तु बुझाउंदा विशेष्यका प्रयोग नगरी विशेषण मात्रको पनी प्रयोग हुन्छ. तिनलाई विशेष्यै (नामै) भन्नु उचित छ यसैले यस्ता शब्दमा अर्को विशेषण जोड्न हुन्छ. यस्ता विशेष्य भएका विशेषणमा स्त्री-प्रत्यय हुंदा विशेषणैको नियम बमोजीम हुन्छ, तर-अर्को विशेष्य प्रयोग गरेमा बहु-वचनमा स्त्री-प्रत्यय भई पुंलिङ्गकै जस्तो रूप हुनेमा पनी एकवचनमा हुने स्त्री-प्रत्यय बहुवचनमा पनी हुन्छ. यस्ता विभक्ति वचनका प्रत्यय नामक नियम बमोजिम साबूत रहन्छन. विशेषण भएमा झैं सामान्यरूप मात्रको प्रयोग हुंदैन जस्तैः -

चारवटीलाई डाक. धेरै बुढाहरूले भनेको मान्नू. पहिलोलाई इनाम देऊ. राम्रा दशवटी आए. बहुलाहीहरूको विश्वास हुंदैन. दशवटा चतुरी चतुर्नीहरू गए लाटीलाई नजिस्क्याऊ' इत्यादि.

२०६. एकै वस्तुलाई कहने धेरै नामको एकै बखत प्रयोग पनि हुन शक्छ त्यस्तामा एक नामको अर्को नाम विशेषण हुन्छ.' विशेषण भएका नाममा, स्त्रीमा नामकै नियम बमोजीम स्त्रीप्रत्यय हुन्छन; विभक्ति वचनका प्रत्यय त नित्यै लोप हुन्छन्. जस्तैः—

बाहुन बाज्ये, बाहुनी बज्यैहरूको, भंडार्नी नानिलाई, देवदत्त उपाध्यायको शून्यांइं गुण काम लाग्छ. हात्ती जनावर देखि डर हुन्छ' इत्यादिमा बाहुन, बाहुनी, भंडार्नी देवदत्त, शून्यांइं, हात्ती, यी शब्द नाम भए पनी विशेषण भई प्रयोग भएका छन.

२०७ विशेष्य विशेषण बनाउंनु मौकाको अनुसारले हुने हुनाले कहीं विशेष्य बनाउंनु पर्नेलाई विशेषण बनाई, विशेषण बनाउनु पर्नेलाई विशेष्य बनाएर पनी प्रयोग हुन शक्छ. तर त्यस्तामा विशेषण तुल्याएको शब्दमा लिङ्ग वचन दुवैका प्रत्यय रहन शक्छन, केवल विभक्ति प्रत्यय रहंदैन. विशेष्य तुल्याएको शब्दमा त विभक्ति-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

को प्रत्यय रहन्छ; स्त्रीप्रत्यय विशेषणको नियम बमोजीम निर्णै हुन्छ; वचन प्रत्यय लोप हुन्छ. जस्तैं:—

'हामीहरू सबैले गर्‍यौं. तिमीहरू चारवटीको स्वर एकै छ. बाहुनहरू धेरैले पाठ शके. छोरीहरू सातवटीको बिहा भयो. साहु पापीले दुःख दियो पुस्तकहरू सबै नफोहर्‍याऊ' इत्यादि.

२०८. अर्को विशेष्य प्रयोग गरेमा सर्वनाम शब्द पनी विशेषण हुन्छन्; तिनलाई सर्वनामविशेषण भन्दछन्. ती विशेषण भएमा पनी लिङ्ग विभक्ति, बचनका प्रत्ययहरू केही रहंदैनन्; माथि लेखे बमोजीमका सामान्यरूपको[१] र विभक्ति-प्रत्यय नहुने प्रथमाका रूपको पनी एकवचनमा

---

[१]संस्कृतमा 'सुन्दरस्य पुरुषस्य, गौर्याः स्त्रियाः, पण्डितेभ्यो ब्राह्मणेभ्यः, तस्य पुरुषस्य, तेषु भाण्डेषु' इत्यादि प्रयोग हुनाले सर्वनाम-विशेषणमा र, अरु विशेषणमा पनि लिङ्ग, वचन, विभक्तिका प्रत्यय सबै रहन्छन्त पनी हाम्रो भाषामा र, प्रायः सबै देश-भाषामा सबै जातका विशेषणमा लिङ्ग, वचन, विभक्तिको प्रत्यय रहुंदैन; सामान्यरूपमात्रको प्रयोग हुन्छ. त्यसैले 'राम्रोको मानिसको, पण्डितहरूलाई बाहुनलाई, त्यसको मानिसको, तिनमा भांडामा' इत्यादि भन्न हुंदैन; 'राम्रो मानिसको, पण्डित बाहुनलाई, त्यस मानिसको, ती भांडामा' इत्यादि नै प्रयोग हुन्छ. तर, सर्वनामका प्रथमा बहुवचनका विभक्तिप्रत्यय नहुने 'ती, तिनी, यी, यिनी,' इत्यादि रूप रूपावलीको अनुसारले समान्यरूप होइनन्त पनि विशेषण भएमा ती रूपलाई पनी सामान्यरूपं जस्ता मानी 'त्यो मानिसको, ती बाहुनलाई' इत्यादि पनि एकवचनको एकवचनमा, अनेकवचनको अनेकवचनमा प्रयोग हुन्छ. यसैले एकवचनमा 'त्यो मानिसको त्यस मानिसले यो मानिसलाई, यस मानिसमा' यस्तो, अनेकवचनमा 'ती रामुले ती मानिसहरूलाई, तिनी पण्डितबाट, यी मानिसहरू' इत्यादि प्रयोग हुन्छ; वचन फरक पारी 'त्यो मानिसहरूको' इत्यादि हुंदैन.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

एकवचनको, अनेकवचनमा अनेकवचनको प्रयोग हुन्छ. कोष्ठक भित्रका ऐ, ई, चाहिँ, नै, सुकै, लागेका निश्चय-अनिश्चयबोधक हुन्. जस्तै–

–मस (मचाहीं, मैं); हामी, (हामीचाहीं, हामी नै). तं-तं, (तंचाहीं, तैं); तिमी, (तिमीचाहीं, तिमी नै). त्यो–त्यो, सो, त्यस, (त्यो-सो-त्यस-चाहीं, त्यही,[१] सोही त्यसै); ती, तिनी, (ती-तिनीचाहीं, तिनै). यो-यो, यस, (यो-यसचाहीं, यही यसै ; यी, यिनी (यी यिनीचाहीं, यिनै) उ उ, उस (उ-उसचाहीं, उही, उसै); ऊ उनी, (ऊ-उनीचाहीं उनै) जो-जो,जस (जो जस-जुनचाहीं-सुकै, जुन); जो, जुन (जो-जुनचाही-सुकै, जुन) को-को, कस, (को-कस-कुनचाहीं कुन कुनै, कसै, कोही) ;को, कुन, (को-कुनचाहीं, कुनै, कुन, कोही) इत्यादि.

(क) चाहिँ लागेमा नै पनी, ऐ लागेमा चाहिँ पनी जोडिन शक्छ. मान-बोधक र, महासर्वनामको विशेषण भई प्रायः प्रयोग देखिदैन; भए पनी माथि लेखेकै सामान्यरूप हुन्छ पुरुषवाचकको पनी प्रायः विशेषण भई धेरै प्रयोग हुदैन; म रामचन्द्रको हामी अनाथको, तं दुष्टले, तिमी बाहुनलाई' इत्यादि कहीं मात्र हुन्छ. दर्शक, सम्बन्धी, प्रश्नार्थकको त विशेषण भई प्रायः धेरै प्रयोग हुन्छ. निज, मजकूर,

---

[१] यहाँ 'ही' 'ऐ' आदि प्रत्यय भई निश्चय आदि विशेष अर्थ बुझाउने नाम, सर्वनाम, विशेषण, आदि शब्दमा उच्चारणको सूक्ष्म स्वरूपको विचार गर्दा सबमा 'ई' प्रत्यय भएर 'यई, त्यई, कोई, केई, रामई, गोविन्दई, चारई, सबई, त्यहांई, यहांई' इत्यादिस्व रूप हुनु पर्ने देखिन्छ त पनी लेखको चलनको अनुसारले धेरै यरो प्रत्यय मानी 'यही त्यही, कोही, केही, रामै, गोविन्दै, चारै, सबै, त्यहीं, यहीं इत्यादि शब्द मानिएका छन्. यसमा 'कोई, केई, यै, त्यै, सबही,' इत्यादि पनी कसैको (एकातको) लेख्ने चलन छ.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मौसुफ शब्दको पनी विशेषण भई धेरै प्रयोग हुन्छ सामान्तरुप न फरक हुँदैन. जस्तै:—

'त्यो मानिसले त्यस बालकका ती कलम कागत मसीहरु चोऱ्यो. यस दुष्टले यिनी साधुलाई व्यर्थ गाली गऱ्यो. उ घोडा ऊ सटकहरुमा धेरै बेर दौड्यो. जो मानिस पाप गर्छ, सोही फल भोग्छ. यहाँ कुन मानिस आएका थिए' इत्यादि.

(ख) अरु विशेषण शब्द आफ्नो केही स्वतन्त्र अर्थ बुझाई विशेष्य बस्तुलाई बुझांउँछन्, सर्वनाम-विशेषणको त स्वतन्त्र अर्थ केही हुँदैन; केवल टाढा रहेको, नजिक रहेको इत्यादि आफ्नो प्रयोगको नियम बमोजिम मात्र प्रयोग हुन्छ. जस्तै:--

'कालो घोडा' भनेमा कालो शब्दबाट 'कालो रंग भएको' भन्ने स्वतन्त्र अर्थ बुझिई कन घोडा बुझिन्छ. 'त्यो घोडा' भनेमा त्यो शब्दबाट घोडा नै, 'यो मानिस' भनेमा यो शब्दबाट मानिस नै, 'उ पुस्तक' भनेको उ शब्दबाट पुस्तक नै ,बुझिन्छ; अर्को अर्थ केही बुझिंदैन.

२०६. सर्वनाम झैं, दर्शक, सम्बन्धी, प्रश्नार्थक, महा सर्वनामहरुबाट बनेका शब्द पनी विशेषण हुन्छन्. तिनका पनी लिङ्ग, वचन, विभक्तिप्रत्यय हुँदैनन्. ओकारान्तमात्रको स्त्रीको एक र आदरार्थी-अनेकवचनमा ईकारान्त, पुं. नपुं. एकमा ओकारान्त, अरु अनेकवचनमा आकारान्त सामान्यरूप हुन्छ. अरुको सामान्यरूप फरक हुंदैन. निश्चय-अनिश्चयबोधक पनी हुन्छन्. जस्तै:-

यो शब्दबाट बनेका—यत्रो- चाहीं, यस्तो-चाहीं, यत्रै-चाहीं, यस्तै-चाहीं, यति—यत्ति—वटा—को. इ०

त्यो शब्दबाट बनेको—त्यत्रो—चाहीं, त्यस्तो-चाहीं त्यत्रै -चाहीं, त्यस्तै-चाहीं, त्यति—त्यत्ति-वटा-को इ०

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

उ शब्दबाट बनेका उत्रो-चाहीं, उस्तो चाहीं, उत्रै-चाहीं, उस्तै-चाहीं, उति-उत्ति-वटा-को. इ०

जो शब्दबाट बनेका-जत्रो-जाहीं-सुकै, जस्तो-जाहीं-सुकै, जत्रै चाहीं -सुकै, जस्तै-चाहीं-सुकै, जति-जत्ति वटा-सुकै-को. इ०

को शब्दबाट बनेका-कत्रो-चाहीं-सुकै, कस्तो-चाहीं-सुकै, कत्रै-चाहीं-सुकै, कस्तै-चाहीं-सुकै, कति-कत्ति वटा सुकै-को. इ०

आफू शब्दबाट बनेका-आफन्त, आफूस, आफस्त, आफ्नो-नी-ना. इ०

(क) यत्रो, उत्रो, इत्यादिबाट परिमाण; यस्तो, उस्तो, इत्यादिबाट स्वरूप; यति, उति इत्यादिबाट परिमाण; आफन्त इत्यादिबाट आफूसितको सम्बन्ध; यतिको उतिको इत्यादिबाट बहुत्व-संख्यारूप विशेष अर्थ बुझिन्छ.

(ख) यस्तै-अमुको, फलानो, ढिस्कानो, इत्यादि विशेषण पनी सबैलाई कहन शक्ने हुनाले सामान्य सर्वनाम विशेषण हुन् भनी कोही मान्दछन् यस्तै:— जसतस, जोकोही इत्यादि समास भएका पनी सर्वनामविशेषणै हुन्. अरु, अर्को, इत्यादि शब्द त खाली विशेषण हुन्, सर्वनाम विशेषण होइनन्.

(ग) अंग्रेजीमा झैं सामान्यनाममा 'कोही, यो, यही, त्यो, त्यही, उ, इत्यादि विशेषण जोडेमा यावत् जातिको बोध हुंदैन, कोही विवक्षित व्यक्ति बुझिन्छ, यस्तालाई उपपद-विशेषण भन्दछन्. तर अंग्रेजीमा सामान्यनाम संग यस्तो विशेषण अवश्य रहने विशेष नाम संग अवश्य नरहने नियम हुने, हाम्रो भाषामा त ती सबै नियम नहुने, विवक्षित व्यक्तिको बोध त विशेषण सबैबाट हुन शक्ने हुनाले सो भेद यहां नमाने पनी हुन्छ.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

२१०. विशेषणका मुख्य भेद यी माथि लेखेका हुन्; विचार गर्दा अरु भेद पनी देखिन्छन् (१) सम्बन्धी-विशेषण, (२) तुल्यताबोधक-विशेषण, (३) उद्देश्य-विशेषण, (४) विधेय -विशेषण.

२११ नाम सर्वनामबाट को, का, की, आदि प्रत्यय भई बनेका षष्ठयन्त शब्द पनी अरु विशेषण झैं त्यसको अन्वय हुने अर्को पदको अर्थमा विशेष बुझाँउने हुनाले विचारमा विशेषणै ठहर्छन्. तिनलाई सम्बन्धी-विशेषण, तिनको अन्वय हुने विशेष्यलाई भेद्य भन्दछन् ती दुवै पदबाट बुझिने वस्तु भिन्न हुनाले अर्थ, लिङ्ग. वचन, विभक्ति, एकै हुने नियम छैन, केवल आफ्ना आफ्ना नियम बमोजीम प्रत्यय हुन्छन्.

(क) भेद्य पुं नपुं को एकवचन भए 'को' आदि ओकारान्त प्रत्यय हुन्छन्. जस्तैः--

'राजाको' तिम्रो, हाम्रो, मेरो, तेरो, आफ्नो-घोडो, घर हो.' इत्यादि.

(ख) भेद्य स्त्रीको एकवचन अथवा आदरार्थी- अनेकवचन भए 'की' आदि ईकारान्त प्रत्यय हुन्छन् जस्तैः--

'रामकी' तिम्री, हाम्री, मेरी, तेरी, आफ्नी, -छोरी हो वा हुन्.' इत्यादि.

(ग) भेद्य पुं. नपुं को दुवै थरी अनेकवचन स्त्रीको अनेकार्थी- अनेकवचन भए 'का' आदि आकारान्त प्रत्यय हुन्छन्. जस्तैः--

'रामका, 'तिम्रा, 'हाम्रा, मेरा, तेरा, 'आफ्ना,--छोरा, छोराहरू, घरहरू, स्त्रीहरू हुन्.' इत्यादि.

यी षष्टयन्त शब्दको प्रयोग हुँदा सबै घोडा, स्त्री, छोरा, घर, छोरीहरु नबुझिने केवल राजा, तिमी आदिको सम्बन्ध, भएका विशेष

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

प्रकारका घोडा आदि मात्र बुझिने हुनाले यी षष्ठयन्त शब्द सम्बन्धी-विशेषण हुन्; घोडा आदि तिनका भेद्य हुन् यस्तै सबैमा जान्नू.

(घ) कहीं कहीं मान्यको सम्बन्ध बुझिने भेद्य, स्त्रीको आदरार्थी-अनेक-बचन भएमा पनी ओकारान्त सम्बन्धी अथवा अरू जातका विशेषण-हरू आकारान्त पनी हुन सक्छन्. तर यस्तो भएमा समानार्थी-क्रिया-पदको प्रयोग हुन्छ. जस्तैः—

'हाम्रा (म्री), सर्कारका (की), आफना (नी), हजूरका (की), वाहाँ-का (की), मौसुफका (की), रानी, मुमा, दिदोज्यू,-राम्रा (म्री), हंसिला (ली), गोरा (री), मोटा (टी),- हुनुहुन्छ होइबक्सिन्छ' इ०

[ङ] कहीं अव्ययशब्दमा, विशेषण जोडेको नामशब्दमा, विशेषणशब्दमा, पनी को, की, का, शब्द जोडिदा वस्तु बुझिने हुनाले विशेषण बन्दछ जस्तैः— अघाडिको, आजको, कहाँका, उताकी, त्यस किसिमको, कुन छाँटका. एकजातको, बेहोसको, चौपट्टको.' इत्यादि.

२१२. कोही नामशब्द आफ्ना अर्थको गुण लिई त्यही जस्तो अर्को पदार्थलाई कहने पदका विशेषण भई तुल्यता बुझाउँछन्; त्यस्ता विशेषण-लाई तुल्यताबोधक विशेषण भन्दछन्. अरू विशेषण विशेष्य पदबाट बुझिने अर्थ एकै हुन्छ, यस्तामा त दुवै पदको अर्थ बेग्लै हुनाले विशेष्य पदको प्रायः अवश्य प्रयोग गर्नु पर्छ. यस्ता विशेषण दुइ थरी हुन्छन्. (१) उपमान-विशेषण (२) आरोप-विशेषण.

(१) जुन पदबाट 'जस्तो, झैं, बराबर, तुल्य' इत्यादि पद बिचमा प्रयोग गरेको हुनाले एक पदार्थको अर्को पदार्थ संग तुल्यता अर्थ स्पष्ट बुझिन्छ, सो तुल्यता दिइने वस्तुलाई कहने विशे

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

षणलाई उपमान-विशेषण भन्दछन्. यस्तो विशेषणमा विशेष्यको अर्थात् तुल्यता चाहिने वस्तुलाई कहने शब्दको जस्तै विभक्ति भई नित्यै लोप हुन्छ. लिंग वचन भने एकै हुने, लोप हुने पनी, नियम छैन; आफ्नो आफ्नो नियम बमोजीम हुन्छ. जस्तै: —

'सिंह जस्तो शूरो मानिसलाई डाक. कसाहीहरू झैं क्रूर मानिस नरक जान्छन्. बृहस्पति बराबर पण्डित को होला ? तिमी तुल्य यिनी छन्.' इत्यादिमा 'मानिस, पण्डित, यिनी' यी विशेष्य पदार्थमा तुल्यता बुझांउने हुनाले 'सिंह, कसाही, बृहस्पति, तिनी' यी उपमान विशेषण हुन्.

(२) जुन पदबाट बिचमा केही पद नराखी दुवै पदार्थलाई एकै जस्तो कल्पना गरेको हुनाले अर्थात् केही गुणले तुल्यता बुझिन्छ सो तुल्यता दिएको वस्तुलाई कहने विशेषणलाई आरोप-विशेषण भन्दछन् यस्तो विशेषणमा पनी विशेष्यकै जस्तो विभक्तिको प्रत्यय भई नित्यै लोप हुन्छ लिङ्ग, वचन त आफना आफना नामको नियम बमोजीम हुन्छन्. जस्तै: - 'आगो [बल्दो] मानिस. गोरु [मूर्ख] शिष्यले पढ्न शक्तैन. रावण [पिराहा] छोरोले दुःख दियो' इत्यादिमा 'आगो, गोरु, रावण, शब्द आरोप-विशेषण हुन्

यस्तै: —

'हाम्रा महाराज कर्ण [दानी]. लक्ष्मी [शान्त] छोरी. नारद [छुलछुले] स्वास्नी. घर जङ्गल [उजाड] भयो. फलाम आगो [रातो] छ' इत्यादिमा पनी जान्नू. यस्ता शब्द आफूले नया बनाई प्रयोग गर्नु हुंदैन, प्रसिद्ध भएका त्यो पद भन्ने बित्तिकै केही गुण बुझिने भए मात्र हुन्छ. यिनै आरोप-विशेषणलाई लाक्षणिक पनी भन्दछन्. भीमसेन [वंमरघुस]; गदहा [मूर्ख];

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मुढो [बिचेत]; उल्लू [नदेख्ने]; हुस्सु [मलिन]; काठा [ईख नभएको] इत्यादि पनी यस्तै हुन्.

२१३. सबै प्रकारका विशेषण उद्देश्य र विधेय दुइ थरी हुन्छन्. जुन विशेषणको कुरो पहिले देखि सिद्ध भएको वा जानेको स्वरूपले देखाएको हुन्छ, सो उद्देश्य-विशेषण कहिन्छ. जुन विशेषणको कुरो नवा सिद्ध हुने वा जानिने स्वरूपले देखाएको हुन्छ सो विधेय-वशेषण कहिन्छ. उद्देश्य विशेषणको विशेष्य भन्दा पहिने तिर प्रयोग हुन्छ, विशेष्य पदैमा त्यसको अन्वय हुन्छ. विधेय विशेष्यको त विशेष्य भन्दा पछि प्रायः क्रियापद नेर प्रयोग हुन्छ; त्यसको विशेष्यमा नै अन्वय छ त पनी फुट्ट हेर्दा क्रियापदमा अन्वय भएको देखिन्छ. यसैले उद्देश्यलाई नामान्वयी, विधेयलाई क्रियान्वयी-विशेषण पनी भन्दछन्. जस्तैः—

'मूर्ख मानिस आयो. रातो लुगा लाऊ. तिम्री बाहुनी जान्छिन्. मेरी गाई धेरै दूध दिन्छिन् दश पुस्तक हेर्छु' इत्यादिमा मूर्ख, रातो, तिम्री, मेरी, धेरै, दश' यी शब्द सिद्ध भई सकेको विशेष अर्थ बुझाई, आफना आफना विशेष्य नाममा अन्वय हुने, विशेष्य भन्दा पहिले प्रयोग भएका हुनाले उद्देश्य-विशेषण हुन्.

'यो मूर्ख छ. लुगा रातो रङाऊ त्यो तिम्री हो. गाई मेरी हुन्. पुस्तक दश हराए' इत्यादिमा तिनै शब्द साध्य हुने जस्तो विशेष अर्थ बुझाई, क्रियापदमा अन्वय हुने, विशेष्य भन्दा पछि क्रियापद नेर प्रयोग भएका हुनाले विधेय-विशेषण हुन्.

(क) विधेयविशेषण, अकर्मकमा हुनु क्रियाको कर्ताको विशेषण मात्र र, सकर्मकमा प्रायः सबै क्रियाको कर्मको विशेषण मात्र हुन शक्छ; अरू कारक सम्बन्धीहरूको विशेषण त हुन सक्तैन. उद्देश्यविशेषण त सबै थरी विशेषण हुन शक्छन्. जस्तैः— 'रामु पण्डित भए. छोरो लाटो छ. म सुखी होउंला. फलाम आगो भयो. यिनी बृहस्पति जस्ता छन्. पुस्तक चारवटा छन्.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पांचौं मानिस यो हो. रत्न भनेको सोही हो. यो त मेरो हो. सुन्तला कत्रो छ ? त्यहां जाने कुनचाहीं होला. घर जङ्गलै हुनेछ. तिमी बेरामी थियौ.' इत्यादिमा अकर्मक हुन् क्रियाको कर्तामा; 'तिनलाई सुखी ठहऱ्याऊ. पुस्तक जिल्दवाल बनाए. छोरालाई मूर्ख नबनाऊ. कोट चारवटा फटायो. काम राम्रो गर्छु. अक्षर ठुलो लेख. यिनीलाई सानी नभन.' इत्यादिमा सकर्मक सबै थरी क्रियाको कर्ममा विधेय-विशेषणको; 'भोटे घोडा दौडन्छ. मेरो पुस्तक हरायो. कालो पाखि नओछ्याऊ, लाग्ने खुकुरीले काट. पण्डित बाहुनलाई देऊ. देवदत्त पाध्याबाट पाएं. म अभागीको हो सेतो घरमा बस्यो. ए जडभरत शिष्य ? पढ्. दश मानिस आए.' इत्यादिमा सबै थरी क्रियाको कारक सम्बन्धी सबैमा उद्देश्य-विशेषणको प्रयोग भयो. यस्तै गरी सबै जातका विशेषणहरू उद्देश्य, विधेय, भएको जान्नू

२१४. 'रामु हिंड्दै धोक्छ. म देख्तैछु त्यो काम गर्दै होला. त्यसले थाक्तै शकेन' इत्यादिमा संस्कृतको अनुसारले सकर्मक अकर्मक सबै क्रियाको कर्ता 'तै, दै' प्रत्ययान्त क्रियाबोधक विशेषण पनी विधेय हुन शक्छन्; तर त्यस्ता विशेषण हाम्रो भाषामा नाम-विशेषण होइनन्, क्रिया-विशेषणमा पछि गनिने छन्.

२१५. कहीं धेरै थरी पद मिलेर विशेष्यको किसिम देखाएमा ती जम्मै पदको समुदाय एक विशेषण बन्दछ. ती पद मध्ये मुख्य विशेषण एक पदमा विशेष्यका जस्ता लिङ्ग वचनहरू हुन्छन्, अरू पदमा त मुख्य विशेषणका अङ्ग मात्र भई बेगलै अर्थ बुझांउने हुनाले आफना आफना नियम बमोजीम लिङ्ग-वचन-विभक्तिहरू हुन्छन्. धेरै पद मिलेका यस्ता विशेषणलाई विशेषण वाक्यांश भनी पछि लेखिनेछ. जस्तै:—

'बांशको कलमले लेखेको पुस्तक. ढाकाको पटुका बांधेकी स्वास्नी खूप मिहिनत संग गरेका कामहरू. श्राद्धमा निमता दिएका बाहुनहरू. पञ्च

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भला आदमीले बोलेको कुरो.' इत्यादिमा 'पुस्तक, स्वास्नी, काम, बाहुन, कुरा' यी विशेष्यका 'बांशको कलमले लेखेको, ढाकाको पटुका बांधेकी, खूप मिहिनत संग गरेका, श्राद्धमा निम्ता दिएका, पञ्च भला आदमीले बोलेको.' यी पद समुदाय एक विशेषण भएं; तिनमध्ये 'लेखेको, बांधेकी, गरेका, दिएका, बोलेको' यी मुख्य विशेषण हुन्, अरू पद तिनका अङ्ग हुन.

२१६. एक विशेष्यमा धेरै विशेषणको, धेरै विशेष्यमा एक विशेषणको पनी प्रयोग हुन सक्छ. त्यस्तामा धेरै एकवचनान्त भएमा जम्मा गर्दा विशेष्य धेरै हुनाले विशेषण बहुवचनान्त हुन्छ. अथवा एक एक विशेष्यको अनुसारले एकवचनान्त पनी हुन्छ. बेग्लै लिङ्ग वचन भएका एकवचनान्त-विशेष्य धेरै भएमा त विशेषण बहुवचनान्तै हुन्छ. जस्तैः—

'ठग लुच्चो, बेइमान, मूर्ख मानिस नराख. यस्तो राम्रो, असल माल ठांउमा राख. चार पैसाको पुरानो, ताछेको, किरा नलागेको सुपारी देऊ'., इत्यादिमा एक विशेष्यमा धेरै विशेषणको; 'कालो वा काला-अनुहार, कपडा, रङ, बेस हुंदैन वा हुंदैनन् भनेको नमान्ने-छोरो, शिष्य, चाकर, काम लाग्दैनन्. राम्री वा राम्रा-छोरा, स्वास्नी, चाकर्नी, घर उज्यालो गर्छ वा गर्छन् ' धेरै अग्ला-छोरा, स्वास्नी, घर, बेस हुंदैनन् मैला-मानिस, घर मन पर्दैन,' इत्यादिमा धेरै, विशेष्यमा एक विशेषणको, प्रयोग भयो.

तेरीज—

(क) यस्तो भन्ने केही गुण देखाई वस्तु बुझांउने विशेषणलाई गुणविशेषण'; यति भन्ने केही संख्या बुझाई वस्तु बुझांउने विशेषणलाई संख्या विशेषण', भन्दछन्.

(ख) 'स्वरूप-बोधक' अर्थात् स्वरूप बुझांउने; 'क्रियाबोधक' अर्थात् क्रिया बुझांउने; 'सम्बन्धबोधक' अर्थात् केही पदार्थको सम्बन्ध बुझांउने; यी तीन प्रकारका 'गुणविशेषण' हुन्छन्.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(ग) 'निश्चित-संख्याबोधक' अर्थात् निश्चय भएको संख्या बुझाउने; 'अनिश्चित-संख्याबोधक' अर्थात् निश्चय नभएको संख्या बुझाउंने; 'अंश बोधक' अर्थात् टुक्रा संख्या बुझाउंने; 'आवृत्तिबोधक' अर्थात् आवृत्ति बुझाउंने; 'क्रम-बोधक' अर्थात् संख्याको क्रम बुझाउंने; यी पांच प्रकारका 'संख्याविशेषण' हुन्छन्.

(घ) विशेषण भएको सर्वनामलाई 'सर्वनाम-विशेषण;' षष्ठयन्त पदलाई सम्बन्धी-विशेषण; तुल्यता अर्थ बुझाउंने विशेषणलाई 'तुल्यताबोधक-विशेषण' भन्दछन्.

(ङ) विशेष्यमा अन्वय हुने सिद्ध धर्म बुझाउंने विशेषणलाई 'उद्देश्य' अथवा 'नामान्वयी'; विशेषण, क्रियामा अन्वय हुने साध्य धर्म बुझाउंनेलाई 'विधेय' अथवा 'क्रियान्वय -विशेषण भन्दछन्.

अभ्यास—

[१] गुण-विशेषण संख्या-विशेषण भनेका कस्ता हुन्, कति तरहका छन् ?. तुल्यता बुझाउंने विशेषण कस्ता हुन् ? उद्देश्य विधेय भनेको के हो ? कुन कुन विशेषणको विशेष्यसंग लिङ्ग-वचन विभक्ति एकै हुन्छ ? विशेषणमा स्त्रीप्रत्यय हुने नियममा नामको भन्दा के फरक छ ? सम्बन्धी-विशेषणको स्वरूप कहां कस्तो हुन्छ ?

[२] तलका वाक्यमा कुनचांही कस्ता विशेषण हुन्, तिनका विशेष्य कुन हुन्, बताऊः—

मेरो बगैंचामा दश ठूला काबुली अनारका बोट छन्. चिनियां मानिसको अनुहार गोरो हुन्छ. वेलायती गाई खूप भेरै दूध दिन्छन्. यी वृक्षका हांगांहरू मन्द वायुले हल्लेका छन्. यस जगामा बर्खे बालि हिउदे बालि दुवै सप्रे. त्यस सहरका

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

हजारन् धनी मान्सि खूप उद्योगी छन्. असल माल मिल्काएर कमसल नलेऊ चार भला आदमीले भनेको कुरो मान्ने लाई दुःख पर्दैन. यस सालको ठुलो जांचमा गोविन्द पहिला भए. मैले डेढ लाख मानिसको फौज देखें. ज्यादा बाठा स्वास्नी काम गर्दैनन्. तिमी संग यो माल कुन छांटको छ ? पहिलेको भन्दा अहिलेको यो पुस्तक राम्रो छ. दैलखे जुत्ता बटौली छीट, ठिमिले दही, पाटने भांडा, खुप वयांनियां हुन्छन्. बाबु आमाहरू आठ बर्ष सम्म मुल्याहाको मुख हेर्दैनन् तिमी बडा दुर्वासा रहेछौ. यो कस्तो नारद केटो रहेछ. त्यो जस्तो यो छैन. उ त उल्लूको पुच्छर हो. कुनै आफन्त मानिसले मलाई देखेनन्. पापी मान्सिले गर्ने नगर्ने कुराको केही पनी ख्याल राख्तैन. उपकारी मानिसको उपकार गर्ने परमेश्वर छन्. आदित्यवारको आठौं दिन आदित्यवारै हुन्छ. दया जस्तो ठूलो धर्म अरु केही पनि छैन. आफन्तको आफुसमा बढो मेल हुनु पर्छ. मित्रभाव गर्नाले जोसुकै पनि आफ्नो हुन्छ. जसका दिलमा यो आफ्नो यो अर्को भन्ने हुंदैन, तिनैलाई समदर्शी भन्दछन्.

(३) तलका वाक्यमा परेका सर्वनाम विशेषण कुन कुन वचनका हुन्. कुन अर्थ देखाउंछन्, विशेषणै विशेष्य भएका कुन हुन्, बताऊ: —

'जुन मानिस इलम जान्दछ, त्यसको सबैले चाहा गर्छन्. जस बखतमा आपत् पर्न आउंछ उस बखतमा जसतस मानिसले मन सह्माल्न शक्त न. आफन्तलाई होस् वा अर्कालाई होस् सानो ठूलो जस्तो सुकै दुःख परेमा भरशक मद्दत दिनु पर्छ. अर्काको डाहा गर्नेलाई मनमा कत्ति सुबिस्ता हुंदैन. यी महात्मा-हरूको नाम जगत्मा प्रसिद्ध छ. जगत्मा कुनै इलमी कुनै बेइ-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

लमी हुन्छन्; इलमीको नाम जस्तो सुकै भए पनि उच्चा हुन्छ. बेइलमीको नाम त आफस्तमा पनि नीचा नै हुन्छ आमा बाबु यिनै दुइ देखिने देवता हुन्. माता पिता जत्तिका मान्य अरू कोही छैनन्.

(४) तलका वाक्यमा उद्देश्य विधेय विशेषण छुट्याऊ, ती विशेषण कुन कुन जातका हुन्, सो पनी बताऊः—

'यो छिल्के केटो बडो छुलछुले छ. कतिका पुस्तक त्यहा राखेका रहेछन्. भादगांउँले जुजुधौ खूप मीठो हुन्छ यो बिच्छी छ उर्न बिजुली कैं न ा क देखिन्छिन् आगका दश मानिसमा फर्कने पांच भए निर्दयलाई करोडनले, निन्दा गर्दछन्, पोलेको फलाम आगो भयो. यस्ता उल्लूलाई काम नलाऊ स्वास्नीमा लम्पट हुनाले त्यसले दुःख पाउने छ. नपढ्ने मानिस अन्धा झैं केही पनि राम्ररी देख्न शक्तैनन्. यत्तिको बाठो मुलुकभरमा अरू को होला ? खवैयाको छोरो देवैया हुन्छ. साबित गर्न नशक्ने पोलाहालाई भारी सजाय गर्नु पर्छ

(५) तलका वाक्यमा विशेषण र, विशेष्य नियमविरूद्ध भए सच्याऊः—

'ज्यादा बाठी स्वास्नीहरू बेस हुंदैनन्. निकम्बी बुद्धि भएको मानिसहरूबाट असल काम हुन्नन् ती बाहुन बर्ज्यैले मलाई खान दिइन्. यत्तिका बिजुलीमा दश घोडाका बल हुन्छ. सानी. रोटी ठुली थालीमा राख. पक्की मोतीको दाम धेरै हुन्छ. यी बडी नाग्दनी छ हाम्री जेठा रानी उदार्नी छन् तिम्री कोदाली कहां गयो. दशरथ महाराजकी कौशल्या कैकयी सुमित्रा यी तीन रानी थिए. रामचन्द्रजीको छोरा कुश लव हुन्.

(६) तलका वाक्यमा लेखेका कुरा शुद्ध अशुद्ध कस्ता हुन्,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

बताऊ:—

परेवाको धेरै प्वांख आकाशमा उडिरहेको रहेछ. तिमिले पढ्ने गरेको ब्याकरण-काव्य-गणितको पुस्तक कहां छ. असल असल धेरै काम गर्नाले परिणाममा धेरै असल फल पाइन्छ.

दोस्रो प्रकाश.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

तेस्रो प्रकाश.

१८–क्रिया-विचार.

(१) धातु.

२१७. माथिका क्रियापद प्रकरणमा लेखे बमोजीमका क्रिया अर्थात् काम अर्थ बुझांउने जान्छ, भन्छ, खान्छ इत्यादि क्रियापदहरू जा, भन्, खा, इत्यादि मूल-शब्दबाट प्रत्ययहरू भई बनेका हुनाले नामहरूमा झैं, कोही विशेष अर्थका अनुसारले पछि लेखिने नियम बमोजीम प्रत्ययहरू भई क्रियापद बन्दछन्

२१८ जुन मूलशब्दमा विशेष अर्थका अनुसारले प्रत्यय हुंदा क्रियापद बन्दछ, सो मूलशब्दलाई धातु भन्दछन्. गर्नु, खानु, दिनु, लिनु, इत्यादि नु अन्त्यमा हुने भाववाचक नामको जो अर्थ हो, सोही अर्थ धातुबाट बुझिन्छ. ती जानु, खानु इत्यादि भाववाचक नाममा नु यो अंश छोड्दा बाकी रहने भाग क्रियापदको मूलशब्द हुनाले त्यसैलाई धातु भन्दछन्. जस्तैः—

गर्नु, खानु, हुनु, देख्नु, बहनु, कहनु, दिनु, छुनु, दौडनु, इत्यादिमा नु प्रत्यय बाहेक गर्दा बाकी रहने गर्, खा, हु, देख्, बह, कह, दि, छु, दौड, इत्यादि धातु हुन् यिनै मूल-शब्दबाट प्रत्यय भई 'गर्छ, खायो, हुन्छन्, देखून्, बहन्छ, कहला, छोइस्, दौडन्छ' इत्यादि क्रियापद बन्दछन्.

२१९. वाक्यमा क्रियापद नभए अरू पदार्थलाई बुझांउने धेरै पद भए पनी व्यापार नबुझिई केही मतलब ननिस्कने हुनाले बोल्नाको मतलब निकाल्न वाक्यमा अवश्य क्रियापदको प्रयोग गर्नु पर्दछ; प्रयोग गरेको नदेखिनमा पनी कल्पना गर्नु पर्दछ. तथ्य–क्रियापदलाई वाक्यको प्रधान

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पद भन्दछन्. कारक आदि अरू सबै त्यसका अङ्ग हुन्. यसैले वाक्य देखिने बित्तिकै पहिले त्यही क्रियाको खोजी हुन्छ, अनी त्यसैको नाताले अरू पदको पनी क्रमै संग खोजी भई साक्षात् अथवा परम्परा (अर्काको द्वारा) संग त्यही क्रियामा अन्वय हुन्छ. त्यसबाट खोजी नहुने पद त्यस वाक्य भित्र सामिलै हुन शक्तैन. जस्तैः—

'चन्द्रको उदयले सबैका मनमा बडो आनन्द' यत्ति भनेमा क्रिया (काम) बुझाउने पद नहुनाले केही मतलब ननिस्कने भई जम्मै वाक्य रद्दी जस्तो हुन आउंदछ, यसमा हुन्छ यो एक क्रियापद जोड्ने बित्तिकै व्यापार बुझिनाले पूरा मतलब निस्कने हुन्छ फेरी-'के रे ! हुन्छ, के हुन्छ ! आनन्द, कस्तो आनन्द हुन्छ ? बडो, कहां हुन्छ ! मनमा, कसको मनमा हुन्छ ! सबैको, केले हुन्छ ! उदयले, कसको उदयले हुन्छ ! चन्द्रको,' इत्यादि त्यही हुन्छ क्रियापदबाट खोजिई नजिकको वा टाढाको सम्बन्ध लिएर सबै पदको त्यसमा अन्वय हुन्छ. हुन्छ पदले खोजी नगरेको पद यस वाक्य भित्र मिल्न शक्तैन.

२२०. वाक्यमा बुझिने क्रिया दुइ किसिमका हुन्छन्—कोही पूर्ण-क्रिया, कोही अपूर्ण-क्रिया. जुन क्रिया देखाउंनाले वाक्य पूर्ण हुन्छ, त्यसलाई पूर्णक्रिया; जुन क्रिया देखाउंनाले मात्रै वाक्य पूरा हुन शक्तैन, पूरा गर्न अर्को पूर्ण-क्रिया चाहिन्छ, त्यसलाई अपूर्णक्रिया भन्दछन्. पूर्णक्रिया-लाई मुख्य (प्रधान) क्रिया; अपूर्णक्रियालाई गौण (अवान्तर) क्रिया पनि भन्दछन्. सो पूर्णक्रिया यहां विचार गरिने क्रियापदबाट बुझिन्छ, अपूर्ण-क्रिया त पछि लेखिने धातु साधित-शब्द (कृदन्त) बाट बुझिनेछ.

जस्तैः— 'म भात खाएर पाठशालामा जान्छु. गाईलाई घांस खान देऊ. तपाईंले बोलाउंदा म हाजिर भईन' इत्यादिमा जान्छु, देऊ, भईन, यिनबाट वाक्य पूरा हुने मुख्य-क्रिया बुझिन्छ. खाएर, खान, बोलाउंदा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यिनबाट वाक्य पूरा नहुंदै अर्को पूर्णक्रियाको आकाङ्क्षा राख्ने गौणक्रिया बुझिन्छ.

(२) सकर्मक-अकर्मक विचार.

२२१. क्रिया भनेको केही विशेष फल सिद्ध गराउंने व्यापार हो. सो क्रियालाई धातुले बुझाउंने हुनाले धातुबाट क्रियाका केही फल र, केही व्यापार यी दुइ बुझिन्छन्. व्यापार भनेको शरीर अन्तःकरण आदिको चेष्टा इत्यादि काम हो; फल भनेको माथि (१२८—१० नियममा) लेखे बमोजिम सो व्यापार हुंदा पैदा हुने उत्पत्ति विकृति, संस्कृति, प्राप्ति, यी चार किसिमका हुन्छन्. कोही क्रियाको फल व्यापार दुवै अंश एकै पदार्थमा (कर्तामा) रहने हुन्छ, कोही क्रियाको फल अर्कैमा (कर्ममा), व्यापार अर्कैमा (कर्तामा) रहने हुन्छ. जुन क्रियाको व्यापार अंश जहां रहन्छ, सो त्यस क्रियाको कर्ता हो, सो व्यापारको आधार सबैमा हुनाले कर्ता सबै क्रियाको हुन्छ जुन क्रियाको फल अंश व्यापार भन्दा फुटेर, अर्थात् व्यापार रहने ठाउमा (कर्तामा) नरहेर अर्कै जुन ठाउमा रहन्छ, सो त्यस क्रियाको कर्म हो, सो फलको मात्र बेगलै अर्को आधार कोही क्रियामा हुने, कोहीमा नहुने हुनाले कर्म कुनै क्रियाको हुन्छ, कुनै क्रियाको हुंदैन.. जस्तैः—

(क) 'कुमाले घडा बनाउंछ. छोराले कोट फटायो. धोबी लुगा धुन्छ. म पुस्तक किन्छु' इत्यादिमा, बनाउंनु भनेको सिद्धगराउंने व्यापार, फटाउंनु भनेको अवयवको जोड बिगार्ने व्यापार, धुनु भनेको मैल हटाउंने व्यापार, किन्नु भनेको मोल दिएर आफ्नो हक तुल्याउंने व्यापार, हुनाले त्यसमा व्यापार अंश— बनाउंने कुमाले, फटाउंने छोरो, धुने धोबी, किन्ने म, यिनमा रहने हुँदा यी कर्ता हुन्; सिद्ध हुनु यो उत्पत्ति-रूप, अवयवको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

जोड बिग्रनु यो विकृति-रूप, मैल हट्नु यो संस्कृति-रूप, मोल दिई हक हुनु यो प्राप्ति-रूप, फल अंश, व्यापारको आधार भन्दा भिन्न-बनाइने घडा, फटाइने कोट, धोइने लुगा, किनिने पुस्तक, यिनमा रहने हुँदा यी कर्म हुन्. तसर्थ-यी क्रिया कर्म हुने हुन्. यस्तैः 'तिमी सत्य बोल. त्यो धन कमाउंछ. पण्डितजीले पुराण भने. म घर बनाउंछु. रामु अनार खान्छ. चाकर चोक बढार्छ. आमा कपाल बाट्नु हुन्छ.' इत्यादिमा पनी जान्नू.

(ख) 'चोर भाग्यो. त्यो उठ्छ. म डराउंछु गोविन्द गए.' इत्यादि-मा, भाग्नु भनेको पर पुग्ने व्यापार, उठ्नु भनेको माथितिर बढ्ने व्यापार, डराउंनु भनेको मनमा आतस गराउंने व्यापार, जानु भनेको अर्को ठाउँमा पुग्ने व्यापार, हुनाले त्यसमा व्यापार अंश र, पर पुग्नु, माथितिर बढ्नु, आतस हुनु, अन्त्र पुग्नु, यी फल अंश पनी दुवै, भाग्ने चोर, उठ्ने त्यो, डराउंने म, जाने गोविन्द, यी एकैमा रहने भई, व्यापार रहेको ठांउँ भन्दा बेगलै फलको आधार नहुँदा चोर आदि कर्ता मात्र छन्, कर्म छैनन्. तसर्थ-यी क्रिया कर्म नहुने हुन्. यस्तैः—'म आउंछु. त्यो लाटो छ. चरो उड्यो. रूखबाट पात खस्छ. कुकुर मर्छ. त्यो चम्क्यो. पानी बर्स्यो.' इत्यादिमा पनी जान्नू.

२२२. तसर्थ—क्रिया दुई किसिमका हुन्छन्. (१) सकर्मक, (२) अकर्मक.

२२३. जुन क्रियाको कर्म (गरिने) हुन्छ, अर्थात् धातुको अर्थ फल र व्यापार मध्ये जुन क्रियाको कर्तामा रहने व्यापारबाट हुने फल, कर्ता बाहेक अरू कर्मा रहन्छ, 'सो क्रिया सकर्मक कहिन्छ, जुन क्रियाको कर्म

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(गरिने) हुंदैन, अर्थात् धातुका अर्थ फल र व्यापार मध्ये जुन क्रियाको कर्तामा रहने व्यापारबाट हुने फल पनी कर्तामै रहन्छ, कर्ता बाहेक अरू कसैमा रहंदैन, सो क्रिया अकर्मक कहिन्छ. सकर्मक क्रिया बुझांउने धातुलाई पनी सकर्मक, अकर्मक क्रिया बुझांउने धातुलाई पनी अकर्मक भन्दछन्. जस्तैः-

(क) गर्नु, खानु, देख्नु, भन्नु सुन्नु, दिनु, लिनु, मान्नु, जान्नु, सोध्नु, डाक्नु, कुट्नु, राख्नु, पढ्नु, कहनु, माग्नु, छुनु, छाप्नु, जाच्नु, मिस्नु, जोर्नु, मार्नु, पकांउनु, समाउंनु, इत्यादि क्रियाको व्यापारको आधार गर्ने, खाने, इत्यादि कर्ता भन्दा बेगलै, गरिने खाइने आदि फलको आधार कर्म हुनाले यस्ता क्रिया यिनका धातु पनी सकर्मक हुन्.

(ख) हुनु, रुनु, सप्रनु, बहनु, चुक्नु, चर्कनु शुक्नु, पस्नु, बस्नु, रहनु, जानु, घट्नु, बढ्नु, हांस्नु, खस्नु, खुल्नु, थाक्नु, बन्नु, बस्नु, दौडनु, डुब्नु, मर्नु, सुत्नु, ढल्नु, इत्यादि क्रियाको व्यापारको आधार हुने रुने इत्यादि कर्तामै फल पनी रहने त्यस भन्दा बेगलैमा नरहने भई, भइने आदि अर्को केही नहुने हुनाले यस्ता क्रिया यिनका धातु पनी अकर्मक हुन्.

(ग) करण-क्रिया सकर्मक अकर्मक जो हुन्छ त्यसको अकरण-क्रिया पनी उस्तै हुन्छ.

(घ) सकर्मक अकर्मक छुट्याउने स्थूल नियम यो छ कि , जुन क्रियाको कर्तामा सामान्य भूतकालको रूपमा ले नित्य रहन्छ , सो क्रिया सकर्मक ; जुन क्रियाको कर्तामा कुनै कालमा पनी ले नित्य रहंदैन, सो क्रिया अकर्मक हो. जस्तैः- 'त्यसले गर्‍यो. मैले खाए. रामुले देखे. गुरूले भन्नु भयो. कसले सुन्यो' इत्यादि हुने हुनाले यी सकर्मक; त्यो भयो. को

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

रोयो. पानी बहन्छ. म चुकेंछु. यो पस्ला, इत्यादि हुने हुनाले यी अकर्मक हुन्.

२२४. नाना अर्थ हुने धातु कोही सबै अर्थमा सकर्मक; कोही सबै अर्थमा अकर्मक; कोही कुनै अर्थमा सकर्मक, कुनै अर्थमा अकर्मक पनी हुन्छन्. तसर्थ सकर्मक अकर्मक हुने कुरो अर्थको अनुसारले हुन्छ, धातुको अनुसारले हुँदैन. जस्तैः–

धातु.	अकर्मक.	अकर्मक.
पर् –	खस्नु.	आवश्यकहुनु.
लड् –	लोट्नु.	युद्धगर्नु.
जाग् –	विउँझनु.	रिसाउनु.
फुल् –	सुनिनु	फुललाग्नु.
चम्क –	प्रकाशहुनु.	सेखी गर्नु. इत्यादि.
धातु.	**सकर्मक.**	**अकर्मक.**
अजमाउ –	कल्पनागर्नु.	जाच्नु.
फेर् –	बदल्नु.	तालिमगर्नु.
फुक् –	गर्मीगर्नु.	ज्यादाखर्चनु.
मान् –	स्वीकारगर्नु	संमानगर्नु.
केर् –	अपराधीजाच्नु.	भेट्नु.
छांट् –	गालीगर्नु.	चुट्नु. इत्यादि.
धातु.	**अकर्मक.**	**सकर्मक.**
डह –	भभाउनु.	पोल्नु.
फुक् –	खुस्कनु.	श्वासकोव्यापारगर्नु
बांच् –	जीउनु.	पाठगर्नु.
चुक् –	सकिनु.	बिराउनु. इत्यादि.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

'पैसा नालमा पऱ्यो,[१] , काम पऱ्यो. त्यो सडकमा लड्छ. यो खूप लड्छ. यो कुरा अजमाऊ, यो मानिस अजमाऊ. त्यसले लुगा फेऱ्यो, सवारले घोडा फेऱ्यो. गांठो फुक्यो, त्यसले आगो फुक्यो. तिमी बल्ल बांच्यौ, तिमीले भागवत बांच्यौ, इत्यादि.

२२५. कोही धातु एकै अर्थ भए पनी केही मतलवले सकर्मक केही मतलवले अकर्मक पनी हुन शक्छन् जस्तैः– 'मेरो पुस्तक हरायो (बेपत्ता भयो), मैले पुस्तक हरायें, (बेपत्ता गरें); त्यो भुल्यो (चुक्यो), त्यसले कुरा भुल्यो (बिर्स्यो); त्यो मानिस फटफटायो (आत्तियो), बोकाले कान फटफटायो (चलायो); साक्षी बक्यो, साक्षीले आफूले जानेका कुरा बक्यो (भन्यो); उ बोल्यो, उसले के कुरा बोल्यो (भन्यो); त्यो करायो– चिच्यायो, त्यसले दुहाई करायो–चिच्यायो (डांको गरी भन्यो); रामु बम्क्यो, रामुले यस्तो यस्तो कुरा बम्क्यो (सेखीसंग भन्यो); यो फलाक्यो, भाटले बंशावली फलाक्यो (एकतारसंग बोल्यो)'. यस्तै गरी यस किसिमका अरू कोही क्रियामा एकै अर्थ भए पनी मतलब केही फरक हुनाले भूतकालमा पनी कहीं 'ले' को प्रयोग हुने कहिं नहुने हुन्छ. तर यस्तो प्रयोग कहीं कहीं मात्र हुन्छ.

२२६. कहीं अकर्मक धातु पनी त्यही धातुको अर्थ बुझाउने बिशेषण समेतको भाववाचक नाम कर्म तुल्याए सकर्मक हुन शक्तछ. सो कर्म निर्जीव हुनाले 'लाई' कहीं पनी रहंदैन. जस्तैः– 'त्यसले चार लडाइ लड्यो. त्यसले राम्रो चाल चल्यो. त्यो घोडाले भारी दौड दौड्यो.

---

१ यहां सबै ठाउंमा सकर्मक अकर्मक छुट्याउंन सजीलो हुनाले भूतकालको मात्र उदाहरण दिएको छ त पनी अरू कालहरूमा पनी जान्नू. यस्तै पछि लेखिने उदाहरणमा पनी जान्नू.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

तिमीले धेरै हिंडाइ हिंड्यौ. मैले खूप हाँसो हाँसें. यो चरोले राम्रो बोली बोल्यो. उनले बडो गहिरो लेखावट लेखे. तिमीले गर्नु गर्‍यौ'. इत्यादि.

२२७. सकर्मकमा पनी प्रसिद्धिले र अविवक्षाले कर्मको प्रयोग नगरे पनि हुन शक्नाले, सर्वत्र कर्मको प्रयोग अवश्य हुने नियम छैन. तर, यस्तामा कर्मको प्रयोग नभए पनी अकर्मकको नियम लाग्दैन, सकर्मकको नियम बमोजिम 'ले' आदि हुन्छ.

(१) जहां कर्म नदेखिए पनी सोही कर्म अर्थात् बुझिन शक्छ त्यहां प्रसिद्धिले कर्मको प्रयोग नगरे पनी हुन्छ; स्पष्टगरी बुझांउन गरे पनी हुन्छ. प्रसिद्ध कर्म भन्दा बेगलै कर्म बुझांउनु परेमा त प्रयोग गर्नु पर्दछ. जस्तैः–

त्यसले–(गुहु) हग्यो; (अक्षर) लेख्यो; (पुस्तक) पढ्यो; (दूध) दुह्यो; इत्यादिमा प्रसिद्ध हुनाले कर्मको प्रयोग नगरे पनी सोही बुझिन्छ. 'यसले रगत हग्यो; चिठी लेख्यो; काव्य पढ्यो; कुरा दुह्यो;' इत्यादिमा विशेष कर्म बुझांउनु पर्नाले तिनको प्रगोग हुन्छ.

(२) जहां सो क्रिया मात्र सामान्य रूपले बुझांउने तात्पर्य छ त्यस्तामा अविवक्षाले कर्मको प्रयोग हुँदैन. केही विशेष वस्तुका उपर भएको क्रिया बुझांउने तात्पर्य भए कर्मको विवक्षा हुनाले प्रयोग हुन्छ. जस्तैः– 'मैले–खाएं, देखें, सुनें, बोलें, कराएं, चिच्याएं, भूलें, चुकें. त्यसले–पेडा खायो, घर देख्यो,' पुराण सुन्यो, राम्रो कुरो बोल्यो, फिराद करायो, दोहाइ–चिच्यायो, भन्नु भुल्यो, काम चुक्यो, इत्यादिमा कर्मको विवक्षा भएमा प्रयोग हुन्छ, नभएमा हुंदैन.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

२२८. क्रिया सकर्मक हुने प्रायः संस्कृतको झैं हुन्छ कहीं कहीं संस्कृतको भन्दा भाषामा फरक पनी हुन्छ. जस्तैः-

(क) संस्कृतको हिसावले 'बर्षनु बहनु, जानु' इत्यादि क्रिया सकर्मक हुन्त पनि 'मेघ बर्ष्यो; खाला बह्यो; रामु गयो;' इत्यादि प्रयोग हुनाले भाषामा अकर्मक; 'खेल्नु, टेक्नु,' इत्यादि क्रिया अकर्मक हुन्त पनी 'त्यसले पाशा खेल्यो मैले लट्ठी टेकें.' इत्यादि प्रयाग हुनाले भाषामा सकर्मक पनी हुन्छन्.

(ख) प्रसिद्धि[१] वा अविवक्षा भई कर्म प्रयोग नहुने क्रिया संकृतमा अर्कमक हुन्त पनी भाषामा सकर्मकै गनिन्छन्.

(ग) 'बोल्नु, भुल्नु, फटफटाउँनु, बक्नु, कराउँनु,' इत्यादि संस्कृतमा सकर्मकै हुन्त पनी 'त्यो त्यसले–बोल्यो, भुल्यो, फटफटायो, बक्यो, करायो, इत्यादि दोहोरे प्रयोग हुनाले मतलबको फरकले सकर्मक अकर्मक दुवै हुन शक्छन्.

---

१. प्रसिद्धि, अविवक्षा, अभाव, आदि कारणले कर्मको प्रयोग नहुने हुनाले संस्कृतमा पनी कर्मको प्रयोग भएको बखतमा सकर्मक; नभएको बखतमा अकर्मक भन्ने व्यवस्था छ त पनी त्यस्तो मानेमा सकर्मक अकर्मकको केही व्यवस्था नहुने हुनाले र हाम्रो भाषामा कर्मको प्रयोग भए नभए पनी सकर्मक जतिको एक चाल, अकर्मक जतिको एक चालसँग प्रयोग हुने नियम हुनाले पनी कर्मको प्रयोग होस् वा नहोस् कर्म हुन शक्ने जति सकर्मक; सो नहुन शक्ने जति अकर्मक भन्ने व्यवस्था मानिएको छ.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(३) प्रधान क्रियापद.

२२९. क्रिया भनेको एक सिङ्गो व्यापार नहुने, कारक-विचारमा (१२८-८ नियममा) लेखे झैं धेरै व्यापारको समुदाय हुनाले क्रिया-पदबाट व्यापार बुझिन्छ; कहीं कर्ताको व्यापार मुख्य भई बुझिन्छ; कहीं कर्मको व्यापार मुख्य भई बुझिन्छ; कहीं कसैको पनी व्यापार मुख्य रूपले नबुझिई सामान्य रूपले व्यापार मात्र बुझिन्छ.

जस्तैः-त्यो सत्य बोल्छ. म भात खान्छु. त्यसले यात्रा हेर्‍यो. तिमी कोश पढ' इत्यादिमा 'बोल्छ' आदि सकर्मक क्रिया-पदबाट बोल्नु, खानु, हेर्नु, पढ्नु आदि आफना आफना कर्ताका व्यापार मुख्य भई बुझिन्छ; (तिमीले) साचो बोलियो. (मैले) भात खाइयो. त्यसले यात्रा हेरियो. आजकाल (तिमीले) के पढिन्छ ?. इत्यादिमा 'बोलियो' आदि सकर्मक क्रियापदबाट बोलिनु, खाइनु, हेरिनु, पढिनु आदि आफना आफना कर्मको व्यापार मुख्य बुझिन्छ; 'म सुत्छु, त्यो गयो. रामु रिसायो. धन बढ्नेछ.' इत्यादिमा 'सुत्छु' आदि अकर्मक क्रियापदबाट सुत्नु, जानु, रिसाउँनु, बढ्नु, आदि आफना आफना कर्ताको व्यापार मुख्य भई बुझिन्छ; '(मैले) सुतियो. गइयो. रिसाइयो. धनले बढिनेछ.' इत्यादिमा 'सुतियो' आदि अकर्मक क्रियापदबाट सुतिनु, जाइनु, रिसाइनु, बढिनु, आदि सामान्य व्यापार मुख्य भई बुझिन्छ. यस्तै सबैमा कहीं कर्ताको, कहीं सामान्य-व्यापार मुख्य भई बुझिन्छ.

२३०. तसर्थ क्रियापद तीन प्रकारका छन्. (१) कर्तृप्रधान, (२) कर्मप्रधान, (३) भावप्रधान. सकर्मक क्रियापद कर्तृप्रधान र कर्म-प्रधान यी दुइथरीका, अकर्मक क्रियापद कर्तृप्रधान र भावप्रधान यी दुइथरीका हुन्छन्.

२३१. जुन क्रियापदबाट कर्ताको व्यापार मुख्य भई बुझिन्छ सो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कर्तृप्रधान; जुन क्रियापदबाट कर्मको व्यापार मुख्य भई बुझिन्छ सो कर्मप्रधान; जुन क्रियापदबाट सामान्य व्यापार मुख्य भई बुझिन्छ सो भावप्रधान कहिन्छ. जस्तैः—

'गर्छु, खान्छ, देख्यो, सुनोस्, देला, लिनेछन्, जान्दछौ' सोध्यो, डाक्नेछ कुटोस्, नगर, भन्दैन, गनेन, नजांचून, भागोइन' इत्यादि क्रियापद कर्ताको व्यापार मुख्य गरी बुझाउँने हुनाले सकर्मक कर्तृप्रधान हुन्.

'गरियो, देखियो, दिइनन्, लिइनेछन्, डाकियो, लेखियो, चाखिन्छ, शकिन्छ, अटाइन्छ, गरिन्छ, नभनिओस्, देखिएन, लेखिओइन, डाकिइन्न, खाइंदैन,' इत्यादि क्रियापद कर्मको व्यापार मुख्य गरी बुझाउने हुनाले सकर्मक कर्मप्रधान हुन्.

'हुन्छ, रोयो, बस, घट्ला, हांसोस्, खस्छ, दौढन्छ, उठ्यो, बल्यो, पस्ला, नहांसून्, नउठ, रुंदैन, घटोइन, नबस' इत्यादि क्रियापद कर्ताको व्यापार मुख्य गरी बुझांउने हुनाले अकर्मक कर्तृप्रधान हुन्.

'हांसिनेछ, खसिन्छ, घटिन्छ, कुटिएला, दौढियो, बसियो, पसिनेछ, थाकियो, परिन्छ, मरिन्छ, नहांसिओस्, घटिन्न, दौडिदैन, बसिनेछैन, नसकिओस्' इत्यादि क्रियापद कर्ता कर्म कसैको व्यापार मुख्य गरी नबुझाई सामान्य व्यापार बुझांउने हुनाले अकर्मक भावप्रधान हुन्.

२३२. कर्तृप्रधान भएका कर्ता प्रथमान्त, कर्म भए द्वितीयान्त, कर्ताकै बमोजीम क्रियापदमा लिङ्ग वचन पुरुष आदि हुन्छ; कर्म प्रधान भएमा कर्म प्रथामान्त, कर्ता तृतीयान्त, कर्मकै बमोजीम क्रियापदमा लिङ्ग वचन पुरुष आदि हुन्छ; भावप्रधानमा कर्ता तृतीयान्त हुने, क्रिया पदमा लिङ्ग पुरुष वचन आदि केही फरक नहुने हुन्छ.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

२३३. कर्तृप्रधान क्रियालाई कहने हलन्त अजन्त सबै धातुबाट त्यसको भूतकालको क्रियापदमा प्रत्ययको अंश छोडी बाँकि रहने धातुको सामान्यरूप अजन्त हलन्त जस्तो हुन्छ सो सामान्यरूपको पछि इ प्रत्यय थपिई इकारान्त कर्म-भाव-प्रधान धातु बन्दछ तसर्थ- जुनसुकै कर्तृ प्रधान धातुलाई इकारान्त गराउँदा भावप्रधान कर्म प्रधान धातु भई रूप बन्दछन्.

जस्तैः-

	कर्तृप्र. धातु.	भूतको सा.रूप.	प्रत्यय	कर्म प्र. धातु.	रूप
सकर्मक	गर्	गर्[1]	इ +	गरि	गरिन्छ.[2]
	भन्	भन्	,,	भनि	भनिन्छ.
	पढ्	पढ्	,,	पढि	पढिन्छ.
	कह्	कह्	,,	कहि	कहिन्छ.
	सुम्प	सुम्प्	,,	सुम्पि	सुम्पिन्छ.
	खा	खा	,,	खाइ	खाईन्छ.
	दि	दि	,,	दिइ	दिइन्छ.
	लि	लि	,,	लिइ	लिइन्छ.
	बक्सि	बक्सि	,,	बक्सिइ	बक्सिइन्छ.
	धु	धो	,,	धोइ	धोइन्छ.
	छु	छो	,,	छोइ	छोइन्छ
	दुह्	दुह्	,,	दुहि	दुहिन्छ.
	पाउ	पा	,,	पाइ	पाइन्छ.
	पिउ	पि	,,	पिइ	पिइन्छ.

१ कर्तृप्रधान भूतकालमा हुने धातुको सामान्यरूपको नियम पछि लेखिनेछ.

२ वर्तमानको रूपमा सामान्यरूप र 'छ' आदि प्रत्ययको बीचमा 'न्'

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अकर्मक

कर्तृ प्र. धातु.	भूतको सा. रूप.	प्रत्यय	भाव प्र. धातु	रूप
घट्	घट्	इ +	घटि	घटिन्छ.
खप्	खप्	,,	खपि	खपिन्छ.
बस्	बस्	,,	बसि	बसिन्छ.
दौड	दड्	,,	दौडि	दौडिन्छ.
लत्र	लत्र्	,,	लत्रि	लत्रिन्छ
बह	बह्	,,	बहि	बहिन्छ.
खि	खि	,,	खिइ	खिइन्छ.
जिस्कि	जिस्कि	,,	जिस्किइ	जिस्किइन्छ.
फुर्कि	फुर्कि	,,	फुर्किइ	फुर्किइन्छ.
रु	रो	,,	रोइ	रोइन्छ.
नुहु	नुहॅ्	,,	नुहि	नुहिन्छ.
आउ	आ	,,	आइ	आइन्छ.
जिउ	जि	,,	जिइ	जिइन्छ.
धाउ	धा	,,	धाइ	धाइन्छ.

इत्यादि.

(क) हु जा ला धातुको त भुतकालमा हुने भ, ग, लग् यस्तो, सामान्यरूपमा र अरू कालमा हुने हो जा लैजा यस्तो सामान्यरूपमा पनी इ जोडिई, हु को भइ होइ यस्ता, जा को गइ जाइ यस्ता, ला को लगी लैजाइ यस्ता, दोहोरै भावकर्मप्रधान धातु बनेर 'भइन्छ, होइन्छ, गइन्छ, जाइन्छ, लगिन्छ, लैजाइन्छ' इत्यादि रूप हुन्छन्. तर भावप्रधानको

थपिने कुरा पछि लेखिनेछ. यहां एक रूप मात्र देखाएको छ त पनी अरू रूपमा पनि यस्तै जान्नू.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

र कर्मप्रधानको पनी भूतकालमा 'भइ, गइ, लगि' यी चाहीं सामान्यरूप मानेर मात्रै रूप हुन्छ, अरूमा दोहोरै हुन्छ.

२३४. कहीं एक क्रियाको कर्तृप्रधान र अर्को क्रियाको भाव-कर्म-प्रधान एकै आकार भएको देखिन्छ, कहीं एक धातुको अर्को धातु कर्म-भावप्रधान जस्तो पनी देखिन्छ; तर त्यस्ता धातु बेगलै हुन्, एकचाहीं बाट अर्कोचाहीं बनेका होइनन्; तिनको आफना आफना नियम बमोजीम कर्मप्रधान भावप्रधान बन्दछन्. जस्तैः–

कर्तृप्र.	क.भा.प्र.	कर्तृप्र.	क.भा.प्र.
सुन्नु.	सुनिनु.	सुनिनु.	सुनिइनु.
बेच्नु.	बेचिनु.	बिक्नु.	बिकिनु.

इत्यादि.

(४) प्रयोजक-धातु.

२३५. 'गर्नु, सुन्नु, देख्नु, बस्नु, मिल्नु' इत्यादि क्रियामा गर्ने, सुन्ने आदि कर्ताले स्वतन्त्र भई गरेको व्यापार बुझिन्छ; 'गराउँनु, सुनाउँनु, देखाउँनु, 'बसाउँनु, मिलाउँनु' इत्यादि क्रियामा गर्नें सुन्ने आदि कर्तालाई प्रेरणा गर्ने गराउँने, सुनाउँने, आदि कर्ताले गरेको प्रेरणा रूप (अह्रावट) व्यापार बुझिन्छ. यस्तैः- भन्, खा, पढ्, बढ्, इत्यादि प्रायः सबै स्वतन्त्र क्रिया बुझाउँने धातुबाट आउ थपी रूप बनेका. 'भनाउ, खुवाउ, बढाउ' इत्यादि धातुबाट त्यस त्यस क्रियाको प्रेरणा रूप भनाउँनु खुवाउँनु, पढाउँनु, बढाउँनु, आदि कुरा बुझिन्छन्.

२३६. यसर्थ–कर्ताले स्वतन्त्र भई व्यापार गरेको क्रियालाई स्वतन्त्र-क्रिया, त्यसलाई बुझांउने धातुलाई मूल-धातु भन्दछन. कर्ताले व्यापार गर्दा प्रेरणा गर्नेको क्रियालाई प्रेरणा-क्रिया, त्यसलाई बुझांउने धातुलाई

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

प्रयोजक-धातु (प्रेरणार्थक) भन्दछन्. जस्तैः-

'दिनु, हाँस्नु, खस्नु, माग्नु, पाक्नु छाप्नु, लेख्नु, वर्षनु, जान्नु भाग्नु, इत्यादि स्वतन्त्र-क्रिया, यिनका धातु मूल-धातु; दिलाउंनु, हंसाउंनु, खसाउंनु, मगाउंनु, पकाउंनु, छपाउंनु, लेखाउंनु वर्षाउंनु, जनाउंनु, भगाउंनु, इत्यादि प्रेरणा-क्रिया; यिनका धातु प्रयोजक-धातु हुन्. यस्तै गरी प्रायः सबै क्रियामा कर्तृप्रधान मूलधातुबाट प्रयोजक-धातु हुन्छन्.

२३७. कर्तृप्रधान क्रियालाई कहने हलन्त अजन्त प्रायः सबै मूलधातुबाट त्यसको भूतकालको क्रियापदमा प्रत्ययको अंश छोडी बाँकी रहने धातुको सामान्य[1]-रूप अजन्त हलन्त जस्तो हुन्छ, सो सामान्यरूपको पछि आउ प्रत्यय थपिई 'आउ' अन्त्यमा हुने कर्तृप्रधान प्रयोजक-धातु बन्दछ. तसर्थं कर्तृप्रधान मूलधातुको जुन किसिमको सामान्यरूपमा इ प्रत्यय जोडदा कर्म-भावप्रधान मूलधातु बन्ने कुरो देखाएको छ, सोही किसिमको कर्तृप्रधान धातुको सामान्यरूपमा आउ प्रत्यय जोडदा कर्तृप्रधान प्रयोजकधातु भई रूप बन्दछन्. दुइ वर्ण हुने धातुमा पहिलो स्वर आ भए त्यसको बदला अ पनी हुन्छ. जस्तैः—

कर्तृप्र. धातु	सामान्य. रूप.	प्रत्यय.	प्रयोजक. धातु.	रूप.
गर्	गर्	आउ +	गराउ	गराउंछ.

१. हलन्त, आकारान्त, व्यञ्जन जोडेको अनेकाक्षर उकारान्त धातुको हलन्त हुने; इकारान्त सबैको उस्तै रहने; एकाक्षर उकारान्तको ओकारान्त हुने; अनेकाक्षर व्यञ्जन नजोडेको उकारान्त धातुको उकार लोप गरी बाकी रहने; जा को ग, ला, को लग्, यस्तो सामान्यरूप भूतकालमा हने कुरा पछि लेखिनेछ..

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भन्	भन्	"	भनाउ	भनाउंछ्
पढ्	पढ्	"	पढाउ	पढाउंछ.
पाक्	पाक्	"	पकाउ	पकाउंछ.
नाच्	नाच्	"	नचाउ	नचाउंछ.
हाँस्	हाँस्	"	हंसाउ	हंसाउंछ.
दौड	दौड्	"	दौडाउ	दौडाउंछ.
चम्क	चम्क्	"	चम्काउ	चम्काउंछ.
बह	बह्	"	बहाउ	बहाउंछ.इ०

(क) इकारान्त उकारान्त मूलधातुबाट त माथिको नियम बमोजिम सामान्य-रूपको पछि आउ प्रत्यय जोडी प्रयोजकधातु बनाउंदा सामान्यरूप र आउ प्रत्ययको बीचमा प्रायः इकारान्त धातुमा य, उकारान्त धातुमा व, आगम विकल्पले भई उ वाउ यस्तो पनी, आउ मात्र पनी हुन्छ. तर यसमा कहीं विशेष छ.

(१) एकाक्षर इकारान्त धातु र, भूतमा इकारान्त सामान्यरूप हुने उकारान्त धातु प्रायः सबैमा य् विकल्प भई याउ आउ दोहोरै हुन्छ. जस्तः—

मू.धातु.	सा.रूप.	प्रत्यय.	प्र.धातु.	रूप.
		(आउ	दिआउ[१]	दिआउंछ.
दि	दि	(याउ	दियाउ	दियाउंछ.

१ कोही कोही लिको 'ल्याउ' पिउको 'प्याउ' सिउको 'स्याउ' छुको 'छ्वाउ' धुको 'ध्वाउ' खाको 'ख्वाउ' इत्यादि मानेर 'ल्याउछ, छ्वाउछ, ख्वाउछ' इत्यादि पनी प्रयोग गर्छन्. तर त्यो चांडो उच्चारणले भएको जस्तो मात्र हुनाले सबैमा मिल्ने नियम बमोजीम पियाउ खुवाउ इत्यादि शुद्ध प्रयोग हो.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

लि	लि	(आउ	लिआउ	लिआउंछ.
		(याउ	लियाउ	लियाउंछ.
पिउ	पि	(आउ	पिआउ	पिआउंछ.
		(याउ	पियाउ	पियाउंछ.
सिउ	सि	(आउ	सिआउ	सिआउंछ.
		(याउ	सियाउ	सियाउंछ

(२) अनेकाक्षर इकारान्त धातुमा संयुक्त अक्षर हुनेमा प्रायः य् विकल्प भई **याउ आउ** दोहोरै, संयुक्त नहुनेमा प्रायः य् नभई **आउ** मात्र हुन्छ. कोही कोहीमा त संयुक्त हुनेमा पनी **आउ** मात्र, संयुक्त नहुनेमा पनी **याउ आउ** दोहोरै हुन्छ सो विशेष चलनबाट बुझिन्छ. जस्तैः—

मू.धातु.	सा.रूप.	प्रत्यय.	प्र.धातु.	रूप
जिल्लि.	जिल्लि.	(आउ	जिल्लाउ	जिल्लाउंछ.
		(याउ	जिल्ल्याउ	जिल्ल्याउंछ.
फुर्कि	फुर्कि	(आउ	फुर्काउ	फुर्काउंछ.
		(याउ	फुर्क्याउ	फुर्क्याउंछ.
सिद्धि	सिद्धि	(आउ	सिद्धाउ	सिद्धाउंछ
		(याउ	सिद्ध्याउ	सिद्ध्याउंछ.
उभि	उभि	(आउ	उभाउ	उभाउंछ.
		(याउ	उभ्याउ	उभ्याउंछ.
झिजि	झिजि	(आउ	झिजाउ	झिजाउंछ.
		(याउ	झिज्याउ	झिज्याउंछ
बिरि	बिरि	आउ	बिराउ	बिराउंछ
खटि	खटि	,,	खटाउ	खटाउंछ.
हप्कि	हप्कि	,,	हप्काउ	हप्काउंछ.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

वक्सि	वक्सि	"	बक्साउ	बक्साउँछ.
फकि	फकि	"	फकाउ	फकाउँछ.

(३) इकारान्त सामान्यरूप हुने बाहेक एकाक्षर अनेकाक्षर उकारान्त सबै धातुमा व् विकल्प भई वाउ आउ दोहोरै हुन्छ. जस्तैः—

मू धा.	सा. रूप.	प्रत्यय.	प्र धातु.	रूप.
छु	छो	आउ	छोआउ	छोआउँछ.
		वाउ	छोवाउ	छोवाउँछ.
धु	धो	आउ	धोआउ	धोआउँछ.
		वाउ	धोवाउ	धोवाउँछ.
कुहु	कुह्	आउ	कुहाउ	कुहाउँछ.
		वाउ	कुह्वाउ	कुह्वाउँछ.
दुहु	दुह्	आउ	दुहाउ	दुहाउँछ.
		वाउ	दुह्वाउ	दुह्वाउँछ.

(ख) खा, पुग्, इत्यादि कोही धातुको त माथिका नियममा नमिल्ने सामान्यरूप भई खुवाउ, पुऱ्याउ, इत्यादि प्रयोजक-धातु भई रूप बन्दछन्.

(ग) यस्तै गरी माथिका नियम बमोजीम देख्नु-देखाउँनु, बोल्नु-बोलाउँनु, घट्नु-घटाउँनु, बस्नु-बसाउँनु, लुछ्नु-लुछाउँनु जांच्नु-जंचाउँनु, मार्नु-मराउँनु, छाप्नु-छपाउँनु, काट्नु-कटाउँनु, काम्नु-कमाउँनु, बाभनु-बझाउँनु, रन्कनु-रन्काउँनु, फुस्कनु-फुस्काउँनु, मस्कनु-मस्काउँनु, हुरिनु-हुर्रा (ऱ्या) उँनु, रन्थनिनु-रन्थना (न्या)उँनु, उछिट्टिनु-उछिट्टा (ट्या) उँनु, केलिनु-केलाउँनु, फर्मिनु-फर्माउँनु, आत्तिनु-अत्त्याउँनु, जिउनु-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

जिग्रा (या) उंनु, खिउनु-खिग्रा (या) उंनु, हुनु-होग्रा (वा उंनु,, रुनु-रोग्रा (वा) उंनु, नुहुनु-नुहा (ह्व) उंनु, चुहुनु-चुहा (ह्व) उंनु, इत्यादि स्वतन्त्र-क्रिया प्रेरणा-क्रिया तिनका धातु पनी जान्नू.

२३८. 'ग्राउ' अन्तमा हुने जति सबै धातु प्रयोजकै हुने नियम छैन, कोही मूल-धातु पनी अन्त्यमा 'ग्राउ' हुने हुन्छन्. तिनमा 'ग्राउ' यो प्रत्यय भएको होइन, मूलधातुकै अवयव (अंश) हो. जुन 'ग्राउ' अन्त्यमा हुने धातुको अर्को 'ग्राउ' नभएको मूलधातु देखिन्छ सो 'ग्राउ' प्रत्ययान्त प्रयोजक-धातु हो; त्यस्तो अर्को मूलधातु देखिदैंन भने सो 'ग्राउ' अन्त्यमा हुने उकारान्त मूलधातु नै हो. यसै अर्थले सो 'ग्राउ' प्रत्ययान्त प्रयोजकधातु सकर्मक मात्र हुने नियम पछि बताइने, 'ग्राउ' अन्त्यमा हुने मूलधातु त सकर्मक अकर्मक दुवै थरी हुन सक्ने, हुनाले 'ग्राउ' अन्त्यमा हुने धातु अकर्मक भए मूलधातु नै हो, सकर्मक भए अर्को मूलधातु पाइए प्रयोजक-धातु, नत्र मूलधातु नै हो भनि छुट्याउंनू. यस्तै याउ वाउ हुनेमा पनि जान्नू. जस्तै:-

पकाउ, देखाउ, सुनाउ, बोलाउ, बक्साउ, फुक्र्याउ, इत्यादिको पाक्, देख्, सुन्, बोल्, वक्स, फुर्कि इत्यादि मूलधातु देखिनाले यी प्रत्ययान्त प्रयोजकधातु हुन्. लजाउंनु, निदाउंनु. घिनाउंनु, गह्लाउंनु, अगाउंनु, अघाउंनु, पछ्याउंनु, अस्ताउंनु, चिलाउंनु, बौलाउंनु, कराउंनु, चिच्याउंनु, डराउंनु, थकाउंनु, इत्यादि अकर्मकको; समाउंनु पठाउंनु, अह्लाउंनु, नुहाउंनु, उभाउंनु, लल्याउंनु, चियाउंनु, सताउंनु, बाउंनु, पाउंनु, दांउंनु, फांउंनु, कोक्याउंनु, टट्टाउंनु, ग्रौंल्याउंनु, चल्मलाउंनु इत्यादि सकर्मकको पनि अर्को मूल-धातु नदेखिनाले यी उकारान्त मूलधातु नै हुन्.

२३९. सबै मूलधातुवाट ग्राउ प्रत्यय भई प्रयोजक धातु बन्ने नियम छैन. माथि लेखिएका जस्ता लजाउंनु, निदाउंनु, पाउंनु, इत्यादि ग्राउ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अन्त्यमा हुने सबै मूलधातुको; विचार्नु, उफार्नु, थचार्नु, संभाल्नु, उचाल्नु, बिगार्नु, सुधार्नु, बथान्नु, बखान्नु, उभाड्नु, बसाल्नु, फुकाल्नु, पसार्नु, घिसार्नु, सकार्नु, सराप्नु, वराल्नु, इत्यादि उपधामा (छ्योनेर) आकार भई अनेकाच् हुने सबै हलन्तधातुको, जानु, शक्नु, सक्नु, थाक्नु, घुक्नु, ताड्नु, पर्नु, ठान्नु, फाप्नु, हांप्नु, पड्नु, इत्यादि अरू कोही मूलधातुको पनी अर्को प्रयोजकधातु बन्दैन. प्रेरणार्थकबाट पनी अर्को प्रेरणा बुझांउंदा फेरी प्रत्यय हुंदैन.

(क) यस्ता प्रयोजक नहुने धातुमा प्रेरणा अर्थ बुझाउंनु पर्दा सो अर्थ बुझाउंन शक्ने अर्कै मूल अथवा प्रयोजकधातुको अथवा लाउंनु क्रिया जोडेर वाक्यको प्रयोग हुन्छ. प्रेरणार्थकबाट अर्को प्रेरणा बुझाउंदा पनि यही बमोजिम हुन्छ. प्रेरणार्थक हुन शक्नेमा पनी वाक्यको प्रयोग हुन शक्छ. जस्तैः— लजाउन लाउंनु, आउन लाउंनु, विचार्न लाउंनु, जान लाउंनु, (पठाउंनु), समाल्न लाउंनु, (पकडाउंनु), पुऱ्याउंन लाउंनु, गराउंन लाउंनु, सुनाउंन लाउंनु, देखाउंन लाउंनु, गर्न लाउंनु (गराउंनु), सुन्न लाउंनु, (सुनाउंनु), देख्न लाउंनु, (देखाउंनु) इत्यादिको प्रयोग हुन्छ. लाउंनु क्रिया जोडेको क्रियालाई संयुक्तक्रिया भन्ने व्यवहार पछि लेखिनेछ.

२४०. स्वतन्त्र र प्रेरणार्थक धातुमा आफना आफना नियम बमोजीम विशेष अर्थको अनुसारले कोही स्वतन्त्र कसैका प्रेरणार्थक जस्ता, कोही धेरै थरी स्वतन्त्रका एकै थरी प्रेरणार्थक पनि हुन्छन्.

तिनका विशेष नियम यस्ता छन्ः—

(१) कोही 'तर बल्' इत्यादि एक स्वर हुने हलन्त धातुका अकारको बदलामा आकार भएको 'तार् बाल्' इत्यादि अर्कै धातु प्रेरणार्थक जस्ता हुन्छन्. तर त्यस्तो स्वर बदलिएमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पनि 'खप् खाप् थप् थाप्' इत्यादिमा अर्थ फरक भई प्रेरणार्थक जस्ता पनि नदेखिने दुवैमा प्रेरणार्थक प्रत्यय पनी हुने हुनाले 'तर् तार्' इत्यादिमा एकको अर्को चाहीं प्रेरणार्थक जस्तो भई ती दुवै मूलधातु नै हुन्; 'खप् खाप्' इत्यादिमा त अर्थ फरक हुनाले एकको अर्को चाहीं प्रेरणार्थक जस्तो होइन. ती 'तर् तार्' खप् खाप्' इत्यादि दुवै थरीको नियम बमोजीम 'तराउंनु, बलाउंनु, खपाउंनु, थपाउंनु' इत्यादि प्रेरणार्थक पनी हुन्छन्. यसैले 'तर्नु बल्नु' आदिको प्रेरणा बुझाउंदा 'तार्नु, बाल्नु तराउंनु, बलाउंनु' यी दुवैथरीको प्रयोग हुन शक्छ तर तर्नु आदिको प्रेरणा बुझांउंदा तार्नु आदिको, प्रेरणा बुझांउंदा तराउंनु आदिको प्रयोग ज्यादा प्रसिद्ध छ. खप्नु थप्नु आदिको प्रेरणा बुझांउंदा त अर्थ फरक हुनाले खाप्नु थाप्नु आदिको प्रयोग हुंदैन, खपाउंनु थपाउंनु आदिकै प्रयोग हुन्छ, जस्तैः–

स्वतन्त्र.	प्रे. जस्तो.	दुवैको. प्रे.
तर्नु	तार्नु	तराउंनु.
ढल्नु	ढाल्नु	ढलाउंनु.
गड्नु	गाड्नु	गडाउंनु.
बल्नु	बाल्नु	बलाउंनु.
स्वतन्त्र.	**अर्को स्व.**	**दुवैको प्रे.**
खप्नु	खाप्नु	खपाउंनु.
हर्नु	हार्नु	हराउंनु.
सध्नु	साध्नु	सधाउंनु.
थप्नु	थाप्नु	थपाउनु.

यस्तै– चल्नु, चाल्नु, चलाउनु; टर्नु, टार्नु, टराउनु; झर्नु, झार्नु, झराउनु; मर्नु, मार्नु, मराउनु; गल्नु, गाल्नु, गलाउनु; इत्यादि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

एकको अर्को प्रेरणार्थक जस्तो हुने; फल्नु, फाल्नु, फलाउनु; डश्नु, डाश्नु, अशाउनु; तप्नु, ताप्नु, तपाउनु; रम्नु, राम्नु, रमाउनु; पट्नु, पाट्नु, पटाउंनु; इत्यादि एकको अर्को प्रेरणार्थक जस्तो नहुने जान्नू. खुल्नुको प्रेरणार्थक जस्तो खोल्नु तिनका प्रेरणार्थक भिन्न भिन्न खुलाउनु खोलाउनु हुने इत्यादि पनि व्यवहारबाट जान्नू.

(२) उत्र, उक्ल इत्यादि र, ल् पछिल्लो वर्ण भई अन्त्यमा संयोग परेको अकारान्तधातुका रको बदला आर, लको बदला आर भएका उतार् उकाल् इत्यादि अर्का धातु पनि प्रेरणार्थक जस्ता हुन् माथिका नियम (२३५-७) बमोजीम संयुक्त अक्षर हुनेको उत्राउंनु आदि प्रेरणार्थक बन्न शक्छ, आर् आल् हुनेको सपाराउंनु इत्यादि प्रेरणार्थक हुंदैन. तर उत्रनु उक्लनु इत्यादिको प्रेरणा बुझाउंदा आउ प्रत्यय भएको उत्राउंनु उक्लाउंनु इत्यादिको प्रयोग ज्यादा प्रसिद्ध छैन, उतार्नु, उकाल्नु इत्यादिकै प्रयोग हुन्छ.

यस्तैः–सप्रनु-सपार्नु, बिग्रनु-बिगार्नु, लत्रनु-लतार्नु, बज्रनु-बजार्नु, सुध्रनु-सुधार्नु, उफ्रनु-उफार्नु, फुक्लनु-फुकाल्नु, उम्लनु-उमाल्नु, सम्लनु-समाल्नु, वर्लनु-वराल्नु, इत्यादि एकको अर्को प्रेरणार्थक जस्तो भई प्रयोग हुने जान्नू. तर ठुक्रनु, डुक्रनु, पक्रनु, हल्लनु, चिम्लनु इत्यादि संयुक्त र ल हुनेको आर् आल् भएको धातु नदेखिने; बराल्नु, उचाल्नु, पखाल्नु, पछार्नु, लछार्नु, बढार्नु, इत्यादि आर् आल् हुंनेको संयुक्त र ल हुने धातु नदेखिने हुनाले सबैमा यस्तो हुने नियम छैन. उख्लनु-उखेल्नु, उखाल्नु; सङ्लनु-सङ्लेल्नु, सङाल्नु; कुच्रनु-कोचार्नु; इत्यादिमा स्वर पनी फरक पर्ने, बस्नु-बसाल्नु, बसाउनु; खस्नु-खसाल्नु,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

खसाउंनु; इत्यादि केही अरू किसिमका धातुमा आर् आल् पनी हुने इत्यादि विशेष व्यवहारबाट जान्नू.

(३) कोही 'आउ' अन्त्यमा हुने धातु कसैका प्रेरणार्थक जस्ता देखिन्छन्त पनी अर्थ फरक हुने कहीं सकर्मक अकर्मक पनी फरक पर्ने हुनाले प्रेरणार्थक होइनन् स्वतन्त्र हुन्. तिनको अर्को प्रेरणार्थक पनी बन्दैन. जस्तैः—
चिल्नु (स) चिलाउनु (अ); कन्नु (स) कनाउनू (स) इत्यादि.

(४) कोही 'आउ' अन्त्यमा हुने नानार्थधातु कोही अर्थमा अर्को मूलधातु हुनाले प्रेरणार्थक, कोही अर्थमा अर्को मूलधातु नहुनाले स्वतन्त्र पनी हुन्छन् तर त्यस्तामा धातुको स्वरूप एकै भए पनी क्रिया बेगलै हुन्. जस्तैः—

मूल.

छांट्नु	(छटाउंनु. प्रे० (छांटपार्नलाउंनु.	स०)
	(छटाउंनु स्व०(बहुलाउंनु.	अ०)
नुहुनु.	(नुहाउंनु. प्रे० (भुकाउंनु.	स०)
	(नुहाउंनु स्व०(स्नानगर्नु	स०)
बिरिनु.	(बिराउंनु प्रे० (बिरिनलाउंनु.	स०)
	(बिराउंनु स्व०(बीजछर्नु.	स०)
खिउनु	(खियाउंनु. प्रे० (खिउंनलाउंनु.	स०)
	(खियाउंनु स्व०(नाउचलाउंनु.	स०)
खार्नु.	(खराउंनु. प्रे० (खार्नलाउंनु.	स०)
	(खराउंनु. स्व०(हढ्नलाउंनु.	अ०) इ०

२४१. कोही मूलधातुबाट प्रेरणार्थकको नियम बमोजीम बनेका धातु पनी प्रेरणार्थ नबुझाई मूलधातुको जो अर्थ छ उत्ति बुझाउंने, सकर्मक

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अकर्मक पनी उस्तै रहने हुन्छन्; ती (संस्कृतका स्वार्थं णिजन्त जस्ता) स्वार्थं आउ प्रत्ययान्त हुन्. जस्तैः—

सेक्नु-सेकाउंनु. रम्नु-रमाउंनु. हडबडिनु-हडबडाउंनु. ठांट्नु-ठटाउंनु. बिलिनु-बिलाउंनु. फट्टिनु-फट्टाउंनु. जड्नु-जडाउंनु. वैलिनु-वैलाउंनु. लालिनु लोलाउंनु. इ०

२४२. कर्म-कर्तृ-प्रधानमा भैं कोही प्रयोजकधातु प्रयोजकजस्ता धातु पनी नाना अर्थ हुने, सकर्मक अकर्मक फरक पर्ने, पनी हुन्छ. सकर्मक अकर्मकमा भैं, संस्कृतका कोही स्वतन्त्र प्रेरणार्थक यहां पनी उही बमोजीम हुन्छन्, कोही उहांका स्वतन्त्र यहां प्रेरणार्थक, कोही उहांका प्रेरणार्थक यहां स्वतन्त्र पनी हुन्छन्, सो सबै कुरा व्यवहारबाट बुझ्नु पर्छ.

२४३. प्रेरणार्थक धातुमा मूलधातुको कर्ता प्रेरणा गरिने भई कर्म हुनआउंनाले प्रेरणार्थक धातु अकर्मक हुदैन. प्रेरणार्थक जस्ता पनी सकर्मकै हुन्छन्. अकर्मकधातुबाट बनेका प्रेरणार्थकहरू प्रयोज्य-कर्ता अर्थात् मूल-धातुको कर्ता, कर्म भई एककर्मक (एक कर्म हुने), सकर्मकधातुबाट बनेका प्रेरणार्थकहरू प्रायः प्रयोज्य-कर्ता र पहिलेको कर्म यी दुइ कर्म भई द्विकर्मक (दुइकर्महुने) हुन्छन्. द्विकर्मकमा दुवै कर्मको प्रयोग अवश्य हुने नियम त छैन. जस्तैः—

'भात पाक्छ. असामी भाग्गो. त्यो बस्छ. तिमी रुन्छौ. म हांस्छु.' इत्यादि अकर्मकका कर्ता-भात, असामी, त्यो, तिमी, म, यी 'त्यो भात पकाउंछ त्यसले असामीलाई भगायो. रामुले त्यसलाई बुझाउंछ. त्यो तिमीलाई रोवाउंछ. त्यो मलाई हसाउंछ.' इत्यादि प्रेरणार्थकमा कर्म भई यस्ता प्रयोजक सकर्मक भए.

'त्यो पुस्तक लेख्छ. भक्त पुराण सुन्छन्. यो सांचो बोल्छ. उसले काम गऱ्यो. रामुले भात खाए.' इत्यादि सकर्मकका कर्म-पुस्तक, पुराण, सांचो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

काम, भात, यी र, कर्ता–त्यो, भक्त, यो, उ, रामु, यी पनी दुवै 'गोबिन्द त्यसलाई पुस्तक लेखाउंछन्. पण्डित भक्तलाई पुराण सुनाउंछन्. गोपाल यसलाई सांचो झोलाउंछन्. तिमीले उसलाई काम गरायौ. मैले रामुलाई भात खुवाएं' इत्यादि प्रेरणार्थकमा कर्म हुनाले यस्ता प्रयोजकधातु द्विकर्मक भए.

(क) सकर्मकबाट बनेका प्रेरणार्थकमा मूलक्रियाको कर्तालाई कर्ता नै कायम राखेर 'बाट' प्रत्यय हुने विशेष पछि बुझिनेछ.

२४४. दोस्रो प्रेरणा बुझाउंदा प्रयगो हुने लाउंनु क्रिया जोडेको प्रेरणार्थक क्रियाको प्रयोग गरेमा अघिल्लो प्रेरणा गर्ने कर्ता पनी दोस्रो प्रेरणाको कर्म हुने हुनाले अकर्मक मूलबाट बनेका द्विकर्मक; सकर्मक मूलबाट बनेका त्रिकर्मक पनी हुन्छन्. जस्तै;–

'रामु त्यसलाई भात पकाउंन लाउंछन् सिपाहीले त्यसलाई असामी-लाई भगाउंन लायो. मैले रामुलाई त्यसलाई बसाउंन लाएं. उसले त्यसलाई तिमीलाई देखाउंन लाउंछ. गोविन्दले उसलाई मलाई हंसाउंन लाउंछन्' इत्यादि अकर्मक मूलबाट बनेको दोस्रो प्रेरणार्थक क्रियामा मूलक्रियाको कर्ता र पहिलो प्रेरणाको कर्ता यी दुइ कर्म छन्.

'म गोविन्दलाई त्यसलाई पुस्तक लेखाउंन लाउंछु. ईश्वर पण्डितलाई भक्तलाई पुराण सुनाउंन लाउंछन्. तिमीले गोपाललाई यसलाई सांचो बोलाउन लाउंनू. म तिमीलाई उसलाई काम गराउंन लाउंछु. गोपाल मलाई रामुलाई भात खुवाउंन लाउंछन्.' इत्यादि सकर्मक मूलबाट बनेको दोस्रो प्रेरणार्थक क्रियामा मूलक्रियाको कर्ता र कर्म, पहिलो प्रेरणाको कर्ता, यी तीन कर्म छन्.

२४५. संस्कृतमा कोही मूलक्रियाका पनी गौण मुख्य दुइ कर्म हुन्छन्; हाम्रो भाषामा त गौण कर्म हुनु पर्ने कारक अर्कै जातको कारक

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भई मुख्य मात्रै कर्म हुने हुनाले प्रेरणार्थ, बुझाउने नभई फन द्विकर्मक हुंदैन. विशेष पछि बुझिनेछ.

२४६. प्रेरणार्थक क्रिया पनी कर्तृप्रधान, कर्मप्रधान दुवै थरी हुन सक्छन्; अकर्मक प्रेरणार्थक नहुनाले भावप्रधान त हुंदैन. प्रेरणा गर्नेको अर्थात् अहिलेको कर्ताको व्यापार प्रधान भई बुझिएमा कर्तृप्रधान, प्रेरणा गरिने अर्थात् अघिले कर्म हुन आएका मूलधातुका कर्ताको अथवा पुरानु कर्मको व्यापार प्रधान भई बुझिएमा कर्मप्रधान, हुन्छ. कर्मप्रधान हुंदा यावत् प्रेरणार्थकमा माथिको (२३२) नियम बमोजीम धातुको अन्त्य उकारको बदला इ हुन्छ. जस्तैः—

'पकाउंनु-पकाइनु, देखाउंनु-देखाइनु, सुनाउंनु-सुनाइनु, जियाउंनु-जियाइनु, पठाउंनु-पठाइनु अह्राउंनु-अह्राइनु, पुऱ्याउंनु-पुऱ्याइनु, अठ्याउंनु-अठ्याइनु, सियाउंनु-सियाइनु, रोवाउंनु-रोवाइनु.' इत्यादि.

(क) 'आउ याउ' अन्त्यमा हुने प्रेरणार्थक जस्ता मूलधातुमा पनी उही नियम बमोजीम प्रत्यय भई सकर्मकबाट कर्मप्रधान अकर्मकबाट भावप्रधान हुन्छ. जस्तैः—

'यसले, लजाइन्छ. मैले, निदाइन्छ. उसले, पछिताइयो. सूर्यले, अस्ताइयो. चोरले, डराइन्छ मैले, लठ्ठी समाइन्छ. मालिकले, चाकर पठाइन्छ. रामुले, छोरो अह्राइन्छ. चाकरले, माल पुऱ्याइन्छ. त्यसले, उसको मुख चियाइन्छ.' इत्यादिमा लजाइनु, निदाइनु पछिताइनु, अस्ताइनु, डराइनु, इत्यादि भावप्रधान; समाइनु, पठाइनु, अह्राइनु, पुऱ्याइनु, चियाइनु, इत्यादि कर्मप्रधान हुन.

(ख) मूलधातुमा झैं प्रयोजक-धातुमा पनी कहीं नाना अर्थ हुने कोही आउ अन्त्यमा हुने धातु कुनै अर्थमा प्रयोजक, कुनै अर्थमा मूलधातु नै हुने इत्यादि विशेष कुरा प्रयोगबाट याद गर्नु पर्छ.

(ग) मूलधातुको कर्ता प्रेरणार्थकको कर्म हुनाले अकर्मक कर्तृप्रधान

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मूलधातुबाट र, त्यसको प्रेरणार्थक कर्मप्रधानबाट एउटै वस्तुको व्यापार बुझिई एकै जस्तो देखिन्छ त पनी केही मतलब फरक हुनाले बेग्लै हो. जस्तैः–

पाक्नु र पकाइनु यी दुवैबाट चामल भात आदि एकैको व्यापार बुझिने हुनाले दुवै एकै जस्ता देखिन्छन्त पनी पाक्नु भनेमा अर्को कर्ता नबुझिई चामलैले स्वतन्त्र कर्ता भई व्यापार गरेको बुझिने, पकाइनु भनेमा पकाउने कर्ताको व्यापारको अधीन भई गरेको चामलको व्यापार बुझिने हुनाले 'चामल पाक्छ.' यसमा र 'भान्सेले चामल पकाइन्छ.' यसमा मतलब फरक हुन्छ यस्तै सबैमा जान्नू. बिक्नु-बेचिनु, 'खुल्नु-खोलिनु' इत्यादि प्रेरणार्थकको कामदिने अरू धातुका कर्मप्रधान र मूल-कर्तृ-प्रधानमा पनी मतलब फरक हुने जान्नू.

२४७. धातुहरू कोही यस शब्दबाट बनेको भनी पत्ता नलाग्ने हुनाले सिद्ध अर्थात् कसैबाट नबनेका हुन्छन्; कोही यसबाट बनेका भनी पत्ता लाग्ने हुनाले साधित अर्थात् अर्को शब्दबाट बनेका हुन्छन्. कर्मप्रधान र प्रयोजक सबै, मूल-धातुबाट बन्ने हुनाले साधित हुन्. मूलधातु त कोही सिद्ध हुन्छन्. आउ याउ अन्त्यमा हुने अनेक स्वर हुने इकारान्त इत्यादि कोही त नाम, विशेषण, अव्ययबाट बनेका हुनाले साधित पनी हुन्छन्. धातुबाट बन्नेलाई 'धातु-साधितधातु', शब्दको अनुकरण (नकल) बुझाउने भाववाचक नामबाट वा अरू किसिमका नामबाट बन्नेलाई 'नाम-(साधित)-धातु', विशेषणबाट बन्नेलाई 'विशेषण-(साधित)-धातु', अव्ययबाट बन्नेलाई अव्यय-(साधित)-धातु' भन्छन्. तर धातु बाहेक अर्थात् नाम, विशेषण, अव्यय, सबैबाट बनेका धातुलाई संस्कृतमा झैं नाम-धातु नै भन्ने व्यवहार प्रसिद्ध छ. जस्तैः–

'गर्, भन्, सुन्, हु' इत्यादि कसैबाट सिद्ध नभएका हुनाले सिद्ध धातु, तिनबाट बनेका 'गरि, गराउ, गराइ; भनि, भनाउ, भनाइ; सुनि, सुनाउ,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सुनाइ; भइ, होइ, होवाउ, होवाइ;' इत्यादि धातु साधित हुन्. सरसराउंनु, भनभनाउंनु, निदाउंनु, लजाउंनु, घिनाउंनु, इत्यादि धातु 'सरसर, भनभन, निद, लाज, घिन' आदि नामबाट बनेका हुनाले नाम-धातु; 'जिल्लिनु, जङ्गिनु, घोप्टिनु' इत्यादि धातु 'जिल्ल, जङ्गी, घोप्टो' इत्यादि विशेषणबाट बनेका हुंनाले विशेषण-धातु; 'पछ्याउंनु' इत्यादि धातु 'पछि' आदि अव्ययबाट बनेका हुनाले अव्यय-धातु; यी सबै साधित हुन्.

(१) क्रियाको अनुकरण बुझाउंने भाववाचक नाममा दुवै अंश एकै भए कहीं इ भई अकर्मक नाम-धातु, कहीं आउ भई सकर्मक अकर्मक दोहोरै व्यवहार हुने नामधातु हुन्छन्; दुइ अंश फरक भए इ आउ दुवै धरी भई अकर्मक नाम-धातु हुन्छ. प्रेरणार्थक हुंदा इ हुनेमा इ को बदला याउ हुन्छ, आउ हुनेको प्रेरणार्थक हुंदैन. कर्मभावप्रधान हुंदा माथिको नियम बमोजीम इ भएमा इइ, आउ भएमा आइ, याउ भएमा याइ हुन्छ.

जस्तैः—

	नाम.	अ. धातु.	भाव.	प्रे.	प्रे. कर्म.
(क)	फुरफुर.	फुरफुरिनु.	-इनु,	-याउंनु.	-याइनु.
	कुतकुती.	कुतकुतिनु.	,,	त्याउंनु.	त्याइनु.
	फटफट.	फटफटिनु.	,,	ट्याउंनु.	ट्याइनु.

कर्तृ—'त्यो मानिस फुरफुरियो, कुतकुतियो, फटफटियो.' भाव-'त्यसले फुरफुरिइयो, कुतकुतिइयो, फटफटिइयो.' प्रेरणा-कर्तृ—'मैले त्यसलाई फुरफुर्‍याएं, कुतकुत्याएं, फटफटाएं.' प्रेरणा-कर्म—'मैले त्यो फुरफुर्‍याइयो, कुतकुत्याइयो, फटफट्याइयो.' यस्तै:— 'कटकट-कटकटिनु, खटखट-खटखटिनु, चटचट-चटचटिनु, पुलपुल-पुलपुलिनु, मुरमुर-मुरमुरिनु' इ०

	नाम.	स. अ. धातु.	कर्म. भाव.
(ख)	फतफत.	फतफताउंनु.	वाइन.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

फरफर.	फरफराउंनु.	राइनु.
बडबड.	बडबडाउंनु.	डाइनु.

अकर्मक-कर्तृ–'त्यो फतफतायो, बडबडायो, आंखा फरफरायो.' भाव–'त्यसले फतफताइयो, बडबडाइयो, आंखाले फरफराइयो.' सकर्मक-कर्तृ-'त्यसले काव्य फतफतायो, बडबडायो, त्यसले ध्वजा फरफरायो.' कर्म–'त्यसले काव्य फतफताइयो, बडबडाइयो. त्यसले ध्वजा फरफराइयो.' यस्तैः— 'सरसर-सरसराउंनु, चरचर-चरचराउंनु, कडकड-कडकडाउंनु, गुनगुन-गुनगुनाउंनु, तपतप-तपतपाउंनु लफलफ-लफलफाउंनु, दनदन-दनदनाउंनु भुतभुत-भुतभुताउंनु, बकबक-बकबकाउंनु.' इत्यादि यिनमा सकर्मक अकर्मक हुंदा कहीं अर्थै फरक हुन्छ, कहीं मतलब मात्र फरक हुन्छ; सो व्यवहारबाट बुझिन्छ

नाम.	अ. धातु.	भाव.	प्रे.	प्रे कर्म.
(ग) लतपत-लतपतिनु	ताउंनु,	तिइनु ताइनु,	त्याउंनु,	त्याइनु.
गडबड-गडबडिनु	डाउंनु,	डिइनु डाइनु,	ड्या०,	ड्याइनु.
चटपट-चटपटिनु	टाउंनु,	टिइनु टाइनु,	ट्याउंनु,	ट्याइनु.

कर्तृ–'त्यो लतपतियो-तायो, गडबडियो-डायो, चटपटियो-टायो, भाव—'त्यसले लतपतिइयो-ताइयो, गडबडियो डाइयो, चटपटिइयो-टाइयो.' प्रेरणा-कर्तृ 'उसले त्यसलाई लतपत्यायो; गडबड्यायो; चटपट्यायो.' प्रेरणा-कर्म–'उसले त्यो लतपत्याइयो, गडबड्याइयो, चटपट्याइयो.' यस्तैः–'हतपत-हतपतिनु-ताउंनु, ढनमन-ढमनमनिनु-नाउंनु, लटपट-लटपटिनु-टाउंनु, लकपक-लकपकिनु-काउंनु, हडबड-हडबडिनु-डाउंनु, खडबड-खडबडिनु-डाउंनु, तुलबुल-तुलबुलिनु-लाउंनु, खलबल-खलबलिनु-लाउंनु' इत्यादि दुइ अंश भिन्न हुने क्रियाबोधक नामबाट बनेका सबैं जान्नू. दुइ अंश फरक हुनेमा पनी कहीं आउ भएमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पनी त्यसले काम गडबडायो, आँग चटपटायो, कुरा लकपकायो.' इत्यादि सकर्मक प्रयोग पनी देखिन्छ; सो मतलब फरक हुनाले विशेष प्रयोग हुने व्यवहारबाट जान्नू.

(२) अरू किसिमका नाममा गुणबोधक भाववाचकनामबाट प्रायः आउ, सामान्यनामबाट प्रायः इ भई धातु बन्दछ. सो क्रिया प्रायः अकर्मक हुन्छ. प्रेरणार्थकमा इ भएमा याउ हुने, आउ भएमा प्रेरणार्थक नहुने; भाव-कर्मप्रधानमा इइ, आइ, याइ हुने, कुरा सबै माथिका नियम अनुसार जान्नू. इ आउ याउ भएमा दुइ स्वर हुनेमा आदिको आ भए बदलामा अ पनी हुन्छ. विशेषनामबाट त नामधातु बन्दैन, अरू नामबाट पनी सबैबाट बन्ने नियम छैन; केवल त्यस्तो धातु देखिएमा यो नामबाट बनेको भनि जान्नू. जस्तैः—

	नाम.	धातु.	भाव.
(क)	रोग–	रोगाउंनु. (रोगलाग्नु)	रोगाइनु.
	लाज–	लजाउंनु. (लाजमान्नु)	लजाइनु.
	डर–	डराउंनु. (डरमान्नु)	डराइनु.
	घिन–	घिनाउंनु (घिनमान्नु)	घिनाइनु.
	भोक–	भोकाउंनु. (भोकलाग्नु)	भोकाइनु.

	नाम.	धातु.	भाव.	प्रे.	प्रे, कर्म.
(ख)	जगल्टा–	जगल्टिनु	टिइनु	ल्टयाउंनु	इनु
	चुली–	चुलिनु	लि "	ल्या "	"
	डोरो–	डोरिनु	रि "	र्या "	"
	लोभ–	लोभिनु	भि "	भ्या "	"
	ईख–	ईखिनु	खि "	ख्या "	"

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यस्तै :-'छांटा-छटाउंनु, माथ-मथाउंनु, माटो-मटिनु मट्याउंनु, लात्ती-लत्तिनु लत्त्याउंनु पाटा-पटिनु पट्याउंनु, चोइटो-चोइटिनु चोइट्याउंनु. धुलो-धुलिनु धुल्याउंनु;' इत्यादि 'आउ, इ, याउ' आदि प्रत्यय नियम बमोजीम भई बनेका नामधातु व्यवहारबाट जान्नू

(ग) 'बोलाउंनु, चलाउंनु, जिताउंनु, जोताउंनु, जोखाउंनु' इत्यादि त बोल्नु, चल्नु, जित्नु, जोत्नु, जोख्नु' इत्यादि मूलधातु हुनाले तिनबाट बनेका प्रेरणार्थकै हुन्; 'बोल, चाल, जित, जोत, जोख, इत्यादि नामबाट बनेका होइनन्, बरु ती नामैचाहीं धातुबाट बनेका हुन्. 'चियाउंनु, चिच्याउंनु, पठाउंनु, अह्राउंनु' इत्यादिको मूलधातु पाइदैन त पनी तिनमा मिल्ने नाम पनी नपाइने हुनाले यी मूलधातु नै हुन, नामधातु होइनन्. तसर्थ आउ याउ अन्त्यमा हुने धातुको मूलधातु पनी त्यसलाई मिल्ने नाम पनी नपाइने भए ती नामधातु हुन्छन्.

(३) विशेषण शब्दमा स्वाद, परिमाण, छांट, धर्मको सम्बन्ध, बुझाउंने कोही गुणविशेषणबाट र आवृत्तिबोधक संख्याविशेषण बाट प्रायः इ भई (विशेषण) नामधातु हुन्छ सो प्रायः अकर्मक हुने, प्रेरणामा याउ हुने, भाव-कर्मप्रधानमा इइ याइ हुने, दुइ स्वर हुनेमा आदि स्वर आ भए त्यसको बदला अ हुने, इत्यादि माथिका नियम बमोजीम जान्नू. अकर्मकमा 'त्यस्तो हुनु' अर्थ, प्रेरणार्थकमा 'त्यस्तो गर्नु वा पार्नु' अर्थ हुन्छ. विशेषणबाट पनी सबैबाट धातु बन्ने नियम छैन, प्रयोग हुनेमा जान्नू. जस्तैः-

विशे.	धातु.	भाव.	प्रे.	प्रे. कर्म.
जिल्ल	जिल्लिनु	-इनु	्याउंनु	-इनु.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अमिलो	अमिलिनु	"	ल्याउनु	"
लामो	लमिनु	"	म्याउनु	"
दोहोरो	दोहोरिनु	"	ऱ्याउनु	"
तेबर	तेबरिनु	"	ऱ्याउनु	"

यस्तैः–'छोटो-छोटिनु, छोटयाउनु; अग्लो-अग्लिनु, अग्ल्याउनु; होचो-होचिनु, होच्याउनु; खस्रो-खस्रिनु, खस्र्याउनु; डबल-डबलिनु, डबल्याउनु; रसिलो-रसिलिनु, रसिल्याउनु; सम्म-सम्मिनु, सम्म्याउनु; एकोहोरो-एकोहोरिनु, एकोहोऱ्याउनु; तिगुना-तिगुनिनु, तिगुन्याउनु; चौबर-चौबरिनु, चौबऱ्याउनु; जङ्गी-जङ्गिनु, जङ्ग्याउनु; ऌलमल-ऌलमलिनु, ऌलमल्याउनु.' इत्यादि.

(४) अव्यय-साधित धातु लोकमा धेरै नचलेका हुनाले तिनको नियममा व्यवस्था देखिंदैन; प्रायः आउ याउ प्रत्यय भई कहीं शब्दको स्वर पनी बदलिई बन्दछ.

(क) 'हातलाग्नु, मानगर्नु, लाजमान्नु, आखातर्नु' इत्यादि नाम जोडेर बिशेष अर्थ बुझाउने धातु त नाममा केही बिकार नहुने हुनाले नामधातु होइनन; यिनको बिचार पछि संयुक्त-क्रियापदको प्रकरणमा लेखिनेछ.

तेरीजः–

(क) विशेष अर्थको अनुसारले प्रत्यय भई बन्ने क्रियापदहरूको मूलशब्दलाई 'धातु' भन्दछन.

(ख) व्यापारको आधार भन्दा बेगलै फलको आधार हुने क्रियालाई, तिनको धातुलाई पनी 'सकर्मक;' व्यापारको र फलको आधार एकै हुने क्रियालाई, तिनको धातुलाई पनी 'अकर्मक' भन्दछन.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(ग) कर्ताको व्यापार मुख्य गरी बुझाउने धातु क्रिया, तिनका पदलाई 'कर्तृप्रधान;' कर्मको व्यापार मुख्य गरी बुझाउने धातु, क्रिया, तिनका पदलाई 'कर्मप्रधान;' कर्ता वा कर्मको व्यापार विशेष नबुझाई सामान्य व्यापार बुझाउने धातु, क्रिया, तिनका पदलाई 'भावप्रधान;' भन्दछन्.

(घ) कर्ताको स्वतन्त्र व्यापार भएको क्रियालाई 'स्वतन्त्र-क्रिया,' तिनको धातुलाई 'मूलधातु;' कर्ताको व्यापारमा प्रेरणा गर्नेको क्रियालाई 'प्रेरणा-क्रिया,' तिनको धातुलाई 'प्रयोजक-धातु;' भन्दछन्.

(ङ) कुनै शब्दबाट बनी नबनेका धातुलाई 'सिद्धधातु,' अर्को शब्द-बाट प्रत्ययहरू भई बनेका धातुलाई 'साधित-धातु; कर्म-प्रधान, भावप्रधान, प्रयोजक, धातुलाई 'धातु-साधितधातु;' प्रत्यय भई नामबाट बनेका धातुलाई 'नाम-धातु;' विशेषण-बाट बनेका धातुलाई 'विशेषण-धातु;' अव्ययबाट बनेका धातुलाई 'अव्यय-धातु;' (अथवा धातुभिन्न अर्थात् नाम, विशेषण, अव्यय, सबैबाट बनेका धातुलाई 'नाम-धातु' नै) भन्दछन्

अभ्यास--

(१) धातु भनेको के हो ? त्यो कति किसिमको हुन्छ ? सकर्मक अकर्मक कस्तो कस्तो हुन्छ ? कर्ता-कर्म-भावप्रधान भनेको के हो ? कर्म-भाव-प्रधानधातु कसरी बन्दछ ? प्रेरणाक्रिया बुझाउने धातु कस्तो हुन्छ, कसरी बन्दछ ? सिद्ध साधित धातु भनेको के के हो, साधित धातु कुन कुन किसिम संग बन्दछन्.

(२) तल-लेखेका वाक्यमा परेका क्रियापदको धातु, पूर्ण-अपूर्ण

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

क्रिया, सकर्मक, अकर्मक, कर्ता-कर्म-भावप्रधान, मूल प्रयोजक, सिद्ध साधित, इत्यादि भेद देखाऊः–

'यो संसार पैदा गर्ने, पाल्ने, नाश्ने, पनी ईश्वरै हुन्. ईश्वरको सत्ता नभई कोही केही गर्न शक्तैन. उनले गरिएन वा गराइएन भने केही हुंदैन. ईश्वरमा श्रद्धा गर; भक्ति बढाऊ; भरोसा राख; आफूलाई उनैको वश संफ. ईश्वर चिह्निए भने मात्र संसारबाट पार तरिन्छ, नरक बचाइन्छ, जन्म पनी सुधारिन्छ म ईश्वर पाऊं भनी सत्सङ्गमा मन लगाऊ, हरदम धाऊ, बखत नगुमाऊ. दुःख छुटाउंन सत्सङ्ग जस्तो उपाय अर्को देखिदैन. मनलाई व्यसनको भोगले मत्याउंनु असल होइन भनि व्यसनदेखी डराऊ. झलफलाउंदो मनुष्य-शरीरलाई परमार्थको काममा नलगाई अलमल्याई राख्नाले पछि पछिताउंनु पर्दछ.'

(३) तलका वाक्यमा परेका क्रिया तिनलाई बुझाउंने शब्दहरूमा यस प्रकरणमा लेखे बमोजीम आफूले जानेका विशेष कुरा देखाऊः–

'मेरो घरमा जानु आउंनु गर धोबी लुगा शुकाउंछ. मेरो हात नसमाऊ. यो औषधि वैद्यलाई जचाएं. पानी बर्ष्यो. मेघ बर्षन्छ. बादलले पानी बर्षायो. यो कागज फेर. तिमीले कुन काम चुक्यौ !. तिमीलाई देखी उनी घिनाए. तिमी कस्तो बसाइ बस्छौ. तिमी पढ्छौ कि पढ्दैनौ. अब पर्दा उठाइयो. मैले लुगा धोइयो. पुस्तक पाइन्छ. यसलाई उहां लैजाऊ. मेरो खुट्टा सुनियो. कुरा सुनियो. दिनु भन्दा दियाउंनु असल हो. छोरालाई फुक्र्याउंछ. यो कुन्हाएर नमिल्काऊ. बिडालूले घांटि कोक्याउंछ. भांडा बजार्नु ठीक मानिदैन. यो कोट कत्तिको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

खपाउंछौ. सिरक खपाएर ओढ. नाउ खियाउंदा दांडी खियायो. मेरो आंखा लोलियो. म तिनलाई काम गराउंन लाउंछु. माला घर पुऱ्याइयो. कति चटपटाउंछौ ? छोरो भोकाउला. गावा मसिन्याइयो. त्यसले चौबन्याएर लग्यो.'

१६—क्रियाका अङ्ग

२४८. एकै धातुका पनी विशेष अर्थका अनुसारले धेरै थरी रूप पर्दछन्. जस्तैः—

(क) एउटै गर् धातुको पनी, करण-रूप स्वतन्त्र क्रियामा कर्ताको व्यापार मुख्य भई बुझिएमा—अघि भएको व्यापार बुझांउंदा गऱ्यो इत्यादि, अहिले हुन लागेको व्यापार बुझांउंदा गर्छ इत्यादि, पछि हुने व्यापार बुझांउंदा गर्नेछ इत्यादि, अह्राउंनु अर्थको व्यापार बुझांउंदा गरोस् इत्यादि, सम्भव आदि अर्थको व्यापार बुझांउंदा गर्ला इत्यादि; प्रथम-पुरुषको कर्ता भएको व्यापार बुझांउंदा गर्छु इत्यादि. द्वितीय-पुरुषको कर्ता भएको व्यापार बुझांउंदा गर्छस् इत्यादि, तृतीय-पुरुषको कर्ता भएको व्यापार बुझांउंदा गर्छ इत्यादि; एक कर्ता भएको व्यापार बुझाउंदा गर्छ इत्यादि, अनेक कर्ता भएको व्यापार बुझांउंदा गर्छन् इत्यादि; स्त्री कर्ता भएको व्यापार बुझांउंदा गर्छे इत्यादि, पुरुष निर्जीव कर्ता भएको व्यापार बुझांउंदा गर्छ इत्यादि रूप हुन्छन्.

(ख) यस्तैः—सोही क्रियामा कर्मको व्यापार मुख्य भई बुझिएमा—गरियो, गरिन्छ, गरिनेछ, गरिओस्, गरिएला, गरिन्छे, गरिन्छ;

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

गरिन्छु, गरिन्छस्, गरिन्छ; गरिन्छ, गरिन्छन्, इत्यादि; सोही क्रियामा कर्ताको व्यापार मुख्य भई बुझिएमा-गरायो, गराउंछ, गराउंनेछ, गराओस् गराउंला; गराउंछे, गराउंछ, गराउंछु, गराउंछस्, गराउंछ; गराउंछु, गराउंछन्, इत्यादि; सोही क्रियामा कर्मको व्यापार मुख्य भई बुझिएमा-गराइयो, गराइन्छ, गराइनेछ, गराइओस्, गराइएला, गराइन्छे; गराइन्छ; गराइन्छु, गराइन्छस्, गराइन्छ; गराइन्छ, गराइन्छन्, इत्यादि, सोही अकरणरूप स्वतन्त्र क्रियामा कर्ताको व्यापार मुख्य भई बुझिएमा-गरेन, गर्दैन, गर्नेछैन, नगरोस्, गरोइन; गरीन, गर्दैन; गर्दिन, गर्दैनस्, गर्दैन; गर्दैन, गर्दैनन्, इत्यादि; सोही क्रियामा कर्मको व्यापार मुख्य भई बुझिएमा- गरिएन, गरिनेछैन, नगरिओस्, गरिओइन; गरिन्न, गरिदैन; गरिदैन, गरिदैन, गरिदैनन्, इत्यादि; सोही प्रेरणार्थ क्रियामा कर्ताको व्यापार मुख्य भई बुझिएमा-गराएन, गराउंदैन; गराउंनेछैन, नगराओस्, गराओइन; गराउंदिन, गराउंदैन, गराउंदिन, गराउंदैनस्, गराउंदैन; गराउंदैन, गराउंदैनन्, इत्यादि; सोही क्रियामा कर्मको व्यापार मुख्य भई बुझिएमा-गराइएन, गराइदैन, गराइनेछैन, नगराइओस्; गराइन्न, गराइदैन; गराइन्न, गराइदैनस्; गराइंदैन; गराइदैन, गराइदैननं, इत्यादि रूप हुन्छन्.

(ग) यही रीतले प्रायः हरएक धातुका-करण, अकरण, स्वतन्त्र, प्रेरणा, यी स्वरूप; कर्तृप्रधान, कर्मप्रधान यी मुख्य; बखत, अर्थ, यी अवस्था; स्त्री, पुं नपुं, यी लिङ्ग; प्रथम-पुरुष, द्वितीय-पुरुष, तृतीय-पुरुष, यी पुरुष; एकवचन, अनेकवचन यी वचन; यिनीहरू फरक हुनाले अलि अलि अर्थ फरक हुंदा नामहरूमा झैं धेरै किसिमका रूप भई क्रियापद बन्दछन.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

२४९. तसर्थ— क्रियापदका छ अङ्ग छन्. (१) स्वरूप, (२) वाच्य (मुख्य), (३) अवस्था (काल र अर्थ), (४) पुरुष, (५) लिङ्ग, (६) वचन.

२५०. क्रियापदबाट क्रियाको करण अकरण[१] स्वतन्त्र प्रेरणा भन्ने जो प्राकार बुझिन्छ त्यसलाई स्वरूप भन्दछन्. सो स्वरूप करण अकरण यी दुवै स्वतन्त्र प्रेरणा दुइ किसिमका हुनाले स्वतन्त्र-करण, प्रेरणा-करण, स्वतन्त्र-अकरण, प्रेरणा-अकरण. यी चार किसिमका हुन्छन्. स्वतन्त्र चाहीं केही सकर्मक केही अकर्मक हुन्छन्. प्रेरणा चाहीं सकर्मक मात्र हुन्छन्. सकर्मक अकर्मक यी त धातुका भेद मात्र हुन् रूप फरक नगराउनाले स्वरूप अङ्ग होइनन्. जस्तैः–

'गर्छ, जान्दछ, पढ्यो, सुत, उठ्ला, भन्छु' इत्यादि क्रियापदबाट गर्नु जान्नु, पढ्नु सुत्नु, उठ्नु, भन्नु, आदि क्रियाको स्वतन्त्र करण स्वरूप; 'गराउँछ, जनाउँछ, पढायो, सुताऊ, उठाउँला, मनाउँछु' इत्यादि क्रियापदबाट गराउँनु, जनाउँनु, पढाउँनु, सुनाउँनु, उठाउँनु, मनाउँनु, आदि क्रियाको प्रेरणा करण स्वरूप; 'गर्दैन, जान्दैन, पढेन, नसुत, उठोइन, भन्दिन' इत्यादि क्रियापदबाट नगर्नु, नजान्नु, नपढ्नु, नसुत्नु, नउठ्नु, नभन्नु, आदि क्रियाको स्वतन्त्र अकरण स्वरूप; 'गराउँदैन, जनाउँदैन, पढाएन, नसुनाऊ, उठाओइन, मनाउँदिन' इत्यादि क्रियापदबाट नगराउँनु नजनाउँनु, नपढाउँनु, नसुताउँनु, नउठाउँनु, नमनाउँनु, आदि क्रियाको

१. संस्कृतमा प्रेरणार्थक णिजन्त र स्वतन्त्र मूलधातु फरक हुनाले यी दुइ भेद भए पनी करणबाट अकरण बुझाउँदा नकार आदि निषेध बुझाउँने प्रत्यय मात्र जोडिने धातुको रूपमा फरक नपर्ने हुनाले अकरणको भेद छैन त पनी भाषामा रूप पनी नियम पनी प्रायः फरक पर्ने हुनाले यी अधिक भेद पनी मानिएका हुन्.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

प्रेरणा प्रकरण स्वरूप बुझिन्छ.

२५१. क्रियापदबाट क्रियाको कर्ता, कर्म, अथवा व्यापार मात्र, जो मुख्य भई बुझिन्छ त्यसलाई वाच्य भन्दछन्. सो तीन किसिमको हुन्छ— (१) कर्तृवाच्य, (२) कर्मवाच्य (३) भाववाच्य कर्तृप्रधान क्रियापदको प्रयोग गरेर कर्ता मुख्य भई बुझिएमा **कर्तृवाच्य**, कर्मप्रधान क्रियापदको प्रयोग गरेर कर्म मुख्य भई बुझिएमा **कर्मवाच्य**, भावप्रधान क्रियापदको प्रयोग गरेर धात्वर्थ (व्यापार) मुख्य भई बुझिएमा **भाववाच्य** हुन्छ. सकर्मकको कर्तृवाच्य, कर्मवाच्य, यी दुइ, अकर्मकको कर्तृवाच्य, भाववाच्य यी दुइ हुन्छन्. जस्तैः-

'जान्छ, जादैन, भयो, हुनेछैन सुन्छ' इत्यादि अकर्मक, 'गर्छ, गर्दैन, खायो, देखाउंछ, देखाउंदैन' इत्यादि सकर्मक, कर्तृप्रधान क्रियापदको प्रयोगमा कर्ता मुख्य भई बुझिनाले **कर्तृवाच्य**; 'गरिन्छ, गरिदैन, लेखियो, पढाइन्छ, पढाइन्न' इत्यादि सकर्मक कर्मप्रधान क्रियापदको प्रयोगमा कर्म मुख्य भई बुझिनाले **कर्मवाच्य**; 'जाइन्छ, जाइन्न, सुतियो, सुतिएन, उठिन्छ' इत्यादि अकर्मक भावप्रधान क्रियापदको प्रयोगमा धात्वर्थ मुख्य भई बुझिनाले **भाववाच्य** भयो.

२५२. क्रियापदबाट सो क्रिया अहिले हुन लागेको वा अघि भएको वा पछि हुने भन्ने जो वखत बुझिन्छ त्यसलाई काल भन्दछन्. सो काल— **वर्तमानकाल, भूतकाल, भविष्यत्काल,** यी तीन किसिमको हुन्छ. वखत कोही स्पष्ट नबुझिई सो क्रियाको प्रार्थना, आज्ञा, सम्भव, अनुमान, आदि विशेष कुरा जो बुझिन्छ, त्यसलाई अर्थ भन्दछन्. सो अर्थ- **विध्यर्थ, सम्भावनार्थ**, यी दुइ किसिमको हुन्छ. वर्तमान क्रिया अर्थात् अहिले हुन लागेको क्रिया बुझिन्छ भने **वर्तमानकाल**, भूत अर्थात् अघि भएको क्रिया बुझिन्छ भने **भूतकाल**; भविष्यत् अर्थात् पछि हुने क्रिया बुझिन्छ भने **भविष्यत्काल**;

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

विधि अर्थात् सो क्रियाको प्रार्थना, आज्ञा, उपदेश, आदि विशेष बुझिन्छ भने विध्यर्थ, संभावना अर्थात् सो क्रियाको अनुमान संभव, योग्यता, आदि विशेष बुझिन्छ भने संभावनार्थ, भन्दछन्. यी तीन प्रकारका काल, दुइ प्रकारका अर्थ, जम्मा पांचलाई क्रियाको अवस्था भन्दछन्.

जस्तैः—'जान्छ, जाँदैन पढाउंछ, पढाउंदैन, जाइन्छ, जाइदैन, पढाइन्छ, पढाइदैन' इत्यादि क्रियापदबाट अहिले हुन लागेको क्रिया बुझिनाले वर्तमानकाल; 'गयो, गएन, पढायो, पढाएन, गइयो गइएन, पढाइयो, पढाइएन' इत्यादि क्रियापदबाट अघि भएको क्रिया बुझिनाले भूतकाल; 'जानेछ, जानेछैन, पढाउनेछ, पढाउंनेछैन जाइनेछ, जाइनेछैन, पढाइनेछ, पढाइनेछैन' इत्यादि क्रियापदबाट पछि हुने क्रिया बुझिनाले भविष्यत्काल; 'जाओस्, नजाओस्, पढाओस्, नपढाओस् जाइओस्, नजाइओस्, पढाइओस्, नपढाइओस्' इत्यादि क्रियापदबाट आज्ञा आदि विशेष बुझिनाले विध्यर्थ; 'जाला, जाइओइन, पढाउला, पढाओइन, जाइएला, जाइओइन, पढाइएला, पढाइओइन' इत्यादि क्रियापदबाट अनुमान आदि विशेष बुझिनाले संभावनार्थ भयो. क्रियापदको रूप फरक गराउंने काल अर्थ प्रायः यिनै हुन्, रचनाबाट 'धेरै पदको योगबाट' बुझिने विशेष काल अर्थ पछि लेखिनेछन्.

२५३. क्रियापदबाट आफना आफना वाच्यको प्रथम द्वितीय तृतीय पुरुष हुनु जो बुझिन्छ त्यसलाई पुरुष भन्दछन्. सो पुरुष–प्रथम[१] पुरुष, द्वितियपुरुष तृतीयपुरुष, यी तीन किसिमको छ. क्रियाको वाच्यलाई कहने प्रथमपुरुषवाचक सर्वनाम (म हामी) भए प्रथमपुरुष; द्वितीयपुरुषवाचक

---

१ संस्कृतको हिसाबले 'म हामी' भएमा उत्तमपुरुष, 'तं तिमी' भएमा मध्यमपुरुष, अरू भएमा प्रथमपुरुष हुनु पर्छ त पनी भाषाहरूको क्रम यस्तै चलेको हुनाले उहांको प्रथमलाई यहां तृतीय, उहांको मध्यमलाई यहां द्वितीय, उहांको उत्तमलाई यहां प्रथमपुरुष भन्ने व्यवहार गरिएकोछ.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सर्वनाम (तं तिमी) भए द्वितीयपुरुष; तृतीयपुरुषवाचक सर्वनाम वा नाम (म हामी तं तिमी बाहेक सर्वनाम, जम्मै नाम) भए तृतीयपुरुष; भन्दछन्.

जस्तैः- म-'जान्छु, पढाउंछु जान्न, गईनं, गरूं, गराओइन, देखिन्छु, देखाइन्छु, देखिन्न; हामी-जान्छौं, जादैनौं, देखाउंछौं' इत्यादि क्रियापदको वाच्य कहीं कर्ता, कहीं कर्मलाई कहने प्रथमपुरुषवाचक 'म' शब्द हुनाले प्रथमपुरुष; 'तं-जान्छस् पढाउंछस्, जान्नस्, गराउंन्नस्, गर्, देखिन्छस्, देखिन्नस्, देखाइन्छस्, देखाओइनस्; तिमी-जान्छौ, पढाउंछौ, जादैनौ, पढाउंन्नौ, जाऊ, देखिन्छौ, देखिन्नौ' इत्यादि क्रियापदको वाच्य कहीं कर्ता कहीं कर्मलाई कहने द्वितीयपुरुषवाचक तं शब्द हुंनाले द्वितीयपुरुष; 'त्यो, रामु-जान्छ, पढाउंछ, जांदैन, पढाउंदैन, गयो, गएन, देखिन्छ, देखिन्न, देखाउंछ; ती बाहुनहरू-जान्छन्, पढाउंछन्, जादैनन्, पढाउंदैनन्, देखिन्छन्, देखिएनन्' इत्यादि क्रियापदको वाच्य कहीं कर्ता, कहीं कर्मलाई कहने तृतीयपुरुषवाचक सर्वनाम नाम हुनाले तृतीयपुरुष भए.

२५४. क्रियापदबाट आफना आफना वाच्यको पुरुष स्त्री निर्जीव जात जो बुझिन्छ त्यसलाई लिङ्ग भन्दछन् सो लिङ्ग पुं स्त्री[१] नपुं यी तीन किसिमको छ. क्रियाको वाच्यमा पुरुष-जात बुझिए पुंलिङ्ग, स्त्री-जात बुझिए स्त्रीलिङ्ग, निर्जीव-जात बुझिएमा नपुंसकलिङ्ग भन्दछन्.

जस्तैः-'गोविन्द—जान्छ, गयो, पढाउंछ, जादैन, पढाउंदैन, देखिन्छ, देखिन्न, देखाइन्छ, देखाइयो, देखाइन्न' इत्यादि क्रियापदबाट आफना

---

१. संस्कृतमा क्रियापदमा रूप फरक नपर्ने हुनाले लिङ्ग मानिएको छैन त पनी भाषामा प्रायः रूप फरक पर्ने हुनाले लिङ्ग पनी मानिएको छ. भाषामा पनी पुं नपुं लिङ्गमा रूप कहीं पनी फरक पर्दैन, स्त्रीमा मात्र प्रायः फरक पर्छ.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

वाच्य कहीं कर्ता कहीं कर्मको पुरुष-जात बुझिनाले पुंलिङ्ग; 'सेती-जान्छै, गई, पढाउंछिन् जान्न, पढाउंदिनन्, देखिन्छे, देखाउली, देखिन्न, देखाउंदिनन्, देखाइन्छिन्' इत्यादि क्रियापदबाट आफना वाच्य कहीं कर्ता कहीं कर्मको स्त्रीजाति बुझिनाले स्त्रीलिङ्ग; 'पुस्तक-फाट्छ, फाट्यो, फाट्तैन, फटाइन्छ, फटाइन्न; मन दौड्यो; काम गरिन्छ, गरिन्न' इत्यादि क्रियापदबाट आफना वाच्य कहीं कर्ता कहीं कर्मको निर्जीव-जात बुझिनाले **नपुंसकलिङ्ग** भयो.

२५५. क्रियापदबाट आफना आफना वाच्यको यति भन्ने संख्या जो बुझिन्छ त्यसलाई **वचन** भन्दछन्. सो वचन **एकवचन**, **अनेकवचन** यी दुइ किसिमको छ. **अनेकवचन** पनी **आदरार्थी अनेकार्थी** दुइ किसिमको हुन्छ. क्रियाको वाच्यमा एकसंख्या बुझिएमा **एकवचन**; अनेकसंख्या बुझिए **अनेकार्थी अनेकवचन**; आदर बुझिए **आदरार्थी-अनेकवचन** भन्दछन्. जस्तैः–

'म-जान्छु, गराउंछु, पठाइन्छु गराइन्न, देखिन्नँ, तँ–जान्छस्, गराउंछस्, देख्छेस्, पठाइन्छस्, भनिन्नस् त्यो–जान्छ, पठाउंछ, जादैन, देखिन्न, देखाइन्छ' इत्यादि क्रियापदबाट आफना वाच्यको एक संख्या बुझिनाले **एकवचन**; हामीहरू-जान्छौं, गराउंछौं, पठाइन्छौं, गराइन्नौं, देख्तैनौं; तिमीहरू – जान्छौ, गराउंछौं, देख्छौ, पठाइन्छौ, भनिन्नौ; तिनीहरू–जान्छन्, पठाउंछन्, जादैनन्, देखिन्नन्, देखाइन्छन्' इत्यादि क्रियापदबाट आफना आफना वाच्यको कहीं कर्ता कहीं कर्मको अनेकसंख्या बुझिनाले **अनेकार्थी-अनेकवचन**; 'हामी (म)- जान्छौं, गराउंछौ, देख्तैनौं, गरिइन्नौं, लेखियौं; तिमी (तँ)-जान्छौ, भन्छ्यौ, देखिन्छ्यौ, गराउंछ्यौ, भन्छौ; तिनी (त्यो)-भन्छन्, जान्छन्, देखिन्छन्, भन्छिन्, गईन्' इत्यादि क्रियापदबाट आफना आफना वाच्य कहीं कर्ता कहीं कर्मको आदर बुझिनाले **आदरार्थी-अनेकवचन** भयो.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

२५६. कर्तृप्रधानमा कर्ता, कर्मप्रधानमा कर्म, प्रथमान्त हुनाले वाक्यमा कर्ता वा कर्म जुन प्रथमान्त छ सोही बमोजीम क्रियापदको लिङ्ग वचन पुरुष हुन्छ. भावप्रधान भएमा प्रथमान्त कोही नहुनाले एकै चालको रूप हुन्छ.

(१) कर्तृप्रधानमा कर्ता, कर्मप्रधानमा कर्म वाच्य हुनाले यिनलाई कहने प्रथमान्त शब्द प्रथमपुरुषवाचक सर्वनाम, द्वितीयपुरुषवाचक सर्वनाम, तृतीयपुरुषवाचक र अरू सर्वनाम नाम जस्तो छ उही पुरुषको; पुं स्त्री नपुं जस्तो छ उही लिङ्गको; एकवचन, अनेकार्थी अनेकवचन, आदरार्थी अनेकवचन जस्तो छ उही वचनको. क्रियापद हुन्छ. कर्तृप्रधानमा कर्मवाच्य नहुनाले सो भएमा आफनो नियम बमोजीम द्वितीयान्त, कर्मप्रधानमा कर्ता वाच्य नहुनाले आफनो नियम बमोजीम तृतीयान्त हुन्छ. द्वितीयान्त कर्म, तृतीयान्त कर्ता, आफना आफना अर्थका नियम बमोजीम जुनसुकै पुरुष लिङ्ग वचनको भए पनी तिनको अनुसारले क्रियापद बदलिंदैन.

(२) भावप्रधानमा धात्वर्थ मात्र वाच्य भई कर्ता कर्म केही पनी वाच्य नहुनाले कर्ता तृतीयान्त हुन्छ धातु अकर्मक हुनाले कर्म हुंदैन. प्रथमान्त कोही नहुनाले कर्ताहरू जुनसुकै पुरुष लिङ्ग वचनका भए पनी सधैं एकैनास तृतीयपुरुष नपुंसकलिङ्ग एकवचनका रूप मात्र क्रियापद हुन्छ. अरू रूप नहुनाले एक अवस्था भरको एक रूप भई जम्मा एक धातुका पांच रूप हुन्छन्. कर्मवाच्य भाववाच्यका एकै छांटका हुने भए पनी अरू पुरुषका रूप हुने नहुने फरक हुनाले प्रथम द्वितीयपुरुषको र तृतीयपुरुषमा पनी पुं स्त्री लिङ्गको अनेक वचनको रूप देखिए कर्मवाच्यं; तृतीयपुरुष नपुं एकवचन भएमा पनी त्यही अनुसारको कर्म भए कर्मवाच्य; नभए भाववाच्य भनी रचनाबाट छुट्टिन्छ. जस्तैः—

(क) कर्तृवाच्य-सकर्मक—'म तिनीहरूलाई डाक्छु. हामी तंलाई भन्छौं. तं

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

हामीलाई नकुट्. तिमीहरू रामुलाई ल्याओ. छोरी बत्ती कात्तछिन्. तिनीहरू तंलाई बोलाउंछन्. गोपाल गोविन्दलाई हेर्छन् त्यो सेतीलाई मार्छ. कितापले मन हर्छ' अकर्मक–'म जान्छु हामी जान्छौं. तं जान्छस्, जान्छेस्. तिमी सुत्छौ. तिमीहरू बस्यौ. त्यो उठ्या. तिनी बिउंझन्छन्. गोपाल रिसाउंछन्. सेती जान्छे'. इत्यादि.

(ख) कर्मवाच्य-सकर्मक–'(रामुले) म देखिन्छु (त्यसले) हामीहरू डाकिन्छौं. ईश्वरले जगत् सिर्जियो. मैले तं बाधिन्छस्. गोविन्दले छोरी डाकिन्छिन्. गोपालले भात खाइन्छ. रामुले तिमीहरू कुटियौ. प्रभुहरूले सेवक पालिन्छन्. हामीहरूले काम गरिन्छन् गोठालाले गाई दुहिन्छिन्. आमाले भात पकाइयो.' इत्यादि.

(ग) भाववाच्य-अकर्मक–'मैले, हामीहरूले, तैंले, तिमीहरूले, त्यसले, तिनीहरूले, सेतीले, छोरीहरूले,—'बसिन्छ, बसियो, बसिनेछ, बसिओस्, बसिएला, हिंडिओस् उठिनेछ, रोइन्छ, भइयो, बिउंझिन्छ, गइयो, सुतिएला.' इत्यादि.

२५७. धात्वर्थ कर्म राखी सकर्मक तुल्याएको अकर्मक धातुको पनी कर्मवाच्यमा प्रयोग भई सो कर्म प्रथमान्त हुन्छ. सो वाच्य निर्जीव तृतीयपुरुषै हुनाले उही माफिक क्रियापद नपुं तृतीयपुरुष हुन्छ, तर वाच्य एक अनेक जे भए पनी क्रियापद एकवचनै हुन्छ. अरू सब नियम भाववाच्यको झैं हुन्छ; केवल प्रथमान्त कर्म हुन्छ.

जस्तः–'(मैले) चार लडाइं लडियो. (तिमीले) दश चाल चालियो. (त्यसले) लामा लामा बास बसियो'. इ॰

२५८. प्रयोजकधातुको प्रयोग गर्दा अकर्मक मूलबाट बनेको प्रेरणार्थकमा मूल-कर्ता नित्यै कर्म भई सकर्मक हुनाले अरू क्रियामा झैं कर्तृप्रधानमा प्रेरणा गर्ने कर्तावाच्य हुनाले प्रथमान्त, प्रेरणा गरिने कर्मवाच्य नहुनाले द्वितीयान्त, कर्मप्रधानमा कर्मवाच्य प्रथमान्त, कर्ता वाच्य नहुनाले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

तृतीयान्त हुन्छ. फरक हुंदैन सकर्मकबाट बनेको प्रेरणार्थकमा मूल-कर्तालाई कर्ता कम जे तुल्याए पनी हुन्छ.. कर्ता तुल्याए कर्तृप्रधानमा त्योचाहीं कर्ता वाच्य नहुनाले बाट भई तृतीयान्त हुन्छ, मूल-कर्म मात्रै द्वितीयान्त हुन्छ. कर्म प्रधानमा त्यो पनी प्रेरक कर्ता पनी तृतीयान्त हुन्छ, मूल-कर्म वाच्य भई प्रथमान्त हुन्छ. कर्म तुल्याए कर्तृप्रधानमा त्या कर्ता र मूल-कर्म यी दुइ कर्म हुनाले दुवै द्वितीयान्त, प्रेरक-कर्ता प्रथमान्त हुन्छन्; कर्मप्रधानमा एकको मात्र प्रयोग गरेमा प्रयोग गरेकोचाहीं, दुवैको प्रयोग गरेमा पनी जुनसुकै एउटा वाच्य भई प्रथमान्त, अर्कोचाहीं भए द्वितीयान्तै हुन्छ. जस्तै:-

'त्यो मलाई सुताउंछ. त्यसले रामुलाई उठायो. त्यसले म सुताइन्छु. त्यसले रामु उठाइयो. त्यो मबाट वा मलाई काम गराउंछ. गुरु तिनलाई काव्य पढाउंछन्. गुरुले ती पढाइन्छन्. गुरुले काव्य पढाइन्छ. गुरुले तिनलाई काव्य पढाइन्छ. गुरुले ती काव्य पढाइन्छन्'. इ०

२५९. कर्ता कर्महरूमा विभक्तिका प्रत्ययहरू हुंदा प्रायः कारकविचारका नियम बमोजीम नै हुन्छन् कहीं विशेष पनी हुन्छ:—

(१) कर्तृप्रधान क्रियापदमा कर्ता वाच्य भई प्रथमान्त हुंदा ले प्रत्यय हुन्छ. सो प्रत्यय सकर्मक क्रिया भूतकालको भए नित्यै रहन्छ, अरू काल अर्थको भए विकल्पले लोप हुन्छ अकर्मक क्रिया भए सबै काल अर्थमा नित्यै लोप हुन्छ. भाव-कर्मप्रधान क्रियामा वाच्य नभएको कर्ता तृतीयान्त हुंदा नित्यै ले रहन्छ. जस्तै:-'रामुले काम गन्यो. तैंले भात खाइस्. हामीले पाठ पढ्यौं. रामु या रामुले काम गर्छ, गर्ला, गरोस्. गर्नेछ. तं वा तैंले भात खान्छस्, खानेछस्, खा, खालास्, हामी वा हामीले पाठ पढ्छौं, पढौं, पढौंला. रामुले काम गरियो. मंले पाठ पढियो. रामु सुत्यो, सुत्छ, सुत्नेछ, सुतोस्, सुत्ला. हामी उठ्छौं, उठ्यौं, उठौं.' इत्यादि. यस्तै माथि गएका वाक्यमा पनी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

जान्नू.

(२) कर्मप्रधान क्रियामा कर्म वाच्य[१] भई प्रथमान्त हुंदा जस्तोसुकै कर्म भए पनी प्रत्ययको नित्यै लोप हुन्छ. कर्तृप्रधान क्रियामा वाच्य नभएको कर्म द्वितीयान्त हुंदा विशेषनाममा लाई नित्यै रहन्छ प्राणिवाचक सामान्य नाममा विकल्पले लोप हुन्छ, निर्जीव कर्म प्राय: नित्यै लोप हुन्छ; कहीं कहीं निर्जीव कर्ममा पनी केही विशेष अर्थ बुझिदा लाई रहने हुन्छ. जस्तै:— 'त्यसले काव्य पढिन्छ. रामुले गाई चह्राइन्छिन् मैले रामचन्द्र मानिन्छन्. गोपाल भाइ (लाई) कुट्छ मैले गोपाललाई डाकें. गोबिन्द काम गर्छ. रामु काम (लाई) त गर्छ तर धेरै दिने मानिस (लाई) खोज्छ.' इत्यादि.

(३) प्रयोजक-धातुको प्रयोगमा अकर्मकबाट बनेको प्रेरणार्थक भए कर्तृप्रधान दुवै थरीमा स्वतन्त्र क्रियापद भएमा भन्दा केही फरक हुंदैन; सकर्मकबाट बनेका मूल-कर्तालाई कर्ता नै तुल्याए तृतीयाको बाट प्रत्यय नित्यै हुन्छ, (द्वारा) शब्द जोडेर प्रयोग गरे पनी हुन्छ; कर्म तुल्याए कर्तृप्रधानमा कर्मको नियम बमोजीम द्वितीया हुन्छ; तर निर्जीवमा पनी कहीं लाई को प्रयोग हुने पनी हुन्छ. कहीं कहीं निर्जीव मूलकर्ममा पनी लाई रहने पनी हुन्छ. कर्मप्रधानमा त माथिका नियम बमोजीम वाच्य हुने चाहीं कर्ममा प्रथमाको प्रत्ययको नित्यै लोप,

१ कर्मप्रधानको प्रयोगमा कर्म कारक कर्ता भएर कर्ताको बिभक्तिमा प्रयोग भएको हो भनि कोही मान्दछन्. तर कर्म कर्ता भएको होइन, प्रथमा विभक्ति कर्तामा मात्र हुने पनी होइन. क्रियापद बदलिए पनी जो जुन जातको कारक हो त्यो उही जात हुन्छ, केवल विभक्ति मात्र कहीं केही कहीं केही हुन्छ. कर्ताको विभक्ति प्रथमा तृतीया दुबै, कर्मको विभक्ति प्रथमा द्वितीया दुवै हो.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

वाच्य नहुनेचाहींमा नियम बमोजीम द्वितीया त्यसको लोप पनी हुन्छ. जस्तै:-'त्यो मलाई बढाउंछ. त्यसले म बढाइन्छु. त्यो मलाई वा मबाट वा म द्वारा काम गराउंछ. त्यसले म काम गराइन्छु. त्यसले मलाई काम गराइन्छ यो शब्द अर्थलाई बुझाउंछ. यस शब्दले अर्थ बुझाउञ्छ.' इत्यादि.

(४) क्रियापदको अनुरोधले कर्ता कर्मको मात्र कहीं केही कहीं केही विभक्ति वचन आदि हुन्छ; अरू कारक प्रकारक सबै जस्तोसुकै क्रियापद भए पनी आफना आफना नियम बमोजीम सधैं एकैनास हुन्छन्. विशेषण त विशेष्य बदलिए बदलिन्छन्, नत्र बदलिदैनन्. जस्तै:-'रामले बाणले किष्किन्धामा वालीलाई मारे. रामले बाणले किष्किन्धामा वाली मारियो. त्यो बाहुनलाई गाई दिन्छ. त्यसले बाहुनलाई गाई दिइन्छिन्. रुखबाट फल खस्यो. रुखबाट फलले खसियो. रामुको छोरो आयो. म पण्डित हुन्छु. मैले पण्डित भइन्छ त्यो धोबी कपडा रातो तुल्याउंछ त्यो धोबीले कपडा रातो तुल्याइन्छ'. इत्यादि.

(५) कहीं करणलाई पनी स्वतन्त्र तुल्याई कर्ता तुल्याउंन हुन्छ; त्यसको अर्को करण राख्न पनी हुन्छ. त्यसो भएमा करणलाई कर्ता संज्ञो नियम बमोजीम विभक्ति आदि सबै हुन्छन्. जस्तै:-'खुकुरिधारले रुख काट्छ खुकुरीले रुख काटिन्छ. मन विचार गर्छ. मनले विचार गरियो.' इत्यादिमा खुकुरी मन काट्नामा गर्नामा करण हो त पनी यहाँ स्वतन्त्र तुल्याई कर्ता बनाएर प्रयोग भयो. धार यो अर्को करण पनी प्रयोग भयो.

(क) कहीं देख्नु, खेल्नु, टेक्नु इत्यादि क्रियाको करणलाई कर्म तुल्याएर पनी व्यवहार हुन्छ. जस्तै:- 'आँखा देख्छ. खुट्टा टेक्को. पाशा खेल्छ.' इ०

२६०. सजीवलाई कहने शब्दमा अनेकार्थी अथवा प्रकारार्थी 'हरू' शब्द लागेमा अनेक व्यक्ति नै बुझिई अनेकवचनै हुने हुनाले त्यस्तो शब्द

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

उद्देश्य राखेमा क्रियापद बहुवचनान्तै हुन्छ आदरार्थी बहुवचनको प्रयोगमा पनी क्रियापद बहुवचनै हुन्छ. एकवचनको प्रयोगमा त क्रियापद एकवचनान्तै हुन्छ. जस्तैः–

'रामचन्द्रहरू वनमा गए, देखिए. मानिसहरू आए देखिए. गाईहरू चर्छन्, घांस खुवाइन्छन्. देवदत्त पण्डित गए. रामु आयो'. इत्यादि.

२६१. उद्देश्यलाई कहने निर्जीवबोधक शब्द एकवचनान्त भए क्रियापद एकवचनान्तै हुन्छ. प्रकारार्थी 'हरू' लागेमा विशेषणहरूबाट वचन छुट्टिने भएमा एकवचन भए एकवचनान्तै, अनेकवचन भए अनेकवचनान्तै क्रियापद हुन्छ; विशेषणहरूबाट वचन नछुट्टिने भएमा त एकवचन वा अनेकवचन दुवै मान्न हुने हुनाले क्रियापद दोहोरै हुन शक्छ. अनेकार्थी 'हरू' लागेमा पनी अघि लेखे फैं विशेषणहरू समेत मिल्ने गरी क्रियापद एकवचनान्त वा अनेकवचनान्त दोहोरै हुन शक्छ. जस्तैः–

'घडा फुट्यो, राखियो. पुस्तक फाट्छ, च्यातिन्छ. हाम्रा घरहरू राम्रा छन्, देखिन्छन्. रामुका कोटहरू पुराना हुन्छन्, देखिन्छन्. मेरो टोपीहरू मैलो छ, देखिन्छ. रामुको हातहरू बाङ्गो छ, देखिन्छ. बिरुवाहरू असल छ, छन्; देखिन्छ, देखिन्छन्. ऐनाहरू चाडो फुट्छ, फुट्छन्, फोरिन्छ, फोरिन्छन्. यसपाला अनाजहरू सस्तो छ, सस्ता छन्; सस्तो पाइन्छ, सस्ता पाइन्छन्. यो पसलको मालहरू मँहगो बिक्छ, ठहऱ्याइन्छ; यो पसलका मालहरू मँहगो बिक्छन्, ठहऱ्याइन्छन्.' इ०

२६२. समान श्रेणी हुनाले एकै क्रियाका कर्ता नाना भई तिनलाई एकै शब्दको बहुवचनले नबुझाई छुट्टा छुट्टा धेरै पद राखेमा कर्तृप्रधानमा ती सबै वाच्य भई प्रथमान्त हुन्छन्; यस्तै कर्म भएमा कर्मप्रधानमा वाच्य भई सबै प्रथमान्त हुन्छन्. यस्तो भएमा क्रियापद लिङ्ग वचन पुरुष हुँदा केही विशेष पनी हुन्छ.

(१) उद्देश्यलाई कहने धेरै पद एकै लिङ्ग पुरुष भई कन सबै एकवचनान्तै

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भएमा एक एक उद्देश्यमा मिल्ने तात्पर्यले क्रियापद एकवचनान्त भए पनी हुन्छ. जम्माको तात्पर्यले बहुवचनान्त गरे पनी हुन्छ. भिन्न लिङ्ग भिन्न पुरुषका भएमा त एकवचनान्त भए पनी अनेकवचनान्त भए पनी क्रियापद बहुवचनान्तै हुन्छ. जस्तैः–

'रामचन्द्र देवु घर गयो, गए. देखियो, देखिए. स्वास्नी छोरो घर छुटे, छोडिए.' इत्यादि.

(२) बेगलै लिङ्ग भएका धेरै उद्देश्य भएमा नपुं लिङ्गको उद्देश्य परेमा पुं.स्त्री. का उद्देश्य भए पनी नपुं. लिङ्गकै क्रियापद हुन्छ, पुं.स्त्री. का मात्र भएमा पुंलिङ्गको क्रियापद हुन्छ, पुं. नपुं.को कोही छैन भने मात्र स्त्रीलिङ्गको क्रियापद हुन्छ. जस्तैः–

'छोरो घर छुटे. छोरा छोरी बिग्रे, स्वास्नी छोरी बिग्री, बिग्रे.' इत्यादि.

(३) भिन्न पुरुष भएका धेरै उद्देश्य भएमा प्रथमपुरुषको उद्देश्य परेमा द्वितीय तृतीयको उद्देश्य परे पनी प्रथमपुरुषकै क्रियापद हुन्छ. द्वितीय तृतीय मात्र भएमा द्वितीयपुरुषको क्रियापद हुन्छ. प्रथम द्वितीयको कोही छैन भने मात्र तृतीयपुरुषको क्रियापद हुन्छ. जस्तैः–

'त्यो तिमी म गर्यौं; त्यो र म गर्यौं; तिमी र म गर्यौं; त्यो र तिमी गर्यौ; यो र त्यो गए.' इ०

२६३. वाक्यमा सबै कारक हुनुपर्छ त पनी कर्तृप्रधानमा कर्ता मुख्य भई बुझिनाले सोचाहीं अवश्य रहन्छ. अरू कारक सबै ठाममा अवश्य रहने नियम छैन; कर्मप्रधानमा कर्म मुख्य भई बुझिनाले कर्म नभई हुँदैन. अरू कर्ता आदिको प्रयोग कहीं कहीं मात्र हुन्छ. कहीं कर्तृप्रधानमा कर्ता-को, कर्मप्रधानमा कर्मको प्रयोग नभए पनी मौकाको अनुसारले बुझिन्छ. कर्मको प्रयोग नगरेको कर्मप्रधानमा अन्तर्गत अर्थात् पेटमा दबेको कर्म बुझिने त्यो कर्म राखेर पनी प्रयोग हुन शक्ने, अरू रूप पनी हुन शक्ने

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

हुनाले भावप्रधान भन्दा फरक बुझिन्छ. कर्ता-कर्मप्रधानमा वाच्य कर्ता कर्मलाई कहने प्रथमपुरुषमा 'म' शब्द मात्रै, द्वितीयपुरुषमा 'तँ' शब्द मात्रै हुने हुनाले यस्तामा त्यस शब्दको प्रयोग नगरे पनी अर्थात् बुझिन्छ; तृतीयपुरुषमा त नाम सर्वनाम धेरै थरी हुन शक्ने हुनाले प्राय: तिनको प्रयोग गरिन्छ. सबै क्रियाका सबै किसिमको व्यवहार प्रसिद्ध छैन, कहीं कर्तृप्रधानको, कहीं कर्मप्रधानको, कहीं भावप्रधानको प्रयोग प्रसिद्ध हुन्छ; कहीं सबै थरी प्रयोग प्रसिद्ध हुन्छ; तर व्यवहारमा कर्तृप्रधानको ज्यादा चलन छ, कर्म-भावप्रधानको चलन प्राय: कमै पर्दछ यस्तै लिङ्ग वचन पुरुषहरू धेरै थरी हुनेमा पनी व्यवहारमा कहीं केही कहीं केहा प्रसिद्ध हुन्छ.

क्रियाका रूप

२६३. प्रत्येक क्रियापदको प्राय: सबै स्वरूप हुने, स्वरूप पिछे वाच्य हुने, वाच्य पिछे अवस्था हुने, अवस्था पिछे पुरुष हुने, पुरुष पिछे लिङ्ग हुने, लिङ्ग पिछे वचन हुने हुनाले एकै क्रियाका पनी अङ्ग फरक हुंदा रूप फरक हुन्छन्.

जस्तै:–'गोपाल व्याकरण पढ्छन्'. यहां 'पढ्छन्' यो क्रियापद सकर्मक पढ्नु क्रिया स्वतन्त्र करण, कर्तृवाच्य वर्तमानकाल, तृतीयपुरुष, पुंलिङ्ग, आदरार्थी-अनेकवचनको हो. 'छोरो आयो' यहां 'आयो' यो क्रियापद-अकर्मक आउंनु क्रिया स्वतन्त्र करण, कर्तृवाच्य, भूतकाल, तृतीयपुरुष, पुं. वा नपुंलिङ्ग, एकवचनको हो. 'ए सेती ! तैंले मलाई बोलाइनस्' यहां 'बोलाइनस्' यो क्रियापद-सकर्मक नबोलाउंनु क्रिया प्रेरणा अकरण, कर्तृवाच्य, भूतकाल, द्वितीयपुरुष, स्त्रीलिङ्ग, एकवचनको हो. 'मैंले खूप सुतियो' यहां सुतियो' यो क्रियापद–अकर्मक सुत्नु क्रिया स्वतन्त्र करण, भाववाच्य, भूतकाल, तृतीयपुरुष, नपुंलिङ्ग, एकवचनको हो. 'गाईले दूद दिइएला' यहां 'दिइएला' यो क्रियापद–सकर्मक दिनु

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

क्रिया स्वतन्त्र-करण, कर्मवाच्य, सम्भावनार्थ, तृतीयपुरुष, नपुंलिङ्ग, एकवचनको हो 'ईश्वरले हामीहरू बढाइऊँ' यहाँ 'बढाइऊँ' यो क्रियापद–अकर्मक बढ उँनु क्रिया प्रेरणाकरण, कर्मवाच्य, विध्यर्थ, प्रथमपुरुष, भन्ने पुरुष हुनाले पुंलिङ्ग, अनेकबचनको हो. यस्तै सबैमा जान्नू.

२६५. हरएक अङ्ग फरक हुँदा सबै क्रियापदका रूप फरक पर्ने नियम छैन, कहीं धेरै अङ्गमा पनी रूप एकैनासको हुन्छ.

(१) विध्यर्थमा र कहीं सम्भावनार्थमा पनी करणको रूपमा नकार मात्र जोडिन्ना अकरण बन्दछ; अरूमा स्वरूप फरक हुँदा प्रायः सबैको रूप फरक हुन्छ.

(२) वाच्य फरक हुँदा पनी प्रायः सबैको रूप फरक हुन्छ. भाव र कर्मप्रधान हुँदा एकैनासको देखिन्छ, तर धातु फरक हुन्छ.

(३) अवस्था फरक हुँदा पनी प्रायः सबैको रूप फरक हुन्छ.

(४) पुरुष फरक हुँदा पनी प्रायः सबैको रूप फरक हुन्छ, केवल भावप्रधान हुँदा प्रथम-द्वितीयपुरुषको रूप हुँदैन.

(५) लिङ्ग फरक हुँदा प्रथमपुरुषमा रूप कहीं फरक हुँदैन, द्वितीय-तृतीयपुरुषमा स्त्रीमा मात्र कहीं फरक हुन्छ. पुं. नपुंलिङ्गमा कुनैमा पनी फरक हुँदैन. निर्जीवलाई कहँदा सर्वनाममा लेखे बमोजीम अर्काको उक्तिको अनुकरण आदिमा मात्र म तँ शब्दको प्रयोग हुनाले द्वितीय-तृतीयपुरुषमा नपुंसकलिङ्ग प्रायः हुँदैन. भावप्रधानमा पुं. स्त्रीलिङ्ग हुंदैन, नपुं. मात्र हुन्छ.

२६६. हरएक धातुबाट हरएक अङ्गमा हरएक प्रत्यय हुने हुनाले हरएक थरीका रूप बन्दछन्. ती प्रत्यय पनी कहीं एकै हुन्छन्. कहीं फरक हुन्छन्.

(१) स्वरूप फरक हुंदाः– स्वतन्त्र र प्रेरणामा प्रत्यय फरक हुँदैनन्. विध्यर्थमा विध्यर्थ बाहेक करण अकरण सबैमा प्रत्यय फरक हुन्छन्. विध्यर्थमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

न करणको रूपमा न मात्र जोडिने हुनाले प्रत्यय फरक हुँदैनन्. संभावनार्थ करण अकरणमा प्रत्यय फरक पनी हुन्छन्. विध्यर्थमा झैं नकार मात्र जोडेर प्रत्यय फरक नहुने पनी हुन्छन्.

(२) वाच्य फरक हुँदाः–कर्तृवाच्य कर्मवाच्य भाववाच्य सबैमा प्रत्यय एकै हुन्छन्. कर्मप्रधानको संभावना अर्थमा (गरिएला गराइएला इत्यादिमा) एकार आगम थपिएको मात्र हो, प्रत्यय फरक होइन.

(३) अवस्था फरक हुँदाः–प्रायः सबैका प्रत्यय फरक हुन्छन्.

(४) पुरुष फरक हुँदाः–सबै काल अर्थमा प्रायः प्रत्यय फरक हुन्छन्.

(५) लिङ्ग फरक हुँदाः–करण अकरण दुवै परी विध्यर्थ[१] र, भविष्यत्काल[२], अकरणसंभावनार्थ[३], सबै काल अर्थको प्रथम पुरुष[४], सबै अनेकार्थी बहुवचन[५], भूतकालको करण द्वितीयपुरुष दुवै वचन, अकरण एकवचन[६], इत्यादिको सबै लिङ्गमा प्रत्यय एकै हुन्छन्. यी बाहेक अरूको पुं०नपुं०मा एकै, स्त्रीमा फरक हुन्छन्.

(६) वचन फरक हुँदाः–एकवचन र बहुवचनका प्रत्यय सबै फरक हुन्छन्. आदरार्थी र अनेकार्थीका प्रत्यय-पुंलिङ्गमा–विध्यर्थ-द्वितीयपुरुषमा मात्र फरक हुन्छन्. अरू पुंलिङ्गमा फरक हुँदैनन्. स्त्रीलिङ्गमा–पुं० नपुं०को रूप भन्दा वेगलै रूप हुने ठाउँमा (अर्थात् करण अकरणको विध्यर्थ, भविष्यत्काल, अकरण संभावनार्थ, सबै काल अर्थको प्रथम-

---

१ (न) गर्, (न) गर, (न) गरोस्, (न) गरून्, इत्यादि.

२ गर्नेछ, गर्नेछैन, गर्नेछन्, गर्नेछैनन्, गर्नेछस्, गर्नेछैनस्, गर्नेछौ, गर्नेछैनौ इत्यादि.

३ गरोइन, गरोइनन्, गरोइनस्, गरोइनौ, इत्यादि.

४ गर्छु, गरें, गर्नेछु, इत्यादि.

५ गर्छौं, गर्छौ, गर्छन्, इत्यादि.

६ गरिस्, गर्थ्यो, गरिनस्, इत्यादि.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पुरुष सबै अनेकार्थी बहुवचन, भूतकालको करण द्वितीयपुरुष दुवै वचन, प्रकरण एकवचन, यी बाहेकमा) फरक हुन्छन्. अरुमा फरक हुँदैनन्. नपुं.मा–प्रायः आदरार्थीको प्रयोग हुँदैन.

२६७. वर्तमान, भूत, भविष्यत्, विधि, सम्भावना, आदि अर्थ विशेष बुझाउँनालाई धातुबाट हुँने 'छु, ए, नेछ, ओस्, ला' इत्यादि प्रत्यय तल लेखिएका छन्. स्वतन्त्र कर्तृप्रधान क्रियापदमा मूल-धातुको—,स्वतन्त्र कर्म-भावप्रधान, प्रेरणार्थ कर्तृ-कर्मप्रधान क्रियापदमा 'इ, आउ, आइ,' आदि प्रत्यय भई बनेका साधित-धातुको—, केही नबदलिएको अथवा केही लोप आदेश आदि विकार भई बनेको सामान्यरूपमा कहीं कहीं न्, स, द, ए इत्यादि आगम जोडी अर्थात् केही अक्षर बीचमा थप समेत गरी ती प्रत्यय जोड्दा क्रियापद बन्दछन्.

२६८. प्रेरणार्थक कर्तृप्रधानमा 'आउ, याउ'; कर्मप्रधानमा 'आइ, याइ'; स्वतन्त्र भाव-कर्मप्रधानमा 'इ'; अन्त्यमा हुने हुनाले कर्तृ-कर्म-प्रधान सबै प्रेरणार्थक धातु र कर्म-भावप्रधान सबै स्वतन्त्र-धातु अजन्त मात्रै हुन्छन्; कर्तृप्रधान स्वतन्त्र-धातु मध्ये 'बह, सप्र, जा, खा, दि, लि, हु, दुहु' इत्यादि केही धातु अजन्त, 'गर्, भन्, शक्, लेख्' इत्यादि केही धातु हलन्त[1] पनी हुन्छन्. अजन्त धातुको सामान्यरूप कसैको धेरै ठाउँमा कसैको थोरै ठाउँमा फरक हुन्छ, 'खा' इत्यादि कोही कोही धातुको सामान्यरूप उही पनी रहन्छ. हलन्त धातुको त धातुको स्वरूपै सामान्यरूप हुन्छ, कहीं पनी फरक हुँदैन.

---

१ कोही कोही मानिस हिन्दी भाषाको अनुकरण गरेर 'गर्, भन्, शक्,' इत्यादि धातुलाई पनी अदन्त मानी 'गरछ, गरदछ, भनदछ, शकदछ' इत्यादि प्रयोग गर्दछन्. तर २७१ को नियम बमोजीम वर्त्तमानका प्रत्ययमा अजन्त हलन्तको चाल फरक देखिनाले र, उच्चारण पनी हलन्तै सुनिने, व्यवहार प्रसिद्ध शब्दको व्याकरण बनाउने कुरा 'सिद्धानामेवान्वाख्यानम्' भन्ने महाभाष्यकारको वचनबाट देखिने हुनाले समेत यी धातु हलन्तै हुन्.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

वर्तमान.

२६९. वर्तमानका करण अकरण दुवै थरी प्रत्यय प्रथमपुरुषमा तीनै लिङ्गमा एकैनास हुन्छन्. द्वितीय-तृतीयपुरुषमा स्त्रीलिङ्गका एकवचन र आदरार्थी-अनेकवचनमा पुंलिङ्गको भन्दा फरक हुन्छन्. यी दुवै थरी प्रत्यय हुंदा कुनै धातुको पनी सामान्यरूप बदलिंदैन, मूल अथवा साधित धातुको जुन स्वरूप छ उही रहन्छ.

२७०. करणप्रत्यय

	एकवचन.	अनेकवचन.	आदर.
प्र. पु. सर्वलिङ्ग.	छु	छौं[1]	
द्वि. पु. पुं. नपुं.	छस्	छौ	
" स्त्री.	छेस्	छौ	छ्यौ
तृ. पु. पुं. नपुं.	छ	छन्	
" स्त्री.	छे	छन्	छिन्

अदन्त मानेमा गरिन्छ, गरेको, गऱ्यो, इत्यादि धेरै धातुको ठाउँ ठाउँमा अकारको लोप कल्पना गर्नु पर्ने, न, त, द, आगम यस्ता यस्ता जगामा हुने भन्ने नियम पनी हुन नसक्ने. नियम गर्न शके पनी द्रविड प्राणायाम जस्तो पर्न आउने हुनाले र, 'भनदिनथिन' यस्ता किसमका क्रियापद सुन्दा उच्चारण बिल्कुल फरक पर्न गई झट्ट अर्थ नबुझिने हुनाले समेत यस्ता धातुलाई अदन्त मान्नु असल देखिंदैन.

१ प्रथमपुरुषका बहुवचनको प्रत्ययमा औं का ठाउँमा अम् यस्तो मानेर 'छम्, नम्, ऐनम्' इत्यादि प्रत्यय गरी 'गर्छम्, जान्छम्, जान्नम्, गर्दैनम्' इत्यादि व्यवहार र, यही रीतले पछि लेखिने भूत, भविष्यत आदिका प्रत्ययमा पनी प्रथमपुरुषको बहुवचनमा औं का ठाउँमा अम् गरी 'गयम्, गएनम्, गर्नेछम्, गर्नेछैनम्, गरम्, नगरम्, गरोइनम्' इत्यादि व्यवहार भएको कहीं कहीं देखिन्छ, तर यस्तो प्रयोग प्रायः चलनमा ज्यादा नदेखिनाले लेखिएको छैन.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

१७१. अकरणप्रत्यय

	एकवचन.	अनेकवचन.	आदर.
प्र. पु. सर्वलिङ्ग.	इनँ, नँ	ऐनौँ, नौँ	
द्वि. पु पुं. नपुं.	ऐनस्, नस्	ऐनौ, नौ	
,, स्त्री.	इनस्, नस्	ऐनौ नौ	इनौ, नौ
तृ पु. पुं. नपुं.	ऐन, न	ऐनन्, नन्	
,, स्त्री.	इन, नँ	ऐनन्, नन्	इनन्, नन्

२७१. धातुदेखी वर्तमानकालको करण अकरण प्रत्यय हुँदा 'न, त, द' आगम हुने, अकरण प्रत्यय हुँदा 'त, द' को अकारको लोप समेत हुने, अकरणमा — अजन्त धातुको अन्त्य स्वर विकल्पले अनुनासिक हुने, करणमा — व्यञ्जन नजोडेको उकारान्तमा[१] अनुनासिक हुने, अरू अजन्त धातुमा नहुने हुनाले धेरै किसम हुन्छन्.

(१) अननुनासिक अजन्त-धातुबाट वर्तमानका (करण अकरण दुवै थरी) प्रत्यय हुँदा धातु र प्रत्ययको बीचमा 'न्' आगम नित्यै हुन्छ. यी अननुनासिक अजन्त-धातुबाट अकरणमा नकारादि प्रत्यय मात्र हुन्छ, जस्तैः— सप्रन्छु, सप्रन्छेस्, सप्रन्छस् सप्रन्छौ, सप्रन्छौँ; सप्रन्छयौ; सप्रन्छ,

---

१ व्यञ्जन नजोडेको इकार अन्त्यमा हुने धातुमा वर्तमानको करण प्रत्यय हुँदा द आगम नित्य 'खिइँदछु, पाइँदछु, गराइँदछु, छोवाइँदछु' इत्यादि पनि कोही प्रयोग गर्दछन् तर त्यस्तो प्रयोग प्रसिद्ध नदेखिनाले लेखिएको छैन. त्यस्तो प्रयोग मानेका पक्षमा उकारान्तमा बेग्लै नियम माने झैं व्यञ्जन जोडेको इकारान्तमा इकार अनुनासिक विकल्प भई निरनुनासिक भएमा सामान्य नियमले न् आगम नित्यै हुने अनुनासिक भएमा द आगम नित्यै हुने 'खिइन्छु, खिइँदछु' इत्यादि दोहोरै करणको रूप मान्नु पर्दछ.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सप्रन्छन्, सप्रन्छे, सप्रन्छिन्. जस्तैः—

धातु.	आगम.	करणरूप.
कह	न्	कहन्छु, कहन्छौं इत्यादि
जा	"	जान्छु, जान्छौं "
खा	"	खान्छु खान्छौं "
दि	"	दिन्छु, दिन्छौं "
खिइ	"	खिइन्छु, खिइन्छौं "
दिइ	"	दिइन्छु दिइन्छौं "
गराइ	"	गराइन्छु, गराइन्छौं "
छोवाइ	"	छोवाइन्छु, छोवाइन्छौं "
हु	"	हुन्छु, हुन्छौं "
दुहु	"	दुहुन्छु. दुहुन्छौं "

(२) हलन्त-धातु र सानुनासिक अजन्त-धातुबाट वर्तमानका (करण अकरण दुवै थरी) प्रत्यय हुँदा धातु र प्रत्ययको बीचमा कहीं 'त' कहीं 'द' आगम हुने, सो आगम कहीं रहने कहीं नरहने पनी हुन्छ. करण-प्रत्यय हुँदा धातुको अन्त्य हल् वर्गको प्रथम (क् च् ट् त् प्), दोस्रो (ख् छ् ठ् थ् फ्) श् ष् स् भए 'त' वा 'द' आगम विकल्पले हुन्छ; तेस्रो (ग् ज् ड् द् ब्), चौथो (घ् झ् ढ् ध् भ्), पाचौं (ङ् ञ् ण् न् म्), य्, र् ल् व् अथवा सानुनासिक स्वर भए 'द' आगम विकल्पले हुन्छ. अर्थात् सो प्रावम थपे पनी नथपे पनी हुन्छ. अकरण-प्रत्यय हुँदा त, द को अकारको लोप भई 'त्, द्' यस्तो हल् मात्र बाकी रही नित्यै आगम हुन्छ. यो हलन्त र सानुनासिक अजन्त धातुबाट अकरणमा 'इन' आदि अजादि प्रत्यय मात्र हुन्छन्.

जस्तैः— गर्छु, गर्दछु, गर्छौं, गर्दछौं; गर्छस्, गर्दछस्, गर्छौ, गर्दछौ, गर्छेस्, गर्दछेस्, गर्छ्यौ, गर्दछ्यौ; गर्छ, गर्दछ, गर्छन्, गर्दछन्, गर्छे,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

गर्दछे, गर्छिन्, गर्दछिन्; गर्दिनँ, गर्दैनौं, गर्दैनस्, गर्दैनौ, गर्दिनस्, गर्दिनौ, गर्दैन, गर्दैनन्, गर्दिन, गर्दिनन्. यस्तै:-

धातु.	आगम.	करणरूप.	अकरणरूप.	
शक्	त	शक्छु, शक्तछु;	शक्तिनँ.[१]	इत्यादि
बाँच्	,,	बाँच्छु, बाँचतछु;	बाँच्तिनँ.	,,
कुट्	,,	कुट्छु, कुट्तछु;	कुट्तिनँ.	,,
सुत	,,	सुत्छु, सुत्तछु;	सुत्तिनँ.	,,
कप्	,,	कप्छु, कप्तछु;	कप्तिनँ.	,,
लेख्	,,	लेख्छु, लेख्तछु;	लेख्तिनँ.	,,
पुछ्	,,	पुछ्छु, पुछ्तछु;	पुछ्तिनँ.	,,
गठ्	,,	गठ्छु गठ्तछु;	गठ्तिनँ.	,,
कथ्	,,	कथ्छु, कथ्तछु;	कथ्तिनँ.	,,
नाश्	,,	नाश्छु, नाश्तछु;	नाश्तिनँ	,,
पोष्	,,	पोष्छु, पोष्तछु;	पोष्तिनँ	,,
हाँस्	,,	हाँस्छु, हाँस्तछु;	हाँस्तिनँ.	,,

धातु.	आगम.	करणरूप.	अकरणरूप.	
बग्	द	बग्छु, बग्दछु;	बग्दिनँ.	इत्यादि.
रोज्	,,	रोज्छु, रोज्दछु;	रोज्दिनँ.	,,

१ वर्णको प्रथम, द्वितीय, श, ष, स, अन्त्यमा हुने धातुबाट 'त, द' दुवै आगम वैकल्पिक लेखिएका छन् त पनी त्यस्तामा 'त' आगम भएको अथवा लोप भएको 'शक्छु, शक्तछु, शक्तिनँ' इत्यादि प्रयोग ज्यादा प्रसिद्ध भएको, 'द' आगम भएको, शक्दछु, शक्दिनँ, इत्यादि प्रयोग सर्वसाधारण-व्यवहारमा ज्यादा प्रसिद्ध नभएको हुनाले त भएको उदाहरण दिएको छन. यस्तै सबैमा जान्नू.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

गड्	"	गड्छु, गड्दछु;	गड्दिनं. "
कुद्	"	कुद्छु, कुद्दछु;	कुद्दिनं. "
दब्	"	दब्छु, दब्दछु;	दब्दिनं "
नाघ्	"	नाघ्छु, नाघ्दछु;	नाघ्दिनं. "
बुझ्	"	बुझ्छु, बुझ्दछु;	बुझ्दिनं. "
चढ्	"	चढ्छु, चढ्दछु;	चढ्दिनं. "
गोध्	"	गोध्छु, गोध्दछु;	गोध्दिनं. "
निभ्	"	निभ्छु निभ्दछु;	निभ्दिनं. "
रिङ्	"	रिङ्छु, रिङ्दछु;	रिङ्दिनं. "
फांण्	"	फांण्छु, फांण्दछु;	फांण्दिनं "
भन्	"	भन्छु, भन्दछु;	भन्दिनं. "
गम्	"	गम्छु, गम्दछु;	गम्दिनं. "
भर्	"	भर्छु, भर्दछु;	भर्दिनं. "
मल्	"	मल्छु, मल्दछु;	मल्दिनं. "

(३) व्यञ्जन नजोडेको खाली उकार अन्त्यमा हुने प्रेरणार्थक वा स्वतन्त्र-धातुबाट वर्तमानको करण-प्रत्यय हुंदा सो उकार नित्यै अनुनासिक हुन्छ. (अर्थात् उकार अनुनासिक हुनाले माथिको दोस्रो नियम बमोजीम द आगम विकल्पले भई रूप बन्दछ.)

जस्तैः- आउँछु, आउँदछु, आउँछौं, आउँदछौं; आउँछस्, आउँदछस् आउँछौ, आउँदछौ, आउँछेस्, आउँदछेस्, आउँछ्यौ, आउँदछ्यौ; आउँछ, आउँदछ, आउँछन्, आउँदछन्, आउँछे, आउँदछे, आउँछिन्, आउँदछिन्. यस्तैः-

धातु.	आगम.	करणरूप.	
धाउ	द	धाउँछु, धाउँदछु.	इत्यादि.
पाउ	"	पाउँछु, पाउँदछु.	"

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

चिच्याउ	"	चिच्याउँछु, चिच्याउँदछु.	"
गराउ	"	गराउँछु, गराउँदछु.	"
पढाउ	"	पढाउँछु, पढाउँदछु.	"

(४) यावत् अजन्त धातुबाट वर्तमानको प्रकरण-प्रत्यय हुँदा धातुको अन्त्य स्वर विकल्पले अनुनासिक हुन्छ. (अर्थात् अनुनासिक नभएमा माथिको पहिलो नियम बमोजीम नकारादि प्रत्यय भई न् आगम मात्र हुन्छ; अनुनासिक भएमा माथिको दोस्रो नियम बमोजीम इन आदि प्रत्यय भई द आगम नित्यै हुन्छ.)

जस्तैः—सप्रन्न, सप्रँदिन, सप्रन्नौं, सप्रँदैनौं; सप्रन्नस्, सप्रँदैनस्, सप्रन्नौ, सप्रँदैनौ, सप्रँदिनस्, सप्रँदिनौ; सप्रन्न, सप्रँदैन, सप्रन्नन्, सप्रँदैनन्, सप्रँदिन, सप्रँदिनन्. यस्तैः—

धातु.	प्रकरणरूप.	
	'न' भएको,	'द' भएको.
कह	कहन्न,	कहंदैन.
जा	जान्न,	जांदैन.
खा	खान्न,	खांदैन.
दि	दिन्न,	दिंदैन.
गरि	गरिन्न,	गरिंदैन.
पढाइ	पढाइन्न,	पढाइंदैन.
हु	हुन्न,	हुंदैन.
कुहु	कुहुन्न,	कुहुंदैन.
आउ	आउन्न,	आउंदैन.
पाउ	पाउन्न,	पाउंदैन.
पढाउ	पढाउन्न,	पढाउंदैन.

इत्यादि.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भूत.

२७३. भूतकालका प्रत्यय—करणचाहिं प्रथम द्वितीयपुरुषमा सबै लिङ्गमा एकै हुने, तृतीयपुरुषमा स्त्रीको एकवचन र आदरार्थीमा फरक पर्ने हुन्छन्. अकरणचाहिं प्रथमपुरुषमा सबै लिङ्गमा एकै हुने, द्वितीयपुरुषमा स्त्रीको आदरार्थीमा मात्र र, तृतीयपुरुषमा स्त्रीको एकवचन र आदरार्थीमा फरक पर्ने हुन्छन्.

२७४. करणप्रत्यय.

	एकवचन.	अनेकवचन.	आदर.
प्र. पु. सबैलिङ्ग	एं	यौं	
द्वि. पु. "	इस्	यौ	
तृ. पु पुं. नपुं.	यो	ए	
" स्त्री	ई	ए	इन्

२७५. करणप्रत्यय.

	एकवचन.	अनेकवचन.	आदर.
प्र. पु. सबैलिङ्ग	इनं	एनौं	
द्वि. पु. पुं. नपुं.	इनस्	एनौ	
" स्त्री.	"	"	इनौ
तृ. पु. पुं नपुं.	एन	एनन्	
" स्त्री.	इन	"	इनन्

२७६. भूतकालको करण-अकरण प्रत्यय हुँदा धातुका सामान्यरूप कहीं बदलिने कहीं नबदलिने हुनाले धेरै किसिमका हुन्छन्.

(१) सबै हलन्त धातुको र, सबै किसमका इकारान्तधातुको, कोही आकारान्तधातुको, सामान्यरूप उही रहन्छ बदलिदैन. जस्तैः—

(क) हलन्त गर्—करण-गरें, गऱ्यौं; गरिस्, गऱ्यौ; गऱ्यो, गरे,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

गरी, गरिन्. अकरण–गरिनं, गरेनौं; गरिनस्, गरेनौ, गरिनौ, गरेन, गरेनन्, गरिन, गरिनन्. यस्तै:–पढ्, सुत्, बस्, इत्यादिको रूप चलाउनू.

(ख) इकारान्त दि–करण–दिएं, दियौं; दिइस्, दियौ; दियो, दिए, दिई, दिइन्. अकरण– दिइनं, दिएनौ; दिइनस्, दिएनौ, दिइनौं; दिएन, दिएनन्, दिइन, दिइनन्. यस्तै गरी लि इत्यादि धातुको रूप चलाउनू.

(ग) गरि—गरिएं, गरियौं; गरिइस्, गरियौ; गरियो, गरिए, गरिई, गरिइन्. गरिइनं, गरिएनौं; गरिइनस्, गरिएनौ, गरिइनौ; गरिएन, गरिएनन्, गरिइन, गरिइनन्. इत्यादि कर्मवाच्य-धातुका रूप चलाउनू.

(घ) आकारान्त खा––करण–खाएं, खायौं; खाइस्, खायौ; खायो, खाए, खाई, खाइन्.
अकरण––खाइनं, खाएनौं; खाइनस्, खाएनौ, खाइनौ; खाएन, खाएनन्, खाइन, खाइनन्.

(२) 'हु' बाहेक एकाक्षर उकारान्त धातुको ओकारान्त सामान्यरूप हुन्छ. जस्तै:––धु–धोएं, धोयौं; धोइस्, धोयौ; धोयो, धोए, धोई, धोइन्. धोइनं, धोएनौं; धोइनस्, धोएनौ, धोइनौ; धोएन, धोएनन्, धोइन, धोइनन्. यस्तै गरी रु, ढु, फु, इत्यादि धातुको रूप चलाउनू.

(३) अनेक अक्षर हुने व्यञ्जन जोडेको वा नजोडेको स्वतन्त्र प्रेरणार्थक सबै उकारान्त र, अकारान्त धातुको अन्त्यको स्वर (उ, अ,) लोप भई बाकी (अकारान्त र, व्यञ्जन जोडेको उकारान्तमा हलन्त; नजोडेको उकारान्तमा अजन्त;) सामान्यरूप हुन्छ. जस्तै:—

(क) बह—बहें, बह्यौं; बहिस्, बह्यौ; बह्यो, बहे, बही, बहिन्. बहिनं, बहेनौं; बहिनस्, बहेनौ, बहिनौ; बहेन, बहेनन्, बहिन,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

बहिनन्. यस्तै:—सप्र, कह्, इत्यादि अकारान्तधातुको रूप चलाउनू.

(ख) दुह्—दुहें, दुह्यौं; दुहिस्, दुह्यौ, दुह्यो, दुहे, दुही, दुहिन् दुहिनं, दुहेनौं, दुहिनस्, दुहेनौ, दुहिनौ; दुहेन, दुहेनन्, दुहिन, दुहिनन्. आउ—आएं, आयौं; आइस्, आयौ; आयो, आए, आई, आइन्. आइनं, आएनौं. आइनस्, आएनौ, आइनौ; आएन, आएनन्, आइन, आइनन्.

यस्तै:—नुह्, कुह्, चुह्, पाउ, इत्यादि उकारान्तधातुको रूप चलाउनू.

(ग) प्रेरणार्थकधातु पकाउ—पकाएं, . पकायौं; पकाइस् पकायौ; पकायो, पकाए, पकाई, पकाइन्, पकाइनं, पकाएनौं; पकाइनस्, पकाएनौ, पकाइनौ, पकाएन, पकाएनन्, पकाइनन्. यस्तै प्रेरणार्थक सबै धातुको उकारको लोप गरी सामान्यरूप बनाई प्रत्यय जोडी रूप चलाउनू.

(४) हु, जा, ला, इत्यादि कोही धातुको त क्रमै सँग भ, ग, लग्, यस्तो फर्कं सामान्यरूप हुन्छ. जस्तै:—

(क) हु—भएं, भयौं; भइस्, भयौ; भयो, भए, भई, भइन्. भइनं, भएनौं; भइनस्, भएनौ, भइनौ; भएन, भएनन्, भइन, भइनन्.

(ख) जा—गएं, गयौं; गइस्, गयौ; गयो, गए, गई, गइन्. गइनं, गएनौं; गइनस्, गएनौ, गइनौ; गएन, गएनन्, गइन, गइनन्.

(ग) ला—लगें, लग्यौं; लगिस्, लग्यौ; लग्यो, लगे, लगी, लगिन्. लगिनं, लगेनौं; लगिनस्, लगेनौ, लगिनौ; लगेन, लगेनन्, लगिन, लगिनन्.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भविष्यत्

२७७. भविष्यत्कालका प्रत्यय करण अकरण दुवैका तिनै लिङ्गमा र आदरार्थीमा पनी फरक नहुने हुन्छन् भविष्यत्कालको प्रत्यय हुँदा सबै किसमका धातुको वर्तमानमा झैं सामान्यरूप बदलिदैन. धातुमा प्रत्यय जोडी रूप बन्दछ.

२७८. करणप्रत्यय.

	एकवचन.	बहुवचन.
प्र. सबैलिङ्ग	नेछु	नेछौं
द्वि. "	नेछस्	नेछौ
तृ. "	नेछ	नेछन्

जस्तैः—गर्नेछु, गर्नेछौं, गर्नेछस्, गर्नेछौ, गर्नेछ, गर्नेछन्; हुनेछु, हुनेछौं, हुनेछस्, हुनेछौ, हुनेछ, हुनेछन्; सप्रनेछु, सप्रनेछौं; खानेछु, खानेछौं; दिनेछु, दिनेछौं; गरिनेछु, गरिनेछौं; खाइनेछु, खाइनेछौं; जिल्लिनेछु, जिल्लिनेछौं; पढाइनेछु, पढाइनेछौं; धुनेछु, धुनेछौं, दुहुनेछु, दुहुनेछौं; पकाउनेछु, पकाउनेछौं, आउनेछु, आउनेछौं; इत्यादि. यस्तैः—सबै किसमका यावत धातुमा प्रत्यय जोडी रूप चलाउनू.

२७९. अकरणप्रत्यय

	एकवचन.	बहुवचन.
प्र. सबैलिङ्ग	नेछैनं	नेछैनौं
द्वि. "	नेछैनस्	नेछैनौ
तृ. "	नेछैन	नेछैनन्

जस्तैः—गर्नेछैनं, गर्नेछैनौं, गर्नेछैनस्, गर्नेछैनौ, गर्नेछैन, गर्नेछैनन्; हुनेछैनं, हुनेछैनौं, हुनेछैनस्, हुनेछैनौ, हुनेछैन, हुनेछैनन्; सप्रनेछैनं, सप्रने-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

छैनौं; खानेछैनं, खानेछैनौं; दिनेछैनं, दिनेछैनौं; गनिनेछैनं, गरिनेछैनौं; खाइनेछैनं, खाइनेछैनौं; जिल्लिनेछैनं जिल्लिनेछैनौं; पढाइनेछैनं, पढाइनेछैनौं; धुनेछैनं, धुनेछैनौं; दुहुनेछैनं, दुहुनेछैनौं; पकाउनेछैनं, पकाउनेछैनौं; आउनेछैनं, आउनेछैनौं. इत्यादि. यस्तै:—सबै किसमका यावत् धातुमा प्रत्यय जोडी रूप चलाउनू.

विध्यर्थ.

२८०. विध्यर्थका प्रत्यय सबै लिङ्गमा एकै हुन्छन्. द्वितीयपुरुषमा पुं. स्त्री. दुवै लिङ्गको आदरार्थी र अनेकार्थीमा कोही धातुमा फरक हुन्छन्; अरू पुरुषमा सबै धातुमा एकै हुन्छन्.

२८१. करणप्रत्यय

	एकवचन.	बहुवचन.	आदर.
प्र. सबैलिङ्ग	ऊं	औं	
द्वि ,,	०; ई, एस्	अ, ओ, ए	ऊ, ऒ.
तृ ,,	ओस्	ऊन्	

२८२. विध्यर्थको करण-प्रत्यय हुँदा द्वितीयपुरुषमा धेरै किसिमका प्रत्यय छन्त पनी कोही कहीं कोही बिशेष अर्थमा हुन्छन्. आदरार्थी पनी सबै धातुमा हुँदैन, कहीं कहीं हुन्छ. सामान्यरूप पनि हरएक प्रत्यय हुँदा प्रायः फरक हुन्छ.

(१) प्रथम-तृतीयपुरुषका प्रत्यय सबै किसमका धातुबाट एकै हुन्छन्. ती प्रत्यय हुँदा सबै किसमका हलन्त, आकारान्त, इकारान्त,[1] यी

---

१ कोही कोही एकाक्षर इकारान्त धातुको एकारान्त सामान्यरूप मानी 'देऊं', देऔं, देओस्, देऊन्, लेओस्, लेऊन्' इत्यादि पनी प्रयोग गर्छन्.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

धातुको सामान्यरूप बदलिंदैन; अकारान्त र व्यञ्जन जोडेको उकारान्त यिनको प्रत्यय स्वरको लोप भई हलन्त सामान्यरूप हुन्छ, व्यञ्जन जोडेको उ अन्त्यमा हुने धातुको उकार लोप भई बाँकि सामान्यरूप हुन्छ. एकाक्षर उकारान्तको ओकारान्त सामान्यरूप हुन्छ. जस्तै:—

(क) गरूं, गरौं, गरोस्, गरून्; भनूं, भनौं, भनोस्, भनून्; बसूं, बसौं, बसोस्, बसून्; जाऊँ, जाऔं जाओस्, जाऊन्; खाऊँ, खाऔं, खाओस्, खाऊन्; लाऊँ, लाऔं, लाओस्, लाऊन्; दिऊं, दिऔं, दिओस्, दिऊन्; लिऊं, लिऔं लिओस्, लिऊन्; जिल्लिऊं, जिल्लिऔं, जिल्लिओस्, जिल्लिऊन्; गरिऊं, गरिऔं, गरिओस्, गरिऊन्; देखिऊं, देखिऔं, देखिओस्, देखिऊन्; पाइऊं, पाइओस्, पाइऊन्; पठाइऊं, पठाइऔं, पठाइओस्, पठाइऊन्; पढाइऊं, पढाइऔं, पढाइओस्, पढाइऊन्. इत्यादि.

(ख) सप्रूं, सप्रौं सप्रोस्, सप्रून्; कहूं, कहौं, कहोस्, कहून्; दौडूं, दौडौं, दौडोस्, दौडून्; नुहूं, नुहौं, नुहोस्, नुहून्; दुहूं, दुहौं, दुहोस् दुहून्; आऊं, आऔं, आओस्, आऊन्; पठाऊं, पठाऔं, पठाओस्, पठाऊन्; गराऊं, गराऔं, गराओस्, गराऊन्; खुवाऊं, खुवाऔं, खुवाओस्; खुवाऊन्; होऊँ, होऔं, होओस्, होऊन्; धोऊं, धोऔं, धोओस्, धोऊन्. इ०

(२) द्वितीय-पुरुषका सबैथरी प्रत्यय सबै धातुबाट हुँदैनन्, कोही प्रत्यय कुनै धातुबाट कोही सबैबाट हुन्छन्; सामान्यरूप पनी कहीं फरक हुन्छ, कहीं हुँदैन.

(क) सबै हलन्त धातुबाट सामान्यरूप केही नबदलिई एकवचनमा प्रत्ययको लोप, दुबै किसमका बहुबचनमा अ प्रत्यय भई रूप बन्दछ. जस्तै:—गर्, गर; भन्, भन; बस्, बस; पढ्, पढ;

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

समात्, समात. इत्यादि.

(ख) अकारान्त र व्यञ्जन जोडेको उकार अन्त्यमा हुने धातुबाट (भूतकालमा झैं) अन्त्य स्वर (अ,उ) को लोप भएर हलन्त सामान्यरूप भई एकवचनमा ई प्रत्यय, दुवै किसमका बहुवचनमा अ प्रत्यय भई रूप बन्दछ. जस्तैः—अ–सप्री, सप्र; बिग्री, बिग्र; हल्ली हल्ल; चम्की, चम्क; सही, सह; उ–दुही, दुह; नुही नुह; कुही, कुह. इत्यादि.

(ग) अरू अजन्त धातुमा एकाक्षर इकारान्त धातुको एकारान्त, एकाक्षर उकारान्त धातुको ओकारान्त, व्यञ्जन नजोडेको उकारान्त धातुको उकारको लोप भएर बाँकि रहेको, अरू अजन्त अर्थात् आकारान्त र अनेकाक्षर इकाकारान्त धातुको केही नबदलिएको सामान्यरूप भई एकवचनमा प्रत्ययको लोप भई सामान्यरूप मात्र बाँकि रहन्छ; अनेकार्थी बहुवचनमा ओ प्रत्यय, आदरार्थी बहुवचनमा अनेकाक्षर इकारान्त धातुबाट औ प्रत्यय, अरू धातुबाट ऊ प्रत्यय भई रूप बन्दछ. जस्तैः—

आ–खा, खाओ, खाऊ; जा जाओ, जाऊ; इ—दे, देओ, देऊ;[१] ले, लेओ, लेऊ; उभिभ, उभिभओ, उभिभऔ; घोप्टि, घोप्टिओ, घोप्टिऔ; देखि, देखिओ, देखिऔ; गराइ, गराइओ, गराइऔ;

उ—धो, धोओ, धोऊ; हो; होओ, होऊ; रो, रोओ. रोऊ; फो फोओ, फोऊ; गरा, गराओ, गराऊ; देखा, देखाओ, देखाऊ; इ०

१ विध्यर्थका प्रत्यय भएका रूपमा पनी कहीं कहीं चांडो उच्चारण हुँदा सन्धि भए झैं एक किसमको शब्द अर्को थरी जस्तो सुनिन्छ, जस्तैः–दिऊँ(द्यूँ), दिओ (द्यौ), देऊ (द्यौ), लेऊ (ल्यौ), होऊँ (हूँ), धोऊँ (धुँ), रोऊँ रूँ"), खाऊँ (खाँ, खाम्), जाऊँ (जाँ, जाम्), पकाऊँ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(घ) अजन्त हलन्त सबै किसमका धातुबाट भविष्यत्परोक्ष अर्थात् पछि हुने आफुले नदेखिने किसमका क्रियाको विधि अर्थ बुझिँदा भूतकालमा जुन जुन धातुको जस्तो जस्तो सामान्यरूप लेखिएको छ उही बमोजीम सामान्यरूप भई द्वितीय-पुरुषको एकवचनमा एस्, दुवै किसमका बहुवचनमा ए प्रत्यय भई रूप बन्दछ. अरु पुरुषमा यस्तो विशेष अर्थ बुझाउँने विशेष प्रत्यय हुंदैन. जस्तैः– गरेस्, गरे; भनेस्, भने; बसेस्, बसे; सप्रेस्, सप्रे; हल्लेस्, हल्ले; सढेस्, सहे; खाएस्, खाए; दिएस्, दिए; उम्भिएस्, उम्भिए; लिएस्, लिए; गरिएस्, गरिए; पढाइएस्, पढाइए; धोएस्, धोए; छोएस्, छोए; दुहेस्, दुहे; नुहेस्, नुहे; आएस्, आए; पकाएस्, पकाए; जा-गएस्, गए; हु-भएस्, भए; ला-लगेस्, लगे; इत्यादि.

(३) लानु क्रियाको विध्यर्थमा प्रयोग हुँदैन, त्यसको बदलामा भविष्यत्परोक्ष-विध्यर्थ बाहेक अरूमा लैजानु क्रियाको प्रयोग हुन्छ, कोहि लग् यस्तो सामान्यरूप मानेर पनी सबै विध्यर्थमा प्रयोग गर्छन्. आउनु क्रियाको 'आ' यो रूपको बदला 'आइज' यस्तो पनी हुन्छ, जस्तै— लैजा,ऊँ लैजाऔं; लैजा, लैजाओ, लैजाऊ; लैजाओस्, लैजाऊन्. लगूँ, लगौं, लग्, लग, लगेस्, लगे; लगोस्, लगून्.

(पकाँ, पकाम्), इत्यादि. यस्तै कहीं कहीं अच् अच् बीचमा व्यवधान नभई जोडिएमा ती अच्को स्पष्ट उच्चारण नभई पछिल्लो अचमा तालुस्थानी वर्ण नजीक भएमा प्रायः य् को, ओष्ठस्थानी वर्ण नजीक भएमा प्रायः व् को भाव परी उच्चारण हुने शैली हुनाले अजन्त सामान्यरूपबाट औं ओस् इत्यादि प्रत्यय भएमा यौं वोस् इत्यादि जस्तो उच्चारण सुनिन्छ. जस्तैः—जिल्लिऔं (जिल्लियौं), मारिऔं (मारियौं), होओस् (होवोस्), जाओस् (जावोस्). इत्यादि.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अकरण-प्रत्यय.

२८३. विध्यर्थं अकरणमा करणमा भन्दा वेगलै प्रत्यय केही हुँदैनन्, करणकै नियम बमोजीम सामान्यरूप प्रत्ययहरू भई बनेका शब्दमा अघिल्तिर न शब्द जोड्दा अकरणको रूप बन्दछ. जस्तै:—नगरूँ, नगरौं, नगर्, नगर, नगरोस्, नगरून्, नगरेस्, नगरे; नसम्री, नगराऊन्, नदौडी, नलिऊन्, नलैजा, नपढ्, नआएस्, इत्यादि.

संभावनार्थ.

२८४. संभावनार्थंका प्रत्यय—करणका चाहीं प्रथम पुरुषमा सबै लिङ्गमा एकै हुने, द्वितीयपुरुषमा स्त्री. को एकवचन र पुं स्त्री. को आदरमा, तृतीयपुरुषमा स्त्री. को एकवचन र आदरमा फरक पर्नें हुन्छन्; अकरणका चाहीं सबै लिङ्गमा र आदरमा पनी फरक नहुने हुन्छन्.

२८५. करणप्रत्यय.

	एकवचन.	बहुवचन.	आदर.
प्र. सबैलिङ्ग	उंला	औंला	
द्वि. पुं. नपुं.	लास्	औला, लाउ.	औला, लाउ, उला.
" स्त्री.	लिस्	औला, लाउ.	औली, लेउ, उली
तृ. पुं. नपुं.	ला	लान्, नन्.	
" स्त्री.	ली	लान्, नन्.	लिन्, तिन्.

२८६. संभावनार्थका करण प्रत्यय द्वितीयपुरुषमा धेरै थरी छन्त पनी पुं०को 'उला', स्त्री०को 'उली', यी आदरार्थी विशेष प्रत्यय अजन्त सामान्यरूप हुने धातुबाट मात्रै हुन्छन्, अरू धातुबाट हुंदैनन्. अरू प्रत्यय त सबै किसिमका धातुबाट हुन्छन्. तर, 'औला, लाउ' प्रत्यय पुं० स्त्री० दुवैको अनेकमा र, पुं०को आदरमा हुन्छन्, 'औलि, लेऊ' प्रत्यय, स्त्री०को आदरमा मात्र हुन्छन्; अरू सबै प्रत्यय सर्वसाधारण नियम बमोजीमै हुन्छन्.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

२८७. संभावनार्थका करण प्रत्यय हुंदा धातुको सामान्यरूप कहीं बदलिने कहीं नबदलिने हुनाले धेरै किसिमका हुन्छन्.

(१) सबै हलन्त र आकारान्त धातुको सामान्यरूप सबै किसिमका प्रत्यय हुंदा उही रहन्छ, बदलिदैन.

जस्तैः—गर्—गरुंला, गरौंला; गर्लास्, गरौला, गर्लाउ, गर्लिस्, गरौली, गर्लेउ; गर्ला, गर्लान्, गर्नन्, गर्ली, गर्लिन्, गर्निन्. जा—जाउंला, जाऔंला; जालास्, जाऔला, जालाउ, जाउला, जालिस्, जाऔली, जालेउ, जाउली; जाला, जालान्, जानन्, जाली, जालिन्, जानिन्. खा—खाउंला, खाऔंला; खालास्, खाऔला, खालाउ, खाउला, खालिस्, खाऔली, खालेउ, खाउली; खाला, खालान्, खानन्, खाली, खालिन्, खानिन्.

(२) एकाक्षर इकारान्त धातुको प्रथमपुरुषमा र नकारादि प्रत्यय भएमा सामान्यरूप बदलिदैन, अरूमा एकारान्त सामान्यरूप हुन्छ. जस्तै—दि—दिउंला, दिऔंला; देलास्, देऔला, देलाउ, देउला, देलिस्, देऔली, देलेउ, देउंली; देला, देलान्, दिनन्, देली, देलिन्, दिनिन्; लि—लिउंला, लिऔंला; लेलास्, लेऔला, लेलाउ, लेउला, लेलिस्, लेऔली, लेलेउ, लेउली; लेला, लेलान्, लिनन्, लेली, लेलिन्, लिनिन्.

(३) सबै किसिमका अनेकाक्षर इकारान्त धातुको पनी सामान्यरूप बदलिदैन; तर, लकार आदिमा भएका प्रत्यय र, 'उला, उली' प्रत्यय हुंदा सामान्यरूप र प्रत्ययको बीचमा 'ए' आगम थपिन्छ, अरू अजादि वा नकारादि प्रत्यय हुंदा थपिदैन. जस्तैः—

जिल्लि—जिल्लिउंला, जिल्लिऔंला; जिल्लिएलास्, जिल्लिऔला, जिल्लिएलाउ, जिल्लिएउला, जिल्लिएलिस्, जिल्लिऔली; जिल्लिएलेउ, जिल्लिएउली, जिल्लिएला, जिल्लिएलान्, जिल्लिनन्, जिल्लिएली, जिल्लिएलिन्, जिल्लिनिन्.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

गरि—गरिउंला, गरिऔंला; गरिएलास्, गरिऔला, गरिएउला, गरि-एलिस्, गरिएलाउ, गरिऔली, गरिएलेउ, गरिएउली; गरिएला, गरि-एलान्, गरिनन्, गरिएली, गरिएलिन्, गरिनिन्.

गराइ—गराइउंला, गराइऔंला; गराइएलास्, गराइऔला, गराइ-एलाउ, गराइएउला, गराइएलिस्, गराइऔली; गराइएलेउ, गराइ-एउली, गराइएला, गराइएलान्, गराइनन्, गराइएली, गराइएलिन्, गराइनिन्.

(४) एकाक्षर उकारान्त धातुको नकारादि बाहेक अरू सबै प्रत्यय हुंदा ओकारान्त सामान्यरूप हुन्छ, नकारादि भएमा त उस्तै रहन्छ. जस्तै:—

हु—होउंला, होऔंला; होलास्, होऔला, होलाउ, होउला, होलिस्, होलेउ, होऔली, होउली; होला, होलान्, हुनन्, होली, होलान्, हुनिन्.

रु—रोउंला, रोऔंला; रोलास्, रोऔला, रोलाउ, रोउला, रोलिस्, रोऔली, रोलेउ, रोउली; रोला, रोलान्, रुनन्, रोली, रोलिन्, रुनिन्.

(५) अकारान्त र (व्यञ्जन जोडेको वा नजोडेको) अनेकाक्षर उकारान्त धातुको हलादि प्रत्यय भएमा सामान्यरूप बदलिंदैन, उही रहन्छ; अजादि; प्रत्यय भएमा त अन्त्य स्वर (अ, उ) को लोप भई बाकी हलन्त अजन्त जस्तो छ सो सामान्यरूप हुन्छ. जस्तै:—

सप्र—सप्रुंला, सप्रौंला; सप्रलास्, सप्रौला, सप्रलाउ, सप्रलिस्, सप्रौली, सप्रलेउ; सप्रला, सप्रलान्, सप्रनन्, सप्रली, सप्रलिन्, सप्रनिन्.

दुहु—दुहुंला, दुहौंला; दुहुलास्, दुहौला, दुहुलाउ, दुहुलिस्, दुहौली, दुहुलेउ; दुहुला, दुहुलान्, दुहुनन्, दुहुली, दुहुलिन्, दुहुनिन्.

आउ—आउंला, आऔंला; आउलास्, आऔला, आउलाउ, आउला,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

आउलिस्, आओली, आउलेउ, आउली; आउला, आउलान्, आउनन्, आउली, आउलिन्, आउनिन्

पढाउ—पढाउला, पढाऔंला; पढाउलास्, पढाओला, पढाउलाउ, पढाउला, पढाउलिस्, पढाओली, पढाउलेउ, पढाउली; पढाउला, पढाउलान्, पढाउनन्; पढाउली, पढाउलिन्, पढाउनिन्.

२८८. अकरणप्रत्यय.

		एकवचन.	बहुवचन.
प्र	सर्वलिङ्ग	ओइनं	ओइनौं
द्वि.	"	ओइनस्	ओइनौ
तृ.	"	ओइन	ओइनन्

२८९. संभावनार्थका अकरण प्रत्यय हुंदा धातुको सामान्यरूप कुनै धातुमा बदलिने कुनै धातुमा नबदलिने हुनाले धेरै किसिम हुन्छन्.

(१) हलन्त, आकारान्त, अनेकाचर इकारान्त, धातुको करणमा झैं सामान्यरूप उही रहन्छ, बदलिदैन. जस्तै;- गर्—गरोइनं, गरोइनौं; गरोइनस्, गरोइनौ; गरोइन, गरोइनन्. जा—जाओइनं, जाओइनौं; जाओइनस्, जाओइनौ; जाओइन, जाओइनन्. खा—खाओइनं, खाओइनौं; खाओइनस्, खाओइनौ; खाओइन, खाओइनन्. जिलि—जिल्लिओइनं, जिल्लओइनौं; जिल्लिओइनस्, जिल्लिओइनौ; जिल्लिओइन, जिल्लिओइनन् गरि—गरिओइनं, गरिओइनौं; गरिओइनस्, गरिओइनौ, गरिओइन, गरिओइनन्. गराइ—गराओइनं, गराइओइनौं; गराइओइनस्, गराइओइनौ; गराइओइन, गराइओइनन्.

(२) अकारान्त र (व्यञ्जन जोडेको वा नजोडेको) अनेकाचर उकारान्त धातुको अन्त्य स्वर (अ, उ) को लोप भई बाकी सामान्यरूप हुन्छ.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

जस्तै—

सप्र सप्रोइनं, सप्रोइनौं; सप्रोइनस्, सप्रोइनौ; सप्रोइन, सप्रोइनन्, दुहु— दुहोइनं, दुहोइनौं; दुहोइनस्, दुहोइनौ; दुहोइन, दुहोइनन्. आउ—आओइनं, आओइनौं; आओइनस्, आओइनौ; आओइन, आओइनन्. गराउ—गराओइनं, गराइओइनौं; गराओइनस्, गराओइनौ; गराओइन, गराओइनन्.

(३) एकाक्षर इकारान्त धातुको एकारान्त, एकाक्षर उकारान्त धातुको ओकारान्त सामान्यरूप हुन्छ. जस्तै:—दि—देओइनं, देओइनौं; देओइनस्, देओइनौ; देओइन, देओइनन्. लि—लेओइनं, लेओइनौं; लेओइनस्, लेओइनौ; लेओइन, लेओइनन्. हु - होओइनं, होओइनौं; होओइनस्, होओइनौ; होओइन, होओइनन्. रु—रोओइनं, रोओइनौं; रोओइनस्, रोओइनौ; रोओइन, रोओइनन्.

२९०. विध्यर्थ प्रकरणमा झैं प्रकरण संभावनामा पनी करणके रूपमा अघिल्तिर नकार जोडेर पनी प्रायः प्रयोग हुन्छ जस्तै:—नगरुंला, नखाला, नदेलास्, नगरौंला, नआउलेउ, नजानन्, नआउनन्, नरोलिस्, नहोला, नगर्ला. इत्यादि.

२९१. सामान्यरूप हुने नियम, प्रत्यय हुने नियम माथि लेखे बमोजीम हरएक धातुका सबै स्वरूप, अवस्था, लिङ्ग, पुरुष, वचनका रूप हुन्छन्त पनी कोही रूप व्यवहारमा प्रसिद्ध हुन्छन, कोही रूप कुराका अनुसारले विशेष मौकामा मात्र प्रयोग गर्नु पर्ने हुनाले अप्रसिद्ध जस्ता देखिन्छन्; हुने जति सबै रूप हुने सम्म मौका पारी प्रयोग गर्नु हुन्छ. लानु क्रियाको व माथि लेखे बमोजीम कहीं कहीं मात्र प्रयोग हुन्छ, कहीं लैजानु क्रियाको प्रयोग हुने, कहीं दोहोरे प्रयोग हुने हुनाले ला धातुका सबै रूप हुदैनन्.

२९२. हुनु क्रियाको वर्तमानको करण प्रकरणमा माथि लेखे बमो-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

जीमका धातु प्रत्यय दुवै मिली बनेका रूप बाहेक धातुको लोप गरी प्रत्ययको अंश मात्र बाकी रहेका अथवा प्रत्ययको लोप गरी धातुको अंशमा केही विकार (अदल बदल) भएका विशेष-रूप पनी हुन्छन्; भूतकालमा पनी करण अकरण दुवैमा थिएं' इत्यादि बेगलै बेगलै किसिमका विशेष रूप हुन्छन्.

२९३. हुनु-क्रियाका विशेषरूप—

(क) वर्तमान-करण.

	एकवचन.	बहुवचन.	एकवचन.	बहुवचन.
प्र सर्वलिङ्ग	हुं	ह्वौं (हौं)	छु	छौं
द्वि. ,,	होस्	ह्वौ (हौ)	छस्	छौ
तृ ,,	हो	हुन्	छ	छन्

(ख) वर्तमान-अकरण.

प्र. सर्वलिङ्ग.	होइनं	होइनौं	छैनं	छैनौं
द्वि. ,,	होइनस्	होइनौ	छैनस्	छैनौ
तृ. ,,	होइन	होइनन्	छैन	छैनन्

(ग) भूत-करण.

	एकवचन.	बहुवचन.	आदर.
प्र. सर्वलिङ्ग	थिएं	थियौं	
द्वि. ,,	थिइस्	थियौ	
तृ. पुं. नपुं.	थियो	थिए	
स्त्री.	थिई.	,,	थिइन्.

(घ) भूत-अकरण.

प्र. सर्वलिङ्ग.	थिइनं	थिएनौं

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

द्वि. पुं. नपुं.	थिइनस्	थिएनौ	
स्त्री.	"	"	थिइनौ
तृ पुं. नपुं.	थिएन	थिएनन्	
" स्त्री.	थिइन.	"	थिइनन्,

(ङ) हुनु[१] क्रियाको वर्तमान र भूतमा माथि लेखे बमोजीम सबै पुरुष बचनका रूप हुन्छन्. विधिमा प्रथम पुरुष एकवचनमा मात्र 'हूं' यस्तो संभाबनामा प्रथमपुरुष एकबचनमा मात्र 'हूंला' यस्तो विशेष पनी चलेको छ. भविष्यत्मा त यस्तो बिशेषरूप केही छैन. यी विशेष रूपहरू कर्तृबाच्यमा मात्र हुन्छन्, प्रेरणार्थक भावकर्मबाच्यहरूमा केही हुंदैनन्.

२९४. हुनु क्रियाको जम्मा वर्तमान करण अकरण दुवैमा तीन तीन प्रकारका, भूत करण अकरण दुवैमा दुइ दुइ प्रकारका, अरू अवस्थामा एक एक प्रकारका रूप हुन्छन्, तिनको प्रयोगमा कहीं सत्ता कहीं स्थिति कहीं प्रतिज्ञा आदि केही अर्थ फरक हुन्छ.

(१) 'हुन्छ हुंदैन, भयो, भएन' इत्यादि पहिले लेखेका वर्तमान भूत करण

---

१ धातु प्रत्यय मिली बनेका रूपको प्रयोग हुंदा संस्कृतको भू धातुको भवति आदि रूपको प्रयोगमा झैं, धातुको लोप गरी बनेका रूपको प्रयोग हुंदा संस्कृतको अस् धातुको अस्ति आदि रूपको प्रयोगमा झैं अर्थ बुझिन्छ, प्रत्ययको लोप गरी बनेका रूपको प्रयोग हुंदा संस्कृतमा क्रियाको प्रयोग नगरी कर्ताको विधेय विशेषण मात्र राखी 'त्वं धनी, अहं पण्डितः' इत्यादि प्रयोगमा झैं विशेष अर्थ बुझिन्छ; भूतकालमा भयो आदि रूपको प्रयोगमा संस्कृतको भू धातुको अभूत् आदि रूपको प्रयोगमा झैं, थियो आदि रूपको प्रयोगमा संस्कृतको अस् धातुको आसीत् आदि रूपको प्रयोगमा झैं अर्थ बुझिन्छ.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अकरणका रूपबाट सत्ता अर्थात् हुनु वा नहुनु क्रिया नै स्पष्ट गरी बुझिन्छ. जस्तै:- त्यो काम हुन्छ हुंदैन, भयो भएन. पढ्ने मानिस मूर्ख हुंदैन. त्यो के भयो. केही भएन. इत्यादिमा हुनु वा नहुनु क्रिया बुझिन्छ.

(२) 'छ, छैन, थियो, थिएन' इत्यादि अहिले लेखेका वर्तमान भूत करण अकरणका विशेष रूपबाट स्थिति अर्थात् रहनु वा नरहनु क्रिया नै स्पष्ट गरी बुझिन्छ. जस्तै:— 'रामु घर छ. गोविन्द छैन. म त्यांहां थिएं. गोपाल पाठशालामा थिएनन्.' इत्यादिमा रहनु वा नरहनु क्रिया बुझिन्छ.

(३) वर्तमान भूत बाहेक अरू अवस्थाका पहिले लेखेका रूपबाट मौका हेरी कहीं हुनु नहुनु क्रिया, कहीं रहनु नरहनु क्रिया यो दुवै थरी बुझिन शक्छन्.

जस्तै:—'रामु पण्डित हुनेछ, तिमी सुखी भए. त्यो धनी होला. त्यो दुष्ट हुनेछैन. यो मूर्ख होओइन.' इत्यादिमा हुनु नहुनु क्रिया; 'त्यो घरमा हुनेछ. तिमी त्यता पट्टि होऊ. म चार बजे बजारमा होउंला. रामु पाठशालामा हुनेछैन. हामी बगैंचामा होओइनौं.' इत्यादिमा रहनु नरहनु क्रिया बुझिन्छ.

(४) अहिले लेखेका 'हुं, हौं, होइनं' इत्यादि विशेषरूपबाट हुनु नहुनु वा रहनु नरहनु क्रिया केही पनि स्पष्ट गरी बुझिंदैन; केवल कर्ताको विधेय-विशेषण भएमा सोही विशेषण, सो नभएमा कर्ता नै, कर्ताको सम्बन्धिविशेषण भएमा सोही सम्बन्धी विधेय भई प्रतिज्ञा जस्तो अर्थ बुझिन्छ. यी रूपबाट वर्तमानकाल स्पष्ट गरी बुझिंदैन त पनि भूत भविष्यत् आदि केही नबुझिने अहिले चलिरहेको किसिमको क्रिया बुझिने हुनाले केही वर्तमानको अंश बुझिन्छ. जस्तै:—'म देवदत्त हुं. त्यो रातो होइन. यी मूर्ख होइनन्. तिमी उल्लू हौ.'

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

'इत्यादिमा कर्ताको विधेय विशेषण 'देवदत्त, रातो, मूर्ख, उल्लू' यिनको, 'को हो ?, म हुं.' इत्यादिमा कर्ता 'को, म' यिनको, 'यो कसको हो ? यो पुस्तक गोपालको हो. घर तिम्रै हो. यो मेरो होइन.' इत्यादिमा कर्ताको सम्बन्धिविशेषण 'कसको, गोपालको, तिम्रै, मेरो' यिनको विधि वा निषेधको प्रतिज्ञा अर्थ बुझिन्छ, स्पष्ट गरी विशेष क्रिया केही बुझिदैन.

२९५. तसर्थ–क्रियाहरू केही स्पष्ट नगरी कर्ता वा त्यसको सम्बन्धि-विशेषण विधेय-विशेषणहरूको विधान वा निषेधको प्रतिज्ञा मात्र बुझा-उने तात्पर्य भएमा 'हुं, हौं' इत्यादि रूपको; सत्ता क्रिया स्पष्ट गरो बुझां-उने तात्पर्य भएमा पहिले लेखेका पांचै अवस्थाका रूपको; स्थितिक्रिया स्पष्ट गरी बुझांउने तात्पर्य भएमा 'छु, थिए' इत्यादि रूपको; अरू काल अर्थमा माथि लेखेकै रूपको प्रयोग हुन्छ.

२९६. कहीं 'त्यो घर हुन्छ.' इत्यादिमा हुन्छ पदबाट पनि स्थिति बुझिने, कहीं 'त्यो कोट कालो छ.' इत्यादिमा छ पदबाट पनी सत्ता बुझिने, हुनाले यिनको प्रयोगको सूक्ष्म व्यवस्थाको नियम देखिर्दैन त पनी सामान्य नियम यस्तो जान्नूः–

(१) अधिकरणको कारकको प्रयोग गरी त्यसैनेर प्रयोग गरेमा 'हुन्छ' आदि पांचै अवस्थाका रूपबाट स्थिति क्रियानै बुझिन्छ; अधिकरण नभएमा र भए पनी टाढा पारी प्रयोग गरेमा कर्ताको विशेषण होस् वा नहोस् सत्ता-क्रिया नै बुझिन्छ. जस्तैः—'म चारबजे घर हुन्छु. हामी बजारमा भयौं. ईश्वर कहां हुँदैनन्. म त्यहां हुन्न.' इत्यादिमा स्थिति-क्रिया; 'यो मेरो हुन्छ. त्यो पण्डित होला. त्यो त मेरो भयो. मदेखी होओइनं. व्याकरणमा असल कुरा हुन्छन्. बनमा बाघ हुन्छन्. पढ्नामा फाइदा हुन्छ.' इत्यादिमा सत्ताक्रिया बुझिन्छ.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(२) कर्ताको विधेयविशेषणको प्रयोग गरी त्यसैनेर प्रयोग गरेमा 'छ, थियो' आदि वर्तमान भूतका रूपबाट सत्ताक्रिया नै बुझिन्छ; विधेय-विशेषण नभएमा अधिकरणको प्रयोग होस् वा नहोस् स्थितिक्रिया नै बुझिन्छ जस्तैः—'यो कालो छ. अनार गुलियो थियो. रुख बाङ्गो छैन. म लाटो छु.' इत्यादिमा सत्ताक्रिया; 'त्यहां को छ. मं छु पुस्तक छ कि छैन. रामु थियो., इत्यादिमा स्थितिक्रिया बुझिन्छ.

२९६. फट्ट हेर्दा सत्ता-स्थितिक्रियाको प्रयोगको व्यवस्था नदेखिनाले जुनसुकै प्रयोग गरे पनी हुने जस्तो देखिन्छ त पनी यिनको अर्थमा सूक्ष्म-भेद र तिनको प्रयोगको व्यवस्थामा पनी सूक्ष्म नियम छ; जहां जुन प्रयोग गर्नु ठीक हुन्छ सो कुरा व्यवहारको प्रसिद्धिबाट बुझिन्छ. यसैले सन्देह बुझांउंदा 'हो कि होइन ?, हुन्छ कि हुंदैन ?, छ कि छैन ?, थियो कि थिएन ?, भयो कि भएन ?' होला कि होओइन ?, इत्यादि प्रयोग हुन्छन्. 'हुन्छ कि छैन, छ कि हुंदैन; थियो कि भएन' इत्यादि प्रयोग हुंदैन.

२९७. कोही अव्यय आदि पनी फट्ट हेर्दा क्रियापद जस्ता देखिन्छन् त पनी अर्कै अर्थ बुझांउने हुनाले ती क्रियापद होइनन्. जस्तैः—'भो छोड. वस् पुग्यो. लौ बिग्र्यो. हवस् गर्छु. भयो चांहिदैंन.' इत्यादिमा 'भो वस्, लो, हवस्, भयो' इत्यादि शब्द क्रियापद होइनन्, अनुमति आदि विशेष अर्थ बुझांउने अव्यय हुन्.

तेरीजः—

(क) धातुबाट बन्ने क्रियापदको रूप फरक गर्ने स्वरूप, वाच्य, अवस्था, पुरुष, लिङ्ग, वचन, यिनलाई 'क्रियापदका-अङ्ग' भन्दछन्.

(ख) क्रियापदबाट बुझिने-करण, अकरण, स्वतन्त्र, प्रेरणाको भेदलाई 'स्वरूप'; कर्ता, कर्म, भाव-प्रधानको भेदलाई 'वाच्य'; वर्तमान, भूत,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भविष्यत्, विधि, सम्भावनाको भेदलाई 'अवस्था;' प्रथम द्वितीय तृतीय पुरुषको भेदलाई 'पुरुष'; पुरुष स्त्री निर्जीवको भेदलाई 'लिङ्ग'; एक अनेक संख्याको भेदलाई 'वचन' भन्दछन्.

(ग) अहिले हुन लागेको क्रिया बुझिने काललाई 'वर्तमानकाल'; अघि भई सकेको क्रिया बुझने काललाई 'भूतकाल' पछि हुने क्रिया बुझिने काललाई 'भविष्यत्काल'; प्रार्थना, आज्ञा, आदि विशेष बुझिने अर्थलाई 'विध्यर्थ'; सम्भावना, अनुमान, आदि विशेष बुझिने अर्थलाई 'सम्भावनार्थ' भन्दछन्.

अभ्यास—

(१) क्रियाका अङ्ग कुन कुन हुन्? सत्ताक्रिया र स्थितिक्रिया कस्ता कस्तामा हुन्छन्? लिङ्ग फरक हुनाले कहां रूप फरक हुन्छ? सामान्यरूप कहां कहां कस्तो हुन्छ?

(२) तलका वाक्यमा क्रियापदका अङ्गहरू छुट्याई तिनका कुन कुन कारकमा के के विभक्ति भएका छन्? बताऊ—

परोपकार बराबर अर्को केही छैन. जसले अरू उपर दया गर्दछ, त्यसको दैवबाट उन्नति देखिन्छ. जसमा नम्रता छ सो सबैले मानिन्छ. दयालु मानिस किन आफुलाई पुजाओइनन्. गोविन्दले टोपी फटाए. ए बाबू! तिमी त्यहां नजाऊ. दुःखी दरिद्र माथि निगाह नछुटाऊ. यो काम गर्ने को शक्ला. म हिजो घर आएं. इलममा मन लगाऊ. इलम बढाउंनु जस्तो उपयोगी के होला? बिहान सबेरै उठ. सबेरै उठ्नाले शरीरमा आराम रहन्छ, बुद्धि पनी बढ्दछ. गुरुलाई ईश्वर जस्तो मान. गुरुले संसार तार्ने ज्ञान पनी दिनशक्छन्. तिमी भोली हिंड. तं त्यो काम नछोडेस्. यो काम नगरौंला भनि ठानेको थियो नगरी भएन.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(३) तलका वाक्यमा परेका हुनु–क्रियाको सत्ता स्थिति प्रतिज्ञा अर्थ छुट्याऊः–

यो काम होला कि होस्रोइन ? त्यसबेलामा म कहां थिएं ! रामु पास हुन्छ. हिजोको कलम छ कि छैन ? तिमी को ह्वौ ? घर म थिएं. काम के के भयो ? म बाहुन हुं.

गुरुलाई सूचना—

धातुको रूप चलाउंदा अघि गएका (१३४, २५६, २५९, इत्यादि) नियम बमोजीम कारक मिलाई चलाउनु पर्छ. कर्तृप्रधानमा कर्ता प्रथमान्त हुने, सो कर्तामा सकर्मक क्रिया भए भूतकालमा 'ले' नित्यहुने, अरू काल अर्थमा विकल्प हुने, अकर्मक क्रिया भए कहीं पनी 'ले' नरहने, कर्म प्रयोग गरेको भए सो कर्म द्वितीयान्त हुने हुन्छ. कर्ता 'म, मैले' भए–प्रथमपुरुषको एकवचनको रूप; 'हामी, हामीहरू, हामीले, हामीहरूले' भए-आदरमा आदरार्थी, अनेकमा अनेकार्थी बहुवचनको रूप; 'तं, तैंले' भए-द्वितीयपुरुषको एकवचनको रूप; म तं शब्द बाहेक 'त्यो, त्यसले' इत्यादि सर्वनाम वा यावत् नाम भए–तृतीयपुरुषको एकवचनको रूप; म तं शब्द बाहेक 'तिनी, तिनीहरू, तिनीले, तिनीहरूले' इत्यादि सर्वनाम वा यावत् नाम भए–आदरमा आदरार्थी, अनेकमा अनेकार्थीको रूप भएको क्रियापद प्रयोग हुन्छ. कर्ता जुन लिङ्गको छ उही लिङ्गको क्रियापद हुन्छ. अनेकमा हरू जोडेर, आदरमा नजोडेर, कर्ताको प्रयोग गरी क्रियाको रूप फरक हुनेमा आदरमा आदरको रूप,. अनेकमा अनेकको रूप; फरक नहुनेमा दुबैमा उही रूप प्रयोग गर्नुपर्छ. कर्मप्रधानमा कर्म प्रथमान्त हुन्छ. कर्तृप्रधानमा कर्ता संग क्रियापद मिलाएर प्रयोग गरे झैं सो कर्म जुन पुरुष लिङ्ग वचनको छ उही बमोजीम क्रियापदको प्रयोग गर्नु पर्छ;, कर्ता जस्तो सुकै भए पनी हुन्छ भावप्रधानमा कर्ता तृतीयान्त हुन्छ, कर्म हुंदैन. कर्ता जुनसुकै पुरुष

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

लिङ्ग वचनको भए पनी एक अवस्थाको एक रूप मात्र क्रियापद हुन्छ. तसर्थ-कर्ता वा कर्मको स्वरूप फरक हुंदा क्रियापदको स्वरूप फरक हुने हुनाले कर्तृ प्रधानको रूप चलाउंदा कर्ताको, कर्मप्रधानको रूप चलाउंदा कर्मको प्रयोग र, भावप्रधानको रूप चलाउंदा फरक नहुने देखाउंन कर्ताको प्रयोग गर्नु उचित देखिन्छ.

जस्तैः—'म गर्छु, हामी गर्छौं, तिमी गर्छ्यौ, त्यो गर्छ, ती गर्छिन्; मैले गरें, हामीहरूले गर्‍यौं, मैले गर्नेछु; म देखिएं, हामीहरू देखिन्छौं, तिनी देखिन्छिन्; मैले बसियो, तिनीहरूले उठियो.' इत्यादि प्रयोग हुन्छ. 'तँ गर्छु, तिमीहरू गर्छ्यौ, त्यो गर्छिन्, म गरें, मैले गएं, हामी गएं, तिमीहरू जान्छ.' इत्यादि प्रयोग हुंदैन.

यी सबै अघि गएका ठाउं ठाउंमा छरिएका नियमका कुरा याद गराई तल लेखेका १।२ धातुका रूपावलीको नमुना बमोजीम अरू अरू धातुका पनी गुरुले राम्रो गरी रूप चलाई दिनु पर्छ. ठाउँ ठाउँका रूपमा सामान्य-रूप, प्रत्यय, आगम, कारकमा 'ले, हरू' भए नभएका कुराको कारण पनी नियम देखाई विद्यार्थीलाई संझाई दिनु पर्छ.

तृतीय-पुरुषमा त्यो शब्द मात्र प्रयोग गरेको छ त पनी म तँ शब्द बाहेक अरू सर्व तृतीयपुरुषवाचक 'यो, जो, को' इत्यादि सर्वनाम वा सबै नाम शब्द जुनसुकै राखेर पनी प्रयोग गर्नु हुन्छ. प्रथमपुरुषमा 'म' शब्द मात्रै, द्वितीयपुरुषमा 'तँ' शब्द मात्रै प्रयोग हुन्छ. यसैले 'रामु बस्छ. सेती बस्छे बाहुनहरू बस्छन्. यो जान्छ. जो जाला. को जान्छ.' इत्यादि पनी प्रयोग हुन्छ. 'म गर्छ. हामी जान्छन् तिमीले के भन्यो ? तिमीहरू किन यसो गर्छन्. रामु जान्छिन्' इत्यादि प्रयोग हुंदैन.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

स्वतन्त्र अकर्मक कर्तृवाच्य बस्तु क्रिया बुझांउने 'बस्' धातुका रूप--

वर्तमानकाल.

	एकवचन.			बहुवचन.		
	कर्ता.	करण.	अकरण.	कर्ता.	करण.	अकरण.
प्र.	सर्वलिङ्ग म-	बस्छु, बस्तछु.	बस्तिनँ	हामी(हरू)-	बस्छौं, बस्तछौं.	बस्तैनौं.
द्वि.	पुं. नपुं. तँ-	बस्छस् बस्तछस्.	बस्तैनस्	तिमी(हरू)-	बस्छौ, बस्तछौ.	बस्तैनौ.
"	स्त्री. तँ-	बस्छेस् बस्तछेस्.	बस्तिनस्.	तिमीहरू--	बस्छौ. बस्तछौ.	बस्तैनौ.
				तिमी --	बस्छचौ, बस्तछचौ.	बस्तिनौ.
तृ.	पुं. नपुं. त्यो-	बस्छ, बस्तछ.	बस्तैन.	तिनी(हरू)-	बस्छन्. बस्तछन्.	बस्तैनन्.
"	स्त्री. त्यो--	बस्छे, बस्तछे.	बस्तिन.	तिनीहरू -	बस्छन्. बस्तछन्.	बस्तैनन्.
				तिनी---	बस्छिन्. बस्तछिन्.	बस्तिनन्.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

भूतकाल.

	एकवचन.		बहुवचन.		
	कर्ता. करण.	अकरण.	कर्ता.	करण.	अकरण.
प्र. सर्वलिङ्ग	म—बसें	बसिनं	हामी(हरू) —	बस्यौं.	बसेनौं.
द्वि पुं. नपुं.	तं—बसिस्.	बसिनस्.	तिमी (हरू)-	बस्यौ.	बसेनौ.
,, स्त्री.	तं—बसिस्.	बसिनस्.	{ तिमीहरू—-	बस्यौ	बसेनौ.
			{ तिमी— —-	बस्यौ.	बभिनौ.
तृ. पुं. नपुं.	त्यो—बस्यो.	बसेन.	तिनी(हरू) -	बसे.	बसेनन्.
,, स्त्री.	त्यो—बसी.	बसिन.	{ तिनीहरू –-	बसे	बसेनन्.
			{ तिनी —-—	बसिन्.	बसिनन्.

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भविष्यत्काल.

	एकवचन.		बहुवचन.		
	कर्ता. करण.	अकरण.	कर्ता.	करण.	अकरण.
प्र. सर्वलिङ्ग	म–बस्नेछु.	बस्नेछैनँ.	हामी(हरू)–	बस्नेछौं.	बस्नेछैनौं.
द्वि. ”	तँ–बस्नेछस्.	बस्नेछैनस्.	तिमी(हरू)–	बस्नेछौ.	बस्नेछैनौ.
तृ. ”	त्यो–बस्नेछ.	बस्नेछैन.	तिनी(हरू)–	बस्नेछन्.	बस्नेछैनन्.

विध्यर्थ.

प्र. सर्वलिङ्ग	म–बसूं.	नबसूं.	हामी(हरू)–	बसौं.	नबसौं.
द्वि. ”	तँ–बस्, बसेस्.	नबस्, नबसेस्.	तिमी(हरू)–	बस,बसे.	नबस, नबसे.
तृ. ”	त्यो–बसोस्.	नबसोस्.	तिनी(हरू)–	बसून्.	नबसून्.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

संभावनार्थ.

	एकवचन.		बहुवचन	
	कर्ता. करण.	प्रकरण.	कर्ता. करण.	प्रकरण.
प्र. सर्वलिङ्ग	म-बसुंला.	बसोइंन.	हामी(हरू) -बसौंला.	बसोइनौं.
द्वि. पुं नपुं.	तँ-बस्लास्.	बसोइनस.	तिमी(हरू) -बसौला,बस्लाउ.	बसोइनौ.
,, स्त्री.	तँ-बस्लिस्.	बसोइनस्.	तिमीहरू -बसौला,बस्लाउ.	बसोइनौ.
			तिमी----बसौली,बस्लेउ,	बसोइनौ.
तृ. पुं. नपुं.	त्यो-बस्ला.	बसोइन.	तिनी(हरू)-बस्लान्,बस्नन्,	बसोइनन्.
,, स्त्री.	त्यो-बस्ली.	बसोइन.	तिनी(हरू)-बस्लान् बस्नन्.	बसोइनन्.
			तिनी----बस्लिन्,बस्निन्.	बसोइनन्.

विध्यर्थमा झैं संभावनार्थ पनि करणका रूपमा अघिल्तिर नकार जोडेर प्रकरणमा 'नबसुंला, नबसौंला, नबस्लास्, नबसौला, नबस्लाउ' इत्यादी रूप पनि हुन्छन्.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सोही बस् धातुबाट साधित स्वतन्त्र अकर्मक भाववाच्य 'बसि' धातुका रूप—

कर्ता.		वर्तमान.	भूत.	भविष्यत्.	विधि.	संभावना.
मैले, हामी(हरू)ले तैंले,तिमी(हरू)ले त्यसले,तिनी(हरू)ले	करण—	बसिन्छ,	बसियो.	बसिनेछ.	बसिओस्.	बसिएला.
	अकरण-	बसिदैन. बसिन्न.	बसिएन.	बसिनेछैन.	नबसिओस्.	बसिओइन. नबसिएला.

बस् धातु अकर्मक हुनाले त्यसबाट बनेको बसि धातु भाववाच्यमा मात्र हुन्छ, कर्मवाच्यमा हुँदैन. यस्तै सबै अकर्मकको भाववाच्य; सबै सकर्मकको कर्मवाच्य हुने जान्नू.

यस्तै गरी माथि लेखेको बस् धातुको रूपावली बमोजीम यावत् हलन्त अकर्मकधातुको कर्तृवाच्यमा, कर्तामा 'ले' विकल्प हुने र नित्य हुने नियम याद गरी यावत् हलन्त सकर्मकधातुको कर्तृवाच्यमा र बसि धातुको झैं यावत् हलन्त अकर्मकबाट 'इ' प्रत्यय भई बनेका भावप्रधान धातुको पनि रूप चलाउनू.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सोही बस् धातुबाट साधित सकर्मक कर्तृवाच्य प्रयोजक 'बसाउ' धातुका रूप—

वर्तमानकाल.

		कर्ता.	करण.	अकरण.
एकवचन.	प्र. सर्वलिङ्ग.	म, मैंले,——	बसाउं (द) छु.	बसाउंदिनँ, बसाउन्नँ.
	द्वि. पुं. नपुं.	तँ, तैंले——	बसाउं (द) छस.	बसाउंदैनस्, बसाउन्नस्.
	" स्त्री.	तँ, तैंले ——	बसाउं (द) छस्.	बसाउंदिनस्, बसाउन्नस्.
	तृ. पुं. नपुं.	त्यो, त्यसले——	बसाउं (द) छ.	बसाउंदैन, बसाउन्न.
	" स्त्री.	त्यो, त्यसले——	बसाउं (द) छे.	बसाउंदिन, बसाउन्न.
बहुवचन.	प्र. सर्वलिङ्ग.	हामी(हरू)-ले—	बसाउं (द) छौं.	बसाउंदैनौं, बसाउन्नौं.
	द्वि. पुं. नपुं.	तिमी(हरू)-ले—	बसाउं (द) छौ.	बसाउंदैनौ बसाउन्नौ.
	" स्त्री	तिमीहरू-ले——	बसाउं (द) छौ.	बसाउंदैनौ, बसाउन्नौ.
		तिमी-ले——	बसाउं (द) छ्यौ.	बसाउंदिनौ, बसाउन्नौ.
	तृ. पुं. नपुं.	तिनी(हरू)-ले——	बसाउं (द) छन्.	बसाउंदैनन्, बसाउन्नन्.
	" स्त्री.	तिनीहरू-ले——	बसाउं (द छन्.	बसाउंदैनन्, बसाउन्नन्.
		तिनी-ले——	बसाउं (द) छिन्.	बसाउंदिनन्, बसाउन्नन्.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भूतकाल.

	एकवचन.			बहुवचन.		
	कर्ता.	करण.	अकरण.	कर्ता.	करण.	अकरण.
प्र. सर्वलिङ्ग.	मैंले—	बसाएँ.	बसाइनँ.	हामी(हरू)ले ——	बसायौं.	बसाएनौं.
द्वि. पुं. नपुं.	तैंले -	बसाइस्.	बसाइनस्.	तिमी(हरू)ले ——	बसायौ.	बसाएनौ.
" स्त्री.	तैंले—	बसाइस्.	बसाइनस्.	तिमीहरूले ——	बसायौ.	बसाएनौ.
				तिमीले ——	बसायौ.	बसाइनौ.
तृ. पुं. नपुं.	त्यसले–	बसायो.	बसाएन.	तिनी(हरू)ले—	बसाए	बसाएनन्.
" स्त्री.	त्यसले–	बसाई.	बसाइन.	तिनीहरूले —-	बसाए.	बसाएनन्.
				तिमीले ——	बसाइनन्.	बसाइनन्.

'बस्' धातु अकर्मक हो ता पनी त्यसबाट बनेको प्रयोजक 'बसाउ' धातु सकर्मक भएको हुनाले भूतकालको कर्तामा 'ले' नित्यै, अरू अवस्थामा विकल्पले प्रयोग हुने (२५९) नियम याद बर. यसैले–'म बसाएं' इत्यादि रूप हुँदैन.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भविष्यत्काल.

	एकवचन.			बहुवचन.		
	कर्ता.	करण.	अकरण.	कर्ता.	करण.	अकरण.
प्र.	सर्वलिङ्ग म, मैंले—	बसाउंनेछु.	बसाउंनेछैनं.	हामी(हरू)-ले—	बसाउंनेछौं.	बसाउंनेछैनौं.
द्वि.	” तं, तैंले—	बसाउंनेछस्.	बसाउंनेछैनस्.	तिमि(हरू)-ले –	बसाउंनेछौ.	बसाउंछैनौ.
तृ.	” त्यो, त्यसले-	बसाउंनेछ.	बसाउंनेछैन.	तिनी(हरू)-ले—	बसाउंनेछन्.	बसाउंनेछैनन्.

विध्यर्थ.

प्र.	सर्वलिङ्ग म, मैंले—	बसाऊं.	नबसाऊं.	हामी(हरू)-ले——	बसाऔं.	नबसाऔं.
द्वि.	” तं, तैंले-	बसा, बलाएस्	नबसा, नबसाएस्.	तिमी(हरू)-ले	बसाओ. बसाए.	नबसाओ. नबसाए.
				तिमी-ले——	बसाऊ. बसाए.	नबसाऊ. नबसाए.
तृ.	” त्यो, त्यसले-	बसाओस्.	नबसाओस्.	तिनी(हरू)-ले ...	बसाऊन्	नबसाऊन्.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

संभावनार्थ.

	एकवचन.			बहुवचन.		
	कर्ता.	करण.	अकरण.	कर्ता.	करण.	अकरण.
प्र.सर्वलिङ्ग	म, मंले	बसाउंला.	बसाओइनं.	हामी(हरू)-ले–	बसाऔंला.	बसाओइनौं.
द्वि. पुं. नपुं.	तं, तंले–	बसाउलास्	बसाओइनस्	तिमीहरू-ले–	बसाऔला (उलाउ[१])	बसाओइनौ.
				तिमी-ले–	बसाऔला (उला, उलाउ)	बसाओइनौ.
,, स्त्री.	तं, तंले–	बसाउलिस्.	बसाओइनस्.	तिमीहरू-ले-	बसाऔला, (उलाउ)	बसाओइनौ.
				तिमी-ले–	बसाऔली, (उली, उलेउ)	बसाओइनौ.
तृ. पुं. नपुं.	त्यो, त्यसले-	बसाउला.	बसाओइन.	तिनी(हरू)-ले–	बसाउलान्. (नन्)	बसाओइनन्.
,, स्त्री.	त्यो, त्यसले-	बसाउली.	बसाओइन.	तिनीहरू-ले--	बसाउलान्. (नन्)	बसाओइनन्.
				तिनी-ले ––	बसाउलान्. (निन्)	बसाओइनन्.

विध्यर्थमा झैं संभावनार्थमा पनी नकार जोडेर अकरणमा 'नबसाउला' इत्यादि रूप पनी हुन्छन्. यस्तै गरी सबै प्रयोजकधातुको र, सकर्मक अकर्मकको अनुसारले कर्तामा 'ले' हुने नहुने याद गरी 'आउ' अन्तमा हुने स्वतन्त्र धातुको पनी कर्तृवाच्यमा यही बमोजीम रूप चलाउनू.

१ ( )चिह्न भित्रका 'उलाउ, नन्' इत्यादि जोडी 'बसाउला, बसाउनन्' इत्यादि रूप पनी चलाउनू.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सोही 'बसाउ' धातुबाट साधित सकर्मक कर्मवाच्य प्रयोजक 'बसाइ' धातुका रूप–

वर्तमानकाल

		कर्म.	करण.	अकरण.
एकवचन	प्र. सर्वलिङ्ग.	म	बसाइन्छु, बसाउंदछु.	बसाइँदिनँ, बसाइन्न .
	द्वि. पुं. नपुं.	तँ	बसाइन्छस्, बसाइंदछस्.	बसाइंदैनस्, बसाइन्नस्.
	,, स्त्री.	तँ	बसाइन्छेस्, बसादइछेस्.	बसाइदिनस्, बसाइन्नस्.
	तृ. पुं नपुं.	त्यो	बसाइन्छ, बसाइंदछ.	बसाइंदैन, बसाइन्न.
	,, स्त्री.	त्यो	बसाइन्छे, बसाइँदछे.	बसाइंदिन, बसाइन्न.
बहुवचन	प्र सर्वलिङ्ग.	हामी(हरू)	बसाइन्छौं, बसाइंदछौं.	बसाइँनौं, बसाइन्नौं.
	द्वि. पुं. नपुं.	हामी(हरू)	बसाइन्छौ, बसाइंदछौ.	बसाइदैनौ. बसाइन्नौ.
	,, स्त्री.	तिमीहरू	बसाइन्छौ. बसाइदछौ.	बसाइंदैनौ, बसाइन्नौ.
		तिमी	बसाइन्छ्यौ, बसाइंदछ्यौ.	बसाइंदिनौ, बसाइन्नौ.
	तृ. पुं. नपुं.	तिनी(हरू)	बसाइन्छन्, बसाइंदछन्.	बसाइंदैनन्, बसाइन्नन्.
	,, स्त्री.	तिनी(हरू)	बसाइन्छन्, बसाइंदछन्.	बसाइंदैनन्, बसाइन्नन्.
		तिनी	बसाइन्छिन्, बसाइदिछन्.	बसाइंदिनन्, बसाइन्नन्.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भूतकाल.

	एकवचन.			बहुवचन.	
	कर्म.	करण.	अकरण.	कर्म.	करण.	अकरण.

	कर्म.	करण.	अकरण.	कर्म.	करण.	अकरण.
प्र. सर्वलिङ्ग.	म —	बसाइएँ.	बसाइइनँ.	हाम्री(हरू)	—बसाइयौं.	—बसाइएनौं
द्वि. पुं. नपुं.	तँ —	बसाइइस्.	बसाइइनस्.	तिम्री(हरू)	— बसाइयौ.	बसाइएनौ.
" स्त्री.	तँ —	बसाइइस्.	बसाइइनस्	तिम्रीहरू	—-बसाइयौ.	बसाइएनौ.
				तिम्री	—-बसाइयौ.	बसाइइनौ.
तृ. पुं. नपुं.	त्यो —	बसाइयो.	बसाइएन.	तिनी(हरू)	—-बसाइए.	बसाइएनन्.
" स्त्री	त्यो —	बसाइई.	बसाइइन.	तिनीहरू	—-बसाइए.	बसाइएनन्.
				तिनी	—-बसाइइन्.	बसाइइनन्.

कर्मवाच्यमा सबै अवस्थामा कर्तामा तृतीया भई 'ले' नित्य हुने, कर्म प्रथमान्त भई त्यसमा 'ले, लाई केही नहुने (२५८) नियम याद गर. यसैले कुनै अवस्थामा पनी 'मैले बसाइएँ' वा 'मलाई बसाइए' इत्यादि हुंदैन.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भविष्यत्काल.

	एकवचन.			बहुवचन.	
	कर्म.	करण.	अकरण.	कर्म.	करण.	अकरण.

	कर्म.	करण.	अकरण.	कर्म.	करण.	अकरण.
प्र.सर्वलिङ्ग	म	—बसाइनेछु.	बसाइनेछैनँ.	हामी(हरू)	—बसाइनेछौं.	बसाइनेछैनौं.
द्वि. ”	तँ	—बसाइनेछस्.	बसाइनेछैनस्.	तिमी(हरू)	—बसाइनेछौ.	बसाइनेछैनौ.
तृ. ”	त्यो	—बसाइनेछ.	बसाइनेछैन.	तिनी(हरू)	—बसाइनेछन्.	बसाइनेछैनन्.

विध्यर्थ

	कर्म.	करण.	अकरण.	कर्म.	करण.	अकरण.
प्र.सर्वलिङ्ग	म	—बसाइऊँ.	नबसाइऊँ	हामी(हरू)	—बसाइऔं.	नबसाइऔं.
द्वि. ”	तँ	—बसाइ, बसाइएस्.	नबसाइ, नबसाइएस्.	तिमी(हरू)	—बसाइओ, बसाइए.	नबसाइओ, नबसाइए.
” ”				तिमी	—बसाइऔ, बसाइए.	नबसाइऔ, नबसाइए.
तृ. ”	त्यो	—बसाइओस्.	नबसाइओस्.	तिनी(हरू)	—बसाइऊन्.	नबसाइऊन्.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

सम्भावनार्थ.

	एकवचन. कर्म. करण.	एकवचन. अकरण.	बहुवचन. कर्म. करण.	बहुवचन. अकरण.
प्र. सर्वलिङ्ग	म—बसाइउंला.	बसाइओइनँ.	हाम्रो(हरू)——बसाइऔंला.	बसाइओइनौं.
द्वि. पुं. नपुं	तँ—बसाइएलास्.	बसाइओइनस्.	तिमीहरू—बसाइऔला(एलाउ[1])	बसाइओइनौ.
			तिमी-बसाइऔला,(एलाउ,एउला)	बसाइओइनौ.
,, स्त्री.	तँ—बसाइएलिस्.	बसाइओइनस्.	तिमीहरू—बसाइऔला,(एलाउ)	बसाइओइनौ.
			तिमी-बसाइऔली,(एउली,एलेउ)	बसाइओइनौ.
तृ. पुं. नपुं.	त्यो—बसाइएला.	बसाइओइन.	तिनी(हरू)-बसाइएलान्,(नन्)	बसाइओइनन्.
,, स्त्री.	त्यो—बसाइएली.	बसाइओइन.	तिनीहरू—बसाइएलान् (नन्)	बसाइओइनन्.
			तिनी ——बसाइएलिन्,(निन्)	बसाइओइनन्.

विध्यर्थमा झैं संभावनार्थका सबै रूपमा पनी अघिल्तिर नकार जोडेर अकरणमा 'नबसाइउंला, नबसाइऔंला, नबसाइएलास्' इत्यादि रूप पनि हुन्छन्.

---

१ () यस्तो चिह्न भित्रका 'एलाउ, नन्' इत्यादि प्रत्यय जोडेर 'बसाइएलाउ, बसाइनन्' इत्यादि रूप पनी चलाउनू.

CC-0. In Public Domain. Digitization by eGangotri
Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अजन्त सकर्मक स्वतन्त्र कर्तृवाच्य बिर्सनु क्रिया बुझाउने 'बिर्स' धातुका रूप–

वर्तमानकाल.

		कर्ता. करण.	अकरण.
एकवचन.	प्र. सर्वलिङ्ग.	म, मैले—-बिर्सन्छु.	बिर्सन्न॑, बिर्सदिनं.
	द्वि. पुं. नपुं.	तँ, तँले—-बिर्सन्छस्.	बिर्सन्नस्, बिर्सदैनस्.
	,, स्त्री.	तँ, तँले—-बिर्सन्छेस्.	बिर्सन्नस्, बिर्सदिनस्.
	तृ. पुं. नपुं.	त्यो, त्यसले-बिर्सन्छ.	बिर्सन्न, बिर्सदैन.
	,, स्त्री.	त्यो, त्यसले-बिर्सन्छे.	बिर्सन्न, बिर्सदिन,
बहुवचन.	प्र. सर्वलिङ्ग.	हामी(हरू)-ले–बिर्सन्छौं.	बिर्सन्नौं, बिर्सदैनौं.
	द्वि. पुं. नपुं.	तिमी(हरू)-ले- निर्सन्छौ.	बिर्सन्नौ, बिर्सदैनौ.
	,, स्त्री.	तिमीहरू–ले–बिर्सन्छौ तिमी -ले—- बिर्सन्छ्यौ.	बिर्सन्नौ बिर्सदैनौ बिर्सन्नौ, बिर्सदिनौ.
	तृ पुं नपुं.	तिनी(हरू)-ले-बिर्सन्छन्.	बिर्सन्नन्, बिर्सदैनन्.
	,, स्त्री.	तिनीहरू ले–बिर्सन्छन्. तिनी ले—- बिर्सन्छिन्.	बिर्सन्नन्, बिर्सदैनन्. बिर्सन्नन् बिर्सदिनन्.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भूतकाल.

	एकवचन.			बहुवचन.		
	कर्ता.	करण.	अकरण.	कर्ता.	करण.	अकरण.
प्र. सर्वलिङ्ग	मैंले—	बिर्सें.	बिर्सिनें.	हामी(हरू)ले	-बिर्स्यौं.	बिर्सेनौं
द्वि. पुं. नपुं.	तैंले—	बिर्सिस्.	बिर्सिनस्.	तिमी(हरू)ले —	बिर्स्यौ	बिर्सेनौ
,, स्त्री.	तैंले—	बिर्सिस्.	बिर्सिनस्.	तिमीहरूले ——	बिर्स्यौ.	बिर्सेनौ.
				तिमीले ——	बिर्स्यौ.	बिर्सिनौ.
तृ. पुं. नपुं.	त्यसले–	बिर्स्यो.	बिर्सेन.	तिनी(हरू)ले —	बिर्से.	बिर्सेनन्.
,, स्त्री.	त्यसले–	बिर्सी.	बिर्सिन.	तितीहरूले ——	बिर्से.	बिर्सेनन्
				तिनीले ——	बिर्सिन्.	बिर्सिनन्.

'बिर्स' धातु सकर्मक हुनाले भूतकालको कर्तामा 'ले' नित्यै हुने, पक्ष अवस्थामा विकल्पले प्रयोग हुने (२५६) नियम याद गर. यसैले–'म बिर्सें' इत्यादि रूप हुंदैन.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भविष्यत्काल

	एकवचन. कर्ता.	करण.	अकरण.	बहुवचन. कर्ता.	करण.	अकरण.
प्र. सर्वलिङ्ग	म,मैंले—	बिर्सनेछु.	बिर्सनेछैनँ.	हामी(हरू)-ले—	बिर्सनेछौं.	बिर्सनेछैनौं.
द्वि. ”	तँ,तैंले—	बिर्सनेछस्.	बिर्सनेछैनस्	तिमी(हरू)-ले—	बिर्सनेछौ.	बिर्सनेछैनौ.
तृ. ”	त्यो,त्यसले-	बिर्सनेछ.	बिर्सनेछैन.	तिनी(हरू)-ले —	बिर्सनेछन्.	बिर्सनेछैनन्.

विध्यर्थ.

	एकवचन. कर्ता.	करण.	अकरण.	बहुवचन. कर्ता.	करण.	अकरण.
प्र सर्वलिङ्ग	म,मैंले -	बिर्सूं.	नबिर्सूं.	हामी(हरू)-ले—	बिर्सौं.	नबिर्सौं.
द्वि. ”	तँ,तैंले—	बिर्सौ,बिर्सेस्.	नबिर्सेस्.	तिमी(हरू)-ले-	बिर्स. / बिर्से.	नबिर्स. / नबिर्से.
तृ. ”	त्यो,त्यसले-	बिर्सोस्.	नबिर्सोस्.	तिनी(हरू)-ले—	बिर्सून्.	नबिर्सून्.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

संभावनार्थ.

	एकवचन.			बहुवचन.		
	कर्ता.	करण.	अकरण.	कर्ता.	करण.	अकरण.
प्र. सर्वलिङ्ग.	म,मंले—	विर्सुला.	बिर्सोइनँ.	हामी(हरू)-ले-	बिर्सौंला.	बिर्सोइनौं.
द्वि. पुं. नपुं.	तँ,तँले	विर्संलास्.	बिर्सोइनस्.	तिमीहरू-ले—	बिर्सौंला,विर्संलाउ.	विर्सोइनौ.
				तिमी-ले ——	विर्सौंला,बिर्संलाउ.	विर्सोइनौ.
,, स्त्री.	तँ,तँले—	बिर्संलिस्.	बिर्सोइनस्.	तिमीहरू-ले--	बिर्सौंला.बिर्संलाउ.	बिर्सोइनौ.
				तिमी-ले—--	बिर्सौंली बिर्संलेउ	बिर्सइनौ.
तृ. पुं. नपुं.	त्यो,त्यसले-	बिर्संला.	बिर्सोइन.	तिनी(हरू)-ले-	बिर्संलान्,बिर्संनन्.	बिर्सोइनन्.
,, ,,स्त्री.	त्यो,त्यसले-	बिर्संली.	बिर्सोइन.	तिनीहरू-ले—	बिर्संलान्.बिर्संनन्.	बिर्सोइनन्.
				तिनी-ले—--	बिर्संलिन्.बिर्संनिन्.	बिर्सोइनन्.

विध्यर्थमा झैं संभावनार्थमा पनी करणका सबै रूपमा अघिल्तिर नकार जोडेर अकरणमा 'नबिसुंला, नबिर्सौंला, नबिसंलास्' इत्यादि रूप पनी हुन्छन्.

यस्तै गरी कारकरचना प्रत्यय सामान्यरूपको विशेष नियम याद गरी सबै अजन्त धातुको कर्तृवाच्यको रूप चलाउनू.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सोही 'बिर्स' धातुबाट साधित सकर्मक कर्मवाच्य 'बिर्सि' धातुका रूप—

वर्तमानकाल.

		कर्म.	करण.	अकरण.	
एकवचन.	प्र. सर्वलिङ्ग.	म	बिर्सिन्छु	बिसिदिनँ,	बिर्सिन्नँ.
	द्वि. पुं. नपुं.	तँ	बिर्सिन्छस्.	बिर्सिदैनन्,	बिर्सिन्नस्.
	,, स्त्री.	तँ	बिर्सिन्छेस्.	बिर्सिदिनस्,	बिर्सिनस्.
	तृ. पुं. नपुं.	त्यो	बिर्सिन्छ.	बिर्सिदैन	बिर्सिन्न.
	,, स्त्री.	त्यो	बिर्सिन्छे.	बिर्सिदिन.	बिर्सिन्न.
बहुवचन.	प्र सर्वलिङ्ग.	हाम्रो(हरू)	बिर्सिन्छौं.	बिर्सिदैनौं,	बिर्सिन्नौं.
	द्वि. पुं. नपुं.	तिम्रो(हरू)	बिर्सिन्छौ.	बिर्सिदैनौ,	बिर्सिन्नौ.
	,, स्त्री.	तिम्रीहरू	बिर्सिन्छौ	बिर्सिदनौ,	बिर्सिन्नौ
		तिम्री	बिर्सिन्छ्यौ.	बिर्सिदिनौ.	बिर्सिन्नौ.
	तृ. पुं. नपुं.	तिनी(हरू)	बिर्सिन्छन्.	बिर्सिदैनन्,	बिर्सिन्नन्.
	,, स्त्री.	तिनीहरू	बिर्सिन्छन्.	बिर्सिदैनन्	बिर्सिन्नन्.
		तिनी	बिर्सिन्छिन्.	बिर्सिदिनन्.	बिर्सिन्नन्.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भूतकाल.

	एकवचन.			बहुवचन.		
	कर्म.	करण.	अकरण.	कर्म.	करण.	अकरण.
प्र. सर्वलिङ्ग.	म—	बिर्सिएं.	बिर्सिइनं.	हामो(हरू)——	बिर्सियौं.	बिर्सिएनौं.
द्वि. पुं. नपुं.	तं —	बिर्सिइस्.	बिर्सिइनस्.	तिनी(हरू)——	बिर्सियौ.	बिर्सिएनौ.
" स्त्री.	तं—	बिर्सिइस्.	बिर्सिइनस्.	तिमीहरू——	बिर्सियौ.	बिर्सिएनौ.
				तिमी——	बिर्सियौ.	बिर्सिइनौ.
तृ. पुं. नपुं.	त्यो–	बिर्सियो.	बिर्सिएन.	तिनी(हरू)——	बिर्सिए.	बिर्सिएनन्.
" स्त्री.	त्यो–	बिर्सिई.	बिर्सिइन.	तिनीहरू——	बिर्सिए.	बिर्सिएनन्.
				तिनी——	बिर्सिइन्.	बिर्सिइनन्.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भविष्यत्काल.

एकवचन. — बहुवचन.

	कर्म.	करण.	अकरण.	कर्म	करण.	अकरण.
प्र. सर्वलिङ्ग	म —	बिर्सिनेछु.	बिर्सिनेछैनँ.	हामी(हरू)	बिर्सिनेछौं.	बिर्सिनेछैनौं.
द्वि. ,,	तँ —	बिर्सिनेछस्.	बिर्सिनेछैनस्.	तिमी(हरू) —	बिर्सिनेछौ.	बिर्सिनेछैनौ.
तृ. ,,	त्यो –	बिर्सिनेछ.	बिर्सिनेछैन.	तिनी(हरू) —	बिर्सिनेछन्.	बिर्सिनेछैनन्.

विध्यर्थ.

प्र सर्वलिङ्ग	म —	बिर्सिऊँ.	नबिर्सिऊँ.	हामी(हरू) —	बिर्सिऔं.	नबिर्सिऔं.
द्वि. ,,	तँ –	बिर्सिई, बिर्सिएस्.	नबिर्सिई, नबिर्सिएस्.	तिमी(हरू) –	बिर्सिओ, बिर्सिए.	नबिर्सिओ, नबिर्सिए.
				तिमी ——	बिर्सिऔ, बिर्सिए.	नबिर्सिऔ, नबिर्सिए.
तृ. ,,	त्यो –	बिर्सिओस्.	नबिर्सिओस्.	तिनी(हरू) —	बिर्सिऊन्.	नबिर्सिऊन्.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

संभावनार्थ.

	एकवचन कर्म.	करण.	अकरण.	बहुवचन कर्म.	करण.	अकरण.
प्र. सर्वलिङ्ग	म—	विसिउंला.	बिसिओइनँ.	हामी(हरू)	बिसिओंला.	बिसिओइनौं.
द्वि. पुं. नपुं.	तँ—	बिसिएलास्.	बिसिओइनस्.	तिमीहरू	बिसिओला,(एलाउ[1])	बिसिओइनौ.
				तिमी-	बिसिओला,(एलाउ,एउला)	बिसिओइनौ.
" स्त्री.	तँ—	बिसिएलिस्.	बिसिओइनस्.	तिमीहरू—	बिसिओला,(एलाउ)	बिसिओइनौ.
				तिमी-	बिसिओली (एउली,एनेउ)	बिसिओइनौ.
तृ. पुं. नपुं.	त्यो-	बिसिएला.	बिसिओइन.	तिनी(हरू)-	बिसिएलान्,(नन्)	बिसिओइनन्.
" स्त्री,	त्यो-	बिसिएली,	बिसिओइन.	तिनीहरू	बिसिएलान्,(नन्)	बिसिओइनन्.
				तिनी —-	बिसिएलिन्,(निन्)	बिसिओइनन्.

विध्यर्थमा झैं संभावनार्थमा पनी करणका सबै रूपमा अघिल्तिर नकार जोडेर अकरणमा 'नबिसिउंला, नबिसिओंला, नबिसिएलास्' इत्यादि रूप पनी हुन्छन्.

---

१ () यस्तो चिह्न भित्रका 'एलाउ, नन्' इत्यादि प्रत्यय जोडेर 'बिसिएलाउ, बिसिनन्' इत्यादि रूप पनी चलाउनू.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

माथीका रूपावलीमा स्वतन्त्र हलन्त अकर्मक धातुको कर्तृवाच्य र भाववाच्यमा, प्रयोजक सकर्मक धातुको कर्तृवाच्य र कर्मवाच्यमा, स्वतन्त्र अजन्त सकर्मक धातुको कर्तृवाच्यमा र कर्मवाच्यमा मात्र रूपावली दिएको छ. सोही रूपावलीको नमुना बमोजिम यावत् हलन्त अजन्त अकर्मक धातुको कर्तृवाच्यमा बस् धातुको झैं, तिनको भाववाच्यमा बसि धातुको झैं यावत् हलन्त अजन्त सकर्मक धातुको कर्तृवाच्यमा त्रिर्स धातुको झैं, तिनको कर्मवाच्यमा त्रिसि धातुको झैं, यावत् प्रयोजक धातुको कर्तृवाच्यमा बसाउ धातुको झैं, तिनको कर्मवाच्यमा बसाइ धातुको झैं, कारकरचना मिलाई प्रत्यय सामान्यरूपहरूको बिशेष नियम याद गरी धातुको रूप चलाउंदा प्रायः सबै धातुमा मिल्ने हुनाले रूपावली यत्तिमात्रै लेखी दिएको हो.

माथीका रूपावलीमा बहुवचनको आदर अनेकमा एकै हुने ठाउँमा 'हरू' भने पनी हुने नभने पनी हुने' 'ले' विकल्प हुनेमा 'ले' भने पनी हुने नभने पनी हुने देखाउंन 'हरू' लाई कोष्ठक भित्र, 'ले' लाई तेर्सो रेखाले फरक पारी; ले' नित्य हुनेमा 'ले' जोडेर, आदर अनेकमा फरक हुने ठाउंमा 'हरू' जोडेर बेगलै, नजोडेर बेगलै, 'ले' नित्य हुनेमा जोडेर विकल्प हुनेमा तेर्सो रेखाले फरक पारी, एकवचनमा पनी 'ले' नित्य हुनेमा जोडेर विकल्प हुनेमा तेर्सो रेखा दिई संक्षेप रूपले देखाएको छ; सो कुरो बुझी रूपावली चलाउंदा बेगलै गरी चलाउनू. जस्तैः–

हामी (हरू) बस्छौं–यहां 'हामी बस्छौं, हामीहरू बस्छौं' यस्तो;

हामी(हरू)ले बसायौं–यहां 'हामीले बसायौं, हामीहरूले बसायौं' यस्तो;

हामी(हरू)ले बसाउंछौं–यहां 'हामी बसाउंछौं, हामीहरू बसाउंछौं, हामीले बसाउंछौं, हामीहरूले बसाउंछौं' यस्तो;

तिनीहरू–ले–बसाउंछन्–यहां 'तिनीहरू बसाउंछन्, तिनीहरूले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

बसाउंछन्' यस्तो;

म-मैले बिर्सन्छ-यहां 'म बिर्सन्छु, मैले बिर्सन्छु' यस्तो;

हामी-हरू बिर्सियौं-यहा 'हामी बिर्सियौं, हामीहरू बिर्सियौं' यस्तो प्रयोग हुन्छ; यही बमोजीम सबै ठाउंमा जान्नू.

अनेकाक्षर इकारान्त सामान्यरूप भएका ठाउंमा विध्यर्थका ऊं, ई, ओस, एस, ए, ऊन्, औं, ओ, आदि, संभावनार्थका उंला, औंला, ओला, औली, ओइनं, ओइनौं इत्यादि अजादि प्रत्यय भएमा सो प्रत्ययको अघमा 'य्' थपेर यूं, यी, युंला, योंला, यौंला, यौली, इत्यादि पनी व्यवहारमा प्रयोग हुने देखिनाले त्यस्तो प्रयोग मनेमा 'य्' आगम विकल्पले गरी दोहोरै रूप मान्नु पर्दछ.

जस्तै:- 'बिर्सियूं बिर्सिऊं, बिर्सियी बिर्सिई, बिर्सियोस् बिर्सिओस्, बिर्सियेस्, बिर्सिएस्, बिर्सिये, बिर्सिए, बिर्सियून्, बिर्सिऊन्, बिर्सियौं बिर्सिऔं, बिर्सियो, बिर्सिओ. बिर्सियुंला, बिर्सिउंला, बिर्सियोंला बिर्सिऔंला, बिर्सियौला, बिर्सिऔला, बिर्सियौली, बिर्सिऔली, बिर्सियोइनं, बिर्सिओइनं बिर्सियोइनौ बिर्सिओइनौ; जिल्लियौंला जिल्लिऔंला, पढाइयौंला पढाइऔंला, पात्तियौंला' पात्तिऔंला, भनियूंला, भनिउंला, भनियौंला, भनिऔंला,' इत्यादि.

—— ० ——

२०--धातुसाधित[१] -शब्द.

—— ० ——

२९८. माथि लेखेका नियम बमोजीम जा, खा, बस्, भन् इत्यादि धातुबाट छ, छौं, आदि प्रत्यय हुंदा जान्छ, जान्छौं, इत्यादि वाक्य पूरा गर्ने पूर्ण क्रिया बुझाउने क्रियापद बने झैं, तिनै धातुबाट नु, आइ, ने,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

एको, न, ई, इत्यादि विशेष प्रत्यय भई वाक्य पूरा गर्न नशक्ने अपूर्ण-क्रिया बुझाउने **जानु, खानु, बसाइ, भनाइ,** इत्यादि भाववाचक नाम; **जाने, खाने, बसेको, भनेको,** इत्यादि क्रियाबोधक विशेषण; **जान, खान, बसी, भनी** इत्यादि क्रियाबोधक अव्ययहरू पनी बन्दछन्.

२९९. तसर्थ—धातुबाट प्रत्यय भई बनेका अपूर्णक्रिया बुझाउंने, क्रियापद भन्दा बेगलै किसिमका नाम, विशेषण, अव्यय, शब्दलाई **धातुसाधित-शब्द** (कृदन्त) भन्दछन्. जस्तै:—

'जानु, खानु, बस्नु, भन्नु, दिनु, लिनु, गरिनु, गराउनु, गराइनु, बोलाइ, चलाइ, हिंडाइ, बसाइ, भनाइ' इत्यादि भाववचक-नाम; 'जाने, खाने, बस्ने, भन्ने, दिने, लिने, गरिने, गराउंने, गराइने, बोलेको, हिंडेको, बसेको, भनेको, भनिएको, लेखिएको, बोलाएको पढाएको, लेखाइएको, पढाइएको, इत्यादि क्रियाबोधक विशेषण; 'जान, खान, बस्न, भन्न, दिन, लिन, गरिन, लेखिन, गराइन, पढाउंन, पढाइन, लेखाइन, गई, खाई, बसी, भनी, दिई, लिई, गरिई, लेखिई, गराई, पढाई, लेखाइई, पढाइई, इत्यादि क्रियाबोधक अव्यय; यिनीहरू धातुबाट बनेका अपूर्ण क्रियाबोधक हुनाले **धातुसाधित-शब्द** हुन्.

३००. धातुबाट धातुसाधित-शब्द बनाउंदा हुने प्रत्यय **नु, आइ, वट, ओट, अ, ने, एको, तो, दो, उवा, ओवा, आहा, एया, ई, एर, न, नू,** इत्यादि हुन्. यिन मध्ये 'नु, ने, एको, तो, दो, ई, एर, न नू' इत्यादि प्राय: सबै किसिमका यावत् धातुबाट हुन्छन्; अरू प्रत्यय प्राय: कोही कोही धातुबाट मात्र हुन्छन्. कोही प्रत्यय कोही अर्थमा, कोही

---

१ क्रियापदको रूप चलाउंने संयुक्तकाल, संयुक्तक्रियापदहरूको प्रकरण पहिले लेख्नु पर्ने हो त पनी धातुसाधितशब्द जोडिएर संयुक्तकाल संयुक्त-क्रियापदहरू बन्ने हुनाले पहिले धातुसाधितको प्रकरण लेखिएको हो.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

प्रत्यय कोही अर्थमा हुन्छन. धातुको सामान्यरूप पनी कहीं बदलिने, कहीं नबदलिने हुन्छ यस्ता शब्दबाट बुझिने अपूर्ण-क्रियाका कारकमा कहीं विभक्ति फरक पनी हुन्छ. सो विशेष तलका नियमबाट बुझिने छन्.

(१) नाम.

३०१. सबै किसमका धातुबाट काल कारक आदि विशेष अर्थ नबुझाई सामान्य क्रिया मात्र अर्थात् धातुको जो अर्थ हुन्छ उत्ति अर्थ बुझाउंदा नु प्रत्यय भइ नाम बन्दछन्. यो प्रत्यय हुँदा धातुको सामान्य-रूप कहीं पनी बदलिंदैन. जस्तैः--

'(गर्-नु) गर्नु, भन्नु. देख्नु, लेख्नु. पढ्नु, (सप्र-नु) सप्रनु, कहनु. दौडनु, जानु, खानु, लानु, दिनु, लिनु, जिल्लिनु, फर्किनु, हुनु, रुनु, छुनु, कुहुनु, नुहुनु, डुहुनु. आउनु, पाउनु, सिउनु, गरिनु, खाइनु, दिइनु, रोइनु, गराउनु, सुनाउनु, खुवाउनु, दिआउनु, रोआउनु, जिल्ल्याउनु, कुह्वाउनु, गराइनु, खुवाइनु, दियाइनु, रोआइनु, जिल्ल्याइनु' इत्यादि.

(क) यो नु[१]-प्रत्ययान्तशब्द नाम हुनाले प्रधान क्रियाको अनुसारले कर्ता कर्म आदि सबै थोक हुन शक्ने भई सबै विभक्तिमा नियम बमोजी-मको रूप लिई प्रयोग हुन शक्छ. जस्तैः–

'त्यहां जानु बेस छ. पढ्नु न छोड. घोक्नाले विद्या स्थिर हुन्छ. दिनालाई ल्यायो. मर्नदेखि ठूलो डर हुन्छ. यो बोल्नाको बाठो छ. ती लेख्नामा सिपालू छन्. पढ्नु भन्दा पढाउनु असल हो. अर्काले निन्दा

---

१ नु प्रत्यय भएमा संस्कृतमा भावल्युट् प्रत्यय भएका 'गमनं, भोजनं कथनम्' इत्यादिबाट झैं क्रियाको स्वरूप मात्र बुझिन्छ' नु प्रत्ययान्त नामको शब्दरूपावली चलाउदा कहीं ना हुने विशेष नियम (१६४) अघि गएको छ; यसैले 'खानाले खानालाई' इत्यादि रूप हुने जान्नू.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

गरिनु मर्नु हो. गुरुले पढाइनाले रामु सप्रे.' इत्यादि.

(ख) नु-प्रत्ययान्त पदबाट बुझिने क्रियाको कुनै कारक पनी वाच्य नहुनाले आफना आफना नियम बमोजीम कर्तामा 'ले, बाट' प्रत्यय, कर्ममा द्वितीया हुन्छ. कर्तामा 'ले' भएमा सो प्रत्यय भएको क्रिया सकर्मक भए 'ले' को प्रायः लोप हुंदैन, कहीं हुन्छ पनी; अकर्मक भए प्रायः बिकल्पलें लोप हन्छ. विभक्ति प्रत्यय लोप भएको नु-प्रत्ययान्तको प्रयोग गरेमा त्यसको कर्तामा कहीं कर्ममा षष्ठी 'को' प्रत्यय पनी हुन्छ. 'को' भएमा नु प्रत्ययान्तबाट कहीं केही विशेष अर्थ पनी बुझिन्छ. अरू कारकमा त कारकको नियम बमोजीम विभक्ति प्रत्ययहरू हुन्छन्. विशेष हुंदैन. जस्तैः—'तिमी (ले) घरमा जानु बेस छ. वेद पढ्नु पुण्य पैदा गर्दछ. मैले इनाम लिनाले रामु दिक्क भए. त्यो अलछी हुनाले परीक्षा बिग्र्यो. मैले तिमीलाई बोलाउंनाले फाइदा भयो. मेरो खानु (दाना) सकियो. त्यसको (त्यो) जानु मेरो (म) आउंनु एकै पल्ट भयो. इ०

(ग) नु-प्रत्ययान्त शब्द नाम हुनाले प्रायः विशेष्यै भई प्रयोग हुन्छ. कहीं अर्को नाम विशेष्य राखेर विशेषण बनाउंदा बीचमा दर्शक-सर्वनामको प्रयोग गर्नु पर्छ. नियम अनुसार विशेषण भएमा विभक्तिप्रत्ययहरू रहंदैनन्. नाम विशेषण हुनाले यस्ता नु प्रत्ययान्तमा अर्को विशेषण पनी जोडिन सक्छ. जस्तैः—'पढ्नु यो बेस काम हो. अलछी हुनु यो खराप कुरा हो. दिउंसो सुत्नु, सांझमा डुल्नु, झुटो बोल्नु, यी काम छोड. मीठो बोल्नु यो कुरा सबलाई बश गर्छ' इ०

(घ) कहीं सो नु प्रत्यय कर्म-कारकलाई बुझाउंदा पनी हुन्छ. त्यस्तो नु प्रत्ययान्त अकर्मकमा कर्ता, सकर्मकमा कर्म भई सोही धातुबाट बनेको अर्को क्रियामा अन्वय हुन्छ. त्यहां अवधि अर्थ बुझाउने 'सम्म, जति' इत्यादि शब्दको प्रयोग गरे नगरे पनी अवधि रूप विशेष अर्थ पनी बुझिन्छ. करण अकरण दुबै थरीमा नु प्रत्यय गरी प्रयोग गरेमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

त झन् विशेष अर्थ बुझिन्छ. जस्तैः-'यसले गर्नु (सम्म) गऱ्यो. भन्नु (जति) भनें. यसले गर्नु गरेन भने अरू को गर्ला. खानु (जति)खा. भन्नु नभन्नु भन्यो. त्यसले जान्नु कसले जान्ला. नदेखाउंनु देखायो. इत्यादिमा गर्नु इत्यादि पदबाट गरिने आदि कर्मको अवधि बुझिन्छ.

(ङ) सो नुप्रत्ययान्त शब्दको अरू पदसंग मेल भई एक पद हुने ठाउंमा नु को 'न, ना' इत्यादि हुन्छन्,[१] पद बेगलै भएमा त नु नै रहन्छ. अवधारण अर्थ बुझाउंदा त नु को बदला नै हुन्छ, नै अव्यय मात्र बेगलै पनी जोडिन्छ. जस्तैः- 'खान (ना) पिन (ना) गर. लिन (ना) दिन (ना) ले इष्ट-मित्र हुन्छन्. म पढ्न (ना) पढाउंन (ना) गर्दछु. खानु पिनु भयो. लिनु दिनु गर्छ. पढ्नु पढाउंनु गर्छु. खानैले मोटाइन्छ. खानुले नै मोटाइन्छ जानै बेस छ. जानु नै बेस छ.' इ०

३०२. प्रायः सबै मूल-धातुबाट मात्रै क्रियाको शैली अर्थात् ढङ्ग अर्थ बुझाउंदा आइ प्रत्यय भएर पनी नाम बन्दछन्. सो आइ प्रत्यय भएमा सो मूलधातुको कर्मप्रधान-प्रेरणार्थकमा हुने जस्तो रूप हुने हुनाले त्यसलाई मिल्ने बमोजीम सामान्यरूप हुन्छ. 'जा, खा' इत्यादि आकारान्त धातु र 'लाउ, गाउ' इत्यादि आकारान्त सामान्यरूप हुने धातुको त 'जवाइ, खवाइ, लवाइ, गवाइ' यस्तो रूप हुन्छ. प्रायः यो प्रत्यय प्रेरणार्थक कर्मप्रधान हुने धातुमा मात्र हुन्छ. यो आइ प्रत्यय हुंदा दुइ स्वर हुने धातुमा आदि स्वर आ भए त्यसको बदला अ पनी हुन्छ. जस्तैः-

'(गर्-आइ) गराइ (गर्नाको शैली), बनाइ, लेखाइ, पढाइ, (नाच्-आइ) नचाइ, बचाइ, पकाइ, झटाइ, (दौड्-आइ) दौडाइ, (रु-आइ)

---

१ नु प्रत्ययान्तको 'सम्म, जति' इत्यादि अव्यय संग जोडेर प्रयोग गरेमा ग्राम्यव्यवहारमा नु को बदला ना गरेर 'गर्नासम्म, दिनाजति, भन्नासम्मन्' इत्यादि प्रयोगपनी कहीं देखिन्छ.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

रोश्रा (वा) इ, (छु-श्राइ) छोश्रा (वा) इ, (जिस्कि-श्राइ) जिस्का (स्वया) इ, (सि-श्राइ) सिश्रा (या) इ.' इत्यादि.

(क) सो श्राइ प्रत्ययान्त पनी नाम हुनाले सबै विभक्तिमा प्रयोग हुन शक्छ. श्राइ प्रत्ययान्त क्रियाको कर्तामा सर्वत्र षष्ठी हुन्छ; कहीं कर्ताको प्रयोग नगरेमा कर्ममा पनी षष्ठी हुन्छ; अरू कारकमा फरक हुँदैन. कहीं श्राइ प्रत्यय भएमा पनी केही विशेष अर्थ बुझिन्छ. जस्तैः– 'तिम्रो कौमुदी पढाइ ठीक छैन. यो किताबको छपाइ (छाप्ने खर्च) कति लाग्यो ? मेरो भनाइले यो कुरा बन्यो. रामुको भर पराइमा मेरो कमाइ (कमाएको धन) गुम्यो. यसको कुरा गराइ नाङ्गो छ. लुगाको सियाइ (सिउनाको ढांचा) राम्रो छ. तिम्रो कराइले कान खायो'. इत्यादि.

३०३. कोही स्वतन्त्र धातुबाट क्रियाको शैली, स्वरूप, प्रकार श्रादि विशेष अर्थ बुझाउंदा श्रावट, श्रोट, श्र प्रत्यय भएर पनी हलन्त सामान्य-रूप भई नाम बन्दछन्. यस्ता नामबाट बुझिने क्रियाका कर्तामा, कहीं कर्ममा पनी षष्ठी हुन्छ. सबै धातुबाट सबै थरी प्रत्यय हुने नियम छैन, व्यवहार अनुसार कहीं कोही कहीं धेरै पनी हुन्छन्. संयुक्ताक्षर हुने अका-रान्तधातुमा श्र प्रत्यय हुंदा संयोगको बीचमा अकार थपिई संयोग पनी खुल्छ. जस्तैः —

श्रावट-'पुस्तकको (लेख्-श्रावट) लेखावट (लेखाइ), यसको भनावट (भनाइ), मालिकको दबावट (दबाउ), महाजनको बोलावट (बोल्नाको प्रकार), भांडाको बनावट (रचना); देखावट, सुतावट.' इत्यादि.

श्रोट–'अड्डाको (लेख्-श्रोट) लेखोट (लेख), भांडाको बनोट (रचना), मुद्दाको दबोट, मालको भरोट (भर्ने खर्च; देखोट, सुतोट.' इत्यादि.

श्र— 'बाजाको (बोल्-श्र) बोल (अवाज), कपडाको नाप (परिमाणको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

स्वरूप), चिनीको तौल, मानिसको जांच (जंचाइ); जोख, दर, खेल, शक, शोध, सपार, बिगार, भर, गम, चेत, पोत, जोड, तोड, छेड, दौड; रामुको (लम्क-अ) लमक (लम्काइ), मालको (चम्क-अ) चमक (चम्कावट), प्रभुको (बक्स-अ) बकस (इनाम); झसक, जमक, ढलक, घटक, हटक, मसक, मढक, दचक, हमक.' इत्यादि.[१]

(क) नु बाहेक अरू नाम बनाउंने प्रत्ययहरू प्रेरणार्थक र कर्म-प्रधान धातुबाट नहुने हुनाले आइ आदि प्रत्ययान्तबाट स्वतन्त्र-क्रियामात्र बुझिन्छ. नु बाहेक अरू आइ आदि प्रत्ययान्तको अर्को पद संग मिली एक पद नहुने हुनाले प्रत्ययको कहीं पनी विकार हुंदैन. अवधारण अर्थ बुझाउंदा अकारान्त नति ऐकारान्त हुन्छन्, नै पनी जोडिन्छ, इकारान्तमा त नै मात्र जोडिन्छ. जस्तैः—
'भनाइ नै, बोली नै, हिंडाइ नै, लेखावटै, लेखावट नै, बोलै, बोल नै, बकसै, बकस नै, चमकै, चमक नै.' इत्यादि.

(२) विशेषण

३०४. भावप्रधान बाहेक सबै किसिमका प्रायः यावत् धातुबाट केही काल नबुझाई त्यस क्रियाको कर्तृप्रधानमा सामान्य कर्ता, कर्मप्रधानमा सामान्य कर्म अर्थ बुझाउंदा ने प्रत्यय[२] भई क्रियाबोधक विशेषण बन्द-

---

१ धेरै धातुमा हुने प्रत्ययहरूको मात्र नियम यहां लेखिएको छ. यी भन्दा बाहेक अरू किसिमका कोही कोही धातुमा हुने प्रत्ययहरू पनी छन्, तर त्यस्ताको प्रयोग धेरै नपाइने हुनाले यहां लेखिएनन्. जस्तैः—'पक्ड-आउ-पक्डाउ, दब्-आउ-दबाउ, बोल्-ई-बोली, चाल्-ई-चाली, चाल्-आ-चाला.' इत्यादि.

२ कोही कोही ने को बदलामा न्या प्रत्यय गरी गर्न्या, भन्न्या, लिन्या, गराउंन्या, गरिन्या' इत्यादि पनी प्रयोग गर्छन्. यो बोली ग्राम्य

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

छन्. सो प्रत्यय भएमा धातुको सामान्यरूप कहीं पनी बदलिदैंन. जस्तैः—

कर्ता—'(गर्-ने) गर्ने, भन्ने, (बह-ने) बहने, दौडने, खाने, जाने, दिने, लिने, जिस्किने, जिल्मिने, हुने, रुने, कुहुने, नुहुने, आउंने, पाउंने, गराउंने, रोआउंने.' इ०

कर्म—'(गरि-ने) गरिने, भनिने, कहिने, खाइने, दिइने, लिइने, दुहिने, पाइने, सिइने, गाइने, गराइने, पढाइने, सियाइने, रोवाइने, पकाइने.' इत्यादि.

(क) ने प्रत्ययान्तबाट बुझिने क्रियाको कर्तृप्रधानमा कर्म द्वितीयान्त, कर्म-प्रधानमा कर्ता तृतीयान्त हुन्छ. सो ने प्रत्ययान्त शब्द त आफनो वाच्य कर्ता वा कर्मको पहिलेको नियम (२०३) बमोजिम सबै लिङ्ग वचनहरूमा एकैनासको विशेषण भई विशेष्यको जस्तो लिङ्ग विभक्ति वचनमा प्रयोग गरिन्छ. अर्को विशेष्य नराखी त्यसैलाई विशेष्य बनाएमा त अर्थको अनुसारले विभक्ति वचनका प्रत्यय पनी जोडिन शक्छन्. जस्तैः—

'झुटो बोल्ने मानिसलाई पाप लाग्दछ. मुख लाग्ने चाकर घर भांएछ. राम्रो वस्तु मन हर्ने हुन्छ. मैले खाइने कुरामा माखा पऱ्यो. मलाई बोलाउंनेलाई डाक. पाप गर्ने मानिसलाई ईश्वरले सजाय गर्छन्. रामुले पढिने पुस्तक कुन हो ? इलम बढाउंने मानिस अलछी मान्ने हुंदैन'. इत्यादि.

(ख) कहीं कर्ता कर्म बाहेक अरू कारकलाई बुझाउंदा पनी ने प्रत्यय हुन्छ. कर्तृप्रधान-धातुबाट ने प्रत्यय भएमा सम्प्रदान बाहेक, कर्म-

---

भाषामा चलेको हुनाले त्यसैको संसर्गले कोही कोहीको लेखमा देखिन्छ. तर भाषामा त न्या को उच्चारण अप्रसिद्ध ने कै प्रयोग प्रसिद्ध हुनाले सोही बमोजीम ने प्रत्यय मानिएको छ.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

प्रधान-धातुबाट भएमा कर्ता बाहेक प्रायः सबै कारक बुझिन शक्छन्. भावप्रधानबाट पनी कर्ता कर्म बाहेक अरू कारकलाई बुझाउंदा त यो प्रत्यय हुन्छ. तर कर्तृप्रधानबाट ने प्रत्यय गरेमा अर्को विशेष्य नभएमा झट्ट कर्ता नै, कर्म-प्रधानबाट ने प्रत्यय गरेमा अर्को विशेष्य नभएमा झट्ट कर्म नै बुझिने हुनाले अरू कारकलाई बुझाउंदा प्रायः विशेष्यको प्रयोग आवश्यक छ. जुन कारकमा गरेको छ उ विशेष्य हुन्छ, अरू कारकमा आफना आफना नियम बमोजीम विभक्तिहरू हुन्छन्. यसरी अरू कारकलाई बुझाउंदा सबै धातुबाट प्रत्यय हुने नियम छैन, व्यवहारको अनुरोधले कोही कोही धातुको कोही कोही अर्थमा हुन्छ;[१] जस्तैः-

'खाने'–मानिस (कर्ता), कुरो (कर्म), हात (करण), थाल (अधिकरण); 'लड्ने'–मानिस (कर्ता), भरेङ (अपादान), ठाउं (अधिकरण); 'लेख्ने'–बांडा (कर्ता), पुस्तक (कर्म), कलम (करण), अड्डा (अधिकरण); 'पियाउंने'–मानिस (कर्ता), दूद (कर्म), चंचा (करण) ठाउं (अधिकरण). इ०

१ संस्कृतमा कर्तालाई बुझाउंदा 'तृच् अक' आदि प्रत्यय भई 'हर्ता (हर्ने) हारकः (हर्ने)' इत्यादि रूप, कर्मलाई बुझाउंदा 'तव्य, अनीयर्, एयत्' आदि प्रत्यय भई 'हर्तव्यं, हरणीयं, हार्यं (हरिने)' इत्यादि रूप हुने हुनाले कर्तृ-प्रधान र कर्म-प्रधानमा बेगलै प्रत्यय छन्; भाषामा त कर्तृ-प्रधान कर्म-प्रधान दुवैथरीमा 'ने' यो एकै प्रत्यय भई 'गर्ने गरिने' इत्यादि रूप हुन्छन्. संस्कृतको तृच् अक आदि प्रत्यय अरू कारक अर्थमा हुंदैनन् त पनी यहांको ने प्रत्यय मौकाको अनुसारले करण आदि अर्थ बुझाउंदा पनी हुन्छन्. संस्कृतमा करण अधिकरण अर्थमा ल्युट् प्रत्यय भई 'गोदोहनं (गाइ दुहुने भांडो), काष्ठव्रश्चनः कुठारः (काठ चिर्ने बंचरो)' इत्यादि रूप हुने ठाउंमा यहां अघि लेखिएको नु प्रत्यय हुंदैन, यही ने प्रत्यय भई 'दुहुने भांडो, चिर्ने बंचरो' इत्यादि प्रयोग हुन्छ.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

'खाइने'–भात (कर्म), भान्सा (अधिकरण); 'दिइने'–चीज (कर्म), बाहुन (सम्प्रदान), तीर्थ (अधिकरण); 'लडिने'– भरेङ (अपादान), बाटो (अधिकरण);, सुतिने'–खाट (अधिकरण); 'पियाइने'–दूद, बालक (कर्म), चंचा (करण), ठाउं (अधिकरण). इत्यादि.

यस्तै:–'कस्तो लडिने (अधिकरण) ठाउं छ. बांडालाई लेखाउंने (कर्म) पुस्तक. दान दिइने (संप्रदान] बाहुन. लडिने [अधिकरण] बाटोमा नहिंड. आफू बिग्रने [करण] काम नगर. ठुलो देखिने [करण] चश्मा खोज. जाने [करण] बाटो त्यही हो. त्यो कन्या भांट्ने [करण] पक्षमा हुन्छ. भात पकाउंने [अधिकरण] ठाउं लिप. बलि चढाइने [संप्रदान] देवता कडा हुन्छन्. पढ्नेले (कर्ता] दुःख गर्नु पर्छ. जन्मने [कर्ता] अवश्य मर्छ पढाउंने [कर्ता] नयां जन्म दिने [कर्ता] हुन्.' इ०

[ग] सो ने प्रत्ययान्त शब्दको 'सम्म जति' इत्यादि अव्यय संग जोडिई एक पद हुने ठाउंमा ने को बनला न हुन्छ. पद बेगलै भएमा त ने नै रहन्छ. अवधारण अर्थ बुझाउंदा ने को बदला न्यै हुन्छ, नै अव्यय मात्र पनी जोडिन शक्छ. जस्तै:–'हुनसम्म,[१] हुने सम्म. गर्नजति,

---

१ संस्कृतमा 'यावद्भाबि' भनेमा झैं 'हुनसम्म' इत्यादिमा हुने (कुरो) सम्म यस्तो अर्थ बुझिने हुनाले 'हुने' शब्दको विकार भएर 'हुन' यस्तो भएको हो; पछि कहिने न प्रत्ययान्त 'हुन' शब्दबाट त 'भवितुं' भनेमा झैं निमित्त अर्थ बुझिने हुनाले सो प्रत्ययान्त अव्यय जोडी 'हुनसम्म' यस्तो प्रयोग भएको होइन. यस्तै:— माथि 'नु' का प्रकरणमा लेखेको गर्नु गर्‍यो, गर्नु सम्म गर्‍यो' इत्यादिमा पनी संस्कृतमा 'कर्तव्यमकरोत्, यावत्-कर्तव्यमकरोत्' भनेमा झैं गरिने अर्थ बुझाउंने कर्म अर्थमा भएको नु प्रत्यय मानिएको छ, साधारण भावमात्र अर्थमा भएको सो नु प्रत्यय होइन.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

गर्ने जति. खाइनसम्म, खाइने सम्म खाइयो. कुट्नजति, कुट्ने जति कुट्यो. हुन्यै, हुने नै. गर्न्यै, गर्ने नै. जान्यै, जाने नै. म भन्न्यै थिएं. त्यहां खान्यै कुरो छ, यो काम गर्न्यै मानिस हो. हुनसम्मै, हुनसम्म नै, हुन्यैसम्म भयो इत्यादि.

(घ) यावत् अजन्त हलन्त धातुबाट कर्तृप्रधानको कर्ता अर्थमा, कर्मप्रधानको कर्म अर्थमा ने प्रत्यय भएमा 'थ्यो'[१] इत्यादि भूतकालिक सामान्य-क्रियाबोधक क्रियापद संग मिली एक पद हुंदा ने प्रत्ययको लोप हुन्छ. सो प्रत्ययको लोप भएमा सो धातुसाधित र क्रियापदको बीचमा माथि वर्तमान मा (२७१ नियममा) लेखेको जस्तै गरी निरनुनासिक अजन्त (अर्थात् व्यञ्जन नजोडेको खाली उकार अन्त्यमा हुने बाहेक अरू (अजन्त) धातुमा न् आगम नित्यै; अरू सानुनासिक अजन्तमा धातुको अन्त्य उकार नित्यै अनुनासिक भई विकल्पले द आगम समेत; हलन्त धातुमा विकल्पले त वा द आगम हुन्छ. 'थियो' इत्यादि क्रियापद राखेमा, वाच्य बाहेक अरू कारक बुझाउंने गरी ने प्रत्यय गरेमा, अवधारण अर्थ बुझाउंने न्यै यस्तो विकार भएमा पनी ने प्रत्ययको लोप हरू नभई भिन्नै पद हुन्छ. भिन्न पद भएमा भन्दा

'खान पिन गर' इत्यादिमा पनी संस्कृतमा 'पानभोजने कुरु' भनेमा झैं खानु पिउनु क्रिया मात्र बुझाउंने हुनाले भाव अर्थमा भएको नु प्रत्ययको विकार भएर 'न' भएको हो; निमित्त अर्थ नबुझिने हुनाले सो अर्थ बुझाउंने पछि कहिने न प्रत्ययान्त अव्ययको प्रयोग भएको होइन. इत्यादि उपपत्ति सूक्ष्म दृष्टिले विचार गर्नू

१ ने आदि प्रत्ययमा विकार भएको धातुसाधितसंग जोडिई एक पद हुने ठाउंमा 'थिएं, थियौं, थिइस्, थियौ, थियो, थिई, थिए, थिइन्' यी सामान्यक्रियाबोधक क्रियापदको 'थें, थ्यौं, थिस्, थ्यौ, थ्यो, थी, थे, थिन्' यस्तो स्वरूप हुने कुरा पछि संयुक्त क्रियापद प्रकरणमा लेखिनेछ. यस्तै– 'एको, तो, दो' प्रत्यय भएमा पनी जान्नू.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

एक पद भएमा केही विशेष अर्थ बुझिई संयुक्त भन्ने व्यवहार हुने, प्रकरणमा एक पद हुंदा 'हुन्नथ्यो' इत्यादि रूप हुने पनी विशेष पछि बुझिनेछ. जस्तैः —

'हुन्थ्यो (हुने थियो), जान्थें (जाने थिएं). दिन्थी (दिनेथिई). कुहुन्थ्यो (कुहुने थियो). गरिन्थ्यो (गरिने थियो). देखिन्थ्यौ (देखिने थियौ). दौडन्थ्यौ [दौडने थियौ]. पढाइन्थ्यो [पढाइने थियो]. आउंथ्यो, आउंदथ्यो [आउंने थियो]. पाउंथ्यौं, पाउंदथ्यौं [पाउने थियौं], सिउंथी, सिउंदथी [सिउने थिई] पढाउंथ्यो, पढाउंदथ्यो [पढाउंने थियो]. गर्थ्यो, गर्दथ्यो [गर्ने थियो]. भन्थ्यौं, भन्दथ्यौं [भन्ने थियौं]. लेख्थिस्' लेख्तथिस् [लेख्ने थिइस्]. शक्थी, शक्तथी [शक्ने थिई]. गर्ने काम थिएन. देखने चश्मा थियो. जान्यौं थियो. गर्न्यै थियो. हुन्यैं थिइस्.' इत्यादि.

३०५. कर्तृ-कर्म-प्रधान यावत् धातुबाट वर्तमानकालको क्रियाको कर्तृप्रधान-धातुमा कर्ता, कर्मप्रधान-धातुमा कर्म अर्थ बुझांउंदा तो, दो, प्रत्यय भई क्रियाबोधक विशेषण बन्दछन्. सामान्य वर्तमानको क्रियापदमा 'त' आगम हुने हलन्तमा तो,[१] 'द' आगम हुने हलन्तमा दो, अजन्तधातुमा

---

१ वर्तमानमा लेखे बमोजीम 'त, द' आगमको अनुसारले वर्गको प्रथम, द्वितीय, श्, ष्, स्, अन्त्यमा हुने हलन्त धातुबाट 'तो, दो' दोहोरै प्रत्यय; वर्गको तृतीय, चतुर्थ, पञ्चम, य्, र्, ल्, व्, अन्त्यमा हुने बांकी सबै हलन्त धातुबाट दो प्रत्यय मात्र हुन्छ. तर वर्तमानको रूपमा 'त, द' दोहोरै हुनेमा पनी 'द' भएको प्रयोग ज्यादा प्रसिद्ध नभए झैं यहां पनी 'तो दो' दोहोरै हुनेमा 'दो' भएको चाहीं ज्यादा प्रसिद्ध नहुने जान्नू. यसैले पाक्तो, जांच्तो, गर्दो, भन्दो, दौडंदो, गरिंदो' इत्यादि प्रयोग प्रसिद्ध छन्; 'पाक्दो, जांच्दो' इत्यादि त ज्यादा प्रसिद्ध छैनन्. यस कारण उदाहरणमा पनी एकोहोरै लेखिएका हुन्.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

धातुको अन्त्य स्वर अनुनासिक भई दो, प्रत्यय हुन्छ. सो प्रत्यय भएमा धातुको सामान्यरूप कहीं पनी बदलिदैन.[१] जःतैः —

कर्ता — तो– '[पाक्-तो] पाक्तो, जांच्तो, लुछ्तो, कुट्तो, सुत्तो, थप्तो, बस्तो, डश्तो, दुख्तो, लुक्तो, शोच्तो, खस्तो.' इत्यादि.

" दो– '[गर्-दो] गर्दो, बल्दो, भज्दो, पढ्दो, पुग्दो, लड्दो, काम्दो, नाघ्दो, बुझ्दो, सोध्दो.' इ०

" ँदो- '[दौड-दो] दौडंदो, बहंदो, खांदो, दिंदो, लिंदो, झकिंदो, हुंदो, रुंदो, कुहुंदो, सिउंदो, गराउंदो, सुनाउंदो.' इत्यादि.

कर्म— ँदो– '[गरि-दो] गरिंदो, भनिंदो, लेखिंदो, खाइंदो, पाइंदो, गराइंदो, सुनाइंदो, पढाइंदो, लाइंदो, जाइंदो.' इत्यादि.

[क] तो दो प्रत्यय[२] आफ्नो क्रियाको कर्ता वा जुन अर्थमा भएको छ

---

१ तो दो प्रत्यय भएमा 'गर्दो, देख्तो, गरिंदो' इत्यादिबाट संस्कृतमा 'शतृ शानच्' प्रत्यय भएका 'कुर्वन्, कुर्वाणः, पश्यन्, क्रियमाणः' इत्यादिमा झैं वर्तमान क्रियाको कर्तृ-प्रधानमा कर्ता, कर्म-प्रधानमा कर्म बुझिन्छ; भावप्रधानबाट त उंहां पनी त्यस्तो प्रत्यय नभए झैं, यहां पनी यो प्रत्यय हुंदैन. वाच्य बाहेक अरू कारक बुझाउंदा उहां पनी यहां पनी हुंदैन.

२ तो दो प्रत्यय हुंदा अजन्त जति यावत् धातुको अन्त्य स्वर अनुनासिक भई त्यसबाट दो प्रत्यय हुने, हलन्त जति यावत् धातुबाट अनुनासिक नभई कन तो वा दो प्रत्यय हुंने, नियमको सामान्य रूपले नै व्यवस्था भई 'दौडंदो, गरिंदो, कहंदो' इत्यादि एक छांटका 'भन्दो, गर्दो' इत्यादि एक छांटका देखिनाले, 'गर, भन' इत्यादिलाई पनी अजन्त मानेमा अनुनासिक हुने नहुने सजिलो नियम गर्न नशकिने हुनाले पनी 'दौड, कह' इत्यादि धातु अजन्त, 'गर, भन्' इत्यादि धातु हलन्त मान्नु उचित देखिन्छ.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

उसैको विशेषण भई विशेष्यको अनुसार लिङ्ग विभक्तिमा प्रयोग हुन्छ. सो प्रत्ययान्त शब्द ओकारान्त विशेषणको नियम [२०३] बमोजीम ओ, ई, आकारान्त भई तीन थरी हुन्छन्. यो तो दो प्रत्ययान्त-शब्द विशेषण भएर मात्र प्रयोग हुन्छ, विशेष्य भई विभक्ति वचन प्रत्यय जोडेर प्रयोग हुंदैन. विशेषण हुँदा पनी प्राय: विधेय-विशेषणै भई प्रयोग हुन्छ, उद्देश्य-विशेषण भई प्रयोग कम हुन्छ. त्यो उद्देश्य भएमा प्राय: एकलो हुन्छ, त्यसका अरू कारकहरू प्रयोग गरिदैनन्. सो तो दो प्रत्ययान्त क्रियाका कारकहरूमा आफना आफना नियम बमोजीमै विभक्तिप्रत्ययहरू हुन्छन्, कर्म कर्ता बाहेक अरू बुझिदैंन. जस्तैः– 'बल्दो आगो छुन शकिन्न. हामी पाठ घोक्ता छौं. म पढाउंदो छु, यी बिसंदा छन्. सेती माला गांथ्ती छन्. भात खाइंदो छ. पुराण सुनाइंदो छ, चेत हराउंदो छ. इ०

[ख] तो दो प्रत्यय भएमा अवधारण अर्थ बुझाउंदा ऐ भई सबै लिङ्ग बचनमा एकैनास हुने तै दै यस्तो हुन्छ. अवधारणार्थक भए पछि उद्देश्य-विशेषण भएर प्रयोग हुँदैन, कर्तृ प्रधानमा आफनो कर्ता, कर्म-प्रधानमा आफनो कर्मको क्रियान्वयी विधेय-विशेषण भई प्रयोग हुन्छ. तै दै प्रत्ययान्तको प्रधान क्रिया उही धातुबाट बनेको प्रकरण-क्रिया भएमा निश्चय अर्थ, अरू वा उही विधि-क्रिया भए सातत्य (निरन्तर हुनु) अर्थं आदि विशेष पनी बुझिन्छन्. जस्तै:—

'तिनीहरू कुरा गर्दै गए. त्यसले गर्दै गरेन. भन्दै नभनेको कुरा गर्‍यो. मलाई सुनाउंदै भनी. काव्य पढाइंदै थियो. तिमी जांदै गर. जांदै गइन.' इत्यादि.

[ग] यावत् अजन्त हलन्त धातुबाट कर्तृप्रधानको कर्ता अर्थमा कर्मप्रधानको कर्म अर्थमा 'तो, दो' प्रत्यय भएमा 'थ्यो' इत्यादि भूतकालिक सामान्य क्रियापद संग मिली एक पद हुँदा तो, दो प्रत्ययको लोप

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

हुन्छ. सो लोप भएमा पनी अघि ने प्रत्ययमा भए झैं निरनुनासिक अजन्तमा न् आगम नित्य, सानुनासिक अजन्तमा उकार अनुनासिक र द विकल्प, हलन्तमा त वा द विकल्प हुन्छ. सो तो, दो प्रत्ययको लोप विकार नहुनेमा भिन्न पदै हुन्छ. भिन्नपद भएमा भन्दा एकपद हुंदा अर्थविशेष बुझिई संयुक्त व्यवहार हुने प्रकरणमा विशेषरूप हुने इत्यादि विशेष पछि बुझिनेछ. जस्तैः— हुन्थ्यो[१] (हुँदो थियो).

१ 'ने' प्रत्यय र 'तो, दो' प्रत्ययको विकर भएमा 'हुने थियो, हुंदो थियो' यिनको 'हुन्थ्यो' यस्तो, 'प्राउने थियो, आउंदो थियो' यिनको 'आउंथ्यो वा आउंदथ्यो' यस्तो, 'गर्ने थियो, गर्दो थियो' यिनको 'गर्थ्यो वा गर्दथ्यो' यस्तो, दुवै थरीमा एकैनासको संयुक्तरूप हुने हुनाले 'ने' प्रत्ययको अथवा तो दो प्रत्ययको विकार भएको भनि झट्ट छुट्याउन मुस्कील देखिन्छ; तर, 'हिजो म गएको भए काम हुन्थ्यो (हुनेथियो.) तिमीले भनेको भए म गर्थें वा गर्दथें (गर्ने थिएं). म के यसरि कुट्थें वा कुट्तथें ? (कुट्ने थिएं). खानाको बन्दोबस्त भए यो पढ्थ्यो वा पढ्दथ्यो (पढ्ने थियो). मैले नडाकीकन तं आउंथिस् वा आउंदथिस् ? (आउंने- इस्)'. इत्यादि अर्को क्रियाको अपेक्षा भएको क्रिया प्रश्न इत्यादि विशेष अर्थ बुझिने वाक्यमा ने- प्रत्ययान्तको अर्थ मिल्ने हुनाले ने–प्रत्ययको विकार भएको; 'अघि मैले भेट्ता त्यो घरतिर जान्थ्यो [जांदो थियो]. तिमी आउंदा म चिठि लेख्थें वा लेख्तथें (लेख्तो थिएं). त्यस ताक म कौमुदी पढ्थें वा पढ्दथें [पढ्दो थिएं]. तिनीहरु यो काम गर्दै आउंथे वा आउंदथे (आउंदा थिए). पोहोर सम्म हामी माथि जान पउथ्यौं [पाउंदा थियौं]. अघिदेखि त्यो कराउंथ्यो वा कराउंदथ्यो (कराउंदो थियो)' इत्यादि सो क्रिया भइरहेको अवस्थारूप विशेष अर्थ बुझिने वाक्यमा तो दो–प्रत्ययान्त- को अर्थ मिल्ने हुनाले तो दो प्रत्ययको विकर भएको हो भनि अर्थका अनुसारले छुट्यानू.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

खान्थ्यौ (खांदा थियौ). सुत्थिन् सुत्तथिन् (सुत्ती थिइन्). बस्थें, बस्तथें (बस्तो थिएं). जान्थ्यौ, जान्दथ्यौ (जान्दा थियौ). पढ्थी, पढ्दथी (पढ्दी थिई). लेख्थिस्, लेख्तथिस् (लेख्तो थिईस्). आउंथ्यो, आउंदथ्यो (आउंदो थियो). पाउंथें, पाउंदथें (पाउंदो थिएं). पढाउंथ्यौ, पढाउंदथ्यौ (पढाउंदा थियौ). सिउंथ्यो, सिउंदथ्यो (सिउंदो थियो). गर्दै थियो. खादै थिइस्. वस्तै आएं.' इत्यादि.

[घ] काल थाहा भएको केही क्रिया देखाई त्यसको द्वारा अर्को क्रियाको काल बुझाउंदा काल थाहा दिने क्रिया बुझाउंने धातुबाट तो दो प्रत्यय गरेमा तो दो का बदला ता दा हुन्छ; त्यो ता दा प्रत्ययान्तमा मा प्रत्यय विकल्पले जोडिन्छ. ता दा प्रत्ययान्त-क्रिया कर्तृ-प्रधान भए सकर्मकको कर्तामा ले विकल्प, कर्ममा द्वितीया, अकर्मकको कर्तामा ले को नित्यै लोप; कर्म-प्रधान भए कर्तामा ले नित्य, कर्ममा द्वितीयाको नित्यै लोप हुन्छ. ता दा प्रत्ययान्तमा मा प्रत्यय लोप गरेमा काल बुझाउंने 'खेरि, देखि, सम्म' भन्दा' इत्यादि अव्यय जोडिंदैनन्, अवधारण अर्थ बुझिंदा त ता दा का बदला तै दै हुन्छन्, तर तै दै भएमा 'मा' प्रत्यय नित्यै जोडिन्छ. खेरि आदि शब्द जोडेमा त अवधारणमा पनी मा को नित्यै लोप हुन्छ. जस्तैः—'म (मैले) भात खादा (मा), मैले भात खाइदा (मा), त्यो गयो. मैले छोरालाई बोलाउंदा [मा] आएन. बाह्र बज्दा [मा] पुगें. म बस्ता (मा) त्यो निस्कयो. त्यो जादा खेरि उ थिएन. आठ बज्दा सम्म सुतिरहन्छ. सांझ पर्दा देखि पहिले आउ. आधा रात हुंदा भन्दा पछि बिउंभयो. पढ्न बस्तैमा उङ्छ. पाठ सुनाउंदैमा चुटाइ खायो. त्यो उठ्तैमा लड्छ. ढल्कांउदै खेरि बाझियो. बोलाउंदै देखि रुन्छ' इत्यादि.[१]

---

१ 'म बस्ता, मैले गर्दा, म देखिंदा' इत्यादिबाट संस्कृतमा 'मयि वसति, मयि कुर्वाणे, मयि दृश्यमाने' भनेर 'शतृ, शानच्' भएको विशेषणमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

३०६. कर्तृ-कर्म-प्रधान यावत् धातुबाट भूतकालको क्रियाको अकर्मक कर्तृ-प्रधानमा कर्ता, सकर्मक कर्तृप्रधानमा प्रायः कर्म, कर्म-प्रधानमा कर्म अर्थ बुझाउंदा एको[१] प्रत्यय भई क्रियाबोधक विशेषण बन्दछन्. सो एको प्रत्यय भएमा सामान्यरूप सामान्य-भूतकालमा हुने बमोजीम हुन्छ[२]. जस्तैः-

---

सति-सप्तमी गरेमा झैं 'म बस्तामा, मैले गर्दामा, म देखिंदामा' इत्यादिकै बराबर अर्थ बुझिने हुनाले यस्ता प्रयोग मा को लोप भएमा भएका हुन्, अरू किसिमका होइनन्.

१ संस्कृतमा अकर्मक धातुबाट कर्तालाई बुझाउंदा, सकर्मक धातुबाट कर्मलाई, कहीं कहीं कर्तालाई बुझाउंदा 'क्त' प्रत्यय भएका 'गतः, शयितः, भक्षितः, दृष्टः, प्राप्तः, आरूढः' इत्यादिमा झैं यहां पनी अकर्मकबाट कर्तामा, सकर्मकबाट कर्ममा कहीं कहीं कर्तामा 'एको' प्रत्यय भई 'गएको, सुतेको, खाएको, खाइएको, देखेको, देखिएको, पाएको, पाइएको, चढेको, पुगेको' इत्यादि प्रयोग हुन्छ. संस्कृतमा नु प्रत्यय गरेमा झैं भाव मात्र अर्थमा, कहीं अधिकरण अर्थमा पनी हुन्छ, तर यहां भाव मात्र बुझाउंदा हुँदैन. कहीं अधिकरण आदि अरू अर्थ बुझाउंदा हुन्छ. संस्कृतमा 'क्तवतु' प्रत्यय भएका 'गतवान्, भुक्तवान्, भूतवान्' इत्यादि शब्द त भूत कर्तालाई मात्र बुझाउने, एको प्रत्यय त भूत कर्मलाई बुझाउंदा पनी हुने हुनाले केही फरक छ; कर्तामा गरेमा त एकै अर्थ बुझिन्छ.

२ कोही कोही एको प्रत्ययको बदलामा कहीं कहींको पहाडीभाषाको अनुसारले 'याको, येको' प्रत्यय मानेर, (भन्-याको) भन्याको, देख्याको, सुत्याको, गयेको, भयेको' इत्यादि व्यवहार गर्दछन्. तर याको मानेमा गयाको, भयाको' इत्यादि कोही अजन्त धातुको रूपमा केही अंश मिल्ने जस्तो देखिए पनी यही बमोजीम अरू धातुको 'देख्याको,सुत्याको,सप्याको' इत्यादि रूप मानेमा देशभाषाको उच्चारण संग बिलकुल नमिल्ने; एको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कर्ता-'(बस् एको) बसेको, सुत्-सुतेको, पाक्-पाकेको, उठ्-उठेको, दौड-दौडेको, सप्र-सप्रेको, बह्-बहेको जा-गएको, र्फाक- र्फाकिएको हु- भएको नुहु-नुहेको' आउ-आएको, धाउ-धाएको.' इत्यादि.

कर्म-'भन्-भनेको, देख्-देखेको पढ्-पढेको, कह्-कहेको, खा-खाएको, ला-लगेको, दि-दिएको, लि-लिएको, गरि-गरिएको, लेखि-लेखिएको, गराइ-गराइएको, पढाइ-पढाइएको, धु-धोएको, छु-छोएको, दुहु-दुहेको, पाउ-पाएको, गराउ-गराएको, दियाउ-दियाएको'. इ[१] ०

मानेमा ये र ए को उच्चारण एकै छांटको हुनाले अजन्त सामान्य-रूप हुनेमा 'गयेको, दियेको' इत्यादि रूप मिलेको जस्तो देखिए पनी सोही बमोजीम हलन्त सामान्यरूप हुनेमा 'देख्येको, भन्येको, कुह्येको, गऱ्येको' इत्यादि त कहीं पनी व्यवहार नगरी 'देखेको, भनेको' इत्यादि नै व्यवहार गरिने; कहीं 'य्' को लोप माने पनी गौरव पर्ने; एको प्रत्यय मनेमा त '(गर्-एको) गरेको, भनेको, देखेको, सुतेको, कुहेको, गएको, भएको, दिएको' इत्यदि रूप यावत् हलन्त अजन्त धातुमा मिल्ने, व्यवहारको उच्चारण संग पनी दुरुस्त मिल्ने; यो प्रत्ययको विकार हुने शब्दमा पनी एको मानेमा 'गरेछ, गरेथ्यो, गरेसम्म, भने पनी, देखेमा' इत्यादि रूपमा पनी मिल्ने; 'याको येको' मानेमा त 'गऱ्याछ, गऱ्याथ्यो, गऱ्यासम्म, गऱ्या-पनी, देख्यामा, गऱ्येछ, गऱ्येथ्यो, गऱ्येसम्म, गऱ्येपनी, देख्येमा' इत्यादि व्यवहार नहुनाले नमिल्ने; व्यवस्था पनी हुनशक्ने प्रसिद्ध व्यवहार पनी कायम रहने कुरा छोडी कहीं कस्तै कहीं कस्तै मान्नु पनी बेठीक हुनाले एको प्रत्ययै मानिएको हो.

१ गर् भन् इत्यादि धातुलाई अजन्त मान्नेहरूलाई यो प्रत्यय हुंदा, यस्तै पछिका ई एर इत्यादि अजादि प्रत्यय हुंदा पनी अकारको लोप मान्नु पर्ने देखिनाले उच्चारणको अनुरोध नराखेमा पनी थोरै ठाउंमा लोप मान्नु भन्दा हलन्त मान्नु उचित देखिन्छ.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(क) एको प्रत्ययान्त शब्द आफ्नो क्रियाको कर्ता वा कर्म जुन अर्थमा भएको छ उसको विशेषण भई विशेष्य बमोजीम लिङ्ग विभक्तिहरूमा ओकारान्त विशेषणको नियम (२०३) बमोजीम ओ-ई आकारान्त तीन थरी भई प्रयोग हुन्छ. कर्ममा भएमा कर्ता तृतीयान्त, कर्तामा भएमा कर्म भए द्वितीयान्त हुन्छ; अरू कारकमा केही फरक हुंदैन. त्यसैलाई विशेष्य तुल्याएमा विभक्ति वचनका प्रत्यय पनी हुन्छन्. जस्तैः—'तिमीले पढेको पाठ सुनाऊ. देवचन्द्र घर गएको छ बाहुनहरू ढोकामा आएका छन्. मैले गोविन्दलाई बोलाएको छु. पार्वती शिवको खूप मन परेकी छन्. मेरी छोरी बिहा भएकी छ. पढेकाले केहीनकेहीं काम दिन्छ. इलम नभएकालाई कोही गर्दैनन्.' इत्यादि.

(ख) कहीं कहीं कर्ता कर्म बाहेक अरू कारकलाई बुझाउंदा पनी एको प्रत्यय हुन्छ. तर सकर्मकमा प्रायःकर्म,अकर्मकमा प्रायः कर्ता झट्ट बुझिने हुनाले अरू कारकलाई बुझाउंनु पर्दा प्रायः विशेष्यको प्रयोग गर्नु आवश्यक छ. जुन कारकमा प्रत्यय गरेको छ उ विशेष्य हुन्छ, अरू कारकमा आफना नियम बमोजीम हुन्छन्. यसरी सबै धातुबाट सबै कारकलाई बुझाउंदा—'एको' प्रत्यय हुने नियम छैन, व्यवहारको अनुरोधले कहीं कहीं हुन्छ. माथि लेखे बमोजीम कर्ता कर्म अर्थ बुझाउंदा प्रायः सबै त धातुदेखि हुन्छ. जस्तैः -

'पढेको'- मानिस (कर्ता), पाठ (कर्म), मुख (करण), पाठशाला (अधिकरण); 'बसेको'--मानिस (कर्ता), ठाउं (अधिकरण); 'हिंडेको' —मानिस (कर्ता), ठाउं (अपादान); बाटो (करण); 'दिएको' –माल (कर्म), बाहुन (संप्रदान), तीर्थ (अधिकरण), हात (करण) इत्यादि. यस्तैः-'म काशी गएको (अपादान) घर त्यो हो. डढेको (कर्ता) भात खान हुंदैन. जानेको नसुनेको (कर्म) कुरा म के भनूं. रामु घर गएको (कर्ता) छ. हिजो गएको (अधिकरण) ठाउंमा जाऊ. मैले काम गरेको (कर्ता) छु. मैले यो काम गरेको (कर्म) छु. यो पढेको गुनेको (कर्ता)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

छैन. यसले पढेको गुनेको [कर्म] केही छैन. हामीले भनेका [कर्ता] छौं. हामीले यो कुरा भनेको [कर्म] छ. हामी देखेका सुनेका [कर्ता] छौं' इत्यादि.

(ग) सकर्मकमा कर्म, अकर्मकमा कर्ता अर्थ बुझाउने एको प्रत्ययान्त शब्दको ,जति, सम्म, तक, पट्टि, तर्फ,' इत्यादि केही अव्यय संग जोडिई एक पद हुने ठाउंमा, कहीं कालबोधक आदि कोही विशेष्य संग जोडिने ठाउंमा को लोप भई ए मात्र बांकी रहन्छ; बेगलै पद भएमा त प्रत्यय साबुतै रहन्छ. अवधारण अर्थ बुझाउंदा लोप गरेकोमा यै, नगरेकोमा ऐ जोडिन्छ; नै अव्यय मात्र पनी जोडिन्छ. जस्तैः— पढेसम्म[१]. पढेको सम्म. भनेजत्ति, भनेको जति. गरेतक, गरेको तक. गएपट्टि. गएको पट्टि लेखेतर्फ, लेखेकोतर्फ. भनेझैं, भनेको झैं. भएनेर, भएको नेर. पढ्यैसम्म, पढेकै सम्म, पढेसम्मै, पढेसम्म नै, पढेको सम्म नै'. इत्यादि.

[घ] सकर्मक वा अकर्मक कर्तृ-प्रधानबाट कर्ता, कर्म-प्रधानबाट कर्म अर्थमा भएको अजन्त हलन्त सबै धातुका एको प्रत्ययान्त शब्दको वर्तमानको सामान्य-क्रियाबोधक 'छु' इत्यादि, प्रतिज्ञाबोधक 'हुं इत्यादि, भूतको सामान्य-क्रियाबोधक विकार भएका 'थ्यो' इत्यादि क्रियापद संग मिली एक पद हुने ठांउमा 'को, का' हुने ठाउंमा ए मात्र, 'की' हुने ठाउंमा इ मात्र बाकी रही, 'छस् होस् थिस्' संग जोडेमा त 'को,

---

१ संस्कृतमा 'यावत्पठितम्, उपपठितम्' इत्यादि भनेमा झैं 'पढे सम्म, पढेनेर' इत्यादिबाट 'पढेको सम्म, पढेको नेर, इत्यादिको बराबरै अर्थ बुझिने हुनाले एको प्रत्ययको विकार भएर ए बाकी रहेको हो. पछि कहिने ए प्रत्ययबाट त 'पठेच्चेत्' भनेमा झै 'पढे भने' इत्यादिमा सङ्केत' अर्थ बुझिने, सो अर्थ यहां नमिल्ने हुनाले सो ए प्रत्यय भई 'पढेसम्म' यस्तो भएको होइन.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

का' का ठाउंमा पनी इ भई अरु वर्ण लोप हुन्छन्. भावप्रधानबाट पनी कर्म-प्रधानको बमोजीम हुन्छ, तर प्रतिज्ञार्थक जोडेमा हुंदैन; अरुमा पनी एकवचनमा मात्र प्रयोग हुन्छ. 'छु, हुं, थियो' इत्यादि क्रियापद राखी वेगलै पद गरेमा र अवधारणमा ऐ भएमा त केही विकार हुंदैन. एक पद भई जोडिने ठाउंमा परोक्षता (क्रिया नदेखिनु) आदि विशेष अर्थ हुने पछि बुझिने छ. जस्तै:-

'गएछु (गएको छु). सुतेछौं (सुतेका छौं). भनिछस् (भनेको छस्). गएछ (गएको छ). गरेछन् (गरेका छन्). गएहुं (गएको हुं). गइहोस् (गएको होस्). भनेव्हौ (भनेका व्हौ). खाईहुं (खाएकी हुं) गरेहुन् (गरेका हुन्). दिइहोस् (दिएको होस्). गएथ्यो (गएको थियो). भनि-थिस् (भनेको थिइस्), खाएथें (खाएको थिएं), गरीथी (गरेकी थिई). आईथिस् (आएकी थिइस्). उठिएछ (उठिएको छ) सुतिएथ्यो (सुतिएको थियो).' इत्यादि.

(ङ) (ता दा[१] भएमा भैं) केही क्रियाको कालबाट अर्को क्रियाको काल बुझाउंदा काल बुझाउने क्रियालाई कहने धातुबाट एको प्रत्यय भएमा 'को, का, की' को लोप हुन्छ. त्यस संग मा प्रत्यय नित्यै जोडिन्छ. त्यस क्रियाका कारकमा अकर्मकको कर्तामा ले को प्रायः लोप, सकर्मकको कर्तामा ले, कर्ममा द्वितीया हुन्छ. अवधारण अर्थ बुझिंदा यस्तो प्रयोग हुंदैन. त्यस शब्द संग अर्को अव्यय जोडिएमा मा को लोप हुन्छ. जस्तै:-'म गएमा त्यो आयो. मैले त्यसलाई

१ माथिका 'जांदा, बस्ता' इत्यादि ता दा प्रत्ययान्त र, यहांका 'गएमा, भनेमा' इत्यादि को लोप भएका शब्दमा बेगलै किसिमको अव्यय प्रत्यय माने पनी हुने देखिन्छ, तर यस्तामा मा को प्रयोग पनी हुने, संस्कृतमा पनी यस्तामा सति-सप्तमी मानिएको हुनाले 'तो, दो, एको' प्रत्ययको विकार भएको मानिएको छ.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

बोलाएमा आएन. यसो भनेमा यो दोष हुन्छ. मैले जान आटेमा नरोक. त्यो आएमा थिइन. तिनले डाकेमा जान् शकिनं.'इ०

३०७. कोही हलन्त धातुबाट त्यस क्रियाको अकर्मकमा प्राय: कर्ता, सकर्मकमा प्राय: कर्म अर्थ बुझाउंदा उवा प्रत्यय भई क्रियाबोधक विशेषण बन्दछन् यो प्रत्यय भएमा धातुको सामान्यरूप कहीं पनी बदलिदैन. दुइ वर्ण हुने धातुमा पहिलो स्वर आ भए त्यसको बदला अ पनी हुन्छ. जस्तै –

'(सर्-उवा) सरुवा, चल्-चलुवा, मर्-मरुवा, खोस्-खोसुवा, ढाल्-ढलुवा, नाच्-नचुवा, थप्-थपुवा, काट-कटुवा, लड्-लडुवा, गड्-गडुवा, उड्-उडुवा, छर्-छरुवा, हग्-हगुवा, हिंड्-हिंडुवा, डुल-डुलुवा, कुर्-कुरुवा, बाझ्-बझुवा, मुत्-मुतुवा; छेर्-छेरुवा, हेर्-हेरुवा.'-इत्यादि.

(क) उवा प्रत्ययान्त आफनो क्रियाको कर्ता वा कर्म जुन अर्थलाई बुझाउंछ, उसको विशेषण भई विशेष्यका अनुसारले लिङ्ग वचन विभक्ति भई प्रयोग हुन्छ. स्त्रीलिङ्गमा (२०३) नियम बमोजीम ईकारान्त हुन्छ. विभक्ति वचनको प्रत्यय जोडेर विशेष्य पनी हुन सक्छ. उवा प्रत्ययान्तबाट कहीं सो क्रिया ज्यादा भएको आदि विशेष पनी बुझिन्छ. जस्तै:-

कर्ता अर्थ– सरुवा रोग खराप हुन्छ. चलुवी (धेरै चल्ने) केटीलाई यहां नराख. यो खूप नचुवी छ. म बेरामी कुरुवा छु. यी खूप लडुवा छन्.' इत्यादि.

कर्म अर्थ–'खोसुवालाई संभाऊ. ढलुवा भांडो बलियो हुन्छ. यसलाई छरुवा (छरिने कोढी) ले बिगाऱ्यो. नाक कटुवा भइस्.' इत्यादि.

३०८. केही कर्तृ-प्रधान धातुबाट त्यस क्रियाको प्राय: कर्ता अर्थ बुझाउंदा ऐया प्रत्यय भई क्रियाबोधक विशेषण बन्दछन्. यो प्रत्यय

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भएमा हलन्त धातुमा सामान्यरूप बदलिंदैन; अजन्त धातुमा अनेकाक्षरमा सामान्य भूतकालमा हुने बमोजीम, एकाक्षरमा आ-इ-उ-कारान्तको अ-ए-ओ-कारान्त सामान्यरूप हुन्छ. अनेकाक्षर व्यञ्जन नजोडेको उकारान्तको भूतमा हुने आ-इ-कारान्त सामान्यरूपको बदला अ-ए-कारान्त बन्दछ. यो प्रत्यय भएमा अजन्त सामान्यरूप भएमा सामान्यरूप र प्रत्ययको बीचमा व् आगम पनी थपिन्छ. यो प्रत्यय पनी सबै धातुबाट हुने नियम छैन. सबै बिशेष व्यवहारबाट बुझिन्छ. जस्तैः—

'गर्-गरैया, बस-बसैया, पढ्-पढैया, लेख्-लेखैया, खा-खवैया, जा-जवैया, दि-देवैया, लि-लेवैया, हु-होवैया, छु-छोवैया, रु-रोवैया, नुहु-नुहैया, दुहु-दुहैया, गाउ-गवैया, लाउ-लवैया, सिउ-सेवैया, गराउ-गरवैया, बनाउ-बनवैया.' इत्यादि.

(क) ऐया प्रत्ययान्त पनी आफ्नो वाच्यको विशेषण भई विशेष्य बमोजीम लिङ्ग विभक्तिहरूमा प्रयोग हुन्छ. स्त्रीलिङ्गमा (२०३) नियम बमो-जीम स्त्रीप्रत्यय नभई सबैं एकैनास हुन्छ. विशेष्य तुल्याएमा विभक्ति वचनका प्रत्यय पनी जोडिन्छन्. कारकमा पनी प्रायः केही विशेष फरक हुँदैन. कहीं षष्ठी पनी हुन्छ. यो प्रत्यय भएमा अतिशय (ज्यादा) निन्दा उपहास आदि विशेष अर्थ पनी कहीं बुझिन्छ. जस्तैः— 'खवैया रामको देवैया पूत हुन्छ. यी गवैयाले गाएको राम्रो छ. यो मानिस डोको बोकैया चुरोट खवैया छ. खवैयालाई देऊ. दर्बारको बसैया बदमासी गरैयालाई निकाल.' इत्यादि.

३०९. कोही हलन्त धातुबाट त्यस क्रियाको कर्तालाई बुझाउंदा आहा, औवा, अन्त, अक्कड इत्यादि प्रत्यय भएर पनी क्रियाबोधक विशेषण बन्दछन्. सबै प्रत्यय सबैमा हुने नियम छैन, चलन हेरी कोही कहीं, कोही कहीं हुन्छन्. विशेषण भएमा विशेष्यको बमोजीम हुन्छ, कहीं विशेष्यै पनी हुन्छ. धातुको सामान्यरूप कहीं पनी फरक हुँदैन.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

आहा प्रत्यय भएमा सो क्रियामा केही निन्दा, औवा प्रत्यय भएमा सो क्रियामा केही प्रशंसा, अन्त, अक्कड प्रत्यय भएमा सो क्रियामा केही अतिशय आदि विशेष अर्थ पनी व्यवहार अनुसार बुझिन्छन्. औवा, अन्त प्रत्यय भएमा कहीं कर्म अर्थ पनी बुझिन्छ. कारकमा पनी प्रायः विशेष केही हुंदैन. दुइ वर्ण हुनेमा आदि स्वर आ भए त्यसको बदला अ पनी हुन्छ. जस्तैः-

आहा-- 'दबाहा, पोलाहा, सुताहा, मिचाहा, लुटाहा, दलाहा, जोताहा' इत्यादि.

औवा-- 'गरौवा, देखौवा, लेखौवा, बोलौवा, दलौवा.' इ०

अन्त-- 'गडन्त, बुडन्त, उडन्त, घुमन्त, फिरन्त, मगन्त, सडन्त.' इत्यादि.

अक्कड-- 'बोलक्कड, बुझक्कड, सुतक्कड, मुतक्कड.' इ०

यस्तैः- 'यो कस्तो सुताहा रहेछ. पोलाहाले पाउंछ. झगडा बोकाहालाई सजाय गर. यस्तो मिचाहा को होला. यो खूप काम गरौवा छ. देखौवा कुरानगर. यी मगन्त छन्. घुमन्त फिरन्त मानिस धेरै कुरा जान्दछन्.सुताहीलाई उठाऊ. यो खूप बोलक्कड छ. यो जस्तो सुतक्कड कोही छैन.रामु बुझक्कड छ.' इत्यादि.[१]

(क) उवा, ऐया, आहा औवा, अन्त, आदि प्रत्यय भएमा पनी अव-

---

१ यी धेरै धातुमा मिल्ने किसिमका प्रत्यय बाहेक एक दुइ धातुमा मात्र हुने देखिएका प्रत्यय पनी छन्; ती अरू किसिमका कारकलाई बुझाउंने कोही नाम कोही विशेषण भएका पनी हुन्छन्. धेरै धातुमा नहुने हुनाले यहां नलेखिए पनी व्यवहारबाट बुझ्नू. जस्तैः- 'चाल्-अनी चलनी (चाल्नाको करण). ढाक्-अनी ढकनी (ढाक्नाको करण). कतर्-अनी कतरनी (कतर्नाको करण)'. इ०

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

धारण अर्थ बुझाउंदा आकारान्त जति ऐकारान्त हुन्छन्; नै मात्र पनी जोडिन्छ. जस्तै:-

'चलुवै, चलुवा नै. ढलुवै, ढलुवा नै. गरैयै, गरैया नै. गवैयै, गवैया नै. सुताहै, सुताहा नै. पोलाहै, पोलाहा नै. गरोवै, गरोवा नै. घुमन्तै, घुमन्त नै. मगन्तै मगन्त नै. सुताही नै. देखौवी नै'. इ०

(३) अव्यय.

२१०. सबै किसिमका प्रायः यावत् धातुबाट कुनै कारक पनी नबुझाई पूर्व-क्रिया आदि (अर्थात् प्रधानक्रिया भन्दा पहिले भएको क्रिया आदि) अर्थ बुझांउंदा ई, एर[1] प्रत्यय भई क्रियाबोधक अव्यय बन्दछन्. यी दुवै प्रत्यय भएमा धातुको सामान्यरूप भूतकालमा हुने बमोजीम हुन्छ.

जस्तै: - (गर्-ई) गरी, (गर्-एर) गरेर; बस्-बसी, बसेर; भन्-भनी, भनेर; पढ्-पढी, पढेर; सप्र-सप्री, सप्रेर; सह-सही, सहेर; खा-खाई, खाएर; जा-गई, गएर; ला-लगी, लगेर; दि-दिई, दिएर; लि-लिई, लिएर; झकि-झकिई, झकिएर; गरि-गरिई, गरिएर; भनि-भनिई, भनिएर; भइ-भइई, भइएर; गराइ-गराइई, गराइएर; पठाइ-पठाइई,

१ कोही कोही 'ई, एर' को बदलामा 'यी, येर' प्रत्यय मानेर 'खायी, गयी, खायेर, गयेर' इत्यादि पनी लेख्तछन्. तर त्यस्तो प्रत्यय मानेमा हलन्त सामान्यरूप हुनेमा पनी सोही बमोजीम सुन्येर, जांच्येर, काटच्येर, सुन्यी, जांच्यी, काटच्यी, इत्यादि लेख्नु पर्ने त्यस्तो लेख उच्चारण दुवैमा प्रसिद्ध नभएको देखिनाले र, अजन्त सामान्यरूप हुनेमा मात्र यकार थपिने नियम मानेका पक्षमा पनी गौरव पर्ने हुनाले अजन्त हलन्त सबै धातुमा मिल्ने उच्चारण परी फरक नपर्ने हुनाले 'ई, एर' प्रत्ययै मानी 'भई, भएर, गरी, गरेर' यस्तै लेख्नु उचित देखिन्छ.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पठाइएर; हु–भई, भएर; रु–रोई, रोएर; पाउ–पाई, पाएर; आउ–आई, आएर; गराउ–गराई, गराएर; पढाउ–पढाई, पढाएर. इ०

(क) ई, एर प्रत्ययान्त-शब्द अव्यय हुनाले यिनका लिङ्ग, वचन, विभक्ति-हरू केही हुंदैनन्. यिनबाट क्रिया मात्र बुझिने कुनै कारक पनी नबुझिने हुनाले यिनका कारकमा आफना आफना नियम बमोजीम विभक्ति हुन्छन्. जस्तैः—

'ईश्वरलाई भजी (भजेर) पुण्य पाइन्छ. पढी (पढेर) बुद्धिको मैल हटाऊ. त्यहां गई (गएर) यो काम गर. भांडामा हाली(हालेर) आऊ. तिनलाई दिई (दिएर) बेस भयो. रूखबाट खसी (खसेर) जमीनमा पऱ्यो. त्यसले काम गरी (गरेर) आयो.' इत्यादि.

(ख) 'ई, एर' प्रत्यय हुंदा कहीं पूर्व-क्रिया (अर्थात् प्रधान-क्रिया भन्दा अगाडि भएको क्रिया) बुझिन्छ; कहीं हेतु-क्रिया (अर्थात् प्रधान-क्रियाको कारण भएको क्रिया) बुझिन्छ; कहीं समान-क्रिया (अर्थात् प्रधान-क्रियाको समान अवस्था भएको क्रिया) समेत बुझिन्छ. पूर्व-क्रिया र समान-क्रिया बुझिदा ती प्रधान अप्रधान दुवै क्रियाको कर्ता प्रायः एउटै हुन्छ, हेतु-क्रिया बुझिदा त कर्ता[१] बेगलै पनी हुन्छ.

---

१ इ. एर प्रत्यय भएका 'गई, गएर, खाई, खाएर' इत्यादिबाट संस्कृतमा 'क्त्वा' भएका 'गत्वा, भुक्त्वा' इत्यादिबाट झैं प्रधानक्रियाको पूर्व-क्रिया बुझिन्छ, कहीं 'मुखं व्यादाय स्वपिति' (मुख बाएर सुत्छ) इत्यादिमा समान-क्रिया, 'रामः संकुध्य नागच्छत्' (रामु रिसाएर गएन) इत्यादिमा हेतुक्रिया पनी बुझिन्छ. तर संस्कृतमा एर-ईको बदलामा हुने 'क्त्वा' प्रत्यय त 'रामो गत्वा गोविन्दो भुङ्क्ते' (रामु गएर गोविन्द खान्छ) यस्तो नहुने हुनाले प्रधान अप्रधान दुवै क्रियाको कर्ता एकै भए मात्र हुने नियम छ त पनी भाषामा कारण कार्य परेका ठाउंमा कर्ता भिन्न पारेर पनी धेरै व्यवहार हुने देखिनाले यस्ता जगामा संस्कृतमा भन्दा केही फरक देखिन्छ.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कर्म आदि त सबैमा एकै बेगलै जे भए पनी हुन्छ जस्तैः—

पूर्व—'रामु पढेर आयो. (रामुले पहिले पढ्यो अनि सो आयो). म भात खाएर जान्छु. (म पहिले खान्छु अनि जान्छु). गोविन्द मलाई कुटी दगुऱ्यो. (गोविन्दले पहिले कुट्यो अनि त्यो दगुऱ्यो).' इत्यादि.

हेतु— 'म गएर त्यो आयो. (म जानाले त्यो आयो). कालू रिसाएर गएन. (कालू रिसाउनाले गएन). म आई तेरो के नोक्सान भयो. (म आउनाले के नोक्सान भयो).' इ०

समान—'यो मुख बाएर सुत्तछ. (यसले मुख बाउंनु र सुत्नु समान अवस्था मा गर्छ). गोविन्द हल्लेर पढ्छ. (गोविन्द हल्लंदै पढ्दै गर्छ). यो ढल्की हिड्छे, (यो ढल्कदै हिंड्दै गर्छे)'. इ०

(ग) ई, एर प्रत्यय हुँदा बुझिने 'यसो भएर' भन्ने अर्थ स्पष्ट गरी बुझाउंन ई—प्रत्ययान्त सँग 'कन, वरी' आदि अव्यय पनी जोडिन्छन्; प्रत्ययहरूमा विकार त केही हुंदैन; कहीं 'वरि, कन' दुवै पनी जोडिन्छन्. एर प्रत्ययान्त संग कोही अव्यय पनी जोडिएर प्रयोग हुंदैन. तर 'वरि' यो अव्यय पूर्व-क्रिया बुझिएमा मात्र जोडिन्छ, 'कन' त पूर्व, समान, हेतु, तीनै थरी क्रिया बुझिदा जोडिन शक्छ. अवधारण अर्थमा एर प्रत्ययान्तमा ऐ नै दुवै, ई—प्रत्यायान्तमा 'वरि' जोडेर नै मात्र, 'कन' जोडेर ऐ नै दुवैको प्रयोग हुन्छ. अव्यय नजोडी ई प्रत्ययान्तमा अवधारण बुझिदैन. जस्तैः—

'गई, गईकन, गईकनै, गईकन नै, गएरै, गएर नै, गईवरि, गईवरि नै, भनी, भनीवरि, भनीकन, भनीवरि नै, भनीकनै, भनीकन नै, भनेर नै भनेरै, खाईवरिकन.' इ०

३११. सबै किसिमका प्रायः यावत् धातुबाट कुनै कारक पनी नबुझाई उत्तर-क्रिया मात्र अर्थात् प्रधान-क्रिया भन्दा पछि भएको क्रिया अर्थ बुझाउंदा न प्रत्यय भई क्रियाबोधक अव्यय बन्दछन्. सो प्रत्यय भएमा धातुको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सामान्यरूप कहीं पनी बदलिंदैन. जस्तैः—

'(गर्-न) गर्न, भन्न, देख्न, सुत्न, सप्रन, बहन, जान, खान, लान, दिन, झर्किन, गरिन, खाइन, गराइन, पठाइन, हुन, रुन, नहुन, दुहुन, आउंन, पाउंन, गराउंन, दिया (ला-आ)उंन, पढाउंन.' इत्यादि.

(क) सो न-प्रत्ययान्त शब्द पनी अव्यय हुनाले तिनका लिङ्ग वचन आदि हुंदैनन्. यिनबाट क्रियामात्र बुझिई कारकहरू केही नबुझिने हुनाले आफना आफना नियम बमोजीम कारकमा विभक्तिहरू हुन्छन्. जस्तैः–

'म पढ्न जान्छु. गोविन्द खान गए. पुण्य कमाउंन परोपकार गर्नु पर्छ. अर्काको मन दुखाउंन केही काम नगर. नाउं चलाउंन चाहनेले इलम बढाउंन दिल दिन्छ.' इत्यादि.

ख) न-प्रत्यय भएमा सो प्रत्ययान्त क्रिया कहीं उत्तर-क्रिया अर्थात् प्रधान-क्रिया भन्दा पछि भएको भन्ने बुझिए झैं, कहीं फल-क्रिया अर्थात् प्रधान-क्रियाको प्रयोजन भएको भन्ने विशेष समेत बुझिन्छ; समान-क्रिया त बुझिंदैन. जस्तोसुकै क्रिया बुझिए पनी प्रधान अप्रधान दुवै क्रियाको कर्ता एकै भए मात्र यो प्रत्यय हुन्छ. फल-क्रिया बुझिएमा फल अर्थ स्पष्ट गरी बुझाउंन 'भनि' आदि अव्यय पनी जोडिन्छ; विकार त केही हुंदैन. अवधारण अर्थ बुझाउंदा 'भनि' शब्दमा नै मात्र, न-प्रत्ययान्तमा ऐ नै दुवै हुन्छ. जस्तैः–

उत्तर–'मैले गर्न आटें. त्यो खान खोज्छ. यो त म दिन शक्तिनं. धर्म बढाउंन दया गर. को गर्न शक्छ पर्‍छ०

फल[1]–'रामु खान भनि (खानाका निमित्त) गयो. पढ्न (भनि) पुस्तक

---

[1] न प्रत्ययान्त शब्दबाट संस्कृतमा 'तुमुन्' प्रत्यय भएका 'कर्तुं (गर्न), भोक्तुं (खान), द्रष्टुं (हेर्न)' इत्यादि शब्दबाट झैं उत्तर-क्रिया अर्थ बुझिन्छ.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

ल्याएं. पेट भर्न (भनि) विद्या पढ्ने होइन. दिन (भनि) अघि सऱ्यो.' इत्यादि.

अत्र–'खानै, खान नै, खानै भनि, खान भनि नै. दिनै, दिन नै, दिनै भनि, दिन भनि, दिन भनि नै.' इत्यादि.

३१२. कर्तृ-प्रधान यावत् धातुबाट विध्यर्थमा झैं विधि अर्थात् सो क्रियाको अह्वावट अर्थ बुझाउंदा नू प्रत्यय भई विध्यर्थक क्रियाबोधक अव्यय बन्दछन्[१]. यो प्रत्यय हुंदा धातुको सामान्यरूप कहीं पनी बदलिंदैन. जस्तैः–

'(गर्-नू) गर्नू, भन्नू, देख्नू, कहनू, दौडनू. खानू, लानू, दिनू, लिनू, फर्किनू. हुनू, धुनू. दुहुनू, आउंनू, पाउंनू, गराउंनू, पढाउंनू,. इत्यादि.

तर संस्कृतमा एक क्रियाका निमित्त अर्को क्रिया भएमा फल चाहीं क्रियालाई कहने धातुबाट 'तुमुन्' प्रत्यय हुने झैं यहां पनी फल चाहीं उत्तर-क्रियामा नै न-प्रत्यय हुन्छ. सो फल हुनु रूप अर्थ कहीं स्पष्ट हुने, कहीं ज्यादा स्पष्ट नहुनें हुनाले जुन ठाउंमा 'भनि' शब्द जोड्न हुन्छ त्यहां फल-क्रियामा, जहां भनि' शब्द जोड्दा कुरा मिल्दैन त्यहां उत्तर-क्रियामा मात्र प्रत्यय भएको हो भनि जान्नू.

१ पूर्ण-क्रिया बुझाउंने हुनाले नू-प्रत्ययान्तलाई पनी विध्यर्थके क्रियापदको रूप मान्नु उचित देखिन्छ त पनी विध्यर्थका क्रियापदको झैं यसको अरू रूप नचल्ने हुनाले संस्कृतमा पनी 'तव्य' आदि प्रत्ययान्तलाई विध्यर्थक कृदन्त मानेको देखिनाले पनी यसलाई धातुसाधितैमा गणना गरेको छ. संस्कृतमा पनी 'त्वया गन्तव्यं' इत्यादिबाट 'त्वया गन्तव्यमस्ति' भन्ने आदि बुझिए झैं 'जानू, खानू' इत्यादिबाट 'जानुपर्छ, खानुपर्छ' इत्यादि क्रियापदको अर्थ अन्तर्गत हुनाले धातुसाधितबाट पनी पूर्ण-क्रिया बुझिए जस्तो भएको मात्र हो.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(क) यो नू-प्रत्ययान्त पनी अव्यय हुनाले तिनमा लिङ्ग वचन आदि केही हुंदैनन्. न प्रत्ययान्त क्रियाको कर्तामा सकर्मकमा ले नित्य, अकर्मकमा ले को विकल्पले लोप पनी हुन्छ; अरू कारकमा आफना आफना नियम बमोजीम विभक्तिहरू हुन्छन्. यसमा अवधारण अर्थ बुझने ऐ नं केही जोडिदैनन् नू प्रत्ययान्तवाट अरू धातुसाधितमा झैं अपूर्ण क्रिया नबुझिने, वाक्य पूर्ण गर्ने पूर्ण-क्रिया नै बुझिने हुनाले यसले वाक्यको अन्त्यमा रही विध्यर्थ-क्रियापदको काम दिन्छ. जस्तैः--

'तिमीले यो काम गर्नू संसार छुटाउंन चाहनेले ईश्वरलाई भजनू त्यो वा त्यसल त्यहां जानू. विद्यार्थीहरू (ले) बिहान सबेरै उठ्नू माता पितालाई देवता सम्झनू. पढ्नु छोडी अरू केही काम नगर्नू. इत्यादि.

३१३. एवं किसिमका प्रायः यावत् धातुबाट केही कारक नबुझाई सङ्केत अर्थ (अर्थात् क्रिया क्रियाको हेतुहेतुमद्भावको कल्पनारूप अर्थ) बुझांउंदा हेतु (कारण) क्रिया बुझाउंने धातुबाट ए प्रत्यय भई सङ्केतार्थक क्रियावोधक अव्यय बन्दछन्. यो प्रत्यय हुँदा भूतकालमा हुने बमोजीम सामान्यरूप हुन्छ [१] जस्तैः—

---

१ संस्कृतमा हेतुहेतुमतोर्लिङ्, लिङ्निमित्तेलृङ्क्रियातिपत्तौ, भूते च' इत्यादि सूत्रले 'लिङ्, लृङ्' आदि लकार भएका 'कृष्णं नमेच्चेत् सुखं यायात्; सुवृष्टिश्चेदभविष्यत्तदा सुभिक्षमभविष्यत्; यदि स तेन दृष्टोऽभविष्यत्तदाऽभोक्ष्यत नतु भुक्तवान्, अन्येन पथा स गतः' इत्यादिमा झैं क्रियाको हेतुहेतुमद्भावरूप सङ्केत अर्थ बुझिएमा यो ए-प्रत्ययान्त शब्दको प्रयोग हुन्छ यसको विशेष कुरा पछि सङ्केतार्थको विचारमा लेखिने छ.

भाषामा त्यसले डाके म आउंछु, आउंथें, आउंने थिएं, आउंनेछु, आऊं?, आउंला. उसले भने त्यसले मान्छ, मान्थ्यो. मान्ने थियो, मान्ने छ, मानोस्, मान्ला' इत्यादि प्रयोग हुने देखिनाले वर्तमान, भविष्यत्, विधि,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

'(गर्-ए) गरे, भने, देखे, सुने, सप्रे, दौडे, गए, खाए, लगे, दिए, लिए, फर्किए, गरिए, पढिए, लडिए, गराइए, पढाइए, भए, रोए, धोए, कुहे, नुहे, आए, पाए, गराए, पढाए.' इत्यादि.[१]

सम्भावनामा, सबै किसिमका धातुको क्रियापद प्रयोग हुन्छ. भूत-कालमा अरू पदसँग जोडिई पछि लेखिने नियम बमोजीम विकार भएका 'थ्यो' इत्यादि र, विकार नभएका 'थियो' इत्यादि सामान्य क्रियाबोधक क्रिया-पदको रूप राखेर 'म गए त्यो आउंथ्यो वा आउँने थियो' इत्यादि प्रयोग हुन्छ. अरू धातुको सामान्य भूतकालको रूप राखेर 'म गए त्यो आयो' यस्तो प्रयोग हुँदैन.

अहिलेको हिसाबले भविष्यत्काल भए पनी पछिको विवक्षित बखतको हिसाबले भूतकालको क्रिया मानी त्यस सँग अकरण-क्रिया जोडेर अथवा अन्तर्गत तुल्याएर 'त्यो गए म आएं (नत्र आइनं भनि जान)' इत्यादि प्रयोग गरेमा अरू धातुको सामान्य भूतकालको रूपको पनी प्रयोग हुनशक्छ.

१ एको-प्रत्ययान्तमा 'को' को लोप भएमा र, भूतकालको तृतीय-पुरुषको अनेक वचनमा र, सङ्केतार्थक 'ए' प्रत्यय गरेमा समेत 'गए भए, भने, गरे' इत्यादि एकै नासका रूप देखिन्छन् त पनी एको-प्रत्ययान्तमा विशेषण तुल्याई 'को' को लोप गरेमा 'मा' जोडिएर 'गएमा, भनेमा' इत्यादि रूप हुने, 'छ, थ्यो' इत्यादि संग जोडी 'को' को लोप गरेमा 'गरेछ; गरेथ्यो' इत्यादि रूप हुने, हेतुहेतुमद्भाव पनी नबुझिने [१]; भूत-काल तृतीयपुरुष अनेकवचनको रूपमा 'तिनी गए, तिनले भने' इत्यादि प्रयोग हुने, 'भनें, भन्यो' इत्यादि रूप पनी चल्ने, हेतुहेतुमद्भाव पनी नबुझिने [२]; 'तिमी गए बेस होला.' इत्यादिमा सङ्केतार्थक ए- प्रत्य-यान्त भएमा हेतुहेतुमद्भाव बुझिने, 'त्यो, हामी, तिनी, तँ' आद जुन सुकै राखे पनी रूप नबदलिने [३]; हुनाले 'गरे, भने' इत्यादि एकै किसि-मका रूप देखिए पनी विचार गरी यो यस्तो हो भनि छुट्याउनु पर्दछ.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(क) ए–प्रत्ययान्त अव्ययको पनी लिङ्ग वचन आदि केही हुँदैन. ए-प्रत्ययान्त क्रियाको कर्तामा सकर्मकमा 'ले' नित्य रहन्छ, अकर्मकमा 'ले' को लोप हुन्छ; अरू कारकमा आफना आफना नियम बमोजीम विभक्तिहरू हुन्छन्. ए-प्रत्ययान्तको प्रयोग गरेमा सङ्केत अर्थ स्पष्ट गरी बुझाउंन देखि, हुंदि' आदि अव्ययको पनी कहीं प्रयोग हुन्छ. अवधारण अर्थ बुझाउंदा नै मात्रको प्रयोग हुन्छ. जस्तैः—

'म गए तिमीलाई के फाइदा हुन्छ. शत्रु जित्न पाएबेस हुने थियो. त्यो आए (हुंदि) म जान्थ्यें त्यसले गरे कें हुंदैन. मैले नदिए (पनी) हुन्छ. इलम सिकिए खेर जांदैन. त्यहां लडिए चोट लाग्छ. म गए (देखी) तिमी जान्छौ.' इ०

(ख) सङ्केतार्थक ए-प्रत्ययान्त 'भए, देखे, पाए' इत्यादि शब्द संग 'गरेको' इत्यादि एको-प्रत्ययान्त धातु-साधित जोडेर प्रयोग गर्दा एको-प्रत्ययान्त साबुतै राखी 'गरेको भए' इत्यादि प्रयोग पनी हुन्छ; एको प्रत्ययको बदलामा 'या' भई 'गर्‍या भने' इत्यादि पनी प्रयोग हुन्छ. तर हलन्त सामान्यरूप हुने ठाउंमा प्रायः सबै धातुमा 'या' को प्रयोग हुन्छ; अजन्त सामान्यरूप हुने ठाउंमा त कोही कोही धातुमा मात्र या को प्रयोग हुन्छ. जस्तैः—

'तिमीले पढ्या भए (पढेको भए) बेस हुन्थ्यो. तिमीले भन्या भए (भनेको भए) म गर्थें. लेख्या भए (लेखेको भए) पुग्ने थियो. दिया (दिएको भए). लिया भए (लिएको भए). भन्या सुने (भनेको सुने). गर्‍या देखे (गरेको देखे . लेख्या पाए (लेखेको पाए).' इत्यादि.

३१४. त्यमा हुंदो म जान्छु. त्यसो गरे हुंदि बेस हुन्छ. तिमी जान्छौ भने म जान्न. त्यो जान भनि हिड्यो.' इत्यादि वाक्यमा परेका 'हुंदो, हुंदि, भने, भनि' इत्यादि क्रिया नबुझाउंने हुनाले धातुसाधित होइनन्, बेगलै किसिमका अव्यय-शब्द हुन्. यस्तै गरी कोही नाम बिशेषण अव्यय-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

हरू धातुसाधित जस्ता देखिए पनी क्रिया नबुझाउंने जति धातुसाधित हुंदैनन्.

३१५. धातुसाधित अव्ययको प्राय: क्रियामा नै अन्वय हुने हुनाले धातुसाधित अव्यय क्रियान्वयी नै हुन्छन्; धातुसाधित नाम विशेषणहरू त कहीं क्रियामा अन्वय हुने, कहीं अरूमा पनी अन्वय हुने हुन्छन्. जस्तै:—

'खान जाऊ. लिएर देऊ. भनेको कुरा पढ्ने मानिस. भनेको सुन. पढ्नेलाई देऊ. खानाको बन्दोवस्त. खान खोज. लेखावट हेर. लेखोटको कुरा.' इ०

३१६. धातुसाधित शब्दबाट बुझिने अप्रधान-क्रियाको अन्वय हुने प्रधान-क्रिया बुझाउंने पद कहीं क्रियापदै हुन्छ, कहीं अर्को धातुसाधित पनी हुन्छ. क्रियापद सबैको हिसाबमा प्रधानै हुन्छ; धातुसाधित त कहीं कसैको हिसाबमा प्रधान, कसैको हिसाबमा अप्रधान पनी हुन्छ; कहीं एक प्रधान क्रियाका धेरै क्रिया अप्रधान आफूसमा समान पनी हुन्छन्. अप्रधान-क्रियाको प्रधान-क्रियामा अन्वय हुंदा कहीं साक्षात् (आफै), कहीं परम्परा (अर्काको द्वारा) हुन्छ. जस्तै:—

'पुस्तक लिएर आऊ'—यहां आउंनु क्रियाको 'लिनु' यो पूर्व-क्रिया हुनाले, अप्रधान लिनु क्रिया बुझाउंने 'लिएर' यो पदका अन्वय हुने-प्रधान आउंनु क्रिया बुझाउंने 'आऊ' यो क्रियापद छ. 'खान आउंने मानिसलाई डाक'—यहां डाक्नु क्रियाको कर्मको विशेषण भएको आउंनु क्रियाको खानु यो फल-क्रिया हुनाले, अप्रधान खानु क्रिया बुझाउंने 'खान' यो पदको अन्वय हुने—प्रधान आउंनु क्रिया बुझाउंने 'आउने' यो पद; सोही अप्रधान भएको आउनु क्रिया बुझाउंने 'आउने' यो पदको आफनो विशेष्य द्वारा अन्वय हुने-प्रधान डाक्नु क्रिया बुझाउंने 'डाक' यो क्रिया-पद छ. 'भात खाएर पढ्न जान्छु'—यहां जानु क्रियाके खानु यो पूर्व-क्रिया, पढ्नु यो फल-क्रिया हुनाले, अप्रधान खानु पढ्नु यी समान-क्रिया बुझाउंने

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

'खाएर, पढ्ने' यी दुवै पदको अन्वय हुने-प्रधान जानु क्रिया बुझाउंने 'जान्छु' यो क्रियापद छ.

'यस्तैः—घर जानेलाई चिठी दिएर आऊ. पढेकाले काम गर्न शक्छ. ईश्वरले गरेको जगतको बनावट विचित्र छ. दुनियालाई प्यारो गर्ने राजालाई पिता भन्नु ठीक हुन्छ. मेरो मन परेको लेख्ने कलम कहां फ्यांकेर आइस्' इत्यादिमा पनी प्रधान अप्रधान क्रियाहरू जान्नू.

३ ३ ७, धातुसाधितको प्रधान-क्रिया बुझाउंदा कोही धातुको कोही प्रत्ययमा मात्र उही धातुको प्रधान-क्रिया प्रयोग हुन्छ, त्यस्तामा केही विशेष अर्थ पनी बुझिन्छ. अरूमा प्रायः भिन्न धातुबाटै बनेका प्रधान-क्रियाको प्रयोग हुन्छ. जस्तैः -

'त्यो जांदै गएन (निश्चय). तिमी गर्दै गर (सातत्य). जान त गयो (अपूर्ति). तं जाइजा (शीघ्रता). गर्ने गर (रीति). म खान जान्छु. लेखेर शकियो. मैले गरी साध्य छैन. त्यो आए तं जालास्. काम गरेको थियो.' इत्यादि.

३०८. एकै ठाउंमा प्रधान अप्रधान गरी धेरै क्रिया भएमा हरएक क्रियाका कारकहरू पनी चाहिने जति जम्मा हुन्छन्. तिनमा कोही कारक एउटै क्रियाका मात्रै कोही कारक अनेक क्रियाका साझा पनी हुन्छन्. एउटाको मात्रै कारकमा जुन क्रियाको सो कारक हो उही क्रियाको अनुसारले विभक्तिहरू हुन्छन्. धेरैको साझा कारक जुन जुन क्रियाको हो, ती सबै क्रियापट्टी कोही एकै जातको, कोही कतैपट्टी केही जातको अर्कोपट्टी अर्को जातको कारक हुन्छ. त्यस्तो एकै जातको वा बेगलै जातको साझा कारकमा प्रधान चाहीं क्रियाको अनुसारले विभक्ति प्रत्ययहरू हुन्छन्, अप्रधान चाहीं क्रियाको अनुसारले हुंदैनन्. जस्तैः—

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

'कौमुदीमा पास दिने छोरालाई श्यावासी गर'-यहां दिनु यो अप्रधान-क्रियाको मात्र अनुक्त (वाच्य नभएको) कर्म हुनाले 'पास' यो द्वितीयान्त, 'कौमुदी' यो अधिकरण सप्तम्यन्त, 'छोरा' यो दिनु क्रियाको उक्त कर्ता हुनाले प्रथमान्त हुनु पर्ने हो त पनी 'गर्नु' यो प्रधानको अनुक्त कर्म हुनाले द्वितीयान्त भयो.

'म लुगा धुन दिन्छु'—यहां 'धुनु' यो अप्रधान र दिनु' यो प्रधान दुवै क्रियाको 'म' कर्ता 'लुगा' कर्म हुन्; कर्ता चाहीं अप्रधानबाट अनुक्त हुनाले तृतीयान्त हुनु पर्ने भए पनी प्रधानबाट उक्त भई प्रथमान्त भयो; कर्म चाहीं दुवैबाट अनुक्त हुनाले द्वितीयान्त भया.

'इलम जानेको मानिस काम गर्दा खूब बुद्धि दौडाउंछ'—यहां जान्नु क्रियाको इलम, गर्नु क्रियाको काम, दौडाउंनु क्रियाको बुद्धि, अनुक्त कर्म हुनाले द्वितीयान्त भए; गर्दाको विशेष्य हुनाले मानिस सप्तम्यन्त हुनु पर्ने भए पनी जान्नु दौडाउंनु यी क्रियाको उक्त कर्ता हुनाले प्रथमान्त भयो.

यस्तैः सबै वाक्यमा प्रधान-क्रियाका हिसाबले प्रधानका कारकमा लिङ्ग वचन विभक्तिहरू हुने जान्नू.

३१९. धातुसाधितमा अकरण-क्रिया बुझाउंदा 'नु, ने एको नू, ई, एर, ए, न' यी प्रायः सबै धातुमा हुने प्रत्यय भएका शब्दमा शब्दको पहिले तिर नकार जोडो प्रयोग हुन्छ; अरू 'आइ, तो, दो, ऐया, उवा, अन्त, अक्कड, आहा, आवट' इत्यादि प्रत्यय भएका शब्दमा नकार जोडेर कहीं कहीं मात्र प्रयोग हुन्छ; सबैमा यस्तो प्रयोग प्रायः हुंदैन. नकार जोडेर प्रयोग नहुने शब्दमा र नकार जोडेर प्रयोग हुन शक्ने शब्दमा पनी वाक्यमा परेका अरू शब्दको रचनाबाट अकरण-क्रिया बुझिन शक्छ. जस्तैः—

'नजानु नगर्नु, नदिने, नहेर्ने, नगरेको, नआएको, नगर्नू नजानू, नभनी, नगरी, नसुनेर, नगरेर, नगरे, नआए, नजान, नगर्न. तिमीले जानु

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

बेस छैन; नजानु बेस छ. त्यो काम नगर्ने हो; गर्ने होइन. म मिचाहा होइन. यो सरुवा भएन.' इत्यादि.

(क) 'तै, दै' प्रत्ययान्त धातुसाधित संग जोडेर अकरण-क्रिया बुझाउने नकार जोडेको उही धातुको धातुसाधित शब्द प्रयोग गर्दा सो क्रियाको निषेधमा निश्चय अर्थ विशेष बुझिन्छ; तर यस्तो प्रयोग नकार जोडेर प्रयोग हुने 'नु, ने' इत्यादि प्रत्यय भएका शब्द भएमा मात्र हुन्छ. जस्तैः—'जांदै नजानु; काम गर्दै नगर्ने; भन्दै नभनेको कुरा; तैंले भदै नभन्नू; लेख्तै नलेखी; पढ्दै नपढेर; आउंदै नआए; गर्दै नगर्ने.' इत्यादि.

(ख) एकै किसिमका प्रत्यय भएका अनेक धातुसाधितको प्रयोग गरेमा ती दुइ धातुसाधितको बीचमा नकार जोडी प्रयोग गर्दा अगाडी पछाडीका दुवै क्रियाको अकरण-क्रिया बुझिन्छ. सबै धातुसाधितमा यस्तो प्रयोग हुने नियम छैन, व्यवहार अनुसार जोडा मिलाई प्रयोग गर्नु पर्छ. जस्तैः—'बुझदो न सुझदो; जांदो न आउंदो; जान्दो न सुन्दो; देखेको न सुनेको; खानु न उकेल्नु; नाच्ने न सुन्ने; मरुवा न सरुवा; खाई न पाई;' इत्यादि.

———•———

तेरीज—

(क) क्रियापद भन्दा बेगलै किसिमका, धातुबाट प्रत्यय भई बनेका, प्रायः (नू-प्रत्ययान्त बाहेक) अपूर्ण-क्रिया बुझाउने शब्दलाई 'धातुसाधित शब्द (कृदन्त)' भन्दछन्.

(ख) धातुबाट 'न, आइ, आबट, ओट, अ' इत्यादि प्रत्यय भई बनेका शब्दलाई 'धातुसाधित-नाम' भन्दछन्.

(ग) धातुबाट 'ने, तो, दो, एको, उवा, ऐया, आहा, औवा, अन्त' इत्यादि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

प्रत्यय भई बनेका शब्दलाई 'धातुसाधित-विशेषण' भन्दछन्.

(घ) धातुबाट 'ई, एर, न, नू ए' इत्यादि प्रत्यय भई बनेका शब्दलाई 'धातुसाधित-अव्यय' भन्दछन्.

(ङ) अर्को क्रिया आदिमा अन्वय हुने क्रियालाई 'अप्रधान–(अङ्ग, गौण) क्रिया;' अर्को क्रियाको आफूमा अन्वय हुने क्रियालाई 'प्रधान–(अङ्गी, मुख्य) क्रिया' भन्दछन्.

अभ्यास--

(१) धातुसाधित भनेको क्याहो ?, ती कति प्रकारका छन् ? धातुसाधितबाट कस्तो क्रिया बुझिन्छ. ? धातुसाधित क्रियाका कारकमा कहां कहां विशेष विभक्ति हुन्छन्. ? कुन कुन प्रत्यय के के अर्थमा कस कसबाट हुन्छन् ?.

(२) तल लेखेका वाक्यमा कुन कुन शब्द धातुसाधित हुन्, तिनका कारकमा के अर्थले कुन विभक्ति भएका छन् ? सो बताऊ:--

अर्काको बिग्रेको देख्ता खुसी हुने मानिसले बाच्नु मर्नु एकै हो. सर्कारलाई इलम जाहेर गर्न शके के के बकस पाइओइन. सज्जनको मन नपर्ने चालमा चल्नु फाइदा गर्दै गर्दैन. बल्दो आगो डरलाग्दो हुन्छ. चलुवा केटा केटीलाई कोही निको मान्दैनन्. ती गवैयाले गाएको सुन्दा कस्तै सुताहाको पनी नींद खुल्दथ्यो. यो मठमा धेरै फिरन्त जोगीहरू बसेका छन्. उडन्त, गडन्त, बुडन्त, धन ईश्वरलाई चढाउनु साह्रै लोभीको काम हो. यस केटाको बोलाइ चलाइ बेस छ जान्ने मानिसले आफू सप्रीकन अर्कालाई सपार्नमा दिल दिनू. हेर्न जति परे पछि राम्ररी हेर्नू. धर्म गरेरै मरिने रहेछ भने के होला. दिन दिनमा पढेको तयार गरी गुरुलाई सुनाउंदै गर्ने विद्यार्थीको विद्याको चमक

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

बढ्दै जान्छ. पुस्तक लिदैमा उङ्न थाल्ने मानिस पढैया होइन भनि चिन्नू. आफनो हित चाहने मानिले भनेका कुरा मनमा लिई भने बमोजिम चल्नू.

——०——

२१——संयुक्तक्रिया.

——०——

३१६. कोही क्रिया बुझाउंने पदमा अर्को नाम, विशेषण, अव्यय, जोडेर एक जिउ तुल्याई प्रयोग गर्दा बेगलै पद राखेर प्रयोग गरेमा भन्दा विलक्षण कारक, स्वरूप, अर्थ फरक हुने संयुक्त[१]-क्रिया बन्दछन्. जस्तः——

१ संस्कृतमा'पिपठिषति (पढ्न चाहन्छ), जिगमिषति (जान चाहन्छ)' इत्यादिमा 'पठ्-इष, गम्-इष' इत्यादि दुइ धातु मिलेर 'पिपठिष, जिगमिष' इत्यादि संयुक्तक्रिया बुझांउने धातु बनेको जस्तो देखिन्छ त पनी 'बुभूषति (हुन चाहन्छ), दित्सति (दिन चाहन्छ)' इत्यादि धेरै धातुमा वर्णको धेरै विकार भई इष-को भाग बिलकुल हराए जस्तो देखिने गरी ठाउं ठाउंमा धेरै किसिम संग वर्णको विकार हुने हुनाले धातुका संयोग नमानी इच्छा अर्थ बुझांउने 'सन्' प्रत्यय; अतिशय आदि बुझांउने 'णिच्, यङ्' इत्यादि प्रत्यय मानेर व्यवहार गरेको छ. पुत्रीयति (छोरो जस्तो तुल्याउंछ) कवति (कवि जस्तो हुन्छ) इत्यादिमा पुत्र कवि आदि नाममा अर्को धातु जोडिए जस्तो नदेखिनाले 'क्यच्' आदि प्रत्ययै कल्पना गरी नाम-धातु मानी व्यवहार गरेको छ. अरू देश भाषामा झैं हाम्रो भाषामा ज्यादा विकार कहीं पनी नहुने अनेक क्रिया जोडिएर एक भएको स्पष्ट देखिने हुनाले नजोडेर व्यवहार गरेमा भन्दा जोडेर व्यवहार गरेमा कारक, स्वरूप, अर्थ आदि केही विशेष हुने देखिनाले 'पूजागर्नु, मानगर्नु,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(क) 'आमा बाबुलाई मान–गर. यो कुरा विचार–गर्छु. मैले देवतालाई पूजा–गरें' इत्यादि 'गर्नु' क्रिया संग 'मान, विचार, पूजा' यी नाम जोडी व्यहार गरेमा र, 'आमा बाबुको मान गर. यो कुराको (मा) विचार गर. मैले देवताको पूजा गरें.' इत्यादि सो नाम क्रियाहरू नजोडी व्यवहार गरेमा कारकको रचना फरक भएको देखिन्छ.

(ख) 'त्यसले काम गरि–सक्यो. म त्यहां गएथें. त्यो काम गर्थ्यो. त्यसो भए हुन्थ्यो.' इत्यादि 'सक्नु हुनु' क्रिया संग 'गरी गएको, गर्दो, हुने' यी विशेषण जोडी व्यवहार गरेमा र, 'त्यसले काम गरी सक्यो. म त्यहां गएको थिएँ.' इत्यादि सो विशेषणहरू नजोडी व्यवहार गरेमा शब्दको विकार भई स्वरूपमा फरक भएको देखिन्छ.

(ग) बाबाले मिठाइ दिनु-हुन्छ (दिन्छन्). तिमी सुन्दै–जाऊ. (क्रमसंग - सुन). यो लेख्तै गर्छ (निरन्तर लेख्छ)' इत्यादि 'हुनु, जानु, गर्नु' क्रिया संग 'दिनु, सुन्दै, लेख्तै' यी नाम विशेषण जोडेर व्यवहार गरेमा र, 'बाबाले मिठाइ दिनु हुन्छ (दिनालाई हुन्छ). तिमी सुन्दै जाऊ (सुन्दै हिंड). यो लेख्तै गर्छ (लेख्तै काम गर्छ) इत्यादि सो नाम विशेषण क्रियाहरू नजोडी व्यवहार गरेमा अर्थ फरक परेको देखिन्छ.

(घ) 'चिठी लेखि-हाल (चांडो लेख). म भनि दिन्छु अथवा भन्दिन्छु (तिम्रो निति भन्छु). काम गरि-बक्सियो (गर्नु भयो). इत्यादि 'हाल्नु,

---

गरिसक्नु, खांदैगर्नु' इत्यादिलाई संयुक्तक्रिया मानी व्यवहार गरेको छ. अनेक क्रिया जोडिए जस्तो नदेखिने नजोडेर प्रयोग हुन नशक्ने नामहरूमा स्पष्ट केही वर्ण प्रत्यय जोडी धातु भई व्यवहार हुने 'रोगाउनु, लजाउनु, जिल्लिनु' इत्यादिमा त संयुक्त-क्रिया मान्नु पर्ने कारण केही नदेखिनाले संस्कृतमा झैं नाम आदिमा प्रत्यय भई क्रिया बुझाउने नाम धातु मानेर पहिले (२४७ नियमा) लेखिएको छ.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

दिनु, बक्सनु' क्रिया संग 'लेखी, भनी, गरी' यी अव्यय जोडेर व्यवहार गरेमा र, 'चिठी लेखी हाल (लेखेर हाल). म भनी दिन्छु (भनेर दिन्छु). काम गरी बक्सियो (गरेर बक्सियो)' इत्यादि सो अव्यय क्रियाहरू नजोडी व्यवहार गरेमा अर्थको पनी स्वरूपको पनी फरक भएको देखिन्छ.

२१७. तसर्थ—धातुसाधित अथवा अरू किसिमका नाम, विशेषण, अव्ययहरू जोडिई कारक, स्वरूप, अर्थ आदि केही फरक हुने क्रियालाई संयुक्त-क्रिया; तिनका पदलाई संयुक्तक्रिया-पद भन्दछन्.

२१८. क्रिया नबुझाउने नामहरू संग जोडिएका क्रियालाई क्रियाभिन्न संयुक्त; क्रिया बुझाउने धातुसाधित नाम, विशेषण, अव्यय संग जोडिएका क्रियालाई क्रियासंयुक्त-क्रिया भन्दछन्.

२१९. क्रियाभिन्न-संयुक्त-क्रियामा प्रायः कर्म कारक, कहीं अरू कारकलाई बुझाउने नामको विभक्ति प्रत्ययहरू लोप भई क्रियासंग एक जिउ भएर जोड हुन्छ. सो कर्म कारक नजोडेर बेगलै राखेमा त्यसको सम्बन्धी भई षष्ठी हुने अर्को जो शब्द छ सो शब्द, कर्म जोडी संयुक्त क्रिया भएमा कर्म भई व्यवहार हुन्छ. अरू कारकहरू जोडिएमा त्यसको विभक्ति प्रत्ययहरू नरहने हुन्छ. त्यस कारणले क्रियाभिन्न-संयुक्त क्रियामा प्रायः कारक रचना मात्र फरक हुन्छ, स्वरूप अर्थहरू फरक हुंदैनन्.

जस्तैः— गरिने हुनाले कर्म भएका 'पूजा, मान, बिचार, सम्झना' इत्यादिलाई 'गर्नु' आदि संग जोडी 'पूजा गर्नु, मान-गर्नु, विचार-गर्नु, सम्झना-गर्नु' इत्यादि संयुक्त-क्रिया तुल्याएमा सो संयुक्त-क्रियाको 'देवता, आमा, बाबु कुरा, म' इत्यादि कर्म भई 'देवतालाई पूजा-गर. आमा बाबुलाई मान-गर. यो कुरा-विचार. मलाई सम्झना-राख.' इत्यादि प्रयोग हुन्छ. सो पूजा आदि कर्मलाई क्रियासंग नजोडी बेगलै प्रयोग गरेमा त सो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पूजा आदि कर्मको देवता आदि सम्बन्धी मात्र हुनाले षष्ठयन्त भई 'देवताको पूज ागर. आमा बाबुको मान गर. यो कुराको विचार गर. मेरो संरक्षण राख.'[१] इत्यादि प्रयोग हुन्छ.

यस्तै:– 'शूली' आदि अधिकरणलाई 'हाल्नु, चढाउनु' आदि क्रिया संग जोडी संयुक्त-क्रिया तुल्याएमा सो अधिकरणहरूको विभक्ति-लोप भई 'चोरलाई शूली हाल; शूली चढाऊ' इत्यादि प्रयोग हुन्छ; सो कारकलाई नजोडी बेगलै प्रयोग गरेमा त कारक बमोजीमको विभक्ति भई 'चोरलाई शूलीमा हाल; चढाऊ' इत्यादि प्रयोग हुन्छ. तर यस्तो अरू कारक जोडिएको प्रयोग बहुतै कम पाइन्छ.

३२०. सो संयुक्त क्रिया हुंदा व्यवहार अनुसार जस जसको प्रयोगमा कारक रचना फरक भएको देखिन्छ उनैको संयुक्त प्रयोग गर्नु उचित छ, नता शब्दको संयुक्त तुल्याई प्रयोग नगरे पनि हुन्छ: 'आंखा तर्नु, दाउ लाउनु, रिसउठ्नु, निको पार्नु, सिद्ध गर्नु, पक्का गर्नु, लाठ हुनु, चर्को हुनु, माथि पुग्नु, यता न उता हुनु' इत्यादि क्रिया त अर्थ विशेषको अनुसारले संधै व्यवहार भएका मात्र हुन, कारक अर्थ आदि केही विशेष फरक नहुने देखिनाले संयुक्त क्रिया नमाने पनी हुन्छ.

१संस्कृतमा पनी पूजा-गर्नु, आदि क्रियालाई कहने पूजा आदि धातुको व्यवहार गरेमा सो पूजा गरिने आदि कर्म भई 'शालिग्रामं पूजय शालिग्रामलाई पूजा गर); मातापितरौ मानयति (आमा बाबुलाई मान गर्छ)' इत्यादि व्यवहार हुन्छ; सो पूजा गर्नु आदि क्रियामा गर्नु क्रियालाई कहने कृधातुलाई अलग्ग गरी पूजा मान आदिलाई त्यसको कर्म तुल्याई व्यवहार गरेमा आमा बाबु आदि पूजाको सम्बन्धी (अथवा धातुसाधित नामको कर्म) भई 'शालिग्रामस्य पूजां कुरू (शालिग्रामको पूजा गर); मातापित्रोर्मानं करोति (आमा बाबुको मान गर्छ)' इत्यादि व्यवहार हुन्छ.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

३२१. क्रियासंयुक्त-क्रिया बन्दा प्रायः सबै धातुबाट हुने 'नु, ने, तो, दो, एको, ई, न' प्रत्यय भएका धातुसाधित शब्द क्रियापद संग जोडिई व्यवहार हुन्छन्. तिनमा पनी सबै धातुका क्रियापदमा ती सबै धातुसाधित जोडिएर व्यवहार हुने नियम छैन; कहीं कुनै, कहीं कुनै किसिमका शब्द र क्रियापद जोडिई व्यवहार हुन्छन्

३२२. क्रियापद संग नु प्रत्ययान्त जोडिएमा धातुसाधित-नामसंयुक्त; 'ने, तो, दो, एको,' प्रत्ययान्त जोडिएमा धातुसाधित-विशेषणसंयुक्त; 'ई न' प्रत्ययान्त जोडिएमा धातुसाधित–अव्ययसंयुक्त, यी तीन थरी क्रिया-संयुक्त-क्रिया हुन्छन्. जस्तैः—

(क) 'पर्नु हुनु' क्रियामा 'गर्नु' आदि 'नु' प्रत्ययान्त नाम जोड्दा 'गर्नु-पर्नु, गर्नु-हुनु' आदि क्रिया भई 'गर्नु-पर्छ गर्नु-पर्‍यो, गर्नु-हुन्छ, गर्नु-भयो, दिनु-पर्छ, जानु-भयो' इत्यादि धातुसाधितनामसंयुक्त क्रियापद भए.

(ख) 'हुनु, गर्नु रहनु' इत्यादि क्रियामा 'गर्ने, गर्दै, बस्तै गरेको इत्यादि 'ने तो, दो, एको' प्रत्ययान्त विशेषण जोड्दा 'गर्नेहुनु, गर्दैहुनु, गर्दै-रहनु, बस्तैगर्नु, गरेकोहुनु' इत्यादि क्रिया भई 'गर्नेहुन्छ, गर्दैहोला, गर्दै-रहन्छ, गर्दथ्यो, बस्तै-थियो, गरेछ, गरेथ्यो' इत्यादि धातु-साधितविशेषणसंयुक्त क्रियापद भए.

(ग) 'सक्नु, हाल्नु, पाउनु' इत्यादि क्रियामा 'गरी, भनी, गर्न' इत्यादि 'ई, न' प्रत्ययान्त अव्यय जोड्दा 'गरिसक्नु, भनिहाल्नु, गर्नपाउनु' इत्यादि क्रिया भई 'गरिसक्छ भनिहाल्यो, गर्नपाउंछ, दिनपायो' इत्यादि धातुसाधितअव्ययसंयुक्त क्रियापद भए.

३२३. क्रियाभिन्नसंयुक्त क्रियामा क्रिया एकै हुनाले सोही क्रिया मुख्य भई बुझिन्छ; क्रियासंयुक्तक्रियामा अनेक क्रिया भई धातुसाधितबाट बुझिने

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

क्रिया मुख्य हुने, क्रियापदबाट बुझिने क्रियाले सो मुख्य क्रियालाई पूर्ण गराउने मद्दत दिने हुनाले धातुसाधितबाट बुझिने अघिल्लो क्रियालाई मुख्य-क्रिया; क्रियापदबाट बुझिने पछिल्लो क्रियालाई सहायक्रिया भन्छन्.

जस्तैः— जानुहुन्छ, जानेथियो, भन्दथ्यो, गरेछ, गरिहाल्यो, गर्न पायो' इत्यादिमा धातुसाधितबाट बुझिएका 'जानु, भन्नु, गर्नु' इत्यादि अघिल्ला क्रिया मुख्यक्रिया हुन्; क्रियापदबाट बुझिएका 'हुनु, हाल्नु, पाउनु' इत्यादि पछिल्ला क्रिया सहायक्रिया हुन्.

३२४. क्रियाभिन्नसंयुक्त क्रियामा क्रिया एकै हुनाले सोही क्रिया मुख्य भए पनी सोही क्रियापदमा नियम अर्थका अनुसारले वाच्य काल पुरुष आदिका रूप चल्दछन्; क्रियासंयुक्त क्रियामा मुख्य क्रिया बुझाउने भए पनी धातुसाधित सधैं एकैनास रहने हुनाले सहाय क्रियापदैमा अर्थका अनुसारले वाच्य काल पुरुष आदिका प्रायः सबै रूप चल्दछन्. कहीं कहीं ती दुइ जोडिदा शब्दको स्वरूप पनी केही फरक पर्ने, कहीं कहीं अर्थ फरक हुने, कहीं कहीं सबै थरी रूप नचल्ने इत्यादि विशेष हुन्छन्; ती कुरा पछिका विशेष नियमबाट बुझिनेछन्.

३२५ नामसयुक्त-क्रिया बन्दा प्रायः सबै किसिमका धातुबाट बनेका नु-प्रत्ययान्त नाम 'पर्नु, हुनु' क्रिया संग मात्र जोडिई व्यवहार हुन्छन्; अरू क्रियासंग जोडिई प्रायः व्यवहार हुंदैनन्.

३२६. नु प्रत्ययान्त नाम पर्नु क्रियासंग जोडिदा प्रयोग रूप अर्थ-हरूमा यस्तो केही विशेष हुन्छः—

(क) 'पर्नु' क्रियामा 'नु' प्रत्ययान्त नाम जोड्दा सो नाम 'पर्नु' क्रियाको कर्ता जस्तो भई जोडिने हुनाले सो 'नु' प्रत्ययान्त क्रियाको कर्तामा अकर्मकमा 'ले' विकल्प, सकर्मकमा 'ले' नित्य, कर्ममा द्वितीया हुन्छ.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

जस्तै:—'तपाजी (ले) जानुपर्‍यो. म अथवा मैले धनी हुनुपर्छ तैंले भात खानुपर्छ. तिमीले यो काम गर्नुपर्‍यो. मैले त्यसलाई दया गर्नुपर्छ. गुरुले शिष्यलाई राम्रो गरी पढाउनुपर्छ. त्यो देखिनुपर्छ.' इत्यादि.

(२) नु-प्रत्ययान्त नामबाट बुझिने मुख्य क्रियामा त्यससंग जोडेको 'पर्नु' क्रियाबाट परतन्त्रता अर्थात् आवश्यकता, योग्यता, सम्भव आदि मौका अनुसार कहीं केही कहीं केही विशेष अर्थ बुझिन्छ. सो जोडिएको पर्नु क्रियाले परतन्त्रता आदि विशेष अर्थ बुझाई नु-प्रत्ययान्त मुख्य क्रियालाई सहायता दिने हुनाले सो सहाय-क्रियालाई परतन्त्रताबोधक भन्दछन्. जस्तै:—

'तिमीले यो काम गर्नुपर्छ. मैले घर जानुपर्‍यो. चिठी भट्ट लेख्नुपर्छ.' इत्यादिमा आवश्यकता; 'पुराण पण्डितले बांच्नुपर्छ. यो काममा त्यसलाई पठाउनुपर्ला. तपाजीले मलाई शिकाउनु पर्नेछ.' इत्यादिमा योग्यता; 'यस बेला रामु घर हुनुपर्छ. काव्यभन्दा कौमुदी गाह्रा हुनुपर्दछ. भोली मैले जानुपर्ला.' इत्यादिमा सम्भव, इत्यादि विशेष अर्थ बुझिन्छन्.

(३) यो परतन्त्रताबोधक संयुक्तक्रियामा नु-प्रत्ययान्तचाहीं अकर्मक भए कर्तृप्रधान मात्र, सकर्मक भए कर्मप्रधान समेत हुन्छ, भावप्रधान हुंदैन. पर्नु क्रियाको उक्त कर्ता भई जोडिने 'नु' प्रत्ययान्तको अनुसारले सो 'पर्नु' क्रिया सबै काल अर्थमा कर्तृवाच्य तृतीयपुरुष, नपुंलिङ्ग, एकवचनको रूप मात्र प्रयोग हुन्छ. जस्तै:—

अक—'म वा मैंले, हामी वा हामीले, तं तैंले, तिमी वा तिमीले, त्यो वा त्यसले, रामु वा रामुले, सेती वा सेतीले—जानुपर्छ जानुपर्‍यो, जानुपर्नेछ, जानुपरोस्, जानुपर्ला; सुत्नुपर्‍यो, हिड्नुपर्ला, हुनुपरोस्, उठ्नुपर्नेछ' इत्यादि.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

प्रत्यय भई बनेका शब्दलाई 'धातुसाधित-विशेषण' भन्दछन्.

(घ) धातुबाट 'ई, एर, न, नू ए' इत्यादि प्रत्यय भई बनेका शब्दलाई 'धातुसाधित-अव्यय' भन्दछन्.

(ङ) अर्को क्रिया आदिमा अन्वय हुने क्रियालाई 'अप्रधान-(अङ्ग, गौण) क्रिया;' अर्को क्रियाको आफूमा अन्वय हुने क्रियालाई 'प्रधान-(अङ्गी, मुख्य) क्रिया' भन्दछन्.

अभ्यास--

(१) धातुसाधित भनेको क्याहो ?, ती कति प्रकारका छन् ? धातुसाधित-बाट कस्तो क्रिया बुझिन्छ. ? धातुसाधित क्रियाका कारकमा कहां कहां विशेष विभक्ति हुन्छन. ? कुन कुन प्रत्यय के के अर्थमा कस कसबाट हुन्छन् ?.

(२) तल लेखेका वाक्यमा कुन कुन शब्द धातुसाधित हुन, तिनका कारकमा के अर्थले कुन विभक्ति भएका छन् ? सो बताऊ:--
अर्काको बिग्रेको देख्ता खुसी हुने मानिसले बाच्नु मर्नु एकै हो. सर्कारलाई इलम जाहेर गर्न शके के के बकस पाइओइन. सज्जनको मन नपर्ने चालमा चल्नु फाइदा गर्दै गर्दैन. बल्दो आगो डरलाग्दो हुन्छ. चलुवा केटा केटीलाई कोही निको मान्दैनन्. ती गवैयाले गाएको सुन्दा कस्तै सुताहाको पनी नींद खुल्दथ्यो. यो मठमा धेरै फिरन्त जोगीहरू बसेका छन्. उडन्त, गडन्त, बुडन्त, धन ईश्वरलाई चढाउनु साह्रै लोभीको काम हो. यस केटाको बोलाइ चलाइ बेस छ जान्ने मानिसले आफू सप्रीकन अर्कालाई सपार्नमा दिल दिनू. हेर्न जति परे पछि राम्ररी हेर्नू. धर्म गरेरै मरिने रहेछ भने के होला. दिन दिनमा पढेको तयार गरी गुरुलाई सुनाउंदै गर्ने विद्यार्थीको विद्याको चमक

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

बढ्दै जान्छ. पुस्तक लिदैमा उङ्न थाल्ने मानिस पढैया होइन भनि चिन्नू. आफनो हित चाहने मानिले भनेका कुरा मनमा लिई भने बमोजिम चल्नू.

——०——

२१——संयुक्तक्रिया.

——०——

३१६. कोही क्रिया बुझाउंने पदमा अर्को नाम, बिशेषण, अव्यय, जोडेर एक जिउ तुल्याई प्रयोग गर्दा बेगर्ल पद राखेर प्रयोग गरेमा भन्दा विलक्षण कारक, स्वरूप, अर्थ फरक हुने संयुक्त[१]-क्रिया बन्दछन्. जस्तः——

---

१ संस्कृतमा 'पिपठिषति (पढ्न चाहन्छ), जिगमिषति (जान चाहन्छ)' इत्यादिमा 'पठ्-इष, गम्-इष' इत्यादि दुइ धातु मिलेर 'पिपठिष, जिगमिष' इत्यादि संयुक्तक्रिया बुझांउने धातु बनेको जस्तो देखिन्छ त पनी 'बुभूषति (हुन चाहन्छ), दित्सति (दिन चाहन्छ)' इत्यादि धेरै धातुमा वर्णको धेरै विकार भई इष-को भाग बिलकुल हराए जस्तो देखिने गरी ठाउं ठाउंमा धेरै किसिम संग वर्णको विकार हुने हुनाले धातुका संयोग नमानी इच्छा अर्थ बुझांउने 'सन्' प्रत्यय; अतिशय आदि बुझांउने 'णिच्, यङ्' इत्यादि प्रत्यय मानेर व्यवहार गरेको छ. पुत्रीयति (छोरो जस्तो तुल्याउंछ) कवति (कवि जस्तो हुन्छ) इत्यादिमा पुत्र कवि आदि नाममा अर्को धातु जोडिए जस्तो नदेखिनाले 'क्यच्' आदि प्रत्ययै कल्पना गरी नाम-धातु मानी व्यवहार गरेको छ. अरू देश भाषामा झैं हाम्रो भाषामा ज्यादा विकार कहीं पनी नहुने अनेक क्रिया जोडिएर एक भएको स्पष्ट देखिने हुनाले नजोडेर व्यवहार गरेमा भन्दा जोडेर व्यवहार गरेमा कारक, स्वरूप, अर्थ आदि केहीं विशेष हुने देखिनाले 'पूजागर्नु, मानगर्नु,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(क) 'आमा बाबुलाई मान–गर. यो कुरा विचार–गर्छु. मैले देवतालाई पूजा–गरें' इत्यादि 'गर्नु' क्रिया संग 'मान, विचार, पूजा' यी नाम जोडी व्यहार गरेमा र, 'आमा बाबुको मान गर. यो कुराको (मा) विचार गर. मैले देवताको पूजा गरें.' इत्यादि सो नाम क्रियाहरू नजोडी व्यवहार गरेमा कारकको रचना फरक भएको देखिन्छ.

(ख) 'त्यसले काम गरि–सक्यो. म त्यहां गएथें. त्यो काम गर्थ्यो. त्यसो भए हुन्थ्यो.' इत्यादि 'सक्नु हुनु' क्रिया संग 'गरी गएको, गर्दो, हुने' यी विशेषण जोडी व्यवहार गरेमा र, 'त्यसले काम गरी सक्यो. म त्यहां गएको थिएँ.' इत्यादि सो विशेषणहरू नजोडी व्यवहार गरेमा शब्दको विकार भई स्वरूपमा फरक भएको देखिन्छ.

(ग) बाबाले मिठाइ दिनु-हुन्छ (दिन्छन्). तिमी सुन्दै–जाऊ. (क्रमसंग - सुन). यो लेख्तै गर्छ (निरन्तर लेख्छ)' इत्यादि 'हुनु, जानु, गर्नु' क्रिया संग 'दिनु, सुन्दै, लेख्तै' यी नाम विशेषण जोडेर व्यवहार गरेमा र, 'बाबाले मिठाइ दिनु हुन्छ (दिनालाई हुन्छ). तिमी सुन्दै जाऊ (सुन्दै हिंड). यो लेख्तै गर्छ (लेख्तै काम गर्छ) इत्यादि सो नाम विशेषण क्रियाहरू नजोडी व्यवहार गरेमा अर्थ फरक परेको देखिन्छ.

(घ) 'चिठी लेखि-हाल (चांडो लेख). म भनि दिन्छु अथवा भन्दिन्छु (तिम्रो निति भन्छु). काम गरि-बक्सियो (गर्नु भयो). इत्यादि 'हाल्नु,

---

गरिसक्नु, खांदैगर्नु' इत्यादिलाई संयुक्तक्रिया मानी व्यवहार गरेको छ. अनेक क्रिया जोडिए जस्तो नदेखिने नजोडेर प्रयोग हुन नशक्ने नामहरूमा स्पष्ट केही वर्ण प्रत्यय जोडी धातु भई व्यबहार हुने 'रोगाउनु, लजाउनु, जिल्लिनु' इत्यादिमा त संयुक्त-क्रिया मान्नु पर्ने कारण केही नदेखिनाले संस्कृतमा झैं नाम आदिमा प्रत्यय भई क्रिया बुझाउने नाम धातु मानेर पहिले (२४७ नियमा) लेखिएको छ.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

दिनु, बक्सनु' क्रिया संग 'लेखी, भनी, गरी' यी अव्यय जोडेर व्यवहार गरेमा र, 'चिठी लेखी हाल (लेखेर हाल). म भनी दिन्छु (भनेर दिन्छु). काम गरी बक्सियो (गरेर बक्सियो)' इत्यादि सो अव्यय क्रियाहरू नजोडी व्यवहार गरेमा अर्थको पनी स्वरूपको पनी फरक भएको देखिन्छ.

३१७. तसर्थ—धातुसाधित अथवा अरू किसिमका नाम, विशेषण, अव्ययहरू जोडिई कारक, स्वरूप, अर्थ आदि केही फरक हुने क्रियालाई संयुक्त-क्रिया; तिनका पदलाई संयुक्तक्रिया-पद भन्दछन्.

३१८. क्रिया नबुझाउने नामहरू संग जोडिएका क्रियालाई क्रियाभिन्न संयुक्त; क्रिया बुझाउने धातुसाधित नाम, विशेषण, अव्यय संग जोडिएका क्रियालाई क्रियासंयुक्त-क्रिया भन्दछन्.

३१९. क्रियाभिन्न-संयुक्त-क्रियामा प्रायः कर्म कारक, कहीं अरू कारकलाई बुझाउने नामको विभक्ति प्रत्ययहरू लोप भई क्रियासंग एक जिउ भएर जोड हुन्छ. सो कर्म कारक नजोडेर बेगलै राखेमा त्यसको सम्बन्धी भई षष्ठी हुने अर्को जो शब्द छ सो शब्द, कर्म जोडी संयुक्त क्रिया भएमा कर्म भई व्यवहार हुन्छ. अरू कारकहरू जोडिएमा त्यसको विभक्ति प्रत्ययहरू नरहने हुन्छ. त्यस कारणले क्रियाभिन्न-संयुक्त क्रियामा प्रायः कारक रचना मात्र फरक हुन्छ, स्वरूप अर्थहरू फरक हुंदैनन्.

जस्तैः— गरिने हुनाले कर्म भएका 'पूजा, मान, बिचार, सम्झना' इत्यादिलाई 'गर्नु' आदि संग जोडी 'पूजा गर्नु, मान-गर्नु, विचार-गर्नु, संझना-गर्नु' इत्यादि संयुक्त-क्रिया तुल्याएमा सो संयुक्त-क्रियाको 'देवता, आमा, बाबु कुरा, म' इत्यादि कर्म भई 'देवतालाई पूजा-गर. आमा बाबुलाई मान-गर. यो कुरा-विचार. मलाई संझना-राख.' इत्यादि प्रयोग हुन्छ. यो पूजा आदि कर्मलाई क्रियासंग नजोडी बेगलै प्रयोग गरेमा त सो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पूजा आदि कर्मको देवता आदि सम्बन्धी मात्र हुनाले षष्ठयन्त भई 'देवताको पूज ागर. आमा बाबुको मान गर. यो कुराको विचार गर. मेरो संकल्प राख.'[१] इत्यादि प्रयोग हुन्छ.

यस्तैः– 'शूली' आदि अधिकरणलाई 'हाल्नु, चढाउंनु' आदि क्रिया संग जोडी संयुक्त-क्रिया तुल्याएमा सो अधिकरणहरूको विभक्ति लोप भई 'चोरलाई शूली हाल; शूली चढाऊ' इत्यादि प्रयोग हुन्छ; सो कारकलाई नजोडी बेगलै प्रयोग गरेमा ख कारक बमोजीमको विभक्ति भई 'चोरलाई शूलीमा हाल; चढाऊ' इत्यादि प्रयोग हुन्छ. तर यस्तो अरू कारक जोडिएको प्रयोग बहुतै कम पाइन्छ.

३४०. सो संयुक्त क्रिया हुंदा व्यवहार अनुसार जस जसको प्रयोगमा कारक रचना फरक भएको देखिन्छ उनैको संयुक्त प्रयोग गर्नु उचित छ, नभा शब्दको संयुक्त तुल्याई प्रयोग नगरे पनि हुन्छ. 'आंखा तर्नु, दाउ लाउंनु, रिसउठ्नु, निको पार्नु, सिद्ध गर्नु, पक्का गर्नु, लाठ हुनु, चर्को हुनु, माथि पुग्नु, यता न उता हुनु' इत्यादि क्रिया त अर्थ विशेषको अनुसारले संधै व्यवहार भएका मात्र हुन, कारक अर्थ आदि केही विशेष फरक नहुने देखिनाले संयुक्त क्रिया नमाने पनी हुन्छ.

१संस्कृतमा पनी पूजा-गर्नु, आदि क्रियालाई कहने पूजा आदि धातुको व्यवहार गरेमा सो पूजा गरिने आदि कर्म भई 'शालिग्रामं पूजय शालिग्रामलाई पूजा गर); मातापितरौ मानयति (आमा बाबुलाई मान गर्छ)' इत्यादि व्यवहार हुन्छ; सो पूजा गर्नु आदि क्रियामा गर्नु क्रियालाई कहने कृधातुलाई अलग्ग गरी पूजा मान आदिलाई त्यसको कर्म तुल्याई व्यवहार गरेमा आमा बाबु आदि पूजाको सम्बन्धी (अथवा धातुसाधित नमको कर्म) भई 'शालिग्रामस्य पूजां कुरू (शालिग्रामको पूजा गर); मातापित्रोर्मानं करोति (आमा बाबुको मान गर्छ)' इत्यादि व्यवहार हुन्छ.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

३२१. क्रियासंयुक्त-क्रिया बन्दा प्रायः सबै धातुबाट हुने 'नु, ने, तो, दो, एको, ई, न' प्रत्यय भएका धातुसाधित शब्द क्रियापद संग जोडिई व्यवहार हुन्छन्. तिनमा पनी सबै धातुका क्रियापदमा ती सबै धातुसाधित जोडिएर व्यवहार हुने नियम छैन; कहीं कुनै, कहीं कुनै किसिमका शब्द र क्रियापद जोडिई व्यवहार हुन्छन्

३२२. क्रियापद संग नु प्रत्ययान्त जोडिएमा धातुसाधित-नामसंयुक्त; 'ने, तो, दो, एको,' प्रत्ययान्त जोडिएमा धातुसाधित-विशेषणसंयुक्त; 'ई न' प्रत्ययान्त जोडिएमा धातुसाधित-अव्ययसंयुक्त, यी तीन थरी क्रिया-संयुक्त-क्रिया हुन्छन्. जस्तैः—

(क) 'पर्नु हुनु' क्रियामा 'गर्नु' आदि 'नु' प्रत्ययान्त नाम जोड्दा 'गर्नु-पर्नु, गर्नु-हुनु' आदि क्रिया भई 'गर्नु-पर्छ गर्नु-पऱ्यो, गर्नु-हुन्छ, गर्नु-भयो, दिनु-पर्छ, जानु-भयो' इत्यादि धातुसाधितनामसंयुक्त क्रिया-पद भए.

(ख) 'हुनु, गर्नु रहनु' इत्यादि क्रियामा 'गर्ने, गर्दै, बस्तै गरेको इत्यादि 'ने, तो, दो, एको' प्रत्ययान्त विशेषण जोड्दा 'गर्नेहुनु, गर्दैहुनु, गर्दै-रहनु, बस्तैगर्नु, गरेकोहुनु' इत्यादि क्रिया भई 'गर्नेहुन्छ, गर्दैहोला, गर्दै-रहन्छ, गर्दथ्यो, बस्तै-थियो, गरेछ, गरेथ्यो' इत्यादि धातु-साधितविशेषणसंयुक्त क्रियापद भए.

(ग) 'सक्नु, हाल्नु, पाउनु' इत्यादि क्रियामा 'गरी, भनी, गर्न' इत्यादि 'ई, न' प्रत्ययान्त अव्यय जोड्दा 'गरिसक्नु, भनिहाल्नु, गर्नपाउनु' इत्यादि क्रिया भई 'गरिसक्छ भनिहाल्यो, गर्नपाउंछ, दिनपायो' इत्यादि धातुसाधितअव्ययसंयुक्त क्रियापद भए.

३२३. क्रियाभिन्नसंयुक्त क्रियामा क्रिया एकै हुनाले सोही क्रिया मुख्य भई बुझिन्छ; क्रियासंयुक्तक्रियामा अनेक क्रिया भई धातुसाधितबाट बुझिने

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

क्रिया मुख्य हुने, क्रियापदबाट बुझिने क्रियाले सो मुख्य क्रियालाई पूर्ण गराउने मद्दत दिने हुनाले धातुसाधितबाट बुझिने अघिल्लो क्रियालाई मुख्य-क्रिया; क्रियापदबाट बुझिने पछिल्लो क्रियालाई सहायक्रिया भन्छन्.

जस्तैः— जानुहुन्छ, जानेथियो, भन्दथ्यो, गरेछ, गरिहाल्यो, गर्न-पायो' इत्यादिमा धातुसाधितबाट बुझिएका 'जानु, भन्नु, गर्नु' इत्यादि अघिल्ला क्रिया मुख्यक्रिया हुन्; क्रियापदबाट बुझिएका 'हुनु, हाल्नु, पाउनु' इत्यादि पछिल्ला क्रिया सहायक्रिया हुन्.

३२४. क्रियाभिन्नसंयुक्त क्रियामा क्रिया एकै हुनाले सोही क्रिया मुख्य भए पनी सोही क्रियापदमा नियम अर्थका अनुसारले वाच्य काल पुरुष आदिका रूप चल्दछन्; क्रियासंयुक्त क्रियामा मुख्य क्रिया बुझाउने भए पनी धातुसाधित सधैं एकैनास रहने हुनाले सहाय क्रियापदैमा अर्थका अनुसारले वाच्य काल पुरुष आदिका प्रायः सबै रूप चल्दछन्. कहीं कहीं ती दुइ जोडिदा शब्दको स्वरूप पनी केही फरक पर्ने, कहीं कहीं अर्थ फरक हुने, कहीं कहीं सबै थरी रूप नचल्ने इत्यादि विशेष हुन्छन्; ती कुरा पछिका विशेष नियमबाट बुझिनेछन्.

३२५ नामसंयुक्त-क्रिया बन्दा प्रायः सबै किसिमका धातुबाट बनेका नु-प्रत्ययान्त नाम 'पर्नु, हुनु' क्रिया संग मात्र जोडिई व्यवहार हुन्छन्; अरू क्रियासंग जोडिई प्रायः व्यवहार हुंदैनन्.

३२६. नु-प्रत्ययान्त नाम पर्नु क्रियासंग जोडिदा प्रयोग रूप अर्थ-हरूमा यस्तो केही विशेष हुन्छः—

(क) 'पर्नु' क्रियामा 'नु' प्रत्ययान्त नाम जोड्दा सो नाम 'पर्नु' क्रियाको कर्ता जस्तो भई जोडिने हुनाले सो 'नु' प्रत्ययान्त क्रियाको कर्तामा अकर्मकमा 'ले' विकल्प, सकर्मकमा 'ले' नित्य, कर्ममा द्वितीया हुन्छ.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

जस्तैः—'तपाञो (ले) जानुपऱ्यो. म अथवा मैले धनी हुनुपर्छ तैंले भात खानुपर्छ. तिमीले यो काम गर्नुपऱ्यो. मैले त्यसलाई दया गर्नुपर्छ. गुरुले शिष्यलाई राम्रो गरी पढाउनुपर्छ. त्यो देखिनुपर्छ.' इत्यादि.

(२) नु–प्रत्ययान्त नामबाट बुझिने मुख्य क्रियामा त्यससंग जोडेको 'पर्नु' क्रियाबाट परतन्त्रता अर्थात् आवश्यकता, योग्यता, सम्भव आदि मौका अनुसार कहीं केही कहीं केही विशेष अर्थ बुझिन्छ. सो जोडिएको पर्नु क्रियाले परतन्त्रता आदि विशेष अर्थ बुझाई नु-प्रत्ययान्त मुख्य क्रियालाई सहायता दिने हुनाले सो सहाय-क्रियालाई परतन्त्रताबोधक भन्दछन्. जस्तैः—

'तिमीले यो काम गर्नुपर्छ. मैले घर जानुपऱ्यो. चिठी भट्ट लेख्नुपर्छ.' इत्यादिमा आवश्यकता; 'पुराण पण्डितले बांच्नुपर्छ. यो काममा त्यसलाई पठाउनुपर्ला. तपाञीले मलाई शिकाउनु पर्नेछ.' इत्यादिमा योग्यता; 'यस बेला रामु घर हुनुपर्छ. काव्यभन्दा कौमुदी गाह्रो हुनुपर्दछ भोली मैले जानुपर्ला.' इत्यादिमा सम्भव, इत्यादि विशेष अर्थ बुझिन्छन्.

(३) यो परतन्त्रताबोधक संयुक्तक्रियामा नु-प्रत्ययान्तचाहीं अकर्मक भए कर्तृप्रधान मात्र, सकर्मक भए कर्मप्रधान समेत हुन्छ, भावप्रधान हुंदैन. पर्नु क्रियाको उक्त कर्ता भई जोडिने 'नु' प्रत्ययान्तको अनुसारले सो 'पर्नु' क्रिया सबै काल अर्थमा कर्तृवाच्य तृतीयपुरुष, नपुंलिङ्ग, एकवचनको रूप मात्र प्रयोग हुन्छ. जस्तैः—

अक—'म वा मैंले, हामी वा हामीले, तं तैंले, तिमी वा तिमीले, त्यो वा त्यसले, रामु वा रामुले, सेती वा सेतीले—जानुपर्छ जानुपऱ्यो, जानुपर्नेछ, जानुपरोस्, जानुपर्ला; सुत्नुपऱ्यो, हिड्नुपर्ला, हुनुपरोस्, उठ्नुपर्नेछ' इत्यादि.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सक—'मैले, हामीले तैंले, तिमीले, त्यसले, तिनीले, रामुले, सेतीले—काम गर्नुपर्छ, गर्नुपऱ्यो, गर्नुपर्नेछ, गर्नुपरोस्, गर्नुपर्ला; पुस्तक लेख्नुपऱ्यो, रुपिञा दिनुपर्छ, काव्य पढ्नुपरोस्, यश पाइनुपर्ला, काम गरिनुपर्छ, पुस्तक लेखिनुपऱ्यो, छोरालाई उठाउंनुपर्छ, सुख कमाउंनुपर्छ, घर देखाउंनुपऱ्यो.' इत्यादि.

३२७. नु प्रत्ययान्त नाम हुनु क्रिया संग जोडिंदा प्रयोग रूप अर्थहरूमा यस्तो केही विशेष हुन्छ:—

(१) 'हुनु' क्रियामा 'नु' प्रत्ययान्त नाम जोड्दा सो नु-प्रत्ययान्त क्रिया मुख्य भई बुझिने हुनाले त्यसैको बमोजीम सकर्मक अकर्मक भई सामान्य नियम बमोजीमै कारक हुन्छन्. जस्तै:—

'गुरुले पाठ पढाउंनुभयो. बावा (ले) मलाई किताप दिनुहुन्छ. बाहुं (ले) यो मानिसलाई हप्काउनुहुनेछ. बावा उठनुभयो. याहां पण्डित हुनुहुन्छ. तपाञी फेला पर्नुहोला.' इत्यादि.

(२) नु-प्रत्ययान्त नामबाट बुझिने मुख्य क्रियामा त्यससंग जोडेको 'हुनु' क्रियाबाट मान अर्थात् आदर अर्थ बुझिन्छ. सो जोडिएको हुनु क्रियाले मान अर्थ विशेष बुझाई नु-प्रत्ययान्त मुख्य क्रियालाई सहायता दिने हुनाले सो सहाय-क्रियालाई मानवोधक भन्दछन्. जस्तै:—

'जानुहुन्छ, जानुभयो, जानुहुनेछ, हुनुहुन्छ, गर्नुहोला, खानुहोस्रोस्, अह्राउनुभयो' इत्यादिबाट 'जान्छ, गयो, जान्छन्, गए' इत्यादि प्रयोग गरेमा भन्दा बढ्ता मान बुझिन्छ.

(३) सो मानबोधक संयुक्त-क्रियामा नु-प्रत्ययान्त चाहीं अकर्मक भए कर्तृप्रधान मात्र, सकर्मक भए कर्मप्रधान समेत हुन्छ; हुनु-क्रिया त कर्तृप्रधान मात्र हुन्छ. सो हुनु-क्रियाको सबै काल अर्थमा जस तोसुकै कर्ता कर्म भए पनी पुंलिङ्गी तृतीयपुरुष एकबचनको रूप मात्र प्रयोग हुन्छ.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

जस्तैः—'तपाञी (ले) जानुपऱ्यो. म अथवा मैले धनी हुनुपर्छ तैंले भात खानुपर्छ. तिमीले यो काम गर्नुपऱ्यो. मैले त्यसलाई दया गर्नुपर्छ. गुरुले शिष्यलाई राम्रो गरी पढाउनुपर्छ. त्यो देखिनुपर्छ.' इत्यादि.

(२) नु–प्रत्ययान्त नामबाट बुझिने मुख्य क्रियामा त्यससंग जोडेको 'पर्नु' क्रियाबाट परतन्त्रता अर्थात् आवश्यकता, योग्यता, सम्भव आदि मौका अनुसार कहीं केही कहीं केही विशेष अर्थ बुझिन्छ. सो जोडिएको पर्नु क्रियाले परतन्त्रता आदि विशेष अर्थ बुझाईं नु-प्रत्ययान्त मुख्य क्रियालाई सहायता दिने हुनाले सो सहाय-क्रियालाई परतन्त्रताबोधक भन्दछन्. जस्तैः—

'तिमीले यो काम गर्नुपर्छ. मैले घर जानुपऱ्यो. चिठी भट्ट लेख्नुपर्छ.' इत्यादिमा आवश्यकता; 'पुराण पण्डितले बाँच्नुपर्छ. यो काममा त्यसलाई पठाउनुपर्ला. तपाञीले मलाई शिकाउनु पर्नेछ.' इत्यादिमा योग्यता; 'यस वेला रामु घर हुनुपर्छ. काव्यभन्दा कौमुदी गाह्रो हुनुपर्दछ भोली मैले जानुपर्ला.' इत्यादिमा सम्भव, इत्यादि विशेष अर्थ बुझिन्छन्.

(३) यो परतन्त्रताबोधक संयुक्तक्रियामा नु-प्रत्ययान्तचाहीं अकर्मक भए कर्तृप्रधान मात्र, सकर्मक भए कर्मप्रधान समेत हुन्छ, भावप्रधान हुंदैन. पर्नु क्रियाको उक्त कर्ता भई जोडिने 'नु' प्रत्ययान्तको अनुसारले सो 'पर्नु' क्रिया सबै काल अर्थमा कर्तृवाच्य तृतीयपुरुष, नपुंलिङ्ग, एकवचनको रूप मात्र प्रयोग हुन्छ. जस्तैः—

अक—'म वा मैले, हामी वा हामीले, तं तैंले, तिमी वा तिमीले, त्यो वा त्यसले, रामु वा रामुले, सेती वा सेतीले—जानुपर्छ जानुपऱ्यो, जानुपर्नेछ, जानुपरोस्, जानुपर्ला; सुत्नुपऱ्यो, हिड्नुपर्ला, हुनुपरोस्, उठ्नुपर्नेछ' इत्यादि.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सक—'मैले, हामीले तैंले, तिमीले, त्यसले, तिनीले, रामुले, सेतीले—काम गर्नुपर्छ, गर्नुपर्‍यो, गर्नुपर्नेछ, गर्नुपरोस्, गर्नुपर्ला; पुस्तक लेख्नुपर्‍यो, रुपियां दिनुपर्नेछ, काव्य पढ्नुपरोस्, यश पाइनुपर्ला, काम गरिनुपर्छ, पुस्तक लेखिनुपर्‍यो, छोरालाई उठाउंनुपर्छ, सुख कमाउंनुपर्छ, घर देखाउंनुपर्‍यो.' इत्यादि.

३२७. नु प्रत्ययान्त नाम हुनु क्रिया संग जोडिंदा प्रयोग रूप अर्थहरूमा यस्तो केही विशेष हुन्छ:—

(१) 'हुनु' क्रियामा 'नु' प्रत्ययान्त नाम जोड्दा सो नु-प्रत्ययान्त क्रिया मुख्य भई बुझिने हुनाले त्यसैको बमोजीम सकर्मक अकर्मक भई सामान्य नियम बमोजीमै कारक हुन्छन्. जस्तैः—

'गुरुले पाठ पढाउंनुभयो. बाबा (ले) मलाई किताप दिनुहुन्छ. बाहां (ले) यो मानिसलाई हप्काउनुहुनेछ. बाबा उठनुभयो. याहां पण्डित हुनुहुन्छ. तपाजी फेला पर्नुहोला.' इत्यादि.

(२) नु-प्रत्ययान्त नामबाट बुझिने मुख्य क्रियामा त्यससंग जोडेको 'हुनु' क्रियाबाट मान अर्थात् आदर अर्थ बुझिन्छ. सो जोडिएको हुनु क्रियाले मान अर्थ विशेष बुझाई नु-प्रत्ययान्त मुख्य क्रियालाई सहायता दिने हुनाले सो सहाय-क्रियालाई मानबोधक भन्दछन्. जस्तैः—

'जानुहुन्छ, जानुभयो, जानुहुनेछ, हुनुहुन्छ, गर्नुहोला, खानुहोओस्, अह्राउनुभयो' इत्यादिबाट 'जान्छ, गयो, जान्छन्, गए' इत्यादि प्रयोग गरेमा भन्दा बढ्ता मान बुझिन्छ.

(३) यो मानबोधक संयुक्त-क्रियामा नु-प्रत्ययान्त चाहीं अकर्मक भए कर्तृप्रधान मात्र, सकर्मक भए कर्मप्रधान समेत हुन्छ; हुनु-क्रिया त कर्तृप्रधान मात्र हुन्छ. सो हुनु-क्रियाको सबै काल अर्थमा जस तोसुकै कर्ता कर्म भए पनी पुंलिङ्गी तृतीयपुरुष एकबचनको रूप मात्र प्रयोग हुन्छ.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(४) यो हुनु-क्रियासंयुक्त नु-प्रत्ययान्त क्रियाबाट कर्तृप्रधानमा कर्ताको, कर्मप्रधानमा कर्मको, मान बुझिने भई मान बुझाउंन योग्य कर्ता वा कर्मको प्रयोग गर्नु पर्ने हुनाले सो वाच्य भएको कर्ता वा कर्मलाई कहने शब्द नाम राखेमा 'बाबु, आमा, गुरु, ईश्वर, सरकार' इत्यादि शब्दको प्रयोग हुन्छ; सर्वनाम राखेमा तं-शब्दको बदला 'तपाईं, हजुर' इत्यादि शब्दको, त्यो-शब्दको बदला 'त्यांहां' शब्दको, यो-शब्दको बदला 'यांहां' शब्दको, उ-शब्दको बदला 'वांहां' शब्दको प्रयोग हुन्छ; अरू किसिमका मान नबुझाउने 'चाकर, कुकुर, पर्वत इत्यादि नाम, 'म, जो, को' इत्यादि सर्वनामहरूको प्रयोग हुंदैन. 'म, हामी' शब्दको पनि प्रयोग नहुने, त्यसको बदला अर्को शब्द पनि नहुने हुनाले प्रथम पुरुषको तात्पर्यले मानबोधक क्रियाको प्रयोगै हुंदैन.

मानबोधकसंयुक्त सकर्मक स्वतन्त्र कर्तृवाच्य

'गर्नु हुनु' क्रियाका रूपः—

सबै लिङ्ग वचन	करण.	अकरण.
द्वि. पु.		
तपाईं (हरू-ले)	वर्त—गर्नु हुन्छ.	गर्नु हुन्न, गर्नु हुंदैन.
हजुर (हरू-ले)	भूत[1]-गर्नु भयो.	गर्नु भएन.
तृ. पु.	भवि-गर्नु हुनेछ.	गर्नु हुनेछैन.
त्यांहां (हरू-ले)	विधि-गर्नु होओस्.	नगर्नु होओस्. गर्नु नहोओस्.
यांहां (हरू-ले)	संभा-गर्नु होला.	नगर्नु होला, गर्नु नहोला,
वांहां (हरू-ले)		गर्नुहोओइन.
बाबु(हरू-ले)इ०		

१ भूतकालमा सामान्य नियम बमोजीम सकर्मक नु-प्रत्ययान्त क्रिया जोडेमा 'ले' नित्य भई 'तपाईंले गर्नु भयो' इत्यादि; अकर्मक नु-प्रत्ययान्त

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यस्तै गरी स्वतन्त्र कर्मप्रधान नु-प्रत्ययान्त जोडेमा—'तपाजी (हरू) देखिनुहुन्छ, देखिनुभयो' इत्यादि; प्रेरणार्थक कर्तृप्रधान नु-प्रत्ययान्त जोडेमा तपाजी (हरू-ले) गराउंनुहुन्छ, देखाउंनुहोला' इत्यादि; प्रेरणार्थक कर्मप्रधान नु-प्रत्ययान्त जोडेमा—'तपाजी (हरू-ले) देखाउंनुहुन्छ, उठाउंनुहुन्छ' इत्यादि; अकर्मक नु-प्रत्ययान्त जोडेमा —'तपाजी (हरू) जानुहुन्छ, जानुभयो, हुनुभयो' इत्यादि जान्नू.

३२८. विशेषण संयुक्त-क्रिया बन्दा 'हुनु' क्रिया संग प्रायः सबै किसिमका धातुबाट बनेका ने, एको, तो, दो, तै, दै' यी सबै थरि प्रत्ययान्त; 'जानु, आउनु, हिड्नु, गर्नु, रहनु' क्रिया संग 'तै, दै' प्रत्ययान्त; 'गर्नु' क्रिया संग 'ने' प्रत्ययान्त विशेषण शब्द कर्तृप्रधानमा कर्ताको, कर्मप्रधानमा कर्मको विधेय-विशेषण भएर जोडिई व्यवहार हुन्छन्; अरू क्रिया संग जोडिई प्रायः व्यवहार हुँदैनन्.

३२९. यी विशेषणसंयुक्त-क्रिया अर्थका हिसाबले दुइ किसिमका हुन्छन्. (१) अवस्था-भेद गराउने अर्थात् अघि लेखिएका तीन काल विधि सम्भावना आदिमा नै पूर्णता रीति आदि केहि विशेष गराउने र, (२) क्रियामा नैरन्तर्य (निरन्तर हुनु) आदि केही विशेष अर्थ बुझाउंने.

३३०. हुनु क्रिया संग 'ने, एको, तो, दो, तै, दै' प्रत्ययान्त धातुसाधित विशेषण जोडिएमा अवस्थाभेद बुझिन्छ. सो अवस्थाभेद बुझिनेमा कहीं कहीं विशेषरूप हुन्छन्. कारक-रचनाहरू धातुसाधितका सामान्य नियम बमोजीमै हुन्छन्.

क्रिया जोडेमा 'ले' को नित्य लोप भई 'तपाजी जानुभयो, हुनुभयो' इत्यादि हुने; अरू अवस्थामा सकर्मकमा 'ले' विकल्प भई 'तपाजी (ले) हेर्नुहुन्छ, सुन्नुहोला' इत्यादि; अकर्मकमा लोप भई 'तपाजी हुनुहुन्छ, जानुहोला' इत्यादि हुने कुरा याद गरी सबै किसिमका धातुका रूप चलाउनू.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(१) धातुसाधित प्रकरणमा लेखे बमोजीम 'ने, तो, दो' प्रत्ययान्त विशेषणमा 'थिएं' इत्यादि भूतकालिक र, 'एको' प्रत्ययान्त विशेषणमा 'छु' इत्यादि वर्तमानकालिक 'थिएं' इत्यादि भूतकालिक दुवै सामान्यक्रिया-बोधक क्रियापदको प्रयोग गरेमा ती प्रत्ययको 'न, त, द, ए' इत्यादिको लोप विकार पनी गर्न हुने हुनाले सो लोप वा विकार गरेका पक्षमा 'थएं, थियौं; थिइस्, थियौ; थियो, थिई, थिए, थिइन्' यी क्रियापदको बदला क्रमै संग 'थें, थ्यौं; थिस्, थ्यौ; थ्यो, थी, थे, थिन्' यस्ता स्वरूप हुन्छन्. थियो, थिई; थिए, थिइन्' यी क्रियापदको बदला क्रमै संग थें, थ्यौं; थिस्, थ्यौ; थ्यो, थी, थे, थिन्' यस्ता स्वरूप हुन्छन्. दुवैको विकार संगं हुने हुनाले प्रत्ययक विकार नगरेका क्रियापदको पनी विकार हुंदैन. अवधारणार्थक यी प्रत्ययान्तको प्रयोग गरेमा प्रत्ययको विकार नहुने हुनाले क्रियापदको पनी विकार हुंदैन. जस्तैः—

(क) 'म हुन्थें[१]-हुने थिएं, हुँदो थिएं; हामी हुन्थ्यौं हुने थियौं, हुंदा थियौं; तं हुन्थिस्-हुने थिइस्, हुंदो थिइस्, हुंदी थिइस्; तिमी (हरू) हुन्थ्यौ-हुने थियौ, हुंदा थियौ हुंदी थियौ; त्यो हुन्थ्यो-हुने थियो, त्यो हुन्थी-हुने थिई, हुंदी थिई; तिनी (हरू) हुन्थे-हुने थिए, हुंदा थिए; तीं हुन्थिन-हुने थिइन, हुंदी थिइन्.

(ख) म आउंथें, आउंदथे-आउने थिएं, आउंदो थिएं, आउंदी थिएं; हामी (हरू) आउंथ्यौं, आउंदथ्यौं-आउने थियौं, आउंदा थियौं; तं आउंथिस्,

---

१ यहां ने-प्रत्ययको र तो-दो प्रत्ययको विकार हुंदा एकै नासको संयुक्त बन्ने हुनाले दुवै थरिका रूप मिलाई एकै बाजि लेखिएका छन् त पनी, वाक्यमा प्रयोग गर्दा अघि २५९ पृष्ठमा लेखेको टिप्पणी बमोजीम अर्थको अनुसार कहीं कुनै चाहींको, कहीं कुनै चाहींको विकार भई संयुक्त रूपको प्रयोग हुने कुरा संझना गर्नू.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

आउंदथिस्-आउने थिइस, आउंदो थिइस्, आउंदी थिइस्; तिमी(हरू) आउंथ्यौ, आउंदथ्यौ,-आउने थियौ. आउंदा थियौ आउंदी थियौ; त्यो आउंथ्यो. आउंदथ्यो-आउने थियो, आउंदो थियो; त्यो आउंथी. आउंदथी-आउने थिई, आउंदी थिई; तिनी (हरू) आउंथे, आउंदथे-आउने थिए, आउंदा थिए; तिनी आउंथिन्, आउंदथिन्-आउने थिइन्, आउंदो थिइन्.

(ग) म मैंले लेख्थें, लेख्तथें-लेख्ने थिएं, लेख्तो थिएं, लेख्ती थिएं; हामी-हरू-ले लेख्थ्यौं, लेख्ने थियौं, लेख्तथ्यौं-लेख्ता थियौं; तं, तैंले लेख्थिस्, लेख्तथिस्-लेख्ने थिइस, लेख्तो थिइस्, लेख्ती थिइस्; तिमी-हरू-ले लेख्थ्यौ, लेख्तथ्यौ-लेख्ने थियौ, लेख्ता थियौ, लेख्ती थियौ; त्यो, त्यसले लेख्थ्यो, लेख्तथ्यो-लेख्ने थियो, लेख्तो थियो; त्यो त्यसले लेख्थी, लेख्तथी-लेख्ने थिई. लेख्ती थिई; तिनीहरू-ले लेख्थे, लेख्तथे-लेख्ने थिए, लेख्ता थिए; तिनी-ले लेख्थिन्, लेख्तथिन्-लेख्ने थिइन्, लेख्ती थिइन्.

(घ) मंले गरेछु[१]-गरेको छु, मैंले गरिछु-गरेकी छु; हामीले गरेछौं-गरेका छौं; तैंले गरिछस्-गरेको छस्, गरेकी छस्; तिमीहरूले गरेछौ-गरेका छौ, तिमीले गरिछौ-गरेकी छौ; त्यसले गरेछ-गरेको छ, त्यसले गरिछ-गरेकी छ; तिनीहरूले गरेछन्-गरेका छन्, तिनीले गरिछन्-गरेकी छन्

(ङ) मं गएथें-गएको थिएं, म गइथें-गएकी थिएं; हामी गएथ्यौं-गएका थियौं; तं गइथिस्-गएको थिइस्, गएकी थिइस्; तिमी-हरू गएथ्यौ-

---

१ 'गरेछु, गरेनछ' इत्यादिमा 'गरेकोछु, गरेकोछैन' इत्यादिमा भन्दा परोक्षता रूप विशेष अर्थ बुझिने कुरा पछि संयुक्त कालको प्रकरणमा लेखिनेछ.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

गएका थियौ, तिमी गइथ्यौ-गएकी थियौ; त्यो गएथ्यो-गएको थियो, त्यो गइथी-गएकी थिई; तिनीहरू गएथे-गएका थिए, तिनी गइथिन्-गएकी थिइन्.

(च) म जान्थें थिएं, हामी भन्दै थियौं, त्यो जांदै थियो, म गएकै छु, तैंले पढेकै थिइस्, म लेख्तै थिएं, हामी गएकै थियौं, ती गएकै छन्'. इत्यादि.

(-) यो हुनु क्रियासंयुक्त क्रियापदमा अकरण अर्थ बुझाउदा 'ने, तो, दो' प्रत्ययको विकार भएमा सर्वत्र सो विशेषणको मूलधातुको वर्तमान अकरण तृतीयपुरुष एकवचनी रूपको प्रयोग भई विकार भएको भूतकालिक सामान्य-क्रियाबोधक 'थें' इत्यादिको प्रयोग हुन्छ; 'एको' प्रत्ययको विकार भएमा भूत वर्तमान दुवैमा ती संयुक्त भएका दुइ क्रियाका पदको बीचमा न को प्रयोग हुन्छ. अरू प्रत्ययको विकार नहुने ठाउंमा प्रायः क्रियापदकै अकरण रूपको प्रयोग हुन्छ. जस्तैः-

(क) 'म हुन्नथें, हुंदैनथें-हुने थिइनं. हामी जान्नथ्यौं, जादैनथ्यौं-जाने थिएनौं. तं आउन्नथिस्, आउंदैनथिस्-आउंदो थिइनस्. तिमी गर्दैनथ्यौ-गर्ने थिएनौ. त्यां बस्तिनथी-बस्ने थिइन. ती लेख्तैनथे-लेखने थिएनन्'. इत्यादि.

(ख) 'मैले गरिनछु-गरेको छैन, हामीले गरेनऔं-गरेका छैनौं. तैंले लेखिनछस्-लेखेको छैनस्. तिमीले देखेनछौ देखेका छैनौ. त्यो उठेनछ-उठेको छैन. ती गएनछन्-गएका छैनन्. म गएनथें-गएको थिइनं. हामीले गरेनथ्यौं' गरेका थिएनौं'. इत्यादि.

(३) वर्तमान र भूतकालको हुनु क्रिया-बोधक 'छु, थिएं' इत्यादि संग जोडिई संयुक्त भएझैं 'हु, व्हौं' इत्यादि हुनु क्रियाका विशेष रूप संग पनी 'ने तो, दो, एको, तै, दै' प्रत्ययान्त धातुसाधित बिशेषण जोडिएर व्यवहार हुन्छन्. 'ने, तै, दै' प्रत्ययान्त जोडिएमा सबै लिङ्गमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

एकै नास हुन्छ; 'तो'दो' प्रत्ययान्त जोडेमा ओकारान्त विशेषणको (२०३) नियम बमोजीम ओ-ई-आकारान्त भई लिङ्ग वचनका भेदले धातुसाधितको आकार फरक हुन्छ 'एको' प्रत्ययान्त जोडएमा अघिको (२०५ घ को) नियम बमोजीम 'एको' प्रत्यको 'ए, इ' आदेश भई माथिको 'छु, थें' इत्यादि जोडेमा हुने किसिमका रूप हुन्छन्. यिनमा अकरण क्रिया बुझाउंदा 'ने' ता, दो, तै, दै' प्रत्ययान्त जोडेमा व्यवहार अनुसार धातुसाधितको वा क्रियापदको अकरण रूपको प्रयोग हुन्छ, कहीं करणको रूपको बीचमा न को पनी प्रयोग हुन्छ. 'एको' प्रत्ययान्त जोडेमा त 'छु, थें' आदि संग जोडिएमा झैं करणको रूपको बीचमा न को प्रयोग हुन्छ, कहीं कहीं करणका रूपको आदिमा नकारको पनी प्रयोग हुन्छ. जस्तै:-

(क) 'म-जानेहुं[१], गर्दैहुं, गर्दोहुं, गर्दीहुं, गएहुं, गइहुं. हामी-जानेह्वौं, गर्दैह्वौं, गर्दाह्वौं, गएह्वौं, (हौं). तं-जानेहोस्, गर्दैहोस्, गर्देहोस्, गर्दीहोस्, गइहोस्; तिमी-हरू जानेह्वौ, गर्दैह्वौ, गर्दाह्वौ, गर्दीह्वौ, गएह्वौ, गइह्वौ, (हौ). त्यो-जानेहो, गर्दैहो, गर्दोहो, गर्दीहो, गएहो[२] गइहो. तिनी-हरू-जानेहुन्, गर्दैहुन्, गर्दाहुन् गर्दीहुन्, गएहुन्, गइहुन्'. इ०

---

१ 'म जाने हुं (जाने म हुं), गर्दो हुं, गर्दै हुं' इत्यादि असंयुक्त प्रयोग गरेमा भन्दा 'म काशी जानेहुं (पक्काजान्छु). अह्राएको भए म गर्दोहुं (गर्नेथिएं).' इत्यादिमा अर्थ फरक पर्ने, 'म गएको हुं' इत्यादिमा भन्दा 'म गएहुं' इत्यादिमा पनी 'गएछु' इत्यादिमा झैं परोक्षता रूप शिशेष अर्थ बुझिने कुरा पछि बुझिनेछ.

२ कोही कोही 'गएको, गइहोस्' यस्ता रूपका ठाउंमा 'गयोहो, पढ्योहो, भन्योहो; गइस्होस्, पढिस्होस्, भनिस्होस्' इत्यादि रूप पनी व्यवहार गर्दछन्; 'छु थें' इत्यादि संग एको-प्रत्ययान्त संग जोडेमा झैं 'हुं'

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(ख) 'नजानेहुं, जानेहोइनं; नगर्दैहुं, गर्दैहोइनं; नबस्तोहुं, बस्तोहोइनं, गएनहुं, गइनहुं, गएनह्वौ, (हौ); गइन्होस्, गएनह्वौ, गइनह्वौ (हौ); गएनहो, गइनहो, गएनहुन्, गइनहुन्, नगएहुं, नभनिहोस्, गर्दोनहुं, बस्नेनहुं.' इत्यादि.

(४) 'छु, थिएं, हुं' इत्यायि तीन किसिमका बाहेक अरू किसिमका काल अर्थका हुनु क्रियाका रूप संग पनी 'ने, तो, दो, तै, दै, एको' प्रत्ययान्त शब्द जोडिई व्यवहार हुन शक्छन्; तर तिनमा धातुसाधित वा क्रियापदको स्वरूपमा प्रायः केही फरक हुंदैन केवल पछि लेखिने बमोजीम अवस्थाभेद बुझिन्छ. जस्तैः—

'गर्नेहोओस्, जानेहोला, दिनेहुनेछ, गर्दोहुंला, गरेकोहुंला, जानेहुं, बस्नेहोला, जानेहुन्छु, जानेहोओइन, नजानेहोओस्.' इत्यादि.

(५) 'हुनु' क्रिया संग जोडिई अवस्थाभेद गराउने संयुक्तक्रिया हुंदा प्रायः धातुसाधित शब्द जोडिई व्यवहार हुन्छ; तर संभावनाको रूपमा सामान्यभूतकालको क्रियापद जोडेर प्रयोग गर्दा भूतकालको क्रियामा संभावना आदि विशेष अर्थ बुझिने हुनाले यस्तो किसिम संग अर्थभेद बुझिने ठाउंमा आख्यात आख्यात जोडिएर पनी संयुक्तक्रियापद बन्दछन्. यस्तो संयुक्तक्रियामा 'होउंला, होऔंला, होउला, होउली' यी रूपका ठाउंमा 'हुंला, ह्वौंला, ह्वौला, ह्वोली' यस्ता विशेष रूप

आदि संग जोडेमा पनी अरू रूपमा एकैनास संग एको–प्रत्ययको विकार भएको देखिने, अकरणका रूपमा पनी उहां झैं यहां पनी बीचमा नकार भई 'गएनहो, गइनहोस्' इत्यादि एकैनास हुने 'छु' आदि जोडेमा झैं 'हुं' आदि जोडेमा पनी परोक्षता अर्थ बुझिने देखिनाले 'गएहो, गइहोस्' यस्तो एकै थरि रूप देखाएको छ, सो 'गयाहो, गइस्होस्' इत्यादि शब्दलाई तल्लो नियम बमोजीम आख्यातको जोड भई बनेको मान्नुपर्दछ.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पनी क्रमै संग विकल्पले प्रयोग हुन्छन्. यस्तामा अकरण अर्थ बुझांउंदा व्यवहार अनुसार कहीं आदिमा न, कहीं अघिल्लो वा पछिल्लो क्रिया-पदको अकरणको रूपको प्रयोग हुन्छ: जस्तै: —

'म–गएंहोउंला (हुंला), हामी–गयौंहोऔंला (ह्वौंला). तं–गइस्होलास्, गइस्होलिस्; तिमीहरू–गयौहोउला (ह्वौला), गईहोउली (ह्वौली). त्यो–गयोहोला, गईहोली; तिनी-हरू–गएहोलान्, गईहोलिन्. म गइन-हुंला, तिनी-हरू-गएहोइनन्, त्यो गएनहोला. तिनीले गरेनन्होलान्.'

(३) अवस्थाभेद बुझाउंने हुनु क्रिया संयुक्त भएमा सो हुनु क्रियाबाट सामान्य क्रिया मात्र बुझिई धातुसाधितको क्रियामा अवस्थाभेद बुझाई सो धातुसाधित मुख्य क्रियाको सहायता गर्ने हुनाले सो सहाय-क्रियालाई अवस्थाभेदबोधक अथवा सामान्यक्रियाबोधक भन्दछन्. (सो अवस्थाभेदनिरूपण अर्को प्रकरणमा लेखिनेछ).

३३१. हुनु क्रिया भिन्न अर्थात् 'जानु, आउनु, ल्याउनु, हिड्नु, गर्नु, रहनु' क्रिया संग 'तै, दै' प्रत्ययान्त, 'गर्नु' क्रिया संग ने–प्रत्ययान्त विशेषण जोडिएमा कारकरचनामा र शब्दको रूप केही विशेष हुंदैन; नजोडेर प्रयोग गरेमा भन्दा जोडेर प्रयोग गरेमा अर्थहरूमा केही विशेष हुन्छ.

(१) 'जानु. हिड्नु, गर्नु, रहनु' क्रिया संग तै दै–प्रत्ययान्त विशेषण जोडेर प्रयोग गर्दा सो धातुसाधितबाट बुझिने क्रियाको पछिसम्म सातत्य अर्थात् विच्छेद नहुनु अर्थ, 'आउनु, ल्याउनु' क्रिया संग जोडेर प्रयोग गर्दा सो धातुसाधित क्रियाको अघिदेखिको सातत्य अर्थ 'गर्नु' क्रिया संग ने-प्रत्ययान्त जोडेर प्रयोग गर्दा सो धातुसाधित क्रियाको अघिदेखि वा पछिसम्म भन्ने केही अवधि नबुझिई केवल सातत्य अर्थ बुझिन्छ. सो जोडिएको 'जानु, आउनु, गर्नु' आदि क्रियाले सातत्य अर्थ विशेष बुझाई 'तै, दै, ने'–प्रत्ययान्त मुख्य क्रिया-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

लाई सहायता दिने हुनाले सो सहाय–क्रियालाई सातत्यबोधक भन्दछन्. जस्तैः—

'तिमी भन्दै-जाऊ, म सुन्दै-जान्छु. तिमी भन्दै-हिड म जांदै-गर्छु. त्यो लेख्तै-रहोस्' इत्यादिमा 'भन्नु, सुन्नु' आदि क्रियाको पछिसम्म सातत्य; 'मैले यो हेर्दै-आएं त्यो भन्दै-आयो. तिनीहरू लेख्तै-ल्याउंछन्.' इत्यादिमा 'हेर्नु, भन्नु आदि क्रियाको अघिदेखि सातत्य; 'तिमी त्यहां जाने-गर. मैले यो काम गर्ने-गरें. त्यो किन त्यहां जाने-गर्छ.' इत्यादिमा 'जानु, गर्नु' आदि क्रियाको सामान्य सातत्य अर्थ बुझिन्छ. 'भन्दै जाऊ जांदै (काम) गर्छ. हेर्दै आएं. लेख्तै आयो. खांदै ल्यायो. त्यो जाने (मानिस) गर्छ'. इत्यादि नजोडेर प्रयोग गरेमा त सातत्य अर्थ नबुझिई धातुसाधितको क्रिया र क्रियापदको क्रिया बेग्लै हुने गरी दुइ क्रिया नै बुझिन्छन्.

(२) सो सातत्यबोधक संयुक्तक्रियापदमा अकरण अर्थ बुझाउंदा धातु–साधितको वा सहाय-क्रियापदको अकरणको रूप जोडिई प्रयोग हुन्छ; तर कहीं कुनै किसिमको कहीं कुनै किसिमको प्रयोग प्रसिद्ध हुन्छ, सबैमा दोहोरै प्रयोग प्रसिद्ध हुंदैनन्. जस्तैः—

'तिमी हेर्दै-नजाऊ. नगर्ने-गर, गर्ने-नगर. हेर्दै-नआऊ, नहेर्दै-आऊ. भन्दै-आएन, लेख्ने-नगरोस्, नलेख्ने-गरोस्.' इत्यादि.

(३) 'तै, दै'-प्रत्ययान्त संग उही धातुबाट बनेको अकरण क्रियापदको रूप जोडी प्रयोग गरेमा अकरण क्रियाको निश्चय; कोही जोडा मिल्ने किसिमका 'तै, दै, नै' प्रत्ययान्त अनेक धातुसाधित विशेषणलाई व्यवहार अनुसार मिलाई सहाय-क्रियापद संग संयुक्त गराई प्रयोग गर्दा ती अनेक धातुसाधित क्रियाको परस्पर नैरन्तर्य इत्यादि विशेष अर्थ बुझिने व्यवहार अनुसार जान्नू. जस्तैः—

त्यसले भन्दै-भनेन. लेख्तै-लेख्तैन. हुंदै-हुंदैन. गर्दै-गरोइन' इत्यादिमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

प्रकरण निश्चय; 'ग्राउंदै-जांदै-गर्छ. जांदै-ग्राउंदै-गर ग्राउने-जाने-गर. जाने-ग्राउने-गर' इत्यादिमा परस्पर नैरन्तर्य इत्यादि विशेष अर्थ बुझिन्छ.

३३२. अव्ययसंयुक्त-क्रिया बन्दा प्राय: सबै किसिमका धातुबाट बनेका ई-प्रत्ययान्त अव्यय 'सक्नु, सिध्याउनु रहनु, हेर्नु, हाल्नु, छाड्नु, छोड्नु, बक्सनु' आदि केही क्रिया संग, न-प्रत्ययान्त अव्यय 'पाउनु, दिनु' आदि दिनु, राख्नु, केही क्रिया संग मात्र जोडिई व्यवहार हुन्छन्; सबै क्रिया संग जोडिई व्यवहार हुंदैनन्.

३३३. ई-प्रत्ययान्त अव्यय अर्को क्रिया संग जोडेमा सो ई-प्रत्ययको बदला ह्रस्व इ भई, हलन्त धातुबाट बनेको ई-प्रत्ययान्त अव्यय 'दिनु' क्रिया संग जोडेमा सो ई-प्रत्ययको लोप विकल्प पनी भई, नजोडेर प्रयोग गरेमा भन्दा जोडेर प्रयोग गरेमा रूपभेद हुन्छ. 'सक्नु, सिध्याउनु' क्रिया संग जोडेमा अर्को विशेष अर्थ केही बुझिदैन; अरु क्रिया संग जोडेमा प्राय: विशेष अर्थ पनी बुझिन्छ. न-प्रत्ययान्त जोडेमा सबै ठाउमा रूपभेद केही हुंदैन विशेष विशेष अर्थ मात्र बुझिन्छन्.

३३४. 'सक्नु, हाल्नु' आदि क्रिया संग ई-प्रत्ययान्त अव्यय जोडेमा अर्थ रूपमा यस्तो विशेष हुन्छ:—

(१) सक्नु सिध्याउनु' क्रिया संग जोडेमा नजोडेर प्रयोग गरेमा भन्दा रूप फरक हुने भए पनी अर्थ फरक नहुने गरी सो जोडिएको 'सक्नु, सिध्याउनु' क्रियाले समाप्ति अर्थ बुझाई ई-प्रत्ययान्त क्रियालाई सहायता दिने हुनाले सो सहाय-क्रियालाई समाप्तिबोधक[१] भन्दछन्. जस्तै:—

१ 'गरी सक्छ, गरी सिध्यायो' इत्यादिमा र 'गरिसक्छ, गरिसिध्यायो' इत्यादिमा विशेष अर्थ फरक नहुने भए पनी शब्दको स्वरूप फरक पर्ने हुनाले समाप्तिबोधक संयुक्त मानी व्यवहार गर्नुपरेको छ.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

'गरी सक्छ, भनी सक्यो, लेखी सिध्याउंछ, गरी सिद्धियो' इत्यादि नजोडेर प्रयोग गरेमा झैं 'गरिसक्छ, भनिसक्यो, लेखिसिध्याउंछ, गरिसिध्यायो, पढाइसक्यो' इत्यादि जोडेर प्रयोग गरेमा समाप्ति अर्थ बुझिन्छ.

(२) 'हाल्नु, छाड्नु, छोड्नु' क्रिया संग जोडेमा सो 'हाल्नु, छाड्नु, छोड्नु' क्रियाले नजोडेमा भन्दा फरक हुने गरी निश्चय अर्थ बुझाई धातुसाधित क्रियालाई सहायता दिने हुनाले सो सहाय क्रियालाई निश्चयबोधक भन्दछन्; कहीं सो क्रियाले धातुसाधित क्रियाको शीघ्रता अर्थ पनी बुझिन्छ. जस्तै:—

'चिठि लेखी (बाकसमा) हाल्यो. काम गरी छाड्छ (त्याग गर्छ). काव्य पढी छोड्यो (त्याग गर्‍यो)'. इत्यादि नजोडेर प्रयोग गरेमा भन्दा फरक हुने गरी 'चिठि लेखिहाल्यो. काम गरिछाड्छ. काव्य पढिछोड्यो. म गरिहाल्छु. त्यसले पढाइहाल्यो. त्यसले हेरिछाड्यो' इत्यादिमा 'लेख्नु' आदि क्रियाको निश्चय, कहीं शीघ्रता समेत अर्थ बुझिन्छ.

(३) 'रहनु' क्रिया संग जोड्दा सो रहनु क्रियाले नजोडेमा भन्दा फरक हुने गरी नित्यता अर्थात् सो क्रियाको अविराम (बन्द नहुनु) अर्थ बुझाई धातुसाधित क्रियालाई सहायता दिने हुनाले सो सहाय-क्रियालाई नित्यताबोधक भन्दछन्. जस्तै:—

'घरमा काम गरी रहन्छ (बस्छ). चिठी लेखी रहला. म हिंडी रहन्छु' इत्यादि नजोडेर प्रयोग गरेमा भन्दा फरक हुने गरी 'काम गरिरहन्छ (गर्दैछ). लेखिरहला. हिंडिरहन्छु (हिंड्दैहुन्छु)' इत्यादिमा 'गर्नु' आदि क्रियाको नित्यता अर्थ बुझिन्छ.

(४) 'राख्नु' क्रिया संग जोड्दा सो राख्नु क्रिया नजोडेमा भन्दा फरक हुने गरी स्थिति अर्थात् नछोड्नु अर्थ बुझाई धातुसाधित क्रियालाई

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सहायता दिने हुनाले सो सहाय -क्रियालाई स्थितिबोधक[१] भन्दछन्.

जस्तैः—'तिमी पुस्तक लेखी (खटियामा) राख. यो काम गरी राख्छ. म भनी राख्छु.' इत्यादि जोडेर प्रयोग गरेमा भन्दा फरक हुने गरी लेखिराख. गरिराख्छ. भनिराख्छु' इत्यादिमा 'लेख्नु' आदि क्रियाको स्थिति (नछोड्नु) अर्थ बुझिन्छ.

(५) 'हेर्नु' क्रिया संग जोड्दा सो हेर्नु क्रियाले नजोडेमा भन्दा फरक नहुने गरी विचार अर्थात् जांच अर्थ बुझाई धातुसाधित क्रियालाई सहायता दिने हुनाले सो सहाय-क्रियालाई विचारबोधक भन्दछन्.

जस्तैः—'म काम गरी हेर्छु. यहां बसी हेर (नजर लाऊ). मैले भनी हेरें' इत्यादि नजोडेर प्रयोग गरेमा भन्दा फरक हुने गरी म काम गरिहेर्छु यहां बसिहेर. मैले भनिहेरें' इत्यादिमा 'गर्नु' आदि क्रियाको विचार अर्थ बुझिन्छ.

(६) दिनु क्रिया संग जोड्दा सो दिनु क्रियाले नजोडेमा भन्दा फरक हुने गरी परार्थता अर्थात् सो काम अर्काको उद्देश्यले हुनु अर्थ बुझाई धातुसाधित क्रियालाई सहायता दिने हुनाले सो सहाय-क्रियालाई परार्थताबोधक भन्दछन्. कहीं कहीं सो संयुक्तबाट सो क्रियामा अनादर अर्थ पनी बुझिन्छ. जस्तैः—

'म भनी दिन्छु. यहां बसी देऊ. त्यसले गरी दियो' इत्यादि नजोडेर

---

१ 'गरिरहन्छ' इत्यादि नित्यताबोधक संयुक्तमा सो क्रियाको पछिसम्म असमाप्ति अर्थ बुझिने, 'गरिराख्छ' इत्यादि स्थितिबोधक संयुक्तमा सो क्रियाको समाप्ति होओस् वा नहोओस् केवल त्यसलाई नछोड्नु अर्थ बुझिने हुनाले झट्ट हेर्दा एकै जस्तो देखिए पनी सूक्ष्म विचारमा यिनको परस्पर भेद देखिन्छ.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

प्रयोग गरेमा भन्दा फरक हुने गरी 'म भनिदिन्छु[१] वा भन्दिछु. यहां बसिदेऊ वा बस्देऊ. त्यसले गरिदियो वा गर्दियो. मैले खाइदिएं त्यो उल्लू सुतिदियो वा सुत्दियो त्यसले हरिदियो वा हर्दियो. त्यो आइदियो' इत्यादमा 'भन्नु' आदि क्रियाको परार्थता अर्थ कहीं मौका अनुसार अनादर अर्थ पनी बुझिन्छ.

(७) 'बक्सिनु' क्रिया संग जोड्दा सो बक्सिनु क्रियाले नजोडेमा भन्दा फरक हुने गरी अति संमान अर्थात् अधिको मानबोधकनामसंयुक्तमा भन्दा बढ्ता मान अर्थ बुझाई धातुसाधित क्रियालाई सहायता दिने हुनाले सो सहाय-क्रियालाई अतिमानबोधक भन्दछन्. जस्तै:—

'सरकारबाट यो काम गरी बक्सियो (दिनुभयो). राखी बक्सिन्छ भनी बक्सिएला' इत्यादि नजोडेर प्रयोग गरेमा भन्दा फरक हुने गरी 'सरकारबाट यो काम गरिबक्सियो (गर्नुभयो). राखिबक्सिन्छ. भनिबक्सिएला' इत्यादिमा 'गर्नु' आदि क्रियाको अतिमान अर्थ बुझिन्छ.

३३५ ई-प्रत्ययान्त जोडेको संयुक्त क्रियामा कर्तृप्रधान हुंदा स्वतन्त्र प्रेरणार्थक धातुसाधित र सहाय-क्रिया दुवै स्वतन्त्र कर्तृवाच्यको, कर्म-

---

१ 'भन्छु, गर्छु, भन्यो' इत्यादिबाट सो क्रियाको फल कर्ताले आफूलाई होओस् भनी गरेको बुझिन्छ; 'भन्दिन्छु भनिदिन्छु. गरिदिन्छु गर्दिन्छु' इत्यादिबाट सो भन्नु गर्नु आदिको फल कर्ताले आफूलाई नसंझी अर्काका निमित्त गरेका बुझिन्छ. तसर्थ—संस्कृतमा 'स्वरितञितः कर्त्रभिप्राये क्रियाफले' भन्ने सूत्रले उभयपदी धातुमा क्रियाफल कर्तृगामी भएमा आत्मनपद, अन्यगामी भएमा परस्मैपद हुने अनुसार युधिष्ठिरो यजते (युधिष्ठिर यज्ञ गर्छन्). ऋत्विजो यजन्ति (ऋत्विक्हरू यज्ञ गर्दिन्छन्)' यस्तो प्रयोगको विशेष मर्यादा बुझिन्छ.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

प्रधान हुंदा स्वतन्त्र वा प्रेरणार्थक धातुसाधित मात्रै, अथवा सहाय-क्रिया मात्रै, अथवा दुवै स्वतन्त्र कर्म-भाववाच्यको प्रयोग हुन्छ. धातुसाधित क्रिया मुख्य हुन ले त्यस को अनुसार कारकरचना पनी हुन्छ. जस्तैः—

'त्यो काम त्यसले गरिसक्यो, गराइसक्यो; गरिइसक्यो, गरिसकियो, गरिइसकियो; गराइइसक्यो, गराइसकियो, गराइइसकियो. म वा मैले यो लेखिसक्छु. त्यो काम भइसक्छ. त्यो गइसक्यो. मैले उठिसकियो म सुतिसकें. तिमी (ले) पढाइसक्यौ.' इत्यादि.

३३६. ई-प्रत्ययान्त जोडिने माथि लेखिएका धातु बाहेक 'उठ्नु, पढाउनु, आदि केही क्रियापद संग पनी कोही कोही धातुबाट बनेका ई-प्रत्ययान्त जोडी ई-को ह्रस्व समेत भई प्रयोग हुन्छन्. सो संयुक्त भएमा विशेष अर्थ पनी बुझिन्छन्. जस्तैः –

'रामु बोली उठ्यो (बोलेर उभियो). त्यसले भनी पठायो (भनेर पठायो)' इत्यादि नजोडेर प्रयोग गरेमा भन्दा 'रामु बोलिउठ्यो (बेमौका संग बोल्यो). भनिपठायो (प्रेरणा संग भन्यो).' इत्यादिमा विशेष अर्थ बुझिन्छ. यस्तै 'यो आइ-गयो, भइ-जान्छ, पुगिजाला' इत्यादिमा कहीं कहीं कोही कोही धातुमा संयुक्त हुंदा विशेष अर्थ बुझिने व्यवहारबाट जान्नू.

३३७. ई-प्रत्ययान्त जानु क्रियालाई संयुक्त गराई प्रयोग गर्दा 'जाइ, गइ' यस्ता दोहोरै रूपको प्रयोग हुन्छ; सहाय-क्रिया पनी जानु क्रिया राखेमा भूतमा गइ-शब्दको, अरूमा जाइ-शब्दको प्रयोग हुन्छ; यस्मा निश्चय अर्थ पनी विशेष बुझिन्छ. अरू धातुमा पनी व्यवहार अनुसार कुनै कुनैमा निश्चय समेत विशेष बुझाउंदा ई-प्रत्ययान्त र सहाय-क्रिया दुवै एकै राखेर प्रयोग हुन्छ. जस्तैः—

'जाइ-वा गइ-सक्छ, सिध्याउंछ, हाल्छ, हाड्छ, छोड्छ रहन्छ. राख्छ, हेछ, दिन्छ, बक्सिन्छ, सक्या, सक्नेछ, सकास्, सक्ला. जाइ-जान्छ,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

जानेछ. जाओस्, जाला; गइगयो. सकिसक्छ. हालिहाल्यो. रहिरहन्छ. हेरिहेर. राखिराख. दिइदियो.' इत्यादि.

३३८. सो ई-प्रत्ययान्त जोडेको संयुक्त क्रियामा सबैमा ई-प्रत्ययको ह्रस्व हुने भए पनी सो क्रियामा विशेष जोड दिई अतिशय अर्थ विशेष बुझाउंदा सो ई-प्रत्यय दीर्घ रहन्छ. जस्तैः—

'गरी-सक्यो. बसी-रह. हेरी-रहन्छु.' इत्यादि.

३३९. 'पाउनु, दिनु' क्रिया संग न-प्रत्ययान्त अव्यय जोडेमा अर्थ-हरूमा यस्तो विशेष हुन्छः—

(१) 'पाउनु' क्रिया संग जोड्दा सो पाउनु क्रियाले नजोडेमा भन्दा फरक हुने गरी अवकाश अर्थात् सो क्रियाको मौका अर्थ-बुझाई न-प्रत्ययान्त धातुसाधित क्रियालाई सहायता दिने हुनाले त्यो सहाय-क्रियालाई अवकाशबोधक भन्दछन. जस्तैः—

'कलम दिन पायो. काम गर्न (मद्दत) पांऊं. त्यहां जान (हुकुम) पाउंछ' इत्यादि नजोडेर प्रयोग गरेमा भन्दा फरक हुने गरी 'कलम दिनपायो (दिने मौका भयो). काम गर्नपाऊं. त्यहां जानपाउंछ.' इत्यादिमा 'दिनु' आदि क्रियाको अवकाश अर्थ बुझिन्छ.

(२) 'दिनु' क्रिया संग जोड्दा सो दिनु क्रियाले नजोडेमा भन्दा फरक हुने गरी अनुमति अर्थात् सो क्रियाको मंजुरी अर्थ बुझाई न–प्रत्य-यान्त धातुसाधित क्रियालाई सहायता दिने हुनाले सो सहाय-क्रिया-लाई अनुमतिबोधक भन्दछन्. जस्तैः—

'काम गर्न (मद्दत) देऊ. म जान दिन्छु. लेख्न (कलम) दियो' इत्यादि नजोडेर प्रयोग गरेमा भन्दा फरक हुने गरी काम गर्नदेऊ. (गर्ने मंजुरी गर)'. 'म जानदिन्छु. लेख्न दियो' इत्यादिमा 'गनु''आदि क्रियाको अनुमति अर्थ बुझिन्छ.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

३४०. न-प्रत्ययान्त जोडेको संयुक्त क्रियामा कर्तृप्रधान हुंदा स्वतन्त्र वा प्रेरणार्थक धातुसाधित र सहाय-क्रिया दुवै स्वतन्त्र कर्तृवाच्यक ; कर्म-भाव प्रधान हुंदा स्वतन्त्र सहाय-क्रिया मात्र कर्म-वाच्यका प्रयोग हुन्छ; न-प्रत्ययान्त कर्म-वाच्यको प्रयोग हुंदैन. धातुसाधित क्रियाका अनुसारले कारक रचना हुन्छ. जस्तैः—

'तिनले मलाई गर्न-दिए. म तिनलाई गराउनदिन्छु. मैले तिनलाई गर्नदिइन्छ. मलाई उनले सुत्नदिए. मैले गर्नपाएं. रामु सुनाउन-पाउंछन्. मैले बुझाउनपाइयो.

३४१. न-प्रत्ययान्त जोडिने माथि लेखिएका धातु बाहेक 'जानु' आदि क्रियापद संग पनी स्वतन्त्र कर्तृ-प्रधान न-प्रत्ययान्त 'हुनु, पुग्नु' क्रिया र कोही स्वतन्त्र वा प्रेरणार्थक कर्तृ-प्रधान धातुबाट बनेका न-प्रत्ययान्त क्रिया जोडेर संयुक्त क्रियाको प्रयोग हुन्छ. सो संयुक्त भएमा विशेष अर्थ बुझिन्छ. जस्तैः—

'त्यो त्यहां पुग्न गयो (हिंड्यो). म काशी पण्डित हुन जान्छु. म त्यहां देखिन गएं. (हिंडें)' इत्यादि नजोडेर प्रयोग गरेमा भन्दा 'त्यो त्यहां पुग्न-गयो (मुस्कील संग पुग्यो). त्यो धनी हुन-गयो. आज असामी पाक्रन-गयो. म देखि-गएं. तमासा देखाइन-गयो. चिठि लेखिन-जान्छ' इत्यादिमा विशेष अर्थ बुझिन्छ.

३४२. 'शक्नु, थाल्नु, चाहनु, खोज्नु, आंट्नु, लाउनु, पठाउनु' आदि क्रियापद भएमा पनी न-प्रत्ययान्त शब्द राखी 'गर्न शक्छ' गर्न थाल्छ, चाहन्छ, आंट्छ, लाउंछ, पठाउंछ' इत्यादि प्रयोग हुने देखिन्छ, तर यस्ता ठांउमा अर्थ रूपहरू केही विशेष नहुने हुनाले यस्ता क्रिया संयुक्त होइनन्, भिन्न भिन्न पद प्रयोग भएका[१] हुन्.

---

१ कोही कोही यस्तामा शक्नु क्रिया संग भएका 'गर्न शक्छ' इत्यादि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

३४३. ई-न-प्रत्ययान्त संयुक्त क्रियामा अकरण क्रिया बुझाउँदा अघिल्लो अथवा पछिल्लो क्रियामा अकरणको प्रयोग हुन्छ; तर सहाय-क्रिया अकरण भएको प्रयोग ज्यादा प्रसिद्ध हुन्छ, ई-न-प्रत्ययान्त क्रिया अकरण भएको कहीं कहीं मात्र विशेष प्रसिद्ध हुन्छ. जस्तैः—.

'त्यसले गरि-सकेन. जान दिदैन. गर्न-पाइनं. गरि-दिंदैनस्. भन्दिएन. गरि-बक्सिनेछैन. गरि-राख्तैन भागि-जानेछैन. दिइ-दिएन. राखि-नराख. त्यसले यो काम नगरि-छाडेन. यस्तो कुरा नभन्देऊ. नपुग्नगयो. पुग्न-गएन'. इत्यादि.

३४४. अरू ई-न-प्रत्ययान्त क्रिया जोडेका संयुक्तमा नियम बमोजीम मौका अनुसार प्रायः सबै थरि रूपको प्रयोग हुन्छ; 'बक्सिनु' क्रिया जोडेमा रूपको प्रयोगमा केही विशेष हुन्छ—

(१) 'बक्सिनु' क्रिया जोडेको संयुक्तमा ई-प्रत्ययान्त क्रिया अकर्मक भए कर्तृ-प्रधान मात्र, सकर्मक भए कर्मप्रधान समेत, 'बक्सिनु' क्रिया स्वतन्त्र कर्तृ-प्रधान मात्र हुन्छ. सो 'बक्सिनु' क्रियाको सबै काल अर्थमा जुन सुकै लिङ्ग भए पनी प्रथम-पुरुषमा बहुवचनको रूप मात्र, द्वितीय-

---

लाई शक्तिबोधक; थाल्नु क्रिया संग भएका 'गर्न थाल्छ' इत्यादिलाई आरम्भबोधक; चाहनु, खोज्नु, आट्नु, क्रिया संग भएका 'गर्न चाहन्छ, खोज्छ, आंट्छ' इत्यादिलाई इच्छाबोधक; लाउनु, पठाउनु क्रिया संग भएका 'गर्न लाउंछ, पठाउंछ' इत्यादिलाई प्रेरणाबोधक; भन्ने नाम राखी संयुक्त-क्रिया मान्दछन्त पनी त्यस्तामा क्रियापदैको अनुसार अर्थ बुझिने अरू विशेष केही नहुने हुनाले र संयुक्त मानेमा यही बमोजीम् 'खान जान्छ, दिन लाग्यो' इत्यादि सबैमा संयुक्त नमान्नाको कारण केही नदेखिनाले पनी यस्तामा संयुक्त नमानी व्यवहार गर्नु उचित देखिन्छ.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

तृतीय-पुरुषका दुवै वचनमा तृतीय-पुरुष एकवचनैको रूप प्रयोग हुन्छ.

(२) यसमा कर्तृप्रधान ई-प्रत्ययान्त जोडेमा कर्ताको, कर्मप्रधान ई-प्रत्ययान्त जोडेमा कर्मको मान बुझिने हुनाले सो मान्य कर्ता वा कर्मलाई बुझाउंन मानबोधकमा लेखे बमोजीमका नाम सर्वनामहरूको प्रयोग हुन्छ; तर यसको प्रथम-पुरुषको बहुवचनमा प्रयोग हुने हुनाले 'हामी' शब्दको प्रयोग हुन्छ.

(३) यो संयुक्त क्रिया प्रयोग हुंदा कर्तृप्रधानमा 'हामी' शब्द कर्ता भएमा 'बक्सनु' क्रियाको प्रयोग हुन्छ, अरू सबै ठाउंमा 'बक्सिनु' क्रियाको प्रयोग हुन्छ. यो बक्सनु वा बक्सिनु दुवै थरी संयुक्त क्रियाको कर्तृप्रधान प्रयोग भई कर्ता मान्य भई बुझिएमा सो कर्तामा नियम बमोजीम 'बाट' प्रत्यय हुन्छ, कहीं 'ले' प्रत्यय पनी हुन्छ; कर्मप्रधान प्रयोग भई कर्म मान्य भई बुझिएमा सो कर्ममा नियम बमोजीम प्रत्यय केही रहंदैन.

अति-मानबोधक-संयुक्त सकर्मक स्वतन्त्र कर्तृवाच्य
'गरिबक्सनु' क्रियाका रूप:—

सबैलिङ्ग.		करण.	अकरण.
प्र.पु. बहुवचन. हामी(हरू)ले-बाट	वर्त	गरिबक्सन्छौं.	गरिबक्सदैनौं, गरिबक्सन्नौं.
	भूत[१]	गरिबक्स्यौं.	गरिबक्सेनौं.
	भवि	गरिबक्सनेछौं.	गरिबक्सनेछैनौं.
	विधि	गरिबक्सौं[२]	नगरिबक्सौं, गरिनबक्सौं.
	संभा	गरिबक्सौंला.	नगरिबक्सौंला, गरिनबक्सौंला, गरिबक्सोइनौं.

१ कर्तृप्रधान सकर्मक क्रिया जोडेमा भूतकालमा कर्तामा 'ले, बाट' प्रत्यय नित्यै हुने, अरूमा विकल्प हुने, अकर्मक क्रिया जोडेमा सबै ठाउंमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

द्वि.पु.एक.अनेक.	वर्त—गरिबक्सिन्छ.	गरिबक्सिदैन, गरिबक्सिन्न.
तपाईं(हरू)ले-बाट	भूत गरिबक्सियो	गरिबक्सिएन.
हजुर(हरू)ले-बाट	भवि—गरिबक्सिनेछ	गरिबक्सिनेछैन.
तृ.पु.एकअनेक.	विधि—गरिबक्सिओस्.	नगरिबक्सिओस्, गरिनबक्सिओस्.
त्याहां(हरू)ले-बाट		
याहां(हरू)ले-बाट	संभा—गरिबक्सिएला.	नगरिबक्सिएला, गरिनबक्सिएला, गरिबक्सिओइन.
सरकार(हरू)ले-बाट		

नित्य लोप हुने, कर्मप्रधानमा कर्तामा 'ले, बाट' नित्य हुने, कर्ममा विभक्ति लोप हुने इत्यादि सामान्य नियम याद गरी 'हजुरले, हजुरबाट गरिबक्सियो. हजुर (ले-बाट)गरिबक्सिन्छ, गरिबक्सिनेछ, गरिबक्सिओस्, गरिबक्सिएला. हजुर धनी भइबक्सिन्छ, भइबक्सियो, भइबक्सिनेछ, भइबक्सिओस्, भइबक्सिएला. बुबाले हजुर (हरू) देखिइबक्सिन्छ, देखिइबक्सियो, देखिइबक्सिनेछ, देखिइबक्सिओस्, देखिइबक्सिएला.' इत्यादि कारकरचना मिलाई रूप चलाउनू.

(२) द्वितीय-तृतीयपुरुषको प्रयोगमा वक्ताले अर्काको मान गरेको बुझिने हुनाले मान गर्दा सबै ठाउंमा यो संयुक्तको प्रयोग हुन्छ; प्रथमपुरुषमा त वक्ताले आफु-लाई नै मान गर्नुपर्ने हुनाले आफनो प्रभुत्व देखाई हुकुम मर्जी रूपले उक्ति गर्दामा 'हामीबाट यस्तो गरिबक्स्यौं' इत्यादि संयुक्तको प्रयोग हुन्छ; सो प्रभुत्व देखाउनु नपर्ने मौकामा त ठुलाको उक्तिमा पनी 'मैले भात खाएं' इत्यादि साधारण रूपको प्रयोग पनी हुन्छ. विध्यर्थ प्रथम-पुरुषमा 'हुने हामीबाट गरिबक्सौं' इत्यादि संयुक्त रूपको प्रयोग गर्ने अवस्था ठीक नपाइने हुनाले सो प्रयोग प्राय. प्रसिद्ध छैन.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यस्तै गरी स्वतन्त्र कर्मप्रधान ई-प्रत्ययान्त जोडेमा 'हजुर (हरू) देखिइ-बक्सियो'. इत्यादि; प्रेरणार्थक कर्तृप्रधान ई-प्रत्ययान्त जोडेमा 'हजुर (हरू-ले-बाट) गराइबक्सिन्छ' इत्यादि; प्रेरणार्थक कर्मप्रधान ई-प्रत्ययान्त जोडेमा 'हजुर (हरू) बोलाइइ-बक्सिन्छ' इत्यादि; अकर्मक कर्तृ-प्रधान ई-प्रत्ययान्त जोडेमा 'हजुर (हरू) भइ-बक्सिन्छ' ई०

३४५. संयुक्त क्रिया बन्दा दुइ क्रिया मात्र जोडिने नियम छैन; माथि लेखिएका किसिमका अनेक क्रिया पनी व्यवहार अनुसार जोडिई प्रयोग हुन्छन्. जस्तै:—

'तपाईंले यो काम गर्न-दिनु-पर्छ. यो चिठी हजुरबाट लेखि-दिइ-बक्सिन्छ. म आउंदा हजुर लेख्तै-भइ-बक्सिन्थ्यो, काम गर्न जान्नु सुन्नु-पर्छ. तपाईंले पुस्तक पठाइ-दिनु-भए-छ. अब मलाई आउंन-जान-दिनु-होओस्. वांहाले काम गरि-दिई-हाल्नु-भए-छ. देवतालाई छुट्टै पूजा-गरि-हाल्नु-भए-थ्यो. यो काम विचार-गरि-हेर'. इत्यादि.

३४६. संयुक्त-क्रिया हुंदा क्रियापद संग मात्र जोडिई क्रियासंयुक्त वा क्रियाभिन्नसंयुक्त हुने नियम नभई, सो संयुक्त भएको क्रिया कहीं धातुसाधित स्वरूपले पनी रहने हुनाले क्रियापदबाट बुझिने क्रियामा जोडिई संयुक्त भए झैं धातुसाधितबाट बुझिने क्रियामा जोडिएर पनी संयुक्त हुन्छन्. जस्तै:—

'त्यो काम मैले गर्दै-नगरेको हो. चिठि लेखि-सकेको भए पठाऊ. ढोकेले भित्र जान-दिंदो रहेन छ. तिमीले विचार-गरेको कुरा नबिसें. तपाईं जानु-भएको छैन. हजुरबाट अह्राइ-बक्सेको काम मैले गरि-सकेको छु. गर्नुपर्ने काम बखतैमा सिध्याउनु-पर्छ'. इत्यादि.

३४७ वाक्यमा कहीं क्रिया मात्र विधेय हुन्छ, कहीं त्यसका साथमा अरू क्रियाका बोधक वा अबोधक नाम, विशेषण, अव्ययहरू मिसिई विधेय

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

हुन्छन्, त्यस्ता विधेय हुन आएका नाम आदि शब्दको अर्को क्रिया संग मेल भई सो क्रियालाई संयुक्त तुल्याउंछन्. संयुक्त भएमा कहीं पद जोडिएर विकार समेत भई एक जिउ भएर एकै पद हुन्छ कहीं पद बेगलै बेगलै राखे पनी हुने भई अर्थ मात्र एक जिउ हुने हुन्छ कहीं 'छ (कि) छैन. हो (वा) होइन. जान्छु (भनि) भन्छ. दिन्छु (भनि) भन्यो.' इत्यादि प्रयोग गरेका ठाउंमा क्रियापद क्रियापद पनी जोडिएर संयुक्त भए जस्ता देखिन्छन् त पनी त्यस्तामा अनेक वाक्यलाई संक्षेप रूपले प्रयोग गर्दा अनेक क्रियापद संग रहन आएका हुनाले संयुक्त जस्ता देखिन्छन्. तसर्थ– जुन ठाउंमा नजोडेर प्रयोग गरेमा भन्दा जोडेर प्रयोग गर्दा शब्दको स्वरूपमा, अथवा कारकको रचनामा, अथवा अर्थमा फरक भएको देखिन्छ, त्यस्तामा संयुक्त मान्नु उचित छ; जहां सो केही फरक देखिंदैन, केवल वक्तव्य कुराका अनुसारले आफना आफना अर्थ लिएर नियम बमोजीम प्रयोग गर्दा नजीक नजीक हुन आएका शब्दलाई संयुक्त मान्नाको कारण केही देखिंदैन. संयुक्तमा पनी जुन ठाउंमा जोडेर प्रयोग गर्दा शब्दको रूप फरक हुन्छ त्यस्ता 'गर्थ्यो, जान्थ्यो' इत्यादिमा दुइ भाग नफोडी एकै पद गराई प्रयोग गर्नुपर्छ; जहां रूप फरक हुंदैन त्यस्ता 'गर्ने थियो, गर्‍यो होला' इत्यादिमा ती जोडिएका दुइ पदलाई नजोडेर, अथवा सूक्ष्म (-) रेखाले जोडेर प्रयोग गरे पनी हुन्छ.

तेरीजः—

(क) एक शब्द अर्को शब्द संग मिली बनेका, रूप कारक अर्थहरू फरक पर्ने क्रियालाई 'संयुक्त-क्रिया;' तिनका पदलाई 'संयुक्त-क्रियापद' भन्दछन्.

(ख) धातुसाधित शब्द संग संयोग भएका क्रियालाई 'क्रिया-संयुक्त-क्रिया,' अरू किसिमका शब्द संग संयोग भएका क्रियालाई 'क्रियाभिन्न-संयुक्त-क्रिया' भन्दछन्.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(ग) क्रियासंयुक्त -क्रिया कोही 'नाम-संयुक्त,' कोही 'विशेषण-संयुक्त' कोही अव्यय-संयुक्त' यी तीन थरिका हुन्छन्.

(घ) क्रियासंयुक्त—क्रियामा ध तुसाधि बाट बुझिने क्रियालाई 'मुख्य-क्रिया,' क्रियापदबाट बुझिने क्रियालाई 'सहाय—क्रिया भन्दछन्.

(ङ) ती सहाय—क्रियाहरू 'मानबोधक, परतन्त्रताबोधक, अवस्थाभेदबोधक, सातत्यबोधक, समाप्तिबोधक, निश्चयबोधक, नित्यताबोधक, परीक्षा-बोधक, परार्थबोधक, स्थितिबोधक, अवकाशबोधक, अनुमतिबोधक' आदि धेरै प्रकारका हुन्छन्.

अभ्यास—

(१) संयुक्त-क्रिया भनेको के हो.? ती कति थरि छन्? मुख्य—क्रिया सहाय—क्रिया कुन हुन्? कुन कुन सहाय—क्रिया कुन कुन अर्थ बुझाउं-छन्? मानबोधकको र परतन्त्रताबोधकको रूपमा के विशेष हुन्छ? क्रियापद क्रियापदको संयोग कस्तामा हुन्छ. संयुक्त भएमा र नभएमा के फरक हुन्छ.?

(२) तलका वाक्यमा कुन कुन क्रिया संयुक्त भएका हुन् सो बताई, सहाय-क्रिया मुख्य-क्रिया छुट्याऊः—

'त्यो हिजो गएथ्यो काम त भएनछ. मेरो निति यस्तो भन्दिइबक्सने अरू को छ?. अड्डामा हिजो जानुपरेनथ्यो. त्यस बेलामा उनी घर गइरहेथे. पढिरहनेलाई कचकच गर्नु पर्दैन यति अह्राइहालेको पनी गर्दिइनस् भइगयो. इलममा दिल दिइरहनु असल छ. त्यसले मलाई जानपाउंदिनस् भनी जानदिएन. अहिले राखिछोड. म जांदा सभा उठिसकेथ्यो. तपाईं कहां जानुहुन्छ.? मेरो कसूर माफ गर्दिइबक्सि-बोस्. तिनलाई मैले देखिनें. भोलि त्यहां गइदिनुहोला. त्यो काम

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

गरिसकेर चिठी लेखिदिन आइपुग्नुपर्दथ्यो'.

(३) तल लेखेका संयुक्त-क्रियालाई कस्तामा प्रयोग गर्नुपर्छ, असंयुक्त तुल्याएमा कस्तो पारी प्रयोग गर्नु पर्छ; वाक्य बनाई सो देखाऊः—

'खान दिन्छ. खांदै थियो. जानु भयो. गइ रहन्छु. लेखि दिएं. भह्राइ बक्सियो. धुनु पर्छ. दिन पाऊं. गइ हालेछ. चटपटाउंथ्यो'.

(४) तलका वाक्यमा कुन कुन संयुक्तबाट कस्तो अर्थ विशेष बुझिन्छ, सो बताऊः—

'वाहांले यसो भन्नुहोस्योइन, त्यसले पढेनछ. मैले तिनलाई दिइदिएं. रामुले भनिसकेछन्. काम गरिनसिध्याएर बसीरह. म आइगएं. त्यो हिंडिहालेछ. काम गर्नपायौ. यति खाइहेर. एक छिन यहां बस्देऊ. त्यसले भांडामा हालिहालेछ'.

२२—अवस्थाविशेष र अर्थविशेष.

३४८. सामान्य रूपले काल तीन अर्थ दुइ यी पांच किसिमका अवस्था हुन्छन्त पनी, सामान्य अवस्था र, कहीं हुनु क्रिया संयुक्त भई संयुक्त काल र संयुक्त अर्थ रूप विशेष अवस्था, कहीं वाक्यका रचनाहरूको अनुसारले विशेष अर्थ पनी क्रियापदबाट बुझिन्छन्. जस्तैः—

(क) 'गर्छु, गर्दछु, गर्दोछु, गर्देछु, गरेकोछु' इत्यादिमा वर्तमानकाल; गरें, गर्थें, गर्दथें, गर्दोथिएं, गरेछु, गरेथें, गरेहुं, गर्दोहुं' इत्यादिमा भूतकाल, 'गर्नेछु, गर्दो-हुनेछु, गर्दै-हुनेछु' इत्यादिमा भविष्यत्काल, बुझिन्छ त पनीयिनमा कहीं सामान्यकाल मात्र, कहीं सो क्रियाको पूर्ण अवस्था, कहीं अपूर्ण अवस्था, कहीं उद्देश, कहीं परोक्षता समेत इत्यादि विशेष पनी बुझिन्छन्.

(ख) 'गरोस्, गर्दै-होओस्, गर्ने-होओस्' इत्यादिमा विध्यर्थ; 'गर्ला, गर्दो-होला, गर्दै-होला, गर्थ्यो-होला, गर्नेहोला' इत्यादिमा सम्भावनार्थ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

बुझिन्छ त पनी कहीं सामान्य अर्थ मात्र, कहीं अपूर्णता, कहीं पूर्णता, कहीं उद्देश इत्यादि विशेष पनी बुझिन्छन्'

(ग) 'म काम गर्दछु. मैले काम गरें. म काम गर्नेछु.' इत्यादि तीनै कालका रूपमा सामान्य-क्रियारूप स्वार्थ मात्र, 'तं जा. तिमी सत्य बोल्ने गर. तिम्रो मनसुवा पूरा होस्' इत्यादिमा कहीं आज्ञा कहीं उपदेश कहीं आशीर्वाद इत्यादि विशेष विध्यर्थ; 'यो काम त्यसले गर्नुपर्ला. त्यस बेला म घर होओइनं. यति त तं खालास्.' इत्यादिमा कहीं योग्यता कहीं संभव, कही शक्ति इत्यादि विशेष संभावनार्थ; 'तिमी जान्छौ कि ? त्यो गयो कि ?' इत्यादिमा प्रश्न रूप विशेष अर्थ; 'पानी परेको भए सहकाल हुंदोहो. त्यसले भन्दोहो त म दिंदोहुं. पढ्दछ भने नकुट' इत्यादिमा कोही क्रियालाई कारण कोही क्रियालाई कार्य कल्पना रूप संकेत अर्थ; इत्यादि विशेष विशेष अर्थहरू वाक्यको रचना मौका आशय आदिका अनुसारले बुझिन्छन्.

(१) अवस्था विशेष.

(क) वर्तमान.

३४९. वर्तमान काल जम्मा चार प्रकारका हुन्छन्. (१) सामान्य-वर्तमान, (२) अपूर्ण-वर्तमान, (३) पूर्ण-वर्तमान, (४) उद्देश-वर्तमान.

(सामान्य-वर्तमान)

३५०. पहिले रूपावलीमा लेखे बमोजीम 'गर्छु', गर्दछु, गर्न्छु. गरा-

---

१ अवस्था भेद बुझाउंदा 'हुनु' क्रिया संग 'तो, दो' आदि प्रत्ययान्त धातुसाधित विशेषण जोडिने कुरा अघिल्लो प्रकरणमा (पृ०२६२-६७ मा) लेखेको याद गर्नु.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

उँछु, गर्दिनँ' इत्यादि वर्तमानका स्वतन्त्र, प्रेरणा, कर्ता-कर्म-भाववाच्य; करण, अकरणका रूपबाट विशेष केही नबुझिई सामान्य स्वरूपले वर्तमान मात्र बुझिने हुनाले सो काललाई 'सामान्य-वर्तमान' भन्दछन्.

(अपूर्ण-वर्तमान)

३५१. कर्तृवाच्यमा कर्ताको, कर्मवाच्यमा कर्मको विधेय-विशेषण भएको स्वतन्त्र वा प्रेरणार्थक 'तो, दो' 'तै, दै' प्रत्ययान्त धातुसाधित संग वर्तमानको सामान्य क्रियाबोधक 'हुनु' क्रियापदको प्रयोग सो क्रिया अहिले पूर्ण नभएको अवस्था विशेष बुझिने हुनाले सो संयुक्त क्रियापदबाट बुझ्ने संयुक्त काललाई अपूर्ण-वर्तमान भन्दछन्.

(१) अपूर्ण-वर्तमानका रूपको प्रयोग गर्दा 'तो, दो' प्रत्ययान्त शब्द ओकारान्त विशेषणको (०३) नियम बमोजीम ओ-ई- आकारान्त भई, 'तै दै' प्रत्ययान्त शब्द ऐकारान्त विशेषणको नियम बमोजीम सबै लिङ्ग वचनमा एकै नास भई, त्यस संग लिङ्ग पुरुष वचन अनुसार 'छु, छौं' इत्यादि क्रियापदको प्रयोग हुन्छ. कारकरचना पनी सामान्य नियम बमोजीम कर्तृवाच्य सकर्मक धातुसाधित क्रियाको कर्तामा 'ले' विकल्प, अकर्मकमा 'ले' को नित्य लोप, कर्मवाच्यमा कर्ममा विभक्ति नरहने भई प्रयोग हुन्छ. जस्तैः—'म, मैले काम गर्दोछु, गराउंदैछु, गर्दीछु, गर्दैछु. हामी-हरू-(ले) कथा सुनाउंदा छौं. तं अरु सुत्तोछस्, सुत्तीछस्, सुत्तैछस्. तिमी-हरू-(ले) पुस्तक हेर्दाछौ हेर्दैछौ. तिमी-(ले) चिठी लेख्तीछौ, लेख्तैछौ. त्यो डराउंदोछ, डराउंदैछ म देखिंदोछु, देखिंदीछु, देखिंदैछु. हामीहरू देखाइंदाछौं, देखाइंदैछौं. आगो बल्दोछ. म-मैले भन्दोछु'. इत्यादि.

(२) अपूर्ण-वर्तमानमा 'तो, दो' प्रत्ययान्त जोडेको प्रयोग सर्वत्र ज्यादा प्रसिद्ध छैन, 'तै, दै' प्रत्ययान्त जोडेको प्रयोग प्रायः सर्वत्र प्रसिद्ध

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

हुन्छ. तर तो, दो' प्रत्ययको अवधारण अर्थ बुझिदा 'तै, दै' यस्तो स्वरूप हुने हुनाले तै. दै' प्रत्ययान्त जोडेमा अवधारण समेत विशेष बुझिन्छ जस्तै:—'गर्दोछ, गर्दैछ. भन्दोछु, भन्दैछु जांदैछन्. सुनाउंदैछन्' इत्यादि.

(३) अपूर्ण-वर्तमानमा अकरण क्रिया बुझाउंदा धातुसाधितका अकरण-रूपको वा क्रियापदका अकरणरूपको प्रयोग कहीं कहीं मात्र प्रसिद्ध हुन्छ; सो अकरण बुझाउंदा प्राय: रहनु क्रिया जोडेको नित्यताबोधक संयुक्त क्रियाका अकरणरूपको प्रयोग हुन्छ जस्तै: -- 'रयो आउंदै-छैन के ? त्यो गरिरहंदैन, तं बसिरहन्नस्. हामी देखाइ-रहंदैनौं'. इत्यादि.

(पूर्ण—वर्तमान)

३५२. अपूर्ण-वर्तमानमा झैं विधेय-विशेषण भएको विकार नभएको 'एको' प्रत्ययान्त धातुसाधित संग वर्तमानका सामान्य क्रियाबोधक हुनु क्रियापदको प्रयोग गरेमा सो क्रिया अहिले पूर्ण भएको अवस्था विशेष बुझिने हुनाले सो संयुक्त क्रियापदबाट बुझिने संयुक्त काललाई पूर्ण-वर्तमान भन्दछन्.

(१) पूर्ण-वर्तमानका रूपको प्रयोग गर्दा 'तो, दो' प्रत्ययान्तमा झैं 'एको' प्रत्ययान्त शब्द ओ-ई-आकारन्त भई, अवधारण समेत बुझिदा ऐकारन्त भई त्यससंग लिङ्ग पुरुष वचन अनुसार 'छु, छौं' इत्यादि क्रियापदको प्रयोग हुन्छ. कारकरचना पनी प्राय: अपूर्ण वर्तमानमा झैं हुन्छ; तर कर्तृवाच्य सकर्मक क्रियाको कर्तामा 'ले' लोप भएको प्रयोग कहीं कहीं मात्र हुन्छ. अकरण क्रिया बुझाउंदा धातुसाधितका अकरणरूपको प्रयोग कम हुन्छ, प्रायः क्रियापदैका अकरणरूपको प्रयोग हुन्छ. जस्तै:— मैले-काम गरेको छु, गरेकी छु; हामी-(हरू) ले घर देखाएका छौं; तैंले—पुस्तक नखाएको छस्, लेखाएको छस्; तिमी हरू—

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सुतेका छौं; तिमी उठेकी छौ; त्यो गएको छ, गएकी छ; तिनी (हरू)ले भनेका छन्; तिनीले भनेकी छन्. म देखिएको छु, देखिएकी छु; मी खाइएका छौं गरेकै छु भनेकै छौं, देखाइएकै छौं, लेखाइएकै छन्. मैले—म पढेको छैन, हमीले जानेका सुनेका छैनौं. म गएको छैन. वी आएकी छैनन्. हामीले नभनेका छौं कि? त्यो हिडेकै छैन'. इत्यादि.

(उद्देश–वर्तमान)

३५३. माथिका अरू वर्तमानमा झैं विधेय-विशेषण भएका 'ने' प्रत्ययान्त धातुसाधित संग वर्तमानका प्रतिज्ञार्थबोधक हुनु क्रियाका क्रियापदको प्रयोग गरेमा विशेष काल स्पष्ट नभई सो क्रियाको उद्देश अर्थात् क्रियाको स्वरूप मात्र बुझिने सो संयुक्त-क्रियापदबाट बुझिने संयुक्त-काललाई उद्देश-वर्तमान भन्दछन्.

(१) उद्देश-वर्तमानका रूपको प्रयोग गर्दा सो 'ने' प्रत्ययान्त शब्द नियम बमोजीम सबै लिङ्ग वचनमा एकैनास भई अवधारण समेत बुझिदा 'न्यै' यस्तो अन्त्यमा हुने भई, त्यससंग लिङ्ग पुरुष वचन अनुसार 'हुं हौं' इत्यादि क्रियापदको प्रयोग हुन्छ. कारकरचना पनी अपूर्ण-वर्तमानमा झैं सामान्य नियम बमोजीमै हुन्छ. अकरण क्रिया बुझाउदा मौका अनुसार धातुसाधितको वा क्रियापदको अकरणरूपको प्रयोग हुन्छ.

जस्तैः—'म, मैले—काम गर्ने हुं; हामी–हरू–ले-कौमुदी पढ्ने ह्वौं (हौं). तं—जाने होस्; तिमी-हरू सुन्ने ह्वौ (हौ). त्यो, त्यसले-मलाई अह्राउने हो; तिमी–हरू–ले—काम गराउने हुन् मं देखिने हुं. तं पढाइने होस्. गर्न्यै हुँ, गर्न्यै हो, गराउन्यै हुन्. म नजाने हुं. जाने होइनं; यो काम नगर्ने हो, गर्ने होइन; तिमी-हरू नहेर्ने हौ,हेर्ने होइनौं'. इ०

(२) उद्देश-वर्तमानका रूपको प्रयोगमा काकु (स्वरको विकार), प्रश्न,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सङ्केत आदि विशेष विवक्षा नराखी सामान्यरूपले प्रथम पुरुषको प्रयोग गर्दा आफुले वर्तमान वा भविष्यत्कालमा सो क्रिया गर्नाको प्रतिज्ञा गरेको बुझिन्छ; द्वितीय-तृतीय-पुरुषको प्रयोग गर्दा कहीं कालविशेष स्पष्ट नबुझिई सो क्रिया गर्नाको प्रतिज्ञा, कहीं भूतकालमा सो क्रिया नभएको तर योग्यता भएको विशेष बुझिन्छ. सङ्केत अर्थं पारी प्रयोग हुने, भूतकालको क्रिया भएमा सो क्रियाको असिद्धि समेत बुझिने, काकु प्रश्न आदिमा विशेष हुने इत्यादि विशेष पछि बुझिने छ. जस्तैः—

'म काशी जाने हुं. हामी यो काम गर्ने छौं' इत्यादिमा वर्तमान वा भविष्यत्मा सो जानु, गर्नु आदिको प्रतिज्ञा; तं खूप हिड्ने होस्, तिमी-हरू काम गर्ने छौ. त्यो सधैं रुने हो. तिनी—हरू गर्ने हुन्.' इत्यादिमा सामान्य काललाई लिई सो हिड्नु आदिको प्रतिज्ञा; 'तिमी-हरू त्यहां जाने हौ (किन गएनौ) त्यस्ता विन्ति चढाउने हो (चढाएन).' इत्यादिमा भूतकालमा सो क्रिया नभएको तर योग्यता भएको बुझिन्छ.[१]

---

१ 'गर्छु, गर्दछु' इत्यादि सामान्य वर्तमानका रूपबाट 'अहं करोमि (म गर्दछु), स पश्यति (त्यो देख्तछ)' इत्यादिमा झैं सो क्रियाको वर्तमानत्व मात्र बुझिन्छ. 'गर्दोछु, भन्दाछौं' इत्यादि अवधारण नभएका अपूर्ण वर्तमानका रूपबाट संस्कृतका 'अहं कुर्वन्नस्मि (म गर्दोछु), स कारयन्नस्ति (त्यो गराउदो छ), ते शयाना सन्ति (तिनीहरू सुत्ताछन्), सा दृश्यमानाऽस्ति (त्यो देखाइंदी छ), पत्रं लिख्यमानमस्ति (चिठि लेखिदो छ)' इत्यादिमा झैं क्रियापदबाट वर्तमानत्व, त्यस माथि धातुसाधित विधेय-विशेषणबाट क्रियाको अपूर्णता; 'गर्दैछु, भन्दैछौं' इत्यादि अवधारण समेतका अपूर्ण-वर्तमानका रूपबाट तिनैमा 'एव' शब्द जोडेका 'अहं कुर्वन्नेवाऽस्मि (म गर्दैछु), पत्रं लिख्यमानमेवास्ति (चिठि लेखिदैछ)' इत्यादिमा झैं अवधारण

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

समेत विशेष बुझिन्छ. 'गरेकोछु, भनेकाछौं' इत्यादि अवधारण नभएका पूर्ण-वर्तमानका रूपबाट संस्कृतका 'अहं कृतवानस्मि (मैले गरेको छु), रामः कारितवानस्ति (रामले गराएको छ), सा कृतवत्यस्ति (त्यसले गरेकी छ), अहं दृष्टोऽस्मि (म देखिएको छु), शिष्या दर्शिता सन्ति (शिष्यहरू देखाइएका छन्)' इत्यादिमा झैं क्रियापदबाट वर्तमानत्व; धातुसाधित विधेय-विशेषणबाट क्रियाको पूर्णता; 'गरेकै छु भनेकैछौं' इत्यादि अवधारण समेतका पूर्ण वर्तमानका रूपबाट एवं शब्द जोडेका 'अहं कृतवानेवास्मि (मैले गरेकै छु), पुस्तकं दृष्टमेवास्ति (पुस्तक देखिएकै छ)' इत्यादिमा झैं अवधारण समेत विशेष बुझिन्छ. तर संस्कृतमा कर्तृप्रधानमा 'क्तवतु' प्रत्ययान्तको कहीं कहीं 'क्त' प्रत्ययान्तको पनि कर्मप्रधानमा 'क्त' प्रत्ययान्त मात्रको प्रयोग हुन्छ; भाषामा त वाच्य मात्र फरक भई प्रत्यय एकै थरि हुन्छ. 'गर्नेहुं भन्ने व्हौं' इत्यादि अवधारण नभएका उद्देश-वर्तमानका रूपबाट 'अहं कर्ताऽस्मि (म गर्ने हुं) वयं निवेदयितारः स्मः (हमी बिन्ति चढाउने व्हौं), स प्रापकोऽस्ति (त्यो पुऱ्याउने हो), तद्द्रश्यमस्ति (त्यो हेरिने हो), त्वं प्रेषणीऽयासि (तं पठाइने होस्)' इत्यादिमा झैं क्रियापदबाट वर्तमानत्व, धातुसाधित विधेय-विशेषणबाट उद्देश अर्थ; 'गर्न्यै हुं भन्न्यै व्हौं' इत्यादि अवधारण समेतका उद्देश-वर्तमानका रूपबाट 'एव' शब्द जोडेका 'अहं कर्तैवाऽस्मि (म गर्न्यै हुं), सा प्रेषणीयैवास्ति (सो पठाइन्यै हो)' इत्यादिमा झैं अवधारण समेत बुझिन्छ. तर यसमा संस्कृतमा 'अस्मि' आदि क्रियापद गुप्त गराई 'अहं कर्ता, वयं निवेदयितारः' इत्यादि मात्र प्रयोग गरे पनी प्रतिज्ञा अर्थ बुझिने हुन्छ; कर्तृप्रधानमा 'तृच् अक' प्रत्ययान्तको कर्मप्रधानमा 'तव्य, अनीयर, ण्यत्' आदि प्रत्ययान्तको प्रयोग हुन्छ; भाषामा त 'म गर्ने' इत्यादि मात्रबाट कहीं मात्र मतलव बुझिने हुनाले क्रियापदको प्रयोग प्रायः आवश्यक छ, कर्म-कर्तृ-प्रधान दुवै थरिमा वाच्य मात्र फरक भई प्रत्यय एकै हुन्छ.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(ख) भूत.

३५४. भूतकालका रूपबाट बुझिने प्रघि भएको क्रिया कहीं ज्ञात अर्थात् थाहा भएको किसिम संग बुझिने कहीं अज्ञात अर्थात् थाहा नभएको किसिम संग बुझिने हुन्छ दुवै थरीमा अघिको वर्तमानमा झैं सामान्य, अपूर्ण, पूर्ण, उद्देश, यी विशेष समेत हुन्छन्: जस्तैः—

'गऱ्यो, गर्दोथियो, गथ्यो, गरेथ्यो, गर्नेथियो' इत्यादिबाट भूतकालको सो क्रिया थाहा भएको किसिम संग बुझिन्छ; 'गरेछ, गर्दोहो, गऱ्योहो, गर्ने हुंदाहो' इत्यादिबाट भूतकालको सो क्रिया थाहा नभएको किसिम संग बुझिन्छ.

३५५. तसर्थ–भूतकाल जम्मा आठ प्रकारका हुन्छन्. ज्ञात अज्ञात दुइ किसिमका (१–२) सामान्य-भूत, (३–४) अपूर्ण–भूत, (५–६) पूर्ण-भूत (७–८) उद्देश-भूत.

(ज्ञात-सामान्य-भूत)

३५५. पहिले रूपावलीमा लेखे बमोजीम 'गरें, भएं' इत्यादि भूतका स्वतन्त्र, प्रेरणा, कर्ता-कर्म-भाववाच्य, करण, अकरणका रूपबाट ज्ञात रूपले सामान्य–भूत मात्र बुझिने हुनाले सो काललाई 'ज्ञात-सामान्य-भूत' भन्दछन्.

(अज्ञात-सामान्य-भूत)

३५७. विकार भएको 'एको' प्रत्ययान्त धातुसाधित संग सामान्य–क्रियाबोधक 'छ' इत्यादि क्रियापद जोडी प्रयोग गर्दा अज्ञात–रूपले सामान्य-भूत मात्र बुझिने हुनाले सो संयुक्त क्रियापदबाट बुझिने काललाई अज्ञात-सामान्य-भूत' भन्दछन्.

(१) अज्ञात-सामान्य-भूतका रूपको प्रयोग गर्दा अघिको (३०६ घ) नियम

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

बमोजीम 'ए, इ' भई विकार भएको 'एको' प्रत्ययान्त संग लिङ्ग, पुरुष, वचन, अनुसार छु' आदि क्रियापदको प्रयोग हुन्छ. यसको अवधारणमा प्रयोग हुँदैन. धातुसाधितको सामान्य नियम बमोजीम सकर्मक कर्तृवाच्यको कर्तामा 'ले' नित्य, अकर्मकमा नित्य लोप आदि भई कारक रचना हुन्छ. यसको अकरण क्रियामा अघिको (३३०-२) नियम बमोजीम बीचमा नकार भएका रूपको प्रयोग हुन्छ जस्तैः—'मैले काम गरेछु हामी-(हरू) ले गराएछौं. तं गइछस्. तिमी-हरू गएछौ. तिमी गइछौ. त्यसले पुस्तक लेखाएछ, लेखाइछ. तिनी (हरू) ले मलाई देखाएछन्' तिनीले देखाइछन्. म देखिएछु तिनी-हरू लेखिएछन्. हामी-हरू देखाइएछौं चिठो पठाइएछ हामीले कुरा सुनेनछौं. तैंले बुझिनछस्' इत्यादि.

(ज्ञात-अपूर्ण-भूत)

३५८. अपूर्ण-वर्तमानमा झैं विधेय विशेषण भएको 'तो, दो, तँ, दैं' प्रत्ययान्त धातुसाधित संग भूतको सामान्य क्रियाबोधक क्रियापदको प्रयोग गरेमा ज्ञात अपूर्ण अवस्थाको भूत बुझिने हुनाले सो संयुक्त क्रियापदबाट बुझिने संयुक्त काललाई ज्ञात-अपूर्ण-भूत भन्दछन्.

(१) ज्ञात-अपूर्ण-भूतका रूपको प्रयोग गर्दा (३३०) नियम बमोजीम विकार नभएको 'तो, दो' प्रत्ययान्त-शब्द ओ-ई-आकारान्त भई, अवधारण समेत बुझिंदा ऐकारान्त भई, त्यस संग विकार नभएका 'थिएं' इत्यादि क्रियापदको, लोप वा 'न त द' भएर विकार भएको 'तो, दो' प्रत्ययान्त संग विकार भएका 'थें' इत्यादि क्रियापदको, लिङ्ग, पुरुष, वचन, अनुसार प्रयोग हुन्छ. कारकरचना सामान्य नियम बमोजीम अपूर्ण-वर्तमानमा झैं हुन्छ. यसको अकरण क्रियामा सोही (३३०) नियम बमोजीम प्रयोग हुन्छ. जस्तैः – 'म, मैले–काम गर्दो थिए, गर्दी थिएं, गर्दै थिएं, गर्दथें, गर्थें. हामी-हरू-ले-काम

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

गराउंदा थियौं, गराउंदै थियौं. गराउंथ्यौं गराउंदथ्यौं तं-जादो थिइस्, जांदी थिइस्, जांदै थिइस्, जांदी थिइस्. तिमं-हरू-रुंदा थियौ, तिमी-रुंदी थियौ, रुंदै थियौ, रुन्थ्यौ. त्यो-सुत्तो थियो, सुत्ती थिई, सुत्तै थिई, सुत्थ्यो, सुत्थी. तिनी-हरू-ले-पठाउंदा थिए, पठाउंदै थिए, पठाउंथें, पठाउंदथें; तिनी-ले-पठाउंदथिइन, पठाउंदै थिइन्, पठाउंथिन, पठाउंदथिन्. म-देखिंदो थिएं देखिंदी थिए, देखिंदै थिएं, देखिंथें. त्यो-देखाइंदो थियो देखाइंदी थिई, देखाइंदै थियो, देखाइंदै थिई, देखाइन्थ्यो, देखाइन्थी. म गर्दिन थें, हामी गर्दैनथ्यौं'. इत्यादि.

(अज्ञात-अपूर्ण-भूत.)

३५९. माथिको अपूर्ण-भूतमा भैं विधेय-विशेषण भएको 'तो, दो, तै, दै' प्रत्ययान्त धातुसाधित संग हुनु क्रियाको प्रतिज्ञार्थक क्रियापदको प्रयोग गरेमा अज्ञात अपूर्ण अवस्थाको भूत बुझिने हुनाले सो संयुक्त क्रियापदबाट बुझिने संयुक्त काललाई अज्ञात-अपूर्ण-भूत भन्दछन्.

(१) अज्ञात अपूर्ण-भूतका रूपको प्रयोग गर्दा (२०३)नियम बमोजीम ओ-ई-आकारान्त भएको 'तो, दो' प्रत्ययान्तसंग, अवधारणमा तै, दै' प्रत्ययान्त शब्दसंग लिङ्ग, वचन, पुरुषको अनुसार 'हुं' इत्यादि क्रियापदको प्रयोग हुन्छ. कारकरचना सामान्य नियम बमोजीम माथिको अपूर्ण-भूतमा भैं हुन्छ. अकरण क्रिया बुझाउंदा (३२०-३) नियम बमोजीम प्रयोग हुन्छ. जस्तैः 'म मैले गर्दो हुं, गर्दी हुं गर्दै हुं. हमीले सुनाउंदा हौं, सुनाउंदै हौं. तं-जांदो होस्, जांदी होस्, जांदै होस्. तिमी-हरू-ले-भन्दा व्हौ, तिमी-भन्दी हौ. त्यो-त्यसले-लेख्तो हो, लेख्ती हो, लेख्तै हो. तिनी-ले सुनाउंदा हुन्, सुनाउंदी हुन्, सुनाउंदै हुन्. म देखिंदो हुं, देखिंदी हुं, देखिंदै हुं.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

म देखाइंदो हुं, देखाइंदी हुं, देखाइंदै हुं. म गर्दो होइन. त्यो भन्दो होइन.' इत्यादि.

(२) अज्ञात-अपूर्ण-भूतका रूपबाट कहीं अघि त्यो क्रिया हुंदै रहेको संभावना, कहीं संकेत अर्थ भई सो क्रियाको संभव मात्र तर सो क्रिया नभएको, इत्यादि मौका अनुसार विशेष अर्थ बुझिन्छन्. जस्तै— 'तिमी आउंदा म पढ्दो (पढ्न लागेको) हुं. म त्यहीं हुंदो हुं. त्यसले चिठ लेख्तो हो' इत्यादिमा अघि त्यो क्रिया भई रहेको संभावना; 'गुरु आए म पढ्दो हुं (पढ्ने थिएं, तर गुरु नआउनाले पढिनं). तपाइंका निगाह भएको भए म धनी हुंदोहुं (हुने थिएं, तर निगाह नहुनाले भइनं). अह्राएको भए त्यसले चिठी लेख्तोहो (लेख्ने थियो, तर नअह्राउनाले लेखेन).' इत्यादिमा अघि सो क्रियाको संभव मात्र तर कारण क्रिया नहुनाले सो क्रिया नभएको, इत्यादि विशेष अर्थ बुझिन्छ.

(ज्ञात-पूर्ण-भूत.)

३६०. पूर्ण-वर्तमानमा झैं विधेय-विशेषण भएको 'एको' प्रत्ययान्त धातुसाधित संग भूतको सामान्यक्रियाबोधक क्रियापद अथवा हुनु क्रियाका प्रतिज्ञार्थक क्रियापदका प्रयोग गरेमा ज्ञात पूर्ण अवस्थाको भूत बुझिने हुनाले सो संयुक्त काललाई ज्ञात-पूर्ण-भूत भन्दछन्.

(१) ज्ञात-पूर्ण-भूतका रूपको प्रयोग गर्दा (२०३) नियम बमोजीम विकार नभएको 'एको' प्रत्ययान्त शब्द ओ-ई-आकारान्त भई, अवधारण समेत बुझिंदा ऐकारान्त भई त्यस संग विकार नभएको 'थिएं, हुं' इत्यादि दुइ किसिमका क्रियापदको, विकार भएको 'एको' प्रत्ययान्त संग विकार भएको 'थें' इत्यादि क्रियापदको लिङ्ग,पुरुष, वचन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अनुसार प्रयोग हुन्छ. यसमा पूर्ण-वर्तमानमा झैं कारकरचना र, अकरण क्रिया बुझाउंदा अघिको (३३०) नियम बमोजीम अकरण-रूपको प्रयोग हुने हुन्छ. जस्तै: –

'मैले-काम गरेको थिएं, गरेकी थिएं, गरेकै थिएं, गरेथें; गरेको[१] हुं, गरेकै हुं. हामी (हरू)ले त्यसलाई देखाएका थियौं, देखाएकै थियौं; देखाएका हौं, देखाएकै हौं. तं-गएको थिइस्, गएकी थिइस्, गएकै थिइस्, गइथिस्; गएको होस्, गएकी होस्, गएकै होस्. तिमीहरू-सुतेका थियौ सुतेकै थियौ, सुतेथ्यौ; सुतेका हौ, सुतेकै हौ; तिमी-सुतेकी थियौ, सुतेकै थियौ सुतेकी हौ, सुतेकै हौ. त्यसले-पढाएको थियो, पढाएकी थिई, पढाएकै थियो, पढाएकै थिई, पढाएथ्यो, पढा-इथी; पढाएको हो, पढाएकी हो पढाएकै हो, तिनीहरू-आएका थिए, आएकै थिए, आएथे, आएका हुन्, आएकै हुन्; तिनी-आएकी थिइन्, आएकै थिइन्, आइथिन्, आएकी हुन्, आएकै हुन्. म-देखिएको थिएं, देखिएकै थिएं, देखिएथें; देखिएको हुं देखिएकै हुं. म-लेखाइएको थिएं, लेखाइएकै थिएं लेखाइएथें; लेखाएको हुं, लेखाइएकै हुं. मैले-गरेनथे, गरेको थिइनं. म-गएको होइनं.' इ०

(२) ज्ञात-पूर्ण-भूतका रूपबाट सामान्यक्रियाबोधक क्रियापद जोडिएमा अघि भइसकेको स्वरूप मात्रले पूर्ण भूत बुझिन्छ, प्रतिज्ञाबोधक हुनु क्रियाका रूप जोडिएमा सो अघि भइसकेको क्रियाको प्रतिज्ञा समेत विशेष बुझिन्छ.

---

१ कोही कोही 'गएको हुं, भनेका हौं' इत्यादि हलन्त धातुका रूपमा 'एको' प्रत्ययको 'या' यस्तो विकार 'मानेर गर्याहुं भन्याहुं भन्याहुन' इत्यादि पनी व्यवहार गर्दछन् तर कहीं कहीं पहाडी भाषामा मात्र त्यस्तो व्यवहार देखिनाले 'गरेको हुं' इत्यादि मात्र यहां लेखिएको छ.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(अज्ञात-पूर्ण-भूत.)

३६१. विधेय-विशेषण भई विकार भएको 'एको' प्रत्ययान्त धातु-साधित संग हुनु क्रियाका प्रतिज्ञार्थक क्रियापदको प्रयोग गरेमा अज्ञात-पूर्ण अवस्थाको भूत बुझने हुनाले सो संयुक्त क्रियापदबाट बुझिने संयुक्त काललाई अज्ञात-पूर्ण-भूत भन्दछन्.

(१) अज्ञात-पूर्ण भूतका रूपको प्रयोग गर्दा अघिका (३०६ घ, ३३०) नियम बमोजीम 'ए, इ भई विकार भएको एको' प्रत्ययान्त संग लिङ्ग, पुरुष, वचन अनुसार 'हुं' आदि क्रियापदको प्रयोग हुन्छ. यसमा माथिको पूर्ण-भूतमा झैं कारक रचना र अकरण क्रिया बुझाउंदा अघिको (३३०) नियम बमोजीम अकरणरूपको प्रयोग हुन्छ. यसमा अवधारण विशेष बुझिंदैन. जस्तैः 'मैले–गरेहुं, गरिहुं. हामी-हरू-ले–गरेऔं. तं गइहोस्, तिमी-हरू गएहौ; तिमी–गइहौ. त्यसले गराएहो, गराइहो. तिनी-हरूले–देखाए हुन, तिनीले-देखाइ-हुन्. म-देखिएहुं, देखिइहुं; देखाइएहुं, देखाइइहुं म–गएनहुं, गइनहुं.' इत्यादि.

(२) अज्ञात-पूर्ण-भूतका द्वितीय तृतीय पुरुषका एकवचनका 'गएहौ, गएहो' यी रूपका ठाउंमा आख्यात आख्यात जोडी 'गयोहो, गइस्होस्' इत्यादि पनी प्रयोग हुन्छ.

(ज्ञात–उद्देश–भूत.)

३६२. उद्देश–वर्तमानमा झैं विधेय–विशेषण भएका 'ने' प्रत्ययान्त धातुसाधित संग भूतको सामान्यक्रियाबोधक क्रियापदको प्रयोग गरेमा ज्ञात स्वरूपले सो क्रियाको उद्देश बुझिने हुनाले सो संयुक्त क्रियापदबाट बुझिने संयुक्त काललाई ज्ञात-उद्देश-भूत भन्दछन्.

(१) ज्ञात-उद्देश-भूतका रूपको प्रयोग गर्दा (३०४ घ, ३३०) नियम

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

बमोजीम सो 'ने' प्रत्ययको विकार नभएमा 'ने' प्रत्ययान्त शब्द संग सर्वै लिङ्ग वचनमा एकैनास भई अवधारण समेत बुझिदा 'न्यै' अन्त्यमा हुने भई त्यस संग विकार नभएको 'थिएं' इत्यादि क्रिया-पदको, 'न, त, द' भई विकार भएको 'ने' प्रत्ययान्त संग विकार भएको 'थें' इत्यादि क्रियापदका लिङ्ग, पुरुष,वचन अनुसार प्रयोग हुन्छ. यसमा सामान्य नियम बमोजीम उद्देश-वर्तमानमा झैं कारक-रचना हुन्छ. अकरण क्रिया बुझाउंदा (२३०-२) नियम बमोजीम प्रयोग हुन्छ. जस्तैः—

'म, मैले-काम गर्ने थिएं, गर्थें, गर्दथें, गर्न्यै थिएं. हामीहरू-जाने थियौं, जान्थ्यौं, जान्यै थियौं. तँ, तैंले-भन्ने थिइस्, भन्थिस्,भन्दथिस्, भन्न्यै थिइस्. तिमी-हरु-ले-म-लाई सुनाउने थियौ, सुनाउंदथ्यौ, सुनाउंथ्यौं, सुनाउन्यै थियौ. त्यो, त्यरूले-लेख्ने थियो, लेख्तथ्यो, लेख्थ्यो, लेख्न्यै थियो; लेख्ने थिई, लेख्नथी, लेख्थीं, लेख्न्यै थिई. तिनीहरू-आउंने थिए, आउंदथे, आउंथे आउन्यै थिए; तिनी-आउंने थिइन्, आउंदथिन, आउंथिन्, आउंन्यै थिइन् म-देखिने थिएं, देखिन्थें, देखिन्यै थिएं. हामी-देखाइने थियौं, देखाइन्थ्यौं, देखाइन्यै थियौं म-हुन्नथें, हुंदैनथें, हुने थिइनं.' इत्यादि,

(२) ज्ञात-उद्देश-भूतका रूपको प्रायः सङ्केत अर्थ पारी 'कोही क्रिया भएको भए यो क्रिया हुने थियो तर भएन' भन्ने किसिमको अर्थमा प्रयोग हुन्छ; कहीं कहीं अरु किसिमको अर्थमा पनी प्रयोग हुन्छ. जस्तैः — 'तपाईंले अह्राउनु भएको भए म गर्ने थिएं. जान त म जान्थें. तिमी जान्थ्यौ ?' इ०

(अज्ञात-उद्देश-भूत)

२६३. विधेय विशेषण भएको 'ने' प्रत्ययान्त धातुसाधित संग हुनु क्रियाको अज्ञात-अपूर्ण-भूतका रूपको प्रयोग गरेमा अज्ञात स्वरूपले सो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

क्रियाको उद्देश बुझिने हुनाले सो संयुक्त क्रियापदबाट बुझिने संयुक्त काल-लाई अज्ञात-उद्देश-भूत भन्दछन्.

(१) अज्ञात-उद्देश-भूतका रूपका प्रयोग गर्दा विकार नभएको ने प्रत्ययान्त शब्द संग, अवधारण समेत बुझिदा न्यै प्रत्ययान्त संग 'हुंदोहो' इत्यादि हुनु क्रियाको अज्ञात-अपूर्ण-भूतका रूपको लिङ्ग, पुरुष, वचन अनुसार प्रयाग हुन्छ. कारकरचना माथिको उद्देश-भूतमा झैं, प्रकरणमा अज्ञात-अपूर्ण-भूतमा झैं प्रयोग हुन्छ. जस्तैः— म, मैले-काम गर्ने हुंदोहुं, गर्ने हुंदीहुं, गर्न्यै हुंदोहुं; गर्न्यै हुंदीहुं. हामी—जाने हुंदाहौं. तं आउने हुंदोहोस्, आउने हुंदीहोस्. तिमीहरू—ले—भन्ने हुंदाहौ; तिमी ले—भन्ने हुंदीहौ. त्यो, त्यसले—देखाउंने हुंदोहो, देखाउंने हुंदीहो. तिनीहरू-हुने हुंदाहुन्, तिनी—हुने हुंदीहुन्. म देखिने हुंदोहुं. हमी—देखाइने हुंदाहौं म—जाने हुंदो होइनं, [१]इत्यादि.

---

१ ज्ञात अवस्थाका 'गर्‍यो, भयो' इत्यादि सामान्य—भूतका रूपबाट संस्कृतका 'अहमकरवम्, (मैले गरें)अहमभूवम् (म भएं)' इत्यादिमा झैं सो क्रियाको भूतत्व मात्र बुझिन्छ; 'गर्दो थिएं, गर्थें इत्यादि अपूर्ण-भूतका रूपबाट 'अहं कुर्वन्नासम् (मैले गर्दो थिएं) स पश्यन्नेवासीत् (त्यो हेर्दै थियो) ते कारयन्त आसन् (तिनी-हरू गराउंदथें),' इत्यादिमा क्रियापदबाट भूतत्व धातुसाधितबाट अपूर्णत्व, 'एव' शब्द भएमा अवधारण समेत बुझिन्छ; 'गरेको थिएं, गरेथें, गरेको हुं' इत्यादि पूर्ण—भूतका रूपबाट 'अहं कृतवानसम् (मैले गरेथें) सा कारितवत्यासीत् (त्यसले गराइथी), गृहं दृष्टमेवासीत् (घर देखिएकै थियो)' इत्यादिमा झैं क्रियापदबाट भूतत्व धातुसाधितबाट पूर्णत्व, 'एव' शब्द भएमा झैं कहीं अवधारण समेत बुझिन्छ; 'गर्ने थिएं, गर्थें' इत्यादि उद्देश-भूतका रूपबाट 'स कर्ताऽऽसीत् (त्यसले गर्ने थियो), त्वं कारयित्र्येवाऽऽसी (तं गराउन्यै थिइस्) सा द्रष्टव्याऽऽसीत् (त्यो देखिन्थी)' इत्यादिमा झैं क्रियापदबाट भूतत्व, धातु-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(२) अज्ञात-उद्देश-भूतका रूपको प्रयोग ज्यादा प्रसिद्ध छैन, मौका अनुसार कहीं कहीं मात्र प्रसिद्ध हुन्छ.

(ग) भविष्यत्.

३६४. भविष्यत्काल जम्मा चार प्रकारका हुन्छन्. (१) सामान्य-भविष्यत्, (२) अपूर्ण–भविष्यत्, (३) पूर्ण–भविष्यत् (४) उद्देश भविष्यत्.

(सामान्य-भविष्यत्)

३६५. पहिले रूपावलीमा लेखे बमोजीम 'गर्नेछु, भन्नेछु, हुनेछु' इत्यादि भविष्यत्का स्वतन्त्र, प्रेरणा, कर्ता-कर्म-भाववाच्य, करण, प्रकरणका रूपबाट विशेष केही नबुझिई सामान्य स्वरूपले भविष्यत्मात्र बुझिने हुनाले सो काललाई सामान्य-भविष्यत् भन्दछन्.

(१) अरू सामान्य अवस्थामा अवधारण बुझाउने गरी विशेष रूपको

साधितबाट उद्देश, 'एव' शब्द भएपा अवधारण समेत बुझिन्छ अज्ञात अवस्थाका 'गरेछु, भनेछ' इत्यादि सामान्य-भूतका, 'गर्दो हुं, गर्दै हो' इत्यादि अपूर्ण-भूतका, 'गरे हुं, गऱ्यो हो' इत्यादि पूर्ण-भूतका. गर्ने हुंदो हो, गर्न्यैं हुंदोहुं' इत्यादि उद्देश भूतका रूपबाट संस्कृतमा हुनु क्रियाको परोक्ष-भूत बुझाउने 'लिट्' लकारको क्रियापद संग माथि लेखिएका किसिमका धातुसाधित प्रयोग भएका 'अहं चकार (मैले गरेछु)' इत्यादिमा झैं सामान्य-भूत, अहं कुर्वन्बभूव (म गर्दो हुं)' इत्यादिमा झैं अपूर्ण-भूत, 'स कृतवान्बभूव (त्यसले गऱ्यो हो)' इत्यादिमा झैं पूर्ण-भूत, 'सा कर्त्री बभूव (त्यसले गर्ने हुंदी हो)' इत्यादिमा झैं उद्देश-भूत, 'एव' शब्द भएमा अवधारण समेत बुझिन्छ. तर संस्कृतमा सङ्केत अर्थ बुझिंदा अरू विशेष लकार हुने हुनाले भाषामा झैं सङ्केत बुझिंदा वा नबुझिंदा एकै किसिमको प्रयोग प्रायः हुंदैन.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

प्रयोग हुँदैन ता पनी भविष्यत्को रूपमा 'ने' को बदलामा न्यै हुंदा अवधारण समेत बुझिन्छ. जस्तैः—'गर्न्यैंछु, जान्यैंछु, हुन्यैछन्.' इत्यादि.

(अपूर्ण-भविष्त्)

३६६ वर्तमानहरूमा झैं 'तो, दो, तै, दै' प्रत्ययान्त धातुसाधित संग भविष्यत्को हुनु क्रियाको क्रियापद प्रयोग गरेमा सो क्रियाको अपूर्ण अवस्था बुझिने हुनाले सो संयुक्त क्रियापदबाट बुझिने संयुक्त काललाई अपूर्ण-भविष्यत् भन्दछन्.

(१) अपूर्ण भविष्यत्का रूपको प्रयोग गर्दा सो वर्तमानमा झैं कारकरचना अकरणमा प्रायः क्रियापदको अकरण रूपको प्रयोग, अवधारणमा तै दै यस्तो भई तो दो प्रत्ययान्त धातुसाधित शब्द 'हुनेछु' इत्यादि क्रियापद संग जोडिई प्रयोग हुन्छ. जस्तैः—'म–गर्दो हुनेछु, हामी–हरू–जांदै हुनेछौं, तं–लेख्तै हुनेछैनस्, तिमी-हरू–देखिदै हुनेछौ, त्यसले–सुनाउंदै हुनेछ, तिनी-हरू–देखाइंदै हुनेछैनन्.' इत्यादि.

(पूर्ण-भविष्यत्.)

३६७. वर्तमानहरूमा झैं विकार नभएको 'एको' प्रत्ययान्त धातु-साधित संग भविष्यत्को हुनु क्रियाको क्रियापद प्रयोग गरेमा सो क्रियाको पछिको कालमा पूर्ण अवस्था बुझिने हुनाले सो संयुक्त-क्रियापदबाट बुझिने संयुक्त काललाई पूर्ण-भविष्यत् भन्दछन्.

(१) पूर्ण–भविष्यत्का रूपको प्रयोग गर्दा सो वर्तमानमा झैं अकरण, अवधारणका रूप कारकरचनाहरू भई 'एको' प्रत्ययान्त धातुसाधित 'हुनेछु' इत्यादि क्रियापद संग जोडिई प्रयोग हुन्छ. जस्तैः— 'मैले–गरेको हुनेछु, गरेकै हुनेछु, गरेको हुन्यैंछु. हामी–गएका हुनेछौं. तैंले–देखाएको हुनेछस्, देखाएकी हुनेछस्: तिमीहरू-गएका हुनेछैनौ, तिमी–गएकी हुनेछैनौ. त्यसले देखेको हुनेछ, देखेकी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

हुनेछ. तिनी-हरूले—भनेका हुनेछैनन्, भनेकी हुनेछैनन् म देखिएको हुनेछु, देखिएकी हुनेछु, देखाइएके हुनेछु.' इत्यादि.

(उद्देश-भविष्यत्.)

३६८. वर्तमानहरूमा झैं विकार नभएको 'ने' प्रत्ययान्त धातुस गसंग भविष्यत्को 'हुनु' क्रियाको क्रियापद प्रयोग गरेमा सो क्रियापदको कालमा उद्देश बुझिने हुनाले सो संयुक्त क्रियापदबाट बुझिने संयुक्त काल-लाई उद्देश-भविष्यत् भन्दछन्.

(१) उद्देश-भविष्यत्का रूपको प्रयोग गर्दा सो वर्तमानमा झैं प्रकरण अवधारणका रूप कारकरचनाहरू भई, कहीं कहीं क्रियापदका अव-धारणरूपको पनी प्रयोग भई 'ने' प्रत्ययान्त धातुसाधित संग 'हुनेछ' इत्यादि क्रियापदको प्रयोग हुन्छ. जस्तैः—'म, मैले—गर्ने हुनेछु गर्न्यैं हुनेछु, गर्ने हुन्यैंछु. हामी-ले—गर्ने हुनेछौं, गर्न्यैं हुनेछौं तं—जाने हुनेछस्, तिमीहरू-जाने हुनेछौ त्यो-जाने हुनेछैन, तिनीहरूले-देखाउने हुनेछैनन्. म—देखिने हुनेछु. देखाइने हुनेछु.' [१]इत्यादि.

---

१ वर्तमान भूतहरूमा झैं भविष्यत्को रूपबाट पनी 'गर्नेछु हुनेछु' इत्यादि रूपबाट संस्कृतका 'अहं करिष्यामि (म गर्नेछु), सा गमिष्यत्येव (त्यो जान्यैंछ)' इत्यादिमा झैं सामान्य-भविष्यत्; 'गर्दो हुनेछु, भन्दै हुनेछु' इत्यादि रूपबाट संस्कृतका अहं गच्छन् भविष्यामि (म जांदो हुनेछु), सा दृश्यमानैव भविष्यति (त्यो देखिदै हुनेछ)' इत्यादिमा झैं अपूर्ण-भविष्यत्; 'गरेको हुनेछु, गएकी हुन्यैंछु' इत्यादि रूपबाट संस्कृतका 'अहं कृतवान् भविष्यामि (मैले गरेको हुनेछु), सा दर्शितैव भविष्यति (त्यो देखाइएके हुनेछ)' इत्यादिमा झैं पूर्ण—भविष्यत्; 'गर्ने हुनेछु, जान्यै हुनेछु' इत्यादि रूपबाट संस्कृतका 'अहं कर्ता भविष्यामि (म गर्ने हुनेछु), ते दृश्या एव भविष्यन्ति(तिनीहरू देखिन्यैं हुनेछन)' इत्यादिमा झैं उद्देशभविष्यत्; कहीं 'एव' शब्द भएमा झैं अवधारण समेत बुझिन्छ.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(घ) विध्यर्थ.

३६९. विध्यर्थ पनी जम्मा चार प्रकारका छन्. (१) सामान्य-विध्यर्थ, (२) अपूर्ण-विध्यर्थ, (३) पूर्णविध्यर्थ. (४) उद्देश-विध्यर्थ.

(सामान्य–विध्यर्थ.)

३७०. पहिले रूपावलीमा लेखे बमोजीम 'गरोस्, गरू' इत्यादि विध्यर्थका स्वतन्त्र, प्रेरणा, कर्ता-कर्म-भाववाच्य, करण, अकरणका रूपबाट विशेष केही नबुझिई सामान्य स्वरूपले विध्यर्थ मात्र बुझिने हुनाले सो अर्थलाई सामान्य-विध्यर्थ भन्दछन्.

(अपूर्ण-विध्यर्थ.)

३७१. वर्तमानहरूमा झैं 'तो, दो, तै, दै' प्रत्ययान्त धातुसाधित संग विध्यर्थको हुनु, क्रियाको क्रियापद प्रयोग गरेमा सो क्रियाको अपूर्ण अवस्थाको विधि बुझिने हुनाले सो संयुक्त क्रियापदबाट बुझिने संयुक्त अर्थलाई अपूर्ण-विध्यर्थ भन्दछन्.

(१) अपूर्ण-विध्यर्थका रूपको प्रयोग गर्दा वर्तमानहरूमा झैं कारकरचना, अकरणमा प्राय: क्रियापदको अकरणरूपको प्रयोग, अवधारणमा 'तै, दै' भई 'तो, दो' प्रत्ययान्त धातुसाधित शब्द 'होऊं' इत्यादि क्रियापद संग जोडिई प्रयोग हुन्छ. तर यसमा अवधारण भएकै प्रयोग प्रसिद्ध हुन्छ. जस्तै:—'म, मैले-काम-गर्दो,-गर्दी,-गर्दै होऊं-हामी-ले-गर्दा-गर्दै होऔं. तं-जांदो,-जांदी,-जांदै हो, भएस्. तिनी-हरू गर्दै होऔ, भए. तिमी-जांदै होऊ भए. त्यो, त्यसले गराउंदो, -गराउंदी-गराउंदै नहोओस्. तिमी-हरू-ले-गराउंदा-गराउंदै नहोऊन्. म-देखिदै होऊं, देखाइदै होऊं.' इत्यादि.

(पूर्ण-विध्यर्थ.)

३७१. वर्तमानहरूमा झैं विकार नभएको 'एको' प्रत्ययन्त धातु-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

साधित संग विध्यर्थको 'हुनु' क्रियाको प्रयोग गरेमा सो कियाको पूर्ण अवस्थाको विधि बुझिने हुनाले सो संयुक्त क्रियापदबाट बुझिने संयुक्त अर्थलाई पूर्ण-विध्यर्थ भन्दछन्.

(१) पूर्ण-विध्यर्थका रूपको प्रयोग गर्दा वर्तमानहरूमा झैं अकरण, अवधारणका रूप कारकरचनाहरू भई 'एको' प्रत्ययान्त धातुसाधित 'होऊं' इत्यादि क्रियापद संग जोडिई प्रयोग हुन्छ. जस्तैः—'म—गरेको,-गरेकी,-गरेकै होऊं हामीहरू ले-गरेका -गरेकै -होऔं. तं-गएको, गएकी,-गएकै हो, भए. तिमी-हरू—गएका,-गएकै होओ, भए; तिमी—गएका,-गएकी होऊ. त्यसले—देखाएको,-देखाएकी,-देखाएकै नहोओस्. तिनी-हरूले—गराएका नहोऊन्. म—देखिएको,-देखाइएको नहोऊं.' इत्यादि.

(उद्देश-विध्यर्थ.)

३७३. वर्तमानहरूमा झैं विकार नभएको 'ने' प्र—प्रत्ययान्त धातुसधित संग विध्यर्थको 'हुनु' क्रियाको क्रियापद प्रयोग गरेमा सो क्रियाको उद्देश अवस्थाको विधि बुझिने हुनाले सो संयुक्त क्रियापदबाट बुझिने संयुक्त अर्थलाई उद्देश-विध्यर्थ भन्दछन्.

(१) उद्देश-विध्यर्थका रूपको प्रयोग गर्दा सो वर्तमानहरूमा झैं अकरण अवधारणका रूप कारकरचना भई 'ने' प्रत्ययान्त धातुसाधित संग 'होऊं' इत्यादि क्रयापद जोडिई प्रयोग हुन्छ. जस्तैः—'म मैले—काम गर्ने नहोऊं. हामी-ले—गर्ने नहोऔं. तं-जाने नहो, नभएस्. तिमी-हरू—जाने नहोओ, नभए. त्यसले, त्यो—गराउंने होओस्, गराउंन्यै होओस्. तिनीहरूले—सुनाउंने नहोऊन्. म—देखिने होऊं, देखाइने होऊं.' इ०[१]

---

१ वर्तमान भूतहरूमा झैं विध्यर्थका रूपबाट पनी 'गरोस्, गरून्'

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(ङ) संभावनार्थ.

३७४ संभावनार्थ पनी जम्मा चार प्रकारका छन् (१) सामान्य-संभावनार्थ, (२) अपूर्ण-संभावनार्थ, (३) पूर्ण-संभावनार्थ, (४) उद्देश-संभावनार्थ.

(सामान्य-संभावनार्थ.)

३७५. पहिले रूपावलीमा लेखे बमोजीम 'गरुंला, गरौंला' इत्यादि संभावनार्थका स्वतन्त्र, प्रेरणा, कर्ता-कर्म-भाव वाच्य, करण, अकरणका रूपबाट विशेष केही नबुझिई सामान्य स्वरूपले संभावना अर्थ मात्र बुझिने हुनाले सो अर्थलाई सामान्य-संभावनार्थ भन्दछन्.

(अपूर्ण-संभावनार्थ.)

३७६ वर्तमानहरूमा झैं 'तो, दो, तै दै' प्रत्ययान्त धातुसाधित संग संभावनार्थको हुनु क्रियाको क्रियापद प्रयोग गरेमा सो क्रियाको अपूर्ण अवस्था बुझिने हुनाले सो संयुक्त क्रियापदबाट बुझिने संयुक्त अर्थलाई अपूर्ण-संभावनार्थ भन्दछन्.

(१) अपूर्ण-संभावनार्थका रूपको प्रयोग गर्दा सो वर्तमानमा झैं कारक-

---

इत्यादि रूपबाट संस्कृतका 'स करोतु (त्यअले गरोस्), सा कारयतु (त्यो गराओस्)' इत्यादिमा झैं सामान्य-विध्यर्थ; 'गर्दो होओस्, भन्दै होऊन्' इत्यादि रूपबाट संस्कृतका 'अहं कुर्वन्नसानि (म गर्दै होऊं), सा दृश्यमानैवास्तु (त्यो देखिंदै होओस्)' इत्यादिमा झैं अपूर्ण-विध्यर्थ; 'गरेको होओस्' इत्यादि रूपबाट संस्कृतका 'स कृतवानस्तु (त्यो गएको होओस्), ते दृष्टाःसन्तु (तिनीहरू देखिएका होऊन्)' इत्यादिमा झैं पूर्ण-विध्यर्थ; 'गर्ने होओस्' इत्यादि रूपबाट 'स कर्ताऽस्तु (त्यो गर्ने होओस्), 'सा कारयित्र्येवाऽस्तु (त्यो गराउंन्यै होओस्)' इत्यादिमा झैं उद्देश-विध्यर्थ; कहीं 'एवं' शब्द भएमा झैं अवधारण समेत बुझिन्छ.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

रचना, अकरणमा प्राय: क्रियापदको अकरणरूपको प्रयोग, अवधारणमा तै दै यस्तो भई तो दो प्रत्ययान्त धातुसाधित संग 'होउंला' इत्यादि क्रियापद संग जोडिई प्रयोग हुन्छ. यसमा प्राय: तैं दैं भएको प्रयोगै ज्यादा प्रसिद्ध देखिन्छ. जस्तैः—'म, मैले—काम गर्दो होउंला, गर्दै होउंला. हामी-हरू—जांदै होओइनौं. तैंले सुनाउंदै होलास्. तिमी-हरू—भन्दै होओला, तिमी—भन्दै होउला. त्यो—गर्दो होला, गर्दी होली, गर्दै होला, गर्दै होली. तिनी-हरू—भन्दा होओइनन्, तिनी—भन्दी होओइनन्. त्यो देखिदो होला, देखाइंदो होला.' इत्यादि.

(२) अपूर्ण-संभावनार्थको रूपबाट भूत भविष्यत्काल बुझाउंने अरू पदहरू नभएमा प्राय: वर्तमानको अपूर्ण अर्थात् अहिले हुन लागीरहेको क्रियाको संभावना बुझिन्छ, भूत भविष्यत्काल बुझाउंने विशेष पदहरू भएमा भने सो कालमा हुन लागिरहेको क्रियाको संभावना बुझिन्छ. जस्तैः—'त्यो गर्दै होला' इत्यादिमा वर्तमानको अपूर्णत्व, 'हिजो चार बजे काम हुंदै होला' इत्यादिमा भूतको अपूर्णत्व, 'भोली यस बेला सम्म गर्दै होला' इत्यादिमा भविष्यत्को अपूर्णत्व, संभावनारूपले बुझिन्छ.

(पूर्ण-संभावनार्थ)

३७७. वर्तमानहरूमा झैं विकार नभएको 'एको' प्रत्ययान्त धातुसाधित संग अथवा सामान्य-भूतको आख्यात संग संभावनाको 'हुनु' क्रियाको क्रियापद प्रयोग गरेमा सो क्रियाको पूर्ण अवस्था बुझिने हुनाले सो संयुक्तक्रियापदबाट बुझिने संयुक्त अर्थलाई पूर्ण-संभावनार्थ भन्दछन्.

(१) पूर्ण-संभावनार्थका रूपको प्रयोग गर्दा धातुसाधित जोडी प्रयोग गरेमा सो वर्तमानमा झैं कारकरचना, अकरणमा प्राय: क्रियापदका अकरणरूपको प्रयोग अवधारणमा ऐकारान्त भई 'एको' प्रत्ययान्त

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

धातुसाधित संग 'होउंला' इत्यादि क्रियापद जोडी प्रयोग हुन्छ; आख्यात जोडी प्रयोग गरेमा सामान्य नियम बमोजीमै कारकरचना भई प्रकरणमा अघिल्लो वा पछिल्लो क्रियापदको प्रकरणरूपको प्रयोग भई लिङ्ग, पुरुष, वचन मिलाई सामान्य-भूतको आख्यात संग 'होउंला' इत्यादि कियापद जोडी प्रयोग हुन्छ. आख्यात जोडेका रूपको अवधारणमा प्रयोग हुंदैन. जस्तैः— मैले–गरेको,-गरेकी,-गरेकै हुंला; गरें हुंला. हामीहरूले–गरेका,-गरेकै,-होउंला; गऱ्यौं होऔंला. तैंले-गरेको,-गरेकै होलास्, गरेकी होलिस्; गरिस् होलास्, गरिस् होलिस्. तिमीहरूले–गरेका,-गरेकै-होऔला; तिमीले–गरेका होउला, गरेकी होउली; गऱ्यौ होऔला,-होउला,-होउली. त्यसले–गरेको होला, गरेकी होली; गऱ्या होला, गरी होली. तिनीहरूले–गरेका होलान्, गरे हुनन्. तिनीले गरेकी हुनिन् त्यो देखियो होला, देखिएको होला. त्यो–देखाइयो होला, देखाइएको होला. त्यसले--गरेको होओइन, गरेन होला' इत्यादि.

(२) पूर्ण-संभावनार्थका रूपबाट अरू काल बुझाउने पदहरू नभएमा प्रायः भूतकालको पूर्ण अर्थात् अघि भइसकेको क्रियाको संभावना बुझिन्छ; वर्तमान भविष्यत् बुझाउने अरू पद भएमा भने सो कालमा भइसकेको क्रियाको संभावना बुझिन्छ. तर भविष्यत् बुझिनेमा धातुसाधित मात्र जोडिन्छ, आख्यात जोडिंदैन. जस्तैः—'त्यो गएको होला, गयो होला' इत्यादिमा भूतको पूर्णत्व; 'अहिले गएको होला, अव गयो होला' इत्यादिमा वर्तमानको पूर्णत्व; 'आज खालि छ भोलि भरिभराउ भएको होला' इत्यादिमा भविष्यत्को पूर्णत्व, संभवानारूपले बुझिन्छ.

(उद्देश-संभावनार्थ)

१७८. वर्तमानहरूमा झैं विकार नभएको 'ने' प्रत्ययान्त धातुसाधित संग संभावनाको 'हुनु' क्रियाको क्रियाको क्रियापद प्रयोग गरेमा सो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

क्रियाको उद्देश बुझिने हुनाले सो संयुक्त क्रियापदबाट बुझिने संयुक्त अर्थलाई उद्देश-संभावनार्थ भन्दछन्.

(१) उद्देश-संभावनार्थका रूपको प्रयोग गर्दा सो वर्तमानमा झैं कारक-रचना, अकरणमा प्राय: क्रियापदका अकरणरूपको प्रयोग, अवधारणमा 'न्यैं' यस्तो भई 'ने' प्रत्ययान्त धातुसाधित संग 'होउंला' इत्यादि क्रियापद जोडी प्रयोग हुन्छ. जस्तै: —'म, मैंले-काम गर्ने हुंला, गर्न्यैं हुंला. हामीहरूले देखाउने होऔंला. तं-जाने होलास्, जाने होलिस्. तिमीहरू-जाने होऔला, तिमी-जाने होलाउ, जाने होउली. त्यो, त्यसले-भन्ने होला, भन्ने होली. तिनीहरू-सुत्ने होओइनन्. म-देखिने हुंला, देखाइने हुंला.' इत्यादि.

(२) उद्देश-संभावनार्थका रूपबाट प्राय: भविष्यत्काल बुझिने गरी सो क्रियाको संभावना, कहीं सामान्य काललाई लिई क्रियाको संभावना बुझिन्छ. जस्तै:—'त्यो गर्ने होला, म जाने हुंला' इत्यादिबाट मौका अनुसार प्राय: भविष्यत्कालको, कहीं सामान्य कालको क्रियाको संभावना बुझिन्छ.[१]

---

१ वर्तमान भूतहरूमा झैं संभावनार्थका रूपबाट पनी 'गरुंला, गर्ला' इत्यादि रूपबाट संस्कृतमा 'स कुर्यात् (त्यसले गर्ला), सा कारयेत् (त्यसले गराउली)' इत्यादिमा झैं सामान्य-संभवनार्थ; 'गर्दो होला, भन्दै होला' इत्यादि रूपबाट संस्कृतका 'स कुर्वन् स्यात् (त्यो गर्दो होला), ता दर्शयन्त्य एव स्यु: (यिनी-हरू देखाउंदै होलान्).' इत्यादिमा झैं अपूर्ण-संभावनार्थ; 'गरेको होला, गर्‍यो होला' इत्यादि रूपबाट संस्कृतका 'स कृतवान्स्यात् (त्यसले गरेको होला), तद्दृष्टमेव स्यात् (त्यो देखिएकै होला)' इत्यादिमा झैं पूर्ण-संभावनार्थ; 'गर्ने होलान्, जाने होलान' इत्यादि रूपबाट संस्कृतका 'स कर्ता स्यात् (त्यसले गर्ने होला), तत्कार्यमेव स्यात् (त्यो गरिन्यैं होला)' इत्यादिमा झैं उद्देश-संभावनार्थ; कहीं 'एव' शब्दमा झैं अवधारण समेत बुझिन्छ.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

३७९. तसर्थ—माथि लेखेका किसिम संग सामान्य काल तीन सामान्य अर्थ दुइ यी पांच सामान्य अवस्था र, संयुक्तकाल तेह्र, संयुक्त अर्थ छ, यी उनडैस विशेष अवस्था हुने हुनाले जम्मा अवस्था चौबीस प्रकारका हुन्छन्. जस्तै:—

	सामान्य.	अपूर्ण.	पूर्ण.	उद्देश.
वर्तमान	———गर्छ, गर्दछ.	गर्दोछ, गर्दैछ.	गरेकोछ, गरेकैछ.	गर्ने(न्यैं) हो.
भूत— ज्ञात	—गऱ्यो.	{ गर्दोथियो, गर्थ्यो, गर्दथ्यो, गर्दैथियो.	{ गरेको(कै)थियो, गरेको (कै)हो, गरेथ्यो.	{ गर्ने(न्यैं) हो. { गर् (द)थ्यो.
भूत— अज्ञात	-गरेछ[१]	गर्दोहो, गर्दैहो.	गऱ्योहो.	गर्ने(न्यैं)हुंदोहो
भविष्यत्	———गर्नेछ, गर्न्यैंछ.	गर्दोहुनेछ, गर्दैहुनेछ.	गरेको(कै)हुने(न्यैं)छ	{ गर्ने(न्यैं)हुने-(न्यैं)छ
विध्यर्थ	————गरोस्.	{ गर्दोहोओस्, गर्दै-होओस्,	गरेको(कै)होओस्.	गर्ने(न्यैं)होओस्.
संभावनार्थ	———गर्ला.	{ गर्दोहोला, गर्दै-होला.	{ गरेको(कै)होला, गऱ्योहोला,	गर्ने (न्यैं)होला. इत्यादि.

---

१ संस्कृतमा पनी अज्ञात-भूत बुझाउंने 'लिट्' लकार स्वतन्त्र मानेको हुनाले कृदन्त नजोडी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

३७९. सामान्यरूपले माथि लेखेका पूर्ण, अपूर्ण, उद्देश यी भेद वर्तमान भूतमा सबै थरि प्रसिद्ध छन्, भविष्यत्, विधि, संभावनामा सामान्य अवस्थाका झैं संयुक्त अवस्थाका रूप ज्यादा प्रसिद्ध देखिदैनन्. त पनी मौका अनुसार अर्थ मिल्ने भएमा तिनको प्रयोग हुन्छ. अपूर्ण अवस्थाका रूपमा पनी अवधारण समेत बुझाउने गरी 'तै, दै' प्रत्ययान्त जोडेका प्रयोग ज्यादा प्रसिद्ध छन्, 'तो, दो' प्रत्ययान्त जोडेका प्रयोग कहीं कहीं मात्र प्रसिद्ध हुन्छन्. सकर्मक क्रियाको कर्तामा अपूर्ण, उद्देश अवस्थामा सामान्य नियम बमोजीम 'ले' विकल्प हुने छ त पनी 'ले' भएको प्रयोग ज्यादा प्रसिद्ध छैन.

३८०. 'तो, दो' प्रत्ययान्त झैं 'एको, ने' प्रत्ययान्त शब्द पनि कर्तृवाच्यमा कर्ताको, कर्मवाच्यमा कर्मको विधेय विशेषण भएमा मात्र संयुक्त अवस्था बुझिने हुनाले अरू कारकलाई बुझाउने 'एको, ने' प्रत्ययान्त शब्दको प्रयोग गरेमा संयुक्त नभई संयुक्त भएमा भन्दा आख्यातमा लिङ्ग, पुरुष, वचनहरू फरक पर्ने, प्रत्ययहरूमा विकार नहुने पनी हुन्छ. जस्तैः—

संयुक्त भएमा—'त्यो काम हामीले गरेका छौं, गरेका थियौं, गरेथ्यौं, गरेका ह्वौं, गरेह्वौं. त्यो बाटो हामी हिड्ने ह्वौं' इत्यादि; असंयुक्त भएमा-'त्यो काम हामीले गरेको छ, गरेको थियो, गरेको हो, त्यो बाटो हामीले हिड्ने हो' इत्यादि फरक भएको देखिन्छ.

३८१. संयुक्त रूपका अनुसारले ज्ञात र अज्ञात यी भेद भूतकालमा

अज्ञात-सामान्य-भूत बुझिने, वर्तमान आदि अरू अवस्थामा र ज्ञात-भूतमा हुने सामान्य, पूर्ण, अपूर्ण, उद्देश यी चार प्रकार अज्ञात-भूतमा पनी हुने हुनाले अज्ञात-सामान्य-भूतका 'गरेछ' इत्यादि क्रियापदलाई संयुक्त नमानी 'एछ' आदि प्रत्यय कल्पना गरेर मूल अवस्थै मानी सामान्य अवस्था छ किसिमको मान्नु पनी उचित देखिन्छ.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मात्रै देखिन्छन् त पनी अरू किसिमका आख्यातमा, भूतैका ज्ञात अवस्थाका आख्यातमा पनी 'रे' यो अव्यय संग प्रयोग गर्दा अज्ञात अवस्था बुझिन शक्छ; तर सो 'रे' शब्दको प्रयोग गर्दा सर्वत्र अज्ञात अवस्था मात्र बुझिने नियम छैन, मौका अनुसार कहीं अज्ञात अवस्था, कहीं अनादर (हेंला), कहीं उपहास (ठट्टा) इत्यादि विशेष बुझिन्छन्. जस्तैः—'गर्छ रे, गन्यो रे, गर्नेछ रे, गरोस् रे, गर्ला रे, गर्दैछ रे, गन्यो होला रे'. इत्यादि.

३८२. अघिल्लो प्रकरणमा लेखे बमोजीमका क्रियासंयुक्त, क्रियाभिन्नसंयुक्त क्रिया बुझाउने 'तो, दो, एको, ने' प्रत्ययान्त धातुसाधित संग यस प्रकरणमा लेखे बमोजीम 'हुनु' क्रिया जोडेर व्यवहार गर्दा पनी विशेष अवस्था बुझिने हुन्छ. जस्तैः—'म देवतालाई पूजा-गर्दै छु मैले यो कुरा विचार-गरेथें. मलाई जानु-पर्ने हुनेछैन. त्यसले गरिसक्यो होला. तपाईंले भन्दै-भन्नु-भएनथ्यो. म लेख्तै-लेख्तिनथें. तिनी-हरू गइहालेका होइनन्. त्यसले गरिहेन्यो होला. म कहिले जान दिदो हुं. हजुरबाट गरिबक्सने होला.' इत्यादि.

३८३. वर्तमान भनेको सो क्रिया आरम्भ भए देखि समाप्ति नहुनुजेलको काल, भूत भनेको समाप्ति भइसकेको काल, भविष्यत् भनेको आरम्भ भन्दा पहिलेको काल हुनाले हुन लागेको, वा भइसकेको वा पछि हुने जुन किसिमको क्रिया छ सोही कालको रूप प्रयोग गर्नु पर्ने छ त पनी कहीं कहीं विशेष अर्थ बुझाउने तात्पर्यले सो कालको सामीप्य अर्थात् उ काल निरको अर्को काल बुझाउंदा पनी सो कालको रूपको प्रयोग हुन्छ; तर, भूतको रूप सबै कालमा प्रयोग हुन्छ; वर्तमानको रूप भविष्यत्मा प्रयोग हुन्छ, भूतमा हुंदा त अपूर्ण-वर्तमानको रूप प्रयोग हुन्छ; भविष्यत्को रूप भविष्यत्मा मात्र प्रयोग हुन्छ, भूत वर्तमानमा प्रायः प्रयोग हुंदैन. जस्तै[१]:—

---

१ भाषामा एक कालको प्रयोग हुनेमा अरू कालको रूपको प्रयोग

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(क) क्रिया पछि हुने भएमा पनी कहीं चाडै नै हुने तात्पर्यले 'यी म जान्छु, अब त्यो खान्छ' इत्यादि, कहीं गर्न लागेको कुरामा फैं निश्चय हुने तात्पर्यले 'भोलि म जान्छु, आवूँ अनाज सस्तो हुन्छ' इत्यादि; क्रिया भइसकेको भए पनी भरखर भएको तात्पर्यले 'म आउंदैछु, म भन्दैछु तँ टेर्दैनस्' इत्यादि अरू कालमा पनी वर्तमानका रूपको प्रयोग हुन्छ.

(ख) क्रिया हुन लागि रहेमा पनी-त्यो क्रियाको सिद्धि हुने बखत बुझाउंने तात्पर्यले 'इ बया: मैले खाएं देख्तैनौ. त्यो काम त्यसले गऱ्यो हेर' इत्यादि; क्रिया पछि हुने भएमा पनी कहीं सो क्रियाको अवश्य सिद्धि हुने तात्पर्यले 'यति भने पछि भोलि म अवश्य हिडें भनि जान.' इत्यादि कहीं सङ्केत अर्थ पारी कार्यकारण दुवै क्रियामा एक पक्ष हुने निश्चय बुझाउंने तात्पर्यले 'चिठि आयो भने भोलि म हिडें नत्र हिडिनं.' इत्यादि, कहीं सो क्रिया हुने मौका सकिएको तात्पर्यले 'अब तं गइस् वा, गइसकिस्' इत्यादि अरू कालमा पनी भूतका रूपको प्रयोग हुन्छ.[१]

हुने भैं संस्कृतमा पनी 'वर्तमानसामीप्ये वर्तमानवद्वा' इत्यादि सूत्रले वर्तमान निरको भूत भविष्यत् कालमा वर्तमानको रूपको प्रयोग आदि भई 'कदा आगतः?—एष आगच्छामि (यी म आउंछु), कदा गमिष्यसि ?-एष गच्छामि (यी जान्छु)' इत्यादि प्रयोग हुन्छ.

१ संस्कृतमा पनी 'धातुसम्बन्धे प्रत्ययाः' भन्ने सूत्रले मुख्य क्रियाके काललाई लिएर अङ्ग क्रियामा अर्कै कालको प्रत्यय पनी हुने भई 'वसन्ददर्श (वस्ताछँदा देखे),सोमयाजी पुत्रो जनिवता (सोमयाग गर्ने छोरो जन्मनेछ), द्रक्ष्यन्नासीत् (देख्ने थियो)' इत्यादिमा भूत-क्रिया भए पनी 'वसन्' यहां वर्तमानको, 'द्रक्ष्यन्' यहां भविष्यत्को, भविष्यत् क्रिया भए पनी 'सोमयाजी' यहां भूतको प्रत्यय जोडिई प्रयोग हुन्छ. यस्तै गरी भाषामा पनी व्यवहार अनुसार एक कालमा अर्को कालका रूपको पनी प्रयोग हुन्छ.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

३८४. विधि संभावना अर्थं पद्धिको क्रियामा नै ठीक हुने हुनाले सामान्यरूपले विध्यर्थं संभावनार्थंका रूपको भविष्यत्कालको क्रियामा नै प्रयोग हुन्छ; भइरहेको क्रियामा विधि संभावना बुझाउनु पर्दा त अपूर्ण विध्यर्थ संभावनार्थका रूपको, भइसकेको क्रियामा विधि संभावना बुझाउनु पर्दा पूर्णविध्यर्थ संभावनार्थका रूपको प्रयोग हुन्छ.

जस्तै:—'त्यो जाओस्, त्यो जाला' इत्यादिबाट प्राय: भविष्यत्-कालैको क्रिया बुझिन्छ; 'गर्दै होओस्, गर्दै होला' इत्यादि अपूर्ण सो अर्थका रूपबाट हुन लागिरहेको क्रियामा, 'गरेको होओस्, गऱ्यो होला' इत्यादि पूर्ण सो अर्थका रूपबाट भइ सकेको क्रियामा विधि संभावना बुझिन्छ.

३८५. अर्काको वा आफनो उक्ति (बोली) को अनुकरण गरी आख्यातको प्रयोग गरेमा सो अनुकरण क्रियामा अनुकरण गर्नेका हिसाबले भूत भविष्यत् वर्तमान जेसुकै भए पनी त्यो आख्यात शब्द प्रयोग गर्ने मौकाको अनुसारले त्यस माफिकका रूपको नै प्रयोग हुन्छ. जस्तै:—

'त्यो 'म जान्छु' भन्थ्यो, हिजो म 'जान्छु' भन्थें. भोलि तिमी 'मैले गरें' भनौला. आघूं 'जान्छु' भन्न पाउनेछैनौ.' इत्यादिमा अहिलेको वाक्य प्रयोगका हिसाबको काल फर्के भए पनी त्यो शब्द प्रयोग गर्ने बखतका अनुसारले रूपको प्रयोग हुन्छ. यस्तै:—अर्काको वा आफनो मतलब

(क) अर्काको वा आफनो उक्ति अथवा आशय मात्रको अनुकरण पारी प्रयोग गरेमा सो अनुकरण क्रियापदमा लिङ्ग, पुरुष, वचनहरू पनी सो अनुकरण शब्द जसको हो उसैका अनुसारले हुन्छन्, वाक्य प्रयोग गर्नेका हिसाबले हुंदैनन्. जस्तै:—'म गोविन्दलाई 'आओइन' भन्दथें तं 'जान्छु' भन्थिस्. म तिमीहरूलाई 'गयो' भन्थें. सेती 'आएछ' भनिठान्थी. उ 'म जाउंला' भन्थ्यो, इत्यादिमा वक्ताको हिसाबले फरक भए पनी सो अनुकरण आख्यात जुन मूल व्यक्तिको हो उसैको अनुसारले लिङ्ग, पुरुष, वचन आदि भई प्रयोग हुन्छन्.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अनुकरण गरी भने पनी यही बमोजीम 'म जानेछु, भनिठानेथें' 'त्यो गयो, भनिठान्छु' इत्यादि प्रयोग हुन्छ.

(२) अर्थविशेष.

३८६. वाक्यरचनाका अनुसारले क्रियापदबाट बुझिने मुख्य अर्थ पांच छन्. (१) स्वार्थ, (२) विध्यर्थ, (३) संभावनार्थ, (४) प्रश्नार्थ, (५) संकेतार्थ.

३८७. क्रियापदबाट विधि संभावना आदि विशेष अर्थ केही नबुझिई अहिले हुनसागेको वा अघि भएको वा पछि हुने करण प्रकरण क्रियाको स्वरूप मात्र जो अर्थ बुझिन्छ त्यसलाई स्वार्थ भन्दछन्. सो स्वार्थ वर्तमान भूत भविष्य: कारूपबाट बुझिन्छ. जस्तै:—

'म गर्दछु; हामी जान्छौं; त्यसले भन्यो; तिनले भनेछन्, त्यो पढ्नेछ; तिनीहरू गर्नें छैनन्; त्यो छ; म थिएं;' इत्यादिमा क्रियापदबाट विधि आदि विशेष अर्थ केही नबुझिई त्यस कालको क्रियाको स्वरूप मात्र बुझिने हुनाले यस्ता क्रियापद स्वार्थ-बोधक[१] हुन्.

३८८. अघि लेखे बमोजीम क्रियापदबाट आज्ञा, उपदेश, आशीर्वाद अनुमति, प्रार्थना आदि विशेष अर्थ जो बुझिन्छ त्यसलाई विध्यर्थ भन्दछन्.
(१) बडाले आफू भन्दा कम दपर गरेको केही करण प्रकरण क्रियाको अह्रावटलाई आज्ञा; केही कामको शिक्षालाई उपदेश; केही भलो कुराको इच्छालाई आशीर्वाद भन्दछन्. यी अर्थ प्राय: अघि गएका विध्यर्थका द्वितीय तृतीय पुरुषका रूपबाट मोकाको अनुसारले कहीं

---

१. संस्कृतमा पनी भाषामा झैं 'लट्, लिट्, लङ्, लुङ्, लुट्, लृट्' लकार भएका 'स करोति (त्यो गर्छ), स चकार (त्यसले गऱ्यो रे), सोऽकरोत् (त्यसले गऱ्यो), सोऽकार्षीत (त्यसले गऱ्यो), स कर्ता (त्यो गर्नेछ), स करिष्यति (त्यो गर्नेछ)' इत्यादिमा सो सो कालको क्रियाको स्वरूप मात्र बुझिई स्वार्थ बुझिन्छ.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

केही कहीं केही बुझिन्छन्. जस्तैः—'ए बाबु! यो काम तँ नगर्; तिमीहरू त्यहां नजाओ; रामु भनोस्;' इत्यादिमा आज्ञा; 'तिमी सत्य बोल; कहिल्यै अलछी नमान; रामु त्यो खराप काम नगरोस्;' इत्यादिमा उपदेश; 'तिम्रो मनसुवा ईश्वरले पूरा गरून्; तँ दुःखी नहो; तिमीलाई छोरो होओस्;' इत्यादिमा आशीर्वाद अर्थ क्रियापदबाट बुझिने हुनाले यस्ता क्रियापद विध्यर्थ[१]-बोधक हुन्.

(२) आफू समान वा न्यून अधिक बाट हुन लागेको केही क्रियाको स्वीकारलाई अनुमति भन्दछन्. सो अर्थ पनी प्रायः आज्ञा आदि झैं विध्यर्थका द्वितीय-तृतीय-पुरुषका रूपबाट बुझिन्छ. जस्तैः—'लौ त्यहां राख; जान देऊ; जाने भए जानुहोओस्; नगरे नगरुन्'; इत्यादिमा क्रियापदबाट अनुमति अर्थ बुझिने हुनाले यस्ता क्रियापद पनी विध्यर्थ-बोधक हुन्.

(३) कमले आफू भन्दा बडा संग गरेको केही यरण अकरण क्रियाको मांग (अरज) लाई प्रार्थना भन्दछन्. सो अर्थ प्रायः विध्यर्थका प्रथम तृतीय-पुरुषका रूपबाट विशेष गरी संमानार्थी-विध्यर्थका

---

१ भाषामा आशीर्वाद र अरू किसिमको बिधि मौका अनुसार मात्र छुट्टिने भई रूप एकै किसिमको हुन्छ त पनी संस्कृतमा लिङ् लकार भएमा आशीर्वादमा आशीर्लिङ् भई 'स कुर्यात् (त्यो गरोस्), ते कुर्यासुः (ती गरून्)' इत्यादि, अरू किसिमको विधिमा 'स कुर्यात् (त्यो गरोस्), ते कुर्युः (ती गरून्)' इत्यादि प्रायः बेगलै किसिमका रूप; लोट् लकार भएमा आशीर्वादमा 'स कुरुतात् (त्यो गरोस्)' यस्तो एक थरि बेगलै रूप र अरू 'स करोतु (त्यो गरोस्)' इत्यादि सबै रूप आशीर्वादमा र अरू विधिमा पनी एकैनासका हुन्छन्; यी सबै आशीर्वाद वा अरू किसिमका विधि बुझाउने 'लोट् लिङ्' बाट भाषामा झैं विध्यर्थ बुझिन्छ. वेदमा त 'लेट्' लकार पनी विध्यर्थ-बोधक बेगलै मानिएको छ.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

रूपबाट बुझिन्छ. जस्तैः—'सर्कार' म जागीर पाऊं; हे ईश्वर मलाई दुःख नपरोस्; बाबा! भान्सा गर्न आउंनुहोओस्; प्रभु! मेरो रचा गरि बक्सनुहोओस्'; इत्यादिमा क्रियापदबाट प्रार्थना अर्थ बुझिने हुनाले यस्ता क्रियापद पनी विध्यर्थ-बोधक हुन्.

३८९. अघि लेखे बमोजीम क्रियापदबाट योग्यता, अनुमान, संभव, शक्ति आदि विशेष अर्थ जो बुझिन्छ त्यसलाई संभावनार्थ भन्दछन्.

(१) केही करण अकरण क्रियाको उचित पना (लायकी) लाई योग्यता, केही कुराको अटकलनलाई अनुमान, केही कुराको उत्कट तर्कनालाई संभव, केही कुराको सामर्थ्यलाई शक्ति भन्दछन्. यी अर्थ प्रायः संभावनार्थका रूपबाट मौकाको अनुसारले कहीं केही कहीं केही बुझिन्छन्. जस्तैः—'त्यो काम पण्डितले गर्नुपर्ला; तिमीले त्यसो भन्न होओइन; छोराले मैले भनेको मान्ला;' इत्यादिमा योग्यता; 'त्यो पुस्तकको दाम धेरै पर्ला; त्यस बेला म यहां आओइनं; रामुलाई बाहिर भेट्लास्'; इत्यादिमा अनुमान; 'ए उल्लु! तं दुःख पाउलास्; रामु अहिले घर होला; कलम खटिया मनि खस्ला'; इत्यादिमा संभव; 'यो काम त्यसले त गर्ला; आकासमा चरो उड्ला; यति त तं खालास्'; इत्यादिमा शक्ति अर्थ क्रियापदबाट बुझिने हुनाले यस्ता क्रियापद संभावनार्थ[१]-बोधक हुन्.

---

१ संस्कृतमा पनी 'संभावना, शक्ति, योग्यता' आदि अर्थमा 'संभावनायां लिङ्, शकिलिङ् च, अर्हे कृत्यतृचश्च' इत्यादि लिङ्लकार विधान गरेको हुनाले त्यस्तो लिङ् भएका 'त्वं गच्छेः (तं जालास्), त्वं भारं वहेः (तं भारि बोकलास्-बोक्न शक्लास्), स गच्छेत् (त्यो जाला)' इत्यादिमा भाषामा झैं मौका अनुसार विशेष विशेष किसिमको संभावनार्थ बुझिन्छ.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

३६०. क्रियापदबाट केही करण अकरण क्रियाको सोधनी अर्थ जो बुझिन्छ त्यसलाई प्रश्नार्थ भन्दछन्. सो अर्थ प्रायः विध्यर्थ द्वितीय पुरुष बाहेक सबै अवस्थाका द्वितीय तृतीय पुरुषका रूपबाट, विशेष गरी सबै काल संभावनार्थका द्वितीय-पुरुषका विध्यर्थको प्रथम-पुरुषका रूपबाट बुझिन्छ; कहीं कहीं त अरूको प्रथमपुरुषको रूपबाट पनी बुझिन्छ. तर प्रश्न अर्थ बुझाउंदा प्रायः त्यस वाक्यमा प्रश्नार्थक सर्वनामका रूपको प्रयोग, अथवा उच्चारणमा सो क्रियापदको अन्तिम (पछिल्लो) स्वरको काकु अर्थात् केही झट्कारेर उच्चारण, लेखमा सो प्रश्न अर्थ स्पष्ट गरी बुझाउंन (?) यस्तो चिह्न पनी हुन्छ[१]. जस्तैः–

'तं जान्छस् ?; तिमी जान्छौ कि ?; तैंले खाइस् ?; तिमी-हरूले खाएनौ ?; के तिमी लेख्नेछौ ?; तं जालास् कि ?; म जाऊं ?; हामीहरू पढौं कि ?; रामु छान्छ ?; त्यो गयो कि ?; म गइन होकि ? त्यो पढ्ने छैन ?; त्यसले गरोस् ?; कसले गर्ला ?; मैंले गरोइनं ?; हामी-हरू नजाऔंला ?'; इत्यादिमा क्रियापदबाट सो क्रियाको सोधनी अर्थ बुझिने हुनाले यस्ता क्रियापद प्रश्नार्थ[२]-बोधक हुन् 'तं जा; तिमीहरू जाओ;

---

१. संस्कृतमा प्रश्न अर्थमा विशेष गरी 'लिङ् लोट' लकार विधान गरेको छ त पनी 'अहं गच्छामि ? (म जाऊं), स गृहे स्यात् ? (त्यो घर होला)' इत्यादि लोट् लिङ् लकार भएमा झैं, अरू काल अर्थका रूपमा पनी कि शब्दबाट बनेका रूप जोडेका अथवा काकु स्वर गरेर उच्चारण गरेका 'स गच्छति किम् ?, (त्यो जान्छ कि ?), सगच्छति ? (त्यो जान्छ ?)' इत्यादिमा पनी भाषामा झैं प्रश्नार्थ बुझिन्छ. त्वं गच्छ (तं जा)' इत्यादि विध्यर्थ लोट्का द्वितीय-पुरुषका रूप आदिको भाषामा झैं संस्कृतमा पनी विध्यर्थमा प्रयोग हुंदैन.

२. कोही कोही-प्रश्न अर्थलाई पनी स्वार्थ भित्रै मानेर प्रश्नार्थकलाई स्वार्थबोधकै भनी बेगलै गणना गर्दैनन्. तै पनी, विशेष केही नबुझिई

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

इत्यादि विध्यर्थ-द्वितीयपुरुषका रूपबाट 'म जान्छु; हामी गर्छौं;' इत्यादि प्रथमपुरुषका रूपबाट त प्रश्न अर्थ बुझिने देखिदैन; कहीं फर्केर भनेमा 'म जान्छु ?' इत्यादि प्रथमपुरुषका रूपबाट पनी प्रश्न अर्थ बुझिन्छ.

३९१. अनेक क्रिया भईकन तिनमा कोही क्रिया कार्य कोही क्रिया कारण हुनाले एक करण प्रकरण क्रियाको अर्को करण प्रकरण क्रियामा अधीनतारूप विशेष अर्थ जो बुझिन्छ, सो कार्य-कारणभाव अर्थलाई सङ्केतार्थ भन्दछन्. यो अर्थलाई दुइ क्रिया चाहिने हुनाले ती दुइ क्रियापद परेका दुइ वाक्य जोडिएर एक जस्तो हुनु पर्दछ. ती दुइ क्रियाको कहीं सिद्धिको संभव कहीं असिद्धि पनी बुझिन्छ.

जस्तै:—'पानी परेको भएदेखि सहकाल हुन्थ्यो.' यहां पानी पर्नु कारण, सहकाल हुनु कार्य भएर पर्नाको हुनामा अधीनता बुझिई यी दुवै क्रियाको असिद्धि; (अर्थात् पानी पनी परेन, सहकाल पनी भएन भन्ने); 'नरुने भए जाओस्' यहां नरुनु कारण, जानु कार्य भएर नरुनाको जानामा अधीनता बुझिई यी दुवै क्रियाको सिद्धिको संभव (अर्थात् नरोएमा जानाको संभव), क्रियापदबाट बुझिने हुनाले यस्ता क्रियापद सङ्केतार्थ-बोधक हुन्. यस्तै—'म गए तो आउँदैनन्. पढ्दछ भने नकुट. त्यो आयो भने म गएं. त्यसले त्यसो भनेको भए म बिग्रें. पढिनं भने मलाई कुट्नू.' इत्यादिमा पनी पहिलो क्रियाको अधीनता दोस्रो क्रियामा बुझिने हुनाले यी क्रियापद पनी सङ्केतार्थ-बोधक हुन्.

३९२. सङ्केतार्थ बुझाउंदा ती दुइ क्रियामा जुन चाहींमा जुनचाहीं

क्रियाको स्वरूप मात्र बुझिनेलाई 'स्वार्थ' भन्नु पर्ने प्रश्नार्थकमा त प्रश्न रूप विशेष अर्थ बुझिने हुनाले र स्वार्थबोधक तीन कालका रूप मात्र हुने प्रश्नार्थकमा त माथि लेखे बमोजीम प्रायः सबै अवस्थाका रूप हुने हुनाले पनी बेगलै मान्नु उचित देखिनाले बेगलै मानिएको छ.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अवस्था बुझाउंने आशय छ प्रायः उही बमोजीम क्रियापदको कहीं धातुसाधितको पनी प्रयोग भई ती दुइ क्रियाका बीचमा प्रायः परस्पर अपेक्षा बुझाउंने 'भने, हुंदि, देखि, त, अनि' इत्यादि अव्ययको कहीं एकेक कहीं जोडेर पनी प्रयोग हुन्छ. तिनमा विशेष नियम यस्ता छन्.:—

(१) अघिल्लो (कारण) क्रिया बुझाउंने पद क्रियापद भएमा ती दुइ वाक्यका बीचमा सो अघिल्लो क्रियापद वर्तमान, भूत, भविष्यत्को भए 'भने, भने देखि, भने हुंदि, त, भने त, भने पो' इत्यादि अव्ययको; विधि, संभावना अर्थको भए 'अनि, त, अनि त, अनिखेरि, अनि पछि, अनि पो' इत्यादि अव्ययको प्रयोग हुन्छ. पछिल्लो क्रियापद पनी अर्थको अनुसारले सबै अवस्थाको रूप हुन शक्छ. तर, अघिल्लो वा पछिल्लो क्रियापद भूतकालको रूप भए पनी अहमा झैं पछि हुने क्रिया नै बुझिन्छ, भइसकेको क्रिया बुझिंदैन. यसैले क्रिया साध्य (सिद्ध गर्नु पर्ने) भई बुझिनाले सिद्धिको संभव मात्र बुझिन्छ; सिद्धि वा असिद्धि स्पष्ट गरी बुझिंदैन. जस्तै:— 'त्यो डाक्छ भने (भने देखि, भने हुंदि, त, भने त, भने पो) म जान्छु, गएं, जानेछु, जाऊं, जाउंला. तिमी बोलिनौ भने (भने देखि, भने हुंदि, त, भने त, भने पो) तीं जांदैनन्, गएनन्, जानेछैनन्, नजाऊन्, जाओइनन्. तिनीहरू जानेछन् भने (भने देखि, भने हुंदि, त, भने त, भनेपो) हामी आउंछौं, आयौं, आउनेछौं, आऔं, आऔंला. त्यो आओस् अनि (त, अनि त, अनि देखि, अनि पछि, अनि पो) तं गर्छस्, तैंले गरिस्, गर्नेछस्, गर, गर्लिस्. हामी जाऔंला अनि (त, अनि त, अनिखेरि, अनि पछि, अनि पो) तिमी हिंड्छौ, हिंड्यौ, हिंड्नेछौ, हिंड, हिंडौला.'

(२) अघिल्लो (कारण) क्रिया बुझाउंने पद धातुसाधित भएमा बीचमा सो पद 'तो, दो, एको' प्रत्ययान्त भए प्रतिज्ञार्थक हुनु क्रियाको रूप संग 'त' अव्यय, अथवा 'भए, भए त, भए देखि, भए हुंदि,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भए पो' इत्यादि अव्ययको प्रयोग; एको प्रत्ययान्त भए 'तो, दो' प्रत्ययान्त हुनु क्रियाका साथमा रहेको प्रतिज्ञार्थक हुनु क्रियाको रूप संग 'त' अव्यय, अथवा 'भए, भए त, भए देखि, भए हुंदि, भए पो' इत्यादि अव्ययको प्रयोग; 'ए' प्रत्ययान्त भए खाली अथवा 'भने, देखि, हुंदि, त, पो, भने, देखि, भने हुंदि, भने त, भने पो' इत्यादि अव्ययको प्रयोग हुन्छ; 'ने' प्रत्ययान्त भए 'भए, भए देखि, भए हुंदि, भए त, भए पो' इत्यादि अव्ययको प्रयोग हुन्छ. पछिल्लो क्रियापद अर्थको अनुसारले प्राय: सबै किसिमको हुन सक्छ. तर, अघिल्लो शब्द काल-बोधक (तो, दो, एको) प्रत्ययान्त धातु-साधित भएमा जुनसुकै कालको भए पनी प्राय: भूतकालै र सो क्रियाको असिद्धि समेत बुझिन्छ; काल नबुझाउंने 'ने, ए' प्रत्ययान्त भएमा विशेष काल केही बुझिदैन. अघिल्लो क्रिया बुझाउंने पद धातुसाधित भए पनी पछिल्लो क्रिया बुझाउंने पद प्राय: क्रियापदै हुन्छ, धातुसाधित हुंदैन. जस्तै:—

'त्यो बस्तो होत (भए, भए त, भए देखि, भए हुंदि, भए पो) त्यसले गर्नें थियो त्यसले भन्दो हो त म जान्थें.

तिमी आंदा ह्वौ त (भए, भएत, भए देखि, भए हुंदि, भए पो) त्यो आउंथ्यो, आउला. तिमी भन्दा ह्वौ त म आउंथें.

त्यसले गरेको हुंदो हो त (भए, भएत, भए देखि, भए हुंदि, भएपो) त्यो आउंथ्यो. मैले गरेको भए काम बिग्रदैनथ्यो. त्यो गएको भए यस्तो हुंदै हुंदैनथ्यो.

तिनले गरे (भने, देखि, हुंदि, त, पो, भने देखि, भने हुंदि, भनेत, भनेपो) त्यो गर्दैन, गर्दैइन, नगरोस्. मैले डाके तं आएस् नत्र बसिरहेस्.

ती गर्ने भए (भए देखि, भए हुंदि, भएत, भएपो) त्यो गर्छ, गर्ला,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

गरोस्. तौ जाने भए म आउंदै आउंदिनथें.' इत्यादि.

(३) सङ्केतार्थ बुझाउंदा वाक्यरचनाका हिसावले अघिल्लो पछिल्लो क्रिया बुझाउंने पद क्रियापद वा धातुसाधित सबै किसिमको हुन शक्छ, संयुक्त क्रियापद संयुक्त कालको क्रियापद धातुसाधित पनी हुन शक्छ. 'म मन्छु अनि तं जालास्' इत्यादि पनी प्रयोग हुने हुनाले वर्तमानमा पनी 'अनि' को प्रयोग हुन्छ. 'म जान्छु भने तं जालास्' इत्यादि नहुने हुनाले प्रथम-पुरुष कर्ता भएमा भने शब्दको प्रायः प्रयोग हुंदैन. अघिल्लो क्रियापद 'तो, दो' प्रत्ययान्त भएमा पछिल्लो क्रियापद पनी प्रायः सामान्य-क्रियाबोधक संयुक्त 'तो, दो' प्रत्ययान्तैको प्रयोग हुन्छ.

(४) अघिल्लो कारण क्रिया बुझाउंने भूत-कालको क्रियापद राखी पछिल्लो कार्य क्रिया बुझाउने आफनो अवस्था अनुसारको क्रियापद राखेमा बीचमा 'कि' यो अव्ययको प्रयोग गरेमा पनी सङ्केतार्थ बुझिन्छ; अघिल्लो क्रिया हुनासाथ तुरन्त कार्य क्रिया हुनु रूप शीघ्रता अर्थ विशेष पनी बुझिन्छ. यसमा भूतको कारण क्रिया भए पनी प्रायः भविष्यत्कालै बुझिन्छ. कहीं कहीं यस्तामा पनी भूतकाल बुझिन्छ; कहीं भूतकाल वा अरू कालको दुइ क्रिया संग 'पनी' यो यो अव्यय दोहऱ्याई प्रयोग गरेमा पनी शीघ्रता बुझिन्छ. जस्तैः—

भवि—'तैंले यो च्यातिस् कि मैले कुटें (तैंले च्यात्ने बित्तिकै म कुट्नेछु). चिठि आयो कि म हिंडिहालें. फेरी करायौ कि निकालिनेछौ. मति लेखिसकें कि म आउंला, हामीले त्यसलाई देख्यौं कि समात्नेछौं.' भूत—'हिजो म हिंडें कि त्यो आएछ. म पनी हिंडें त्यो पनी आयो.' इत्यादि.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यस्तै[१] गरी व्यवहार मिलाई चलन अनुसार सङ्केतार्थमा विशेष प्रयोग हुने विशेष अर्थ बुझिने कुरा जान्नू.

तेरिज—

(क) सामान्य स्वरूपले बुझिने वर्तमान, भूत, भविष्यत् यी तीन-काल विधि संभावना यी दुइ अर्थलाई सामान्य-अवस्था;' हुनु क्रिया संयुक्त भई अपूर्ण, पूर्ण, उद्देश यी विशेष स्वरूपले बुझिने ती काल अर्थलाई 'संयुक्त-काल र 'संयुक्त-अर्थ' 'रूप विशेष-अवस्था' भन्दछन्.

---

१ भाषामा झैं संस्कृतमा पनी 'लिङ्निमित्ते लृङ् क्रियातिपत्तौ. भूते च' भन्ने सूत्रले सङ्केतार्थमा भविष्यत् भूतमा 'लृङ्' लकार भएमा 'सुवृष्टिश्चेदभविष्यत्सुभिक्षमभविष्यत् (सुवृष्टि भए सहकाल हुंदोहो, तर सुवृष्टि नहुनाले सहकाल हुनेछैन), दक्षिणेन चेदयास्यन्न शकटं पर्याभविष्यत् (दक्षिण तिर गए गाढा उल्टिन्नथ्यो, तर त्यता तिर नजाने हुनाले उल्टिन्यैछ), एधश्चेदलप्स्यत ओदनमपक्ष्यत् (दाउरा पाउंदो हो त भात पकाउंदो हो, तर नपाउंनाले पकाएन), यदि तस्य साहाय्यमग्रहीष्यत न कार्यं व्यहनिष्यत (त्यसको मदत लिंदो हो त काम बिग्रदैनथ्यो, तर नलिनाले बिग्र्यो)' इत्यादिमा भविष्यत् भूत क्रियाको असिद्धि समेत; 'हेतुहेतुमतोर्लिङ्. लोडर्थलक्षणे च. आशंसायां भूतवच्च. आशंसावचने लिङ्.' इत्यादि सूत्रले सामान्य सङ्केतार्थ र भविष्यत्काल आशंसा (उमेद) आदि विशेष अर्थ योग समेतमा 'लिङ्, लट्, लुट्, लृट्, लुङ्' इत्यादि लकार भएमा 'कृष्णं नमेच्चेत्सुखं यायात (कृष्णलाई नमस्कार गरे सुख पाउला), कृष्णश्चेद्भुङ्क्ते-भोक्ता-भोक्ष्यते त्वं गाश्चारय (कृष्ण खाते भए तं गाई चरा), देवश्चेदवर्षीत्–वर्षति–वर्षिष्यति धान्यमवाप्स्म–वपामः–वप्स्यामः (पानी बर्ष्यो भने देखि धान रोपौंला)' इत्यादिमा क्रियाको असिद्धि स्पष्ट नबुझिई सिद्धिको सम्भव बुझिन्छ.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(ख) ज्ञात अज्ञात यी दुइ किसिमका भूत र, वर्तमान, भविष्यत्, विधि, संभावना यी अवस्थाहरू सामान्य, अपूर्ण, पूर्ण, उद्देश यिनका भेदले चार चार प्रकारका भई जम्मा चौबीस तरहका अवस्था-विशेष हुन्छन्.

(ग) सामान्य काल अर्थ मात्र बुझिएमा 'सामान्य-;' क्रिया पूर्ण नभएको बुझिएमा 'अपूर्ण-;' क्रिया पूर्ण भएको बुझिएमा 'पूर्ण-;' क्रियाको सूचना बुझिएमा 'उद्देश-;' काल अर्थ भन्दछन्.

(घ) वाक्यरचनाका अनुसारले क्रियापदबाट बुझिने स्वार्थ, विध्यर्थ, संभावनार्थ, प्रश्नार्थ, संकेतार्थ यी पांचलाई 'क्रियापदका अर्थ' भन्दछन्.

(ङ) विशेष अर्थ नबुझिई क्रियाको स्वरूप मात्र बुझिनेलाई 'स्वार्थ;' क्रियाको आज्ञा, उपदेश, आशीर्वाद, अनुमति, प्रार्थना आदि अर्थ बुझिनेलाई 'विध्यर्थ;' क्रियाको योग्यता अनुमान, संभव, शक्ति आदि अर्थ बुझिनेलाई 'संभावनार्थ;' क्रियाको सोधनी अर्थ बुझिनेलाई 'प्रश्नार्थ;' एक क्रियाको अर्को क्रियामा अधीनता अर्थ बुझिनेलाई 'संङ्केतार्थ' भन्दछन.

अभ्यास—

(१) संयुक्त काल संयुक्त अर्थ भनेको क्याहो ? संयुक्त काल संयुक्त अर्थ कति प्रकारका छन् ? सामान्य, अपूर्ण, पूर्ण, ज्ञात, अज्ञात, उद्देश कस्ता कस्तामा हुन्छ, सो भनेको क्याहो ? उद्देश वर्तमान र भविष्यत्को भेद के हो ? वाक्यरचनाबाट बुझिने मुख्य अर्थ कुन हुन, ती कस्ता हुन् ? सङ्केतार्थ बुझाउंदा के के कुरा विशेष छ ?

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(२) तलका वाक्यमा कुन क्रियापदमा कस्तो काल अर्थ बुझिएको छ सो बताऊ:—

म भन्दै गर्थें ती बिर्संदं थिए. म जान्ने हुं भन्ने अभिमान नगर. हामी लेखाउंदै थियौं. त्यो उठेर गइथी. त्यो हिंड्दो छ तै पनी भएनछ. मैले त्यो कुरो भन्न बिर्सेछु. तिमीहरू सुन्नेछौनौ. तिमी जान्दिनथ्यौ. त्यो के गर्दो थियो. तिनीहरू लेखाइएथे म जान्नथें. यस्ता मानिस कहां पाउंदथ्यौं. यो जान्ने हुनेछ. म गएको भए कहिले त्यस्तो हुन दिन्थें. तं पास भइस् कि इनाम पाउलास्. असल माल देखिस् भने म किनिहालेस्. असार पनी लाग्यो पानी पनी पर्न थाल्यो. तिमी शय वर्ष सम्म बांची रहे.

तेस्रो प्रकाश.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

चौथो प्रकाश.

२३—अव्यय-विचार.

---

३६३. लिङ्ग, विभक्ति, वचन, कारक, अवस्था, पुरुष आदि फरक हुनाले हुने रूपको फरकलाई 'व्यय' भन्दछन्. 'हिजो, आज, तर, ओहो' इत्यादि शब्दबाट सो लिङ्ग विभक्ति आदि केही नबुझिने, रूप पनी नबदलिई सधैं एक्र नास हुने, हुनाले यस्ता शब्दलाई 'अव्यय' भन्दछन्.

३६४. ती अव्यय शब्द रचनाका हिसाबले धेरै किसिमका हुन्छन्.:—

(१) कोही अव्यय शब्द नाम विशेषण सर्वनामहरूबाट प्रत्यय भई बनेका हुन्छन्. जस्तैः—राम्रो-राम्ररी; बेस-बेसरी, यो-यसरी, यहां, यता; त्यो-त्यसरी, त्यहां, त्यता; उ-उसरी, उता, उहां, उहिले.' इत्यादि.

(२) कोही अव्यय शब्द धातुसाधित भई बनेका हुन्छन्. जस्तैः—'गर्-गरी, गरेर, गर्न, गरे; खा[१]-खाई, खाएर, खान, खाए.' इत्यादि.

(३) कोही अव्यय शब्द अनुकरण स्वरूप भई बनेका हुन्छन्. जस्तैः— 'सरासर, फटाफट, धमाधम, ढ्याक्क, पुलुक्क, थ्याच्च, ङिच्च, खरुक्क.' इत्यादि.

---

१ संस्कृतमा धातुबाट 'त्वा, तुमुन्' प्रत्यय भई बनेका 'भुक्त्वा, गत्वा, निधाय, भोक्तुं, गन्तुं, कर्तुम्' इत्यादि शब्द लिङ्ग विभक्ति आदिको फरकले रूप फरक नहुने हुनाले अव्यय मानिए झैं भाषाका 'खाई, गएर, खान, जान' इत्यादि पनी धातुसाधित अव्यय हुन्.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(४) कोही अव्यय शब्द अर्को शब्दबाट नबनेका मूल शब्दै हुन्छन. जस्तैः — 'संग तिर तर्फ, ट्टि, बाजि, चोटि, र, पर्ना, वर, पर, चाड, छिः, थु, धत्, ए, हिजो.' इत्यादि.

(५) कोही अव्यय शब्द अव्ययै संग वा अर्को किसिमका शब्द संग जोडिई बनेका हुन्छन. जस्तैः — 'रामु-संग, म-संग, पूर्व-तर्फ, बाबा-पट्टि, एक-बाजि, दश-चोटि, घर-तिर, यता-तिर, उता-तिर, भोलि-पल्ट नम्रत-साथ, राम्रो-गरी, बेस-गरी, गल्न्जेल.' इत्यादि.

(६) कोही अव्यय शब्द संस्कृत आदि अरु भाषाबाट आएका पनी हुन्छन्. जस्तै —'हा, अहो, अहह, धिक्, धिक्कार, राम राम[१], हरे शिव, सदा, सर्वदा, अकस्मात्, कदाचित्, यदि' इत्यादि.

३९५. ती अव्यय शब्द वाक्यमा प्रयोग गर्दा कहीं केही कहीं केही विशेष बुझाउंने हुनाले धेरै किसिमका हुन्छन्.

(क) कोहि अव्यय एकलै प्रयोग गरेमा केही अर्थ नबुझाउंने हुनाले विशेष अर्थ बुझाउंन अर्को नाम विशेषण आदि शब्द संग जोडिएर मात्र प्रयोग हुने हुन्छन् जस्तैः 'घर-तिर बाटो-सम्म, बाबा-पट्टि, भने-हुँदि' इत्यादिमा 'घर, बाटो' इत्यादि शब्द संग जोडिएर अर्थ बुझाउंने 'तिर, संम, पट्टि, हुंदि' इत्यादि अव्यय एकलै प्रयोग गरेमा केहि पनी अर्थ बुझाउंदैनन्.

(ख) कोही अव्यय नामविशेषणले नामको अर्थमा हुने गुण प्रकार आदि केही विशेष बुझाए झैं वाक्यको क्रियामा भएको प्रकार, देश, काल

---

१ 'हा, अहो, धिक्, सदा, सर्वदा' इत्यादि शब्द संस्कृतमा पनी अव्यय मानिएका छन्. 'राम राम, हरे शिव, धिक्कार' इत्यादि केही शब्द त उहाँ नाम हुनाले अव्यय रूपले व्यवहार नहुने भए पनी भाषामा उद्गार अर्थमा प्रयोग हुने हुनाले अव्यय भनि मानिएका छन्.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

आदि केही विशेष बुझाउंने हुन्छन्. जस्तै:—'राम्ररी लेख. माथि गयो. आज जान्छु.' इत्यादिमा 'राम्ररी, माथि, आज' इत्यादि अव्ययले लेख्नु जानु आदि क्रियामा प्रकार, देश, काल आदि विशेष बुझाउंछन्.

(ग) कोही अव्यय दोहोरे अन्वय भई अनेक पद अथवा वाक्यलाई जोडेर ती अनेक पद वा वाक्यको एकमेल गराउंने हुन्छन्. जस्तै:—'त्यो र म जान्छौं. काव्य अथवा कौमुदी घोक. मैले अह्राएं; अनि त्यो गयो.' इत्यादिमा 'र, अथवा' शब्दले 'त्यो-म, काव्य कौमुदी' यी अनेक पदलाई, 'अनी' शब्दले 'मैले अह्राएं–त्यो गयो' यी अनेक वाक्यलाई जोडेर एकमेल गराउंछन्.

(घ) कोही अव्यय वाक्यको भित्र आश्चर्य, निन्दा, प्रशंसा आदि केही विशेष मनको भाव बुझाउंने हुन्छन्. जस्तै:—'ओहो' शब्दले आश्चर्य, 'छि:' शब्दले निन्दा, 'श्यावास' शब्दले प्रशंसा रूप विशेष मनको भाव बुझाउंछन्.

३६६. तसर्थ–अव्यय शब्द सामान्य स्वरूपले चार[१] प्रकारका छन्. (१) शब्दयोगी, (२) क्रियाविशेषण, (३) उभयान्वयी; (४) उद्‌गार-वाचक.

---

१ संस्कृतमा पनी 'आसायङ्कालं (सांझ संम), आदिनं (दिनमा), वनंप्रति (वनतिर), अनुगृहं (घरपिछे)' इत्यादिमा नामहरू संग जोडिएका स्वतन्त्र प्रयोग हुन नशक्ने 'आ, प्रति, अनु' आदि 'अव्यय शब्दयोगी;' 'कदा गच्छसि ? (कैले जान्छौ ?), सम्यक् लिख (राम्ररी लेख), उपरि वर्तते (माथि छ), तत्र गच्छामि (त्यहां जान्छु).' इत्यादिमा क्रियाको देश, काल, प्रकार बुझाई क्रियान्वयी भई प्रयोग हुने 'कदा, सम्यक्, उपरि, तत्र' आदि अव्यय 'क्रिया-विशेषण;' 'रामः कृष्णश्च गच्छतः

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(१) शब्दयोगी.

३६७. जुन अव्यय शब्द अर्को शब्दमा नजोडी एकलै प्रयोग गरेमा केही अर्थ पनी बुझाउंन शक्तैनन्, अर्को नामहरू संग जोडिई प्रयोग गरेमा विभक्ति प्रत्यय जोडे झैं भई विशेष अर्थ बुझाउंछन्, त्यस्ता अव्ययलाई शब्द संग योग भएर मात्र प्रयोग हुने हुनाले शब्दयोगी–अव्यय भन्दछन्. जस्तैः—

'खेरि, खेर, हुंदि, हुंदो, पख, पिछे, भर, भरि, तिर तर्फ पट्टि, सम्म तक, तलक, पटक, पल्ट, बाजी, चोटि' इत्यादि शब्द खालि प्रयोग गरेमा केही अर्थ पनी स्पष्ट गरी बुझाउंन नशक्ने 'जांदा-खेरि, गरे-हुंदि, त्यता-हुंदो, बेहान-पख, मानिस-पिछे, तोला-भर, भडो-भरि, घर-तिर, पूर्व-तर्फ, बांआ-पट्टि, त्यहां-सम्म, जहां-तक, महिना-तलक, दश-पटक, एक-पल्ट, दोस्रो-बाजि, हजार-चोटि' इत्यादि नामहरू संग जोडिई प्रयोग गरेमा विशेष अर्थ बुझाउंने हुनाले यस्ता अव्यय 'शब्दयोगी' हुन्.

३६८. सबै शब्दयोगी अव्यय सबै किसिमका शब्द संग जोडिने

(राम र कृष्ण जान्छन्). रक्तं वा नीलं वस्त्रमानयानि (रातो कि नीलो लुगा ल्याऊं). रामोऽगमत् ततो गोविन्द आगमत् (राम गयो अनी गोविन्द आयो). त्वं गच्छसि चेत् शीघ्रमागच्छेः (तं जान्छस् भने चांडै आएस्).' इत्यादिमा अनेक पद वाक्यलाई जोड्ने गरी प्रयोग हुने 'च, वा, ततः, चेत्' इत्यादि अव्यय 'उभयान्वयी;' अहो ! अतिरम्यमस्ति (ओहो ! ज्यादा राम्रो छ). हा हा ! महाहानिरभूत् (हाइ हाइ ! ठूलो नोक्सान भयो). धिक् किं करोषि (धिक्कार ! के गर्छस्). साधु साधु सम्यगलिखः (स्यावास स्यावास बेस लेख्यौ). इत्यादिमा मनोभाव बुझाउंने गरी प्रयोग हुने 'अहो, हा, धिक्, साधु' इत्यादि अव्यय 'उद्गारवाचक' भई अव्यय सामान्य रूपले चार प्रकारका हुन्छन्.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

नियम छैन, कोही कुनै किसिमका शब्द संग, कोही कुनै किसिमका शब्द संग आफना आफना विशेष अर्थ बुझाउने गरी जोडिन्छन्. यी शब्दयोगी अव्यय अर्को शब्दबाट नबनेका प्रायः मूल शब्दै हुन्छन्. जस्तैः—

खेरि, खेर—शब्द बखत बुझाउने गरि 'ता, दा' प्रत्ययान्त धातुसाधित संग जोडिन्छन्. 'जांदा खेरि-र (जानु क्रियाको बखतमा) हेरौला. भन्दा खेरि, लेख्ता खेर, कुट्ता खेरि.'

हुंदि—शब्द बखत बुझाउने गरी 'ता, दा' प्रत्ययान्त धातुसाधित संग, सङ्केत बुझाउने गरी 'ए' प्रत्ययान्त धातुसाधित संग जोडिन्छ. 'जांदा हुंदि (जानु क्रियाको बखतमा) देखें. गए हुंदि (गए देखि) हुन्थ्यो. लेख्ता हुंदि, भने हुंदि, गरे हुंदि.' इत्यादि.

हुंदो[१]—शब्द आधार बुझाउने गरी कोही ठाउं काल बुझाउने नाम र कोही अव्यय संग जोडिन्छ. 'घर हुंदो (घरमा) गयो. राति हुंदो (रातमा) ननिस्क. पह ड हुंदो पाइएला. त्यता यता-उता-कता-जता-त्यहां-यहां-उहां-कहां-जहां हुंदो होला.' इत्या द.

पख—शब्द आधार बुझाउने गरी कोही काल बुझाउने विशेष अव्ययहरू संग जोडिन्छ. 'बेहान पख (बेहानको बखतमा) जाडो हुन्छ. राति पख, सांझ पख, दिउसो पख.' इत्यादि.

पिछे—शब्द प्रत्येकत्व (हरएक भन्ने) बुझाउने गरी नामहरू संग जोडिन्छ. 'घर पिछे (हर एक घरमा) एक जना डाक. मानिस पिछे. दिन

---

१ हुंदि, हुंदो' यी शब्दयोगी अव्ययको प्रयोग प्रायः पहाडी भाषामा प्रसिद्ध छ. नागरिक बोलीमा 'हुंदि' शब्दका बदलामा 'देखि, खेरि' शब्द, 'हुंदो' शब्दको बदलामा 'तिर' शब्दको प्रयोग गरी 'गए देखि (गए हुंदि) गर्दा खेरि (गर्दा हुंदि) त्यता तिर (त्यता हुंदो)' इत्यादि व्यवहार ज्यादा प्रसिद्ध छ.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पिछे, किताप पिछे.' इ०

भर, भरि शब्द परिमाण बुझाउने गरी परिमाण लिएको वस्तुलाई बुझाउने नामहरू संग जोडिन्छन्. 'जिउ भर-रि (जिउ प्रमाणको) सुन दिए पनी दिन्न. तोला भर-रि, माना भर-रि, भकारि भर-रि.' इत्यादि.

तिर, तर्फ, पट्टि—शब्द उद्देश्यता (उद्देश्य गरी भन्ने), प्रदेश (त्यसप्रान्तमा भन्ने)आदि विशेष बुझाउने गरी नाम, सर्वनाम, सर्वनामबाट बनेका एअरू किसिमका देश काल बुझाउने अव्ययहरू संग जाडिन्छन्. यी सबैथरी शब्दमा जोडिने नियम छैन, कहीं कुनै त्राहीं मात्र जोडिन्छ, कहीं सबै थरी पनी जोडिन्छन्. 'तिर' शब्द जोडेमा 'अघि, पछि, माथि, मनि' शब्दमा केही विकार पनी हुन्छ. 'घर-तर्फ-पट्टि (घरको उद्देश गरी) गयो. पूर्व तिर-तर्फ-पट्टि (पूर्वको उद्देश गरी) जान्छु. पहाड तिर-तर्फ-पट्टि (पहाडको प्रान्तमा) पाइन्छ. त्यो पुस्तक म. तिर-तर्फ-पट्टि (मेरो फाँटमा) पऱ्यो. अग्लो तिर-पट्टि जाऊ. म, हामी, त्यो, तिनी तिर-पट्टि छ. यता, उता, जता, कता, त्यता, तिर-पट्टि. अगाडि, पछाडि तिर-तर्फ-पट्टि. भोलि, बेहान, पर्सि तिर. अघिल्तिर. पछिल्तिर. माथि तिर, माथिल्तिर, मास्तिर, माथ् तिर मनि तिर, मन्तिर' इत्यादि.

संम, तक, तलक,—शब्द अवधि बुझाउने गरी मर्यादा (हद) भएको देश काल बुझाउने नाम सर्वनाम अव्ययहरू संग जोडिन्छन्. 'घर संम-तक-तलक (घरको अवधि गरी) पुग्यो. बेहान संम-तक-तलक वहाँ सम्म-तक-तलक.' इत्यादि.

बाजि, चोटि, पल्ट, पटक शब्द आवृत्ति बुझाउने गरी प्रायः संख्या बुझाउने शब्द संग जोडिन्छन्. एक बाजि-चोटि-पल्ट-पटक (एक आवृत्ति) कुट्यो. दश, लक्खन्, कति, यति, उति, धेरै, थोरै बाजि-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

चोटि-पल्ट-पटक.' इत्यादि.

यस्तै गरी अरू शब्दयोगी पनी व्यहार अनुसार विशेष अर्थ बुझाउने गरी अर्को शब्द संग जोडिन्छन्. यी शब्दयोगी जोडिएका शब्द अव्ययै हुन्छन्.

(१) विभक्तिविचारमा (१५६-५८ नियममा) लेखे बमोजीमका, कहीं विभक्ति नहुने ठाउंना पनी जोडिने, कहीं दोहरा तेहरा समेत भई प्रयोग हुने 'ले, लाई, कन, के, सित, संग, बाट, महां' इत्यादि विभक्त्यर्थक-अव्यय पनी शब्दयोगी नै हुन्. यी अव्यय दोहरा तेहरा जोडिएका ठाउंमा बीचको कोही शब्दलाई दबाई त्यसको विभक्ति मात्र प्रयोग गरे जस्तो हुनाले बीचमा दबिएको पदार्थ मोका अनुसार बुझिने हुन्छ. जस्तैः—'आजको भोलिले के हुन्छ. त्यहांदेखि पश्चिम पट्टिमा इनार छ. पूर्व तर्फको घरमा जाऊ आजकाले (आजको मानिसले) के भन्यो. पोहोरकोमा (पोहोरको मालमा) भन्दा अहिलेकोमा (अहिलेको मालमा) नफा हुन्छ. हिजोदेखिकोलाई (हिजोदेखिरहेको मानिसलाई) देऊ.

३९९. शब्दयोगी अव्यय नामविशेषण संग जोडेमा सो शब्दको एक अनेक आदरमा विभक्ति प्रत्यय हुंदा जुन किसिमको सामन्यरूप हुने (१६३-६७, २०३) नियम छन् सो बमोजीम, सर्वनाम संग जोडेमा सर्वनाम-विशेषण भएमा हुने सामान्यरूपको (२०३) नियम बमोजीम सामान्यरूप भई 'हरू' जोडिनेमा सो समेत जोडिन्छ जस्तैः--

'रामु संग माना भर, बाटो (टा) सम्म, डांडो (डा) बाट, कालाहरू तिर, तं संग, तिमी सित त्यो-सो-त्यस संग, ती-तिनी-हरू संग, यो-यिनी-हरू संग, उ- उस-संग, ऊ-उन-हरू संग, को-कस-संग, को-कुन संग, आफू संग.' इ०

४००. शब्दयोगी अव्यय कोही विभक्तिको अर्थ मात्र बुझाउने हुन्छन्,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कोही त विभक्तिको भन्दा केही विशेष पनी बुझाउने हुन्छन्. जस्तैः--

'आजको (यो दिनको) माल. भोलिलाई (भोलि के) चाहिन्छ. गुरुसित (गुरुदेखि) डराउंछ. जांदा खेरि (जादामा) भेट्छु.' इत्यादिमा केवल विभक्तिको अर्थ मात्र बुझिन्छ; 'म सग (मेरो साथमा) छौं. बेहान पख (बेहान) हुने वेलामा) गयो. त्यता तिर (त्यस प्रान्तमा) पऱ्एला.' इत्यादिमा केही विशेष अर्थ समेत बुझिन्छ.

४०१. शब्दयोगी र विभक्ति प्रत्यय एकै किसिमका देखिन्छन्त पनी विभक्ति प्रत्ययको केही बेगलै अर्थ नभई तिनले केवल आफू जोडेको नाम आदिलाई वाक्यको अर्को शब्द संग. अर्थ मिल्ने गरी जोड मात्र गराउने हुन्छन्; शब्दयोगीको त स्वतन्त्र अर्थ केही भए पनी स्वतन्त्र प्रयोग हुन नशक्ने हुनाले ती अर्को नाम आदि शब्दमा मिली विशेष अर्थ बुझाई त्यस शब्दको अर्को शब्द संग जोड गराउने हुन्छन्.

(२) क्रियाविशेषण.

४०२. जुन अव्ययको क्रियामा अन्वय भई तिनबाट क्रियाको देश, काल, प्रकार आदि केही विशेष बुझिन्छ, सो अव्ययलाई क्रियाविशेषण भन्दछन्. जस्तैः--

'त्यहां जान्छु. उता गयो. माथि छ' इत्यादिमा 'त्यहां, उता, माथि' शब्दको 'जानु, हुनु' क्रियामा अन्वय भई तिनबाट सो क्रियाको आधार देश बुझिने; 'आज जान्छु. बेहान गयो. भोलि जानेछु' इत्यादिमा 'आज, बेहान, भोलि' शब्दको 'जानु' क्रियामा अन्वय भई तिनबाट सो क्रियाको आधार काल बुझिने; 'झट्ट जा. राम्ररी लख्छु. सरासर हिंड' इत्यादिमा 'झट्ट, राम्ररी, सरासर' शब्दको 'जानु, लेख्नु, हिंड्नु' क्रियामा अन्वय भई तिनबाट सो क्रियाको प्रकार बुझिने हुनाले यस्ता शब्द 'क्रियाविशेषण' हुन.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

४०३. जस्तो नाम-विशेषणबाट केही पदार्थ पनी यो चाहीं भनि स्पष्ट रूपले नबुझिई पदार्थमा रहने धर्म बुझिई त्यसको धर्मी सामान्य स्वरूपले बुझिन्छ, उस्तै गरी क्रियाविशेषणबाट पनी सामान्य स्वरूपले क्रियामा हुने केही विशेष मात्र बुझिई त्यसको धर्मीविशेष क्रिया स्पष्ट रूपले बुझिदैन; र सो स्पष्ट गरी बुझाउन क्रियाको प्रयोग गर्नुपर्छ. जस्तैः— 'झट्ट, बिस्तारै, त्यहां, आज' इत्यादि शब्दबाट 'चांडो गर्नु, विस्तार गर्नु, त्यो देश, त्यो काल' इत्यादि धर्म बुझिई त्यस किसिमको 'लेख्नु, पढ्नु, जानु' आदि कुनै क्रिया पनी स्पष्ट गरी नबुझिने हुनाले सो स्पष्ट गर्न 'लेख, पढ्छ, जाऊ, आउंछ' इत्यादि क्रियापदको प्रयोग गर्नुपर्छ.

४०४. नाम-विशेषणले सामान्य स्वरूपले बुझाएको धर्मीलाई छुट्ट्याई बुझाउंने पदलाई (३६ नियम बमोजीम) 'विशेष्य' भन्ने व्यवहार भए झैं क्रिया-विशेषणबाट सामान्य स्वरूपले बुझिएको क्रियालाई विशेष रूपले बुझाउने पदलाई विशेष्य हो त पनी 'विशेष्य' भनि व्यवहार हुने झैं चलन छैन. उहां (१८९ ई नियम बमोजीम) वस्तु मात्र बुझाउंनु परेमा विशेष्य हुनु पद मात्रको, किसिम मात्र बुझाउंनु परेमा विशेषण हुने पद मात्रको प्रयोग हुने झैं, यहां किया मात्र बुझाउनु पर्ने त्यसको विशेष बुझाउनु नपर्ने ठाउंमा क्रियापद मात्रको प्रयोग भन हुन्छ, विशेष क्रिया नबुझाउने किसिम मात्र बुझाउंने गरी क्रिया-विशेषण मात्रको प्रयोग त हुंदैन. क्रियापद नभई वाक्यै नहुने हुनाले 'लौ लौ झट्ट' इत्यादि मात्र प्रयोग गरेमा क्रियापद देखिदैन त पनी प्रकरण अनुसार 'गर, जाऊ' आदि क्रियापदको कल्पना गरी कन मात्र वाक्यको अर्थ पूर्ण हुन्छ.

४०५. क्रिया-विशेषणले जुन क्रियामा विशेष बुझाएको छ सो विशेष्य क्रिया बुझाउंने पद कहीं क्रियापद हुन्छ, कहीं धातुसाधित पनी हुन्छ. जस्तैः—

'राम्ररी जान्ने मानिसले बुद्धि पुर्‍याई गरेको काम कहिल्यै पनी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

बिग्रँदैन' इत्यादिमा 'राम्ररी' यो 'जान्ने' यस धातुसाधित क्रियाको, 'पुऱ्याई' यो 'गरेको' यस धातुसाधितको, 'कहल्यै' यो 'बिग्रँदैन' यस क्रियापदको क्रिया-विशेषण हुन्छ.

४०६. क्रिया-विशेषण अव्यय[१] सामान्य रूपले छ प्रकारका[२] छन्. (१) कालवाचक, (२) देशवाचक, (३) प्रकारवाचक, (४) आवृत्ति-वाचक, (५) निषेधादिवाचक, (६) अनुकरणवाचक.

४०७. जुन अव्यय शब्द क्रियाको आधार भएको काल अर्थ बुझाई क्रियामा अन्वयी हुन्छन् तिनलाई कालवाचक भन्दछन्. जस्तैः—

---

१ संस्कृतमा 'मधुरं वक्ति (मिठो गरी बोल्छ)' इत्यादिमा सुबन्त शब्द पनी क्रिया-विशेषण भई सधैं द्वितीयान्त, कर्म कारक, नपुंसक लिङ्ग, एकवचनमा प्रयोग हुने नियम छ त पनी भाषामा क्रिया-विशेषण अव्यय मात्र हुने नियम छ. नाम सर्वनाम विशेषणहरूलाई केही प्रत्यय गरेर अथवा 'गरी' यो शब्द जोडी अव्यय तुल्याए मात्र 'त्यसरी, राम्ररी, त्यसो गरी, राम्रो गरी' इत्यादि क्रिया-विशेषण भई प्रयोग हुन्छ.

२ संस्कृतमा पनी क्रिया-विशेषण अव्यय अद्य (आज) ह्यः (हिजो), श्वः (भोलि), परुत् (पोहोर)' इत्यादि 'कालवाचक;' 'तत्र (त्यहां), ततः (त्यता तिर), नीचैः(तल), उपरि (माथि)' इत्यादि 'देशवाचक;' सम्यक् (राम्ररी), तथा (त्यसरी), एवं (यस्तै), शीघ्रम् (चांडो)' इत्यादि 'प्रकार-वाचक;' एकवारं (एकपल्ट), बहुशः (धेरै पल्ट), कोटिशः (करोडौं बाजि), शतपर्यायं (शय चोटि)' इत्यादि 'आवृत्तिवाचक;' 'न (नाहां), एव (नै), हि (पक्का)' इत्यादि 'निषेधादिवाचक;' 'थूत्करोति (थूः गर्छ), पटापटा-कृत्य (पटपटाएर), खाडिति कृत्वा (खाक्क गरेर), 'झणत्कारः (झन्न गर्नु)' यहां 'थूत्, पटपटा, खाट्, झणत्' इत्यादि 'अनुकरणवाचक;' भई नाना-प्रकारका हुन्छन्.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

'अहिले जा. पोहोर गएथे. पछाडि नहिंड. सधैं सांचो बोल्न. अबेरै गयो.' इत्यादिमा 'अहिले, पोहोर, पछाडि, सधैं, अबेरै' इत्यादि शब्दबाट 'जानु, हिड्नु' आदि क्रियाको आधार भएको काल बुझिई क्रियामा अन्वय हुने हुनाले ती अव्यय 'कालवाचक' हुन्.

४०८.ती कालवाचक अव्यय धेरै किसिम संग बनेका हुन्छन्.

(१) कोही सर्वनाम शब्दबाट बनेका हुन्छन्. जस्तैः 'यो-ऐले अहिले, यत्तिखेर, यतिजेल; जो–जैले, जहिले, जत्तिखेर, जतिजेल; उ–उइले, उहिले उत्तिखेर, उतिजेल; को–कैले, कहिले, कत्तिखेर, कतिजेल.' इत्यादि.

(२) कोही धातुबाट बनेका हुन्छन्. जस्तैः—'गर्–गरुंजेल, गरिंजेल; खा–खाउंजेल, खाइंजेल; दि–दिउंजेल, दिइंजेल; हु–हुउंजेल, देखि–देखिउंजेल गराउ–गराउंजेल, गराइ–गराइउंजेल.' इत्यादि.

(३) कोही अर्को शब्दबाट नबनेका मूल शब्दै पनी हुन्छन्. जस्तैः—'अब[१], जब, तब, आज, भोलि, पर्सि निकोर्सि, कानेकोर्सि, हिजो, अस्ति, झन् अस्ति, पोहोर, परार, आघूं, पराघूं, अघि, अघाडि, पछि, पछाडि, सधैं, राति, दिउसो, बेहान, बेलुका' इत्यादि.

(४) कोही अरू किसिमका कालवाचकमा 'तिर, सम्म, पल्ट, खेर, पख, देखि' इत्यादि शब्दयोगी जोडेर बनेका पनी हुन्छन्; तर ती सबै शब्दयोगी सबैमा जोडिने नियम छैन, व्यवहार अनुसार कहीं कोही

---

१ 'अब, जब, तब' इत्यादि शब्द पनी सर्वनामबाट बनेका जस्ता, 'अघि-अघाडि, पछि-पछाडि' इत्यादि पनी एकबाट अर्को चाहीं बनेका जस्ता देखिन्छन् त पनी धेरैमा मिल्ने जति बेगलै गरी एकात त्यस्ता हुनेलाई स्वतन्त्रै भनि मानिएको छ. कोही 'सदा, सर्वदा' इत्यादि संस्कृतबाट आई भाषामा चलेका पनी कालवाचक अव्यय हुन्छन्.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कहीं दोहरा तेहरा पनी जोडिने हुन्छन्. जस्तैः—'भोलि तिर, आज सम्म, भोलि पल्ट, बेहान पख, दिउंसो खेर, बेलुका पख सम्म, जतिन्जेल सम्म, आघूं देखि' इ०

४०९. जुन अव्यय शब्द क्रियाको आधार भएको देश (ठाउं) अर्थ बुझाई क्रियामा अन्वयी हुन्छन्, तिनलाई देशवाचक भन्दछन्. जस्तैः—

'तल जा. उहां जान्छु. बाहिर गयो. भित्र छ. माथि नजाऊ.' इत्यादिमा 'तल, उहां, बाहिर, भित्र, माथि' इत्यादि शब्दबाट जानु आउनु आदि क्रियाको आधार भएको देश बुझिई क्रियामा अन्वय हुने हुनाले ती अव्यय 'देशवाचक' हुन्.

४१०. ती देशवाचक अव्यय पनी धेरै किसिम संग बनेका हुन्छन्.

(१) कोही सर्वनामबाट बनेका हुन्छन्. जस्तैः—'यो—यहां, यहीं, यता, यतै; जो-जहां, जहीं, जता, जतै; उ—उहां, उहीं, उता, उतै; को—कहां, कहीं, कता, कतै; त्यो-त्यहां, त्यहीं, त्यता, त्यतै.' इत्यादि.

(२) कोही अर्को शब्दबाट नबनेका मूल शब्दै पनी हुन्छन्. जस्तैः—'तल, माथि, वर, पर, भित्र, बाहिर, टाढा, नगिचै, वारि, पारि, अघि[१], पछि.' इत्यादि.[२]

---

१ 'अघि, अघाडि, पछि, पछाडि' इत्यादि कोही अव्यय, तिर शब्द नजोडेमा मौकाको अनुसार 'म अघि गएथें. अघाडि आउला. तिमीले पछि जानू. यो काम पछाडि गरौंला' इत्यादिमा काल बुझाउने, 'तं अघि सर्. त्यो पछाडि नै छ. पछि नबस. पछाडि फर्क.' इत्यादिमा देश बुझाउने हुनाले देशवाचक कालबाचक दोहोरै किसिमका हुन सक्छन्.

२ 'उंधो (माथि), उंभो (तल). तेर्सो (सीधा), पुंडो (अगाडि), ताघि (अघि)' इत्यादि देश-कालवाचक कोही अव्यय शब्द पहाडी भाषामा चलेका पनी छन्.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(३) कोही अरू किसिमका देशवाचकमा 'तिर, पट्टि, सम्म, देखि, देखिन्, बाट, नेर' इत्यादि शब्दयोगी जोडेर बनेका पनी हुन्छन्. तर यसमा पनी सबै शब्दयोगी सबैमा जोडिने नियम छैन, व्यवहार अनुसार कहीं कोही कहीं दोहोरा तेहरा पनी जोडिने हुन्छन्. जस्तै:—'उता तिर, त्यता पट्टि, त्यहां सम्म, वारि पट्टि, पारि पट्टि, वारिदेखि, मन्तिरबाट, अघिल्तिर, पछिल्तिर.' इत्यादि.

४११. यी काल-देशवाचक क्रियाविशेषणहरू खालि प्रयोग गरेमा र 'तिर, पट्टि' आदि शब्दयोगी जोडेमा पनी सप्तमी विभक्ति भएमा झैं आधार अर्थ बुझाई अधिकरणार्थक हुने, 'बाट, देखि' आदि शब्दयोगी जोडी प्रयोग गरेमा पञ्चमी विभक्ति भएमा झैं अवधि अर्थ बुझाई अपादानार्थक हुने हुनाले कारकको काम दिने यस्ता अव्ययलाई 'कारकार्थक-अव्यय' पनी भन्दछन्. जस्तै:—

'कहां[१] (कुन ठाउंमा) जान्छचौ. यता (यस ठाउंमा) आऊ. माथि (माथिको ठाउंमा) छ. कहिले (कुन बेलामा) गयो आज (यो दिनमा) गर. पोहोर (गएको सालमा) देखेथें. कहांबाट (कुन ठाउंदेखि) हिंडचौ. उताबाट (उ ठाउंबाट) आएं. पोहोर देखि (गएको साल देखि) छुट्टियो. भित्र देखिन् (भित्रको ठाउं देखि) निस्कयो.' इत्यादि.

४१२. सर्वनामबाट बनेका र अरू किसिमका पनी कोही देशकालवाचक अव्ययलाई व्यवहार अनुसार जोडा मिलाई संग प्रयोग गरेमा केही विशेष अर्थ पनी बुझिन्छ; कहीं ती जोडा शब्दको बीचमा 'न' शब्द

---

१ संस्कृतमा पनी 'कुत्र (कहां), तत्र (त्यहां), अग्रतः (अघाडि तिर, अद्य (आज), ह्यः (हिजो), श्वः (भोलि)' इत्यादि अव्यय अधिकरणार्थक; 'ततः (त्यहांबाट) चिरात् (धेरै काल देखि)' इत्यादि अव्यय अपादानार्थक भई क्रिया संग सम्बन्ध भएमा 'कारकार्थक' मानिएका छन्.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

समेत जोडेमा निषेध अर्थहरूमा केही विशेष पनी बुझिन्छ. जस्तैः—

'यता उता हेर. कहिले कहिले जान्थें. जहां तहां खोजिसकें. तल माथि न दगुर. अघि पछि जस्तो हुन्नथ्यो. वारि पारि नगर. यति उतिन्जेल केही भनेन. आज भोलि जाउंला. यता न उता, कतै न कतै, कहीं न कहीं, भित्र न बाहिर, कता न कता, यताबाट न उताबाट.' इत्यादि

४१३. जुन अव्यय शब्द 'यस किसिम संग' भन्ने क्रियाको प्रकार (रीत) अर्थ बुझाई क्रियामा अन्वयी हुन्छन्, तिनलाई प्रकारवाचक भन्दछन्. जस्तैः—

'राम्री हिंड. यसरी लेख. चांडै हिंड्छु. बेसरी कुट्यो. छिटो-गरी आऊ. तुरुन्तै दियो' इत्यादिमा 'राम्ररी, यसरी, चांडै, बेसरी, छिटो-गरी, तुरुन्तै' इत्यादि शब्दबाट 'हिंड्नु, लेख्नु' आदि क्रियाको प्रकार बुझिई क्रियामा अन्वय हुने हुनाले ती 'प्रकारवाचक' हुन्.

४१४. प्रकारवाचक अव्यय पनी धेरै किसिम संग बनेका हुन्छन्.

(१) कोही सर्वनामबाट बनेका हुन्छन्. जस्तैः—'यो—यसरी, यस्तरी, यसो, यसै, यस्तो, यस्तै; जो—जसरी, जस्तरी, जसो, जसै, जस्तो, जस्तै; को—कसरी, कस्तरी, कसो, कसै, कस्तो, कस्तै; उ—उसरी, उस्तरी, उसो, उसै, उस्तो, उस्तै; त्यो—त्यसरी, त्यस्तरी, त्यसो, त्यसै, त्यस्तो, त्यस्तै.' इत्यादि.

(२) कोही गुण-विशेषण संख्या-विशेषण अव्ययहरू संग 'गरी' यो शब्द जोडेमा कहीं विकार समेत भई बनेका हुन्छन्[१]. जस्तैः—

---

१ संस्कृतमा पनी 'क्त्वा, ल्यप्' प्रत्यय भएका कृ-भू-धातुका रूप संग अरू किसिमका शब्द जोडिएर 'सम्यक्कृत्वा (राम्रो गरी), एवं कृत्वा (यसरी), तिरस्कृत्य (तिरस्कार गरी), तिरोभूय (लुकेर), साक्षात्कृत्य (प्रत्यक्ष गरी)' इत्यादि क्रिया-विशेषण भई व्यवहार हुन्छन्.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

राम्रो गरी, राम्ररी, राम्रो राम्रो गरी, बेस गरी, बेसरी, बेस बेस गरी, सोझो गरी, एकेक गरी, एक दुइ गरी, चांडो गरी, चांडै गरी, चांडो चांडो गरी, यस्तो गरी, यसो गरी, यस्तै गरी, यसै गरी, यसो उसो गरी.' इत्यादि.

(३) कोही धातुबाट बनेका हुन्छन्. जस्तै:—'खा–खाई, खाएं, खान, खाए; गर्–गरी, गरेर, गर्न, गरे' इत्यादि.

(४) कोही अरू किसिमका शब्दबाट नबनेका पनी हुन्छन्. जस्तै:—'झट्, तुरुन्त, चांडो, बिस्तारै, वारंवार; झटपट. व्यर्थ, ज्यादा, अकस्मात्.' इत्यादि.

(५) कोही गुणवाचक शब्द पनी कहीं क्रियाविशेषण भएर व्यवहार हुन्छन्. कोही भाववाचक शब्दमा 'साथ, सित, सग' इत्यादि शब्द जोडेमा पनी क्रिया-विशेषण भएर व्यवहार हुन्छन्[१]. जस्तै:– 'यो बेस पढ्छ. यसले राम्रो गऱ्यो. म इमान साथ काम गर्छु. नम्रता संग बोल. सेखी सित भन्यो.' इ०

४१५. जुन अव्यय क्रियाको संख्याको आवृत्ति अर्थ बुझाई क्रियामा अन्वयी हुन्छन् तिनलाई आवृत्तिवाचक भन्दछन्. यस्ता शब्द प्रायः संख्यावाचक शब्दमा 'पल्ट, बाजि, चोटि, पटक, बार' यी शब्दयोगी जोडेर बन्दछन्. जस्तै:—

'एकबाजि, दशचोटि, चारपल्ट, पचासपटक, हजारबार, लाखौंबाजि' इत्यादि शब्दबाट सो क्रियाको आवृत्ति बुझिई क्रियामा अन्वय हुने हुनाले यी 'आवृत्तिवाचक' हुन्.

---

१ संस्कृतमा पनी 'सह' आदि शब्द संग जोडी समास भएमा 'सविषयं, (विनय साथ), साभिमानं (सेखी संग)' इत्यादि क्रिया-विशेण हुन्छन्.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

४१६. जुन अव्यय क्रियाको निषेध, निश्चय आदि विपेष अर्थ बुझाई क्रियामा अन्वयी हुन्छन्, तिनलाई निषेधादि-वाचक भन्दछन्. जस्तै:—

'नगर, नगरौंला, नभन्नु, नदेखेको' इत्यादि क्रियापदहरूमा मिलेको 'न' शब्द, 'नाहीं' शब्द इत्यादि निषेध-वाचक; 'त्यसले गर्छ नाइं, हुंदैन नाइं' इत्यादिमा परेको 'नाइं' शब्द निश्चय-वाचक; 'गरोस् न, हेर्रा न' इत्यादिमा परेको 'न' शब्द अनादर-वाचक; 'जाऊं है, गर्छु है' इत्यादिमा परेको 'है' शब्द प्रश्न-वाचक; 'भन्छु नि, गर्छु नि' इत्यादिमा परेको 'नि' शब्द दुःख-वाचक; इत्यादि क्रियान्वयी भई कहीं कहीं प्रयोग हुने 'निषेधादि-वाचक' अव्यय व्यवहार अनुसार जान्नू.

४१७. कोही कोही अव्यय जुन क्रियामा जस्तो किसिमको शब्द हुन्छ सो शब्दको अनुकरण स्वरूप भई प्रयोग हुने हुन्छन्, तिनलाई अनुकरण-वाचक भन्दछन्. यस्ता शब्द कहीं कस्तै, कहीं कस्तै, कहीं एकहरा, कहीं दोहरा परेका पनी हुन्छन्; ती व्यवहार अनुसार प्रयोग हुन्छन्. जस्तै:—

'सुटुक्क निस्क्यो. थचक्क बस्छ. सरासर हिंड्यो. घुरुघुरु रुन्छ. पटापट पिट्यो.' इत्यादिमा सुटुक्क, थपक्क, सरासर, घुरुघुरु, पटापट' इत्यादि शब्दबाट निस्कनु आदि क्रियाको व्यवहार अनुसार स्पष्ट अथवा अस्पष्ट अनुकरण शब्द बुझिई क्रियामा अन्वय हुने हुनाले यस्ता शब्द 'अनुकरण-वाचक' हुन्.

यस्तै:—'पटक्क बोलेन. झुसुक्क निस्क्यो. पटक्क फट्क्यो. फटक्क काट्छ. झंझं पानी पऱ्यो. टंटं परेर हिंड्छ. मिलिक्क देखियो. खुत्रुक्क बल्र्यो. पुलुक्क हेर्छ. चटक्क छोड्यो. ध्वास्स पर्छ. पुक्लुक्क लड्यो. झिच्च पर्छ. क्याच्च हात हाल्यो. पिच्च नथुक. थ्याच्च बसे. फसाफस् लेख. सरासर जा. दनादन बल्यो. धमाधम गर.' इत्यादि[१].

१ 'ढ्याक्क गऱ्यो. पिच्च गर्छ' इत्यादिमा 'ढ्याक्क, पिच्च' इत्यादि कोही अनुकरणवाचक शब्द नाम जस्तो भई क्रियामा कारक जस्तो.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

४१८. शब्दयोगी अव्यय झैं क्रिया-विशेषण अव्यय पनी कहीं कहीं नामहरू संग, कहीं कहीं माथिको (२००) नियम बमोजीमका 'झन्, खूप' इत्यादि अव्यय विशेषण संग जोडिएर पनी प्रयोग हुन्छन् जस्तैः—

'घर[1] अघाडी, शिरान मनि, पाल पछाडि, झन् राम्रो, खूप सोझो, उपध्र बुद्धिमान, चौपट्ट उल्लू, अति बदमास.' इत्यादि.

४१९. शब्दयोगी अव्यय जोडेका शब्द अव्यय संग मिली एकजिउ भएर क्रियामा अन्वय हुने हुनाले त्यस्ता शब्द बेगलै हेर्दा अर्को जातका भए पनी जंमाको हिसाबले क्रिया-विशेषणै ठहर्छन्. अरू किसिमका अव्यय संग मिली एकजिउ भएमा पनी यही बमोजीम हुन्छ.

जस्तैः—'राम्रो, बेस' इत्यादि शब्द विशेषण, 'नम्रता, सेखी' इत्यादि शब्द नाम भए पनी 'राम्ररी, राम्रोगरी, बेसरी, बेसगरी, नम्रतासंग, सेखीसाथ' इत्यादि शब्द क्रियाविशेषणै हुन्. यस्तैः—'यसोगरी, यसरी, कतातिर, माथिदेखि, तलसम्म' इत्यादि.

४२०. कोही सविशेषण वा विशेषणरहित काल देशरूप अधिकरण बुझाउने नाम शब्दको अघिको (१४०) नियम बमोजीम सप्तमीको 'मा' प्रत्यय लोप भएमा त्यो शब्दको क्रियामा नै अन्वय भएको हुनाले कार-कार्थक क्रियाविशेषण भएको जस्तो देखिन्छ त पनी यस्तामा प्रत्ययको लोप विकल्पले भई विभक्ति प्रत्यय जोडेर पनी प्रयोग हुने हुनाले कारक भई क्रियामा अन्वय हुने नाम शब्दै हो. जस्तैः—'पोहोर साल (मा)

---

१ संस्कृतमा पनी 'गृहोपरि (घरमाथि), शीर्षाधः (सिरानमनि), तदुपरि (त्यसमाथि), अतिरम्यं (अतिराम्रो), अतितरां मूर्खः (चौपट्ट मूर्ख)' इत्यादिमा नाम, सर्वनाम, विशेषणहरू संग पनी अव्यय जोडिई व्यवहार भएको देखिन्छ.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

गयो. रामु घर (मा) छ. म यो वर्ष (मा) जान्नं. यो काम यस वखत (मा) ठीक हुँदैन. त्यसले एक दिन (मा) भनेथ्यो.' इत्यादि.

(३) उभयान्वयी.

४२१. जुन अव्यय शब्द पदको वा वाक्यको बीचमा अथवा आदि, अन्त्यमा रही ती अनेक पद वा वाक्यलाई जोडी एक मेल गराउंछन्, त्यस्ता अव्ययलाई दुइतिर अन्वय हुने (दोमासे) हुनाले उभयान्वयी भन्दछन्. जस्तैः—

'राम र लक्ष्मण दशरथका छोरा हुन्. मिती त्यो कि यो लिन्छौ. छोरा पनी छोरी पनी वेस छन्.' इत्यादिमा 'र, कि, पनी' इत्यादि अव्ययले 'राम र लक्ष्मण, त्यो र यो, छोरा र छोरी' यी अनेकपदको; 'जान त गएं तर भेट भएन. हुन त पढ्नु बेस हो-तैपनी मुस्किल छ. तिमी जान्छौ-कि म जाऊं.' इत्यादिमा 'तर, हुन त, तैपनी, कि' इत्यादि अव्ययले 'जान त गएं' यो र 'भेट भएन' यो, 'पढ्नु बेस हो' यो र 'मुस्किल छ' यो, तिमी जान्छौ' यो र 'म जाऊं' यो, यी अनेक वाक्यको जोड गराइ मेल गराउंने हुनाले यस्ता अव्यय 'उभयान्वयी' हुन्.

४२२. ती अव्यय कोही पदलाई मात्र जोड्ने, कोही वाक्यलाई मात्र जोड्ने, कोही दुवै थरीलाई जोड्न, शक्ने हुन्छन्[१].

---

१ संस्कृतमा पनी 'रामः कृष्णश्च परमेश्वरौ (राम र कृष्ण परमेश्वर हुन्). इदं पुष्पं श्वेतं रक्तं चास्ति (यो फूल सेतो पनी रातो पनी छ). स किं वा एष गच्छति (त्यो कि यो जान्छ)' इत्यादिमा 'अपि, च, किं वा' इत्यादि शब्द पद-योजक; 'त्वमपि गच्छ, अहमप्यागच्छामि (तिमी पनी जाऊ म पनी आउंछु). गणेशदर्शनं च करोमि, व्यञ्जनञ्चाऽऽनयामि (गणेशको दर्शन पनी गर्छु तर्कारी पनी ल्याउंछु). अहं गच्छानि, किं वा नगच्छानि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(१) समुच्चय पर्थात् जंमा अर्थ भएको र शब्दले एक श्रेणीमा परेका नाम, सर्वनाम, विशेषण, अव्यय या अनेक पदलाई जोड्दछ. क्रियापद अनेक भएमा वाक्य अनेक हुने हुनाले क्रियापदलाई र भिन्न भिन्न जातका नाम सर्वनाम आदिलाई भने जोड्न शक्तैन. दुइ भन्दा बढ्ता अनेकलाई जोड्दा पछिल्ला दुइका बीचमा मात्रै रहन्छ. जस्तैः—'राम र कृष्ण ईश्वर हुन्. राम, लक्ष्मण, भरत र शत्रुघ्न दशरथका छोरा हुन्. यो र त्यो एकै हो. यो कालो र सेतो छ. खान र खुवाउन सबै शक्तैनन्. यहां र उहां कहां वेस होला.' इ०

(२) कारण अर्थ भएको र शब्द, 'औ, तैपनी, तर, हुनत, भने, त्यसोभए, यदि, त, किन्तु, परन्तु, तसर्थ, यद्यपि, तथापि, किनकि, बरू' यी शब्द वाक्यलाई जोड्दछन्. जस्तैः—'म गएं, र त्यो आयो. तिमी जाऊ, औ रामुलाई डाक. हुनत जानु पर्नेहो, तर जान शक्तिनं. यदि जान्छौ, भने जाऊ. म जान्छु, त्यसो भए काम होला. यद्यपि यो काम गाह्रो छ, तथापि नगरी हुंदैन. जान्छौ, भने त जाऊ. तिनले मलाई अह्राएनन्, तसर्थ म गर्दिनं. तँ जां, किन कि तँ गए मात्र काम हुन्छ. काम गर, किन्तु सावधान भए. भन्न त भन्यो, परन्तु काम हुनेछैन.' इत्यादि.

(३) 'कि, वा, अथवा, किं वा, अनी, पनी' शब्दले पदलाई पनी वाक्यलाई पनी जोड्दछन्. जस्तैः—'त्यो कि यो जान्छ; त्यो जान्छ, कि यो जान्छ. रामु वा (अथवा, किं वा) गोविन्द आउंछन्; रामु आउंछन्, वा (अथवा किंवा) गोविन्द आउंछन्. रामु अनी गोविन्द गए. दश बज्छ, अनी पाठशाला जान्छु. म पनी तिमी पनी

(म जाऊं कि न जाऊं). त्वं गच्छसि चेद्गच्छ (तँ जान्छस् भने जा). यद्यपि गन्तव्यमेव, तथापि न शक्यामि (हुनत जानैपर्छ तर शक्नेछैन).' इत्यादिमा 'अपि, च किं वा, चेत्, यद्यपि, तथापि' इत्यादि अव्यय वाक्ययोजक हुन्छन्.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पढौं. म पनी गएँ, तिमी पनी आएछौ.' इत्यादि.

४२३.यी उभयान्वयी अव्यय अर्थका अनुसारले धेरै किसिमका हुन्छन्[१].

(१) समुच्चय-बोधक–'र, पनी' इ० जस्तैः—'रामु र गोविन्द मेरा साथी हुन्. त्यो पनी यो पनी राख.' इ०

(२) विकल्प-बोधक–'वा, कि, किंवा, अथवा' इत्यादि. जस्तैः—'म बसूँ कि (वा, किंवा, अथवा) जाऊं.' इ०

(३) सङ्केत-बोधक–'भने, यदि' इत्यादि. जस्तैः—'यदि गर्छौ भने गर.' इत्यादि.

(४) कारण-बोधक–'र, किनकि, यसर्थ, तसर्थ' इ०. जस्तैः—'त्यसले बोलायो र (यसर्थ, तसर्थ) म आएं.' इ०

(५) विशेष-बोधक–'तर, तथापि' इ०. जस्तैः—'म हिंड्छु, किन कि तिनले बोलाएका छन्. हुनत (यद्यपि) जानु पर्नेहो, तर (तथापि) हिंड्न शक्तिनं.' इ०

(६) क्रम-बोधक–'अनी, उप्रान्त' इ०. जस्तैः—'त्यो जाला अनी म आउंला. रामुके पुर्जी उप्रान्त.' इ०

(७) शीघ्रता-बोधक–'कि, पनी' इ०. जस्तैः—'त्यो गयो कि म आएं.

---

१ संस्कृतमा पनी 'च, अपि' शब्द समुच्चय-बोधक; 'वा किं, किंवा, अथवा' शब्द विकल्प-बोधक; 'यदि, चेत्' शब्द संकेत-बोधक; 'अतः, यतः ततः, तत्, यत्, अत एव' इत्यादि शब्द कारण-बोधक· 'तु, तथापि' इत्यादि शब्द विशेष-बोधक; 'ततः, अनन्तरं, पश्चात्' इत्यादि शब्द क्रम-बोधक; 'अनुपदम्, अपि' इत्यादि शीघ्रता-बोधक; 'न चेत्, नहि चेत्, नैव चेत्' इत्यानि विपक्ष-बोधक; इत्यादि धेरै किसिमका उभयान्वयी अव्यय हुन्छन्.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

त्यो पनी गएछ, म पनी आइपुगें.' इ०

(८) विपक्ष-बोधक–'नत्र, ह्वैन भने' इत्यादि. जस्तैः—'पढ्ने भए पढ, नत्र (ह्वैन भने) कुट्छु.' इत्यादि.

४२४. पदलाई जोड्ने 'र, पनी, अनी, कि, वा, अथवा, किंवा' इत्यादि शब्द कोही एकहरा कोही दोहरा प्रयोग भई आफना आफना अर्थ लिएर समान श्रेणीमा परेका अनेक पदलाई जोड्दछन्.

(१) 'र' शब्द समुच्चय अर्थात् जंमा हुनु रूप अर्थ बुझाई जोड्नु पर्ने समान श्रेणीका अनेक पदका बीचमा एकहरा भई विकल्पले प्रयोग हुन्छ. दुइ भन्दा वढ्ता अनेकलाई जोड्नु पर्दा अघिल्लालाई खाली प्रयोग गरी पछिल्ला दुइका बीचमा मात्र 'र' शब्दको प्रयोग हुन्छ. जस्तैः—'राम (र) लक्ष्मण वनमा गए. राम लक्ष्मण (र) सीता वनमा गए. राम, लक्ष्मण, भरत (र) शत्रुघ्न दशरथका छोरा हुन्.' इत्यादि.

(२) 'पनी' शब्द 'र' को झैं समुच्चय बुझाई जोड्नु पर्ने दुइ वा दुइ भन्दा वढ्ता अनेक समान श्रेणीका पदमा हरएकका पछि दोहरा भई विकल्पले प्रयोग हुन्छ. कहीं अघिल्लो पटकको 'पनी' शब्दको बदला 'र' शब्द पनी प्रयोग हुन शक्छ. जस्तैः—'राम (पनी) लक्ष्मण (पनी) वनमा गए. राम र लक्ष्मण पनी वनमा गए. राम पनी लक्ष्मण पनी सीता पनी वनमा गए.' इत्यादि.

(३) 'अनी' शब्द क्रम अर्थ बुझाई जोड्नु पर्ने समान श्रेणीका हरएक दुइ पदका माझमा नित्यै प्रयोग हुन्छ. जस्तैः—'रामु अनी गोविन्द आए. रामु अनी गोविन्द अनी कृष्ण आए.' इ०

(४) 'कि, वा, अथवा, किं वा' शब्द विकल्प अर्थ बुझाई जोड्नु पर्ने समान श्रेणीका हरएक दुइका माझमा नित्यै प्रयोग हुन्छ. तर यी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

शब्द समानार्थक भए पनी अनेकपल्ट प्रयोग गर्नु पर्दा प्रायः उही शब्द दोहरिन्छ. जस्तैः—'रामु कि (वा, अथवा, किंवा) गोविन्द जान्छन्. रामु वा (कि, किंवा, अथवा) गोविन्द वा (कि, कि वा, अथवा) गोपाल जान्छन्.' इ०. यसमा 'रामु कि गोविन्द वा गोपाल जान्छन्' इत्यादि प्रयोग प्रायः हुंदैन.

४२५. वाक्यलाई जोड्ने 'अनी, अनीखेरि, औ, पनी, कि, अथवा, वा, किंवा, र, तसर्थ, यसर्थ, अत एव, किनकि, तर, त्यसो भए, परन्तु, यदि, यद्यपि, तथापि, भने, हुनत, तैंपनि' इत्यादि शब्द कुनै एकहरा कुनै दोहरा प्रयोग भई आफना आफना अर्थ बुझाई परस्पर अपेक्षा भएका अनेक वाक्यलाई जोड्दछन्.

(१) 'औ, अनी' शब्द क्रम अर्थ बुझाई जोड्नु पर्ने समान श्रेणीका हरएक दुइ वाक्यका माझमा नित्यै प्रयोग हुन्छन्. जस्तैः—'रामु गयो अनी (औ) म आएं. गोपाल आए, औ (अनी) पुस्तक लिए, अनीखेरि (औ) पाठशाला गए.'

(२) 'पनी' शब्द समुच्चय अर्थ बुझाई जोड्नु पर्ने हरएक अनेक वाक्यका अन्त्यमा वा माझमा उही ठाउनिर दोहरा भई नित्यै प्रयोग हुन्छ. जस्तैः—'त्यो पनी आयो, म पनी गएं. त्यो आयो पनी, म गएं पनी. तिनले यो कुरा पनी भने, उनले यो जवाफ पनी दिए. मैले त्यो काम पनी गरें.' इत्यादि.

(३) 'कि, वा, अथवा, कि वा' शब्द विकल्प अर्थ बुझाई जोड्नु पर्ने समान श्रेणीका हरएक अनेक वाक्यका माझमा वा आदिमा नित्यै प्रयोग हुन्छन्. यसमा अनेकपल्ट प्रयोग गर्नु पर्ने भएमा, पद जोड्नेमा झैं वाक्य जोड्दा उही शब्द दोहऱ्याउंनु पर्ने निमय छैन. जस्तैः—'म त्यहां जाऊं कि (वा, अथवा, किंवा) यो काम गरूं. कि खा, अथवा पढ्, किंवा हिंड्. कि मलाई सिक्षा देऊ, कि बिदा देऊ. काम

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

गर्न दिन्छौ कि दिन्नौ.' इत्यादि.

(४) र, तसर्थ, यसर्थ, किनकि' शब्द कारण अर्थ बुझाई कार्य कारण भएका जोड्नु पर्ने अनेक वाक्यका माझमा (जोडमा) नित्य प्रयोग हुन्छन्. तर अघिल्लो वाक्यार्थ कारण भएमा 'र, तसर्थ, यसर्थ' शब्दको प्रयोग हुन्छ, पछिल्लो वाक्यार्थ कारण भएमा 'किनकि' शब्दको प्रयोग हुन्छ. जस्तै:—'त्यसले बोलायो र (तसर्थ यसर्थ) म आएको हुं. यस साल सहकाल हुनेछ, किनकि पानी बेस पऱ्यो. मलाई जानै पऱ्यो, किनकि तागिती आयो.' इत्यादि.

(५) 'भने, भनेत, भने देखि, त्यसो भए' शब्द केही कुराको सङ्केत अर्थ बुझाई जोड्नुपर्ने सङ्केत परेका अनेक वाक्यका बीचमा नित्यै प्रयोग हुन्छन्. तर 'त्यसो भए' शब्द बीचमा प्रयोग गरेमा पहिला वाक्यका आदिमा सङ्केत अर्थ बुझाउने 'यदि' शब्दको नित्यै प्रयोग हुन्छ, स्पष्ट नदेखिए पनी कल्पना गर्नु पर्छ; 'भने' आदि शब्दको प्रयोग गरेमा त 'यदि' शब्दको प्रयोग विकल्प छ. जस्तै:—'(यदि) तिमी यस्तो शङ्का गर्दछौ भने (भनेत, भने देखि) म यस्तो समाधान गरुंला. यदि त्यो पढ्दैन, त्यसो भए म रिसाउनेछु.' इत्यादि.

(६) 'परन्तु, किन्तु, तथापि, तैं पनी, त्यसो भए पनी, तर' शब्द अघिल्लो वाक्यको अर्थमा केही अनुमति गरी कन दोस्रो वाक्यार्थमा विशेषता अर्थ बुझाई जोड्नुपर्ने अनेक वाक्यका माझमा प्रयोग हुन्छन्. यसमा अघिल्लो वाक्यका आदिमा 'हुनत, यदि' शब्दको प्रयोग पनी हुन्छ, कहीं यी शब्दको स्पष्ट रूपले प्रयोग नभई अन्तर्गत हुन्छन्. कहीं अघिल्लो वाक्य भित्र 'त' शब्द, अथवान प्रत्ययान्त धातुसाधित जोडेको 'त' शब्द पनी प्रयोग हुन्छ. कहीं सङ्केतार्थक दुइ वाक्का बीचमा 'त पनी' शब्दको मात्र पनी प्रयोग हुन्छ. जस्तै:—'यद्यपि (हुनत) आज मैले जानुपर्नेहो, तर (तथापि, तैं

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पनी, त्यसो भए पनी, परन्तु, किन्तु) हिँड्न शक्तिनं. हुनत (यद्यपि) सबै शास्त्र पढ्नुपर्दछ, तथापि (तर, तपनी, त्यसो भए पनी, परन्तु, किन्तु) व्याकरण अति आवश्यक छ. जानत जान्छु, तर बखत छैन. त्यो त गयो, तर भेट्नेछैन. दिनु पर्नै हो तपनी यतिको कसरी दिऊं.' इत्यादि.

४२६. वाक्य-योजक अव्यय प्रयोग गरेमा फैं एकै वस्तुलाई कहने सम्बन्धी सर्वनाम अथवा त्यसबाट बनेका विशेषण अव्यय एक वाक्यमा, दर्शक सर्वनाम वा त्यसबाट बनेका विशेषण अव्ययादि अर्को वाक्यमा प्रयोग गरेमा पनी वाक्य जोडिन्छ. जस्तैः—

'जो मानिस गएथ्यो, त्यो आयो. जसलाई भन्छौ, उसलाई दिन्छु. जसले पढ्यो, त्यसले जान्यो. जस्तो भन्छौ, उस्तै ल्याइदिन्छु, जैले भन्छौ, उहिले आउंछु. जताबाट आइस्, उतैतिर जा. जसरी मन लाग्छ, उसै गरी गर'. इत्यादिमा सम्बन्धी र दर्शक-सर्वनामबाट बनेका शब्दहरू एक एक वाक्यमा प्रयोग गरेको हुनाले ती अनेक वाक्य जोडिई एकमेल भएको अर्थ बुझाउंछन्.

४२७. माथि लेखे बमोजीम कोही वाक्य-योजक जोडा मिलाई प्रयोग हुने कोही एक्लै पनी प्रयोग हुने हुनाले जोडा चांहिने शा । । व्यवहार अनुसार एकचाहीं मात्र प्रयोग भएको ठाउंमा पनी अर्कोचाहीं अध्याहार अर्थात् कल्पना गर्नुपर्छ.

४२८. शब्दयोगी र पद-योजक उभयान्वयी दुवै थरीले वाक्यमा रहेका शब्दको परस्पर सम्बन्ध गर्ने हुनाले ती दुवै एकै जस्ता देखिन्छन् त पनी शब्दयोगीचाहीं स्वतन्त्र अर्थ नहुने हुनाले कोही नाम आदि संग मिलेर एक जिउ भई त्यसको अर्को शब्द संग सम्बन्ध बुझाई जोड्ने; उभयान्वयीचाहीं आफना स्वतन्त्र अर्थ हुने हुनाले कुनै पद संग पनी नमिली

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अलग्ग रहेर आफू जोड्नु पर्ने दुवैथरी संग बराबर सम्बन्ध भएर एक पदको अर्को पद संग सम्बन्ध बुझाई जोड्ने हुन्छन्.

(४) उद्गारवाचक.

४२९. जुन अव्ययले वाक्यका अर्थको केही अंश बुझाउंदैनन्, केवल सो वाक्य प्रयोग गर्दा भएको हर्ष, शोक, आश्चर्य, निन्दा, प्रशंसा, प्रश्न, इत्यादि मनका भावलाई उद्गार गर्छन् अर्थात् शब्द द्वारा स्पष्ट गरी बुझाउंछन्, तिनलाई उद्गार-वाचक भन्दछन्. जस्तै:—

'अहा ! क्या ! वेस भयो.' यहां 'अहा, क्या' शब्दले हर्ष; 'राम ! राम ! साह्रै बिगार भयो.' यहां 'राम राम' शब्दले शोक; 'ओहो ! कस्ता राम्रो' यहां 'ओहो' शब्दले आश्चर्य; 'धत् के काम गर्छस्' यहां 'धत्' शब्दले निन्दा; 'श्यावास बेस गऱ्यौ' यहां 'श्यावास, शब्दले प्रशंसा; 'तं जान्छस् कि ?' यहाँ 'कि' शब्दले प्रश्न; स्वरूप मनका भावलाई स्पष्ट गरी बुझाउंने हुनाले यस्ता अव्यय 'उद्गार-वाचक' हुन्.

४३०. उद्गार-वाचकको वाक्यका पद संग प्रायः केही सम्बन्ध नभईकन तिनले वाक्यार्थका बीचमा हुन आएका मनोभावलाई उद्गार गरेर मात्र देखाउंछन्; अर्थात् अरू किसिमका चांहिने अव्ययहरू प्रयोग नगरेमा वाक्यको अङ्ग छुटी कुरा नपुग्ने हुन्छ, उद्गार-वाचकको प्रयोग नगरेमा त वाक्यार्थमा न्यूनता देखिंदैन, केवल सो उद्गार मात्र निस्कंदैन. जस्तै.—

'तिमी भात खाएर त्यहां चांडै जाऊ' इत्यादिमा 'खाएर, त्यहां, चांडै' पदको प्रयोग नगरेमा कुरा नै पुग्दैन; 'क्यावात बेस गऱ्यौ' इत्यादिमा 'क्यावात' पद छोडी प्रयोग गरेमा पनी कुरा त पुग्दछ, केवल मनोभाव प्रकाश हुंदैन.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

४३१. ती उद्गार-वाचक अव्यय नाना प्रकारको उद्गार बुझाउने हुनाले अर्थको अनुसार धेरै किसिमका हुन्छन्.[१]

(१) हर्ष-बोधक—'अहा, हीही.' इत्यादि.

(२) शोक-बोधक—'हा, हाइ, राम राम, शिव शिव, हरे शिव.' इत्यादि.

(३) आश्चर्य-बोधक—'ओहो, क्या.' इत्यादि.

(४) निन्दाबोधक—'छि:, धत्, हत्तेरि, थु:, धिक्कार, धिक्.' इत्यादि.

(५) प्रशंसा-बोधक—'श्याबास, क्याबात, जय जय, धन्य धन्य, वाहवा, वा:.' इत्यादि.

(६) प्रश्न-बोधक—'के, किन, क्या, क्याहो, केरे.' इ०

(७) स्युति-बोधक—'ज्या, याचे, थक्क, नाइ.' इत्यादि.

(८) निषेध-बोधक—'अहँ, नाहीं, बस्, चुप्, भो.' इ०

(९) अनुमति-बोधक—'लौ, हुन्छ, हवस्.' इत्यादि.

(१०) सम्बोधन-बोधक—'ए, ओ, हे, ऐ, अरे.' इ०

यस्तै गरी 'अ३, आ३, हँ३, जिऊ, हो, अ:, आथू, उहू, ई, यू३, ऐया, कठै, पक्का, सत्ये, खबरदार, कुन्नि, लौन.' इत्यादि विशेष विशेष अर्थ लिई प्रयोग हुने उद्गार-वाचक व्यवहारबाट जान्नू.

४३२. उद्गार-वाचक अव्यय प्राय: वाक्यका आदिमा प्रयोग हुन्छन्, कहीं कहीं चलन अनुसार मध्य अन्त्यमा पनी प्रयोग हुन्छन्; तर जुन भावको जहांनिर निस्कनु उचित छ, उहीं निर प्रयोग हुन्छ.

४३३. मनो-भावको न्यूनता वा आधिक्यका अनुसारले एकै बाजी

---

१ संस्कृतमा पनी 'अहो, हन्त' इत्यादि हर्ष-बोधक; 'बत, हन्त, हा, अहह' इत्यादि शोक-बोधक; 'साधु साधु' इत्यादि प्रशंसा-बोधक; 'अपि, किं' इत्यादि प्रश्न-बोधक; 'रे, हे, अङ्ग' इत्यादि सम्बोधन-बोधक; 'आ, बाढं' इत्यादि अनुमति-बोधक; 'नहि, नैव, अलं, कृतं' इत्यादि निषेध-बोधक; इत्यादि धेरै किसिमका उद्गार-वाचक हुन्छन्.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

थोरै धेरै यी अव्ययको प्रयोग हुन्छ, कहीं उही पनी दोहोरिन्छ, कहीं अर्को अर्को पनी हुन्छ; तर एकै ठाउंमा विरुद्ध (उल्टो) नाना भाव हुन नशक्ने हुनाले त्यस्ता विपरीत नाना भाव बुझाउंने धेरै थरीको प्रयोग हुंदैन; कहीं उल्टो कुरा गराइले सो भावको आधिक्य बुझाउंने गरी निन्दा गर्नु पर्नेमा प्रशंसाको, प्रशंसा गर्नु पर्नेमा निन्दाको शब्द प्रयोग गरिन्छ. जस्तै:—

'हाइ हाइ त्यसो नगर. तैले के गरिस् राम राम शिव शिव. ओहो धन्य धन्य जय जय' इत्यादिमा विरोध नहुले गरी उही भावको आधिक्य बुझाउंन नाना उद्गार-वाचकको प्रयोग हुन्छ. 'राम राम क्यावात बेस काम गर्‍यौ' इत्यादि निन्दा प्रशंसा एकै बाजी बुझाउंने गरी विरुद्ध उद्गार-वाचकको प्रयोग हुंदैन. कहीं प्रशंसा गर्नु पर्नेमा प्रशंसाको आधिक्य बुझाउंन 'धत् उल्लू! यस्तो के गरिस्' इत्यादि निन्दाका; कहीं निन्दा गर्नु पर्नेमा निन्दाको आधिक्य बुझाउंन 'श्यावास बेस गरिस्' इत्यादि प्रशंसाका अव्ययहरु पनी प्रयोग गरिन्छन्.

४३४. कहीं उद्गार-वाचक शब्दलाई अनुकरण शब्द तुल्याएर नाम जस्तो गरी विभक्ति प्रत्ययहरू जोडेर पनी प्रयोग हुन्छ. जस्तै:—

'तिम्रो राम रामले (राम राम शब्दले) के भयो. त्यसैले ऐया (ऐया-शब्द) भन्यो. त्यो उहू गर्दै (उहू शब्द भन्दै) गयो'. इत्यादिमा उद्गार-वाचक शब्द नाम भइ व्यवहार हुन्छन्.

४३५. कोही अव्यय वाक्य संग सम्बन्ध नराखी कन सिङ्गो वाक्य झैं स्वतन्त्र भएर पनी प्रयोग हुन्छन्. जस्तै:—'चुप्, बस्, लौ, हवस्, जिऊ, हं.' इत्यादि.

४३६. कोही अव्यय विशेष अर्थ केही नभई वाक्यार्थमा केही पनी विशेष नबुझाउंने केवल वाक्यार्थमा जोर दिई शोभा मात्र गराउंने पनी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

हुन्छन्. जस्तैः—'होत्त, केत, न, त.' इत्यादि.

४३७. नाम, सर्वनाम, विशेषण क्रियापदले केही पदार्थलाई स्पष्ट रूपले बुझाउने, हुनाले पहिले गएको सो पदार्थलाई पछिबाट दर्शक-सर्वनामको प्रयोग गरेमा सो सर्वनामले टप्प टिपी बुझाउन शक्छ; अव्यय शब्दले त केही वस्तुलाई स्पष्ट रूपले नबुझाउने हुनाले सो अव्ययको अर्थलाई पछिबाट दर्शक-सर्वनामको प्रयोग गरे पनी त्यसले बुझाउन शक्तैन. जस्तैः—'रामु सुत्यो, त्यो (रामु) आउंदैन' यहां 'रामु' यो नाम पदार्थलाई, 'टोपी कालो छ, त्यो (कालो) मलाई मन पर्दैन.' यहां 'कालो' यो विशेषण पदार्थलाई, 'त्यसले काम गर्‍यो, त्यो (मानिस) वेस छ.' यहां 'त्यसले' यो सर्वनाम पदार्थलाई, 'रामु दौड्यो' त्यो (दौडनु) ठीक भएन.' यहां 'दौड्यो' यो क्रियापदार्थलाई पछिबाटको 'त्यो' शब्दले बुझाउंछ; 'म संग केही छैन. झट्ट जा, राम र कृष्ण गए. छिः के गर्छस्' इत्यादिमा परेका 'संग, झट्ट, र, छिः' यी अव्ययको अर्थलाई पछिबाट 'त्यो' आदि सर्वनाम प्रयोग गरे पनी त्यसले बुझाउन शक्तैन.

शब्दयोगी, उभयान्वयी, उद्गार-वाचक अव्ययको बदलामा कुनै रूपले पनी त्यसलाई बुझाउन दर्शक-सर्वनामको प्रयोग हुन शक्तैन; क्रिया-विशेषणको बदलामा त नाम, सर्वनाम, विशेषणबाट प्रत्ययहरू भई बनेको क्रिया-विशेषण भए त्यसको अर्थलाई त्यस्तै किसिम संग प्रत्ययहरू भई क्रिया-विशेषण भएको दर्शक सर्वनामले बुझाउन शक्छ. जस्तै—'राम्ररी हिंड; त्यसरी हिंडे लडिंदैन. चटपटाएर नगर; त्यसो गरेर के हुन्छ. जहां जान्छस्; त्यहां काम हुनेछ.' इत्यादिमा विशेषणहरूबाट बनेको क्रिया-विशेषणको अर्थलाई त्यस्तै किसिमका 'त्यसरी' आदि सर्वनामले बुझाउंछ. 'झट्ट जा; त्यसो भए वेस होला' इत्यादिमा 'त्यसो भए' शब्दले 'झट्ट जानु' यो जम्मै वाक्यको क्रियारूप अर्थलाई लिने' 'झट्ट' यो अव्ययको अर्थलाई मात्र नलिने हुनाले अरू किसिमका क्रिया-विशे-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

षणको अर्थलाई कस्तै रीत संग पनी सर्वनामले बुझाउंन शक्तैन[१].

तसर्थ—'संग, र, पनी, अब, झट्ट, छिः' इत्यादि अव्यय शब्दबाट नामहरूमा झैं सर्वनामले ग्रहण गर्न हुने विशेष पदार्थ केही नबुझिने, जो कोही बुझिने अरू अर्थमा पनी नाम आदि पदार्थमा हुने स्त्रीत्व पुंस्त्वादि जाति, एकत्व द्वित्वादि संख्या, कर्तृत्व कर्मत्वादि कारक, इत्यादि पदार्थका विशेष धर्म केही नबुझिने हुनाले अव्यय शब्दमा लिङ्ग वचन विभक्तिहरू केही नहुंदा त्यसले हुने रूप-भेद केही नभई सधैं एकैनास हुन्छ.

तेरीज—

(क) लिङ्ग, वचन, विभक्ति, कारक फरक हुंदा हुनें रूप-भेद नभएका वाक्यार्थमा केही विशेषमात्र बुझाउने शब्दयोगी, क्रियाविशेषण, उभयान्वयी, उद्गारवाचक' यी चार किसिमका शब्दलाई 'अव्यय' भन्दछन्.

(ख) अर्को शब्दमा जोडेरमात्र प्रयोग हुने स्वतन्त्र अर्थ नहुनाले स्वतन्त्र प्रयोग नहुने अव्ययलाई 'शब्दयोगी' भन्दछन्.

(ग) क्रियामा अन्वयी भई क्रियाको देश, काल, प्रकार आदि विशेष अर्थ

---

१ संस्कृतमा पनी कोही शब्द 'सत्ववाची' अर्थात् कोही वस्तुलाई यो वस्तु भनि बुझाउंन शक्ने नाम विशेषण सर्वनाम क्रिया-पद आदि, कोही शब्द 'असत्ववाची' अर्थात् कोही वस्तुलाई पनी यो वस्तु भनि बुझाउंन नशक्ने अव्यय भन्ने दुइ किसिम मानी, 'अपि, च, सह, वरं, अहो' इत्यादि अव्यय शब्दार्थलाई दर्शक-सर्वनामले ग्रहण गर्न नशकिने हुनाले यस्ता शब्द लिङ्ग संख्यादि नहुने 'असत्ववाची' (अद्रव्यवाची) भनि मानिएका छन्.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

बुझाउने अव्ययलाई 'क्रियाविशेषण' भन्दछन्.

(घ) वाक्य भित्र रहेर दोहरा अन्वय भई अनेकपद अथवा वाक्यलाई जोडी एकमेल गराउने अव्ययलाई 'उभयान्वयी' भन्दछन्.

(ङ, वाक्यार्थको केही अंश नबुझाई वाक्य-प्रयोगको अवस्थामा भएका हर्ष शोक, आश्चर्य, निन्दा, प्रशंसा, प्रश्न आदि मनोभाव बुझाउने अव्ययलाई 'उद्गारवाचक' भन्दछन्.

अभ्यास—

(१) अव्यय भनेको के हो; तीक ति प्रकारका छन् ? अव्यय भेदको लक्षण कस्तो कस्तो हुन्छ ? कुन शब्दयोगी कस्तामा प्रयोग हुन्छ ? अव्यय शब्द कति किसिमबाट बनेका हुन्छन् ? क्रिया-विशेषण र उद्गार-वाचक कति कति थरीका हुन्छन् ? उभयान्वयी कुनचाहीं कस्तामा प्रयोग हुन्छ ?.

(२) तलका वाक्यमा परेका कुन कुन शब्द अव्यय हुन्, कुन कुन जातका हुन्, बताऊः—

'ए बाबु खूप मिहिनत गरी पढ. विद्या भयो भने त्यसलाई सबैले आहा भन्दछन्, कसैले पनी छिः भन्न सक्तैन. बेहान सबेरै उठ, अनी हात मुख धोएर पवित्र भई खलबल नभएको ठाउंमा बस र अनी बेसरी अभ्यास गर. बेहानको बखत कस्तो छ भने त्यस बेलामा बुद्धिलाई जता लायो उतै लाग्दछ. तसर्थ त्यस बेलाको बुद्धिलाई इलमै तिर लगाउनाले फाइदा हुन्छ. अरू खराप कुरा पट्टि लगायौ भनेदेखि खरापै कुरामा लाग्ने हुन्छ. जसरी हुन्छ उसैगरी पढ्नामा मन लगाऊ. हेर फलानो त्यसै खेर गयो त्यस संग केही पनी कुद्रत छैन भनि अरूले धिक्कार भने त आफूलाई मर्नु जस्तै हुन्छ.'

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(३) तलका वाक्यमा कुन कुन अव्ययबाट कस्तो कस्तो अर्थ बुझिन्छ, तिनको कस संग अन्वय छ, बताऊ:—

'ओ रामु आज किन पाठशाला गएनौ. हिजो पनी आज पनी गएनौ. घरमा बसेर पो के गऱ्यौ. पाठ घोक्यौ कि गुज्जा खेलीरह्यौ. धत् उल्लू यसैगरी दिन बिताउंछौ. आज भोलि गर्दा गर्दै यसै वेला गुज्रो शक्छ अनी के गरौला. चार जनाले हजारौं बाजि छि: थु: भने भने के गर्नू. अस्तिदेखिको पाठ तिमीलाई आउंदैन. बराबर जाने गर. हुनत खेल्न कसलाई मन लाग्दैन, तर बखत हेरी खेल्नुपर्छ. पढ्ने बखतमा पनी यता उती दगुरीं रहन लाग्यौ भने पछि यसो न उसो होला. के सधैं मोजै संग हिड्नु हुन्छ. वर परका मानिस आफै जस्ताले पढेको हेर्नुपर्छ. नरिसाए है मैले हित कुरा गरेको हुं. किनकि तिमी संग मेरो पूरा मित्रता छ. त्यसैले बराबर संझाउंछु. आज संम जे भए पनी भयो अबदेखि यसो नगर.'

——०——

२४—समास-विचार.

——०——

४३८. 'राजकाजलाई ठुलो बुद्धि चाहिन्छ. यो भरदिन काम गर्छ. फिर्तिहुलाक गयो. तीनमुखे चुलोमा पकाऊ. दोबाटोमा नबस. रामलक्ष्मण वनमा गए.' इत्यादिमा 'राजाको काज, दिन भर, फिर्ति हुलाक, तीन मुख, दुइ बाटो, रामलक्ष्मण' यी दुइ दुइ शब्द मिली बीचमा रहेको विभक्तिको लोप, कहीं शब्दमा केही विकार समेत भई 'राजकाज, भरदिन,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

फिर्तिहुलाक, तीनमुखे, दोबाटो, रामलक्ष्मण' यस्ता एक एक शब्द भई व्यवहार हुन्छन्. यी शब्दमा 'राजकाज, भरदिन, फिर्तिहुलाक, रामलक्ष्मण' यी शब्दबाट 'राजाको काज, दिन भर, फिर्ति हुलाक, राम लक्ष्मण' यी शब्दको जत्ति अर्थ हो उत्तिकै बुझिन्छ; 'तीनमुखे, दोबाटो' शब्दबाट 'तीन मुख, दुइ बाटो' यी शब्दको भन्दा विशेष 'तीन मुख हुने चुलो आदि, दुइ बाटाको समुदाय' स्वरूप अर्थ बुझिन्छ.

यस्तै किसिमसंग अनेक पद आफूसमा मिली बीचका विभक्तिको लोप कहीं विकार समेत भई कहीं तिनै पदको अर्थ मात्र, कहां विशेष अर्थ समेत बुझाउंने गरी बनेका, वर्ण जोडिएर बन्ने संयुक्त अक्षर जस्ता संयुक्त-शब्द व्यवहारमा धेरै प्रयोग हुन्छन्.

४३९. तसर्थ—अनेक पद आफूसमा मिली बीचका विभक्ति प्रत्यय-हरूको लोप कहीं विकार समेत भई कहीं उही अर्थ कहीं विशेष अर्थ समेत बुझाउंने जो एक पद बन्दछन्, तिनलाई समास भन्दछन्. जस्तैः—

'घरकाज, घरधन्दा, चारकुने, लाम्पाते, भरमौदूर, सान्नानी, कालीमाटी, त्रिगोडी, त्रिपाशा, दूधभात, लेनदेन' इत्यादि शब्द 'घरको काज, घरको धन्दा, चार कुना, लामो पात, मौदूर भर, सानी नानी, कालो माटो, त्रि गोडा, त्रि पाशा, दूध भात, लिनु दिनु' यी अनेक शब्द मिली बीचको विभक्ति प्रत्ययको लोप भई कहीं शब्दको स्वरूपमा केही विकार समेत भई, कहीं उही कहीं विशेष अर्थ बुझाउंने गरी एक पद बनेका हुनाले 'समास' हुन्.

४४०. अनेक पदको रचनाबाट बुझिने अर्थलाई संक्षेपरूपले बुझाउंने हुनाले ती संक्षिप्त एक पदलाई समास; सो समस्त (समास भएको) पदको अर्थ बुझाउंन बीचमा विभक्ति प्रत्ययहरू समेत गरी प्रयोग गरिने अनेक पदको रचनालाई विस्ताररूप हुनाले विग्रह भन्दछन्. जस्तैः—

समास.	विग्रह.
राजकाज.	राजाको काज.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भरदिन.	दिन भए संम.
तीनमुखे.	तीन मुख भएको.
कालीमाटी.	कालो माटो.
दोबाटो.	दुइ बाटाको समुदाय.
रामलक्ष्मण.	राम र लक्ष्मण.

४४१. सो विग्रहको वाक्यरचना गर्दा कहीं समास हुने पदैमा विभक्ति थपेको हुनाले स्वपद-विग्रह अर्थात् समास हुने पदै राखेर गरेको विग्रह हुन्छ, त्यस्तामा समास गरेर अथवा नगरेर पनी प्रयोग हुने हुनाले त्यस्ता समासलाई अनित्य; कहीं समास हुने पद भन्दा अर्कै पद पनी राखेको हुनाले अस्वपद-विग्रह अर्थात् समास नहुने पद राखेर गरेको विग्रह हुन्छ, त्यस्तामा समास गरेरै प्रयोग हुने हुनाले त्यस्ता समासलाई नित्य भन्दछन्. जस्तैः—

'राजकाज, फिर्तिहुलाक' इत्यादिमा 'राजाको काज, फिर्ति हुलाक' इत्यादि 'स्वपद-विग्रह' हुने हुनाले 'अनित्य-समास;' 'भरदिन, भरमौदूर' इत्यादिमा 'दिन भए संम, मौदूर भए संम' इत्यादि 'अस्वपद-विग्रह' हुने हुनाले 'नित्य-समास' हुन्छ.

४४२. समास हुंदा वाक्य भित्रका जुन जुन पदको सामर्थ्य अर्थात् परस्पर मेल छ, त्यस्ता अनेक पदको मात्र समास हुन्छ; सामर्थ्य (परस्पर मेल) नभएका अनेक पदको समास हुंदैन[१] जस्तैः—

(क) 'राजाको काज सूक्ष्म हुन्छ. फिर्ति हुलाक हिंड्यो. डांडाको वारि घर

---

१ संस्कृतमा पनी 'राज्ञः पुत्र आगच्छति. (राजाको छोरा आउंछन्)' इत्यादिमा सामर्थ्य हुनाले समास गरी 'राजपुत्र आगच्छति' इत्यादि प्रयोग हुन्छ; 'इदं गृहं राज्ञः; पुत्रो मे गतः (यो घर राजाको, छोरो मेरो गयो)' इत्यादिमा सामर्थ्य नहुनाले 'राज पुत्रः' इत्यादि समास हुंदैन.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

छ तीन मुख भएको चुलोमा पकाऊ. त्यहां दुइ बाटा छन्. राम र लक्ष्मण वनमा गए.' इत्यादिमा 'राजा, काज' आदि दुइ दुइ पदको सामर्थ्य हुनाले समास गरी 'राजकाज सूक्ष्म हुन्छ. फिर्तिहुलाक हिंड्यो. डांडावारि घर छ. तीनमुखे चुलोमा पकाऊ. त्यहां दोबाटो छ. रामलक्ष्मण वनमा गए' इत्यादि प्रयोग हुन्छ.

(ख) 'यो घर राजाको; काज तिम्रो छैन. यो चिठि फिर्ति; हुलाक हिंड्यो. पारि डांडाको, वारि नदीको मेरो घर छ.' इत्यादिमा 'राजाको काज, फिर्ति हुलाक, डांडाको वारि' यी दुइ दुइ पदको आफूसमा अन्वय नभई अघिल्लो पदको अघिल्तिरै, पछिल्लो पदको पछिल्तिरै अन्वय भई सामर्थ्य नहुनाले 'राजकाज, फिर्तिहुलाक, डांडावारि' यस्तो समास गरी-प्रयोग हुंदैन. यस्तै अरूमा पनि जान्नू.

४४३. समास भएका पदबाट अर्थ बुझिदा कहीं पूर्व (अघिल्लो) पदको, कहीं उत्तर (पछिल्लो) पदको, कहीं अन्य (बाहिरिया) पदको, कहीं उभय (दुवै) पदको, अर्थ मुख्य भई त्यसैमा अरू अमुख्य पदको अन्वय हुने हुनाले अर्थका अनुसारले समास चार प्रकारका हुन्छन्.

(१) पूर्वपदार्थ प्रधानमा – अघिल्लो पद अव्यय वा अरू किसिमको भई सोही मुख्य भएर त्यसमा दोस्रो पदको अन्वय हुने हुन्छ. जस्तैः– 'भरशक, भरमौदूर, विनाकाज, आधा काम' इत्यादिमा 'भर, विना, आधा' इत्यादि पूर्वपदको अर्थ-प्रधान हुने गरी 'शक भए संम, मौदूर भए संम, काज नभईकन, कामको आधा' इत्यादि अर्थ बुझिन्छ. यस्तै वारिडांडा, आधाकपाल, बेहिसाव.' इत्यादि.

(२) उत्तरपदार्थ-प्रधानमा – पछिल्लो पद मुख्य भई त्यसमा अघिल्लो पद विशेषण वा विभक्तिको जोडले विशेषण जस्तो भएर अन्वय हुने हुन्छ. जस्तैः– 'राजकाज, घरधन्धा, घरकाज, फिर्तिहुलाक, कालीमाटी' इत्यादिमा 'काज, धन्दा, हुलाक, माटो' इत्यादिको उत्तर पदको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अर्थ प्रधान हुने गरी 'राजाको काज, घरको धन्दा, घरको काज, फिर्ता भएको हुलाक, कालो माटो' इत्यादि अर्थ बुझिन्छ, यस्तै:- 'घरधन्दा, बडापत्र, लालमोहर, मूलश्रोछेन.' इत्यादि.

(३) अन्यपदार्थ-प्रधानमा– अघिल्लो पद दोस्रो पद संग मिली त्यो जम्मै विशेषण भएर समासमा नपरेको अर्कै पदार्थ मुख्य गराई त्यसमा अन्वय हुने हुन्छ. जस्तै– 'तीनमुखे, चारकुने, बडगजा, कागखुट्टे' इत्यादिमा पूर्वपद उत्तरपदमा मिली त्यो जम्मै विशेषण भएर 'चुलो, रुमाल, धोती, मानिस' यी बाहिरिया पद मुख्य हुने गरी 'तीन मुख भएको चुलो, चारकुना भएको रुमाल, बडो गज भएको धोती, कागको जस्तो खुट्टा भएको मानिस' इत्यादि अर्थ बुझिन्छ. यस्तै:- मखिबुट्टे, दशहाते, त्रिहत्ती, बघमुखा' इत्यादि.

(४) उभयपदार्थ-प्रधानमा–पूर्वपद उत्तरपदमा, किंवा उत्तरपद पूर्वपदमा विशेषणहरू केही नभई दुवै पदार्थ मिली समान प्रधान भएर बुझिने हुन्छ. जस्तै:– रामलक्ष्मण, रामकृष्ण, दूधभात, लेनदेन' इत्यादिमा दुवै पदको अर्थ समान हुने गरी 'राम र लक्ष्मण, राम र कृष्ण, दूध र भात, लिनु र दिनु' इत्यादि अर्थ बुझिन्छ. यस्तै:- आलुमुला, मानापाथि, गानबजान, दाज्यूभाइ' इत्यादि.

४४४. ती समासको विशेष नियम फरक हुनाले भेद कल्पना गरेमा छ प्रकारका समास हुन्छन्. (१) तत्पुरुष, (२) कर्मधारय, (३) द्विगु, (४) अव्ययीभाव, (५) बहुव्रीही, (६) द्वन्द्व.

४४५. अर्थ अनुसार सातै विभक्त्यन्त अथवा न शब्द अथवा उपपद अर्थात् छुट्टा प्रयोग नहुने धातुसाधितमा जोडिएको कारक शब्द पूर्वपद राखी, पूर्वपद प्रथमान्त भए षष्ठ्यन्त अरू भए प्रथमान्त उत्तरपद राखी बेगलै बेगलै वस्तुलाई कहने हुनाले आफूसमा विशेष्य विशेषण नभएका अनेक पदको समास हुनेलाई तत्पुरुष भन्दछन्.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(क) प्रथमा-तत्पुरुषमा पूर्वपदार्थ प्रधान हुने हुनाले विग्रहमा भन्दा समासमा पदको क्रम फरक हुन्छ, अरू तत्पुरुषमा फरक हुँदैन. प्रथमा षष्ठी बाहेक विभक्ति-तत्पुरुषमा र उपपद-तत्पुरुषमा प्राय: उत्तर-पद क्रिया बुझाउने धातुसाधित, पूर्वपद त्यसको कारक हुन्छ; अरूमा प्राय: क्रिया कारक हुंदैन. उपपद-तत्पुरुषमा समास नगरी सो धातुसाधितको प्रयोगै नहुने हुनाले अस्वपद (अर्कै पद राखेको) विग्रह, नञ्तत्पुरुषमा कहीं स्वपद कहीं अस्वपद विग्रह, अरू तत्पुरुषमा प्राय: स्वपद विग्रहै हुन्छ.

(ख) तत्पुरु समास भएमा कारक विभक्ति भएको ठाउँमा प्राय: शब्दमा विकार हुंदैन, अरूमा कहीं कहीं पूर्व वा उत्तरपदमा स्वरको लोप वा अर्को स्वर, नञ्तत्पुरुषमा कहीं हल् न कारको लोप इत्यादि विकार हुन्छ. समास हुने अनेक पदका बीचको विभक्ति प्रत्ययको त सर्वत्र लोप हुन्छ. जस्तै:—

संज्ञा.	विग्रह.	समास.
१—प्रथमा-तत्पुरुष—	कपालको आधा	आधाकपाल.
,,	दिनको आधा	आधादिन.
,,	रातको आधा	आधारात, आधीरात.
,,	बाटाको आधा	आधाबाटो.
,,	कामको आधा	आधाकाम.
,,	कामको चौथाइ	चौथाइकाम.
,,	सेरको पाउ	पाउसेर. इत्यादि.
२—द्वितीया-तत्पुरुष—	भीकलाई मगन्त	भीकमगन्त.
,,	पेटलाई भरुवा	पेटभरुवा.
,,	कामलाई गरैया	कामगरैया.
,,	जग्गालाई पोलाहा	जग्गापोलाहा.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

,,	घरलाई भगुवा	घरभगुवा.
,,	पैसालाई खर्चुवा	पैसाखर्चुवा इ०
३–तृतीया-तत्पुरुष—	हरले छेरुवा	हरछेरुवा.
,,	मुक्कीले लडुवा	मुक्कीलडुवा.
,,	तरवारले हनैया	तरवारहनैया.
,,	वाचाले बन्धन	वाचाबन्धन. इ०
४–चतुर्थी-तत्पुरुष—	कामलाई लायक	कामलायक. इ०
५–पञ्चमी-तत्पुरुष—	घरदेखि फुट्टा	घरफुट्टा.
,,	घरदेखि पूर्व	घरपूर्व.
,,	खोल्सोदेखि पश्चिम	खोल्सोपश्चिम.
,,	रैकरदेखि उत्तर	रैकरउत्तर.
,,	बाटोदेखि दक्षिण	बाटोदक्षिण.
,,	महाँकालीदेखि पूर्व	महाँकालीपूर्व.
,,	मेचीदेखि पश्चिम	मेचीपश्चिम. इ०
६–षष्ठी-तत्पुरुष—	घरको धन्दा	घरधन्दा.
,,	राजाको काज	राजकाज.
,,	बाबुको बैरी	बाब्बैरी.
,,	बाघको अम्बर	बघम्बर.
,,	पेटको पूजा	पेटपूजा.
,,	मनको कामना	मनकामना.
,,	गङ्गाको पार	गङ्गापार.
,,	वनको चमेली	वनचमेली.
,,	बडाको पत्र	बडापत्र.
,,	दसैंको किस्ता	दसैंकिस्ता.
,,	शुक्रको वार	शुक्रवार.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

"	आदित्यको बार	आइतवार.
"	मनको तातो	मनतातो.
"	राजको दर्वार	राजदर्वार.
"	किस्ताको खिलाफी.	किस्ताखिलाफी.
"	विन्तिको पत्र	विन्तिपत्र.
"	फिरादीको पत्र	फिरादीपत्र.
"	बहूको भतेर	बहूभतेर.
"	गाईको गोठ	गाईगोठ.
"	लाखको पति	लखपति.
"	मनको मोजी	मनमोजी.
"	बाघको चाल	बाघचाल.
"	भइंको चाल	भइंचालो.
"	मालको पोत	मालपोत.
"	वनको कर	बनकर.
"	वनको घोडा	वनघोडा.
"	घरको जुवांनी	घरजुवांनी.
"	राजाका कुवँर	राजकुवँर.
"	कैदको कट्टि	कैदकट्टि. इ०
७–सप्तमी-तत्पुरुष	--धोतीमा छेरुवा	धोतीछेरुवा.
"	ओछेनमा मुतुवा	ओछेनमुतुवा.
"	गल्लीमा डुलुवा	गल्लीडुलुवा.
"	सरहमा घुमुवा	सहरघुमुवा.
"	घरमा चहारुवा	गरचहारुवा.
"	रातमा अन्धो	रतन्धो, रतौंधो. इ०
८–उपपद-तत्पुरुष	--घोडामा चढेको	घोडचढी.
"	भात मात्र खाने	भातखोवा.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

,,	भुँडि फोर्ने	भुँडिफोरा (जन्तु)
,,	मुख फार्ने	मुखफोरा.
,,	नदीले काटेको	नदीकाट.
,,	गोडालाई धुने	गोडधुवा. इ०
९–नञ-तत्पुरुष——	खराप काम	नकाम.
,,	खराप काल	अकाल.
,,	फाप नहुने	अफाप.
,,	खान नहुने	नखानु, अखानु.
,,	न बोल्ने	अबोल, अबोला.
,,	न देखेको	अदेख, अदेखा.
,,	न टेर्ने	अटेर, अटेरा.
,,	न जान्ने	अजान, अनजान.
,,	न पढेको	अपढ. इत्यादि[१].

१ संस्कृतमा पनी 'अर्द्धकायः (आधा शरीर), अर्द्धवस्त्रम् (आधा वस्त्र)' इत्यादि 'प्रथमा-तत्पुरुष;' ग्रामगतः (गाउँ गएको), दुःखप्राप्तः (दुःख पाएको)' इत्यादि 'द्वितीया-तत्पुरुष;' (शङ्कुलाखण्डः (चक्कुले गरेको टुक्रा), त्वद्दृष्टः (तिमीले देखेको)' इत्यादि 'तृतीया-तत्पुरुष'; कुण्डलहिरण्यम् (चोगडीलाई सुन), राजहितम् (राजालाई हित)' इत्यादि 'चतुर्थी-तत्पुरुष'; चोरभयम् (चोरबाट डर), गृहपूर्वम् (घर पूर्व)' इत्यादि 'पञ्चमी-तत्पुरुष;' 'राजगृहम् (राज दर्बार), गृहकर्म (घरकाज)' इत्यादि 'षष्ठी-तत्पुरुष'; 'कर्मवीरः (काममा वीर), रात्र्यन्धः (रतौंधो)'. इत्यादि 'सप्तमी-तत्पुरुष;' गृहस्थः (गृहस्थी), सरोजम् (तलाउमा हुने कमल)' इत्यादि 'उपपद-तत्पुरुष;' 'अकार्यम् (नकाम), अनन्तः (अन्त्य नभएको)' इत्यादि 'नञ्-तत्पुरुष;' यी नौ प्रकारका तत्पुरुषसमास हुन्छन्.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(२) कर्मधारय.

४४६. गुणक्रियादि-बोधक विशेषण, अथवा तुल्यता-बोधक अर्थात् उपमान-विशेषण र आरोप-विशेषण, अथवा नाम-विशेषण अर्थात् विशेषण तुल्याएको नाम-शब्द प्रथमान्त पूर्वपद राखी, विशेष्य अथवा विशेष्य तुल्याएको विशेषण-शब्द प्रथमान्त उत्तरपद राखी, समानाधिकरण अर्थात् भिन्न भिन्न प्रकारले एकै वस्तुलाई कहने अनेक पदको हुने समास-लाई कर्मधारय भन्दछन्.

(क) कर्मधारय-समास भएमा कहीं पूर्व उत्तर पदैको मिलेको अर्थ मात्र, कहीं कोही विशेष वस्तु पनी बुझिन्छ; विग्रह पनी प्रायः स्वपदै हुन्छ; कुनै कुनै शब्द पूर्व उत्तर पदमा केही स्वरको विकारहरू पनी हुन्छ.

(ख) विशेष्य जातको शब्दलाई पनी तुल्यता आदि विशेष अर्थ कल्पना गरी विशेषण तुल्याउंन विशेषण जातको शब्दलाई पनी मुख्य गराउंन हुने विशेष्य-विशेषण-भाव विवक्षाधीन हुने हुनाले कर्मधारय समासमा पूर्व उत्तर दुवै पद कहीं विशेष्य जातका, कहीं दुवै विशेषण जातका, कहीं एक विशेषण जातका अर्को विशेष्य जातको भए पनी अघिल्लो पद दोस्रो पदमा विशेषण बनी एकै वस्तु बुझिन्छ. दोस्रो पद विशेषण जातको शब्द भएमा समासबाट कोही वस्तु विशेष रूपले नबुझिने हुनाले सो विशेष बुझाउंदा अर्को विशेष्य प्रयोग हुन्छ. जस्तैः—

	विग्रह.	समास.
१—विशेषण[१]-पूर्वपद—	कालो माटो	कालीमाटी.
,,	भलो-ली-ला आदमी	भलादमी.

१ विशेषणपूर्वपद कर्मधारय समास भएमा 'दाइ, दाज्यू, दिदी, नानी' आदि कुनै शब्द संग जोडेमा 'ठुलो, सानो, जेठो, माहिलो, साहिलो,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

"	लाल मोहोर	लालमोहोर.
"	मूल अछेन	मूलअछेन.
"	फिर्ती हुलाक	फिर्तीहुलाक.
"	ठुला दाइ	ठुल-दाइ, दाइज्यू, दाज्यू, दाज्यैज्यू.
"	साना दाइ	सान्-दाइ, दाइज्यू, दाज्यू, दाज्यै, दाज्यैज्यू.
"	ठुली दिदी	ठुल्-दी, दिदी, दीज्यू, दिदीज्यू.
"	जेठा दाइ	जेठ्दाइ, जेठादाइ.
"	कान्छा दाइ	कान्दाइ, कान्छादाइ.
"	साना बा	सानाबा.
"	सानो आमा	सानीआमा, सानीमा.
"	ठुली नानी	ठुल्-नानी, ठुलीनानी.
"	सानी नानी	सान्नानी, सानीनानी.
"	गुरु आमा	गुरुआमा, गुरुमा.
"	बुढा औंलो	बुढीऔंलो, ली, ला.
"	चोर औंला	चोरऔंलो, ली, ला.

कांहिला, कान्छो' इत्यादि र तिनका स्त्रीलिङ्गी शब्द पनी विकल्पले अन्त्यस्वरको लोप भई हलन्त, कान्छो शब्दमा 'कान्' यस्तो भएर; 'औंलो' शब्द ओ-ई-आकारान्त त्यसमा जोडेका'बुढो, सांहिलो' आदि शब्द ईकारान्त भएर व्यवहार हुन्छ. यस्तै अरू शब्दमा पनी कहीं कहीं विकार हुन्छ. 'गुरुआमा, गुरुमा' यहां विकार भएमा गुरुपत्नी', नभएमा 'गुरुकी माता' भन्ने अर्थ; 'सानी आमा, सानीमा' यहां विकार भएमा 'आमाकी बहिनी,' नभएमा 'सौतेनी आमा' भन्ने अर्थ फरक पनी हुन्छ. यस्तै किसिमका विशेष व्यवहारबाट जान्नू.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

"	माहिला औंलो	माहिलाऔंलो, ली; ला.
"	साहिलो औंलो	साहिलीऔंलो, ली. ला.
"	कान्छो औंलो	कान्छीऔंलो, ली, ला. इत्यादि.
२—विशेषणो-भयपद[१]-रातो कालो		रातोकालो (ढाका.)
"	जेठो बाठो	जेठोबाठो (छोरो)

---

१ (क) विशेषणोभयपद कर्मधारय गरेमा 'रातोकालो, बुढोपाको' इत्यादिमा एउटै रातो भइकन कालो समेत भएको, बुढो भईकन पाको समेत भएको भन्ने इत्यादि बुझिन्छ; यसैमा पछि लेखिने द्वन्द्व समास गरेमा 'रात्ताकाला ढाकाहरू' इत्यादिबाट रातो ढाका बेग्लै, कालो ढाका बेग्लै भन्ने बुझिन्छ. यही किसिम संग 'देखेसुनेको' इत्यादिमा पनी देखेको र सुनेका बेग्लै बुझाउंदा द्वन्द्व समास, एउटै बुझाउंदा यही कर्मधारय हुन्छ. तर द्वन्द्व भएमा अनेकै बुझिने हुनाले एकवचनमा प्रयोग हुंदैन, कर्मधारय गरेमा विशेष्य अनुसार सबै वचनमा प्रयोग हुन्छ. संस्कृतमा पनी एकै बुझाई कर्मधारय गरेमा 'रक्तनीलं वस्त्रं, शीतोष्णं जलम्' इत्यादि; भिन्न भिन्न बुझाई द्वन्द्व गरेमा 'रक्तनीलानि वस्त्राणि, शीतोष्णे जले' इत्यादि प्रयोग हुन्छ.

(ख) विशेषणोभयपद कर्मधारयमा ओकारान्त-शब्दमा स्त्री आदर बुझाउंदा सामान्य नियम बमोजीम ई आकारान्त हुने, 'एको' प्रत्ययान्तको समास गरेमा 'को-का-की' लोप भई 'देखेसुनेको-की-का' हुने इत्यादि केही विकार हुन्छ.

(ग) संख्याविशेषण संग त्यसको भाग बुझाउने शब्दको समास गरेमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

"	बुढी पाकी	ल्हीपाकी (स्वास्नी)
"	चिल्ला काला	चिल्लाकाला (लुगडा)

'साढे पौने, सवा' शब्द तीन चार आदिमा विशेषण जस्तो भई त्यो जम्मै अर्को विशेष्यको विशेषण हुन्छ. यसमा अर्थ फरक नहुने शब्दमा विकार पनी नहुने हुनाले समास गरेपनी नगरेपनी हुन्छ. डेढ अढाइ' शब्द लिएको जंमा संख्या पनि भागका डेढा अढैया बुझाउन गरी डेढ कोरी (३०), अढाइ दर्जन (३०), अढाइ बीस (५०), डेढ रुपिया (१॥), डेढधार्नी (१S१॥.) अढाइ बिसौली (१S॥। डेढ पाउ (S। = .), डेढ तोला (१।५), अढाइ टाक (—॥), डेढ माना (.।.।१।५), अढाइ भांडो (२॥)' इत्यादि केही-संख्या वा परिमाणमा नियत भएका सबै किसिमका शब्द संग र 'सय, हजार' आदि पूर्ण संख्या-बाचक संग मात्र जोडिन्छ; 'अढाइ दश, डेढ पांच' यस्तो गरी अरू संख्या-वाचक संग जोडिंदैन. 'साढे, पौने, सवा' शब्द त 'आधा सहित पाउ घटि, पाउ सहित' भन्ने अर्थ लिएर पहिले संख्या-विशेषणको नियम (२०४) मा लेखे बमोजीम पूर्ण संख्याको भाग बुझाएर संख्या संग मात्र जोडिन्छ; अरू किसिमका शब्द संग जोड्नु परेमा त 'सवा दश रुपिंया, पौने पांच धार्नी, साढे तीन कोरी, सवा चारसय तोला, पौने छ पाउ, साढे दश भांडो' इत्यादि संख्यावाचक जोडेर मात्र प्रयोग हुन्छ. 'सवा, पौने' शब्द 'एक' शब्द संग जोडेमा 'सवा (एक) रुपिंया, पौन (एक) धार्नी' इत्यादि 'एक' शब्द भने पनी नभने पनी हुन्छ. अरू संख्या संग जोडेमा त 'सवा दुइ रुपिंया, पौने पचास धार्नी' इत्यादि संख्या शब्द जोडेरै प्रयोग हुन्छ साढे शब्द एक दुइ शब्द संग जोडेर प्रयोग हुनु भन्दा 'डेढ, अढाइ' कै प्रयोग प्रसिद्ध हुन्छ, त्यति गुणको पहाडा बुझाउंदा 'दश अढैया, चार

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

"	ठुलो कान्छो	ठुलोकान्छो(छोरो)
"	साना कान्छा	सानाकान्छा(नानी)
"	देखेको सुनेको	देखेसुनेको (कुरा)
"	पढेका गुनका	पढेगुनेका(मानिस)
"	साढे नौ	साढेनौ (रुपैयाँ)
"	सवा चार	सवाचार. "
"	पौने दश	पौनेदश. " ३०
३--नामोभयपद[१]--	राम राजा	रामराजा राजाराम.

डेढी, पाँच सईया बीस पौने' इत्यादि बेग्लै शब्दको प्रयोग हुन्छ. इत्यादि सङ्ख्यावाचकको प्रयोगमा हुने विशेष कुरा व्यवहार अनुसार सूक्ष्म दृष्टले विचार गर्नू.

१(क) नामोभयपद कर्मधारयमा प्रायः धेरै व्यक्तिलाई कहने शब्द उत्तरपद, थोरै व्यक्तिलाई कहने शब्द पूर्वपद हुने हुनाले विशेष-नाम र सामान्य-नाम भएमा विशेष-नामचाहीं, सामान्य-नाम भएमा जात पदवी बुझाउने आदि विशेषपदचाहीं पूर्वपद हुन्छ; कहीं कहीं 'रामराजा, छोरानानी' इत्यादिमा इच्छा बमोजीम जुनसुकै आदिमा राखे पनी हुन्छ.

(ख) नामोभयपद कर्मधारयमा 'भानिज दाइ' इत्यादि सम्बन्ध बुझाउने पद राखी समास गरेमा भन्ने मानिसको नाता बुझाउने पद उत्तरपद, जसको नातालाई लिएर आफ्नो नाता भयो सो प्रधान नाताको पद पूर्वपद हुन्छ. जस्तैः—'भानिजदाइ (बाबुको भानिज आफ्नो दाइ) फुपूशाशू. (पतिको वा स्त्रीको फुपू आफ्नो शाशू), जुवानी बाजे (मालिकको जुवानी आफ्नो बाजे), मामाशशुरा, (पतिको वा स्त्रीको मामा आफ्नो शशुरा)'. यस्तैः—'छोराबाजे, भानिजबाजे, सानीमाशाशू भानिजनानी, नातीबाजे, नातीगुरुज्यू.' इत्यादि.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

,,	भानिज दाइ	भानिजदाइ भान्दाइ, भान्दाज्यू.
,,	भाञ्जी दिदी	भान्दी, भान्दिदी, भाञ्जीदी, भाञ्जीदिदी,
,,	मामा बाजे	मामाबाजे.
,,	मामा शशुरा	मामाशशुरा.
,,	जुवाली बाजे	जुवालीबाजे.
,,	देवदत्त उपाध्याय	देवदत्तपाध्या.
,,	सुब्बा साहेब	सुब्बासाहेब.
,,	दोर्जे लामा	दोर्जेलामा.
,,	छोरा नाती	छोरानाती, नाती-छोरा. इ०
४–उपमानपूर्वपद	–गहुँ जस्तो गोरो	गहुँगोरो (मानिस).
,,	कोयला जस्तो कालो	कोयलाकालो.
,,	राजा जस्तो हांस	रजहांस.
,,	पान जस्तो बुट्टा	पानबुट्टा.
,,	वज्र जस्तो छाति	वज्रछाति.
,,	चन्द्र जस्तो मुहार	चन्द्रमुहार.
,,	कमल जस्तो हिरा	कमलहिरा. इ०
५–आरोपपूर्वपद[१]	–मन रूपी मृग	मनमृग.

---

१ जसको तुल्यता दिइन्छ सो 'उपमान', जसमा तुल्यता दिइन्छ सो 'उपमेय', जुन धर्मले तुल्यता दिइन्छ सो 'तुल्यधर्म' भनिन्छ. उपमान-पूर्वपद समासमा 'गहुँगोरो' इत्यादिमा पहिलो पद उपमान बुझाउने, दोस्रो पद तुल्यधर्म बुझाउने, मानिस आदि बाहिरिया विशेष्य पद उपमेय बुझाउने हुन्छ; 'रजहांस, पानबुट्टा' इत्यादिमा पहिलो पद उपमान

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

"	धन रूपी पिशाच	धनपिशाच.
"	भाइ रूपी उल्लू (ऊँटको बच्चा)	भाइउल्लू.
"	विद्या रूपी धन	विद्याधन.
"	ज्ञान रूपी रत्न	ज्ञानरत्न. इ०

बुझाउने, दोस्रो पद उपमेय बुझाउने, 'श्रेष्ठता, एक आकार हुनु' इत्यादि तुल्यधर्म त व्यवहार अनुसार त्यसै बुझनुपर्ने प्रयोग नहुने हुन्छ. आरोप-पूर्वपद समासमा 'मनमृग' इत्यादिमा अघिल्लो पद उपमेय बुझाउने, दोस्रो पद आरोप गरिने अर्थात् उपमान बुझाउने हुन्छ, 'दौडने' आदि तुल्य-धर्म बुझाउने पद बेग्लै प्रयोग गरे पनी नगरे पनी हुन्छ. यी दुवैथरीमा तुल्यता नै बुझिने भए पनी, तुल्यता नै खुद बुझाउंदा पूर्वपद उपमान राखी त्यसैमा 'जस्तो' थपेर विग्रह हुने उपमानपूर्वपद; तुल्यता पेटमा राखी आरोप (अभेद) बुझाउंदा उत्तरपद उपमान राखी पूर्वपदमा 'रूपी' थपेर विग्रह हुने आरोपपूर्वपद हुन्छ. यो आरोपपूर्वपदमा 'मृग जस्तो मन-मनमृग, पिशाच जस्तो धन-धनपिशाच, उल्लू जस्तो भाइ–भाइउल्लू' इत्यादि उत्तरपद उपमान तुल्याएर उपमानोत्तरपद समास माने पनी हुन्छ.

१ संस्कृतमा पनी 'रक्तवस्त्रम् (रातो कपडा), ज्येष्ठभ्राता (जेठ्दाइ)' इत्यादि 'विशेषणपूर्वपद;' 'शीतोष्णम् (चीसोतातो), दृष्टश्रुतम् (देखे-सुनेको)' इत्यादि 'विशेषणोभयपद;' 'देवदत्त ब्राह्मणः (देवदत्त ब्राह्मण), भागिनेयभ्राता (भाञ्दाइ)' इत्यादि 'नामोभयपद;' 'मेघश्याम (मेघ झैं कालो), वज्रकठिनम् (वज्र झैं सारो)' इत्यादि 'उपमानपूर्वपद;' नृसिंहः (सिंह जस्तो मानिस), मुखचन्द्रः (चन्द्र जस्तो मुख)' इत्यादि 'उपमानो-त्तरपद;' मनोमृगः (मनरूपी मृग), मुखचन्द्र. मुखरूपी चन्द्र)' इत्यादि 'आरोपपूर्वपद' यो कर्मधारय समास हुन्छन्.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(३) द्विगु.

४४१. अनेकसंख्यावाचक संख्याविशेषण प्रथमान्त शब्द पूर्वपद राखी, त्यसको विशेष्य प्रथमान्त अनेकवचन शब्द उत्तरपद राखी, ती अनेक पदार्थको समुदाय बुझाउंने गरी समानाधिकरण अर्थात् भिन्न भिन्न प्रकारले एकै वस्तुलाई कहने अनेक पदको हुने समासलाई द्विगु भन्दछन्.

(क) सो द्विगु समास सबै ठाउंमा समुदाय अर्थ बुझाउंने पूर्वपद पनी संख्याविशेषण मात्र हुने हुनाले एकै किसिमको हुन्छ.

(ख) सो द्विगु-समास सबै शब्द संग हुने नियम छैन, व्यवहार अनुसार कुनै कुनै शब्द संग कुनै संख्याविशेषण जोडिएर मात्र हुन्छ. यो समास भएमा प्राय: पूर्व उत्तर पदमा लोप अर्को वर्ण आदि केही विकार हुन्छ. सो समास भए पछि अनेक पदार्थको समुदाय बुझिने हुनाले अनेक पदार्थ भए पनी एक समुदाय बुझाउंदा एकवचन[१] हुन्छ; अनेक समुदाय बुझाउंदा मात्र अनेकवचन हुन्छ. कहीं कहीं समुदाय भन्दा केही विशेष अर्थ पनी बुझिन्छ. जस्तै:—

---

१ समास नगरी 'त्यहां दुइ बाटा छन्, चार बाटा छन्' भनेमा नजोडिएका भिन्न भिन्न दुइ चार बाटा पनि बुझिन सक्छन्; समास गरी 'त्यहां दोबाटो छ, चौबाटो छ' भनेको जोडिएको दुइ बाटाको, चार बाटाको समुदाय एकवटा बुझिन्छ; 'त्यहां दोबाटा छन्, चौबाटा छन्' भनेमा जोडिएका दुइ बाटाका, चार बाटाका समुदाय अनेक बुझिन्छन्. यस्तै:— 'एक बर्षमा तीन चौमासा हुन्छन्. बर्षा शरद्को चौमासा हुन्छ. अलि पर चौमुहानी आउंछ. यसलाई दुयाना पर्दछ. त्यहां धेरै दोसांध छन्' इत्यादि समुदायका एकत्व अनेकत्वका तात्पर्यले एक अनेकत्वका तात्पर्यले एक अनेक बचन हुन्छन्.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

द्विगु[२]—	विग्रह.	समास.
,,	दुइ आनाको समुदाय	दुवाना, दुअन्नी (सिक्का).
,,	तीन आनाको समुदाय	तीनाना, तीनन्नी ,,
,,	चार आनाको समुदाय	चाराना, चरन्नी, चौवन्नी.
,,	पांच आनाको समुदाय	पांचाना.
,,	आठ आनाको समुदाय	आठाना, अठन्नी
,,	नौ आनाको समुदाय	नवाना.
,,	दुइ बाटोको समुदाय	दोबाटो.
,,	दुइ मनको समुदाय	दोमन, दुइमन.
,,	दुइ दन्तको समुदाय	दोदन्त.
,,	दुइ कानको समुदाय	दोकान दुइकान.
,,	दुइ सांधको समुदाय	दोसांध.
,,	तीन पासाको समुदाय	त्रिपाशा.
,,	तीन मुहानको समुदाय	त्रिमुहानी, तीनमुहानी.
,,	चार बाटाको समुदाय	चौबाटा.
,,	चार मासको समुदाय	चौमास चौमासा.
,,	चार गिर्दको समुदाय	चौगिर्द, चौगिर्दा.
,,	चार तर्फको समुदाय	चौतर्फ, चौतर्फा, चौतर्फी.
,,	चार दन्तको समुदाय	चौदन्त.
,,	चार महलको समुदाय	चौमहल.
,,	चार पाटाको समुदाय	चौपाटा.

२ द्विगु समास हुंदा 'आना' शब्द संग जोडिंदा अकारान्त संख्या विशेषण प्रायः अन्त्य स्वर लोप भई हलन्त, दुइ, नौ' शब्द दुय् नव् यस्तो स्वरूप भई अगाडी जोडिन्छन्; 'बाटो, मन, दन्त, कान, सांध' आदि शब्द संग जोडिंदा 'दुइ' शब्दको 'दो' यस्तो कहीं उस्तै पनि हुंन; 'पाशा,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

" चार कुनाको समुदाय चौकुना.

" चार मुहानको समुदाय चौमुहानी. इत्यादि.[१]

मुहान, आदि शब्द संग जोडिंदा तीन शब्दको 'ति' यस्तो, कहीं उस्तै पनी हुने; 'बाटो' मास, गिर्द, तर्फ, दन्त, पहल, पाटा, कुना, मुहान' आदि शब्द संग जोडिंदा 'चार' शब्दको 'चौ' हुने; कहीं स्वर वर्णहरू बदलिने पनी इत्यादि विकार हुन्छन्.

(४) अव्ययीभाव.

४४८. शब्दयोगी वा क्रियाविशेषण अव्यय शब्द पूर्व वा उत्तरपद राखी अर्थ अनुसार विभक्ति भएको नाम आदि शब्द वा अव्यय शब्दै अर्को पद राखी, अव्यय पदको अर्थ मुख्य हुने गरी हुने समासलाई अव्ययीभाव भन्दछन्.

(क) अव्ययीभाव समासमा 'बिना, वि, बे, आदि कोही अव्यय पूर्वपद मात्र भएर; 'तिर, तर्फ, पट्टि' इत्यादि शब्दयोगी र देश काल आदि बुझाउने कोही क्रियाविशेषण अव्यय उत्तरपद मात्र भएर; 'भर, वारि पारि' इत्यादि कोही अव्यय पूर्व वा उत्तर दोहोरै किसिमका भएर समास हुने; शब्दयोगी संग जोडिएका र अरू जोडा मिल्ने किसिमका अव्यय दुवै पद अव्यय भई समास हुने पनी हुन्छन्.

---

१ संस्कृतमा पनि 'द्व्याणकम् (दुयाना), चतुर्युगम् (चार युग), त्रिलोकी (तीन लोक)' इत्यादि संख्या-वाचक शब्द पूर्वपद भएको उत्तरपदार्थ-प्रधान विशेषण विशेष्यको द्विगु-समास हुन्छ. द्विगु-समास विशेषण पूर्वपद कर्मधारय जस्तो देखिन्छ त पनी यसमा समुदाय अर्थ बुझने भई एक वचन हुने, शब्दमा प्रायः विकार पनी हुने, इत्यादि फरक हुनाले संस्कृतमा पनी कर्मधारयदेखि अलग गरी बेग्लै संज्ञा गरेको हुनाले बेग्लै जातको समास मानी व्यवहार गरेको छ.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(ख) अव्ययीभाव समास हुंदा स्वतन्त्र प्रयोग हुन शक्ने 'वारि, पारि' इत्यादि क्रियाविशेषण किसिमका अव्यय भएमा अर्को शब्दमा प्रायः षष्ठी विभक्ति गरी स्वपद विग्रह; स्वतन्त्र प्रयोग नहुने 'वे, वि, भर' इत्यादि शब्दयोगी किसिमका अव्यय भएमा प्रायः अस्वपद विग्रह हुन्छ; कहीं कहीं शब्दमा विकार[१] पनी हुन्छ. जस्तैः—

	विग्रह.	समास.
१–अव्ययपूर्वपद-	—तिथि नहुनु	विथिति, वेथिति.
"	रीत नहुनु	बेरीत.
"	काम नहुनु	विकाम, बेकाम, विनाकाम.
"	काज नहुनु	वेकाज विनाकाज,
"	दाम नहुनु	वेदाम.
"	हिसाव नहुनु	विहिसाब, वेहिसाब.
"	इज्जत नहुनु	विइज्जत, वेइज्जत-ती.
"	अदप नहुनु	वेअदप.
"	इन्साफ नहुनु	वेइन्साफ.
"	जोडा नहुनु	वेजोड, अजोड.
"	अन्दाज नहुनु	वेअन्दाज, वेअन्दाजी.
"	प्रत्येक दिनमा	हरदिन.
"	प्रत्येक सालमा	हरसाल.

१ अव्ययीभाव समास हुंदा 'भर, वारि, पारि' आदि शब्द उत्तर-पद राखेमा इ-आकारान्त दुवैथरी हुने; 'वर पर' शब्द जोडमा दुवै शब्द इकारान्त पनी हुने; जति, संग, झैं, पट्टि' आदि शब्द संग जोडेमा 'एको' प्रत्ययान्तमा 'ए' मात्र बांकि रहने; अर्को शब्द संग जोडेमा सामान्य नियम बमोजीम ओकारान्त र 'नु' अन्त्यमा हुने शब्द आकारान्त हुने; इत्यादि विकार अव्ययविचारमा लेखे बमोजीम र अरू विशेष पनी हुन्छन्

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

२–अव्ययोत्तरपद—	घरको प्रान्तमा	घरतिर, तर्फ, पट्टि.
”	छोराको संगमा	छोरासित, संग, साथ.
”	अघिल्लो तिर	अघिल्तिर.
”	पछिल्लो तिर	पछिल्तिर.
”	भनेको जति	भनेजति.
”	गएको संम	गएसंम.
”	देखेको झैं	देखेझैं.
”	लेखेको बमोजीम	लेखेबमोजीम.
”	खानु पट्टि	खानातिर.
३–अव्ययोभयपद—	वर पनी पर पनी	वरपर, वरिपरि.
”	वारिदेखि पारि संम	वारिपारि, वारपार.
”	अघि वा पछि	अघिपछि.
”	भोलि वा पर्सि	भोलिपर्सि.
”	अस्ति भन्दा पहिले	अनुअस्ति. इ०
४–अव्ययपूर्वपद वा अव्ययोत्तरपद	डांडाको वारि	वारिडांडा, डांडावारि, डांडवार.
”	गङ्गाको पारि	पारिगङ्गा, गङ्गापारि-र.
”	खोलाको पारि	पारिखोला, खोलापारि-र.
”	शक भए संम	भरशक, शकभर, शकभरि.
”	मौदूर भए संम	भरमौदूर, मौदूरभर-रि.
”	जम्मै मुलुक	भरमुलुक, मुलुकभर-रि.
”	घडामा अटाएसंम	भरघडा, घडाभर-रि.
”	मानामा अटाए संम	भरमाना, मानाभर-रि.
”	पूरा भकारी	भरभकारी, भकारीभर-रि.
”	पूरा साल	भरसाल, सालभर-रि इ[१]०

१ संस्कृतमा पनी ‘प्रतिगृहम् (घरपिछे), यथाशक्ति (भरशक)’

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(५) बहुव्रीहि.

४४९. गुणविशेषण संख्याविशेषण प्रथमान्त शब्द पूर्वपद त्यसको विशेष्य प्रथमान्त शब्द उत्तरपद राखी समानाधिकरण अर्थात् एकै वस्तुलाई भिन्न प्रकारले बुझाउने अनेक पदको, अथवा उपमान बुझाउने प्रथमान्त वा उपमानको सम्बन्धी बुझाउने षष्ठयन्त शब्द पूर्वपद उपमेय बुझाउने प्रथमान्त शब्द उत्तरपद राखी, अथवा निषेधार्थक अव्यय पूर्वपद निषेध गरिने वस्तु बुझाउने प्रथमान्त शब्द उत्तरपद राखी असमानाधिकरण अर्थात् भिन्न भिन्न वस्तु बुझाउने अनेक पदको, बाहिरिया पदार्थ मुख्य हुने गरी समासलाई बहुव्रीहि भन्दछन्.

(क) बहुव्रीहि समासमा गुणविशेषण र विशेष्यको गरेमा उत्तर पदार्थको सम्बन्धी वस्तु, संख्याविशेषण र विशेष्यको गरेमा कहीं उत्तर पदार्थको सम्बन्धी, कहीं सो परिमाण भएको वस्तु, उपमान उपमेयको गरेमा तुल्यता गरिने उत्तर पदार्थको सम्बन्धी वस्तु, निषेधार्थक पूर्वपद राखी गरेमा उत्तरपदार्थको निषेध गरिने आधार आदि वस्तु, अन्यपदार्थ स्वरूपले बुझिन्छ. सो समास भएको शब्द अन्यपदार्थको विशेषण हुने हुनाले सो अन्यपदार्थ स्पष्ट गरी बुझाउनु परेमा विशेष्यको बेग्लै प्रयोग पनी हुन्छ.

(ख) बहुव्रीहि समासमा विग्रह[१] गर्दा— सम्बन्ध मात्र बुझाउने 'तीनमुखे,

---

इत्यादि 'अव्ययपूर्वपद;' शाकप्रति (शाकको लेश), एकपरि (एक उल्टो)' इत्यादि 'अव्ययोत्तरपद;' 'यथातथम् (जस्ताको तस्तो), नक्तन्दिवम् (रातोदिन)' इत्यादि 'अव्ययोभयपद;' यी तीन किसिमका अव्ययीभाव समास हुन्छन्.

१ संस्कृतमा बहुव्रीहि समासमा 'प्राप्तोदक' (पुगेको छ जल जुन गाउं सो), कृतकार्यः (गरेको छ काम जसले सो मानिस), दत्तपुस्तकः (दिएको छ पुस्तक जसलाई सो ब्राह्मण), उद्धृतजलम् (झिकेको छ जल

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

लामखुट्टे' इत्यादिमा 'तीन छन् मुख जसका त्यो, लामो छ खुट्टा जसको त्यो' यस्तो किसिमको; परिमाण बुझाउंने 'त्रिहत्ती' इत्यादिमा 'तीन हात छन् प्रमाण जसका त्यो' यस्तो किसिमको; तुल्यता बुझाउंने 'मखिन्नुट्टे, बघमुखा' इत्यादिमा 'माखा जस्तो छ खुट्टा जसको त्यो, बाघको (मुख) जस्तो छ मुख जसको त्यो' यस्तो किसिमको; निषेध बुझाउंने 'अमोल' इत्यादिमा 'छैन मोल जसको त्यो' यस्तो किसिमको (संस्कृतको झैं) अन्यपदार्थ बुझाउंने विभक्त्यन्त जो शब्द राखी कहीं स्वपद कहीं अस्वपद विग्रह; अथवा सबै ठाउंमा अर्थको अनुसारले 'तीन मुख भएको, लामो खुट्टा भएको' तीन हात परिमाण भएको, माखा जस्तो खुट्टा भएको, बाघको (मुख) जस्तो मुख भएको, मोल नभएको' इत्यादि विग्रह गरे पनी हुन्छ.

जसदेखि सो भांडो), पीताम्बरः (पँहेलो छ कपडा जसको सो विष्णु), वीरपुरुष. (वीर छन् मानिस जसमा सो देश)' इत्यादि प्रथमा बाहेक सबै किसिमका विभक्ति भएको जो (यत्) शब्द राखे विग्रह हुन्छ त पनी भाषाका बहुव्रीहि समास भएका शब्दमा 'तीन छन् मुख जसका वा जसमा सो– तीन मुखे' इत्यादि कहीं कहीं षष्ठ्यन्त वा सप्तम्यन्त जो शब्द राखी अरू प्रायः सबैमा षष्ठ्यन्त मात्र राखेर विग्रह हुन्छ. फेरी उहां 'चक्रपाणिः (चक्र छ हातमा जसको सो), खड्गपाणिः (खड्ग छ हातमा जसको सो)' इत्यादि व्यधिकरण-बहुव्रीहि अर्थात् पूर्वपदमा अर्कै विभक्ति उत्तरपदमा अर्कै विभक्ति राखेर विग्रह हुने बहुव्रीहि, र समानाधिकरण-बहुव्रीहि अर्थात् विभक्ति फरक नपर्ने यो दुइ किसिम मानिएको पनी छ तर भाषाका शब्दमा प्रायः समानाधिकरण बहुव्रीहि मात्रै प्रसिद्ध छ, व्यधिकरणचाहीं त ात्ने संस्कृतका चाहीं प्रसिद्ध छन्, अरु भाषाका शब्दमा प्रायः प्रसिद्ध छैन.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(ग) बहुव्रीहि समासमा प्रायः अन्त्य स्वरको विकार कहीं अरू किसिमको विकार[१] पनी हुन्छ; व्यवहार अनुसार कहीं कहीं विकार नगरी कन अन्त्यमा (संस्कृतमा 'क' प्रत्यय हुने झैं) 'को, का, की' प्रत्यय जोडेर, कहीं विकार भएमा पनी सो प्रत्यय जोडेर पनी प्रयोग हुन्छ.

	विग्रह.	समास.
१–सम्बन्धार्थी[१]—	तीन मुख भएको	तीनमुखे, तीनमुखको.
"	चार चक्र भएको	चारचक्री.
"	लामो खुट्टा भएको	लामखुट्टे, लामाखुट्टाको.
"	बडो बुट्टा भएको	बडबुट्टे.

---

१ बहुव्रीहि समासमा उत्तरपद तुल्याएका 'रङ्ग, गज' आदि कुनै शब्द आ-ई-एकारान्त, 'अंजुला' आदि कोही शब्द आ-ई-कारान्त, 'गण्डा' आदि कोही शब्द ई-कारान्त, 'मुख, पाटा, कुना, हात, तिघ्रा, खुट्टा' आदि केही शब्द एकारान्त, 'चक्र' आदि केही शब्द ई-कारान्त हुने; 'बडो, लामो, रातो, कालो' इत्यादि ओकारान्त-पूर्वपद कहीं अकारान्त कहीं हलन्त आदि स्वर ह्रस्व समेत हुने; कहीं 'दुइ तीन, चार' आदि कुनै संख्यावाचक-पूर्वपद पनी द्विगुमा झैं 'दो त्रि, चौ' इत्यादि स्वरूप हुने; अरू ठाउंमा पनी कहीं कहीं हरकिसिम संग स्वर व्यञ्जनहरू बदलिने इत्यादि विकार व्यवहार अनुसार जान्नू.

१ सम्बन्धार्थी वा अरू किसिमका पनी बहुव्रीहि समास भएका 'चारकुने (चारकुना पारी पात गांसेको पात्रविशेष), लमकन्ना (लामो कान भएको कोही जातिविशेष), घोडमुखा (घोडाको जस्तो मुख हुने कोही जातिविशेष)' इत्यादि कुनै कुनै शब्द प्रसिद्धि अनुसार त्यो अवयवार्थ घट्ने विशेष अर्थमा, कहीं कहीं अवयवार्थ मात्र लिएर सामान्य अर्थमा प्रयोग हुने, काही शब्द सामान्य अर्थ मात्र लिई त्यो अर्थ घट्ने सबै वस्तु बुझाउने शक्त पनी हुन्छन्; सो विशेष व्यवहार अनुसार जान्नू.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

”	चार पाटा भएको	चारपाटे.
”	चार कुना भएको	चारकुने, चौकुने.
”	दश हात भएको	दशहाते.
”	तीन पात भएको	तीनपाते.
”	दुइ पात भएको	दुइपाते.
”	तीन तिघ्रा भएको	तीनतिघ्रे.
”	चार चोसा भएको	चारचोसे.
”	दुइ जिभ्रा भएको	दुइजिभ्रे.
”	कालो जिभ्रो भएको	कल्जिभ्रे.
”	लामो पुछर भएको	लाम्पुछ्रे.
”	लामो पात भएको	लाम्पाते.
”	बाटुलो पात भएको	बाटुलपाते.
”	रातो माटो भएको	रातमाटो.
”	कालो माटो भएको	कालीमाटे.
”	अंध्यारो मुख भएको	अंध्यारमुखे.
”	बडो मुठ भएको	बड्मुट्ठा.
”	कालो मुख भएको	कल्मुखा.
”	लामो कान भएको	लमकन्ना.
”	भारी जिउ भएकी	भारीजिउकी.
”	दुइ पाउ भएको	दोपाया.
”	तीन पाउ भएको	त्रिपाइ, तिपाया, तिपाइ.
”	चार पाउ भएको	चौपाया, चौपाइ.
”	चार मुख भएको	चौमुखा, चारमुखे, चारमुखको
”	चार पाना भएको	चौपन्ना.
”	दुइ जिउ भएकी	दोजिया.
”	एक सिङ्ग भएको	एकसिङ्गा गो-गे.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

,,	दुइ रङ्ग भएको	दोरङ्गा-गी-गे, दुइरङ्गा-गी-गे, दुइरङ्गको.
,,	चार रङ्ग भएको	चौरङ्गा-गी-गे, चाररङ्गा-गी-गे, चाररङ्गको.
,,	पांच रङ्ग भएको	पचरङ्गा-गी-गे, पांचरङ्गको.
,,	चार बन्धन भएको	चौबन्धी, चौबन्ध.
,,	बडो गज भएको	बडगजा-जी-जे, बडागजी, बडागजको.
,,	छोटो गज भएको	छोटगजा-जी-जे, छोटागजी, छोटागजको.
,,	दश जात भएको	दशजातको.
,,	धेरै किसिम भएको	धेरैकिसिमको. इत्यादि.
२—परिमाणार्थी[१]—	दश हात परिमाण भएको	दशहाते.
,,	तीन हात परिमाण भएको	त्रिहत्ती, (कपडा) तीनहाते (थाम).
,,	चार हात परिमाण पएको	चौहत्ती (कपडा). चारहाते (थाम).
,,	पांच हात परिमाण भएको	पचहत्ता (मानिस), पांचहाते (थाम).
,,	दश गज परिमाण भएको	दशगज-जी-जे (धोती).

---

१ 'दशहाते मूर्ति (दश हात भएको मूर्ति), चारखुट्टे पशु (चार खुट्टा भएको पशु)' इत्यादिमा परिमाण नबुझिने केवल सम्बन्धी मात्र बुझिने हुनाले यस्ता 'सम्बन्धार्थी'; 'दशहाते वांस (दश हात परिमाण भएको वांस) त्रिहत्ती गज (तीन हात परिमाण भएको चौडाइ)' इत्यादिमा परिमाण समेत बर्ता बुझिने, कहीं शब्दको विकार पनी फरक पर्ने हुनाले यस्ता 'परिमाणार्थी;' बहुव्रीहि भिन्न भिन्न हुन्छन्; सो अर्थ अनुसार छुट्यांउनू.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

"	तीन हात परिमाण भएको	तीनहाते, तीन-हातको (रुमाल).
"	दश तोला परिमाण भएको	दशतोले (डल्लो).
"	एक अंजुला परिमाण भएको	एकअंजुला-ली(पानी).
"	सोह्र गण्डा परिमाण भएको	सोह्रगण्डी(रुपिआ).
"	पचीस गण्डा परिमाण भएको	पचीसगण्डी (रुपिआ)
३–उपमार्थी[१]—	माखा जस्तो बुट्टा भएको	मखिबुट्टे, माखाबुट्टे.
"	हांस जस्तो मुख भएकी	हंसमुखा.
"	परेवाको जस्तो आंखा भएको	परेवाआंखि-खे.
"	बाघको जस्तो मुख भएको	बघमुखा, बौमुखा.
"	मुसाको जस्तो कान भएको	मुसाकाने.
"	कुकुरको जस्तो पुछर भएको	कुकुरपुछ्रे.
"	कोदालीको जस्तो पाता भएको	कोदालपाते.
"	कागको जस्तो खुट्टा भएको	कागखुट्टि-ट्टे.

---

१ 'माखबुट्टे (माखा जस्तो आकार भएको बुट्टा भएको), हंसमुखा (हांस जस्तो उज्यालो मुख भएकी)' इत्यादिमा संस्कृतमा 'चन्द्रमुखी (चन्द्रमा जस्तो मुख भएकी)' इत्यादिमा झैं पूर्वपदार्थ उपमान भई त्यसैको उपमा (तुल्यता) उत्तरपदार्थमा बुझिन्छ; 'परेवाआंखि (परेबाको आंखा जस्तो आकार भएको आंखा भएको), बघमुखा (बाघको मुख जस्तो आकार भएको मुख भएको)' इत्यादिमा संस्कृतका 'हंसगतिः (हांसको जस्तो हिंडाइ भएकी)' इत्यादिमा झैं पूर्वपदार्थको नै उत्तरपदार्थमा तुल्यता नबुझिई भित्र दबिएको पूर्वपदार्थको अवयवादि वस्तुको तुल्यता उत्तर-पदार्थमा बुझिन्छ; यस निमित्त पहिलो किसिममा प्रथमान्त, दोस्रो किसिममा षष्ठ्यन्त पूर्वपदमा 'जस्तो' शब्द जोडी विग्रह-रचना हुन्छ; सो अर्थ अनुसार जान्नू.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

"	चराको जस्तो चुच्चो भएको	चरिचुच्चे.
"	चराको जस्तो नङ्ग्रा भएको	चरिनङ्ग्रे.
"	बानरको जस्तो मुख भएको	बानरमुखे.
"	घोडाको जस्तो मुख भएको	घोड(र)मुखा इ०
४–निषेधार्थी[१]—	मोल नभएको	अमोल-को, अनमोल-को, बेमोलको, बिनामोलको.
"	मेल नभएको	अमेल-को, अनमेल-को.
"	जोडी नभएको	बिजोडा, बेजोडा
"	गिन्ति नभएको	बेगिन्ति-को, अनगिन्ति-को.
"	काम नभएको	बेकम्बा, निकम्बा, बेकामको, नकामको, बिनाकामको.
"	थिति नभएको	बेथितिको.
"	सन्तान नभएको	अपुतो.

---

१ निषेध अर्थ भएका 'न, बे' आदि शब्द पूर्वपद राखी समास गरेमा 'बिकाम (काम नहुनु), बेगीत (गीत नहुनु), बेजोड (जोड नहुनु), बिनाकाम (काम नहुनु)' इत्यादिमा संस्कृतका 'अपापम् (पाप नहुनु) इत्यादिमा झैं पूर्वपदको निषेध (अभाव) अर्थ प्रधान भई बुझिनाले यस्ता 'अव्ययीभाव;' नकाम (खराप काम), अजान (नजान्ने), अकाल (खराप काल)' इत्यादिमा संस्कृतमा 'अब्राह्मणः '(खराप बाहुन)' इत्यादिमा झैं उत्तरपदार्थ प्रधान भई बुझिने हुनाले यस्ता 'तत्पुरुष;' 'अमोल-को, अनमोल-को (मोल नभएको), बेगिन्ति-को अनगिन्ति-को (गिन्ति नभएको), बेकम्बा, निकम्बा, बेकामको, नकामको, बिनाकामको (काम नभएको)' इत्यादिमा संस्कृतका 'अधनः (धन नभएको)' इत्यादिमा झैं अन्यपदार्थ प्रधान भई बुझिने हुनाले यस्ता 'बहुव्रीहि' समास भनि अर्थको अनुसार छुट्याउनू.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

,,	मुख नभएको	निमुखा.
,,	बुद्धि नभएको	निर्बुद्धि अबुद्धिको.
,,	शुद्धि नभएको	बेशुद्धि-को, अशुद्धि-को इ[१] ०

---

१ संस्कृतमा पनी 'त्रिमुखः (तीनमुखे), चतुर्भुजः (चारबाहु भएको), लम्बकर्णः (लमकन्ना)' इत्यादि 'सम्बन्धार्थी;' 'पञ्चहस्तः (पांच हात परिमाण भएको), द्विपुरुषः (दुइ पुरुषा परिमाण भएको)' इत्यादि 'परिमाणार्थी;' (कसैका हिसावमा यसलाई द्विगु पनी भन्दछन्); 'अधनः (धन नभएको) अपुत्रः (अपुतो)' इत्यादि 'निषेधार्थी'; यस्ता किसिमका बहुव्रीहि हुन्छन्.

यस्तै गरी संस्कृतमा 'सुपुत्रः (छोरोले सहित भएको), सचेतनः (चैतन्यले सहित भएको)' इत्यादि 'सहार्थी-बहुव्रीहि;' 'दण्डादण्डि (लोह्रालोह्रि अर्थात् लोह्रा लोह्राले परस्पर हानेर गएको युद्ध), केशाकेशि (जगल्टाजगल्टि अर्थात् जगल्टा जगल्टामा परस्पर समातेर भएको युद्ध)' इत्यादि 'व्यतिहारार्थी-बहुव्रीहि'; 'दक्षिणपूर्वा (दक्षिण र पूर्वको बीच दिशा), उत्तरपूर्वा (उत्तर र पूर्वको बीच दिशा)' इत्यादि 'अन्तरालार्थी-बहुव्रीहि'; यस्ता अरू भेद पनी छन्; तर सहार्थीचाहीं भाषाका शब्दमा प्रसिद्ध नभएको त्यस्ता कोही संस्कृत शब्द मात्र भाषामा प्रयोग हुने, व्यतिहारार्थीचाहीं 'लोह्रालोह्रि, जगल्टाजगल्टि' इत्यादि भाषाका शब्दमा पनी प्रयोग हुने भए पनी त्यस्ता शब्दलाई पछि लेखिने अनुसार द्विरुक्ति अर्थात् अर्थविशेषमा शब्द डबलिएको मात्र माने पनी हुने. अन्तरालार्थीचाहींलाई पनी भाषामा त्यस्तो अरू विशेष प्रयोग नहुने तिनै संस्कृत शब्द प्रयोग हुने भए पनी 'विशेषणोभयपद-कर्मधारय' माने पनी दक्षिण भई कन पूर्व समेत भएको अर्थात् 'चीसोतातो' इत्यादिमा चीसो तातोकोमध्य अवस्था बुझिए झैं दक्षिण पूर्व दुवैको भाव भएको बीचको दिशा बुझिन सक्ने, हुनाले बहुव्रीहि मान्नाको आवश्यकता नहुनाले र अरू बहुव्रीहि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(६) द्वन्द्व.

४५० बेगलै बेगलै वस्तुलाई कहने हुनाले अ फूसमा विशेष्य विशेषण नभएका पूर्व उत्तर दुवै पद प्रथमान्त शब्द राखी समान श्रेणीका अर्थात् 'र, पनी' आदि अव्ययले जोडने अनेक (दुइ वा दुइ भन्दा बढ्ता पनी) पदको हुने समासलाई द्वन्द्व भन्दछन्.

(क) 'र पनी, इत्यादि शब्दले जोड्दा कहीं समुच्चय अर्थात् 'घोडा पनी पुऱ्याऊः गाई पनी ल्याऊ' इत्यादि समान प्रधान भएका अनेक वाक्यको जोड; कहीं अन्वाचय अर्थात् 'गणेशको दर्शन पनी गर्छु; तर्कारी पनी ल्याउंछु.' इत्यादि एक प्रधान अर्को अप्रधान (प्रासङ्गिक) भएका अनेक वाक्यार्थको जोड; कहीं इतरेतरयोग अर्थात् 'राम र लक्ष्मण' अथवा 'राम पनी लक्ष्मण पनी' इत्यादि समान प्रधान भएका अनेक पदार्थको जोड; कहीं समाहार अर्थात् 'गाउनु र बजाउंनु यिनको समुदाय' अथवा 'लिनु पनी दिनु पनी यिनको समुदाय' इत्यादि समुदाय बढ्ता बुझिने गरी समान अनेक पदार्थको जोड बुझिन्छ. समुच्चय र अन्वाचयमा वाक्य वाक्यको मात्र जोड हुने पदका जोड नहुने हुनाले द्वन्द्व हुंदैन; इतरेतरयोग र समाहारमा द्वन्द्व हुन्छ.

(ख) इतरेतरयोगमा द्वन्द्व हुंदा पूर्व उत्तर यी अनेक पदार्थ प्रधान भई बुझिने हुनाले समास भए पछि अनेकवचनै हुन्छ; समाहारमा हुंदा त पूर्व उत्तर अनेक पदार्थको एक समुदाय बुझिने हुनाले समास भए पछि सो समुदाय एक बुझाउंदा एकवचन, अनेक बुझाउंदा अनेकवचन हुन्छ. प्राणिवाचकको प्रायः इतरेतरयोगमा, अप्राणिवाचकको

---

* यी सबैको जो शब्द राखी विग्रह पनी नहुने हुनाले पनी यहां तिनको गणना गरेको छैन.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

प्रायः समाहारमा कहीं इतरेतरयोगमा पनी हुन्छ. द्वन्द्व समासमा प्रायः सामान्य नियम बमोजीम कहीं कहीं विकार[१] पनी हुन्छ.

(ग) बेग्लै बेग्लै वस्तुलाई दुवै पद गुण विशेषण राखेर, अथवा समुच्चय (जमा) कहीं विकल्प बुझाउने गरो दुवै पद कुनै कुनै संख्याविशेषण राखेर पनी द्वन्द्व हुन्छ.[२] संख्याविशेषणको समुच्चय-द्वन्द्वमा व्यवहार अनुसार अनेक किसिमका विकार पनी हुन्छन्. जस्तैः—

	विग्रह.	समास.
१—इतरेतरयोग[३]—	राम र लक्ष्मण	रामलक्ष्मण.
”	केटो र केटी	केटाकेटी.
”	बाबु र आमा	बाबुआमा, आमाबाबु.

१ द्वन्द्वसमास भएमा सामान्य नियम बमोजीम ओकारान्त शब्द अनेक वचनमा आकारान्त, धातुसाधित नु प्रत्ययान्त राखेमा सबै वचनमा 'नु'को बदला 'नु, ना' यस्तो, अरू नु अन्त्यमा हुने शब्द राखेमा 'नु, ना' यस्तो हुने, एकवचन भएमा पनी प्रकारार्थी 'हरू' शब्द जोड्नु हुने हुन्छ.

२ गुण-विशेषणको द्वन्द्व गरेमा पनी अनेक पदार्थ बुझिई अनेक वचन हुने हुनाले ओकारान्त शब्द आकारान्त हुन्छ. संख्या-विशेषणको द्वन्द्व गरेमा त विकल्प समुच्चय दुवैमा सजीव वस्तुलाई कहंदा 'दश, पांच, बाह्र, तेह्र, मानीस छन्' इत्यादि अनेकवचनै हुन्छ; निर्जीव वस्तुलाई कहंदा त 'दशपांच दशबीस एकाइस पैंतीस पुस्तक छ वा पुस्तकहरू छन्.' इत्यादि दोहोरै वचनको प्रयोग हुन्छ.

३ द्वन्द्वसमास हुंदा प्रायः कहीं नाताको सम्बन्ध लिएर 'रामलक्ष्मण, केटाकेटी, बाबुआमा' इत्यादि, कहीं विरोधको सम्बन्ध लिएर 'रामरावण, कुकुरबिराला, रामराक्षस, आगोपानी' इत्यादि, कहीं साहित्यको सम्बन्ध लिएर 'भेडाबाखा, मानापाथि, कुटाकोदाला, धोतीटोपी, खानुपिनु'

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

,,	बाबु र बराज्यू	बाबुबराज्यू.
,,	छोरो र छोरी	छोराछोरी.
,,	दाज्यू र भाइ	दाज्यूभाइ.
,,	कुकुर र बिरालो	कुकुरबिराला.
,,	भेडा र बाखा	भेडाबाखा.
,,	दिदी र बहिनी	दिदीबहिनी.
,,	भाइ र भतिजा	भाइभतिजा.
,,	नाति र नातिनी	नातिनातिना.
,,	गाई र भैंसी	गाईभैंसी.
,,	नाति र पनाति	नातिपनाति.
,,	राम र कृष्ण	रामकृष्ण.
,,	राम र रावण	रामरावण.
,,	लाटो र लाटी	लाटालाटी. इत्यादि.
२—समाहार——	पुस्तक र पत्र	पुस्तकपत्र.
,,	लिनु र दिनु	लिनदिन, लेनदेन, लिनुदिनु.
,,	गाउंनु र बजाउंनु	गानबजान, गानाबजाना.
,,	गाग्रो र गाग्री	गाग्रागाग्री.

इत्यादि हरकिसिमका सम्बन्ध भएका जोडा मिल्ने अनेकको द्वन्द्व हुन्छ; त्यस्तो प्रसिद्ध सम्बन्ध केही नभएका शब्दको द्वन्द्व समास प्रसिद्ध छैन, सम्बन्ध हुनमा पनी व्यवहार अनुसार कहीं कहीं हुन्छ, सबैमा समास हुने नियम छैन. सो द्वन्द्व हुंदा पूर्व उत्तर दुवै पद समान प्रधान भए पनी कहीं कहीं पूर्व उत्तर पद उल्टापाल्टि दाहोरै हुने हुन्छ अरुमा प्रायः व्यवहार अनुसार प्राणिवाचकमा उच्च श्रेणिको पाहीं, अप्राणिवाचकमा कहीं थोरै अक्षर हुने, कहीं प्रधान वस्तु बुझाउंने चहीं आदि पूर्वपद भई प्रयोग हुन्छ.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

”	खानु र पिउँनु	खानपिन, खानुपिनु, खानापिना.
”	जानु र आउँनु	जावतआवत, आवतजावत, जानुआउँनु आउनुजानु.
”	मानु र पाथि	मानापाथि, मानुपाथि.
”	कुटो र कोदालो	कुटोकोदालो, कुटाकोदाला.
”	दाल र चामल	दालचामल.
”	काठ र पात	काठपात.
”	छाता र जुत्ता	छाताजुत्ता.
”	धोती र टोपी	धोतीटोपी.
३–विशेषणोभयपद–	रातो र कालो	रातकाला.
”	काला र गोरा	कालागोरा.
”	लामो र छोटो	लामाछोटा.
”	मूर्ख र पण्डित	मूर्खपण्डित.
”	असल र कंसल	असलकंसल.
”	सोझो र बाङ्गो	सोझाबाङ्गा.
”	गरेको र नगरेको	गरेनगरेका.
”	भएको र नभएको	भएनभएका.
४–संख्याविकल्पबोधक[१]–	दश वा पांच	दशपांच.
”	दुइ वा तीन	दुइतीन.

---

१ संख्योभयपद द्वन्द्व गर्दा विकल्प बुझाउंदा नजीकका संख्याको वा व्यवहार अनुसार टाढाका सख्याको पनी हुन्छ; यसमा विकल्परूप अर्थ-विशेष मात्र बुझि छ, शब्दमा विकार प्रायः हुंदैन. समुच्चय (जंमा) बुझाउंदा 'एक' देखि 'नौ' संमका र त्यहांदेखि दश दशका अनी 'शय, हजार' आदि पूर्ण संख्याका शब्द मात्र अलग हुनाले बीचका संख्या बुझाउंन तिनै दश दशका संख्यामा एकदेखि आठ संमका संख्या जोडी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

"	शय वा पचास	शयपचास.
"	दश वा वीस	दशवीस.
"	वीस वा पच्चीस	वीसपच्चीस.
"	लाख वा सवा लाख	लाख सवालाख.
"	दुइ वा अढाइ शय	दुइअढाइ शय. इ०

द्वन्द्व गरी, नौ जोड्नेमा त्यसको बदलामा अगाडीको दश संख्यामा 'ऊन' (एक कम) शब्द जोडी कर्मधारय गरी; शयदेखि माथि बीचका संख्या बुझाउंदा फेरो यिनै शब्द दोहऱ्याई 'एक शय एक, दुइ शय एघाह्र, दश हजार एक' इत्यादि व्यवहार हुन्छ. दश दशका संख्यामा एक दुइ आदि शब्द जोडिदा पूर्व उत्तर दुवै पदमा हरकिसिमका विकार भई व्यवहार हुन्छन. तर वास्तविकमा यी शब्द संस्कृतको अनुसारले समास विकार भई बनेका मान्नु भन्दा कोही संस्कृत कोही प्राकृत संख्यावाचक शब्दबाट पछिको प्रकरणमा लेखिने बमोजीम बनेका 'तद्भव' वा 'तत्सम' शब्दै मान्नु उचित देखिन्छ.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

५–संख्यासमुच्चयबोधक–

र दश.	बीस.	तीस.	चालीस.	पचास.	साठी.	सत्तरी.	असी.	नब्बे.
एक "—एघाह्र.	एकाईस.	एकतीस.	एकचालीस.	एकाउन्न.	एकसट्ठी.	एकहत्तर.	एकासी.	एकान्नब्बे.
दुइ "—बाह्र	बाईस.	बत्तीस.	बयालीस.	बाउन्न.	बयसट्ठी.	बहत्तर.	बयासी.	बयान्नब्बे.
तीन "—तेह्र.	तेईस.	तेत्तीस.	त्रितालीस.	त्रिपन्न.	त्रिसट्ठी.	त्रिहत्तर.	त्रियासी	त्रियान्नब्बे.
चार "—चौध.	चौबीस.	चौतीस.	चौवालीस.	चौवन्न.	चौसट्ठी.	चौहत्तर.	चौरासी.	चौरान्नब्बे.
पांच "—पन्ध्र.	पच्चीस.	पैंतीस.	पैंतालीस.	पचपन्न.	पैंसट्ठी.	पैंहत्तर.	पचासी.	पचान्नब्बे.
छ "—सोह्र.	छब्बीस.	छत्तीस.	छयालीस.	छप्पन्न.	छयसट्ठी.	छयहत्तर.	छयासी.	छयान्नब्बे.
सात "—सत्र.	सत्ताईस.	सैंतीस.	सतचालीस.	सताउन्न	सतसट्ठी.	सतहत्तर.	सतासी.	सतान्नब्बे.
आठ "—अठाह्र.	आईस.	अठ्ठतीस.	अठचालीस.	अठाउन्न.	अठसट्ठी.	अठहत्तर.	अठासी.	अठान्नब्बे.

इत्यादि[1].

---

१ संस्कृतमा पनी 'रामलक्ष्मणौ (रामलक्ष्मण), हरिहरौ (हरिहर)' इत्यादि 'इतरेतरयोगद्वन्द्व'; पाणिपादम् (हातगोडा), गवाश्वम् (गाइघोडा)' इत्यादि 'समाहार-द्वन्द्व' (संस्कृतमा कहीं कहीं विशेष सूत्र हुनाले भाषामा भन्दा समाहार इतरेतर फरक पर्ने पनी हुन्छ.) 'रक्तनीले वस्त्रे (राता नीला कपडा), कृताकृतानि कर्माणि (गरेनगरेका काम)' इत्यादि 'विशेषणोभयपद-द्वन्द्व' 'द्वादश (बाह्र), पञ्चविंशतिः (पच्चीस), पञ्चशती (पांच शय)' इत्यादि 'संख्योभयपद-द्वन्द्व' समास हुन्छ. तर उहां

CC-0. In Public Domain. Digitization by eGangotri

(क) बांकी संख्यावाचक 'एक, दुइ, तीन, चार, पांच, छ, सात, आठ, नौ, दश, शय, हजार, लाख, करोड' आदि मूलशब्दै हुन्; 'ऊन (एक कम) बीस–उन्नैस, ऊनतीस–उनन्तीस, ऊनचालीस–उनंचालीस, ऊन पचास उनंचास, ऊन साठी–उनसठ्ठी, ऊन सत्तरी–उनहत्तर,

---

'द्वित्राः (दुइतीन) पञ्चषाः (पांचछ), त्रिचतुराः (तीनचार)' इत्यादि संख्या विकल्प बुझाउनेलाई धेरैले बहुव्रीहिमा गणना गरेको, 'द्वादश (बाह्र), पञ्चविंशतिः (पच्चीस)' इत्यादि संख्यासमुच्चय बुझाउनेलाई 'द्व्यधिका दश (दुइ बढि दश), पञ्चाधिका विंशतिः (पांच उपर बीस)' इत्यादि विग्रह गरेमा बहुव्रीहिमा, 'द्वौ च दश च (दुइ र दश), पञ्च च विंशतिश्च (पांच र बीस)' इत्यादि विग्रह गरेमा द्वन्द्वमा गणना गरेकोछ त पनी सर्वसाधारण बहुव्रीहिको छांटमा नमिल्ने, बरू द्वन्द्वका छांटमा मिल्ने हुनाले सुगमरीत लिई यहां द्वन्द्वमा गणना गरेको छ यस्तै 'द्विहस्तः स्तम्भ (दुइहाते थाम)' इत्यादि परिमाण बुझाउनेलाई पनी संस्कृतमा विशेष सूत्रको अनुरोधले द्विगुमा गणना गरेको भए पनी यहां सुगम रीतले बहुव्रीहिमा गणना गरेको छ, इत्यादि कहीं कहीं संस्कृत भन्दा यहां केही फरक भएको जान्नू.

संस्कृतमा 'बालकश्च बालिका च (केटा र केटी), मूकश्च मूका च (लाटो र लाटी)' इत्यादि उही शब्दको स्त्री पुरुष आदिको द्वन्द्व हुने ठाउंमा द्वन्द्व नभई एकशेष (अर्को शब्द लोप भई पुंलिङ्ग मात्र बांकी रहने इत्यादि) गरी 'बालकौ' यस्तो व्यवहार हुन्छ त पनी भाषामा यस्तामा एकशेष हुंदैन, 'केटाकेटी, लाटालाटी' इत्यादि द्वन्द्वै भई व्यवहार हुन्छ; एक केटा र अर्को केटा इत्यादि उही शब्द डबल हुने ठाउंमा मात्र संस्कृतमा झैं यहां पनी एकशेष भई जंमाको वचन लिई 'बालकहरू' इत्यादि अनेक वचनको शब्द प्रयोग हुन्छ यस्तै गरी भाषाका रूपावलीमा अनेकवचनको सर्व शब्दमा एकशेष भएको कुरा जान्नू.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

ऊन असी-उनासी, ऊन नब्बे–उनान्नब्बे, ऊन शय–उनांशय' यी विशेषण विशेषणको कर्मधारय समास भएका हुन्. यस्तैगरी शयदेखि माथि पनो यिनै शब्द दोहऱ्याई व्यवहार हुन्छ.

४५१ यी छ प्रकारका समास बाहेक कुनै कुनै शब्दमा अरू किसिमका समास पनी भएका हुन्छन्.

(१) कहीं कहीं मध्यपदलोपी अर्थात् बीचमा केही कुरा थपी समास गर्नुपर्ने हुन्छ. जस्तै—'माखा संम फसाउने मांग्लो– माखेमांग्ला. सावीकको बदलामा हालको–हालसावीक. पानीको काम हुने अड्डा–पानीअड्डा.' इत्यादि.

(२) कहीं कहीं विशेष अर्थ बुझाउन बीचमा केही शब्द राखी पूर्व उत्तर उस्तै पद राखी समास गरेको हुन्छ. जस्तैः - 'सालसालै–सालवसाल. पर्सिपल्ट दिन भन्दा पहिल्लो दिन ज्यादा–दिनपरदिन. सावीक र ऊन पहिलेको सावीक-सावीकदरसावीक.' इ०

(३) कहीं सर्वनाम वा त्यसबाट बनेका शब्द केही विशेष अर्थ बुझाउने गरी आफूममा जोडिई समास भएको हुन्छ. जस्तैः—'जोकोही. जसतस. जस्तोतस्तो. जहांकहीं यताउती जतातते यसोउसो. इ०

(४) कहीं बीचमा न शब्द राखी पूर्व उत्तर दुवै पदार्थको निषेध बुझिने गरी समास भएको हुन्छ जस्तैः—'कालोनगोरो. छोरोनछोरी. यतानउता. जान्दोनसुन्दो. यसोनउसो.' इत्यादि.

४५२. समास भएमा प्रायः एकै किसिमको अर्थ बुझिने हुनाले एकै किसिमको समास हुने हुन्छ कुनै शब्दमा कहीं अर्थ फरक, कहीं अर्थ फरक नभए पनी विग्रह फरक भई धेरै किसिमको समास हुने पनी हुन्छ[१]. जस्तैः–

---

१ संस्कृतमा पनी 'शाकप्रियः पार्थिवः- शाकपार्थिवः, देवपूजको ब्राह्मणः-देवब्राह्मणः' इत्यादि मध्यपदलोपी समास भएको हुन्छ. संस्कृ-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अर्थ एक भई समास विग्रह मात्र फरक हुने—

बडाले पठाएका पत्र	(मध्यपदलोपी)	बडापत्र.
बडाको पत्र	(षष्ठीतत्पुरुष)	"
बडो पत्र	(कर्मधारय)	" इ०

अर्थ पनी समास पनी फरक हुने—

सत्यको व्रत	(तत्पुरुष)	सत्यव्रत.
सत्यैरूप व्रत	(कर्मधारय)	"
सत्य छ व्रत जसको	(बहुव्रीहि)	"
सत्य र व्रत	(द्वन्द्व)	"

यस्तै अरू शब्दमा पनी धेरैमा हुन्छ.

४५३. समास भएको शब्द अर्थानुसार कोही विशेषण, कोही विशेष्य कोही अव्यय जातको हुन्छ. विशेषण बन्नेमा सामान्य नियम बमोजीम विशेष्यानुसार लिङ्गवचन विभक्ति हुन्छ. विशेषण नहुनेमा तत्पुरुष, कर्मधारय, द्विगु द्वन्द्वमा, उत्तर पदको अनुसार समस्त जंमा पदको लिङ्गादि हुन्छ, द्वन्द्वमा भने (माथि लेखे झैं) वचन फरक पनी हुन्छ. अव्ययीभाव प्राय: अव्यय, बहुव्रीहि प्राय: विशेषण हुन्छ.

४५४. यी समास भएका शब्दमा प्राय: पूर्व उत्तर दुवै पदको अर्थ लिई कहीं सो सामान्य अर्थ मात्र, कहीं केही विशेष समेत बुझिन्छ; कहीं कहीं त अवयवको अर्थको अपेक्षा नराखे झैं गरी स्वतन्त्र अर्थ बुझिने पनी हुन्छ. जस्तै:—

तमा बीचका विभक्तिको लोप नभई समास भएका 'कण्ठेकाल:, पङ्केरुहम्, आत्मनेपदम्, युधिष्ठर:' इत्यादि अलुक्समास पनी हुन्छन् तर भाषामा विभक्तिको लोप नभएका ठाउंमा समास व्यवहार नहुने हुनाले यस्तो अलुक्समास भाषा-शब्दमा प्रसिद्ध छैन.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

'राजकाज, रामलक्ष्मण' इत्यादिमा सामान्य अवयवार्थ मात्र; 'कालीमाटी, चारकुने' इत्यादिमा अवयवार्थ लिएको केही विशेष; 'दाज्यूभाइ (गोतिया), कालामोहर (भंटेमोहर)' इत्यादिमा अवयवार्थको अपेक्षा नराखे झैं गरी स्वतन्त्र विशेष अर्थ बुझिन्छ.

४५५. समास भएका शब्दमा कहीं ए ई आदि प्रत्यय भएर विशेष्य वृत्तिको शब्द पनी विशेषण आदि हुन्छ. जस्तैः—

समास.	प्रत्यय.	शब्द.
घरबन्दा	ए	घरबन्दे.
बाह्रमास	"	बाह्रमासे.
चौबन्ध	ई	चौबन्धी. इ०

४५६. जुन जुन शब्दको योग गरी व्यवहार ज्यादा हुँदै जान्छ त्यस्ता शब्दलाई जोडेर भन्ने चलन ज्यादा हुंदा ती अनेक शब्दका बीचमा रहेका विभक्तिहरू हराई कहीं शब्दको स्वरूप पनी केही फेरफार भई एक जिउ भएर एक शब्द बन्ने हुनाले त्यस्ता शब्दलाई ती अनेक शब्दको छोट्करी स्वरूप हुनाले 'समास' भनी व्यवहार गरिन्छ. त्यस्तो समास शब्द व्यवहारको आधिक्यले मात्र बन्ने हुनाले जोडा मिलाई व्यवहार नचलेका शब्दमा आफ्ना इच्छाले समास गरी प्रयोग गर्नु ठीक हुंदैन. जस्तैः—

'पानीको अड्डा-पानीअड्डा. नेपालको पाठशाला-नेपाल पाठशाला. तीज र पञ्चमी-तीजपञ्चमी. काठको गोदाम—काठगोदाम. बीरगञ्जको माल बीरगञ्ज माल. पण्डितको पौवा-पण्डित पौवा.' इत्यादि समास प्रसिद्ध भए झैं 'रामुको घर--रामुघर' इत्यादि हुंदैन.

तेरीज—

(क) अनेक पद मिली बीचका विभक्ति प्रत्ययहरूको लोप कहीं विकार

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

क्षमित भई कहीं उही अर्थ कहीं विशेष अर्थ बुझाउने गरी पदलाई 'समास' भन्छन्.

(ख) समास भएका पदको अर्थ बुझाउन प्रयोग हुने अनेक पदको रचनालाई 'विग्रह' भन्दछन्.

(ग) समास कोही 'पूर्वपदार्थ प्रधान,' कोही 'उत्तरपदार्थ-प्रधान,' कोही 'अन्यपदार्थ-प्रधान,' कोही 'उभयपदार्थ-प्रधान,' यी चार किसिमका; अथवा तत्पुरुष, कर्मधारय द्विगु, अव्ययीभाव, बहुव्रीहि, द्वन्द्व यी छ जातका हुन्छन्.

(घ) विशेष्य विशेषण नभई भिन्न भिन्न वस्तु बुझाउने भिन्न विभक्ति भएका अनेक पदको हुने उत्तरपदार्थ-प्रधान समासलाई 'तत्पुरुष;' विशेष्य विशेषण भई एकै वस्तु बुझाउने समान विभक्ति भएका अनेक पदको हुने उत्तरपदार्थ प्रधान समासलाई कर्मधारय; एकै वस्तु बुझाउने समानविभक्ति भएका अनेकसंख्याविशेषण र विशेष्यका हुन समुदाय अर्थ बुझाउने उत्तरपदार्थ-प्रधान समासलाई 'द्विगु;' अव्यय संग अर्को अव्यय वा अर्को जातको शब्दका हुन पूर्व वा उत्तर अव्यय पदार्थ-प्रधान समासलाई 'अव्ययीभाव;' विशेषण विशेष्य भई एकै वस्तु बुझाउने समान विभक्ति भएका अनेक पदको अथवा निषेधार्थक अव्यय संग अर्को पदको हुने अन्यपदार्थ-प्रधान समासलाई 'बहुव्रीहि;' विशेषण विशेष्य नभई भिन्न भिन्न वस्तु बुझाउने समान विभक्ति भएका 'र' शब्दले जोडिने अनेक पदका हुने उभयपदार्थ-प्रधान समासलाई 'द्वन्द्व' भन्दछन्.

अभ्यास.

(१) समास भनेको के हो, यी कति थरी छन् ? विग्रह भनेको के हो, त्यो कति किसिमको हुन्छ ? कुन कुन समास कस्तो किसिमको कति

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

थरीको हुन्छ. कुन शब्द राखेर समास गरेमा कस्तो कस्तो अर्थ बुझिन्छ. विशेषण विशेष्यको कुन समास, विशेषण विशेष्य नहुनेको कुन समास हुन्छ ? समासमा कहां कुन प्रधान हुन्छ.

(२) तलका शब्द कुन कुन शब्दको कस्तो समास भएका हुन् सो बताऊ:–

'दूधस्वारी.	चौताल.	ठुलोबैठक.	घोसल्ला.
घोडसवार.	घोरमुखा	लिउनकर्मी.	शशृंगसुरा
पाउकमन.	गमलाघर.	तीनतल्ले.	वज्रकर्मी.
हातिपाइले.	तीनचुल्ठे.	भाञ्जोबुहारी.	लेखपढ.'

(३) तलका वाक्यमा कुन कुन पद समास भएका हुन, सो समास कसरी भयो, सो बताऊ:—

'रातसांझ गरी घर पुग्छु रातोदिन वराइंछु. यस्तो तिउनचरखू मह को होला. मेरा दाज्यूभाइ सातघर छन्. म तिम्रा भनसुन गरौंला. भुइंबैठकमा कठवार छ. चारघडे दुइतल्ले बग्गी ठुलो हुन्छ भीकमंगलाई दासल्ला सुहाउंदैन गाइगोठमा छत्रौले मानिस छ. भान्सासुमारेले भन्सासामान टीक गर्छ. कर्मीनाइकेले त्रिसाला मार्फा मार्‍यो.'

———०———

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

२५—साधितशब्द-बिचार.

———०———

४५७ भाषामा जो जो शब्द व्यवहार गरिन्छन्, तिनमा कोही मूल-शब्द अर्थात् अर्को शब्दबाट नबनेका देखिनाले सिद्ध-शब्द हुन्छन्; कोही चाहिं मूल-शब्दमा प्रत्यय, लोप आदि केही विकार भई बनेका देखिनाले साधित-शब्द हुन्छन्. जस्तै:—

'घर, खेत जांगर नेपाल गरीब' इत्यादि शब्द भाषाका अर्को शब्दबाट केही विकार भई नबनेका देखिने हुनाले सिद्ध-शब्द; 'घरैया, खेती जांगरिलो, नेपाली, गरीबी' इत्यादि शब्द माथिका मूल-शब्दमा केही प्रत्यय विकार आदि भई बनेका देखिने हुनाले साधित-शब्द हुन्.

४५८. तसर्थ बनावटका हिसाबले शब्द दुइ किसिमका हुन्छन्. (१) कोही सिद्ध, (२) कोही साधित.

४५९. जुन शब्द भाषाको अर्को शब्दबाट केही प्रत्यय आदि विकार भएर बनेका हुंदैनन् बरु आफूमा केही विकार हुंदा अरु शब्द पैदा गर्दछन्, ती मूल शब्दलाई सिद्ध-शब्द भन्दछन् जस्तै:—

'ईश्वर, राजा गुरु माता, पिता लाल, नीलो, एक, दुइ, त्यो, यो, म, जा, खा, गर् (धातु), आज, हिजा, वर पर' इत्यादि शब्द भाषाको अर्को मूल-शब्दबाट नबनेका हुनाले सिद्ध-शब्द[१] हुन्.

---

१ सिद्ध-शब्द भनि मानिएका शब्द पनी संस्कृतहरूबाट आएका भए उचाहीं भाषामा साधित हुन शक्ने, कोही यही भाषामा पनी सूदर उपपत्तिको विचारमा यस शब्दबाट यसरी बनेका भनि साधित हुने शक्ने, यस्तै साधित-शब्द पनी शब्दबाट बनेको भनि मानिएकालाई अर्को योचाहींबाट यसरी बनेको भनि अर्कै तरहबाट पनी साधित हुन शक्ने हुनाले सिद्ध साधतको व्यवस्था अनुगत देखिदैन ता पनी, आगन्तुकको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

४६०. जुन शब्द भाषाकै अर्कोचाहीं शब्दमा प्रत्यय, लोप, आदेश, आदि विकार बनेका हुन्छन् ती शब्दलाई साधित-शब्द भन्दछन्. जस्तैः—

ईश्वरको राजालाई, गुरुदेखि, त्यसगी यस्तो कालपन, घिटचाइं जान्छ खायो, भएको आजको, अघिल्ल' इत्यादि शब्द, ईश्वर, राजा, गुरु त्यो, यो, कालो, घिट. जा, खा. आज, अघि' इत्यादि मूल-शब्दमा प्रत्यय विकार आदि भई बनेका हुनाले साधित-शब्द हुन्.

४६१ नाम, विशेषण, सर्वनामका रूपावली सबै आफ्ना आफ्ना मूल प्रकृतिमा विभक्तिहरू भई बनेका, सामासिक शब्द पनी नामहरूमा अर्को शब्द जोडिई बनेका. क्रियाका रूपावली र धातुसाधित सबै आफ्ना मूल धातुबाट प्रत्ययहरू भई बनेका हुनाले यो शब्द प्राय. सबै साधित मात्रै हुन्छन्; मूल सर्वनाम सबै अरुबाट नबनेका हुनाले सिद्ध मात्रै हुन्छन; अरु नाम, विशेषण, अव्यय, धातुहरू कोही सिद्ध, कोही साधित दुवै किसिमका हुन्छन्. साधित मात्र शब्द पनी कोही साधित हुन्छन्, कोही साधितबाट पनी साधित हुन्छन्.

४६२. ती साधित शब्द पांच किसिमका हुन्छन. (१) नामसाधित. (२) विशेषणसाधित, (३) सर्वनामसाधित, (४) धातुसाधित, (५) अव्ययसाधित.

४६३. नामसाधित पनी कोही नाम, कोही विशेषण कोही धातु, कोही अव्यय हुन्छन्. जस्तैः—

विचार अर्को प्रकरणमा स्वतन्त्र गरिने हुनाले यही भाषाकै शब्दमा एकचाहींबाट अर्कोचाहीं बनेको नबनेको कुराको सामान्य रूपले उपपत्तिको विचारमा देखिएका नियम अनुसार सिद्ध साधितको विचार यस प्रकरणमा भएको छ. यस्तै गीतले संस्कृतमा पनी पाणिनिले अव्युत्पन्न भनि मानिएका शब्दलाई पनी उणादिकारले व्युत्पन्न मानिने, शाकटायनले सबै शब्द धातुबाटै बनेका भनि मानिने, एक शब्दबाट साधितशब्द अर्कै शब्दबाट साधित पनी हुन शक्ने इत्यादि कुरा प्रसिद्ध छन्.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

'चाकर-चाकरी, पान-पानदान, गाग्रो-गाग्री, राज-काज, घर-धन्दा' इत्यादि नामसाधित-नाम; 'जङ्ग-जङ्गी दाढी-दाढीवाल, भाँग-भँग्याहा, मखि-बुट्टे, काग-खुट्टे' इत्यादि नामसाधित-विशेषण; 'रोग-रोगाउंनु[१], भोक-भोकाउंनु, डर-डराउंनु, मान-मानगर्नु' इत्यादि नामसाधित-धातु; 'वर्ष-वर्षेनि, दिन-दिनौं, सेखी-साथ' इत्यादि नामसाधित-अव्यय हुन्.

४६४. विशेषणसाधित पनी कोही नाम, कोही विशेषण, कोही धातु, कोही अव्यय हुन्छन्. जस्तै:—

'बदमास-बदमासी, दुष्ट-दुष्टयाइं, उल्लू-उल्लूपना' इत्यादि विशेषणसाधित-नाम; 'एक-एकहरो, दुइ-दोवर, रातो-कालो, सवा लाख' इत्यादि विशेषणसाधित-विशेषण; 'जिल्ल-जिल्ल्याउंनु, मसिनो मसिन्याउंनु, जङ्गी-जङ्गिनु' इत्यादि विशेषणसाधित-धातु; 'राम्रो-राम्रगी, बेस-बेसरी, दश-उल्ट, चार-तिर' इत्यादि विशेषणसाधित-अव्यय हुन्.

४६५. सर्वनामसाधित पनी कोही नाम, कोही विशेषण, कोही अव्यय हुन्छन्. जस्तै:—

'आफू-आफन्त, आफस्त, आफूस' इत्यादि सर्वनामसाधित-नाम; यो-यस्तो, त्यो-त्यति, जो-जस्तोसुकै, जो-कोही' इत्यादि सर्वनामसाधित-विशेषण; 'जो-जसरी, जसै, को-कहिले, कतिन्जेल, कसै' इत्यादि सर्वनामसाधित-अव्यय हुन्. (सर्वनामबाट धातु बन्दैन).

---

१ नु बाहेकका 'रोगाउ' इत्यादि मात्र धातु हुन्त पनी त्यतिबाट मात्र अर्थ स्पष्ट नहुने हुनाले 'नु' समेत जोडी देखाएको छ. यस्तै अगाडी पनी धतुको उदाहरण नु-समेत जोडी दिएकोमा जान्नू.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

४६६. धातुसाधित पनी कोही नाम, कोही विशेषण, कोही धातु, कोही अव्यय हुन्छन्. जस्तैः—

'भन्–भनाइ, जा–जानु, लेख्–लेखोट' इत्यादि धातुसाधित–नाम; 'गर्–गर्ने भन्–भनेको, पाक्–पाक्को, चल्–चलुवा' इत्यादि धातुसाधित–विशेषण; गर्–गरिनु, गराउनु, गराइनु. खा–खाइनु, खुवाउनु, खुवाइनु' इत्यादि धातुसाधित–धातु; 'गर्–गरी, गरेर, गर्न, गरे, खा–खाई, खाएर, खान, खाए' इत्यादि धातुसाधित–अव्यय हुन्.

४६७. अव्ययसाधित पनी कोही नाम, कोही विशेषण, कोही धातु, कोही अव्यय हुन्छन्. जस्तैः—

'भित्र-भित्री, बाहिर-बाहिरी, पर-पराइ' इत्यादि अव्ययसाधित-नाम; 'अगाडि–अगाडिको, अधि–अधिल्लो, भोलि–भोलिको' इत्यादि अव्ययसाधित–विशेषण 'पछि–पछ्याउनु, बाहिर–बाहिरिनु, भित्र–भित्रिनु' इत्यादि अव्ययसाधित–धातु; 'जैले–जैलेसुकै, ट्वतै-पट्टि, यता-उति, वर-पर' इत्यादि अव्ययसाधित–अव्यय हुन्.

(क) रूपवलीका शब्द आफना आफना मूल-शब्द माफिक उस उसबाट साधित हुन्.

४६८. यी धेरै किसिमका साधितहरू मध्ये, धातुबाट बनेकामा नाम विशेषण अव्ययलाई 'कृदन्त' भन्ने नामले, कर्म-भाव-प्रेरणार्थक नाम-धातुलाई त्यो त्यो 'साधितधातु' भन्ने नामले, समास भई बनेका शब्दलाई नाम विशेषणादि जुन जातको छ उस जातको 'सामासिक' भन्ने नामले, ती ती शब्दका विभक्ति प्रत्ययहरू भई बनेका रूपान्तरलाई उही नाम आदिका 'रूपावली' भन्ने नामले व्यवहार भएका छन्; बांकि नाम विशेषण सर्वनाम अव्ययबाट प्रत्यय विकार भई बन्ने नाम, विशेषण, अव्ययलाई 'तद्धितान्त' शब्द भन्दछन्.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

{ अरू किसिमका साधित शब्दको साधित हुने प्रकार अघि अघिका प्रकरणमा देखाएका हुनाले अब यहां तद्धितान्त साधितको प्रकार देखाइन्छ. }

४६६. भाव अर्थात् त्यो कुरा हुनु रूप धर्म अर्थ बुझाउंदा अमीर-आदि वर्गका शब्द देखि 'ई' प्रत्यय; प्राय: स्वभाव-बोधक पण्डित-आदि वर्गका शब्द देखि 'यांइ' प्रत्यय; प्राय: आकार-बोधक उच्च-आदि वर्गका शब्द देखि 'आइ' प्रत्यय; मूर्ख आदि वर्गका शब्ददेखि 'पना, पाना' प्रत्यय भई रूप बन्दछन्. ई यांइ आइ हुंदा प्रकृतिको अन्त्य स्वरको लोप पर्नो हुन्छ. दुइ स्वर हुने शब्दमा आदि स्वर 'आ' भए त्यसको बदला 'अ' पनी हुन्छ यी प्रत्यय भएका शब्द प्राय: नाम भई व्यवहार हुन्छन्, कोही विशेषण भएर पनी व्यवहार हुन्छन्. जस्तै:—

अमीरादि अमीर-अमीरी, गरीव-गरीवी, चोर-चोरी, चाकर-चाकरी, नोकर-नोकरी, खुस-खुसी, इमारदार-इमानदारी, खवरदार-खवरदारी, पहरादार-पहरादारी, फकीर-फकीरी, बादशाह-बादशाही, लायक-लायकी, लाल-लाली, गुलाफ-गुलाफी, बदाम-बदामी, बैंगन बैंगनी, आकाश-आकाशी, विभूत-विभूती, अश्मान-अश्मानी, कालीगड-कालीगडी. इत्यादि.

पण्डितादि— पण्डित-पण्डित्यांइ. मूर्ख-मूर्ख्यांइ. शिष्ट-शिष्ट्यांइ, दुष्ट-दुष्ट्यांइ धृष्ट धृष्ट्यांइ. बाठो-बट्यांइ, लठ्ठ-लठ्ठ्यांइ, उल्लू-उल्ल्यांइ, लुच्चा-लुच्च्यांइ, पुष्ट-पुष्ट्यांइ. इत्यादि

उच्चादि——उच्च-उच्चाइ, ऊचो-ऊचाइ, नीचो-नीचाइ, लामो-लमाइ, लम्ब-लम्बाइ, गोल-गोलाइ, मोटो-मोटाइ, छोटो-छोटाइ. इत्यादि.

मूर्खादि——मूर्ख-मूर्खपना, उल्लू-उल्लूपना, पण्डित-पण्डितपना, धृष्ट-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

धृष्टपना, अमीर-अमीरपना, लुच्चो-लुच्चोपना, लामो-लामोपना, रातो-रातोपना, गुलियो-गुलियोपना. इत्यादि.

४७०. सम्बन्धी अर्थात् सो कुरा जसको छ वा जसमा छ सो धर्मी अर्थ बुझाउंदा पर्दा-आदि वर्गका शब्ददेखि 'वाल' प्रत्यय; इमान-आदि वर्गका शब्ददेखि 'दार' प्रत्यय; इलम-आदि वर्गका शब्ददेखि 'ई' प्रत्यय; श्री-आदि वर्गका शब्ददेखि 'मन्त' प्रत्यय; भाग्य-आदि वर्गका शब्ददेखि 'वन्त' प्रत्यय; दूध-आदि वर्गका शब्ददेखि 'वाला' प्रत्यय; रस-आदि वर्गका शब्ददेखि 'इलो' प्रत्यय; होस-आदि वर्गका शब्ददेखि 'इयार' प्रत्यय; खर्च आदि वर्गका शब्ददेखि 'आलु' प्रत्यय; डोको-आदि वर्गका शब्ददेखि र, क्रियाबोधक गडगड आदि वर्गका शब्ददेखि 'ए' प्रत्यय; भई रूप बन्दछन्. अजादि प्रत्यय भएमा प्रकृतिको अन्त्य स्वरको लोप हुन्छ. यी प्रत्यय भएका शब्द प्राय: विशेषण भएर व्यवहार हुन्छन्, कोही नाम भएर पनी व्यवहार हुन्छन् जस्तै:—

पर्दादि—पर्दा-पर्दावाल, दाढी-दाढीवाल, पङ्खा-पङ्खावाल, चक्की-चक्कीवाल, फुर्ति-फुर्तिवाल, ढकनी-ढकनीवाल. इ०

इमानादि-इमान-इमानदार, घंटी-घंटीदार, फुर्ति-फुर्तिदार, खुश्बू खुश्बूदार, पानी-पानीदार, चहक-चहकदार, ढकनी-ढकनीदार. इत्यादि.

इलमादि-इलम-इलमी, खुन-खुनी, गुन-गुनी, बेहोस-बेहोसी, बेगुन-बेगुनी, झोक-झोकी, काज-काजी, ऐब-ऐबी, तेल-तेली, सुघर-सुघरी, फोहोर-फोहोरी. इत्यादि.

श्रीआदि-श्री-श्रीमन्त, बुद्धि-बुद्धिमन्त. इत्यादि.

भाग्यादि-भाग्य-भाग्यवन्त, बल-बलवन्त, धन-धनवन्त, दया-दयावन्त. इत्यादि.

दूधादि—दूध-दूधवाला, बग्गी-बग्गीवाला. इत्यादि.

रसादि—रस-रसिलो, नुन-नुनिलो, चहक-चहकिलो, भर-भरिलो, जङ्ग-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

जंगिलो, पोष-पोषिलो, जांगर-जांगरिलो, पहार-पहारिलो, बहाड-बहाडिलो, पेच-पेचिलो, जोष-जोषिलो, छहारि-छहारिलो, चमक-चमकिलो, झरो-चरिलो, मल-मलिलो. इत्यादि.

हांसादि—हांस-होसियार, मत-मतियार, गुठ-गुठियार. इ०

खर्चादि—खर्च-खर्चालु, दूध-दूधालु, माइत-माइतालु, नीद-नीदालु, झगडा-झगडालु, बढ-बढालु, विष-विषालु. इत्यादि.

डोकोआदि-डोको-डोके, धोक्रो-धोक्रे, दाउरो-दाउरे, खपंन-खपंने, थाप्लो-थाप्ले, जुंगा-जुंगे, भंडार-भंडारे, द्वार-द्वारे, सिङ्गान-सिङ्गाने; चिप्रा-चिप्रे, ग्याल-ग्याले. इ०

गडबडादि-गडबड-गडबडे, छुरछुर-छुरछुरे, चकचक-चकचके, खलबल-खलबले, चटपट-चटपटे, हतपत-हतपते, लतपत-लतपते. इ०

४७१. वासस्थान वा उत्पत्तिस्थान अर्थात् उसै ठाउंमा रहने वा हुने वस्तु बुझाउंदा प्रायः प्रधानस्थानवाचक नेपाल—आदि वर्गका शब्ददेखि 'ई' प्रत्यय; प्रायः आकारान्त प्रधानस्थानवाचक गोरखा-आदि वर्गका शब्ददेखि 'ली' प्रत्यय; प्रायः इ—उकारान्त प्रधानस्थानवाचक 'गाउं' आदि वर्गका शब्ददेखि 'ले' प्रत्यय; पर्वत-आदि वर्गका शब्ददेखि 'ए' प्रत्यय; पूर्व-आदि वर्गका शब्ददेखि 'इया' प्रत्यय; काश-आदि वर्गका शब्ददेखि 'वाल' प्रत्यय भई रूप बन्दछन्. अजादि प्रत्यय भएमा प्रकृतिको अन्त्य स्वरको लोप हुन्छ. यी प्रत्ययान्त शब्द प्रायः विशेषण हुन्छन्. जस्तैः—

नेपालादि—नेपाल-नेपाली, अछाम-अछामी, सल्यान-सल्यानी, बङ्गाल-बङ्गाली, बझांग-बझांगी, जङ्गल-जङ्गली, कलकत्ता-कलकत्ती, वेलायत-वेलायती, कश्मीर-कश्मीरी, अरब-अरबी, काबुल-काबुली, हिन्दुस्तान-हिन्दुस्तानी. इत्यादि.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

गोरखादि - गोरखा-गोरखाली, पाल्पा-पाल्पाली, पोखरा-पोखराली, टोखा-टोखाली, बाजुरा-बाजुराली, माझ्वा-माझ्वाली, स्याजा-स्यांजाली, दुंजा-दुंजाली. इत्यादि.

गाउंआदि—गाउं-गाउंले, भादगाउं-भादगाउले, संखु-संखुले, सांखु सांखुले, चांगु-चांगुले, मान्खु-मान्खुले, मार्खु-मार्खुल, ठिमि-ठिमिले, मैदि-मैदिले. इत्यादि.

पर्वतादि- पर्वत-पर्वते, भोट-भोटे. मधेस-मधेसे, पाटन-पाटने कीर्तिपुर-कीर्तिपुरे, चोभार-चोभारे, जाजरकोट-जाजरकोटे, दैलख-दैलेखे, काठ-काठे, थानकोट थानकोटे, असन- असने, धनकाटा-धनकोटे, प्यूठाना-प्यूठाने, चितलाङ-चितलाङे, भैमाल-भैमाले, मशान-मशाने. इत्यादि.

पूर्वादि——पूर्व-पूर्विया, बजार- बजारिया, सदर-सदरिया, चीन-चीनीया, सहर-सहरिया, पल्टन-पल्टनिया, उपर-उपरिया, उत्तर-उत्तरिया. इत्यादि.

काशीआदि—काशी-काशीवाल, पटना-पटनावाल, गया-गयावाल, बम्बई-बम्बईवाल. इत्यादि.

४७२. संमान अर्थमा देवता नातादार आदि माननीय व्यक्ति बुझाउने राम-आदि वर्गका शब्ददेखि 'जी' प्रत्यय; बुवा—आदि वर्गका शब्ददेखि 'ज्यू' प्रत्यय भई सोही बुझाउने नाम बन्दछन् प्रायः संस्कृत शब्दमा, कुनै कुनै भाषाका शब्दमा पनी 'जी' प्रत्यय, प्रायः भाषा-शब्दमा कुनै कुनै संस्कृत शब्दमा पनी 'ज्यू' प्रत्यय, कुनै शब्दमा दुवैथरी प्रत्यय पनी हुन्छ. 'ज्यू प्रत्यय भएमा कहीं कहीं प्रकृति भागमा लोप आदि केही विकार पनी हुन्छ. जस्तैः—

रामादि—राम-रामजी, कृष्ण-कृष्णजी, सीता-सीताजी, ब्रह्मा-ब्रह्माजी, शिव-शिवजी, देवदत्तजी, गङ्गा-गङ्गाजी, पिता-पिताजी,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

माता-माताजी, गुरु-गुरुजी, बाबु- बाबुजी, साहु-साहुजी, पण्डित-पण्डतजी, बाबा-बाबाजी, महन्त-महन्तजी, वैद्य-वैद्यजी. इत्यादि.

बुबादि— बुबा-बुबाज्यू, मुमा-मुमाज्यू, पिता-पिताज्यू, गुरु-गुरुज्यू, दाइ-दाइज्यू दाज्यू, दिदी-दिदीज्यू दिज्यू, शासू-शासूज्यू शसुरा-शसुराज्यू, पुसै-पुसैज्यू पुसाज्यू, बाबा-बाबाज्यू, बाज्ये बाज्येज्यू बाज्यू, बज्यै-बज्यैज्यू बज्यू, पण्डित-पण्डितज्यू. इत्यादि.

(क) कुनै कुनै शब्दमा 'ज्यू' प्रत्यय गर्दा अर्कै व्यक्ति बुझिने, कहीं कहीं शब्दको विकार पनी भएको देखिन्छ. जस्तैः—'आमा-आमाज्यू (पतिकी दिदी), भाइ-भाउज्यू (दाज्यूकी स्त्री), मामा-माइज्यू (मामाकी स्त्री), फुपू-फुपाज्यू (फुपूको लोग्ने), दिदी-भिनाज्यू (दिदीको लोग्ने)' इत्यादि.

४७३. आधार अर्थमा पान-आदि वर्गका शब्ददेखि 'दान, दानी' प्रत्यय; ह्रस्व (सानो) अर्थमा लोहटा-आदि वर्गका शब्ददेखि 'ई' प्रत्यय; तत्सम्बन्धी भन्ने अर्थमा फौज-आदि वर्गका शब्ददेखि 'ई' प्रत्यय; निन्दितसम्बन्धी भन्ने अर्थमा भाँग-आदि वर्गका शब्ददेखि 'याहा' प्रत्यय; तत्प्रधान भन्ने अर्थमा धुलो-आदि वर्गका शब्ददेखि 'औटो' प्रत्यय, कहीं 'औलो' प्रत्यय; तद्युक्त भन्ने अर्थमा जाँगर-आदि वर्गका शब्ददेखि 'इया' प्रत्यय; संज्ञा अर्थमा रातो-आदि वर्गका शब्ददेखि 'ए, उ' प्रत्यय; शिल्पी अर्थात् त्यसको कालीगड भन्ने अर्थमा सुन-आदि वर्गका शब्ददेखि 'आर' प्रत्यय, कहीं 'औटे' प्रत्यय; तुल्य अर्थमा बेसार-आदि वर्गका शब्ददेखि 'ए' प्रत्यय, कहीं 'औना' प्रत्यय; तद्भव अर्थमा घर-आदि वर्गका शब्ददेखि 'ऐया' प्रत्यय भई रूप बन्दछन्. अजादि र 'याहा' प्रत्यय भएमा प्रकृतको अन्त्यस्वरको लोप हुन्छ. 'याहा, आर, औटो, औलो, औटे' प्रत्यय भएमा प्रकृतिको आदिस्वर आ भए त्यसको बदला अ पनी हुन्छ. जस्तै —

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पानादि—— पान-पानदान पानदानी, दूध दूधदान दूधदानी, मसी-मसीदान मसीदानी, कलम-कलमदान कलमदानी, साम-सामदान, अत्तर-अत्तरदान अत्तरदानी, फिक-फिकदानी. इत्यादि.

लोहोटादि—लोहोटा-लोहोटी, गाग्रो-गाग्री, कोदालो-कोदाली, खुर्पा-खुर्पी, डालो-डाली, नाङ्लो-नाङ्ली, कुचो-कुची इत्यादि

फौजादि—फौज-फौजी, अदालत-अदालती, दयानन्द-दयानन्दी, नानक-पन्थ-नानकपन्थी, अंग्रेजी-अंग्रेजी, फारस-फारसी, हिन्द हिन्दी, रामानुज-रामानुजी, ज्योतिष-ज्योतिषी, कबीरपन्थ-कबीर-पन्थी, मुसलमान-मुसलमानी. इत्यादि.

भाँगादि—भाँग-भंग्याहा, जांड-जंड्याहा, मूल-मूल्याहा, भात-भत्या (ता) हा, बात-बत्याहा, धुलो-धुल्याहा. इत्यादि.

घुलोआदि--घुलो-घुल्टो, बाछा-बछोटा, माटो-मटयोलो. इत्यादि.

जांगरादि जांगर-जांगरिया, कर-करिया, भर-भरिया, हजार-हजारिया, झगडा-झगडिया. इत्यादि.

रातोआदि—रातो-राते, सेतो-सेते, सेतु, कालो-काले कालु, गोरो-गोरे, कैलो-कैले कैलु, नेप्टो-नेप्टे, चेप्टो-चेप्टे. इ०

सुनादि——सुन-सुनार, लोहा-लोहार, चाम-चमार, कांसो-कसोटे, तामो-तमोटे. इत्यादि.

बेसारादि—बेसार-बेसारे, बतास-बतासे, दाउरो-दाउरे, काठ-काठे, सुन-सुनोला, रूपा-रूपोला. इत्यादि.

घरादि——घर-घरैया, बन-बनैया, गाउँ-गँवैया.

(क) यस्तै गरी अरू कुनै नाम विशेषणहरूबाट विशेष विशेष अर्थमा विशेष प्रत्यय भएर पनी रूप बन्दछन्. 'जस्तैः – ढुङ्गा—एन ढुङ्गेन (ढुङ्गा धेरै भएको), खाट—इया-खटिया (सानो खाट), भोक-ओ-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भोको (भोक लागेको), प्यास-ओ-प्यासो (प्यास लागेको), दमा-ही-दमाही (दमा बजाउने), अकाश-ए-अकाशे (आकाशतिर फर्कने), जुम्ला ई-जुम्ली (जुम्लाको बासिन्दा), गुल्मी-एलो गुल्मेली (गुल्मीको बासिन्दा), कुमाउ-इ-कुमाइ (कुमाउंको बासिन्दा), सिरदी-एल, याल-सिरदेल सिरद्याल (सिरदीको बासिन्दा), डोटी-एल, याल-डोटेल, डोटयाल (डोटीको बासिन्दा), दक्खिन आ-दक्खिना (दक्षिणमा हुने वा बस्ने), पश्चिम-आ-पश्चिमा (पश्चिममा हुने वा बस्ने) इत्यादि विशेष प्रत्यय रूपहरू व्यवहारबाट जान्नू.

४७४. निश्चितसंख्या-विशेषण 'एक, दुइ' आदि शब्दबाट साधित-शब्द बन्दा-दाउ अर्थात् त्यो संज्ञा भएको खेलको वस्तु बुझाउंदा 'दश' संमका शब्ददेखि कहीं कस्तै कहीं कस्तै सामान्यरूप र प्रत्यय भई, दुनोट अर्थात् त्यति समुदाय बुझाउंदा 'आठ' संमका शब्ददेखि विशेष विशेष सामान्यरूप र प्रत्यय 'नौ' देखिका शब्ददेखि हलन्त सामान्यरूप र 'आन्' प्रत्यय भई नामशब्द; व्यक्ति अर्थात् त्यतिवटा वस्तु बुझाउंदा सबैदेखि 'वटा' प्रत्यय, 'एक, दुइ, तीन' शब्ददेखि विशेष सामान्यरूप समेतको 'टा' प्रत्यय पनी भई, क्रम अर्थात् त्यतिउं वस्तु बुझाउंदा 'छ' संमका शब्ददेखि विशेष विशेष सामान्यरूप र प्रत्यय, 'सात' देखिका शब्ददेखि प्राय: हलन्त सामान्यरूप र 'औं' प्रत्यय भई आवृत्ति अर्थात् त्यति गुना बुझाउंदा 'चार' संमका शब्ददेखि विशेष सामान्यरूप समेतका 'बर, बरि, रो, हरो' प्रत्यय पांच' देखिका शब्द-देखि 'बर, बरि' प्रत्यय भई, अनियम अर्थात् असंख्यता बुझाउंदा 'पचास, शय, हजार, लाख, करोड' आदि कुनै कुनै शब्ददेखि प्राय: हलन्त कहीं विशेष पनी सामान्यरूप र 'औं, आं, अन्' प्रत्यय भई विशेषण शब्द बन्दछन्, जस्तै:—

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

	नाम.		विशेषण.		
	दाउअर्थ	दुनोटअर्थ	व्यक्तिअर्थ	क्रमार्थ	आवृत्तिअर्थ
एक-	एक्का.	एकान्.	एकवटा, एउटा.	पहिलो.	एकबर-रि, एकहरो.
दुइ-	दुवा.	दुनि, दुना.	दुइवटा, दुइटा, दोटा.	दोस्रो.	दुइबर-रि, दोबर-रि, दोहरो.
तीन-	तिया, तियाँ. तिर्कि.		तीनवटा, तीनटा.	तेस्रो.	तीनबर-रि, तेबर-रि, तेस्रा.
चार-	चोका.	चोको.	चारवटा.	चौथो, चारौं.	चौबर-रि, चौहरो.
पांच-	पंजा.	पंचे.	पांचवटा.	पांचौं	पांचबर-रि.
छ—	छक्का.	छक्का.	छवटा.	छैटौं	छबर-रि.
सात-	सत्ता.	साता.	सातवटा.	सातौं.	सातबर-रि.
आठ-	अट्ठा.	आठा.	आठवटा.	आठौं.	आठबर-रि.
नौ—	नहर.	नवान्.	नौवटा.	नवौं.	नौबर-रि.
दश	दहर.	दशान्.	दशवटा.	दशौं.	दशबर-रि. इ०

असंख्यार्थ विशेषण:—

पचास—पचासौं.	पचासां.	पचासन्.
शय—-शयौं.	शयां.	शयन्.
हजार—हजारौं.	हजारां.	हजारन्.
लाख—लाखौं लक्खौं.	लाखां, लक्खां,	लाखन्, लक्खन्.
करोड-करोडौं.	करोडां.	करोडन्. इत्यादि.

(क) आवृत्ति अर्थमा 'एक दोबर, तीन दोबर' इत्यादि पनी प्रयोग हुन्छन्. कुनै कुनै संख्यावाचक शब्ददेखि विशेष अर्थ बुझाउने अरू

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

किसिमका शब्द पनी बन्दछन्. जस्तैः— एक-एकलो (दोस्रो नभएको), दुइ दोकलो (दोस्रो भएको), शय-शयवडा (प्रति शय), शयकडौं (असंख्य), दश दशौंद (दशांश एक), बीश बीशौंद (बीशको एक).' इत्यादि.

४७५. सर्वनामबाट साधित शब्द बन्दा—'जो, यो, उ, त्यो, को' शब्दबाट देश-आधार बुझाउंदा 'हा, ता' प्रत्यय, त्यसमा अनिश्चय समेत बुझाउंदा 'हीं तैं' प्रत्यय, काल-आधार बुझाउंदा 'हिले तिखेर प्रत्यय, त्यसमा निश्चय समेत बुझाउंदा तिखेर, तिनखेर प्रत्यय, अवधि-काल बुझाउंदा तिउेल प्रत्यय, प्रकार बुझाउंदा 'ओ, सनी, तनी' प्रत्यय, त्यसमा निश्चय समेत बुझाउंदा ऐ' प्रत्यय तुल्यता बुझाउंदा 'तैं' प्रत्यय भई यी अव्यय शब्द; तुल्य अर्थ बुझाउंदा बुझाउंदा 'तो' प्रत्यय, परिमाण बुझाउंदा 'ति' प्रत्यय, त्यसमा निश्चय समेत बुझाउंदा 'त्ति' प्रत्यय, त्यसैमा आश्चय समेत बुझाउंदा 'तिको, त्तिको प्रत्यय क्रम बुझाउंदा 'तिउं प्रत्यय, आवृत्ति बुझाउंदा 'तिबर, त्तिबरि प्रत्यय, व्यक्ति बुझाउंदा 'तिघटा' प्रत्यय, भई यी विशेषण शब्द बन्दछन् यिनमा 'जो, यो, उ, त्यो, को' शब्दका क्रमैसंग अजादि र तुल्य-पक्ष प्रत्यय हुंदा 'जस्, यस्, उस्, त्यस्, कस्' यस्ता; अरू प्रत्यय हुंदा 'ज, य, उ, त्य, क' यस्ता, 'हिले' प्रत्यय हुंदा 'यो' शब्दको त 'अ यस्तो, यी सामान्यरूप हुन्छन्. जस्तैः —

—

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अव्यय

अर्थ.	जोशब्द.	योशब्द.	उशब्द.	त्योशब्द.	कोशब्द.
देश	—जहां, जता.	यहां, यता.	उहां, उता.	त्यहां, त्यता.	कहां, कता.
प्रति''	—जहीं, जतै.	यहीं, यतै.	उहीं, उतै.	त्यहीं, त्यतै.	कहीं, कतै.
काल	—जहिले, जतिखेर.	अहिले, यतिखेर.	उहिले, उतिखेर.	त्यहिले, त्यतिखेर.	कहिले, कतिखेर.
निश्चि''	-जत्ति(त्तिन)खेर.	यत्ति(त्तिन)खेर.	उत्ति(त्तिन)खेर.	त्यत्ति(त्तिन)खेर.	कत्ति(त्तिन)खेर.
अवधि	--जतिजेल.	यतिजेल.	उतिजेल.	त्यतिजेल.	कतिजेल.
प्रकार	—जसो, जस(स्त)री.	यसो, उस(स्त)री.	उसो, उस(स्त)री.	त्यसो त्यस'स्त'री.	कसो कस'स्त'री.
निश्चि''	जसै.	यसै.	उसै.	त्यसै.	कसै.
तुल्य	—जस्तै.	यस्तै.	उस्तै.	त्यस्तै.	कस्तै.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

विशेषण

अर्थ. जोशब्द.	योशब्द.	उशब्द.	त्योशब्द.	कोशब्द
तुल्य — जस्तो.	यस्तो.	उस्तो.	त्यस्तो.	कस्तो.
परिमाण-जति.	यति.	उति.	त्यति.	कति.
निश्चि' -जत्ति.	यत्ति.	उत्ति.	त्यत्ति.	कत्ति.
अधिक"-जति(त्ति)को.	यति त्ति)को.	उति(त्ति,को.	त्यति(त्ति)को.	कति(त्ति)को.
क्रम —-जतिउं.	यतिउं.	उतिउं	त्यतिउं.	कतिउं.
आवृत्ति-जतिबर-रि.	यतिबर-रि.	उतिबर-रि.	त्यतिबर-रि.	कतिबर-रि.
व्यक्ति—जतिवटा.	यतिवटा.	उतिवटा.	त्यतिवटा.	कतिवटा.

(क) 'आफू' शब्दबाट सम्बन्धी अर्थ बुझाउंदा 'नो, अन्त, अस्त' प्रत्यय, परस्पर भन्ने अर्थ बुझाउंदा 'ऊस' प्रत्यय र हलन्त सामान्यरूप भई 'आफ्नो, आफन्त, आफस्त, आफूस' यी नाम शब्द बन्दछन्.

(ख) क ही सर्वनामबाट काल बुझाउंदा विशेष अव्यय शब्द पनी बन्दछन्. जस्तैः— यो ऐले, अब. त्यो-तैले, तव. को-कैले, कव. जो–जैले, जव.'

(ग) 'जो,को' शब्दबाट 'हां, ता, तो, तुल्यार्थक तै, ति, त्ति, तिउं, हिले' प्रत्यय भएका प्रायः सबै शब्दमा अव्यवस्थारूप विशेष अर्थ बुझाउंदा 'सुकै' यो शब्दयोगी जोडिएर पनी व्यवहार हुन्छ। (अव्ययविचारमा लेखेकमा नीम 'तिर, तर्फ' आदि शब्द पनी कुनै कुनैमा जोडिन्छन्.) जस्तैः— 'जहांसुकै, जतासुकै, जस्तोसुकै, जतिसुकै, जहिलेसुकै.' ६०

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

४७६. अवधारण अर्थात् निश्चय अर्थ बुझाउँदा हलन्त शब्दका अन्त्यमा, अ–आ–ओ–कारान्त शब्दमा अन्त्य स्वरको बदला 'ऐ' प्रत्यय, कुनै सर्वनाम शब्दमा 'ही' प्रत्यय, ए-कारान्त शब्दमा अन्त्य स्वरका बदला 'यैं' प्रत्यय हुन्छ; अरू इ-उ-आ-कारान्त शब्दमा प्रत्यय हुँदैन, नै यो अव्यय मात्र जोडिन्छ, 'ऐ, यैं' हुनेमा पनी सो नगरी 'नै' अव्यय पनी जोडिन सक्छ. विभक्त्यन्त शब्दमा अ-आ-ओ-कारान्त प्रकृतिभागमा मात्र पनी 'ऐ' हुन्छ. कहीं केही विकार पनी हुन्छ जस्तैः – 'जगत्-जगतै; म-मैं; मेरो-मेरै; रामले-रामैले, रामल्यै, रामले नै; रामलाई-रामैलाई, रामलाई नै; राजाको-राजैको, राजाकै, राजाको नै; रातो-रातै, रातो नै; आज-आजै, आज नै; भोलि-भोलि नै; त्यो-त्यही; को-कोही; उ-उही; यो-यही; पहिले; पहिल्यै, पहिले नै; आघूं-आघूं नै; दुइ-दुवै; छेउ-छेवै; गाउँमा-गाँवैमा; भाउले-भावैले.' इ०

(क) क्रियापदका रूपमा अवधारण बुझाउने प्रयोग प्रायः हुँदैन; अरू शब्दमा पनी सबैमा अवधारणको प्रयोग हुने नियम छैन. (सो सबै विशेष अघि अघिका प्रकरणमा ठाउँ ठाउँमा लेखे बमोजीम जान्नू)

४७७. निर्द्धारण अर्थात् धेरैमा कुनैलाई विशेष रूपले छुट्याउँनु अर्थ बुझिदा 'चाहीं' प्रत्यय हुन्छ; यो प्रत्यय विभक्ति प्रत्यय भएका शब्दमा प्रकृति भागमा मात्र पनी जोडिन सक्छ. जस्तैः—'रामुचाहीं, योचाहीं, जुनचाहीं, रातोचाहीं, आजचाहीं, मेरोचाहीं, पण्डितचाहींलाई, पण्डितलाईचाहीं.' इत्यादि.

(क) क्रियापदका रूपमा निर्द्धारण बुझाउने प्रयोग पनी प्रायः हुँदैन; अरूमा पनी सबैमा हुने नियम छैन, व्यवहार अनुसार कहीं कहीं प्रयोग हुन्छ.

(द्विरुक्ति.)

४७८. वाक्यभित्रका शब्दमा वीप्सा, अतिशय, पौनः पुन्य, साहित्य,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

प्राचुर्य, आदि विशेष अर्थमा द्विरुक्ति अर्थात् दोहरिएर प्रयोग हुन्छ, द्विरुक्ति हुंदा कहीं कहीं शब्दमा केही विशेष पनी हुन्छ.

(१) वीप्सा अर्थात् 'सबै प्रत्येक' भन्ने अर्थ बुझाउंदा नाम विशेषण अव्ययहरूको द्विरुक्ति हुन्छ; यसमा पछिल्लो शब्द अवधारण-बोधक भएर पनी प्रयोग हुन्छ. जस्तै—'घर घर (प्रत्येक घरमा) चाहाछं. तिनीहरू घर घरै छन्. बात बातमा रिसाउंछ भांडा भांडैमा हाल. उर्दीमा सामेल हुनू दिन दिनै आउंछ. चार चारवटा छुटयाऊ.' इ०

(२) अतिशय अर्थात् उत्तरोत्तर आधिक्य अर्थ बुझाउंदा विशेषण अव्ययहरूको द्विरुक्ति हुन्छ; कहीं विशेषणको द्विरुक्ति भएमा सो विशेषण-धर्मको लेशत्व अर्थ पनी बुझिन्छ जस्तै:—'राम्रो राम्रो (पछि पछि झन् राम्रो) हुंदै आयो. टाढा टाढा भयो (झन् टाढा टाढा भयो). तल तल खस्छ. माथि माथि पुग्यो अस्ति अस्ति तिर. अघि अघि. चांडो चांडो हयो गोरो गोरो (अलि अलि गोरो) छ. अब त रातो रातो (अलि अलि रातो) भयो.' इत्यादि.

(३) पौनःपुन्य अर्थात् वारंवार भन्ने अर्थ बुझाउंदा 'ता, दा, तै, दै, ई' प्रत्ययान्त धातुसाधितको द्विरुक्ति हुन्छ अघिल्लो 'ता, दा,' पछिल्लो 'तै, दै' प्रत्ययान्त राखेमा उपेक्षा आदि केही विशेष अर्थ पनी बुझिन्छ. 'ई' प्रत्ययान्तको द्विरुक्ति भएमा 'कन' शब्द पछिबाट मात्र जोडिन्छ जस्तै: 'हिंड्दा हिंड्दा (बराबर हिंड्दा) थाक्यो. भन्दा भन्दा मान्यो. खांदा खांदै हिंड्छ. कुट्तै कुट्तै लग्यो. बोलाउंदा बोलाउंदै (वारंवार बोलाएको नटेरी) गयो खांदा खांदै दुबलायो. कुट्ता कुट्तै (कुटी नसक्तैमा) मर्‍यो. घोकी घोकी (घोक्ता घोक्ता) हैरान भएं. कुटी कुटी कन मान्यो.' इत्यादि.

(४) साहित्य अर्थात् सो कुरा त्याग नगर्नु अर्थ बुझाउंदा नामशब्दहरूको द्विरुक्ति हुन्छ. यसमा अवधारण बुझाउंदा अघिल्लो वा पछिल्लो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भागमा अवधारणार्थकको प्रयोग हुन्छ. जस्तैः—'खोला खोला (खोलो नछोडी कन), खोलै खोला, खोला खोलैको बाटो छ. साथ साथ, साथसाथै हिंड. फाटै फांट दगुऱ्यो. पात पातै दगुछ. छेउ छेवै गयो. संग संगै जान्छु. सरै सहर पुगे.' इत्यादि.

(५) प्राचुर्य अर्थात् धेरै हुनु अर्थ बुझाउंदा नामशब्दहरूको द्विरुक्ति हुन्छ. यसमा अघिल्लो भाग अवधारणार्थकै हुन्छ. जस्तैः—'यहां घरै घर (धेरै घर) छन्. सुनै सुनका गहना लाउंछु. माटै माटाका भांडा छन्. गहनै गहना लाएकी स्वास्नी.' इत्यादि.

(६) शोक अमङ्गल आदि बुझाउंदा कोही देवतावाचक शब्दको, अरू उद्गारको आधिक्य बुझाउंदा अरू उद्गारवाचक शब्दको पनी द्विरुक्ति हुन्छ जस्तैः—'राम राम. शिव शिव. हरे हरे. हाइ हाइ. छिः छिः. अहा अहा. अहो अहो.' इ०

(७) कहीं यावत् अर्थात् सबै भन्ने अर्थ बुझाउंदा. कहीं यथास्थिति अर्थात् जस्ताको त्यस्तै रहनु भन्ने अर्थ बुझाउंदा नाम विशेषण अव्ययहरूका द्विरुक्ति भई अघिल्लो भागमा 'को का' षष्ठी प्रत्यय पनी हुन्छन् घरका घर (यावत् घर) भत्के. असर्फीको असर्फी थाप्छ. थैलोका थैली उडायो. सांझको सांझ (उस्तै सांझो) छ. राताका रातै छन्. उल्लूको उल्लू नै छ. घरको घरै छ. अघिको अघि नै भयो.' इत्यादि.

(८) अरू अरू किसिमका विशेष विशेष अर्थमा पनी कुनै कुनै शब्दमा द्विरुक्ति हुन्छ. कहीं 'एको' प्रत्ययान्त अघिल्लो. भागमा 'को' लोप, कहीं अघिल्लो भागका अन्त्यमा आकार हुने, कहीं पाछल्लो भागका अन्त्यमा इकार हुने इत्यादि विशेष विकार पनी हुन्छन्. जस्तैः — 'लेखे लेखेको (लखेको जति) छुट्याऊ कुहे कुहेको छान. रात रात (राति राति) गरी गयो. मुखामुख (परस्पर मुख हेरी) गर्छ. लातालात

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(परस्पर लातले हान्नु). गालागाल (परस्पर गाली गर्नु). हाताहात (एक हात माथि अर्को हात). पालापालि (क्रमैसंग पालो). माझमा-माझिमा (ठीक माझमा). सफासफि (खूप सफा). मुक्कामुक्कि (परस्पर मुक्की हान्नु. जगल्टाजगल्टि (परस्पर जगल्टामा समात्नु) लौह्लालौह्लि (परस्पर लौह्लाले हान्नु.)' इत्यादि.

४७९. संभ्रम (हडबडी), दृढता, निश्चय, अनादर आदि शिशेष अर्थं बुझाउंदा व्यवहार अनुसार यथेष्ट (इच्छा माफिक) जंमै वाक्यको, अथवा वाक्य भित्रका एक अनेक पदको द्विरुक्ति हुन्छ कहीं द्विरुक्ति भएका पदका बीचमा अर्को पदले व्यवधान पनी हुन्छ. जस्तै :—

'चोर आयो, चोर आयो. लौ लौ चोर पक्र पक्र. जान्छु जान्छु. रातो हैं रातो. पढ पढ. जा न जा. लौ गयो गयो नकुट बाबु नकुट. मरें बाबा मरें.' इत्यादि.

४८०. क्रिया बुझांउने कुनै धातुसाधित शब्द विशेष विशेष अर्थमा अनेक किसिम संग द्विरुक्ति भई बनेका हुन्छन्.

(१) सो क्रियाको उत्तरोत्तर अतिशय अर्थ बुझांउदा प्रायः द्व्यक्षर धातुको द्विरुक्ति भई अघिल्लो भाग इकारान्त, पछिल्लो भाग 'आउ' कहीं 'आइ' अन्त्यमा हुने भई; कहीं अघिल्लो भाग आकारान्त, पछिल्लो भाग इकारान्त भएर पनी प्रयोग हुन्छ. जस्तै: -- 'घटिघटाउ (झनझन् घट्नु), बढिबढाउ, कडिकडाउ, कडिकडाइ, बसिबसाउ, बसिबसाइ, जडिजडाउ, चढिचढाउ, सजिसाउ, सुतिसुताउ, सुति-सुताइ, घटाघटि (झन झन् घट्नु), कसाकसि, बढाबढि.' इत्यादि.

(२) सो क्रियाको व्यतिहार अर्थात् परस्पर सो क्रिया गर्नु अर्थ बुझांउंदा प्रायः कोही हलन्त धातुको द्विरुक्ति भई अघिल्लो भाग आकारान्त, पछिल्लो भाग अकारान्त, कहीं इकारान्त पनी भई प्रयोग हुन्छ.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

जस्तैः—'हानाहान' (परस्पर हान्नु). तानातान, तानातानि. भनाभन, भनाभनि. कुटाकुट. मिचामिच. मारामार. सोधासोध. पछारापछार. देखादेख. दौडादौड.' इत्यादि.

(३) सो क्रियाको प्रवृत्ति अर्थात् चलन अर्थ बुझाउंदा प्राय: द्वयक्षर हलन्त धातुको द्विरुक्ति भई भई अघिल्लो पछिल्ला दुवै भाग अकारान्त भई, धातुको अघिल्लो स्वर आकार हुनेमा पछिल्लो भागमा सो आकारको बदला उकार, आकार भिन्न अरू स्वर हुनेमा सो स्वरको बदला आकार भएर प्रयोग हुन्छ. जस्तैः—'ठांटठुंट (ठांट्ने व्यवहार), ढांटढुंट, बांडबुंड. तानतुन, चाटचुट, माझमुझ, काटकुट, चोरचार, फेरफार, टिपटाप, पेचपाच, खनखान, मलमाल, फेरफार, पिटपाट, छुटछाट, थिचथाच, मिचमाच, पोलपाल, वेचबाच, ठाकठाक.' इत्यादि.

(क) यी शब्द नाम भए पनी कुनै कुनै धातु बनी दुवै भागमा 'ई' प्रत्यय, पूर्वभागमा बिकार समेत हुने 'एको' प्रत्यय भएर पनी व्यवहार हुन्छ. जस्तैः—'भुटीभाटी, चोरीचारी, ढांटीढुंटी, च्यातीच्युती, भुटेभाटेको, चोरेचारेका, च्यातेच्युतेको.' इत्यादि.

(४) कहीं क्रिया नबुझाउने शब्दमा पनी क्रियाको तात्पर्यले, माथिका नियम बमोजीम कहीं केही फरक समेत भई द्विरुक्ति भई प्रयोग हुन्छ. जस्तैः—'सुरसार, ख्यालखुल, झेलझाल, जालजेल, ठिकठाक, टापटिप, भाङभुङ, घारघुर, मानगुन, छलछाम.' इत्यादि[१].

---

१ 'ढोगभेट, लेखपढ, हेरकोर, सोधसाध, काटकुट' इत्यादि शब्दमा दोस्रो भागबाट अर्को क्रिया बुझिने हुनाले यस्ता शब्द ढोग्नु भेट्नु आदि दुइ क्रियावाचक नामको द्वन्द्व समास भई बनेका हुन; 'पिटपाट. माझमुझ' इत्यादिमा त दोस्रो भागबाट अर्को क्रिया केही नबुझिई निरर्थकै देखिने

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

४८१. प्रायः सबै किसिमका शब्दमा त्यस पदार्थको तुच्छता बुझाउंदा पहिला भागको पहिलो वर्ण सकार हुने गरी द्विरुक्ति भई प्रयोग हुन्छ. कुनै कुनै शब्दमा तुच्छता नबुझिदा पनी व्यवहार अनुसार सकारको सट्टा अर्कै वर्ण भएर पनी द्विरुक्ति हुन्छ जस्तैः —

'भातसात[१] नपका. पुस्तकसुस्तक मिल्कायो. दहीसही किन. धन्दा-सन्दा, धन्दाफन्दा. टन्टासन्टा, टन्टाभन्टा. भाउसाउ, भाउताउ. अराउंनु-पराउंनु. गालीढाली. ठेसमेस. खोसमोस. फट्टसट्ट, भट्टपट्ट.' इत्यादि.

४८२. कोही कोही शब्दमा विशेष अर्थ केही नबुझाउंने हुनाले पूर्व वा उत्तर एउटाचाहीं शब्दको मात्र प्रयोग गर्दा पुग्ने भए पनी दुइ पदार्थमा केही फरक जस्तो देखाई व्यवहार अनुसार पर्याय अर्थात् एकै अर्थ भएका भिन्न भिन्न अनेक शब्दको जोड भएर पनी द्विरुक्त जस्तो प्रयोग हुन्छ. जस्तैः —

'सुख चैन. ऐश आराम. लाज सरम. चिनारी परिचय. काम काज. बाङ्गो टेढो. साम्ने सामु. चाल चलन. दर भाउ. संगी साथी. इष्ट मित्र. देव देवता. घूस रीशवत. जहान परिवार. प्रति शिक्षा. बही खाता. धन दौलत. कागत पत्र. इलम उद्योग. नोकर चाकर. भांडा बर्तन. श्री सम्पति.' इत्यादि.

हुनाले यस्ता शब्द द्विरुक्त भई बनेका हुन्. तर द्वन्द्व समास भई बनेका 'लेखपढ' आदि कुनै शब्द धातु भई 'लेखीपढी, हेरीकोरी, लेखेपढेको, हेरेकोरेको' इत्यादि पनी प्रयोग हुन्छ.

१ अरु अरू भाषामा पनी कुनैमा वकार मिलाई 'भात वात' इत्यादि, कुनैमा टकार मिलाई 'भात टात' इत्यादि रीतले व्यवहार हुने झैं हाम्रो भाषामा सकार मिलाइ व्यवहार हुन्छ. तर यस्तो सकार मिलाउने प्रयोग बोलीमा ज्यादा प्रसिद्ध छ त पनी लेखमा प्रायः त्यस्तो लेख्ने चलन छैन. संस्कृतमा भने यस्तो वर्ण बदली द्विरुक्ति हुने व्यवहार छैन.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(अनुकरणशब्द.)

४८३. अनुकरण शब्द पनी कोही द्विरुक्ति भएका कोही नभएका धेरै किसिमका हुन्छन्.

(१) कोही शब्द हुने क्रियामा सो शब्दको अनुकरण स्वरूपले व्यवहार अनुसार कल्पना गरेका शब्दलाई द्विरुक्ति गरी अघिल्लो भाग आकारान्त, पछिल्लो भाग अकारान्त वा इकारान्त भई बन्दछन्. जस्तैः 'हिंड्नु' आदि क्रियामा 'सरसर, पटपट' इत्यादि शब्द अनुकरण मानी 'सरासर, पटापट, सरासरि, फटाफटि' इत्यादि अनुकरण शब्द बन्दछन्. यस्तैः—'गमागम पऱ्यो. पटापट, पटापटि कुट्यो. धमाधम गऱ्यो. चटाचट लेख्छ.' इत्यादि.

(२) कोही क्रियामा जुन क्रियामा जस्तो शब्द हुन्छ वा कल्पित छ उस्तै शब्दलाई कहीं द्विरुक्ति गरी कहीं नगरी अरू विकार नगरी बन्दछन्. जस्तैः—'सरसर गर्छ. पटपट पट्क्यो. प्याट्ट कुट्छ. ढ्यांङढ्यांङ नगर. पिच्च थुक्छ. थ्याच्च बस्यो. फ्यात्त फ्याल्छ. पटिक्क पड्कन्छ.' इत्यादि.

(३) कोही शब्द नहुने क्रियामा पनी त्यस त्यस क्रियामा चलन अनुसार एकेक स्वरूपले अनुकरण शब्द मानिएका हुन्छन्. जस्तैः 'पुलुक्क हेर्छ. पुट्ट निस्क्यो. पुक्लुक्क मऱ्यो. खुत्रुक्क बर्ल. ध्वास्स पर्छ. चट्ट खाऊ सन्न पिर्छ.' इत्यादि.

(४) सो अनुकरणको नैरन्तर्य आधिक्य आदि विशेष अर्थ बुझाउंदा कहीं त्यस शब्दको द्विरुक्ति भई, कहीं पछिल्लो भागमा केही विकार हुने गरी द्विरुक्ति भई, कहीं त्यस शब्दको अन्त्य वर्णको मात्र एक वा अनेक पल्ट द्विरुक्ति भई, कहीं त्यस शब्द भित्रको वर्ण संयुक्त हुने गरी द्विरुक्ति भई प्रयोग हुन्छ. जस्तै;—'ढ्याकढ्याक गऱ्यो. पट्याकपट्याक गऱ्यो. फत्र्याकफुत्रुक. चट्याङचुटुङ. थ्याच्चथुच्च.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सररर, पटटट. घ्वाततत. कुचुचुचु, कुचुकुचु फ्यात्त, च्यात्त.' इ०

(५) अनुकरण शब्द अनेक तरहबाट कल्पना गरेका धेरै थरी छन्. तिनको यस्तामा यस्तो अनुकरण शब्द भन्ने कुरा व्यवहारबाटै राम्ररी जान्नुपर्छ.

४८४. केही कुरामा जोर दिइ निश्चय अतिशय आदि विशेष बुझाउंदा कहीं शब्द भित्रका व्यञ्जन वर्ण मात्रको द्विरुक्ति, कहीं कुनै स्वर वर्णको दीर्घत्व दीर्घतरत्व भई व्यवहार हुन्छ. जस्तै: —

'सफा-सत्फा. खुर्पं-खुप्पै. तिखर-तिक्खर. मीठो-मीठ्ठो. अति-अत्ति. जति-जत्ति. यसै-यस्सै. असल-अस्सल. अवल-अव्वल. मीठो-मी३ठो, रातो-रा३तो. सांफो-सां३फो. भोलिपर्सि-भालीपर्सो. अस्ति नै-अस्ती नै. इ०

४८५ कुनै शब्दमा कोही वर्ण द्विरुक्त गर्दा, कहीं अन्त्य स्वरहरू बदल्दा अर्को शब्द भई कहीं उहीं अर्थ, कहीं अर्कै विशेष अर्थ समेत बुझाउने अनेक किसिमका शब्द पनी बन्दछन्. जस्तै: —

'हतपत, हत्तपत्त, हतपति रमरम, रमरमि. खुलघुल, खुलघुलि. खलवल खल्लवल्ल, खलवलि.' इत्यादि.

४८६. शब्दरूप बिन्दुको समुद्र जस्तो भाषामा अनन्त शब्द भई कोही केही किसिम संग मिलेका, कोही बेगलै तरहका देखिने हुनाले किसिम मिलेकामा छोटो चालले व्यवस्था गर्दा पनी धेरैमा काम लाग्ने, किसिम नमिलेकामा आफना आफना दृष्टि अनुसार नानाप्रकारका व्यवस्था गर्नुपर्ने हुन्छ. तसर्थ लाघवको रीतले साधितका सामान्य नियम यस प्रकरणमा लेखिएका छन्; विशेष-विचारमा अरू अरू शब्द पनी अनेक तरह संग साधित हुन सक्छन.

४८७ कुनै शब्द आफना प्रकृति प्रत्यय आदि अवयव (भाग) को कल्पना भई सोही अवयवबाट निस्कने अर्थलाई नै बुझाउने गरी प्रयोग

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

हुने, कुनै शब्द अवयवको कल्पना नै नहुने कल्पना भए पनी सो अवयवबाट निस्कने अर्थ बिलकुलै त्याग गरी प्रसिद्धिको अनुसारले अर्कै अर्थलाई बुझाउने गरी प्रयोग हुने, कुनै शब्द अवयवको कल्पना भई सो अवयवबाट निस्कने अर्थलाई लिएर पनी सबै त्यस्तो पदार्थलाई नबुझाई प्रसिद्धिको अनुसार त्यसमा कोही विशेषचाहीं मात्र बुझाउने गरी प्रयोग हुने हुनाले सामान्य स्वरूपले कोही यौगिक, कोही रूढ, कोही योगरूढ यी तीन किसिमका शब्द हुन्छन्.

४८८. जुन शब्द योग अर्थात् अवयवको योगबाट निस्कने अर्थलाई नै लिएर प्रयोग हुन्छन्, त्यस्ता शब्दलाई 'यौगिक-शब्द;' जुन शब्द अवयवको कल्पना नै नहुने अथवा भए पनी सो अवयवको अर्थको अपेक्षा नभई केवल रूढि अर्थात् प्रसिद्धिको अनुसारले अर्कै अर्थलाई लिएर प्रयोग हुन्छन्, त्यस्ता शब्दलाई 'रूढ-शब्द;' जुन शब्द अवयवको योगबाट निस्कने अर्थ बुझाई कन पनी त्यस्ता सबैलाई नबुझाई रूढिको अनुसार तिनमा कुनैचाहीं विशेष अर्थलाई लिएर प्रयोग हुन्छन्, त्यस्ता शब्दलाई 'योगरूढ-शब्द' भन्दछन्. जस्तैः—

(क) जा (जानु)-ने (कर्ता)–जाने (जानाको कर्ता); राजा (राजाको)-काज (काम)–राजकाज (राजाको काम); इमान (सत्यता)-दार (भएको)–इमानदार (सत्यता भएको)' इत्यादि शब्द अवयवार्थलाई लिएर प्रयोग हुने हुनाले 'यौगिक' हुन. यस्तैः—'गरेको, हिंडाइ, पढेर, नेपाली, बुद्धिमन्त, त्यसरी, गरधन्दा, त्रिपाशा, तीनमुखे.' इत्यादि.

(ख) 'राम्रो, कलम, थोहो' इत्यादि शब्दमा अवयवको कल्पना नहुने, हुन शके पनी अवयवार्थको अपेक्षा नरखी प्रसिद्धि अनुसार आफना आफना अर्थलाई लिएर मात्र प्रयोग हुने हुनाले यी 'रूढ' हुन. यस्तैः— घर, खेत, कागत, मसी, छिन्च, पयास्त, गए, जा, बेंस,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

असल, मं, तं, हाइ, छि:.' इत्यादि.

(ग) 'गोडा (खुट्टा) धुवा (धुने) गोडधुवा (विवाहमा गोडा धुने द्रव्य-विशेष); काला (कालो रङ्गको)–माटा (मट्टि)–कालीमाटी (विशेष जातको कालो माटा); बाह्र (बाह्रवटा)–मास (महिना)–बाह्रमासे (बाह्र महिनामा हुने पुष्पविशेष);' इत्यादि शब्द अवयवार्थलाई लिईकन पनी त्यो अर्थ घट्ने अरू सबैलाई नबुझाई कोही विशेष अर्थलाई लिएर प्रयोग हुने हुनाले यी 'योगरूढ' हुन्. यस्तै:— 'लाम्पाते, कालामोहर, भुंडिफोरा, हातहेर्ने, डोटेल, काले, फनूप्रस्ति, घारकुने, सानीआमा.' इत्यादि.

(घ) सिद्ध-शब्दमा अवयवार्थ नहुने हुनाले ती प्राय: सबै 'रूढ शब्द' हुन्छन्; साधित शब्दमा अवयवार्थ हुने हुनाले तिनमा प्राय: विशेष पदार्थ नबुझाउंने जति 'यौगिक-शब्द' विशेष पदार्थ बुझाउंने जति 'योगरूढ-शब्द' हुन्छन्; साधितमा पनी अवयवार्थ बिलकुल नघट्ने अर्थ बुझाउंने चाहीं 'रूढ-शब्द' हुन्छन्.

तेरीज—

(क) भाषाको अर्को शब्दबाट प्रत्यय विकारहरू भई बनेका शब्दलाई 'साधित-शब्द', ती बाहेक नबनेका शब्दलाई 'सिद्ध-शब्द' भन्दछन्.

(ख) साधित-शब्दमा नाम, विशेषण, सर्वनाम, धातु, अव्ययबाट बनेका शब्दलाई क्रमै संग 'नाम-साधित, विशेषण-साधित, सर्वनाम-साधित, धातु-साधित, अव्यय-साधित' भन्दछन.

(ग) साधित-शब्दमा धातुबाट बनेका नाम, विशेषण, अव्ययलाई 'कृदन्त'; धातु आदिबाट बनेका धातुलाई 'साधित-धातु'; समास भई बनेका शब्दलाई 'सामासिक'; विभक्ति प्रत्ययहरू भई बनेका रूपान्तरलाई

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

'रूपावली'; बाँकि नाम, विशेषण, सर्वनाम, अव्ययबाट प्रत्यय विकारहरू भई बनेका नाम विशेषण, अव्ययलाई 'तद्धितान्त' शब्द भन्दछन्

(घ) शब्द दोहरिई कहीं विकार समेत भई बनेका शब्दलाई 'द्विरुक्त-शब्द'; व्यवहार अनुसार प्रयोग हुने कोही द्विरुक्त विकारहरू भएका कोही नभएका त्यो त्यो क्रियामा अनुकरण स्वरूपले कल्पित शब्दलाई 'अनुकरण-शब्द' भन्दछन्.

(ङ) अवयवबाट निस्कने अर्थलाई नै लिएर प्रयोग हुने शब्दलाई 'यौगिक-शब्द', अवयवार्थ नहुने वा त्यसको अपेक्षा नगर्ने प्रसिद्धि अनुसारको अर्थलाई लिएर प्रयोग हुने शब्दलाई 'रूढ-शब्द', अवयवार्थ घट्ने प्रसिद्धि अनुसारको कोही विशेष अर्थलाई लिएर प्रयोग हुने शब्द-लाई 'योगरूढ-शब्द' भन्दछन्.

अभ्यास–

(१) सिद्ध साधित भनेको के हो ? साधित शब्द कति प्रकारका हुन्छन् ? द्विरुक्त शब्द अनुकरण शब्द कस्तो कस्तो किसिमको हुन्छ ? 'ज्यू, दार, ई, ली ए प्रत्यय कुन कुन अर्थमा हुन्छन् ? सर्वनाम र संख्या-विशेषण शब्दमा कुन कुन प्रत्यय हुन्छन् ? तद्धित भनेको के हो ? अनुकरण द्विरुक्ति भनेको के हो ? पर्याय दोहोरिने कस्ता शब्दमा हुन्छ ?.

(२) तल लेखेका शब्द कुन शब्दबाट कुन अर्थमा कुन प्रत्यय भई कसरी बनेका हुन् बताऊः—.

'इमानदारी. चाकरीवाला. खराबी. सदरिया. साथी. बलवन्त. गोर-खाली. चटपटे. सटासट. भत्याङ भुतुङ गुठियार. नवाफी. टनाटन.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

टिपाटिप. किनकान. जनामुर्कै. पचासवटा. लबखन्. कलम सलम. किरिमिरि. टिपटाप. चालचुल. कस्तरी. झगडियां. कबीजो. पाटे. इगानी. नेप्टे. चोइरो.'

(३) तल लेखेका वाक्यमा कुन कुन शब्द तद्धित प्रत्यय भएका हुन्, तिनको प्रत्यय अर्थ शब्द देखाई बयान गर:—

'आफूभन्दा बुद्धिवन्त गुणीहरूका अघाडी चकचके नभई होसियारी संग सदरिया रसिलो कुरा गर्नू. सदा सर्वदा गंभीरपना धृष्टघाइं लिनू. लुच्चयाइं फुच्चयाइं कहिल्यै नगर्नू. यो कस्तो जङ्गली पाखे भनाउनु ठीक छैन. जस्तोसुकै गरीबीमा पनी इमानदारी कत्ति नछोड्नू. काम गर्दा यताउती उच्चाइ नीचाइ विचार गरी काम गर्नाले भलाइ हुन्छ. गर्वयां मानिस भैं पल्याक पुलुक गर्दै ज्यादा वठ्याइं देखाई बतासे कुरा गर्नु ठीक होइन. आफ्ना बुबाज्यू मुमाज्यू गुरुजीलाई देव देवता जस्ता ठान्नुपर्छ. आफूसमा झगडिया हुनु जत्तिको पचासांले निन्दा गरिने विषालु कुरा केही छैन. इलमको बढीबढाउमा जांगरिया मानिसहरू शास्त्री अदालती फौजी इत्यादि चमकिला पदवी पनी पाउंछन्. मानिसले पहिले आफ्नो खानदानी भाषाको तयारी गरी संस्कृत हिन्दी बङ्गाली मराठी अंग्रेजी फारसी आदि अरू भाषा पनी जान्नुपर्छ.'

———०———

२५—आगन्तुक-शब्द.

———०———

४८९. हाम्रो भाषाका मूल-शब्द पनी कोही संस्कृत आदि अरू भाषाका शब्दमा केही विकार भई वा नभई आएका हुन्छन्.

जस्तै:— 'सुन्दर, अद्भुत, व्याकुल, रोग, लोभ, आशा' इत्यादि संस्कृतका शब्द केही नबिग्री; 'तीक्ष्ण-तीखो, चोक्ष-चोखो, छत्र-छाता, पत्र-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पात, भक्त-भात' इत्यादि संस्कृतका केही विकार समेत भई हाम्रो भाषामा आएर मूल-शब्द भई नियम बमोजिम आपना आपना रूपावली-हरू पदा गर्दछन्.

४६०. तसर्थ—संस्कृत आदि अरू भाषाबाट उही स्वरूपले अथवा केही विकृत (बिग्रेको) स्वरूपले हाम्रो भाषामा आएका शब्दलाई आगन्तुक-शब्द भन्दछन्.

जस्तैः— 'धन, क्रोध, ज्ञान, ईश्वर, पुस्तक' इत्यादि संस्कृत-शब्द उही स्वरूप लिई, 'घाम, थान, रूखा, आज, मुट्ठी, घडा, सूत' इत्यादि शब्द 'घर्म, स्थान, रूक्ष, अद्य, मुष्टि, घट, सूत्र' इत्यादि संस्कृतका शब्द केही विकृत भई हाम्रो भाषामा आएका हुनाले संस्कृतबाट आएका 'आगन्तुक शब्द' हुन्. यस्तै कोही अंग्रेजी, अरबी, फारसीहरूबाट अविकृत वा विकृत स्वरूपले आएका पनी हुन्छन्.

(क) ४६१. हाम्रो भाषामा संस्कृतबाट आएका झैं अरू अरबी फारसी आदि भाषाबाट आएका आगन्तुक-शब्द पनी देखिन्छन्, तर ती अरू विदेश-भाषाका शब्दहरू कालक्रमले नजीक टाढाको व्यवहार अनुसार धेरै थोरै पछि पछि आउँदै गरी हाम्रो भाषामा थोडबहुत मिसिन गएका छन्; व स्तवमा हाम्रो अनादि प्राचीन वेद देव दूर्वको वाणी भएको संस्कृत-भाषाबाटै कालक्रमले केही परिणाम भई 'संस्कृत, प्राकृत, अपभ्रंश, देशभाषा' इत्यादि बनेका हुनाले संस्कृतमय भएको यो गोरखा-भाषामा संस्कृतबाट आएका आगन्तुक शब्द धेरै नै हुन्छन्.

(ख) हाम्रो भाषाको मूल-भाषा संस्कृत हो त पनी देश काल व्यवहार तत्वहरूका नियमले कोही भाषा-शब्दमा संस्कृत-शब्दको ज्यादा विकार भइसकेको, अथवा त्यस माफिकको मूल संस्कृत-शब्द आहिले व्यवहारमा अप्रचलित हुन गएको हुनाले कोही भाषाका शब्दमा यस संस्कृत-शब्दबाट यस रीतले बनेको भनि विवेक गर्न मुष्कील हुने

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

हुनाले त्यस्ता शब्दलाई भाषाको मूल-शब्द मानी व्यवहार गरिन्छ; जुन भाषा-शब्द अहिले चलेका काहीं संस्कृत शब्दको आनुपूर्वी कत्ति नबिग्री चलेका वा केही बिग्री यसबाट यति बिग्री बनेका भनि विवेक गर्न शकिने हुन्छन, त्यस्ता शब्दलाई संस्कृतबाट आगन्तुक मानी व्यवहार गरिन्छ. यस्तै गरी अरू अरू भाषाबाट आएका शब्दमा पनी यो भाषा-शब्द योचाहीं भाषाबाट यस किसिमसंग आएका भनी भन्न शकिनेमा त्यस त्यस भाषाबाट आगन्तुक भनि व्यवहार गरिन्छ. जस्तैः—

	उस्तै रहेका			केही विकार भएका		
संस्कृत	ईश्वर	धन	वन	रक्त	काक	कर्म
गोरखाली	ईश्वर	धन	वन	रातो	काग	काम
अरबी	हिकमत	काजी	मंजूर	हुक्म	मुद्दआ	इल्म
गोरखाली	हिकमत	काजी	मंजूर	हुकुम	मुद्दा	इलम
फारसी	उमेद	जामा	नजराना	तकया	शिकस्त	इलायची
गोरखाली	उमेद	जामा	नजराना	तकिया	सिकिस्त	अलैंचो
अंग्रेजी	कोट	बूट	इन्च	बाक्स	ल्याम्प	हास्पिटल
गोरखाली	कोट	बूट	इन्च	बाकस	लम्प	अस्पताल
हिन्दी	गद्दी	तीज	घमण्ड	चालाक	टोला	चूडी
गोरखाली	गद्दी	तीज	घमण्ड	चलाक	टोल	चुरा
प्राकृत	घर	भूइ	लट्ठी	रुक्खो	चउद्दह	देवउल
गोरखाली	घर	भूइ	लठ्ठी	रुख	चौध	देवल
नेवारी	सिठी	खापा	हिटि	ज्यास	विह्नाव	सामो
गोरखाली	सिठी	छापा	हिटि	ज्यासल	बिनाबि	साच्नी. इ०

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(१) संस्कृत-शब्द.

(संस्कृतका सामान्य नियम.)

४९२. संस्कृत आदिका शब्दमा प्रकृति प्रत्ययको भाग राम्ररी नछुट्टिने किसिमका 'च, तु, एवम्, प्रसह्य, यत्, तत्' इत्यादि शब्दलाई अव्युत्पन्न अर्थात् कोही मूल-शब्दमा प्रत्ययादि भई नबनेका सिद्ध स्वरूप शब्द, अरू शब्द प्रायः व्युत्पन्न अर्थात् धातु आदिबाट हर-किसिमका अर्थमा प्रत्ययहरू भई बनेका साधित शब्द मानिन्छन्. यस्तै हाम्रो भाषा र अरू भाषामा पनि सिद्ध शब्द व्युत्पन्न, साधित शब्द अव्युत्पन्न हुन्छन्.

४९३. संस्कृतका व्युत्पन्न-शब्द कोही धातुबाट विशेष अर्थमा कृत् प्रत्यय भई बनेका 'कृदन्त-शब्द,' कोही धातुसाधित वा अरू किसिमका शब्दबाट विशेष अर्थमा तद्धित प्रत्यय भई बनेका 'तद्धित शब्द', कोही अनेक शब्द मिलेर समास भई बनेका 'समस्त-शब्द' हुन्छन्. तिनमा प्रायः प्रकृति प्रत्ययहरूको अर्थ जोडएको अर्थ, कहीं विलक्षण विशेष अर्थ पनी बुझिन्छ.

४९४. संस्कृतका प्रसिद्ध कृदन्त यस्ता हुन्छन्:—

(क) भाववाचक कृदन्तः—

मूल-धातु	प्रत्ययको स्वरूप,	परिणाम,	अर्थ.	नाम हुने. बनेको शब्द.	शब्दको अर्थ.
गम्	ल्युट्	अन	भाव	गमनम्	जानु.
भुज्	,,	,,	,,	भोजनम्	खानु.
पठ्	,,	,,	,,	पठनम्	पढ्नु.
शीङ्	,,	,,	,,	शयनम्	सुत्नु.
रक्ष	,,	,,	,,	रक्षणम्	रक्षा गर्नु.
भक्ष	,,	,,	,,	भक्षणम्	खानु.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

दृश्	"	"	"	दर्शनम्	हेर्नु.
प्र-अर्थ	युच्	अना	"	प्रार्थना	प्रार्थना गर्नु.
रच्	"	"	"	रचना	बनाउनु.
पच्	घञ्	अ	"	पाकः	पकाउनु.
त्यज्	"	"	"	त्यागः	छोड्नु.
लभ्	"	"	"	लाभः	पाउनु.
परि-णम	"	"	"	परिणामः	आखिर.
प्र-ली	अच्	"	"	प्रलयः	ठुलो नाश.
परि-चि	"	"	"	परिचयः	चिनारी.
जि	"	"	"	जयः	जित्नु.
भी	"	"	"	भयम्	डर.
जप्	अप्	"	"	जपः	जप.
हन्	"	"	"	वधः	मार्नु.
निस्-चि	"	"	"	निश्चयः	ठेगाना.
स्तु	क्तिन्	ति	"	स्तुतिः	सह्राउनु.
मुच्	"	"	"	मुक्तिः	छुट्नु.
वृध्	"	"	"	वृद्धिः	बढ्नु.
प्री	"	"	"	प्रीतिः	प्रेम.
सं-मन्	"	"	"	संमतिः	मंजूरी.
हा	"	"	"	हानिः	नोक्सान.
क्षण्	"	"	"	क्षतिः	क्षति.
जॄ	अङ्	आ	"	जरा	बुढ्यांइ.
चिन्त	"	"	"	चिन्ता	शोच्.
रक्ष	"	"	"	रक्षा	बचाउ.
पूज	"	"	"	पूजा	पूजा गर्नु.
कृप्	"	"	"	कृपा	दया.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कथ	"	"	"	कथा	कुरा.
लस्ज्	"	"	"	लज्जा	लाज.
चर्च	"	"	"	चर्चा	विचार. इ०

(ख) प्रायः विशेषण कृदन्तः—

मूल-धातु.	प्रत्ययको- स्वरूप,	परिणाम,	अर्थ	प्रायः विशेषण शब्द.	शब्दको अर्थ
दृश्	ण्वुल्	अक	कर्ता	दर्शकः	हेर्ने.
पच्	"	"	"	पाचकः	पकाउने.
लिख्	"	"	"	लेखकः	लेख्ने.
सेव्	"	"	"	सेवकः	सेवा गर्ने.
वच्	"	"	"	वाचकः	बांच्ने.
नृत्	ण्वुन्	"	"	नर्तकः	नाच्ने.
बुध	क	अ	"	बुधः	पण्डित.
कृश्	"	"	"	कृशः	दुब्लो.
प्री	"	"	"	प्रियः	पियारो.
कृत-हन्	"	"	"	कृतघ्नः	बेगुनी.
ग्रह्	ण	"	"	ग्राहः	गोही.
श्वस्	"	"	"	श्वासः	सास.
अनु चर	ट	"	"	अनुचरः	पछि लाग्ने.
अग्रे-सृ	"	"	"	अग्रेसरः	अगाडि सर्ने.
दा	तृच्	तृ	"	दाता	दिने.
कृ	"	"	"	कर्ता	गर्ने.
श्रु	"	"	"	श्रोता	सुन्ने.
वच्	"	"	"	वक्ता	बोल्ने
हन्	"	"	"	हन्ता	मार्ने

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

गम्	शतृ	अतृ	वर्तमान-कर्ता	गच्छन्	जान लागेको.
पठ्	"	"	" "	पठन्	पढ्न लागेको.
विद्	शानच्	आन	" "	विद्यमानः	भइरहेको
शीङ्	"	"	" "	शयानः	सुतिरहेको.
कृ	"	"	वर्तमान-कर्म	क्रियमाणः	गरिन लागेको.
दा	"	"	" "	दीयमानः	दिइनलागेको.
दा	यत्	य	कर्म	देयम्	दिइने.
लभ्	"	"	"	लभ्यम्	पाइने.
बध्	"	"	"	बध्य	मारिने.
स्तु	क्यप्	"	"	स्तुत्यः	सराइने.
गुह्	"	"	"	गुह्यम्	दबाइने.
भृ	"	"	"	भृत्यः	चाकर.
कृ	ण्यत्	"	"	कार्यम्	गरिने
त्यज्	"	"	"	त्याज्यम्	छोडिने.
पठ्	"	"	"	पाठ्यम्	पढिने.
लिख्	"	"	"	लेख्यम्	लेखिने.
कृ	तव्य	तव्य	योग्य-कर्म	कर्तव्यम्	गर्नु पर्ने.
भू	"	"	" "	भवितव्यम्	हुनुपर्ने.
प्र-आप्	"	"	" "	प्राप्तव्यम्	पाउनुपर्ने.
स्मृ	अनीयर्	अनीय	" "	स्मरणीयम्	सम्झनुपर्ने.
दृश्	"	"	" "	दर्शनीयम्	हेर्नु पर्ने.
रम्	"	"	" "	रमणीयम्	राम्रो.
पूज	"	"	" "	पूजनीयः	पूजा गर्नु पर्ने.
वि-चार्	"	"	" "	विचारणीय्	विचार्नु पर्ने.
पत्	क्त	त	भूत-कर्ता	पतितः	खसेको.
मद्	"	"	" "	मत्तः	मातिएको.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

वृध्	"	"	" "	वृद्धः	बुढो.
दृश्	"	"	भूत-कर्म	दृष्टः	देखेको.
श्रु	"	"	" "	श्रुतः	सुनेको.
वच्	"	"	" "	उक्तः	भनेको.
गम्	क्तवतु	तवत्	भूत-कर्ता	गतवान्	गइसकेको.
कृ	"	"	" "	कृतवान्	गरिसकेको.
सं-सृ	णिनि	इन्	तच्छील	संसारी	संसार गर्ने.
वि-चार	"	"	"	विचारी	विचार गर्ने.
वि कृ	"	"	"	विकारी	विकार हुने. इ०

(ग) अव्यय कृदन्तः—

मूल-धातु.	प्रत्ययको॰ स्वरूप,	परिणाम,	अर्थ.	अव्यय शब्द	शब्दको अर्थ.
दा	क्त्वा	त्वा	पूर्वक्रिया	दत्वा	दिएर.
भुज्	"	"	"	भुक्त्वा	खाएर.
आ-दा	ल्यप्	य	"	आदाय	लिएर.
आ-कर्ण	"	"	"	आकर्ण्य	सुनेर.
गम्	तुमुन्	तुम्	उत्तरक्रिया	गन्तुम्	जान.
भुज्	"	"	"	भोक्तुम्	खान. इ०

(क) यी प्रत्ययमा 'शत्, शानच्, क्तवतु, क्त्वा, तुमुन' भएका प्रयोग संस्कृतमा ज्यादा प्रसिद्ध छन्त पनी भाषामा प्रसिद्ध छैनन; अरू प्रत्यय भएका त भाषामा पनी प्रसिद्ध छन. यस्ताको भाषामा प्रयोग हुंदा माथि लेखेका प्रथमाको एकवचनका रूपमा अन्त्यमा विसर्ग वा म्' भए सो फिकी बांकी मूल-शब्द हुन्छ.

जस्तैः— यो वृद्ध प्रिय सेवकको प्रार्थना रमणीय छ. दाता भोक्ता

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मानिसको सबैले स्तुति गर्दछन्. आफनो पाठ्य पुस्तकको त्याग गर्न हुंदैन'. इ०

४६४. संस्कृतका धातुमा उपसर्ग स्वरूप अव्यय जोडिंदा एकै धातु-का रूपबाट पनी नानाकिसिमका अर्थ बुझिन्छन्. ती सबै उपसर्ग सबै धातुमा जोडिने नियम छैन, कहीं अनेक उपसर्ग एकै बाजी पनी जोडिन्छन्.

जस्तैः— 'गर्नु अर्थ भएको उही 'कृ' धातुमा नाना किसिमका उपसर्ग जोडिंदा – 'प्र-कारः (रीत), अनु-कारः (नक्कल), संस्कारः (सच्याउनु), वि-कारः (बिग्रनु), आ-कारः (अनुहार), नि-कारः (तिरस्कार), अधि-कारः (अख्तियार), अप-कारः (बिगार), उप-कार (सघार), प्रतीकारः (हटाउंनु), प्रत्युप (प्रति-उपकार)- कारः(बदला उपकार)' इत्यादि भिन्न भिन्न अर्थ बुझाउंने शब्द बन्दछन्.

४६५. उपसर्ग जोडिंदा सबै धातुमा एकै किसिमको अर्थ बुझिने नियम छैन. ती उपसर्ग कहीं धातुसंग कहीं अरू किसिमका शब्दसंग पनी जोडिएका हुन्छन्. तिनका सामान्य अर्थ र ती जोडिएका प्रसिद्ध शब्द यस्ता हुन्छन्:—

उपसर्ग अर्थ.	ती उपसर्ग जोडिएका शब्दः–
अति–ज्यादा इ०	अतिलोभः (ज्यादा लोभ), अतिवृष्टिः (ज्यादा वृष्टि), अतिकठिनः (ज्यादा गाह्रो), अतिप्रेम (ज्यादा प्रीति), अतिदुष्टः (ज्यादा दोषी)' इ०
अधि–स्वामित्व.इ०	अधिकारः (अख्तियार), अधिपतिः (मालिक), अधीनः (मातहतको).' इ०
अनु–पछि. साहित्य. इ०	'अनुकरणम् (नक्कल), अनुभवः (थाहा), अनुरागः (प्रेम), अनुग्रहः (निगाह), अनुपानम् (पछि पिउंने), अनुरोधः (खुसामत), अनुकूलः (हित गर्ने), अनु-सरणम् (पछि लाग्नु), अनुमतिः (मन्जूरी).' इत्यादि.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अप-खराप, विरुद्ध. इ०	'अपवादः (बदनाम), अपकारः (बिगार), अपराधः (कसूर), अपेक्षा (खाहस), अपमानः (हेला) अपशकुनम् (खराप शगुन), अपमृत्युः (खराप मृत्यू).' इत्यादि.
अभि-सामुन्ने, ज्यादा. इ०	'अभिनन्दनम् (सह्राउंनु), अभिप्रायः (मतलब), अभिमान. (सेखी), अभिमुखः (सामुन्ने मुख), अभिषेकः (सिचन), अभ्युदयः (ज्यादा बढ्ती).' इ०
अव-हीनता, तल. इ०	'अवतारः (औतार), अवस्था (हालत), अवमानः (हेला), अवतरणम् (तल आउंनु), अवज्ञा (अनादर).' इ०
आ-ज्यादा, संम देखि. इ०	'आशयः (मतलब), आगमनम् (आउंनु) आचारः (चलन), आहारः (खानु), आज्ञा (अह्राउंनु), आजन्म (जन्मदेखि), आकण्ठम् (घांटि संम), आग्रहः (जिद्दी), आकारः (अनुहार), आपत्तिः (आपत्), आनन्द (सुख)' इ०
उत्-माथि,ज्यादा असल. इ०	'उज्ज्वलः (उज्यालो) उत्तीर्णः (उत्रेको), उत्पत्तिः (पैदा), उत्साहः (उमेद), उद्योगः (लाग्नु), उत्पातः (उत्पात), उत्सवः (उत्सव), उत्थितः (उठेको), उदाहरणम् (दृष्टान्त), उत्कण्ठा (ज्यादा इच्छा)'. इत्यादि.
उप-मुख्य, नजीक. इ०	'उपकारः (सपार), उपदेशः (अर्ति), उपद्रव (उपद्र), उपेक्षा (वास्ता नगर्नु), उपवासः (नखानु), उपस्थितः (हाजिर), उपनाम (अमुख्य नाउं), उपमा (तुल्यता), उपयोगः (काम लाग्नु).' इत्यादि.
दुस्,दुर्-खराप, अभाव. इ०	'दुराशा (खराप आशा), दुराचार (खराप आचार) दुर्जनः (खराप मानिस), दुर्भिक्षम् (अनिकाल),

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

दुःसहः (सहन नशकिने), दुर्दशा (खराप हालत), दुष्कर्म (खराप काम), दुर्दिनम् (खराप दिन), दुर्गतिः (खराप गति), दुर्लभः (नपाइने).' इत्यादि.

नि ज्यादा. इ० 'निबन्धः (रचना). निषेधः (रोकावट), नियुक्तः (खटिएको).' इत्यादि.

निस्, निर्—प्रभाव. इ० 'निराधारः (आधार नभएको), निर्धनः (गरीब), निष्कपटः (कपट नभएको), निर्णयः (निश्चयः), निष्फलः (बेकामको), निराहारः (नखानु), निराशः (आशा छुटेको), निरपराधः (बेकसूर), निःशेष (बेमाख), नीरोगः (रोग नभएको)'. इत्यादि.

परा—वैपरीत्य. इ० पराक्रमः (वीरता), पराभवः (तिरस्कार), पराजयः (हार), परामर्शः (विचार),. इत्यादि.

परि—पूर्णता. इ० 'परिचयः (चिनारी), परित्यागः (पूरा त्याग), परिपूर्णः (खुप पूरा), परिश्रमः (मिहिनत), परिपाकः (पाक्नु), परिणामः (पर्यवसान), परिधिः (घेरा), परिजनः (जहान), परिवारः (जहान).' इत्यादि.

प्र—ज्यादा, ठुलो. इ० 'प्रकृतिः (स्वभाव), प्रतापः (ठुलो तेज), प्रभावः (ठुलो तागत), प्रणामः [ढोग], प्रयोगः [काम], प्रभुः [मालिक], प्रचारः [फैलिनु], प्रख्यातः [प्रसिद्ध], प्रस्थानम् [हिंड्नु], प्रकारः [रीत], प्रलयः [नाश]'. इत्यादि.

प्रति—विरुद्ध, एकेक, नक्कल. इ० प्रतिकूलः [उल्टो], प्रतिग्रहः [दान लिनु], प्रतिज्ञा [कबोल], प्रतिदिनम् [हरदिन], प्रतिष्ठा [इज्जत], प्रत्याख्यानम् [इनकार], प्रत्युपकारः [बदला उपकार],

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

	प्रतिवादी [विरुद्ध बोल्ने], प्रतिध्वनिः [नक्कल शब्द], प्रतिविम्बम् [नक्कल], प्रतिनिधिः [सट्टा]'. इत्यादि.
वि–दूरत्व, अन्यत्व, विरोध. इ०	'विकारः [बिग्रनु], बिचारः [विचार्नु], विदेशः [अर्को देश], बिजातीयः [अर्को जातको], बिवादः [झगडा], बिपत्तिः [बिपत्], विधवा [पति नभएकी], वियोगः [बिछुट], विरक्तः [वैरागी], विनाशः [नाश], विभागः [भाग].' इत्यादि.
सम्–राम्ररी, ज्यादा. इ०	'संकल्पः [अठोट], संक्षेपः [छोटकरी] संगीतम् [राम्रो गान], सन्तापः [ज्यादा ताप], संस्कारः [सफाइ], सन्तोषः [तृप्ति] सन्धिः [मेल], संकोचः [सरम], संग्रहः [जोरजाम], संयोगः [जोड], संभवः [हुन सक्नु].' इ०
सु–सौख्य, प्रसन्न. इ०	'सुगमः [सजिलो], सुलभः [सहजै पाइने], सुदिनम् [राम्रो दिन] सुकरः [गर्न सजिलो], सुपुत्रः [प्रसन्न छोरो].' इत्यादि.

[क] कोही अरू किसिमका पनी उपसर्ग जस्तै भई जोडिने अव्यय हुन्छन्. जस्तैः—

अव्यय.	अर्थ.	ती अव्ययहरू जोडिएका शब्दः–
अधस्–	तल.	'अधः पतनम् (तल खस्नु), अधस्तलम् (तल्लो तला), अधोमुखः (तलतिर मुख)'. इत्यादि.
अन्तर्–	भित्र.	'अन्तर्यामी (भित्री आत्मा), अन्तर्दशा (भित्री दशा), अन्तःपुरम् (भित्री घर)'. इत्यादि.
अलम्–	शोभा.	'अलङ्कारः (गहना), अलङ्कृतः (शोभायमान)'. इत्यादि.
आविस्–	प्रकट.	'आविस्कारः (प्रकट गर्नु), आविर्भावः (प्रकट हुनु)'. इत्यादि.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

चिरम्– धेरैकाल. 'चिरकालः (धेरै काल), चिरञ्जीवी (धेरै बाँच्ने)'. इत्यादि.

तिरस्– निन्दा. 'तिरस्कारः (हेला), तिरस्कृतः (निन्दित)'. इत्यादि.

धिक्– निन्दा 'धिक्कारः (निन्दा), धिक्कृतः (निन्दित)'.

न–(अ, अन्)-निषेध. 'अधर्मः (पाप), अनिष्टम् (बेफायदा), अनेकः (धेरै), असंख्यः (वेगिन्ति)'. इ.

नमस्– ढोग. 'नमस्कारः (प्रणाम), नमस्कृतः (ढोग दिएको)'. इ.

पुरस्– अगाडि 'पुरस्कार (इनाम), पुरश्चरणम् (अनुष्ठान), पुरोहितः [प्रोहित]'. इत्यादि.

प्रातर्– बेहान. 'प्रातः कालः [बेहान], प्रातर्भोजनम् [बेहानको खानु], प्रातः संध्या [बिहानको साँझ]'. इत्यादि.

प्रादुस्– प्रकट. 'प्रादुर्भावः [प्रकट हुनु], प्रादुर्भूतः [प्रकट भएको]'.

बहिस्– बाहिर. 'बहिष्कारः [बाहेक गर्नु], बहिष्कृतः [बाहेक गरेको]'. इत्यादि.

सह– [स, सह] संग. 'सफलः [फल भएको], सहवासः [संग बस्नु], सगोत्रः [गोतिया].' इत्यादि.

सायम्– साँझ. 'सायङ्कालः [बेलुका] सायंभोजनम् [बेलुका खानु], सायंसन्ध्या [बेलुकाको साँझ].' इत्यादि.

साक्षात्– प्रत्यक्ष. 'साक्षात्कारः [प्रत्यक्ष गर्नु], साक्षात्कृतः [प्रत्यक्ष गरेको].' इत्यादि.

कु– खराब. 'कुपुत्रः [कपूत], कुमार्गः [कुबाटो] कुकर्म [नकाम].' इत्यादि.

नाना– अनेक. 'नानाप्रकारः [धेरै किसिम], नानाविधिः [अनेक किसिम]'. इत्यादि.

४६९. संस्कृतका प्रसिद्ध तद्धितान्त यस्ता हुन्छन्:—

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(क) भाववाचक तद्धितान्तः—

मूलशब्द	प्रत्ययको स्वरूप,	परिणाम,	अर्थ.	नाम हुने शब्द	शब्दको अर्थ
गुरु	अण्	अ	धर्म इ.	गौरवम्	भारीपन
लघु	,,	,,	,,	लाघवम्	हलुकापना
युवन्	,,	,,	,,	यौवनम्	जवानी
चतुर	ष्यञ्	य	,,	चातुर्यम्	चतु-याइं.
धीर	,,	,,	,,	धैर्यम्	धीरपना
वणिज्	,,	,,	,,	वाणिज्यम्	वेपार.
कवि	,,	,,	,,	काव्यम्	कविता
पुरोहित	यक्	,,	,,	पौरोहित्यम्	पुरेत्याइं.
राजन्	,,	,,	,,	राज्यम्	राजकाज.
महत्	त्व	त्व	,,	महत्त्वम्	बडोपन.
गुरु	,,	,,	,,	गुरुत्वम्	भारीपन.
लघु	,,	,,	,,	लघुत्वम्	हलुकापन.
मूर्ख	तल्	ता	,,	मूर्खता	मूर्ख्याइं.
विद्वस्	,,	,,	,,	विद्वत्ता	पण्डित्याइं.
दुष्ट	,,	,,	,,	दुष्टता	दुष्ट्याइं.
महत्	इमनिच्	इमन्	,,	महिमा	बडोपन.

(ख) प्रायः विशेषण तद्धितान्तः—

मूलशब्द	प्रत्ययको स्वरूप,	परिणाम,	अर्थ	नाम वा विशेषण शब्द.	शब्दको अर्थ
कुरु	अण्	अ	सन्तान	कौरवः	कुरुको सन्तान
पृथिवी	,,	,,	मालिक	पार्थिवः	राजा.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

शिव	"	"	मान्ने	शैवः	शिवको भक्त.
विष्णु	"	"	"	वैष्णवः	विष्णुको भक्त.
शक्ति	"	"	"	शाक्त	देवीको भक्त.
व्याकरण	"	"	जान्ने	वैयाकरणः	व्याकरण जान्ने.
पुत्र	अञ्	"	सन्तान	पौत्रः	छोराको छोरो.
दुहितृ	"	"	"	दौहित्रः	छोरीको छोरो.
धर्म	ठक्	इक	गर्ने	धार्मिकः	धर्मात्मा.
सेना	"	"	मिल्ने	सैनिकः	फौजी.
वेद	"	"	जान्ने	वैदिकः	वेद जान्ने.
पुराण	"	"	जान्ने	पौराणिकः	पुराण जान्ने.
नास्ति	"	"	भन्ने	नास्तिकः	परलोक नमान्ने.
अस्ति	"	"	"	आस्तिकः	" मान्ने.
पितृ	ठञ्	"	आएको	पैतृकः	बाबुबाट आएको.
मास	"	"	दिइने	मासिकम्	मैनावारी.
नौ	ठन्	"	तर्ने	नाविकः	मलाहा.
दिव्	यत्	य	हुने	दिव्यः	स्वर्गमा हुने.
मुख	"	"	"	मुख्यः	प्रधान.
रहस्	"	"	"	रहस्यम्	गोप्य.
पथिन्	"	"	नछोड्ने	पथ्यम्	हित.
दण्ड	य	"	लायक	दण्ड्यः	सजाय लायक.
योग	"	"	"	योग्यः	लायक.
सभा	"	"	साधु	सभ्यः	सोमती.
तद्	छ	ईय	सम्बन्धी	तदीयः	त्यसको.
स्व	"	"	"	स्वकीयः	आफ्नो.
राजन्	"	"	"	राजकीयः	सरकारी.
पर्वत	"	"	"	पर्वतीयः	पर्वते.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भवत्	छस्	”	”	भवदीयः	तपाईंको.
सना	ट्यु	तन	भएको	सनातनः	सबैंको.
पुरा	”	”	”	पुरातनः	पुरानो.
अत्रि	ढक्	एय	सन्तान	आत्रेयः	अत्रिको सन्तान.
भगिनी	”	”	”	भागिनेयः	भानिज.
अमा	त्यप्	त्य	हुने	अमात्यः	मन्त्री.
दक्षिणा	त्यक्	”	”	दाक्षिणात्यः	दक्खिना.
पश्चात्	”	”	”	पाश्चात्यः	पश्चिमा.
मूर्छा	इतच्	इत	युक्त	मूर्छितः	मूर्छा परेको.
दुःख	”	”	”	दुःखितः	दुःखी.
उत्कण्ठा	”	”	”	उत्कण्ठितः	चाहा गर्ने.
श्री	मतुप्	मत्	”	श्रीमान्	ऐश्वर्ययुक्त.
बुद्धि	”	”	”	बुद्धिमान्	बुद्धियुक्त.
भाग्य	”	वत्	”	भाग्यवान्	भाग्ययुक्त.
गुण	”	”	”	गुणवान्	गुणी.
बल	”	”	”	बलवान्	बलियो.
ज्ञान	”	”	”	ज्ञानवान्	ज्ञानी.
धन	इनि	इन्	”	धनी	धन भएको.
गुण	”	”	”	गुणी	गुण भएको.
शास्त्र	”	”	”	शास्त्री	शास्त्र भएको.
सुख	”	”	”	सुखी	आनन्दी.
उद्योग	”	”	”	उद्योगी	इलमी.
दोष	”	”	”	दोषी	खुनी.
सुवर्ण	मयट्	मय	प्राचुर्य इ०	सुवर्णमयः	सुनैसुनको.
रत्न	”	”	”	रत्नमयः	रत्नै रत्नको.
हिम	”	”	”	हिममयः	हिउंधेरै भएको.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

चतुर्	डट्	अ	स्थतिउं	चतुर्थः	चौथो.
पञ्चन्	"	"	"	पञ्चमः	पाचौं.
एकादशन्	"	"	"	एकादशी	एघारौं तिथि.
गुरु	तरप्	तर	अतिशय	गुरुतरः	दुइमा भारी.
प्रिय	"	"	"	प्रियतरः	दुइमा पियारो.
गुरु	तमप्	तम	"	गुरुतमः	धेरैमा भारी.
प्रिय	"	"	"	प्रियतमः	धेरैमा पियारो.
मूर्ख	"	"	"	मूर्खतमः	धेरैमा मूर्ख.
गुरु	इष्ठन्	इष्ठ	"	गरिष्ठः	ज्यादा गरु.
अल्प	"	"	"	कनिष्ठः	कान्छो.
प्रशस्य	"	"	"	श्रेष्ठः, ज्येष्ठः	ज्यादा श्रेष्ठ.
पाप	"	"	"	पापिष्ठः	ज्यादा पापी.
गुरु	ईयसुन्	ईयस्	"	गरीयान्	ज्यादा भारी. इ०

(ख) अव्यय तद्धितान्तः—

मूलशब्द.	प्रत्ययको स्वरूप,	परिणाम,	अर्थ.	अव्यय शब्द.	शब्दको अर्थ.
सर्व	त्रल्	त्र	आधार	सर्वत्र	सबै ठाउंमा.
किम्	"	"	"	कुत्र	कहां.
एक	"	"	"	एकत्र	एक ठाउंमा.
किम्	तसिल्	तः	अपादान	कुतः	कहांबाट.
आदि	"	"	"	आदितः	पहिलेदेखि.
सर्व	दा	दा	आधार	सर्वदा	सधैं.
तद्	"	"	"	तदा	त्यस बखतमा.
यद्	थाल्	था	प्रकार	यथा	जसरी.
अन्य	"	"	"	अन्यथा	अर्को तरह.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

किम्	थमु	थम्	"	कथम्	कसरी.
इदम्	"	"	"	इत्थम्	यसरी.
एक	धा	धा	'	एकधा	एक तरह.
द्वि	"	"	"	द्विधा	दुइ तरह. इ०

(क) यी प्रत्ययमा कुनै कुनै प्रत्ययान्त शब्द भाषामा उस्तो प्रसिद्ध छैनन्त पनी कुनै कुनै प्रत्यय भएका कुनै कुनै शब्द प्रायः प्रसिद्धै छन्. यस्ताको पनी भाषामा प्रयोग हुंदा कृदन्तमा झैं प्रथमाको एकवचनमा हुने विसर्ग 'म्' झिकी बांकी रहेका रूप मूल-शब्द भई प्रयोग हुन्छ. जस्तैः—

'सुवर्णमय पात्रमा सदा सर्वदा खाने भाग्यवान् श्रीमान्हरू पुरातन जन्मका महत्तम तपस्वी हुन्. यी माल यत्र तत्र नगरी एकत्र राख. उद्योगीहरू सुखी दुःखी सबै थरि हुन्छन्. गुणीहरूको विद्वत्ताको चातुर्यमा बडो महत्त्व रहन्छ. राजकीय कार्यको महिमा बडे बडे सभ्य योग्य मुख्य पुरुष मात्र जान्न शक्छन्. कथं कदाचित् दुःखित भए पनी यथा कथंचित् धैर्य नछोडी सदा सर्वदा धार्मिक आस्तिक वृत्ति नछोड्नू.' इत्यादि.

४६७. संस्कृतका प्रसिद्ध समस्त-शब्द यस्ता हुन्छनः—

समास	समस्त—शब्द
अव्ययीभाव—	'यथाशक्ति [शकभर] यथोचितम् [यथायोग्य], प्रतिक्षणम् [छिन छिन्], यथाक्रमम् [क्रमैसंग], आजन्म [जन्मभर], प्रत्यक्षम् [प्रत्यक्ष]. इत्यादि.
कर्मधारय—	'कालपुरुषः [यमराज], उच्चपदवी [ठुलो दर्जा], कृष्णसर्पः [काल सर्प], भाषान्तरम् [अर्को भाषा], वीरपुरुषः [वीर मानिस], नीलकमलम्[नीलो कमल], परमेश्वर [ठुला ईश्वर].' इत्यादि.
तत्पुरुष—	'राजपुरुषः [राजाको मानिस], कृपादृष्टिः [निगाह], पितृ-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

तुल्यः [बाबु जस्तो], विद्यारुचिः [विद्याको चाहा], देवा-लयः [देवल], पृथ्वीपतिः [राजा], राजकुमारः [बाबु-साहेब], पाठशाला [पढ्ने घर], दानशूरः [खुप दानी], पुरुषोत्तमः [श्रेष्ठ पुरुष].' इत्यादि.

द्विगु— 'चतुर्युगम् [चौगढो], पञ्चपात्रम् [पांच भांडा], अष्टाध्यायी [आठ अध्याय], त्रिभुवनम् [तीन लोक], द्विशतम् [दुइ शय], दशसहस्रम् [दश हजार].' इ०

द्वन्द्व— 'रामलक्ष्मणौ [राम-लक्ष्मण], सीतारामौ [सीता-राम], धर्मार्थौ [धर्म-अर्थ], गङ्गायमुने [गङ्गा-यमुना], दन्तोष्ठम् [दांत-ओठ].' इत्यादि.

बहुव्रीहि— 'पीताम्बरः [पहेलो वस्त्र हुने], चन्द्रमुखी [चन्द्रमा जस्तो मुख हुने], कृतकृत्यः [काम सकेको], कृतार्थः [कृत-कृत्य], सत्यव्रतः [सत्यव्रत भएको].' इत्यादि.

(क) अवान्तर विशेष समास भएकाः—

नञ्समास— 'अधर्मः [पाप], अपुत्रः [छोरो नहुने], अभक्ष्यः [खान नहुने], अनेक [धेरै].' इ०

उपपदतत्पुरुष— 'गृहस्थः [गृहस्थी], शेषशायी [शेषमा सुत्ने], ग्रन्थकारः [ग्रन्थ बनाउने], शास्त्रज्ञः [शास्त्र जान्ने], गोपालः [गोठालो]' इ०

उपमासमास— 'मुखचन्द्रः [चन्द्रमा जस्तो मुख], नरसिंहः [सिंह जस्तो मानिस], राजर्षि [ऋषि जस्ता राजा].' इत्यादि.

रूपकसमास— 'चरणकमलम् [चरणरूपी कमल], मुखकमलम् [मुखरूपी कमल], भवसागरः [संसाररूपी समुद्र].' इत्यादि.

व्यधिकरण-बहुव्रीहि— 'चक्रपाणिः [चक्र हातमा हुने], खड्गपाणिः [खड्ग हातमा लिने].' इत्यादि.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मध्यपदलोपी—'गर्भदासः (गर्भदेखिको कमारो), देवब्राह्मणः (दैवता पूजागर्ने ब्राह्मण).' इ०

व्यतिहार-बहुव्रीहि— दण्डादण्डि (लौह्रालौह्रि), हस्ताहस्ति (हाताहात), मुष्टीमुष्टि (मुक्कामुक्कि).' इ०

(ख) संस्कृतका समस्त शब्द भाषामा प्रयोग हुंदा अन्त्यको विसर्ग 'म्' झिकी बांकी प्रथमा एकवचनका रूप मूलशब्द भई प्रयोग हुन्छन्. कुनै कुनै संस्कृत-प्रवीणका व्यवहारमा त धेरै पदका समास भएका लामा लामा पद पनी प्रयुक्त हुन्छन् जस्तैः—

'हिमालय-पर्वत-शिखर, पशुपति-नाथ-मन्दिर, अनन्य-शरण, गुण-गणालङ्कृत, सर्वोपमा-योग्य, ब्रह्म-कर्म-समर्थ, राज-भार-समर्थ, अपार-करुणा-निधान, परम-विद्यानुरागी, प्रभु-पाद-पराग-परामाणु, परम-सौभाग्यवती, प्रियतम-मित्रवर्य.' इत्यादि.

४९८. संस्कृतमा भिन्नपदका वा एकैपद भित्रका अनेक स्वर व्यञ्जन संग भएमा कहीं वर्णको लोप, कहीं एक वर्णको बदला अर्को वर्ण, कहीं वर्ण थप हुने इत्यादि विकार भएर, कहीं केटी विकार नभई कन उस्तै रहने गरी ती अनेक वर्णको परस्परमा जोड हुन्छ, सो जोडलाई सन्धि भन्दछन्. जस्तैः—

'सस्–रामः' यहां 'स्' को लोप भई 'स रामः' यस्तो; 'सदा–एव' यहां यहां, 'ए' को बदलामा 'ऐ' भई 'सदैव' यस्तो; 'सत्–जनः' यहां 'त्' को बदला 'ज' भई 'सज्जनः' यस्तो; 'स–छत्रः' यहां 'च्' थपिई 'सच्छत्रः' यस्तो; 'हरी–इमौ' यहां जस्ताको त्यस्तै रही 'हरी इमौ' यस्तो सन्धि भइ प्रयोग हुन्छ.

४९९. सो सन्धि स्वर-सन्धि (स्वरको सन्धि), व्यञ्जन-सन्धि (व्यञ्जनको सन्धि), विसर्ग-सन्धि (विसर्गको सन्धि), स्वादि-सन्धि (सु अस् आदि विभक्ति प्रत्ययको सन्धि), प्रकृतिभाव-सन्धि (जस्ताको त्यस्तै रहनु), यी पांच किसिमका हुन्छन्. जस्तैः—

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

	सन्धि नभएको	सन्धि भएको
(क) स्वरसन्धि	परम ईश्वरः	परमेश्वरः
(ख) व्यञ्जनसन्धि	जगत् नाथः	जगन्नाथः
(ग) विसर्गसन्धि	हरिः शरणम्	हरिश्शरणम्.
(घ) स्वादिसन्धि	एकस् देवः	एको देवः
(ङ) प्रकृतिभावसन्धि	अमी ईशाः	अमी ईशाः इ०

५००. संस्कृतमा सन्धिका नियम धेरैथरी छन्त पनी संस्कृतबाट आएका भाषा-शब्दमा प्राय; समास भएका कहीं नभएका पनी भिन्न भिन्न पदका वर्णको सन्धि नै स्पष्ट रूपले देखिन्छ; एकपद भित्रको सन्धि त त्यसको प्रकृति प्रत्ययको विभाग गरे मात्र देखिने हुनाले भाषामा स्पष्ट देखिदैन. सो भाषामा स्पष्ट देखिने सन्धिका सामान्य नियम यस्ता छन्:—

स्वर–सन्धि.

सवर्णदीर्घ — ह्रस्व वा दीर्घ 'अ, इ, उ' देखि ह्रस्व वा दीर्घ उस्तै स्वर पर भएका ती दुवैका बदलामा एक उस्तै दीर्घ स्वर हुन्छ.

जस्तैः—

सन्धिनभएका.	भएका.	सन्धिनभएका.	भएका.
सिंह-आसनम्	सिंहासनम्.	परम-आत्मा	परमात्मा.
पृथ्वी–ईश्वरः	पृथ्वीश्वरः	विद्या-आलयः	विद्यालयः
विद्या–अर्थी	विद्यार्थी.	प्रभु–उदयः	प्रभूदयः
लघु-उपायः	लघूपायः	देव–आलय	देवालयः
कवि–इन्द्रः	कवीन्द्रः	देवी- इति	देवीति. इ०

गुण — 'अ, आ' देखि ह्रस्व वा दीर्घ 'इ, उ, ऋ' पर भएमा ती दुवैका बदलामा 'इ ई' पर भएमा 'ए'; 'उ ऊ' पर भएमा 'ओ'; 'ऋ ॠ' पर भएमा 'अर्' हुन्छ. जस्तैः —

गज -इन्द्रः गजेन्द्रः सूर्य–उदयः सूर्योदयः

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

राम–ईश्वरः रामेश्वरः महा–उत्सवः महोत्सवः
गण–ईशः गणेशः नर–उत्तमः नरोत्तमः
देव–ऋषिः देवर्षिः राजा–उवाचः राजोवाचः
महा-ऋषि महर्षि परम-ईश्वरः परमेश्वरः
राजा–ऋषि राजर्षिः भाग्य-उदयः भाग्योदयः इ०

वृद्धि— 'अ, आ' देखि 'ए, ओ, ऐ, औ' पर भएमा ती दुवैका बदलामा 'ए ऐ' पर भएमा 'ए'; 'ओ औ' पर भएमा 'औ' हुन्छ. जस्तैः—

सर्वथा–एव सर्वथैव. महा–ऐश्वर्यं महैश्वर्यम्.
सदा-एव सदैव. रक्त–ओष्ठः रक्तोष्ठः
एक-एकम् एकैकम्. दुग्ध-ओदनम् दुग्धौदनम्.
महा-औदार्यम् महौदार्यम्. वन–औषधिः वनौषधिः इ०

यण्— ह्रस्व वा दीर्घ 'इ, उ, ऋ' देखि भिन्न स्वर पर भएमा 'इ ई' का बदला 'य्' 'उ ऊ' का बदला 'व्'; 'ऋ ॠ' का बदला 'र' हुन्छ. जस्तैः—

यदि-अपि यद्यपि. पितृ–उन्नतिः पित्रुन्नतिः
प्रति–एकम् प्रत्येकम्. देवी–उवाच देव्युवाच.
इति–आदि इत्यादि. सु–आगतम् स्वागतम्.
प्रति–उत्तरम् प्रत्युत्तरम्. दधि–आनय दध्यानय. इ०

(ख) व्यञ्जन–सन्धि.

श्चुत्व— 'स्, त्, थ्, द्, ध्, न्' यिन संग अघाडि वा पछाडिबाट 'श् च्; छ्, ज्, झ्, ञ्' यिनैको योग भएमा 'स् त् थ्, द्, ध्, न्' यिनको बदला क्रमै संग 'श्, च्, छ् ज् झ्, ञ्' हुन्छन्. जस्तैः—

हरिस्–चन्द्रः हरिश्चन्द्रः हरिस् शरणम् हरिश्शरणम्

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

श्रीमत्-चरणम् श्रीमच्चरणम् सत्(द्)-जनः सज्जनः
भगवत्-चरणम् भगवच्चरणम्. सत्-चित्. सच्चित्.
सत्-चर्चा सच्चर्चा. मत्-जन्म मज्जन्म. इ०

ष्टुत्व— 'स्, त्, थ्, द्, ध्, न्' यिन संग अगाडि वा पछाडिबाट ष्, ट्, ठ्, ड्, ढ, ण्' यिनको योग भएमा 'स्, त्, थ्, द्, ध्, न्' यिनको बदला क्रमै संग 'ष्, ट्, ठ, ड्, ढ्, ण्' हुन्छन. जस्तैः –

तत् टीका तट्टीका. भवत्–डमरुः भवड्डमरुः दुष्–त दुष्टः इ०

छत्व— पदान्त 'त्, द्, न्' देखि 'श्' पर भएमा 'श्' को बदला 'छ्' र; 'त्, द्' को बदला 'च'; 'न' को बदला 'ञ्' पनी हुन्छ. जस्तै.—

एतत्–शास्त्रम् एतच्छास्त्रम्. भवत्–शरीरम् भवच्छरीरम्.
भवत् शोकः भवच्छोकः तद् शब्दः तच्छब्दः
राजन्-शृणु राजञ्छृणु. विद्वान्-शास्त्रीः विद्वाञ्छास्त्री. इ०

लत्व— 'त्, द, न्' देखि 'ल्' पर भएमा 'त् द्' को बदला 'ल्'; 'न्' को बदला 'लँ' हुन्छ. जस्तैः—

तद्–लीनः तल्लीनः. भगवत्–लीला भगवल्लीला
सत्–लीला सल्लीला. महान्–लाभः . महाल्लाँभः इ०

जस्त्व— पदान्त वर्गको प्रथम, द्वितीय, चतुर्थ व्यञ्जनदेखि तृतीय, चतुर्थ व्यञ्जन, वा स्वर पर भएमा सो अघिल्लो व्यञ्जन को बदला सोही वर्गको तृतीय व्यञ्जन हुन्छ. जस्तैः—

अच्-अन्त अजन्तः जगत्–ईशः जगदीशः
षट्–आनन षडाननः क्षुध्–आकुलः क्षुदाकुल
क्षुध्–बाधा क्षुद्बाधा तत्–आगमनम् तदागमनम्
दिक्–गजः दिग्गजः जगत्–ईश्वरः जगदीश्वर इ०

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

चर्त्व— वर्गको तृतीय चतुर्थ वर्णदेखि प्रथम द्वितीय वर्ण वा 'स, ष' पर भएमा सो अघिल्लो वर्णको बदला सोही वर्गको प्रथम व्यञ्जन हुन्छ. जस्तै:—

शरद्–काल: शरत्काल: क्षुध्-कुण्ठित: क्षुत्कुण्ठित:

तद्–समय: तत्समय: तद्-खल: तत्खल:.

तद्–सभा तत्सभा. मद्-पुत्र: मत्पुत्र:. इ०

तुक्— ह्रस्व स्वरदेखि 'छ' पर भएमा नित्य, दीर्घ स्वरदेखि 'छ' पर भएमा विकल्पले बीचमा 'च्' थपिन्छ. जस्तै: —

गृह–छिद्रम् गृहच्छिद्रम्. लता छन्नः लताच्छ(छ) न्नः

वृक्ष–छाया वृक्षच्छाया. महा-छलम् महाच्छ (छ) लम्.

अनुनासिक—वर्गको प्रथम, द्वितीय, तृतीय, चतुर्थ व्यञ्जन देखि पञ्चम वर्ण पर भएमा सो अघिल्लो व्यञ्जनको बदला च-वर्गको भए क-वर्गको, अरू वर्गको भए सोही वर्गको पञ्चम व्यञ्जन हुन्छ. जस्तै:—

वाच्–मन:	वाङ्मन:.	जगत्–नाथ:	जगन्नाथ:.
तद्–मय:	तन्मय:.	प्राक्–मुख:	प्राङ्मुख:.
षट्–मुख	षण्मुख:.	उद्–माद:	उन्माद:.
अप्–मय	अम्मयम्.	वाच्–मती	वाङ्मती. इ०

अनुस्वार — परसवर्ण— 'न, म्' देखि स्पर्श अर्थात् 'क' देखि 'म' संमका व्यञ्जन वर्ण पर भएमा अपादान्त 'न् म्' को बदला परसवर्ण अर्थात् पल्लो वर्णका वर्गको पञ्चम व्यञ्जन मात्र, पदान्त 'न्, म्' को बदला परसवर्ण अथवा अनुस्वार, अरू व्यञ्जन वर्ण पर भएमा पदान्त अपदान्त दुवै 'म्' अपदान्त 'न्' बदला प्राय: अनुस्वार मात्र, स्वर वर्ण पर भएमा जस्ताको त्यस्तै हुन्छ. जस्तै:—

शम्–कर:	शङ्कर:, शंकर:.	शाम्–त:	शान्त:
सम्–देह:	सन्देह:, संदेह:.	अन्–क:	अङ्क:

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अहम्–कार:	अहङ्कार:, अहंकार:.	शन्–का शङ्का.
सम्—चय:	सञ्चय:, संचय:.	रन्–जनम् रञ्जनम्.
किम्–-चित्	किञ्चित्, किंचित्	घन्-टा घण्टा.
सम्—शय:	संशय:. सम्–योग:	संयोग:.
सम्–हार:	संहार:. सम्-स्कृत:	संस्कृत:.
सम्-सार:	संसार:. सम्-वाद:	संवाद:. इ०

(ग) विसर्ग-सन्धि.

विसर्ग— रेफ वा 'स्' देखि 'क्, ख्, प्, फ्' पर भएमा वा केही पर नभएमा सो 'रेफ, स्' का ठाउँमा प्राय; नित्य बिसर्ग 'श्, स्' पर भएमा विकल्पले विसर्ग (नभएका पक्षमा 'श्, स्') हुन्छ. जस्तै:—

अन्तर्–करण अन्त:करणम्. अधस्–पात: अध:पात:.

हरि:-शरणम् (हरि:शरणम् / हरिश्शरणम्) शिव:-सेव्य: (शिव:सेव्य: / शिवस्सेव्य:.)

सत्वादि— विसर्गदेखि 'त्, थ्' पर भएमा विसर्गको बदला 'स्'; 'च् छ' पर भएमा 'श्'; 'ट्, ठ्' पर भएमा ष, 'इस्, उस्' को विसर्गदेखि कवर्ग पवर्ग पर भएमा पनी प्राय: 'ष्' हुन्छ. जस्तै:—

अध:–तल अधस्तलम्.	नि:– कपट निष्कपट.
नि:—चय निश्चय:.	बहि:-कार बहिष्कार:.
दु:—-फल दुष्फलम्.	दु:—-प्राप्य दुष्प्राप्य:.
नि:—छल निश्छलम्.	धनु:–टङ्कार धनुष्टङ्कार:. इ०

(घ) स्वादि-सन्धि.

ओत्व — अकारदेखि पर रहेको पदान्त विसर्ग वा 'स्' देखि अकार पर भएमा सो पूर्व पर जमैका ठाउँमा; तृतीय, चतुर्थ, पञ्चम, 'य्, र्, ल्, व्, ह्' व्यञ्जन पर भएमा सो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पूर्वको ठाउँमा मात्र 'ओ' हुन्छ. जस्तै:—

मनस्–अवधि	मनोवधि:.	मनस्–रथ:	मनोरथ:.
तेजस्–अन्तर	तेजोन्तरम्.	अधस्–मुख	अधोमुख:.
यशस्–अङ्कित:	यशोङ्कित:.	तेजस्–मय	तेजोमय:
शिव:–अहम्	शिवोहम्.	मनस्–योग	मनोयोग:
नर:–वा	नरोवा.	कुञ्जर:–वा	कुञ्जरोवा. इ०

लोप— 'अ, आ' देखि पर रहेका विसर्ग वा 'स्' देखि अकार बाहेक स्वर पर भएमा, अथवा आकारदेखि पर रहेको विसर्ग वा 'स्' देखि तृतीय, चतुर्थ, पञ्चम, 'य्, र्, ल्, व्, ह्' व्यञ्जन पर भएमा सो विसर्गको लोप हुन्छ; 'तत्, एतत्' शब्दका प्रथमाको एकवचनमा हुने विसर्गको पनी अकार बाहेक स्वर वा व्यञ्जन पर भएमा लोप हुन्छ. जस्तै:—

नर:—इव	नर इव.	पयस्–आहार:	पय आहार:.
गजा:—इमे	गजा इमे.	जना:–गता	जना गता:.
चन्द्र:—उदेति	चन्द्र उदेति.	बालका:–हसन्ति	बालका हसन्ति.
स:—उवाच	स उवाच.	स:—नर	स नर:.
एष:–इति	एष इति.	एष: पठति	एष पठति इ०

रुत्व— 'अ, आ' बाहेक अरू स्वरदेखि पर रहेको विसर्ग वा 'स्' देखि स्वर वा तृतीय, चतुर्थ, पञ्चम, 'य्, ल्, व्, ह्' व्यञ्जन पर भएमा सो विसर्ग वा 'स्' को ठाउँमा 'र्' हुन्छ. जस्तै:—

कवि:—अयम्	कविरयम्.	निस्–धन	निर्धन:.
गुरु:—उवाच	गुरुरुवाच.	निस्–भय	निर्भय:.
हरे:–इच्छा	हरेरिच्छा.	गुरु:–हसति	गुरुर्हसति.
निस्–अर्थक:	निरर्थक:.	बहिस्–द्वार	बहिर्द्वार. इ०

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(ङ) प्रकृति-भाव.

नित्य-असंधि- संबोधनको ओकार देखि 'इति' शब्द पर भएमा र, ओकारान्त अव्यय वा 'ई,ऊ, ए कारान्त द्विवचनदेखि कुनै पर भएमा पनी प्राय: सन्धि हुंदैन. जस्तै:—

विष्णो-इति विष्णो इति. कवी-इमौ कवी इमौ.
अहो-इह अहो इह. विष्णू-एतौ विष्णू एतौ. इ०

विकल्प— पदान्त 'अ, आ' देखि ऋकार पर भएमा सन्धि गरे पनी नगरे पनी हुन्छ; नगरेमा आकारको बदला आकार पनी विकल्पले हुन्छ. जस्तै:—

ब्रह्मा-ऋषि: ब्रह्मर्षि: ब्रह्मा-ऋषि: (ब्रह्मा ऋषि:)
राजा-ऋषि: राजर्षि: राज-ऋषि: (राजा ऋषि:)
सप्त-ऋषय: सप्तर्षय: सप्त-ऋषय:. इत्यादि.

(क) यस्तै गरी अरू अरू शब्दमा पनी यस्ता किसिमका र अरू अरू किसिमका पनी सन्धि भई संस्कृतमा व्यवहार हुन्छन्. भाषामा प्रयोग हुंदा व्यवहार अनुसार कुनै कुनै शब्दमा सन्धि भई प्रयोग भएका देखिन्छन्. संस्कृतमा खुट्टो काटिएको व्यञ्जन परतिर स्वर व्यञ्जन भएमा उसै संग गई जोडिन्छ, केही नभएमा त्यसै रहन्छ; सो मिलाई माथिका उदाहरणमा झैं गरी रूप बनाउंनुपर्दछ.

५०१. संस्कृतमा पुंलिङ्ग शब्द स्त्रीलिङ्गी हुंदा तद्धितका 'अण्, अन्, ष्यञ्, ठक्, ठञ्, टयु, ढ (ढक्, ढञ्), मतुप्, इनि, विनि, इयसुन्, टित्' (मयट्, डट् आदि) प्रत्ययान्त शब्द कृत्का 'तृ (तृन्, तृच्), शतृ, ण्वुन्, क्तवतु, णिनि' आदि प्रत्ययान्तशब्द, पुंयोग अर्थात् यसकी स्त्री भन्ने अर्थ बुझाउंने शब्द कोही जातिवाचक शब्द 'कुमार पति गौर सखि' इत्यादि शब्द प्राय: ई (ङीप् आदि) प्रत्यय भई ईकारान्त; तद्धितका य, यत्, छ, छस् त्य (त्यक्, त्यप्), इतच्, तरप्, तमप्, इष्ठन्' प्रत्ययान्तशब्द, कृत्का

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

'ण्वुल्, वुञ्, शानच्, तव्य, अनीयर्, य (यत्, ण्यप्, ण्यत्), क्त, खल्' प्रत्ययान्त, अरू ई हुने निमित्त नभएका शब्द र 'अश्व, अज, कोकिल' इत्यादि शब्द प्रायः आ (टाप् आदि) प्रत्यय भई आकारान्त हुन्छन्. 'शतृ' प्रत्यय भएका शब्दमा कहीं नकार समेत थपिने, 'अक' भएका शब्द मा कहीं 'अ' को बदला 'इ' समेत हुने, कहीं पुंयाग बुझिने शब्दमा 'आन्' यस्तो थपिने इत्यादि कहीं केही विकार पनी हुन्छ. जस्तैः—

अघिल्ला पुंलिङ्ग शब्दबाट 'ई' (ङी) प्रत्यय भई बनेका दोस्रा स्त्रीलिङ्ग शब्द.

तद्धितान्त शब्द—— वैष्णवः—वैष्णवी' पौत्रः—पौत्री, दौहित्रः—दौहित्री, गार्ग्यः—गार्गी, धार्मिकः—धार्मिकी, पैतृकः—पैतृकी, अद्यतनः—अद्यतनी, आग्नेयः—आग्नेयी, भागिनेयः—भागिनेयी, श्रीमान्—श्रीमती, धनवान्—धनवती, पापी—पापिनी, मायावी—मायाविनी, गरीयान्—गरीयसी, सुवर्णमयः—सुवर्णमयी, चतुर्थः—चतुर्थी. इ०

कृदन्तशब्द——कर्ता—कर्त्री, दाता—दात्री, गच्छन्—गच्छन्ती, ददत्—ददती, नर्तकः—नर्तकी, रजकः—रजकी, गतवत् गतवती, अनुजीवी—अनुजवीनी, गजगामी—गजगामिनी. इ०

अरूशब्द——हंसः—हंसी, शुकः—शुकी, शूद्रः—शूद्री, गोपः—गोपी, कुमार -कुमारी, पतिः—पत्नी, गौरः—गौरी, सखा—सखी, इन्द्रः—इन्द्राणी, भवः—भवानी, देवः—देवी, महाराजः— महाराज्ञी. इत्यादि.

अघिल्ला पुंलिङ्ग शब्दबाट 'आ' (टाप्) प्रत्यय भई बनेका दोस्रा स्त्रीलिङ्ग शब्दः—

तद्धितान्त शब्द—— दिव्यः—दिव्या, मुख्यः—मुख्या, दण्ड्यः—दण्ड्या, ग्राम्यः—ग्राम्या, राजकीयः-राजकीया, पर्वतीयः-पर्वतीया, भवदीयः-भवदीया, तत्रत्यः—तत्रत्या, पाश्चात्यः—पाश्चात्या, मूर्छितः-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मूर्च्छिता, दुःखितः–दुःखिता, गुरुतरः-गुरुतरा, लघुतमः–लघुतमा, पापिष्ठः-पापिष्ठा. इत्यादि.

कृदन्तशब्द — –पालकः– पालिका, सेवकः– सेविका, शयानः– शयाना, द्रष्टव्यः-द्रष्टव्या, दर्शनीयः–दर्शनीया, देयः–देया, स्तुत्यः–स्तुत्या, धार्यः–धार्या, गतः–गता, सुलभः–सुलभा. इ०

अरूशब्द - —प्रियः–प्रिया, रक्तः–रक्ता, अश्वः–अश्वा, अजः–अजा, कोकिलः–कोकिला. इत्यादि.

(क) संस्कृतका साधित शब्दमा लिङ्ग व्यवस्था हुंदा नाम शब्दमा प्रायः तद्धितको 'इमनिच्' कृत्का 'यञ्, अच्, अप्' आदि प्रत्ययान्त शब्द पुंलिङ्गी; तद्धितको 'तल्' कृत्का 'क्तिन्, युच्, अङ्' आदि प्रत्ययान्त शब्द स्त्रीलिङ्गी; तद्धितका भावार्थी 'अञ्, यक्, य, ष्यञ्, त्व' कृत्को 'ल्युट्' आदि प्रत्ययान्त शब्द नपुंसकलिङ्गी; अरू प्रत्ययान्त विशेषण हुने शब्द प्रायः सबै लिङ्गी हुन्छन्. तर यी शब्द भाषामा प्रयोग हुंदा माथिका स्त्रीप्रत्ययका नियम बमोजीम पुं-व्यक्तिवाचक पुंलिङ्गी, स्त्री-व्यक्तिवाचक स्त्रीलिङ्गी, निर्जीव-व्यक्तिवाचक नपुंसकलिङ्गी, विशेषण-शब्द विशेष्यलिङ्गी नै हुन्छन्.

(ख) संस्कृतका शब्द भाषामा स्त्रीलिङ्गी भई प्रयोग हुदा कोही कोही शब्द संस्कृतकै स्त्रीप्रत्ययान्त 'देवी, पापिनी, सधवा, सौभाग्यवती' इत्यादि शब्द प्रसिद्ध हुन्छन्, संस्कृतका स्त्रीप्रत्ययान्त प्रसिद्ध नभएका शब्दमा त प्रायः भाषाकै नियम बमोजीम स्त्रीप्रत्यय भई प्रयोग हुन्छन्. कोही कोही शब्दमा त दोहोरै किसिमका पनी प्रयोग भएका देखिन्छन्.

५०२. संस्कृत शब्दको भाषामा प्रयोग हुंदा कृदन्त, तद्धितान्त, समस्त, कोही अव्यय, कोही अव्युत्पन्न (सिद्ध) शब्दको प्रयोग हुन्छ; धातु नाम आदिका रूपावली शब्दको प्रायः प्रयोग हुंदैन. जस्तै —

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

'कार्य, दर्शनीय, त्याग' आदिको कृदन्त, 'योग्य, महत्त्व, श्रेष्ठ' आदि तद्धितान्त, 'अधर्म, रामलक्ष्मण, चरणकमल' आदि समस्त, 'सदा सर्वदा, कदापि, धिक्' आदि अव्यय, 'वृक्ष, भूमि, पुस्तक' आदि अव्युत्पन्न शब्दको प्रयोग हुन्छ; 'गम्, कृ आदि धातु, 'कार्यस्य, योग्याय, भवति' आदि रूपावली शब्दको प्रयोग हुंदैन. (कोही कोही ऋकारान्त हलन्त आदि शब्दको तल लेखिने नियम बमोजीम प्रथमा एकवचनको रूप भने प्रयोग हुन्छ).

(क) शब्दको अनुकरण गरी बुझाउंदा त धातु, रूपावली आदिका शब्दको पनी प्रयोग हुनशक्छ. जस्तैः—

'गम् धातुको जानु अर्थ हुन्छ. यो नहि नास्ति गर्दैन. पाँडै श्रीगणेशाय नमः गर'. इत्यादि.

तत्सम र तद्भव.

५०३. संस्कृतहरूबाट आएका शब्द कोही उही स्वरूपले रहेका, कोही विकार भई स्वरूप बदलिएका हुनाले आगन्तुक शब्द दुइ प्रकारका हुन्छन्; कोही तत्सम, कोही तद्भव.

५०४. जुन आगन्तुक-शब्द जहांबाट आएका हुन् उहींको स्वरूपले भाषामा व्यवहार गरिन्छन्, तिनलाई तत्सम शब्द भन्दछन् जस्तैः—

'ईश्वर, गुरु, माता, पिता, राजा, दाता, रमणीय, कर्तव्य, महिमा, लोभ, इच्छा, क्रोध पुस्तक, पद, भाषा, अक्षर, व्यवहार, प्रयोग, बुद्धि, धन, इत्यादि शब्द संस्कृतमा भएकै स्वरूपले भाषामा पनी व्यवहार हुने हुनाले यस्ता शब्द 'तत्सम' हुन्.

५०५. संस्कृतका तत्सम-शब्दको भाषामा व्यवहार हुंदा हलन्त वा स्वरान्त शब्दको 'सु' अर्थात् प्रथमाको एकवचनमा जस्तो रूप हुन्छ त्यसमा प्रत्ययमा 'विसर्ग, म्, भए त्यति कट्टा गरी बांकी रहेको स्वरूप, अर्थात् स्वरान्तमा ऋकारान्त शब्दको आकारान्त, अरू स्वरान्त शब्दको प्राति-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पदिक (मूल-शब्द), हलन्त शब्दको 'सु' मा हलन्त भए हलन्त, स्वरान्त भए विसर्गहरू कट्टा भई बाँकि रहेको शब्द भाषामा तत्सम मूल-शब्द भई व्यवहार हुन्छ. जस्तैः—

संस्कृत स्वरान्त	'सु'को रूप	भाषा शब्द.	संस्कृत हलन्त	'सु'को रूप	भाषा शब्द.
ईश्वर	ईश्वरः	ईश्वर.	जगत्	जगत्	जगत्.
कार्य	कार्यम्	कार्य.	श्रीमत्	श्रीमान्	श्रीमान्.
विद्या	विद्या	विद्या.	बलवत्	बलवान्	बलवान्.
बुद्धि	बुद्धि	बुद्धि.	मनस्	मनः	मन.
सखी	सखीः	सखी.	जन्मन्	जन्म	जन्म.
गुरु	गुरुः	गुरु.	धनिन्	धनी	धनी.
बधू	बधूः	बधू.	विद्वस्	विद्वान्	विद्वान्.
पितृ	पिता	पिता.	राजन्	राजा	राजा.
मातृ	माता	माता.	तपस्	तपः	तप. इ०[१]

यही रीतले–'कर्तव्य–कर्तव्य, क्रोध–क्रोध, इच्छा–इच्छा, मति–मति, दिन-दिन, कर्तृ–कर्ता, हर्तृ–हर्ता, दातृ-दाता, भ्रातृ–भ्राता, श्रोतृ–

१ भाषामा अन्त्य अकारको उच्चारण सबै ठाउंमा राम्ररी नसुनिने हुनाले त्यसका भरमा 'छल, बल, कपट, धन, वन' इत्यादि स्पष्ट अकारान्त संस्कृत शब्दलाई पनी कोही 'छल्, बल्, कपट्, धन्, वन्' इत्यादि हलन्त शब्द मानी व्यवहार गर्दछन्; कोही भाषामा हलन्त शब्द हुंदै हुंदैनन् भन्ने निर्मूल आग्रह गरेर 'श्रीमान्, बलवान्, जगत्, विद्वान्' इत्यादि स्पष्ट हलन्त शब्दलाई पनी 'श्रीमान, बलवान, जगत, विद्वान' इत्यादि अजन्त शब्द मानी व्यवहार गर्दछन्, तर माथि लेखे बमोजीम प्रायः सबैमा प्रत्युगत स्वरूपले मिल्ने नियम स्पष्ट देखिने हुनाले सोही अनुसार कोही अजन्त कोही हलन्त मान्नु नै परमोचित छ.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CG-0. In Public Domain. Digitization by eGangotri

श्रोता, शरत्–शरत, बुद्धिमत्–बुद्धिमान् धनवत्–धनवान, भाग्यवत्–भाग्यवान्, भगवत्–भगवान्, तेजस्–तेज, चेतस्–चेत, धनुष्–धनु, आत्मन्–आत्मा, ब्रम्हन्–ब्रम्हा, ज्ञानिन्–ज्ञानी, पापिन्–पापी, दानिन्–दानी, मेधाविन्-मेधावी, चन्द्रमस्–चन्द्रमा, महिमन्–महिमा' इत्यादिमा पहिला संस्कृत शब्दका दोस्रा भाषामा प्रसिद्ध 'तत्सम-शब्द' हुन्. यस्तै अरू पनी जान्नू.

५०६. जुन आगुन्तुक शब्द जहांबाट आएका हुन् उहांको स्वरूप भन्दा केही विकृत (बदलिएको) स्वरूपले भाषामा व्यवहार गरिन्छन् तिनलाई तद्भव-शब्द भन्दछन्. जस्तैः—

'मिष्ट–मीठो, तिक्त–तीतो, रक्त–रातो, छत्र–छाता, हस–हांस, व्याघ्र–वाघ, पिष्ट--पीठो, पृष्ठ–पीठ, काण–कानो, कर्ण–कान' इत्यादिमा पहिला संस्कृत शब्दको केही विकार भएको दोस्रो स्वरूपले भाषामा व्यवहार हुने हुनाले यस्ता दोस्रा शब्द 'तद्भव' हुन्.

५०७. संस्कृतबाट तद्भव शब्द बन्दा कहीं प्राकृत भाषामा हुने चालले कहीं अर्कै चालले नाना किसिमका विकार हुन्छन्. यी विकार हुने शब्दमा पनी प्रायः माथिको तद्भवको (५०५) नियम बमोजीम विसर्ग 'म्' रहित 'सु' को रूप नै भाषामा मूल-शब्द हुन्छन्.

५०८. ती तद्भव शब्दमा विकार हुने केही सामान्यनियम यस्ता छन्[१]:—

(१) संयुक्त वर्णमा पहिलो व्यञ्जन 'क् च् ट् त् प् ग् द् र् ल् श् ष् स्' भए वा पछिल्लो व्यञ्जन 'य् र् व्' भए त्यसको प्रायः लोप हुन्छ.

---

१ तत्सममा लेखे बमोजीम तद्भवमा पनी विसर्गादिरहित 'सु' को रूपमा नै विकार हुने हुनाले विसर्गहरू अन्त्यमा हुनेमा लाघवका निमित्त सो नदिई कन उदाहरण दिएको छ; जहां प्रकृतिकै अवयव विसर्ग छ त्यहां मात्र शब्द स्पष्ट गर्न विसर्ग देखाएको छ.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(२) संयुक्त वर्णमा पहिलो वा पछिल्लो व्यञ्जनको लोप भएमा त्यस भन्दा पूर्ववर्ती स्वर ह्रस्व भए त्यसको बदला प्रायः दीर्घ, कहीं अनुनासिक समेत हुन्छ.

(३) पद भित्रको अनुस्वार वा परसवर्ण (ङ् ञ ण न म्) को प्रायः लोप भई त्यस भन्दा पूर्ववर्ती स्वर ह्रस्व भए त्यसको बदला प्रायः अनुनासिक दीर्घ हुन्छ.

(४) विशेषण शब्द गुणबोधक भए त्यसको अन्त्य स्वर बदलिई प्रायः ओकारान्त, नाम भए कहीं आकारान्त, कहीं अर्के स्वरान्त पनी हुन्छ.

(५) पदका वर्णमा प्रायः औ को ओ, ऐ को ए, ऋ को इ, ण को न, ष य को ज, भ ध को ह, च को ख, असंयुक्त ट का ड, ष्ट को ठ, ध्य को भ हुन्छ. संयुक्त (द्य ध्य च ष्ट) को विकार भएमा त्यसको पूर्व ह्रस्व स्वर दीर्घ, कहीं अनुनासिक पनी हुन्छ. जस्तैः—

१—नियम लागी बनेका.

सं०	भा०	सं०	भा०	सं०	भा०
ज्येष्ठ	जेठ	सूत्र	सूत	स्तर	तर.
ओष्ठ	ओठ	मूत्र	मूत	स्थान	थान.
गोष्ठ	गोठ	चैत्र	चैत	ग्रास	गास.
श्रेष्ठ	शेठ	व्याघ्र	वाघ	श्मशान	मशान. इ०

३—नियम लागी बनेका.

पञ्च	पाँच	मण्ड	माँड	दन्त	दाँत.
कम्प	काँप	भण्ड	भाँड	अन्त	आँत.
हंस	हाँस	अङ्ग	आँग	रङ्ग	राँग.
वंश	बाँश	कण्ठ	काँठ	मञ्च	माँच. इ०

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

४–नियम लागी बनेका.

हास	हाँसो	घासः	घासा	रीति	रीत.
पाश	पाशा. पाशो	हीर	हीरा	गति	गत.
नील	नीलो	काल	कालो	मलिन	मलिनो.
बाट	बाटो	हल	हलो	शीश	शीशा.
मूल	मूला	राशि	राश	बाहु	बाँहा इ०

५–नियम लागी बनेका.

अद्य	आज	लक्ष	लाख	शरण	शरन.
मन	मन	चौर	चोर	यौवन	जोवन.
कच	काख	मध्य	माझ	शलभ	शलह
यूका	जूका	चीर	खीर	मयूर	मजूर. इ०

१–२–नियम लागी बनेका.

हस्त	हात	हस्ती	हाती	भक्त	भात.
दुग्ध	दूध	मुद्ग	मूँग	पत्र	पात.
मर्दल	मादल	कर्म	काम	चर्म	चाम.
घर्म	घाम	धर्म	धाम	गर्भ	गाभ.
मित्र	मीत	वर्ति	वाति	अर्क	आँक.
चिल्ल	चील	पित्तल	पीतल	अश्रु	आंशु
उष्ट्र	ऊँट	घट्ट	घाट	हट्ट	हाट.
किट्ट	कीट	सक्तु	सातु	सप्त	सात. इ०

१–४–नियम लागी बनेका.

ज्येष्ठ	जेठो	कोष्ठ	कोठा	श्यामल	शामलो.
श्वेत	सेतो	दूर्वा	दूबो	भ्रमर	भमरो.
श्याल	शालो	श्वशुर	शशूरो	अभाग्य	अभागी. इ.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

३–४–नियम लागी बनेका.

रण्ड	रांडो	सन्धि	सांध	अङ्कुर	आंकुरो.
दण्ड	दांडी	भङ्गा	भांग	हिङ्गु	हींग. इ०

४–५–नियम लागी बनेका.

घट	घडा	पिटक	पिढको	घोट	घोडा.
अक्षि	आंखा	चोक्ष	चोखा	रूक्ष	रूखा.
भिक्षा	भीख	मक्षि	माखा	प्राण	आना.
तरुण	तरुनो	पोत	पोति	गौर	गोरो.
शैवाल	शेवाली	गभीर	गहिरो	बधिर	बहिरो.
काण	कानो	कक्षा	काखि	मधु	मह.
वाद्य	बाजा	खाद्य	खाजा	पिष्ठ	पीठो.
मिष्ट	मीठो	धृष्ट	धीठो	दृष्टि	दीठ इ०

१–२–४–नियम लागी बनेका.

उच्च	उचो	लत्ता	लात	लज्जा	लाज.
रक्त	रातो	तप्त	तातो	तिक्त	तीतो.
शुद्ध	शूधो	अर्ध	आधा	भित्ति	भीत.
छत्र	छाता	खट्वा	खाट	अर्गला	आगलो.
भल्ल	भालु	पट्ट	पाटा	गल्ल	गाला इ.

यस्तैः— १-३-नि० पङ्क्ति- पांति, चन्द्र- चांद. स्कन्ध- कांध; १–२-५- नि० कर्ण- कान, पर्ण- पान, वर्ण- वान, पृष्ठ- पीठ; ३-५ – नि० अङ्गण- आंगन, शृङ्गार- शींगार; १-५ -नि० कार्य- काज, चूर्ण–चून, क्षेत्र- खेत; १–४–५ नि० स्फोट- फोडा, ऊर्ण- ऊन; १–३-४– नि० कांस्य- कांसा, ताम्र तामो; ३–४–५- नि० सन्ध्या- सांझ, बन्ध्य- बांझो; इत्यादिमा पनी अघिल्ला संस्कृत शब्दका दोस्रा भाषाक. तद्भव - शब्द हुन. यस्तै;— प्रकरणो ज.म..

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(क) संस्कृतका शब्दमा भए बमोजीम 'व ब श स' भाषामा पनी माथि लेखे झैं हुनु पर्दछ न पनी भाषाका उच्चारणमा हिस वले कहीं व मा पनी ब, कहीं श मा स लेखिएर पनी व्यवहार हुन्छ कहीं ड का ठाँउमा ड़ लेखिएर पनी व्यवहार हुन्छ. यस्तै अरू अरू शब्दमा पनी व्यवहार अनुसार जान्नू. जस्तैः — 'सेतो, ससुरो, सीसा, बाटो, बांस, बाजा, वड़ा, घोड़ा, पिङ्को'. इत्यादि.

५०९ कोही सामान्य नियम भन्दा केही फरक भएर बनेका तद्भव-शब्द पनी हुन्छन्, जस्तैः —

मत्स्य	माछो	वत्स	बाच्छो	कम्बल	कामलो.
शुक	सुघा	काक	काग	शाक	साग.
शर्करा	शखर	कूर	कूरा	वापी	ओपी.
वर्तुल	बाटुलो	हिम	हिउं	सर्व	सब.
सिक्थ	सिता	स्तन	थुन	शिक्य	शिका.
आश्रय	आश्रा	महर्घ	महंगो	खदिर	खयर.
तीक्ष्ण	तीखो	रिक्त	रित्ता	शिलापट्ट	शिलौटो.
क्षुद्र	छुद्रो	घण्ट	घंटा	अङ्गुष्ठ	औंठा.
गृद्ध्र	गिद्ध	कुल्या	कुलो	पानीय	पानी.
लिक्षा	लिखा	प्रणाली	पनालो	फलक	फलेक.
नालक	नाल	चत्वर	चौर	नवनीत	नौनी.
नव	नौ	पाद	पाउ	चिपिट	चेपटो.
हरित	हरियो	शेष	शेख	पुष्करिणी	पोखरी.
ऋण	रिन	इष्ट	ईंट	मौक्तिक	मोती.
पुच्छ	च्वांख	अन्त्र	आन्द्रा	अङ्गार	अंगार.
सङ्ग	संग	वृष	भूष	अङ्गुलि	औंलो.
ईर्ष्या	ईख	वर्षा	वर्खा	अवसर	औसर
कर्पट	कपडा	कुपुत्र	कपूत	अक्षोट	ओखर.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

तृषा	तिर्खा	स्तम्भ	थाम	कुट्टिनी	कुटिनी.
राक्षस	राकस	ज्वर	जरो	स्वर	सुर सोर.
ध्वनि	धुनि	स्वर्ण	सुन	ध्वज	ध्वजा, धुजा.
कुक्षि	कोखा	सुपुत्र	सपूत	प्राघुणक	पाहुना.
उर्वर	उखर	उष्म	उखुम	ग्रन्थि	गांठि, गांठो.
दंष्ट्रा दारा	औषध	ओखति	उपाध्याय	उपध्या, पाध्ये.	

५१०. कोही संस्कृतबाट बनेका प्राकृत-शब्दको स्वरूप लिएका कोही त्यसमा पनि विकार भएर बनेका तद्भव-शब्द हुन्छन्.

सं.	प्रा.	भा.	सं.	प्रा.	भा.
वृक्ष	रुक्खो	रुख	वृश्चिक	विच्छुओ	विच्छी
गृह	घर	घर	द्वादश	बारहो	बार.
इक्षु	उच्छुहो	उखु	त्रयोदश	तेरहो	तेर.
यष्टि	लट्ठी	लट्ठी	चतुर्थी	चउत्थी	चौथी.
एकादश	एआरहो	एघार	चतुर्दश	चउद्दह	चौध.

५११. कोही धात्वर्थक भाषा शब्द पनि संस्कृतबाट तद्भव भएका देखिन्छन्. जस्तैः—

कम्पन	कांप्नु	छर्दन	छाद्नु	भञ्जन	भांच्नु.
वहन	बहनु	सहन	सहनु	खादन	खानु.
यान	जानु	रिङ्गण	रिङ्नु	लेखन	लेख्नु.
पठन	पढ्नु	शकन	शक्नु	करण	गर्नु.
छेदन	छिन्नु	मार्जन	मांझ्नु	मर्दन	माड्नु.
वर्द्धन	बढ्नु	घटन	घट्नु	विचारण	बिचार्नु.
वसन	बस्नु	भरण	भर्नु	मरण	मर्नु.
चरण	चर्नु	दान	दिनु	लान	लिनु.
मिलन	मिल्नु	हसन	हांस्नु	लुञ्छन	लुछ्नु.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भर्जन	भुट्नु	पीडन	पिट्नु	प्रेरण	पिनुं.
वर्षण	दर्षनु	हनन	हान्नु.	ज्ञान	जान्नु.
गुणन	गुन्नु	बाग्ण	बानुं	सारण	सानु
साधन	साध्नु	मानन	मान्नु	भरण	भनुं. इ०

५१२. संस्कृतका सबै शब्दबाट तद्भव शब्द बन्ने नियम छैन, व्यवहार अनुसार कुनैमा तत्सम-शब्द, कुनैमा तद्भव-शब्द, कुनैमा दुवैथरी, कुनैमा दुवैथरी नभईकन भाषामा प्रयोग हुन्छन्. सो व्यवहारमा वचार गर्नू.‖

५१३. संस्कृतबाट बनेका तद्भव-शब्द प्रायः जसबाट बनेका हुन् उनै उनैका अर्थलाई नै लिएर भाषामा व्यवहार हुन्छन्; कुनै कुनै शब्दमा त मूल-शब्दको अर्थ भन्दा भाषाका तद्भवहरूबाट केही विशेष पनी बुझिन्छ. जस्तैः—

'स्तर–तर, गण्ड–गांड, अन्तः–आंत, कण्ठ–कांठ, वासः–वासा, मूत्र–मूता, कक्ष–काख, साधु–साहु, यूका–जूका, गर्भ–गाभ, दण्ड–दांडी, अङ्कुर–आंकुरो, धौत–धाती, खाद्य–खाजा, शुद्ध शूभो, भित्ति भीत, पर्ण–पान, वर्ण–वान, चूर्ण–चून, क्षीर–खीर' इत्यादिमा दुइ शब्दको केही मतलव फरक हुन्छ.

भाषान्तर-शब्द

५१४. हाम्रो भाषामा संस्कृत बाहेक 'अरबी, फारसी, अंग्रेजी, उर्दू' आदि अरू भाषाबाट आएका कोही तत्सम कोही तद्भव आगन्तुक शब्द पनी हुन्छन्. जस्तैः—

(१) अरबीबाट आएका कोही तत्सम कोही तद्भव-शब्दः—

अ०	भा०	अ०	भा०	अ०	भा०
फर्क	फरक	तलब	तलप	मुकद्दम	मुकद्दमा.
कर्ज	कर्जा	कदम	कद्दम	मशहूर	मशहूर.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अक्ल	अक्कल	हिक्मत	हिकमत	तअरीफ	तारीफ.
इल्म	इलम	मुआफ	माफ	तअलीम	तालीम.
हुक्म	हुकुम	मुद्दआ	मुद्दा	सुहवत	सोमत.
मुल्क	मुलुक	फुर्सत	फुर्सत	सर्राफ	सर्राफी.
जुल्म	जुलुम	सलाम	सलाम	आमीर	अमीर.
मर्जी	मर्जी	काजी	काजी	अदालत	अदालत.
फिक्र	फिक्रि	गरीब	गरीब	साहिब	साहेब.
सनद	सनद	परबर	परवर	जाहिर	जाहेर.

यस्तैः — भाषामा चलेका 'हजूर गरज, जवाफ, तपसील, तजवीज, तर्जुमा, तलब, तंनाथ, दस्तुर, दौलत, नगद, इनसाफ, औलाद, अलगर्जी, इज्जत, इनाम, फौज, फैसला, फकीर, मर्मत, मुश्कील, शौक, सवाल, साबित, हक' इत्यादि शब्द पनी कोही विकार भई कोही नभई अरबीबाट आएका शब्द हुन्.

(२) फारसीबाट आएका कोही तत्सम कोही तद्भव 'शब्दः—

फा०	भा०	फा०	भा०
रोजगार	रोजकार	दरखास्त	दर्खास्त.
गुल्जार	गुलजार	जानवर	जनावर.
शमअदान	शामदान	नजराना	नजराना.
गुलदान	फुलदान	फिराशखाना	फिराशखाना.
पीकदानी	फीकदानी	बदमआश	बदमास.

यस्तैः— भाषामा चलेका 'अंदाज, अमानत, इजार, अलैंची, कागत, कारबार, किफायत, खर्च, खून, गर्द्दन, गलैंचा, गुनाफ, जमीन, जहर, जहान, जामा, तख्ता, तमाशा, तोसतान, दरखास्त, दरबार, दुरुस्त, दोशाल्ला, नादान, फिराद, बगैंचा, बन्दोबस्त, लश्कर, हलकारा, सवार, हप्ता, साज, शिकार, सरदार, सवारी, सरकार, शहर, उस्ताद,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

2

बजार, बक्सीस' इत्यादि शब्द पनी कोही विकार भई कोही नभई फारसीबाट आएका शब्द हुन्.[१]

(३) अंग्रजीबाट आएका तत्सम कोही तद्भव शब्द: —

अं०	भा०	अं०	भा०	अं०	भा०
फोट	कोट	रबर	रबर	इञ्जिन	इञ्जर.
बूट	बूट	रेल	रेल	टेबुल	टेबिल.
बाक्स	बाकस	टिन	टिन	गोन	गहुन.
टाइम	टाइम	फूट	फूट	स्लेट	सिलेट.
रग	रग	वेञ्च	वेञ्च	ब्राङ्क	बङ्क.

यस्तै: — भाषामा चलेका 'सिलेवर, आलमारी, अस्पताल, इञ्च, लालटन, लम्प, कलर, मेगजीन, माइल' इत्यादि शब्द पनी कोही विकार भई कोही नभई अंग्रेजीबाट आएका शब्द हुन्.

यस्तै[२] गरी अरू अरू भाषाबाट आएका शब्द पनी व्यवहार अनुसार जान्नू.

---

१ यवनी शाखाको प्राचीन भाषा भनि मानिएको अरबीबाटै केही विकार भई फारसी उर्दू आदि भाषाको सृष्टि भएको भनि भाषा-तत्वज्ञहरूले मानका हुनाले कुनै शब्दको अरबी फारसीहरू अनेक भाषामा व्यवहार भई यो शब्द कुनचाहीं भाषाको हो भनि छुट्याउंन मुश्कील हुने हुनाले कहीं कहीं उही शब्दलाई कोही अरबीमा, कोही फारसीमा, कोही उर्दूमा गणना गरेर पनी व्यवहार गर्दछन; यही हिसावले अरू अरू शाखाका भाषामा पनी एक भाषाको शब्द अर्को भाषामा गणना हुने पनी सम्भव हुन्छ.

२ केही अघिको कालमा मुसल्मानी शिक्षा र व्यवहारको प्रचार ज्यादा भएको हुनाले उनीहरूको व्यवहार अनुसार दरबार, अड्डा, अैनका बोलीहरू धेरै नै हाम्रा भाषामा अरबी फारसीहरूबाट आई प्रसिद्ध भएका

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

२१५. कोही नदी वा कोही पहाडले छेकेका ठाउंमा मात्र पनी भाषा फरक हुन्छ भन्ने कुरा पुराना आचार्यंले लेखे अनुसार यो अनादि अपरिमित भूमण्डलमा धेरै कालको परिवर्तनले देश, राज्य, जाति, धर्म, व्यवहार, साहित्य आदि अनेक कारणले गर्दा अहिल्यै पनी गाउं जाति संमको फरकले पनी भाषामा केही भिन्नता देखिन्छ भने पहिलेको कालदेखि आजसम्म असंख्य भाषा पैदा भएका कुनै भाषा हराई पनी सकेका देखिन्छन् त पनी अहिलेका देशान्तर द्वीपान्तर संमका नाना भाषाका मूलभूत भनी भाषा-तत्वज्ञहरूले मानिएका अति प्राचीन ग्रीक, ल्याटिन, जेन्द' आदि भाषाका शब्दमा पनी कुनैमा संस्कृतको छाया देखिने, फारसी आदिको समेत मूलभूत जेन्द भाषामा त धेरै नै संस्कृतको छाया देखिने, कुनै शब्दमा त उस बखतको संस्कृत शब्द अहिले अप्रसिद्ध हुनाले वा अरू कारणान्तरले संस्कृतको छाया नदेखिने हुनाले हाम्रो संस्कृत भाषा नै अनादि रहेछ त्यसैबाट प्राचीन मूल-भाषा पनी पैदा भएका रहेछन्, पछि पछि ती मूल संस्कृत हराउंदै गई ती मूलभाषाका शब्द प्रसिद्ध हुन जादा ती भाषाबाट पनी हाम्रो भाषामा शब्द आगन्तुक भएका हुंदा हाम्रो भाषाका शब्द कुनै प्रत्यक्ष रूपले संस्कृतबाट आएका, कुनै अप्रत्यक्ष रूपले संस्कृतबाट प्राचीन वा नवीन भाषान्तरमा पुगी उनका शब्दको स्वरूप लिएर आएका हुन्, सबको मूल अनादि भाषा लोक-वेद-साधारण संस्कृत रहेछ कि भन्ने देखिन्छ. जस्तै:—

छन्: आजकाल अंग्रेजी शिक्षा र व्यवहारको प्रचार बढ्दै गएको हुनाले उनीहरूको व्यवहार अनुसार अंग्रेजीका शब्द उहांबाट आएर बराबर हाम्रो भाषामा प्रसिद्ध हुन लागेका छन्. यस्तै गरी हिन्दी, मराठी, गुजराती, बङ्गाली आदि अरू देशभाषाबाट र नेवारे आदि यहींका अरू भाषाबाट पनी व्यवहार अनुसार थेरै थोरै गरी कुनै कुनै शब्द हाम्रो भाषामा आएका छन्. सो भाषातत्व सूक्ष्म दृष्टिले विचार गर्नू.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

प्राचीन नवीन भाषामा छाया देखिएका संस्कृत शब्दः—

संस्कृत.	ग्रीक.	ल्याटिन.	जेन्द.	फारसी.	गोरखाली.
द्वि	दुओ	दुओ	द्व	दू	दुइ.
पितृ	पातर	पेतर	पातर	पदर	पिता.
मातृ	मेर	मेतर	मातर	मादर	माता.
नाम	ओनोमा	नोमेन		नाम	नाउं.
पाद	पोदोस	पेदिस्	पाध	पा	पाउ.
दशन्	देक	दिसेम	दशन्	दह	दश.
उष्ट्र			उस्त्र	उश्तर	ऊँट.
द्वार			द्वार	दर	द्वार.
दन्त	ओदोन्त	देन्तम्	दन्तन्	दंदान	दाँत.
मित्र			मिथ्	मिहर	मीत.
शिरम्	कर	सेरेब्रम्	शर	सर	शिर.
स्थान			स्तान्	आस्तान	थान.
उपरि	हुपर	सुपर	उपैरि	बर	उपर.
त्रि	त्रीस्	त्रेस	त्रयो		तीन.
दूर			दूर	दूर	दूर.इ०

तेरोज—

(क) संस्कृत आदि एक भाषाबाट विकृत वा अविकृत स्वरूपले भाषामा आएका शब्दलाई 'आगन्तुक-शब्द' भन्दछन्.

(ख) अर्को भाषाबाट अविकृत स्वरूपले आएका भाषा-शब्दलाई 'तत्सम;' विकृत स्वरूपले आएका भाषा-शब्दलाई 'तद्भव' भन्दछन्.

(ग) संस्कृतमा धातुमा जोडिई विशेष अर्थ बुझाउंने शब्दयोगी अव्ययलाई 'उपसर्ग' भन्दछन्.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(घ) संस्कृतमा भिन्न वा अभिन्न पदका स्वर व्यञ्जनको कहीं विकार भई कही नभई फन हुने जोडलाई 'सन्धि' भन्दछन्.

(ङ) संस्कृतमा स्वरका सन्धिलाई 'स्वर-सन्धि;' व्यञ्जनको सन्धिलाई 'व्यञ्जन-सन्धि'; विसर्गको सन्धिलाई 'विसर्ग-सन्धि'; 'सु' आदि प्रत्ययको सन्धिलाई 'स्वादि-सन्धि'; जस्ताको त्यस्तै रहनालाई 'प्रकृतिभाव-सन्धि' भन्दछन्.

अभ्यास.

(१) आगन्तुक शब्द भनेको के हो, सो कतिथरिको हुन्छ ? तद्भव तत्सम भनेको के हो ? हाम्रो भाषामा संस्कृतको तत्सम तद्भव हुंदा कस्ता नियम हुन्छन ? संस्कृतका प्रसिद्ध कृत्तद्धित प्रत्यय कुन हुन् ? ती कहां के अर्थमा हुन्छन्. ? संस्कृतमा स्त्रीप्रत्यय हुने नियम कस्तो छ. सन्धि उपसर्ग भनेका कस्ता हुन ?.

(२) तल लेखेका शब्दमा सन्धि नभएकामा सन्धि गरेको, गरेकामा नगरेको शब्द बताऊः—

'चन्द्रोदयः, सत्–आनन्दः, गजेन्द्रः, भगवत्युवाच, परम–आनन्दः, दधि–आनय, महोदयः, रामः–उवाच, तद्दिनम्, जगत्–गुरुः, राजा–उवाच, रामः करणम्, शम्भो इति.'

(३) तल लेखेका संस्कृतबाट आएका भाषा-शब्द कुन नियमले कसरी तद्भव तत्सम भएका हुन् बताऊः—

'तातो, चाम, चून, धोबी, तर, विद्वान्, दाता, धनी, आज, राण, भात, गाला, सांझ, काम, सब, भुजा, धाम, दांत, हलो, खाट, कालो.'

(४) तल लेखेका वाक्यमा कुन कुन संस्कृतमा तद्धितान्त कृदन्त समस्त कसरी बनेका हुन्; कुन कुन शब्द अरबी फारसी आदि भरू भाषाबाट आएका हुन; कुन कुन तत्सम तद्भव हुन्, जानेका जति बताऊः—

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

'उत्तम विद्यार्थीले सूर्योदय हुनु भन्दा पहिले उठी आफ्नो पाठ्य विषयको अभ्यास गर्नू. आफ्नो वर्ण, आश्रम, कुलपरम्परा माफिकको नित्य-कर्म गर्नू. सदा सर्वदा सच्चरित्र बढाउनामा उमेदवार हुनू. कतै बलवान् दुःख आइपरेमा पनी हिम्मत नछोडी हरहमेशा इलमको वृद्धि गर्दै रहनू. इलम हुने मानिस कस्तै गरीब मलिना हुन्छ पनी राज-दरबारमा आदर पाउंदछन्. जसलाई विद्याको रुचि छैन केवल कोट बूट, छडी, घडीकै शोख छ त्यस्ता मानिसलाई जति जति उमेर घट्दै जान्छ उति उति पछितो बढ्दै जान्छ. जुनसुकै कामकाज पनी बखतैमा गऱ्यो भने मात्र त्यसबाट सच्चा फाइदा उठाउंन शकिन्छ, जति तालीम बढ्दछ उति सोमत बढ्दछ र सभ्य-जनका माझमा बस्न सुहाउंने हुन्छ. सदाचारमा रहनाले बुद्धि सफा हुन्छ. निर्मल अन्तःकरणमा सफा ऐनामा झैं विषय उपस्थित हुने बित्तिकै त्यसको प्रतिबिम्ब पर्न जान्छ. जुन कुरो जस्तो किसिमको छ सो साफ आफ्नो दिलमा झल्कन लाग्या भने त्यस माफिक काम गरी मानिसले कहिल्यै धोखा खानुपर्दैन. इलम बढाए पनी आफूमा केही दुर्गुण छ भने त्यसलाई खोजी खोजी निर्मूल गरी उडाउंनु पर्दछ; नत्र त जस्तो-सुकै विद्या आफूमा छ भने पनी क्रोधीपना, उज्जण्डपना, आदि केही दोष बांकी भए सो विद्या केही कामको देखिंदैन. बरु निर्गुण भए पनी निर्दोष हुनु नै असल छ, गुणी भए पनी केही दोष हुनु त असल छैन. जस्तो गाढा दूधमा एक थोपा मात्र पनी मद्यको संसर्ग भयो भने धार्मिकहरू त्यसलाई त्याग गरी सफा पानी पिउंनामा नै राजी हुन्छन्. त्यस कारणले परिणाम असल चाहने मानिसले इलम बढाई, चलन पवित्र गराई, आफ्नो बेगुन जति सबै हटाउंनामा खूप कोशिश गर्नू.'

चौथो प्रकाश.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पाँचौं प्रकाश

२६–वाक्यविचार

५१६ वाक्यविचार भनेको वाक्यको स्वरूप, रचना, भेद, क्रमहरू र तिनलाई चाहिने नियम समेतको बयान भएको भागको नाम हो.

(१) वाक्य.

५१७ परस्परको अन्वय स्पष्ट भई कोही एक ठीक पूरा मतलबको कुरा निस्कने गरी जम्मा भएका अनेक पदको समुदायलाई वाक्य भन्दछन्. जस्तैः— 'चन्द्रमाको उदयले सबैलाई आनन्द हुन्छ. विद्या जस्तो ठुलो केही छैन. विद्वान्लाई सबै आदर गर्दछन्. पची आकाशमा उड्दछ. गोविन्द परीक्षामा पास भए.' इत्यादि.

५१८ ती वाक्य मौका माफिक छोटो अथवा लामो मतलबका कुराका अनुसारले कममेकम दुई[१] पद मिलेका र ज्यादामा तीन चार आदि धेरधेरै पद मिली बनेका पनी हुन्छन्. जस्तैः—

---

१ 'जा, भयो' इत्यादि कोही कोही ठाउँमा पछि लेखिने बमोजीम एक पद मात्र प्रयोग गरेमा पनी अर्थ पूरा हुने देखिन्छ त पनी यस्तामा पूर्वापर प्रसङ्गहरूका हिसाबले अरू अन्तर्गत अर्थात् थप्नु पर्ने गुप्तपदलाई समेत मिलाई तिनको अर्थ समेत लिई वाक्य पूरा हुने हुनाले स्पष्ट अथवा गुप्त रीतले अनेक पद भएका वाक्य हुन्छन्.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

द्विपद– 'म जान्छु. तिमी आऊ. चरो उड्यो.' इ०

त्रिपद– 'गोविन्द घर गयो. मेरो कलम देऊ.' इ०

चतुष्पद– 'यो काम को गर्छ. यसमा मेरो बुद्धि पुग्दैन.' इ०

पञ्चपद– 'गाईले बाछालाई आफनो दूध पियाइन्. तिमी मेरो कलम लिएर आऊ.' ईत्यादि.

धेरैपद– 'परमेश्वरले यस जगतमा अनेक विचित्र चीजहरू सृष्टि गर्नु-भएको छ. जो मानिस औगातको ख्याल नराखी काम गर्दछ, त्यसलाई परिणाममा असल कदापि हुन-पाउँदैन.' इत्यादि.

५१९. एक वाक्यमा जति पद छन् तिनमा एकको अर्कामा, उसको उसमा यस्ता रीतले साक्षात् अथवा परम्पराले सबै पदको मुख्य क्रियापदमा अन्वय भएर एक जमात बनी त्यस पद-समुदायबाट ती पद पदको अर्थ मिलेर एक केही पूरा मतलब बुझिनु-पर्दछ; जुन पद त्यस रीतले मुख्य क्रियापदमा अन्वय हुन-नशकी त्यस वाक्यार्थको गोल भित्र पर्ने अर्थ बुझाउँदैन, त्यो पद त्यस वाक्यकै ठहर्दैन.

५२०. जुन जुन जति पद मिली एकवाक्यता (परस्पर अन्वय) हुँदा केही एक ठीक मतलबको पूरा कुरा निस्कन-शक्छ त्यति पदको समुदाय वाक्य कहलाउँने हुनाले जुन पद-समुदाय भित्र जुन पद जोडेमा एक मत-लब निस्कन-शक्छ तर तिनको परस्परमा जोड (अन्वय) भने देखिंदैन त्यस्तो पद-समुदायलाई; जुन पद-समुदायमा जुन जुन पदको परस्पर अन्वय विवक्षा गरेको छ ती पदको चाहिने माफिकको क्रम सँग सान्निध्य (नजीकपना) नहुनाले अन्वय स्पष्ट बुझिंदैन त्यस्तो पद-समुदायलाई; जुन पद-समुदायमा पदको स्पष्ट परस्पर अन्वय भने छ तर त्यसबाट पूरा मतलब (वक्ताको तात्पर्य) भने निस्कदैन त्यस्तो पद-समुदायलाई; जुन पद-समुदायमा पदको स्पष्ट परस्पर अन्वय पनी छ त्यसबाट एक वक्तव्य पनी निस्कन्छ तर त्यसबाट निस्केको वक्तव्य (मतलब) बेठीक अर्थात्

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

असम्भव छ त्यस्तो पद-समुदायलाई पनी वाक्य भन्ने व्यवहार हुंदैन. जस्तै:—

(क) 'म दिन्छु. त्यो घर जान्छ. यो जान्छु भन्छ.' यी अनेक वाक्यमा परेका एक एक पद लाई 'म घर जान्छु' यस्तो र 'म त्यसको घर गएर आफनो चिठी लेखी आएं' यो एकै वाक्यमा परेका पदको क्रम उल्टापाल्टी पारी 'म त्यसको चिठी लेखी आफ्नो घर गएर आएं.' यस्तो कल्पना गरेको समुदायबाट एक वक्तव्य निस्कन शक्ने भए पनी यी पदको परस्परमा अन्वय नहुनाले त्यस्तो क्रमले कल्पना गरेको पद-समुदाय वाक्य हुन-शक्तैन.

(ख) 'भई शिक्नाले बुद्धिको विद्या साफ मयल प्रकाश ज्ञ नको बढ्छ.' यस्तो पद-समुदायबाट 'विद्या शिक्नाले बुद्धिको मयल साफ भई ज्ञानको प्रकाश बढ्दछ'. यस्तो अन्वय विवक्षा गरेमा एक ठीक वक्तव्य पूर्ण हुन्छ त पनी चाहिंने माफिकको क्रम संग पदको सान्निध्य नभई अन्वय स्पष्ट नहुँदा म- ... ...

... ...

... ...

... ...

... ...

... ...

... ...

... ...

... ...

... ...

... ...

... ...

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

....

... ...

... ...

... ...

वाक्यांश हुने कहीं वाक्यांश हुदै नहुने पनी हुनाले एक वाक्यमा एउटा वाक्यांश हुन्छ भन्ने नियम छैन; कहीं त्यस्तो जमात भएर अन्वय हुने पद नभएका वाक्यमा वाक्यांश नभएको पनी हुन्छ, कहीं अनेक गौण-क्रियाहरू संग मिलेर अन्वय हुने पदको जमात धेरै भएका वाक्यमा अनेक वाक्यांश भएका पनी हुन्छन्. जस्तैः— 'म घर जान्छु. तिमी के पढ्दछौ.' इत्यादि वाक्यमा वाक्यांश परेको छैन. 'जगतको सृष्टि गर्ने परमेश्वरको विश्वास र भक्ति समेत गरी मनमा सधैं संझना गर. आफूले पढेका ग्रन्थको मतलब राम्रो गरी बुझ्न कोशिश गर.' इत्यादि वाक्यमा 'जगतको सृष्टि गर्ने, विश्वास र भक्ति समेत गरी, मनमा सधैं सझना, आफूले पढेका ग्रन्थको मतलब, राम्रो गरी बुझ्न' इत्यादि अनेक वाक्यांश परेका छन्.

(५) कहीं कहीं गौण-क्रियाको अपेक्षा नराखी. कन अरू किसिमका पद मात्र मिलेर पनी वाक्यांश बन्दछ. जस्तैः- 'ठुलठुलो व्यवहारको काम. पुरानो छापाको किताप. कुक्कुरको पुछर जस्तो बाङ्गो.' इत्यादि परेको वाक्य भित्रका यो भाग पनी. वाक्यांश हुन्.

(३) वाक्यका कारकहरू

५२५. वाक्यमा अकर्मक क्रिया भएमा कर्ता र क्रिया, सकर्मक क्रिया भएमा कर्म समेत प्रधान हुनाले यिनको प्रयोग आवश्यक छ (पछि लेखिने अनुसार स्पष्ट नभए पनी अन्तर्गत हुन्छ). अरू किसिमका कारक सम्बन्धी विशेषण आदि त रहनै पर्छ भन्ने नियम छैन; मौका अनुसार देखाउनु पर्ने भएमा प्रयोग गरिन्छ.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

५२६. ती प्रधान-पद मध्यमा क्रियापद अघि अघि लेखे बमोजीम कर्तृ-प्रधान, कर्म-प्रधान, भाव-प्रधान यी तीन किसिमको हुन्छ; कर्ता र कर्म ता कहीं नाम, कहीं सर्वनाम, कहीं विशेष्य जस्तो भएको विशेषण, कहीं वाक्यांश, कहीं वाक्य भई पांच किसिमका हुन्छन्. जस्तैः—

	कर्ता.	कर्म.	अरू पद.
(१) नाम —	देवदत्तले	छोरालाई	डाके.
(२) सर्वनाम —	तिमी	मलाई	हेर.
(३) विशेषण —	मूर्खहरू	विद्वान्‌लाई	निको मान्दैनन्.

(४) वाक्यांशः—

असल विज्ञान समेतको विद्या पढ्नु		आवश्यक छ.
	विज्ञान समेतको विद्यालाई	सबै चाहा गर्छन्.

(५) वाक्यः—

सबै जना चित्त लगाई पढ्नू		भन्ने मन्मा छ.
तपाजी यहां चांडै आउनू		भनी लेखिएको थियो.
	परिश्रम गरी विद्या पढ	भन्नुहुन्छ.
	म परिक्षामा पास हुन्छु	भनि जान.

(क) वाक्यका प्रधान कर्ता कर्म झैं करण आदि कारक सम्बन्धी यी अप्रधान पनी नाम, सर्वनाम, विशेषण यी पदस्वरूपले र वाक्यांशको नियम बमोजीम नाम-वाक्यांश स्वरूपले पनी प्रयोग हुन-सक्छन्, तर प्रधान झैं वाक्यरूपले भने प्रयोग हुंदैनन्. जस्तैः—

करण— (नाम)— चक्कुले काट. (सर्वनाम)— केले काट्छौ. (विशेषण) —गह्रुकाले थिच. (वाक्यांश)— ठूलो मेहनत गरी पढ्नाले मलाई खुशी लाग्यो. इत्यादि.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

DATE DUE

सम्प ... षण)
... वनी-

प्रपा ... उंध.
... ठूलो

प्रधि ... ा)–
... ामा

सम्बन ...)–
... को

... को
प्रयोग ... बा
बाहिर ... नी
हुन्छ; ... मा
बाहिर

... ...

(यसपछिको पृष्ठहरू अप्राप्य)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Acc. No. १४518

Class No ४९१:४९५ Book No HEM

Author हेमराज

Title धातुरूप ... व्याकरण

Due on	Borrower's Name	Returned on

४९१.४९५
HEM
HEM

१६५२०

वाल्मीकि विद्यापीठ-प्रदर्शनी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

साझा प्रकाशन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu